प्राग्भानुभक्तीय नेपाली काव्य



गोपालप्रसाद भण्डारी

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्राग्भानुभक्तीय नेपाली काव्य

(नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट २०४८।२०४९ वर्षमा प्रदान गरिएको विद्वद्वृत्ति अन्तर्गत तयार पारिएको अनुसन्धानमूलक शोध–प्रबन्ध)

डा. गोपालप्रसाद भण्डारी

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

प्रकाशक :

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल ।

प्रथम:-संस्करण २०५३

प्रति:- एक हजार मात्र ।

मूल्य रू. १३३।-

मुद्रक :

लुष प्रेस

नयाँ बानेश्वर

फोन नं. ४-७३५८६

प्रकाशकीय

अनन्तकालदेखि अविरल स्वच्छ शीतल जलप्रवाहले सिञ्चित र उच्च धवल हिमालको तेजिलो प्रभाले समुज्वल रही आएकी हाम्री नेपाल माताको के भित्र, के बाहिर सर्वत्र कीर्तिगाथा उद्दीप्त रहेको छ। हामी आफ्ना अति ललित सुन्दर प्राकृतिक रमणीय मनमोहक दृश्यबाट कहिल्यै तृप्त भएनौं। सदासर्वदा यो ललित सुरम्य प्राकृतिक दृश्यलाई आँखाले जति पान गरे पनि अतृप्त नै रहने हाम्रो नैसर्गिक स्वभावअनुसार ज्ञानगङ्गाको प्रवाहमा जति डुबुल्की मारे पनि तृप्त नभएर पुनः पुनः डुबुल्की मारिरहने हाम्रो बानी बसेको छ। बाहिरी प्राकृतिक छटाले लोभ्याएजस्तै आन्तरिक ज्ञानज्योतिले पनि त्यत्तिकै लोभ्याइरहेकै छ। हामी यही प्रक्रियामा अभ्यस्त भएर कहिले पनि नथाकी अगाडि बढिरहेका छौं।

यही परिप्रेक्ष्यमा हाम्रो साहित्य, कला र ज्ञान–विज्ञानको क्षेत्रमा अतीतकालदेखि नै हिमवत्खण्डले विशेष योगदान दिँदै आएको छ।

विशेषतः यस क्षेत्रको साहित्यमा जीवनको मधुर ज्योतिको सूत्रपात मात्र भएको होइन कि त्यसबाट प्रस्तुत अध्यात्म आदि दर्शनको प्रतिष्ठाबाट हाम्रो गतिशील जीवनधारा सङ्गीतमय पनि हुन गएको छ। कलाक्षेत्रमा इन्द्रधनुषी छटाको स्वीकृतिका साथै ज्ञान–प्रवाहमा बुद्धिको नीरस तरुमय जीवनलाई सरस, सत् र चित् छटाको वर्षाले अनेकत्वमा एकरूपात्मक हुने अखण्ड आनन्दको प्रकाश सदा भासित रहेको छ।

हामी नेपाली यही ज्ञानालोकमा रही सर्वाङ्गीण उन्नति, प्रगतिको महायज्ञमा होता, उद्गाता बन्नुपरेको छ।

विभिन्न भाषाभाषी, अनेक थरीका सामाजिक रीतिथिति, संस्कार, चलन र धार्मिक परम्पराका साथै अनेक चिन्तन, विचार, भावना आदिका प्रवाहमय जलवायुले परिपोषित यो भूमि नै हाम्रो अत्यन्त श्रद्धामय प्राणवन्त नेपाल राष्ट्र हो। प्रारम्भकालदेखि नै हाम्रा पूर्वजहरूको क्रीडाभूमि रहेको यो राष्ट्रमा उनीहरूले पारस्परिक प्रयास तथा सहयोगका सक्रिय सभ्यासद्वारा राष्ट्रिय प्रतिमान खडा गरेर कल्प कल्पान्तसम्म स्थायी आदर्श प्रस्तुत गरे।

आजको सन्दर्भमा प्रजातन्त्रको अभ्यासद्वारा वास्तविक प्रजातन्त्रको मार्गमा अग्रसर हुने निरन्तर प्रयासमा लागेका हामी नेपालीहरूको अभिलषित मान्यतासाथै राष्ट्रलाई सदासर्वदा एक अखण्ड, सुदृढ, शान्त सुन्दर नेपालको उच्च मार्गमा अग्रसर हुनु अयन्त पुनीत कर्तव्य हो। नेलाली जनजीवनका अनेकौं थरीथरीका सामाजिक परम्पराका ज्ञान हुनुले यसमा ठूलो प्रेरणा मिल्नेछ।

यही उद्देश्यअनुरूप नेपालीहरूका यसै अभिलषित उद्देश्यको परिपूर्तिका लागि प्रस्तुत ग्रन्थका लेखकद्वारा प्राप्त यस ग्रन्थ नेपाली भावनाको महत्त्वपूर्ण आलेख वा कृति हो भनेमा अत्युक्ति हुने छैन।

२०४८–०४९ सालको विद्वद्वृत्ति अन्तरगत विद्वार लेखकद्वारा तयार गरिएको प्रस्तुत ग्रन्थले प्राग्भानुभक्तीय नेपाली काव्यगत विषयको अध्ययन गर्ने इच्छा भएका नेपालीहरूलाई तत्कालीन काव्य साहित्यको गहन चिन्तन–मनन र विभिन्न विषयसित सम्बन्धित नेपाली पद्य साहित्यको खाका नै समावेश गरी एक अति उपयोगी ग्रन्थ प्रस्तुत गरेर प्राग्भानुभक्तीय नेपाली काव्यजगत्को अध्ययनमा चख राख्ने जिज्ञासु पाठकवर्गको जिज्ञासालाई यस ग्रन्थले धेरै नै सघाउ पुऱ्याउने छ भन्ने आशा गरिएको छ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

शोधनिर्देशकको मन्तव्य

श्री गोपालप्रसाद भण्डारीले मेरा निर्देशनमा रही 'प्राग्भानुभक्तीय नेपाली काव्य' नामक शोधग्रन्थको प्रणयन गरी अध्येताका अध्यवसायको मनग्गे परिचय दिनुभयो । उहाँले आफ्नो विश्लेषण विवेचन तर्कसिद्ध पारी प्रस्तुत गरेर सह्रनीलायकको काम गर्नुभयो । यस विषयमा पूर्णाङ्क कृति अति अपेक्षित थियो । श्री गोपाल भण्डारीले सो प्रस्तुत गरेर समीक्षाका क्षेत्रमा नौला दिगन्तको उन्मोचन गर्नुभयो । यही नै इदमित्थम् होइन । भविष्यमा अन्य अध्येताको ध्यान यसले आकर्षित गर्ला र यसमा फेला पर्न सकेका त्रुटि विच्युतिको निराकरण होला नै ।

प्रस्तुत शोधग्रन्थका लेखन कार्यताका श्री गोपालप्रसाद भण्डारीले मेरा निर्देशनको पालना बडो यत्नसाथ गर्नुभयो । उहाँ जस्ता सनिष्ठ अध्येता पाउनु मेरा निम्ति हर्षजनक अनुभव भयो । म उहाँबाट प्रशस्त ज्ञानान्वित भएँ पनि । समीक्षाका क्षेत्रमा उहाँबाट अझै धेरै थोकको अपेक्षा गर्न सकिन्छ । उज्ज्वल भविष्यका निम्ति उहाँलाई मेरो शुभ कामना ।

प्रज्ञाभवन, कमलादी ।
२०४९।१०।१२

ईश्वर बराल
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं ।

शोधार्थीको आत्मनिवेदन

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान यस राष्ट्रको गौरवमय संस्था हो । नेपाली भाषा, साहित्य, संस्कृति र कलाको संवर्धन गर्ने कार्यमा प्रज्ञा-प्रतिष्ठान वि. सं. २०१४ सालदेखि नै संलग्न हुँदै आएको छ । प्रजातन्त्रको पुनः स्थापना (२०४६) पश्चात् नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको कार्यक्षेत्र पनि अझ विस्तृत हुन पुगेको देखिन्छ । नेपाली भाषा र साहित्यमा मात्र सीमित प्रतिष्ठानले प्रजातन्त्रको पुनः स्थापनापश्चात् नेपालका अन्य भाषा र साहित्यको अभिवृद्धि गर्ने लक्ष्य समेत समेटेको हुंदा यसको क्षेत्र अझ व्यापक हुन पुगेको छ । वि. सं. २०४८ सालको विद्वद्वृत्ति कार्यक्रमले पनि यस कुराको पुष्टि गरेको छ । यस अघि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान स्वतन्त्र लेखन र लेखकका आत्मनिर्णयमा मात्र केन्द्रित रही आएकोमा यस वर्ष (२०४८) देखि अनुसन्धानात्मक कार्यक्रमप्रति अभिमुख हुन थालेको छ । विद्वद्वृत्तिमा अनुसन्धान गराउने धारणा एकदमै नयाँ हो । साधनले साथ दिएमा स्वतन्त्रलेखन र अनुसन्धान दुवैको सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

वि. सं. २०४८ सालका विद्वद्वृत्तिका निमित्त प्रज्ञाप्रतिष्ठानले निर्धारण गरेका ६ वटा विषयमध्ये 'प्राग्भानुभक्तीय नेपाली काव्य' विषयमा शोध गर्ने रुचि जागृत भएकोले तोकिएका समयमा अनुसन्धान प्रस्ताव पेश गरिएको थियो । विद्वान्हरूका सम्मुख आफ्नो लघुता जान्दाजान्दै पनि मनको रहर पूरा गर्ने अभिलाषा शान्त पार्न यो प्रयत्न भएको हो । यस प्रयासलाई महाकवि कालिदास-का शब्दमा भन्ने हो भने 'प्रांशुलभ्ये फले लोभादुद्वाहुरिव वामनः' जत्तिकै ठानिएको छ । कहिलेकहीं 'लाटाको खुट्टो पनि बाटामा पर्छ' भन्ने नेपाली उखान झैं पूर्वोक्त विषयमा शोध गर्ने अवसर यस अकिञ्चनलाई प्राप्त भएको थाहा पाउँदा केही क्षण हर्ष लागे पनि विषयको गहनता र व्यापकता सम्झँदा आफूलाई दिन प्रतिदिन अपात्र नै ठानेको थिएँ । पौडी खेल्ने इच्छासम्म भएको मानिसलाई ठूलो समुद्रमा हेलिदिएजस्तै कतै निस्सासिदै, कतै डुब्दै कतै निराश र आशावादी हुँदै मैले यस शोधकार्यमा पाइला चलाउने अभ्यास गर्न थालें ।

शोधकार्य अत्यन्त गहन रहेछ । यसमा तथ्यको खोजी, तथ्यको विश्लेषण,

परिमार्जन र निष्कर्षमा पुग्नुपर्ने आवश्यकता पर्छ । स्रोतको सीमितताले तथ्यको यथार्थ सूचना पाउन निकै अप्ठचारो अनुभव पनि हुँदो रहेछ । तैपनि निर्धारित कार्यलाई आफ्नो मूल लक्ष्य बनाई निरन्तर संलग्न भइरहँदा केही न केही फेला पर्नु स्वाभाविक पनि देखियो । पूर्व अनुभव नभएको हुँदा यस कार्यका प्रत्येक पाइला कष्टप्रद नै लाग्यो । नयाँ शोधार्थीलाई के कसरी प्रशिक्षित गराउन सकिन्छ भन्ने कुनै आधिकारिक स्कूलहरू नभएको हुँदा शोधकार्य 'कुइराको काग' हुन गएको छ ।

कुनै विषयको खोजी नै शोध हो । शोधमा नयाँ तथ्यहरू फेला पर्न सक्छन् । त्यसै गरी फेला परिसकेका तथ्यहरू प्रामाणिकतासाथ उपस्थापित गर्नु पनि शोधार्थीको लक्ष्य हुन्छ । स्थापित मतलाई खण्डन गर्नुपर्ने, नयाँ तथ्यलाई प्रकाशमा ल्याउनुपर्नेजस्ता संवेदनशील उत्तरदायित्व शोधार्थीका टाउकामा आउँछ । शोधकार्य गर्दा शोधार्थी एक्लै हुन्छ तर उसले खोजेर निकालेको निष्कर्ष जनसमक्ष आइसकेपछि अनेकौं टीका टिप्पणी, आलोचना, प्रत्यालोचना, समालोचना र खण्डन मण्डनको क्रम शुरू हुन्छ । त्यस वेला पनि शोधार्थी एक्लै हुन्छ । यसैले शोध भनेको एउटा बौद्धिक संघर्ष पनि हो । आफ्ना मोर्चामा आफू एक्लै भए पनि सबैसँग भिडिरहनुपर्ने यो अनौठो तर निकै रमाइलो कसरत हो । शोध सत्यको खोजी हो । यसमा तर्क, प्रतिबद्धता, निष्पक्षता र जिज्ञासा हुनु अति आवश्यक छ भने निर्भीकता, तटस्थता र स्पष्टता पनि त्यत्तिकै अनिवार्य ठानिन्छ । प्राप्त सामग्री नै शोधको बाह्य शरीर हो । सामग्रीको विश्लेषण शोधको भित्री भाग हो भने निर्णय नै शोधको मूल आत्मा हो । प्रत्येक शोधार्थीको पहिलो कर्तव्य सामग्री सङ्कलन गर्नु हुन्छ भने त्यसको विश्लेषण गरी एउटा निष्कर्षमा पुग्नु अन्तिम लक्ष्य मानिन्छ ।

शोधार्थीका निमित्त अनुसन्धान गर्ने काम समुद्रमा डुबुल्की लगाउनुजस्तै हो । समुद्रमा पौडी खेल्दा शोधार्थी नडुबोस् भन्नाका लागि प्रत्येक अनुसन्धान गराउने संस्थाले एक जना परिपक्व नाविक खटाइदिएको हुन्छ । अनुसन्धानका भाषामा भूमिका 'शोधनिर्देशक' बाट सम्पन्न हुन्छ । शोधनिर्देशकले देखाएका जलराशिबाट पार गर्नुपर्ने हुँदा शोधार्थीलाई केही सजिलो पनि हुन्छ र कहिलेकहीं केही भवितव्य पनि व्यहोर्नुपर्ने हुन्छ । अर्थात् शोधार्थी कहिलेकहीं ठूला खाडीमा जाकिन्छ र उसलाई जलजन्तुहरू (गोही, ह्वेल आदि) ले निल्न पनि सक्छन् । यसैले शोधकार्य निकै संवेदनशील ठानिएको हो ।

यस अनुसन्धानात्मक कार्यमा २०४८ साल माघ महीनादेखि एक वर्ष अर्थात् २०४९ साल पौष मसान्तसम्म प्रवृत्त हुँदा जे जति अध्ययन गर्न सम्भव भयो

त्यति नै प्रस्तुत गरिएको छ । प्राप्त सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएकाले यसमा शोधार्थीको प्रशस्त कमजोरी पाइनेछ ।

शोधकार्यमा पुस्तकालयविधिको नै उपयोग गरिएको छ । यस शीर्षकक्षेत्र भित्र पर्ने अनेकौं सामग्री र प्रतिभाको चर्चा, परिचर्चा मूल्याङ्कन र विश्लेषण समय–समयमा विद्वान्हरूबाट नभएको पनि होइन तर समग्रतामा खँदिलो काम हुन सकेको थिएन । आंशिक रूपमा सम्पन्न भएका तिनै पूर्व कार्यहरूको अनुशीलन र परिशीलन गर्दै नवीन प्रस्तावहरूका विषयमा पनि यथोचित मूल्याङ्कन गर्ने प्रयास भएको छ ।

यस शोधकार्यबाट केही पूर्वस्थापित मतहरूमा परिवर्तन आएको छ र केही स्थापित मतहरू प्रामाणिक मानिएका छन् । भानुभक्त आचार्यपूर्वको बृहत्तर काव्यसंसारलाई चिनाउने प्रयत्न नै यस शोधकार्यको सबैभन्दा ठूलो उपलब्धि मानिएको छ । यस शोधले प्राप्त गरेका केही प्रमाणप्रमेयसाध्य निष्कर्ष यस प्रकार छन्–

१) प्राग्भानुभक्तीय नेपाली काव्यको उठान विक्रमको पन्ध्रौं शताब्दिके मध्यान्तरबाट भएको हो ।
२) प्राग्भानुभक्तीय नेपाली काव्यमा नेपाली लोकसाहित्यको समृद्ध भण्डार उपलब्ध थियो ।
३) प्राग्भानुभक्तीय नेपाली काव्यक्षितिजमा धेरै सन्तकविहरू क्रियाशील थिए ।

शोधकार्यले फेला पारेका स्थापित पूर्व मतहरू यस प्रकार छन्–

१) नेपाली साहित्यको प्रथम कविता वीरोचित भावनाबाटै निर्मित भएको हो ।
२) प्राग्भानुभक्तीय नेपाली काव्यमा वीर भाव भावना प्रमुख प्रवृत्तिकै रूपमा उपलब्ध छ ।
३) प्रथम नेपाली कविता लोक छन्द शैलीमा नै रचिएको हो ।

शोधकार्यबाट अन्य केही तथ्यहरू पनि विचारणीय हुने खालका पाइए । ती यी हुन्–

१) नेपालीका प्रथम कवि सुवानन्ददास नभई विष्णुदास आचार्य हुन् ।
२) नेपाली कविहरूका पङ्क्तिमा पृथ्वीनारायण शाहलाई समावेश गरिनु अत्यावश्यक हो ।

प्राग्भानुभक्तीय नेपाली काव्यका अतीतको अझै टुङ्गो लागिसकेको छैन । यस काव्यकालका प्रतिभाहरूका कृतिहरू फेला पर्ने सम्भावनाको अन्त्य पनि भएको छन । अध्ययन र अनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो

कृतज्ञता प्रकट

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानका पुनीत उद्देश्यलाई यस शोधकार्यले आंशिक सन्तुष्टिसम्म दिन सकेमा शोधार्थीलाई सन्तोष लाग्ने छ। त्यसैले शोधको अवसर प्रदान गर्ने ने. रा. प्र. प्र. प्रति कृतज्ञता अर्पण गर्नु आफ्नो कर्तव्य ठान्दछु।

शोधकार्यको सम्पादनमा आफ्नो अमूल्य समय खर्च गरी निर्देशन प्रदान गर्ने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपति प्रा. डा. ईश्वर बरालज्यूप्रति सहस्रः कृतज्ञता निवेदन गर्दछु। नेपाली भाषा र साहित्यप्रति अगाध आस्था भएका डा. बराल नेपाली वाङमयका अनन्यसदृश विद्वान् हुनुहुन्छ। सूक्ष्मातिसूक्ष्म रूपमा सबै विषयलाई नियाल्ने प्रवृत्ति हुँदाहुँदै पनि उहाँ शोधार्थीका स्वतन्त्र चिन्तनलाई लगाम लगाउन चाहनु हुँदैन। उहाँको उचित परामर्श नपाएको भए शोधकार्यले यस रूपमा मूर्त रूप लिन पाउने थिएन। त्यसैले विद्वान् शोधनिर्देशक डा. ईश्वर बरालज्यूप्रति आभार अर्पण गर्दछु।

प्राग्भानुभक्तीय नेपाली काव्यमा शोध गर्न चाहने मेरो दुर्बल मानसिकता-लाई सबल बनाई अघि बढ्न उत्प्रेरित गर्नुहुने समालोचक तथा अन्वेषक शिव रेग्मीज्यूमा सादर धन्यवाद ज्ञापन गर्दछु। समय समयमा घचघच्याई सहयोग र स्नेह प्रदान गर्नुहुने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव धनुषचन्द्र गौतमज्यूप्रति धन्यवाद अर्पण गर्दछु। त्यसै गरी आवश्यक परामर्श र सल्लाह प्रदान गर्ने आदरणीय प्राज्ञ ज्ञानमणि नेपाल, दिनेशराज पन्त, डा. दयाराम श्रेष्ठ, पूर्णप्रकाश नेपालज्यूहरूप्रति साधुभाव अर्पन्छु। समालोचक अच्युत रमण अधि-कारीज्यूलाई धन्यवाद ज्ञापन गर्दछु।

शोधकार्यको सम्पादन गर्न नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको पुस्तकालय, त्रि. वि. नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि. वि. केन्द्रीय पुस्तकालय, नेपाल–भारत सांस्कृतिक पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, पुरातत्व विभाग अन्तर्गत राष्ट्रिय अभिलेखालय, गोरखापत्र संस्थानबाट समेत उल्लेखनीय सहयोग प्राप्त भएको हुँदा ती पुस्तकालयका व्यवस्थापकप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

शोधकार्यको सम्पादन गर्न उपयोग गरिएका स्वदेशी तथा विदेशी विद्वान् विदुषीहरूका ग्रन्थहरू नै मूल आधार भएको हुँदा ती सबै ग्रन्थकर्ताहरूप्रति हार्दिक अभिवादन चढाउँछु र शोधक्षेत्रका स्वर्गीय प्रतिभाहरूप्रति पनि उत्तिकै श्रद्धाभाव अभिव्यक्त गर्दछु।

२०४९।१०।१२ — विनीत

धरान–१३, सुनसरी। — गोपालप्रसाद भण्डारी

विषय–सूची

प्राग्भानुभक्तीय नेपाली काव्य

प्रथम अध्याय

प्राग्भानुभक्तीय नेपाली काव्यको कालनिर्धारण

१.१ नेपाली साहित्यको सामान्य परिचय

१.१.१ नेपाल शब्दको उत्पत्ति र विकास

नेपाली जातिसँग गाँसिएको वस्तु नेपाली साहित्य हो। यस संसारमा अनेकौं जात, जाति, भाषा, साहित्य, लिपि, संस्कृति र परम्परा छन्। ती प्रत्येकको आ-आपना इतिहास, आ-आपना पृष्ठभूमि र आ-आपनो विकास प्रक्रिया छन्।

नेपालको जाति यस्तै इतिहास बोकेको एउटा समूह हो। संसारमा अरू जातिसँग कतिपय कुरामा समानता भए पनि भाषा र साहित्यका क्षेत्रमा यस जातिको पृथक् मौलिकता छ।

प्रथमतः यस संसारको उत्पत्तिका साथ यस जातिले पनि आफ्नो बीजाधान गरेको भए पनि जातिगत भिन्नता र जातिगत स्वतन्त्र अभिलेख खोज्दा प्राचीन वाङमयका पानाहरू खोतल्नुपर्छ। यसै क्रममा नेपाली जातिसँग सम्बन्धित नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा केही जिज्ञासाको समेत समाधान गर्नु वाञ्छनीय देखिन्छ। यसैबाट नेपाल र नेपाली जातिको अन्योन्याश्रित सम्बन्ध स्पष्ट हुन्छ।

नेपाल शब्दको पदविच्छेद गर्दा 'ने+पाल' देखिए तापनि यसको विग्रहमा एकरूपता छैन। कसैले 'नय+पाल' कसैले 'निमि+पाल' जस्ता पदविच्छेद गरेका छन्।[1]

---

१ डा. मथुरादत्त पाण्डेय, नेपाली और हिन्दी भक्तिकाव्य का तुलनात्मक अध्ययन, दिल्ली, भारतीय ग्रन्थ निकेतन; ई. सं. १९७०।

यस विग्रहका साथ वर्तमान नेपालको रूप सीमा थपघट भैरहेको कुरो यसका इतिहासबाट प्रमाणित हुन्छ । नेपाल नाम 'ने' नामक या 'निमि' नामक ऋषिद्वारा पालित भएको हुनाले भएको हो । त्यसै गरी नय अर्थात् नीतिको पालना गर्ने भएको हुँदा पनि यस देशको नाम नेपाल रहेको हो भन्ने धारणा एक-थरी अनुसन्धाताको छ ।[२]

नेपाल शब्दको उत्पत्ति र प्रयोगका सम्बन्धमा अहिलेसम्मका खोज र अध्ययनबाट अथर्वपरिशिष्टमा ठोक्किन पुगिन्छ । नेपाल शब्दको सबैभन्दा पुरानो प्रयोग यसै ग्रन्थमा भेटिएको छ । यस ग्रन्थमा नेपाल शब्दको प्रयोग मात्र नभई केही रमाइला सूचनाहरू पनि दिइएका छन् । अथर्वपरिशिष्टको नेपालमा कामरूप, विदेह (मिथिला), उदुम्बर, अवन्ती (उज्जैन) र केकय देशहरू पर्दथे भनिएको छ ।[३]

सो परिशिष्टमा वर्णित नेपालको भूभाग आंशिक रूपले मात्र वर्तमान नेपालमा परेको र अत्यधिक भागचाहिं भारत वर्षमा परेको देखिन्छ । यस परि-शिष्टले उल्लेख गरेको नेपाल कुन शताब्दीको हो भन्ने प्रश्न अनुत्तरित नै छ । यसो भए तापनि नेपाल शब्दको प्रयोग प्राचीनकालदेखि नै भएको रहेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

अवश्य पनि नेपाल देशका आदिम निवासीहरू आफना सुख दुःख वा अन्य मनोभावहरू कुनै न कुनै बोली वा भाषाको माध्यमबाट अभिव्यक्त गर्दथे । यस देशका आदिम निवासीहरू नै नेपाली जातिका मूल पुर्खा हुन् । यिनै मूल पुर्खाको थलोलाई 'नेपाल' र उनीहरूलाई नै 'नेपाली' मान्न सकिन्छ । नेपाल र नेपालीको सम्बन्ध अभेद्य छ, त्यसै गरी नेपाल र नेपाली वाङमयको सम्बन्ध पनि अक्षुण्ण मान्न सकिन्छ ।

प्राचीन वाङमयका विकासका शृङ्खलाहरूले 'नेपाल' र 'नेपाली' प्रति रोचक सूचनाहरू दिएका छन् । यी सूचनालाई अथर्वपरिशिष्टकै उत्तरवर्ती इतिहासका रूपमा ग्रहण गर्न सकिन्छ ।

नेपाल शब्दको प्रयोग बौद्धजातक, बार्हस्पत्य अर्थशास्त्रमा मात्र नभई गुप्तसम्राट् समुद्रगुप्त (सं. ३८९–४३२) ले उत्तरी सीमामा रहेको पहाडी

---

२. मथुरादत्त पाण्डेय, पूर्ववत् ।

३. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान वि. सं. २०४० ।

राज्यका रूपमा गणना गरेको पाइन्छ। उनका उल्लेखअनुसार 'आसाम' र 'कुमाउ' का बीचमा रहेको नेपाल वर्तमान नेपालकै संकेतको प्रतीत हुन्छ। ह्युयानसाङ्गद्वारा वर्णित नेपाल चार सय ली परिमाणको भएको देखिँदा वर्तमान नेपालको सीमा केही संकुचित भएको अनुमान हुन्छ। कौटिल्यले आफ्नो अर्थशास्त्रमा राडी, पाखी र ऊन पाइने देशका रूपमा नेपालको उल्लेख गरेका छन्। दक्षिण भारतका यादव कृष्णका ताम्रपत्रले पनि नेपाललाई बिर्सेको छैन। संस्कृत साहित्यका प्रसिद्ध समालोचक राजशेखरले आफ्नो 'काव्यमीमांसा' मा नेपालका सुन्दरीहरूको वर्णन गरेका छन्। 'नाटचशास्त्र' प्रणेता भरतमुनिले 'नाटचशास्त्र' मा नेपालको उल्लेख गरेका छन् भने गुणाढचले आफ्नो बृहत्कथामा। मञ्जुश्री-मूलकल्पमा, वराहमिहिरको ज्यौतिषशास्त्रमा, संस्कृत साहित्यका महाकवि श्रीहर्षको नैषधीय चरित महाकाव्यमा पनि नेपालको सन्दर्भ उल्लेख भएको हुँदा प्राचीनताका प्रमाणहरू एक पछि एक गर्दै पाइएका छन्।

नेपालको प्रामाणिक इतिहास विक्रमको छैटौं शताब्दीबाट मात्र प्रारम्भ हुन्छ। त्यसभन्दा अघिका कुराहरू अनुश्रुतिका रूपमा मात्र लिन सकिन्छन् भन्ने अभिमत विद्वान्हरूको छ।[४]

विक्रमको नवौं शताब्दीमा कश्मीरका राजा जयापीडले नेपालका राजा अरमुडिसँग युद्ध गरेको कुरो 'राजतरङ्गिणी' मा उल्लिखित हुनाले नेपालको अध्ययनमा सहयोग पुगेको छ। स्कन्दपुराणको हिमवत्खण्डमा नेपाललाई भुक्ति (भोग), मुक्ति (मोक्ष) प्रदान गर्ने महाक्षेत्रको रूपमा वर्णन गरिएको छ– 'नेपालं च महाक्षेत्रं भुक्तिमुक्तिफलप्रदम्।' त्यस्तै अन्य ग्रन्थमा पनि नेपालसम्बन्धी उद्धरणहरू निकै रोचक देखिन्छन्–

> खण्डाः पंच हिमालयस्य कथिता नेपालकूर्माचलौ।
> केदारोऽथ जलंधरोऽथ रुचिरः कश्मीरसंज्ञोन्तिमः॥

स्कन्दपुराणकै अर्को उक्ति–

> श्लेष्मान्तकवनं तस्य पुरा नाम प्रतिष्ठितम्।
> शालैस्तालैस्तमालैश्च हिम्तालैः परिपूरितम्॥[५]

---

४. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, पूर्ववत्।

५. डा. कमला सांकृत्यायन, नेपाली साहित्य, कलकत्ता, भारतीय भाषा परिषद्, प्रथम अध्याय, 'नेपालकी उत्पत्ति' मा उद्धृत, ई. सं. १९८६।

हिमालय, कुर्माचल, केदार, जलन्धर र कश्मीरले युक्त सुरम्य भूभाग नै नेपाल हो । यसै गरी श्लेष्मान्तक वन भन्ने पुरानो नाम भएको, शालादि वृक्ष-हरूले र हिमालयले परिपूर्ण भएको प्रदेश नै नेपाल हो भनिएकाबाट नेपाललाई चिनाउन सजिलो भएको छ ।

पशुपति पुराणमा 'ने' नामक मुनिले पालना गरेको हुँदा यस देशको नाम नेपाल भएको हो । यो क्षेत्र हिमालयको काखमा रहेको छ भन्ने आशय व्यक्त भएको छ–

नैनाम्ना मुनिना पूर्वं पालनात् पुण्यकर्मणा ।
अयं हि हिमवत्कुक्षौ नेपाल इति चोच्यते ।।[६]

कसैको मतमा नेपालको नामकरण 'नियमपाल' बाट भएको र कसैको मतमा 'नमि' निम्स आदिका नामबाट भएको हो । यी उद्धरणहरूलाई अनुसन्धाताहरूले काल्पनिक हुन् कि भन्ने मानेका छन् किनभने 'ने' नामक मुनिको अस्तित्व थियो कि थिएन; ती मुनि भएका भए अन्य पुराणहरूमा पनि उनको उल्लेख पाइनुपर्दथ्यो भन्ने विचार प्रस्तुत गरिएको छ ।[७]

नेपाल शब्दको उत्पत्तिका सम्बन्धमा पाश्चात्य विद्वान् सिल्भाँ लेवीको मत-लाई अनुसन्धाताहरूले विचारणीय मानेका छन् ।[८] लेवीले 'नीप' शब्दमा 'आल' जोडिँदा नेपाल शब्द व्युत्पन्न भएको मानेका छन् । 'नेपाल' शब्दको प्रयोग अढाइ हजार वर्षदेखि चलिरहेको हो । नेपाललाई 'ने' मुनिले पालना गरेका थिए र नेपाल उनको घर हो भन्ने (जे. ए. बाडेल) अर्थहरू तानतुने मात्र हुन् भन्ने अनुसन्धाता ज्ञानमणि नेपालको निर्णयात्मक कथन छ । यस सन्दर्भमा पाश्चात्य विद्वान् सिल्भाँ लेवीको व्युत्पत्ति सत्यको समीप छ भन्ने ज्ञानमणि नेपालको विचार देखिन्छ ।[९]

'नीप' देश र जातिवाचक शब्द हो । 'नीप' हरू पश्चिमी पहाडबाट नेपाल पसेका हुन् । यसैले आभीर (ग्वाला) हरूको पर्यायका रूपमा नेप (नीप) शब्द प्रचलित भएको देखिन्छ । यिनै 'नीप' लाई माणिक कोषले पशुपतिनाथका भक्त

---

६. ज्ञानमणि नेपाल नेपाल निरुक्त, पाद-टिप्पणी खण्ड ।
७. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, पूर्ववत् पाद-टिप्पणी २ ।
८. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, पूर्ववत् पाद-टिप्पणी २ ।
९. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, पूर्ववत् ।

र गाईंगोठ पालेका गोठालाको रूपमा चित्रण गरेको पाइन्छ। ऋग्वेदको बालखिल्य सूक्तमा नीप पदको प्रयोग पाइनाले र शुक्लयजुर्वेदमा पनि यस शब्दको उल्लेख भेटिनाले नीपको प्राचीनता झल्कन्छ ।

वेदका टीकाकार महीधरले नीप शब्दको अर्थ गर्दा पहाडको तल्लो भाग भन्ने अर्थ गरेका हुनाले यस शब्दको प्रयोग अवश्य पनि निष्प्रयोजनीय छैन। पाणिनीय व्याकरणको उणादि गणमा 'नेप' शब्दको प्रवर्तन गरिएको छ । 'नी' धातुबाट शुभतिर लैजान्छ भन्दा 'प' प्रत्यय गरी विकल्पले गुण गर्दा 'नीप', 'नेप' रूप बन्दछ भन्ने उल्लेख गरिएको छ। यस शब्दको पहिलो अर्थ पुरोहित र दोस्रो अर्थ पानी हो । महाभारतमा एक सय 'नीप' राजाहरूको वर्णन पाइनु र अङ्गिरा ऋषिले 'नीप' गणलाई हराए भन्ने वर्णन पाइनु पनि महत्वपूर्ण मानिएको छ। जनमेजयले 'नीप' गणको समूल नष्ट पारे भन्ने उल्लेख गरिएकोबाट महाभारतमा 'नीप' एउटा जातिवाचक शब्दको रूपमा रूढ भएको अनुमान हुन्छ ।

पतञ्जलिले पनि आफ्नो महाभाष्यमा 'नीप' शब्दको उल्लेख गरेका छन् । संस्कृत साहित्यका महाकवि कालिदासले रघुवंश महाकाव्यमा मथुरा वृन्दावनका राजा नीपवंशी हुन् भनी इन्दुमतीको स्वयंवरमा वर्णन गरेका हुनाले वैदिककालदेखि संस्कृत महाकाव्य कालसम्म 'नीप' को अस्तित्व स्वीकारिएको देखिन्छ। यी पूर्वोक्त चर्चा र प्रमाणहरूका आधारमा नीप र आभीर (ग्वाला) हरूको अभेद्य सम्बन्ध स्पष्ट देखिन्छ। यिनै 'नीप' हरूले आवाद गरेको वा यिनीहरू बसोवास गरेको देश नै 'नेपाल' हो भन्ने अनुसन्धाता ज्ञानमणि नेपालको निष्कर्ष फेला परेको छ ।[१०]

यस स्थापनालाई विद्वान्हरूले नयाँ उपपत्ति मानेका छन् ।[११] यस उपपत्तिले परम्परागत रूपमा गरिने नेपाल शब्दको अर्थ त्यागेको छ। यहाँ नेपाल शब्द आभीर (ग्वाला) हरूसँग गाँसिएको र जाति तथा देशवाचक नीप शब्दमा आल प्रत्यय भई सो शब्द निःसृत भएको कुरो अनेकौं प्रमाणबाट सिद्ध गरिएको छ।

यस प्रसङ्गमा 'ने' मुनि थिए कि थिएनन् भन्ने तर्क चाहिं अझै पनि अनुसन्धेय नै छ, किनभने व्यासकृत प्राचीन पुराणहरूमा नैमिषारण्य क्षेत्रमा अठासी

---

१०. ज्ञानमणि नेपाल, नेपाल निरुक्त, पूर्ववत् ।
११. माधवप्रसाद घिमिरे, नेपाल निरुक्तको भूमिका, पूर्ववत् ।

हजार ऋषिहरूले भेला भई शास्त्रमन्थन गरी लोककल्याणकारी मार्ग निरूपण गरेको कुरो प्रस्तुत गरिएको छ।[१२]

नैमिषेऽनिमिषक्षेत्रे ऋषयः शौनकादयः।
सत्रं स्वर्गाय लोकाय सहस्रसममासत ।।
त एकदा तु मुनयः प्रातर्हुतहुताग्नयः।
सत्कृतं सूतमासीनं पप्रच्छुरिदमादरात् ।।

(श्रीमद्भागवत, प्रथम स्कन्ध, प्रथम अध्याय, श्लोक ४।५)

अब ती अठासी हजार ऋषिहरूको सम्पूर्ण नामावली उपलब्ध नभएको हुँदा 'ने' मुनिका सम्बन्धमा पुनरनुसन्धान गर्नुपर्ने हो कि ? अझ, ती ऋषिको नाम एकाक्षरी थियो कि थिएन ? यो कुरो पनि विचारणीय मान्न सकिन्छ। हिमवत् खण्ड र पशुपति पुराणमा उल्लिखित श्लोकहरूको विश्वास गर्न सकिन्न भन्ने अनुसन्धाता ज्ञानमणि नेपालको उपस्थापनमा केही कारणहरूको अपेक्षा देखिएको छ।

'नेपाल' शब्दको उत्पत्ति र प्रयोगका सम्बन्धमा विद्वान् अनुसन्धाता ज्ञानमणि नेपालको स्थापनालाई आजका प्रबुद्ध मनीषिहरूले अङ्गीकार गरेका छन्। यो नवीन व्युत्पत्तिलाई अनुसन्धानका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि मानिएको छ।

वर्तमान समयमा नेपाल एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो। संसारको मानचित्रमा यस मुलुकको अस्तित्व सदैव स्वतन्त्र रूपले अङ्कित भइरहेको छ। यस राष्ट्रको आफ्नै इतिहास छ, आफ्नै कथा छ।

प्रागैतिहासिक कालदेखि नै नेपाल अस्तित्ववान् थियो भन्ने कुरा माथिका प्रसङ्गहरूले प्रमाणित गरेका छन्। वर्तमान समयमा नेपाल भन्नाले एशिया महादेशअन्तर्गत भारतवर्षको उत्तरीक्षेत्रमा अवस्थित स्वतन्त्र राष्ट्र भन्ने बुझिन्छ। नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य तथा सार्क राष्ट्रको संस्थापक सदस्य पनि हो। यो राष्ट्र हिमालयको काखमा रहेको छ। प्रकृतिका मनोरम सौन्दर्यले यस राष्ट्रलाई सुसज्जित तुल्याएको छ। यो राष्ट्र प्रागैतिहासिक कालदेखि नै पवित्रता र स्वच्छताको पुञ्ज मानिँदै आएको छ। यस राष्ट्रका नागरिकहरू देशभक्ति र

१२. तुलनीयः "शौनक् आदि ठूला ठूला ऋषिहरू अठासी हज्जार भै।
गर्थ्या यज्ञ ठूलो मिलेर बहुतै श्रीनैमिषारण्यमै ।।"

मानवताका निम्ति संसार प्रसिद्ध छन् । संसारलाई इमान्दारीको उत्प्रेरणा दिन सक्ने नेपाली जाति प्रत्येक विपन्नजनक परिस्थितिहरूसँग जुध्न कहिल्यै पनि पछि पर्दैन । अतीतका गौरवपूर्ण गाथा र कथाले प्रत्येक पुस्ताका नेपालीहरू रोमाञ्चित हुन्छन् । देशभित्रका व्यथा र पीडाप्रति सहानुभूति प्रकट गर्ने, आफ्नो राष्ट्रलाई मुटुको स्पन्दनजत्तिकै माया गर्ने यस राष्ट्रका देशवासीहरूको इतिहास कहिल्यै पनि निम्छरो भएन । स्वाभिमानी नेपाली जातिका शाश्वत चरित्रबाट स्वदेशी तथा विदेशी विद्वान्हरू उत्तिकै प्रभावित भएका छन् । नेपालका महान् देशभक्त वीर योद्धा बलभद्र कुँवर, भक्ति थापा, अमरसिंह थापा, भीमसेन थापा, पृथ्वीनारायण शाह, बहादुर शाह, वीराङ्गना राजेन्द्रलक्ष्मी देवी शाह सदैव स्मरणीय रहेका छन् । त्यस बाहेक आफ्नो प्राणप्रणले यस राष्ट्रको सुरक्षा, संवर्द्धनमा दिलोज्यान दिने ज्ञात–अज्ञात देशभक्तहरू सदैव समादरणीय छन् । यस राष्ट्रको महिमाद्वारा आफ्ना वाणीलाई पवित्र तुल्याउने महान् स्रष्टाहरू पनि संपूज्य छन् । यस राष्ट्रको महत्तालाई प्रत्येक युगका प्रतिभाहरूले वाणी दिएका छन्, जसबाट उत्तरवर्ती सन्ततिहरू कृतकृत्य बनिरहेका छन् ।

अचल् झण्डा फर्कोस्, फरफर गरी कान्तिपुरीमा,
रिपूको मन् थर्कोस् थरथर गरी छीनभरिमा ।[१३]

यसरी अतीतदेखि वर्तमानसम्म अनेकौं व्यथा कथा बोकेको संसारका अरू मुलुकसरह नेपाल पनि यस संसारमा आफ्नो स्वतन्त्र अस्तित्व प्रकट गर्दै आएको छ ।

१.१.२ नेपाली भाषाको विकास

नेपालको आफ्नै स्वतन्त्र भू-सीमा भएजस्तै नेपालको आफ्नै स्वतन्त्र भाषा छ र यस भाषाको आफ्नै स्वतन्त्र इतिहास बोकेको साहित्य पनि छ । नेपाली भाषा र नेपाली साहित्यको इतिहास सँगसँगै गाँसिदै आएको देखिन्छ । नेपाली साहित्यको प्ररिचय प्राप्त गर्न नेपाली भाषाको इतिहासतिर पनि एक पटक दृष्टि पुऱ्याउनु आवश्यक छ ।

नेपाली भाषाको सबैभन्दा पुरानो रूप कुन हो भन्ने विषयमा सर्वसम्मत निर्णय स्थापित हुन सकेको छैन । यस दिशामा विद्वान्हरूका प्रयासहरू भइरहेका

---

१३. मोतीराम भट्ट, हरिभक्त न्यौपानेद्वारा सम्पादित मोतीराम भट्टका उपलब्ध ग्रन्थावली, धरान, कमला न्यौपाने, वि. सं. २०४५ ।

छन्। यो अत्यन्त प्रसन्नताको विषय हो। नेपाली विद्वान्हरू नेपाली भाषाको सर्वप्राचीन रूप फेला पार्ने प्रयत्नमा संलग्न हुँदै आएका छन्। यस क्रममा सबैभन्दा पुरानो दावी गरिएको अभिलेख हो– शक संवत् ९०३, वि. सं. १०३८ को दुल्लूको अभिलेख। यस अभिलेखका अनुसन्धाता पूर्णप्रकाश नेपाल हुन्। यस अभिलेखमा उल्लिखित राजा दामुपाल पुण्य मल्लका पुर्खा र आदिपालका सम्बन्धित पर्ने कत्यूरी वंशका नरेश हुन् भन्ने ठहराई यसै अभिलेखलाई सर्वप्राचीन मान्नु युक्तिसङ्गत छ भन्ने मत[१४] केही विद्वान्ले अगाडि सारेका छन्। केही विद्वान्हरू यस अभिलेखको पुनर्मूल्याङ्कन गरी सत्यासत्य निरीक्षण गरी निर्णयमा पुग्नु उचित ठान्दछन्।[१५] तत्कालीन शासकका रूपमा पालहरूलाई स्थापित गर्नुपर्ने समस्या आशङ्काको कारण भए पनि 'ई, इ' र 'भ' अक्षरका लिपिहरूले यसलाई चौथो शताब्दी यता ल्याउन दिंदैनन् भन्ने स्वतन्त्र दृष्टिकोण[१६] लाई महत्त्वपूर्ण मान्न सकिन्छ।

यो अभिलेख सर्वप्राचीन हो होइन भन्ने प्रश्न विद्वान्हरूका माझमा चर्चाको विषय बनिरहेको छ। यस अभिलेखलाई प्रामाणिक आधारमा सर्वप्राचीन ठहराउने मतको प्राबल्य भएमा नेपाली भाषाको लिखित रूप एघारौं शताब्दीमा पुग्ने देखिन्छ। मुख्यतया प्राचीन सामग्रीको निरीक्षण र परीक्षण गर्ने वैज्ञानिक उपकरण आदिको अभाव हुनाले विद्वान्हरूका बीचमा यस प्रकारका प्रश्नहरू उत्पन्न हुनु स्वाभाविक पनि हो। अर्को कुनै खँदिलो प्रमाणद्वारा यस कुरालाई खण्डन नगरेसम्म यस अभिलेखलाई सर्वप्राचीन होइन नै भन्नु पनि उपयुक्त हुँदैन। त्यसैले यसलाई परिश्रमपूर्वक खोजेर प्रकाशित गराउने अनुसन्धाता र यसका सत्यासत्यको परीक्षण गरी सर्वप्राचीन ठहराउने अभिमतलाई निरर्थक ठान्न सकिदैन। उक्त अभिलेखको पूर्ण पाठ यस प्रकार छ :

... (मणि ?) पद्मे हुं।... दामुपाल भूपाल रेष
भई किष्णु अडैको भाइ सउंपाल अडै सा (के ?) ९०३[१७]

---

१४. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०४३।

१५. धनवज्र वज्राचार्य र सूर्यमणि अधिकारी, ठाकुर पराजुलीद्वारा लिखित नेपाली साहित्यको परिक्रमामा उल्लेख भएको।

१६. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, काठमाडौं, नेपाली विद्या प्रकाशन वि. सं. २०४५।

१७. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, काठमाडौं, साझा प्रकाशन वि. सं. २०४३।

यस अभिलेखमा व्यक्त भावलाई हेर्दा राजा दामुपाल बुद्ध धर्मबाट प्रभावित देखिन्छन् । यहाँ 'भई' जस्तो पूर्वकालिक क्रियापद र 'अडैको' जस्तो सविभक्ति नेपाली पदको प्रयोग पाइनु महत्त्वपूर्ण मान्न सकिन्छ । यस अभिलेखको भूपाल शब्दले नेपाली भाषाको प्राचीन अवस्थालाई संस्कृतले प्रभावित तुल्याएको थियो भन्ने कुरा देखाएको छ र यहाँ भूपाल शब्द ओजस्वी विशेषण बन्न पुगेको छ ।

नेपाली भाषाका पुराना अभिलेखहरूमा सिंजाका राजा संग्राम मल्लको सं. ११४६ को डुम्राकोट अभिलेख, नागवंशी राजा भारशिव मल्लको सं. १२५४ को अभिलेख यी दुवै पनि उल्लेखनीय छन् । तर यी अभिलेखहरूका विषयमा इतिहासविद्हरू मौन देखिन्छन् ।[१८] पुराना अभिलेखहरू प्रकाशित गराउने कार्यमा अन्वेषकहरूका प्रयत्नले सार्थक रूप लिंदै आएको छ । सं. १३१२ को अशोकचल्लको अभिलेखको प्रामाणिकतामा केही शङ्का उपशङ्काका[१९] प्रकट गरिए तापनि सो अभिलेख निकै महत्त्वपूर्ण देखिन्छ । सो अभिलेख यस्तो छ–

"हाम्रा आली अटली अटल करि अक्रचा छु ।"

यस अभिलेखका अनुसन्धाता मोहनप्रसाद खनाल हुन् । यस अभिलेखमा प्रयुक्त 'हाम्रा' र 'छु' जस्ता शब्दहरू वर्तमान नेपालीमा पनि व्यवहृत हुने हुँदा यस अभिलेखलाई महत्त्वपूर्ण मान्नुपर्दछ । यस अभिलेखका कतिपय शब्दका परिवर्तित रूप नै आजसम्म प्रयुक्त भइरहेका छन् ।

अहिलेसम्म निर्विवाद रूपमा स्वीकारिएका प्राचीन अभिलेखहरूमा अशोकचल्लको सं. १३१७-२७ को दुल्लू शिला अभिलेख ऐतिहासिक मानिएको छ । यस अभिलेखको प्रथम पंक्तिमा संस्कृत भाषाको प्रयोग छ भने अर्को पंक्तिमा नेपालीको प्रयोग स्पष्ट छ । अभिलेखको रूप यस्तो छ–

स्त्री असोकचल्लदेवस्चिरं जयतु ।
सउना कार्कि साउका कर्स्यानिको देवलः ।।[२०]

यसपछि अछामविनायक पञ्चदेवलमा भेटिएको आक्षज मल्ल (अक्ष मल्ल) को सं. १३३७ को शिलाभिलेखको प्रारम्भमा पनि संस्कृतकै प्रयोग देखिन्छ । अभिलेख यस प्रकारको छ–

---

१८. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, काठमाडौं, नेपाली विद्या प्रकाशन वि. सं. २०४५ ।
१९. ठाकुर पराजुली, ऐजन ।
२०. ठाकुर पराजुली, ऐजन ।

ॐ स्वस्ति । अक्षज मल्लदेव सपरिवार चिरं जयतु ।
आत्मनिमित्तार्थे एकोतारसतपुरुष निमित्तार्थे जै प्रसाद
करायो । शाके १२०९ सूत्रधार नागदेव नाम कमायो ।[२१]

यस अभिलेखका दोस्रा र तेस्रा वाक्यहरू पढ्दा कवितात्मक अन्त्यानुप्रासको आभास पाइन्छ ।

आदित्य मल्लको सं. १३७३ को सेन्जाको ताम्रपत्र तथा सं. १३७८ को ताघवाई गुम्बाका ताम्रपत्रहरू निकै महत्त्वपूर्ण छन् । यिनीहरूमा सं. १३७८ को ताघवाई गुम्बाको ताम्रपत्र धेरै वर्षसम्म नेपाली भाषाको सर्वप्राचीन मानिएको थियो ।[२२] तर अनुसन्धाताहरूका अथक प्रयत्नबाट नेपाली भाषाको सर्वप्राचीन अभिलेखको आयु ३४० वर्ष बढ्न गएको छ । यो क्रम जारी नै रह्यो भने नेपाली भाषाको लेख्य प्राचीनता छैटौं शताब्दीसम्म पनि पुग्ने सम्भावना छ ।

आदित्य मल्लका उपर्युक्त दुइ वटा अभिलेखपछि पुण्य मल्लका सं. १३८५, सं. १३९३, सं. १३९४ का ताम्रपत्रहरू, अक्षय मल्लको सं. १३२७ को रजतपत्र, डोटीका राजा निरयपालको सं. १४०९ को ताम्रपत्र, अपाड राज पृथ्वी मल्लको सं. १४११ को कनकपत्र, पृथ्वीमल्लकै १४१५ को ताम्रपत्र, अभयमल्लको सं. १४३३ को ताम्रपत्र, डोटीका राजा नाग मल्लको सं. १४४४ को ताम्रपत्र, अभय मल्लको सं. १४४८ को ताम्रपत्र[२३] र अभिलेखहरूले नेपाली वाङमयका शृङ्खलाहरूलाई उत्तरोत्तर जोड्दै ल्याएका छन् । यी अभिलेखहरूको अध्ययन गर्दा उत्तरोत्तर बोधगम्य हुँदै गएका छन् ।

उपर्युक्त अभिलेखहरूमध्ये केहीमा अभिलेखका रचयिताको नाउँ पनि प्राप्त भएका छन् । यस कुरालाई लेखकीय सचेतता मान्नुपर्दछ । अभिलेखका रचयिताहरूमा सं. १३९३ को पुण्य मल्लका ताम्रपत्रका लेखक गोल्हण नै प्रथम ज्ञात लेखक देखिएका छन् ।[२४] गोल्हणको भाषिक प्रस्तुतिको उदाहरण हेरौं–

---

२१. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, काठमाडौं, साझा प्रकाशन, (तै. सं.) वि. सं. २०४३ ।

२२. बालकृष्ण पोखरेल, राष्ट्रभाषा, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०४७ ।

२३. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत् ।

२४. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत् ।

"श्री शाके १२५८ कार्तिक सुदि विजयदशम्यां रविवारे । पिउथपुं राजा करि अऋचा भाखा पसा भैं । राइको आदेश । हुम् दाँगका पेखरू अडै अधिकारि महर मंहंतौ सभौपति सुन र तामा शासन, कनक पत्र कि भाष् करि जयाकर पंडित चतुः सीमापर्यन्त विशुद्ध आचंद्रार्क स्थायी सर्वबाधा विनिर्मुक्त करि पसा करि अऋचा छुं । पुण्य मल्ल कि शाखा यो भाषा प्रतिपाल । जयाकर पंडितको पुत् नाति भाइ भतिजा चेलिका चेला आदि भुंच्न ... ।"[२५]

यस अभिलेखमा वर्तमान नेपालका प्रचलित शब्दहरू प्रशस्त भेटिएका हुनाले गोल्हणको तत्कालीन नेपाली भाषा निकै बोधगम्य भएको अनुमान हुन्छ । गोल्हणपछि शिवदेव पण्डित (१४२३: अपाडराज पृथ्वी मल्ल), जुठायो जोइसी (१४१५: पृथ्वी मल्ल), धर्मराज जोइसी (१४३३: अभय मल्ल) लाई अभिलेखकालीन लेखकको रूपमा सम्झन सकिन्छ । यस्तै मेदिनीवर्मा राउला (सं. १४५०) को ताम्रपत्र लेखक विष्णुप्रसाद आचार्य, संसारवर्मा राउला (सं. १४५३) को ताम्रपत्र लेखक अनुकु पण्डित, कल्याल नरेश बलिराज (सं. १४५५) को ताम्रपत्र लेखक क्षमादत्त उपाध्याय आदिलाई यस क्रमका उत्तराधिकारी लेखकका रूपमा लिन सकिन्छ । यस कालभन्दा अघिका, समकालीन र पछिका समेत कतिपय अभिलेख रचयिताहरूले आफ्नो नाम उल्लेख नै नगरेको पनि देखिन्छ । नाम उल्लेख गर्नेहरूमा गोल्हणै जेठा ठहरिएका छन् । यसपछि यो क्रम अगाडि बढ्दै गएको भेटिन्छ ।

१.१.३ नेपाली भाषाका प्राचीन ग्रन्थहरूका सम्बन्धमा

नेपाली भाषाको सबैभन्दा पुरानो ग्रन्थ 'बाजपरीक्षा' हो भन्ने विद्वान्हरूको मत छ । यस ग्रन्थको रचना सं. १००० तिर भएको हो भनी अनुसन्धाता बालकृष्ण पोखरेलले नवीन प्रस्ताव उपस्थापित गरेका छन् ।[२६] उनले बाजपरीक्षालाई सं. १७०० तिरको[२७] मानी प्रस्तुत गरिसकेको पूर्व अध्ययनलाई संशोधन गरेका छन् । सबभन्दा पछिल्लो खोज (२०४३) अनुसार सं. १७०० भनेको त प्रतिलिपिकालीन समय पो रहेछ भनी उल्लेख गरेको देखिदा विद्वान् अनुसन्धाताहरूका मनमा एउटा नयाँ खलबली मच्चिएको छ । त्यसैले यस नवीन

---

२५. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृष्ठ २३ ।
२६. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत् ।
२७. बालकृष्ण पोखरेल, पाँच सय वर्ष. वि. सं. २०४३ पूर्वका संस्करण पूर्ववत् ।

संशोधनमा प्रचुर उत्पत्तिको आवश्यकताको अनुभव गरिएको छ।[२८] यसका रचयिता अज्ञात छन्। नेपाली वाङ्मयका प्राचीन ग्रन्थमा 'खण्डखाद्य' लाई लिनु उपयुक्त हुन्छ। यस ग्रन्थका रचनाकार र उनको समय स्पष्ट खुलेको छैन। सोही ग्रन्थका भाषिक स्वरूप र प्रवृत्तिका आधारमा खण्डखाद्य, जातकपद्धति र भास्वतीलाई सं. १४५० तिरको मानिएको छ। सं. ६५५ मा ब्रह्मगुप्ताचार्यले लेखेको 'खण्डखाद्य' को कुनै अज्ञात लेखकले नेपालीमा अनुवाद गरेका थिए। अनुवाद भएको समय (१४५० तिर) मा नेपालमा खस राज्य कायम भएको थियो र सं. १४०० कै आसपासमा अनूदित भएको थियो भन्ने विद्वान्हरूको धारणा छ।[२९] यो पुस्तक विप्राज ज्योतिषीको छोराले सं. १६४८ मा लेखिसकेको वा सारिसकेको देखिन आएको छ। यसमा 'श्री मालिकायै नमः' भन्ने मङ्गलाचरण भएकोले बझाङ, बाजुरा र अछामतिर यसको रचना भएको अनुमान हुन्छ। मालिका देवी ती जिल्लाहरूतिर मष्टाभगवतीका रूपमा अर्चनीया मानिन्छिन्। 'भास्वती' लाई गण्डकी अञ्चलतिरको मानिए तापनि त्यसको भाषा हेर्दा कर्णाली अञ्चलतिरको अनुमान गरिएको छ। सं. १८०० भन्दा पहिलेका प्रमाणित गर्न सकिने ग्रन्थहरू एघारवटा जति छन्। तिनीहरूको नाम यस प्रकार छ–

१. खण्डखाद्य
२. जातकर्मपद्धति
३. पञ्चपरिलेख
४. ग्रहउदयास्त
५. भास्वती
६. राजा गगनीराजको यात्रा
७. बाजपरीक्षा
८. ज्वरोत्पत्ति चिकित्सा
९. प्रायश्चित्तप्रदीप
१०. नृपश्लोकी
११. औषध रसायन[३०]

अनुसन्धाता बालकृष्ण पोखरेलले सं. १८०० भन्दा अघिका ग्रन्थहरूलाई यस क्रममा राखेको पाइन्छ।[३१]

१. बाजपरीक्षा, लेखक– वेनामी, सं. १००० तिर
२. भास्वती, लेखक– वेनामी, सं. १३६० तिर

---

२८. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, काठमाडौँ, पूर्ववत्।
२९. जगदीशचन्द्र रेग्मी, नेपाली अध्ययन, काठमाडौँ, साझा प्रकाशन, वि. सं. २०३२।
३०. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, पूर्ववत्।
३१. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्।

३. खण्डखाद्यक (मूल लेखक– ब्रह्मगुप्ताचार्य), नेपाली अनुवाद– अज्ञात वि. सं. १४५० पूर्व।

४. ज्वरोत्पत्ति चिकित्सा, लेखक– वेनामी, सं. १४५० पूर्व

५. औषधरसायन, लेखक– वेनामी सं. १४५० पूर्व

६. अजीर्णमंजरी, लेखक– वेनामी, सं. १४५० पूर्व

७. जातककर्मपद्धति, लेखक– वेनामी, सं. १४५० पूर्व

८. प्रायश्चित्तप्रदीप, लेखक– प्रेमनिधि पन्त सं. १७८०

९. नृपश्लोकी, लेखक– प्रेमनिधि पन्त, सं. १७८०

उपर्युक्त ग्रन्थहरूमध्ये 'ज्वरोत्पत्ति चिकित्सा' का अनुवादक वाणी विलास ज्योतिर्विद्द्वारा सं. १७७३ मा गरिएको अनुवाद अलग्गै ठानी सं. १४५० पूर्वको ज्वरोत्पत्ति चिकित्सालाई पहिलो उठानमा राखेको कुरा उल्लेख गरिएको छ।[३२] 'औषध रसायन' पनि दावादल शाहद्वारा रचिएको पुरानै ग्रन्थ मानिएको छ। गङ्गाविष्णु द्विजद्वारा अनूदित 'अजीर्ण मंजरी' लाई पनि पुरानै ठहऱ्याइएको बालकृष्ण पोखरेलको जिरह छ। यी ग्रन्थलाई पहिलो उठानमा वेनामी ठहऱ्याई दोस्रो उठानमा अमुक अमुक रचना अमुक व्यक्तिका हुन् भन्ने बालकृष्ण पोखरेलको संशोधित अभिमत अस्पष्टताको भुंवरीमा रूमल्लिएको छ।

उपर्युक्त ग्रन्थहरू बाहेक 'भ्वाइस अफ हिस्ट्री' मा अनुसन्धाता मोहनप्रसाद खनालले सं. १५०० तिरको नेपाली टीका 'ताजिक नीलकण्ठी' फेला पारेको दावी गरे तापनि सो ग्रन्थ अहिलेसम्म प्रकाशित नभएकोले यसमा विश्वास गर्न भविष्यका दिनहरू पर्खनुपर्ला। त्यसै गरी अर्का अनुसन्धाता डा. ईश्वर बरालले क्यालबाटमा सं. १६५८ को 'स्वस्थानीव्रतकथा'[३३] को चर्चा गरेको भए पनि सो ग्रन्थ हालसम्म देखा नपरेको हुँदा त्यसको अस्तित्व भविष्यमा प्रमाणित हुने सम्भावनाप्रति आशावादी हुन सकिन्छ।

उपर्युक्त ग्रन्थहरूलाई विश्लेषण गर्दा ज्यौतिष, वैदाङ्ग, आचारशास्त्र, तथा रोजनाम्चालाई मुख्य रूपले लिइएको देखिएको छ। ती ग्रन्थहरूलाई वर्गीकरण गर्दा यस प्रकार पर्न आउँछन्–

---

३२. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत् पृ. १८०।

३३. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, (पूर्ववत्) को चर्चा अनुसार।

१. ज्यौतिष सम्बन्धी– खण्डखाद्य, जातकपद्धति, भास्वती

२. वैदाङ्ग सम्बन्धी– बाजपरीक्षा, ज्वरोपत्ति चिकित्सा, औषध रसायन

३. आचारशास्त्र– प्रायश्चित्तप्रदीप, नृपश्लोकी,

४. रोजनाम्चा– राजा गगनीराजको यात्रा

यी ग्रन्थहरूमा राजा गगनीराजको यात्राले केही महत्त्वपूर्ण विशेषताहरू थपेको छ। प्रथमतः यस ग्रन्थले नेपाली पद्यमा वीरगाथाको थालनी गरेको छ। त्यसै गरी यो ग्रन्थ अहिलेसम्म फेला परेका प्राचीन ग्रन्थहरूमध्ये पहिलो मौलिक पुस्तक हो । यसबाट नेपालीमा मौलिक पुस्तक लेख्ने परिपाटीको थालनी भएको मान्न सकिन्छ। यस ग्रन्थको अर्को महत्त्वपूर्ण पक्ष हो नेपाली वाङमयमा यात्रा साहित्यको थालनी । सं. १५५० तिर लेखिएको यस ग्रन्थले नेपाली वाङमयलाई समुन्नत तुल्याएको छ । यस ग्रन्थले रोजनाम्चा (दैनिकी) लेख्ने नेपाली वाङमयका परम्पराको पनि श्रीगणेश गरेको छ । केन्द्रीय नेपाली भाषाको प्राचुर्य पाइने यस ग्रन्थका अन्वेषक पूर्णप्रकाश नेपाल[३४] हुन् ।

नेपाली भाषामा सं. १८०० भन्दा अघिका ग्रन्थहरूको चर्चा गर्दा माथिका ग्रन्थहरू फेला परेका छन् । सं. १८०० भन्दा पछिका र प्राग्भानुभक्तीय नेपाली काव्यकालभित्र रचिएका गद्यग्रन्थहरूको सामान्य विवरण यस प्रकार फेला पार्न सकिन्छ । यस विवरणले प्राग्भानुभक्तीय काव्यकालभित्र रचिएका महत्त्वपूर्ण गद्य कृतिहरूको सूचना प्रदान गर्दछन् ।

१. अजीर्णमन्जरी– यसका रचयिता लीलाम्बर हुन् । ग्रन्थको रचना पृथ्वीनारायण शाहका समयमा भएको थियो । यसलाई सं. १८२१ मा रचिएको मानिएको छ । यो १४५० पूर्वकै गङ्गाविष्णु द्विजका प्रभावमा लेखिएको मानिएको छ । ।

२. अजीर्णमंजरी– यसका रचयिता अज्ञात भए पनि यसको रचना समय सं १८३० पूर्व मानिएको छ ।

३. दिव्योपदेश– पृथ्वीनारायण शाहको जीवनसान्ध्य (१८३१) मा उनैले रचेको वा उनका भनाइलाई अर्को व्यक्तिले टिपेको मानिने यस कृतिलाई नेपाली भाषाको अमूल्य सम्पत्ति मानिएको छ। यसमा यस नेपाल राष्ट्रलाई सदैव,

---

३४. पूर्णप्रकाश नेपाल, राजा गगनीराजको यात्रा, काठमाडौं, नेपाल रिसर्च एसोसिएट्स, वि. सं. २०३९ ।

अक्षुण्ण र स्वतन्त्र राखी राष्ट्रवादी भावनाका अमर चिन्तनहरूलाई सूत्रबद्ध गरिएको छ ।

४. वंशावली– यसका रचयिता पनि पृथ्वीनारायण शाह नै हुन् भन्ने अनुसन्धाता योगी नरहरिनाथ र जनकलाल शर्माको विश्वास रहेको हुँदा[३५] यसको रचना समय पनि दिव्योपदेशकै हाराहारी (१८३१) मान्न सकिन्छ ।

५. पृथ्वीनारायण शाहको जीवनी– बेनामी वा अज्ञात व्यक्तिबाट लेखिएको मानिने यस ग्रन्थलाई जीवनी साहित्यको राम्रो प्रस्तुति मान्न सकिन्छ । यसमा पृथ्वीनारायण शाहले बेलकोट आक्रमण गरेको कुरासम्म वर्णन गरिएको हुँदा यसको रचना १८०१ भन्दा पछाडि नै भएको अनुमान गर्न सकिन्छ, पृथ्वीनारायणको मृत्युभन्दा (१८३१) धेरै पछि चाहिँ होइन भन्ने अड्कल काट्नु मनासीब हुन्छ भन्ने अनुसन्धाताहरूको धारणा छ ।[३६]

६. राम शाहको जीवनी– यसका लेखक र रचना समयका सम्बन्धमा यकीन गर्न नसकिएकोले अनुसन्धाताहरूका बीचमा अन्यौल र आशङ्का बढिरहेको छ । अझ राम शाहको जीवनीको प्राचीनता सिद्ध नभएकोले यसलाई प्राचीन ग्रन्थका रूपमा समावेश गर्न नसकिने मत अनुसन्धाता बालकृष्ण पोखरेलको रहेको छ ।[३७] यो जीवनी राम शाहको जीवनावधि वि. सं. १६६३–१६९० भित्रमा लेखिएको चाहिँ होइन, तर त्यति नयाँ पनि मान्न सकिँदैन । इतिहासकार डा. तारानाथ शर्माका अनुसार राम शाहको मृत्युपश्चात् सं. १९९० भन्दा पछाडि नै लेखिएको अनुमान गरिएको छ ।[३८] यस जीवनीलाई सं. १६०६–३६ सम्मको कालावधिमा[३९] रचिएको मान्ने इतिहासकारहरूको अभिमतलाई पनि उपेक्षा गर्न सकिँदैन । यो प्राचीनकालकै जीवनी हो भन्ने अनुमानलाई यी कुराहरूले पुष्टि गरेका छन् ।

७. हितोपदेश– यसका अनुवादक भानुदत्त हुन् । यिनले सं. १८३३ मा हितोपदेश मित्रलाभको अनुवाद गरेका हुन् ।

---

३५. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृ. १२८ ।
३६. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृ. १८४ ।
३७. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृ. १८४ ।
३८. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, सङ्कल्प प्रकाशन, वि. सं. २०३६ ।
३९. डा. दयाराम श्रेष्ठ र अन्य, नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर; साझा प्रकाशन, वि. सं. २०३६, पृ. १६८ ।

८. औषधि ग्रन्थ– श्रीहर्ष आचार्यद्वारा सं. १८४८ मा यस ग्रन्थको प्रणयन भएको पाइन्छ ।

९. भारदारहरूलाई पत्र– सं. १८४९ मा रणबहादुर शाहले आफ्ना भारदारहरूलाई सम्बोधन गरी लेखेको यस पत्रलाई ग्रन्थको रूपमा उभ्याउनु उपयुक्त हुन्छ । हुन त यो पत्र हो, तर यसको महत्त्वचाहिँ ग्रन्थभन्दा घटी छैन ।

१०. लक्ष्मीधर्म संवाद– यसका लेखक रामभद्र पाध्या हुन् । यस ग्रन्थको रचना सं. १८५१ मा भएको थियो ।

११. हास्य कदम्ब– यसका रचयिता शक्तिवल्लभ अर्ज्याल हुन् । उनले सं. १८५५ मा यस ग्रन्थको रचना गरेका थिए ।

१२. बाजहोत्र– शिवनृसिंहद्वारा सं. १८६४ मा रचिएको यस ग्रन्थलाई पुराना वाङमयको इतिहासमा गणना गर्न सकिन्छ ।

१३. तुलसीस्तव– सं. १८६६ मा दैवज्ञ ज्योतिनरसिंहले यस ग्रन्थको रचना गरेका हुन् ।

१४. वाग्मती पुल स्तम्भ अभिलेख– यसका रचयिता वाणीविलास पाण्डे हुन् । यो अभिलेख भए पनि यसमा ग्रन्थका विशेषताहरू पनि विद्यमान भएकाले यसलाई ग्रन्थकै चर्चाका क्रममा राखिएको छ । यस अभिलेखको रचना वि. सं. १८६८ मा भएको मानिएको छ ।

प्राग्भानुभक्तीय कालमा नेपाली गद्यको विकासशृङ्खला के कसरी भएको रहेछ भन्ने कुरालाई उपर्युक्त चर्चाले केही मात्रामा स्पष्ट पारेको छ । यसै गरी यस कालमा रचना भएका उपर्युक्त ग्रन्थहरूले प्राग्भानुभक्तीय कालका उत्कर्षलाई मुखरित गरेको देखिन्छ ।

१.१.४ नेपाली भाषा

आज यस संसारमा हजारौं भाषाहरू बोलीचालीको रूपमा प्रयोग भइरहेका छन् । ती भाषाबाट संसारका करोडौं मानिसहरूले आफ्ना मनका भावको विनिमय गरिरहेका छन् । तिनै हजारौं भाषाहरूमध्ये नेपाली भाषा पनि एक हो । यो भारोपेली परिवारको भाषा हो । भारोपेली परिवारमा शतम र केन्तुम वर्गका भाषाहरू छन्, यिनै मध्येको शतम वर्गका भाषामा नेपाली पनि पर्दछ ।

नेपाली भाषाको मूलचाहिँ संस्कृत नै हो । संस्कृतबाट प्राकृत हुँदै नेपाली भाषाको उद्भव भएको हो । नेपाली भाषाको विकास प्रथमतः कर्णाली

प्रदेशमा भयो र त्यसपछि चारैतिर फैलिंदै जाँदा वर्तमान नेपालका सम्पूर्ण क्षेत्रमा र भारतवर्षका अनेकौं प्रदेशहरूमा यसको विस्तार भएको छ। त्यसैं गरी भूटान, वर्मा जस्ता मुलुकका बासिन्दाहरूमा पनि नेपाली भाषा लोकप्रिय हुँदै गएको छ। भारतका सिक्किम र पश्चिम वङ्गाल राज्यमा नेपाली भाषाले राजकीय मान्यता पाइसकेको छ।

नेपाली भाषालाई मातृभाषाका रूपमा अङ्गीकार गर्ने मानिसहरू लगभग तीन करोड भएको अनुमान हुन्छ। यति ठूलो जनभाषाका वक्ताहरूमा नियमित रूपले आपसमा सम्पर्क हुन नसक्नु स्वाभाविकै हो, अझ भौगोलिक दूरताले सम्पर्क सम्भावनालाई घटाउँदै ल्याएको छ। त्यसवाहेक देशीय भिन्नताले यी भाषाभाषीहरू दिनहुँ आपसी सम्पर्कबाट टाढा हुँदै गएका छन्। आज वर्मा देशमा रहेका नेपाली भाषी मानिसलाई नेपालमा वस्ने नेपालीले भेट्न पाउने सम्भावना शून्यप्रायः नै भएको छ। अर्कातिर भारतको दार्जीलिङ्गमा बस्ने नेपाली भाषाका वक्तालाई भेट्नु र उनीहरूका सम्पर्कमा पुग्नु पनि दुरूह भइरहेको छ। अझ त्यहाँका नेपाली मूलका नेपाली भाषाका वक्ताहरूमा हामी नेपालीभाषी हौं कि गोर्खाली भाषाका वक्ता हौं भन्ने विषयमा राजनीतिक द्विविधा उत्पन्न भइरहेकाले त्यस क्षेत्रका नेपाली भाषाका वक्ताहरू अन्यौलमा रुमल्लिइरहेका छन्। नेपालकै महाकाली, सेती, कर्णाली र भेरी अञ्चलका प्रत्येक जिल्लैपिच्छे नेपाली भाषाका रूपहरू भिन्न भिन्न देखिनाले यस भाषामा धेरै क्षेत्रीय रूपहरूको विकास भएको छ। अन्य भाषाभाषीहरूसँगको सम्पर्क र सांस्कृतिक आदान–प्रदानले पनि नेपाली भाषामा अन्तरहरूको सृष्टि भएको देखिन्छ। भाषावैज्ञानिकहरू प्रत्येक चार कोसमा पानी र प्रत्येक आठ कोसमा भाषा फेरिन्छ भन्ने कुरामा विश्वास गर्दछन्। यसैले नेपाली भाषाका जिल्लैपिच्छेका प्रयोगभेदलाई हृदयङ्गम गर्न सकिन्छ।

यिनै प्रयोगभेदबाट नेपाली भाषाका भाषिकाहरू बनेका हुन्। नेपाली भाषामा यी भाषिकाहरूको गहन अध्ययन गरिएकै छैन भने पनि हुन्छ। हुन त भाषाशास्त्री बालकृष्ण पोखरेलले नेपाली भाषाका भाषिकाहरूलाई पाँच भागमा विभाजित गरेका छन्।[४०] तर अन्य भाषावैज्ञानिक र भाषाशास्त्रीहरूले यस विषयमा गम्भीरतापूर्वक अनुसन्धान नगरेका हुनाले नेपाली भाषाका भाषिकाहरू बारेको पोखरेलकै धारणा अन्तिम सत्य जस्तो भइरहेको छ। वास्तवमा नेपाली भाषाका भाषिकाको अध्ययन अपर्याप्त नै अनुभव गरिएको छ। पोखरेलले

---

४०. बालकृष्ण पोखरेल, राष्ट्रभाषा, काठमाडौं, साझा प्रकाशन।

वर्गीकरण गरेका भाषिकामा कतैतिर ज्यादै सूक्ष्मता देखिन्छ भने कतैतिरचाहिं निकै स्थूलता पाइन्छ उनले परपच्छिमा, मझपच्छिमा र वरपच्छिमा नामकरण गरिएका भाषिका क्षेत्रमा बढी ध्यान दिएका छन्। अथवा सूक्ष्मतापूर्वक विश्लेषण गरेका छन् तर पूर्वेली क्षेत्रमा वेपत्तासँग विस्तार गरेका छन्। उनको पूर्वेली भाषिका क्षेत्रमा नेपालका पूर्वाञ्चल क्षेत्रदेखि भारतका सिक्किम, दार्जीलिङ्ग मात्र नभै भूटान र बर्मा समेत पर्न गएको छ। जुन क्षेत्रमा निकै धेरै भाषिक अन्तरहरू पाइन्छन्। यी अन्तरहरूलाई अझै केही भेदहरूमा बाँड्नु उपयुक्त हुन्छ। मोटामोटी रूपमा बाँड्ने हो भने नेपालीका भाषिकालाई केवल तीन वर्गमा मात्र बाँड्न उपयुक्त हुन्छ। जसअनुसार पच्छिमा, माझाली र पूर्वेली नामकरण गर्नु उचित देखिन्छ। यी तीन वर्गका भाषिकाका उपभेदहरूलाई विभिन्न उपभाषिकामा विभाजित गरी अध्ययन गर्नाले तिनीहरूका विशेषता स्पष्ट रूपले अगाडि आउँछन्।

नेपाली भाषाको वर्तमान लेख्य रूप पूर्वेली भाषिकाबाट प्रभावित छ। आज यसै भाषिकामा नेपालका प्रशासनिक लेखापढी हुने गर्दछन् भने यसै भाषिकाका माध्यमबाट अनेकौं साहित्यिक ग्रन्थहरूको निर्माण भइरहेको छ। पूर्वेली भाषिका व्यापक क्षेत्रमा फैलिएको भए पनि यसका अनेकौं उपभेदहरू स्थानीय विशेषतामा भिन्न स्वरूप लिई फुल्किएका छन्।

नेपाली भाषालाई पहिलेका संस्कृतज्ञहरू भाषा, लोकभाषा, गोरखाली भाषा, खस भाषा, पर्वते भाषा जस्ता नामहरूबाट चिनाउँथे भने आजभोलि यस भाषाको नाम नेपाली नै रहन गएको छ। संसारका भाषाहरू झैं नेपाली भाषाले पनि प्राचीन कालदेखि वर्तमान कालसम्म आइपुग्दा अनेकौं अप्ठ्यारा स्थितिहरूलाई झेल्दै आएको छ। अहिले पनि ती स्थितिहरूको अन्त्य भइसकेको छैन। खास गरी जन-आन्दोलन (२०४६) पछि नेपाली भाषालाई यी अप्ठ्यारा स्थितिहरूले धर्मसङ्कटमा पारेका थिए। नेपालको सम्बिधान २०४७ ले उक्त स्थितिको तात्कालिक समाधान गरेको भए तापनि यसलाई स्थायी समाधान मान्न सकिँदैन। नेपाली भाषाप्रति आक्रमण गर्नेहरू स्वदेश र विदेशमा समेत देखिन थालेका हुँदा भविष्यमा यस भाषाप्रति केही सङ्कट उत्पन्न हुने हो कि भन्ने आशङ्का रहिरहेको छ।

नेपाली भाषाले चिरकालसम्म नेपाल र नेपाली जातिको पहिचान गराई नेपाली राष्ट्रियतालाई सुदृढ गराउन ठूलो योगदान दिएको पाइन्छ। नेपाली भाषा बोल्ने यो नेपाली मूल जातिलाई छिन्नभिन्न तुल्याई साम्प्रदायिक, क्षेत्रीय र

प्रदेशीय भावनाका संकीर्ण फाँटहरूमा विभाजित गरी यसको समष्टि शक्तिलाई कमजोर पार्न प्रयत्न भए तापनि सचेत नेपाली जातिले यस्ता विखण्डनवादी विचारधारालाई सदैव परास्त गर्दै आएका छन् । नेपाली भाषा नै नेपाली जातिलाई एकता सूत्रमा आवद्ध गर्ने माध्यम हो । नेपालमा बसोवास गर्ने नेपाली हुन् वा संसारका जुनसुकै कुनामा बस्ने नेपाली हुन्, तिनीहरू सबैलाई भावनात्मक रूपले समेट्ने डोरी नै यही नेपाली भाषा हो ।

नेपाली भाषालाई आजको स्थितिमा ल्याइपुऱ्याउन नेपालभित्रका नेपाली मात्र नभई नेपाल बाहिरका नेपालीहरूले पनि ठूलो योगदान दिएका छन् । यसैले नेपाली भाषा नेपाली जातीकै साझा पहिचान हो, नेपाली जातीको मौलिक विशेषताको अभिव्यक्ति हो ।

नेपाली भाषाको ऐतिहासिक प्रयोगपक्षतिर दृष्टिपात गर्दा मध्यकालसम्म संस्कृत भाषा नै राजकाजको भाषाको रूपमा प्रतिष्ठित रहेको थियो, तर सामान्य जनताहरू भने संस्कृतलाई मातृभाषाको रूपमा प्रयोग गर्दैनथे । प्राग्ऐतिहासिक युगमा जनकपुर र कपिलवस्तुको ज्यादा उल्लेख भएको हुँदा ती क्षेत्रमा नेपाली भाषाको प्रवेश धेरैपछि मात्र भएको अनुमान हुन्छ । लिच्छवि शासकहरू पनि संस्कृतलाई नै राजकाजको भाषाको रूपमा मान्दथे । यसरी कर्णाली प्रदेशबाट विकसित भएको प्राचीन नेपाली सं. १६८९ देखि मात्र काठमाडौंको राजकीय भाषाको रूपमा प्रतिष्ठित हुन पुगेको देखिन्छ । भक्तपुरका राजा जगज्ज्योति मल्लले लिंगेश्वरमा पूजाका लागि गरिदिएको व्यवस्थापत्रबाट यस कुराको पुष्टि भएको छ ।[४१] लक्ष्मीनृसिंह मल्ल (१६९८), जगत्प्रकाश मल्ल (१७२०), प्रताप मल्ल (१७२७), भूपतीन्द्र मल्ल (१७७१) र जगज्जय मल्ल (१७८९) का कोष्ठाङ्कित संवत्हरूमा लेखिएका अभिलेखहरूले पृथ्वीनारायण शाहको नेपाल एकीकरणपूर्व नै नेपाली भाषाले उपत्यकामा लोकप्रियता पाएको रहेछ भन्ने सङ्केत दिएका छन् ।

नेपाली भाषालाई सर्वप्रथम नेपाली नै नामकरण गर्ने चाहिं पाश्चात्यविद्वान् टर्नबुल हुन् भन्ने इतिहास शिरोमणि बाबुराम आचार्यको विश्वास रहेको छ । नेपाली भाषालाई ई. सं. १८८७ मा टर्नबुलले यो संज्ञा प्रदान गरेका थिए । नेपाली भाषाको नाम नेपाली नै राख्ने नेपाली विद्वान् जयपृथ्वीबहादुर सिंह हुन् भन्ने पनि इ. शि. बाबुराम आचार्यको मत छ ।[४२]

---

४१. ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, पूर्ववत् पृ. २ ।
४२. बाबुराम आचार्य, हाम्रोर राष्ट्रभाषा, प्रगति १।५ वि. सं. २०१०, पृ. ५३ ।

यसरी नेपालको राष्ट्रभाषा, नेपाली जातिको सम्बन्ध सूत्र र अतीतदेखि वर्तमानसम्म अनेक प्रकारका उज्याला–अँध्यारा पाटाहरू बोकेको नेपाली भाषाले संसारका अरू भाषासरह आफूलाई समुन्नत र विकसित तुल्याउँदै ल्याएको छ। साहित्यका क्षेत्रमा मात्र नभई ज्ञानविज्ञानका क्षेत्रमा पनि नेपाली भाषाले आफूलाई समृद्ध तुल्याउँदै अगाडि बढाएको छ। नेपाली भाषाका निमित्त यस कार्यलाई शुभसूचक मान्न सकिन्छ।

१.१.५ नेपाली साहित्य

संसारका प्रत्येक सुसंस्कृत जातिको आफ्नै इतिहास, भाषा र संस्कृति भए झैं आफ्नै साहित्य पनि हुन्छ। नेपाली जातिको पनि आफ्नै गौरवमय इतिहास छ, आफ्नै भाषा, र आफ्नै साहित्य पनि छ।

आज हामी नेपाली साहित्य भन्नाले जे कुरा बुझ्दछौं, त्यो नेपाली भाषामा लेखिएको साहित्य हो। नेपाली भावना बोकेको, नेपाली ढुकढुकी बोकेको, नेपाली माटोको गन्ध बोकेको र नेपाली जातिका बृहद् विशेषता बोकेको साहित्य नै नेपाली साहित्य हो। अतीतका अनेकौं अनकण्टार गुफाहरूबाट कतै खुम्चिंदै, कतै झ्याङ्गिंदै र कतै फड्किंदै वर्तमान कालसम्म एउटा बृहद् आयतन लिएर उभिएको नेपाली साहित्य आफ्नो अनन्त यात्रामा अविराम गतिले अगाडि बढिरहेको छ। यसले प्रत्येक युगका महान् घटनाहरूलाई आफूभित्र समेट्दै ल्याएको छ। अविभाज्य नेपाली संस्कृतिको निर्माण गर्दै आएको छ। आफ्ना गौरवमय अतीत र शौर्ययुक्त वर्तमानका अभिलेख निर्माणमा यस साहित्यले कहिल्यै पनि सङ्कीर्णता देखाएको छैन। युग युगदेखि उत्साहका महासागर छचल्किरहेका छन्। कहिल्यै नथाक्ने भगीरथ–शिल्पीहरू कलाका चतुर्दिक आयामहरू निर्माणमा आफ्ना सचेत हातहरूलाई क्रियाशील तुल्याइरहेका छन्। नेपाली साहित्यको विराट् संसार सृष्टिका क्षितिजहरूमा सुरम्य बुट्टाहरू उतिरहेको छ। समुद्रलाई न कहिल्यै थकाइ लाग्दछ, न कहिल्यै विश्रामको आवश्यकता पर्दछ। हिमालय कहिल्यै पनि उभिएर गल्दैन, न सुमेरू पर्वत नै थकाइ मार्न लत्रिन्छ।

नेपाली साहित्य विराट् उद्देश्य प्राप्तिकै लागि निरन्तर आफ्नो प्रयाणलाई दूरातिदूर मार्गतिर उन्मुख गराउँदै आइरहेको छ। यस यात्रामा अनगिन्ती शिल्पीहरू सहभागी भएका छन् र उनीहरूले आम्लान–पदचिह्नहरू पनि छाडेका छन्। यस महिमाशाली यात्राको अन्त्य कहिल्यै हुनुहुँदैन, न यसका शिल्पीहरूबाट नै यसका प्रयाणमा अवरोध ल्याउन हुन्छ।

नेपाली भाषामा लेखिएको साहित्य नै नेपाली साहित्य हो। यसमा नेपाली जातिको सांस्कृतिक गाथा जोडिएको हुन्छ।

नेपाली साहित्यको प्रारम्भ कहिलेदेखि भएको हो ? वर्तमानसम्म नेपालीमा के कति साहित्यकार भए भन्ने कुरा किटानीसाथ भन्न नसकिएला। नेपाली साहित्यको आविर्भाव हुनु अघि नेपाली भाषामा अनेकौं अभिलेखहरू लेखिएका थिए। ती अभिलेख लेखिनुअघि नै नेपाली भाषाले व्यापक लोकप्रियता पाइसकेको हुनुपर्छ। यस लोकप्रियता प्राप्तिमा पनि अनेकौं सुख–दु:खको इतिहास लुकेको अनुभव हुन्छ। नेपाली जातिका अतीतका अनुभवलाई यस साहित्यले विभिन्न रूपमा प्रकट गरेको छ।

नेपाली भाषाको सर्वप्राचीन रूप एघारौं शताब्दीको देखिएको छ, जसको चर्चा माथि नै भइसकेको छ। त्यसँगरी नेपाली भाषाको पुरानो ग्रन्थ खण्डखाद्यको रचना पन्ध्रौं शताब्दीतिर भएको कुरा माथि अवगत भइसकेको छ। यी दुवै घटनाले नेपाली साहित्यको प्रादुर्भावको पृष्ठभूमि तयार पारिसकेका देखिन्छन्।

नेपाली साहित्य लोकजीवनका अनेकौं गीत, झ्याउरे, पँकेला, फाग, ढुस्को, भोलाउला, चैंत, चाँचरी[४३] आदिबाट प्रारम्भ भएको हो। यस साहित्यको प्रथम लिखित रूप कहिले लेखियो भन्ने कुरा अनुसन्धेय नै छ। अनुसन्धानको क्रम कहिल्यै पनि नटुङ्गिने प्रक्रिया हो। नेपाली साहित्यका अनुसन्धाताहरूले नेपाली कविताको सबैभन्दा पुरानो रूप पृथ्वीनारायण शाहका शासनावधिमा लेखिएको

---

४३. देवकान्त पन्थ, डोटेली लोकसाहित्य, पूर्ववत्, पृष्ठ ७।
चैंत चरित्रको अपभ्रंश, धमारी धमार रागको रूपान्तर हो। भोलाउलो विशुद्ध स्थानीय बोली हो, जसको अर्थ हो ब्राह्ममुहूर्त वा उषाकाल। ढस्को र भैनी रोपाइँमा गाइने गीत हुन्।

चाँचरी एक लय, प्राचीन वाद्यविशेषसँग सम्बद्ध देखिन्छ। अमरकोषमा 'चर्चरी झल्लरी चैव' भनेर चर्चरी र झल्लरी नाम गरेको प्राचीन वाद्यको उल्लेख छ। फाग नारीहरूका मङ्गल गीत, स्थानीय बोली अनुसार घरको भित्तामा रहेको माहुरी बस्ने १।१ हात लम्बा चौडा प्वाल पनि हो। भारत, भणाग र हुड्केली पर्यायवाची शब्द हुन्। महाभारत जस्तै वीर योद्धाहरूको वर्णन भएको हुनाले नै यसको मुख्य नाम भारत रहेको हो। भणागको स्थानीय भाषामा भनिने कुरा भन्ने अर्थ हुन्छ। हुड्को भन्ने वाद्यबाट हुड्केली शब्द बनिएको हो।

मानेका छन् । यस कविताका रचयिता हुन् सुवानन्ददास । यस कविताको शीर्षक 'पृथ्वीनारायण' राखिएको छ । यसको रचना समय सं. १८३१ पूर्व मानिएको छ ।

यस कवितामा पृथ्वीनारायणका नेपाल एकीकरणका कार्यलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको हुनाले यो कविता वीररसमा लेखिएको देखिन्छ ।

सुवानन्ददासको कविता फेला परेपछि पनि नेपाली विद्वान्हरू नेपाली कविताका पुराना रूपहरूको खोजीमा क्रियाशील भइरहेका छन् । यी विद्वान्हरूको खोज र परिश्रमले आज सुवानन्ददाससम्म अगाडि पनि नेपालीमा कविता लेख्ने कविहरू थिए कि भन्ने प्रश्न टड्कारो रूपमा उभिएको छ । नेपाली कविताको सर्व-भन्दा पुरानो प्रयोग कसले र कहिले गरेको थियो भन्ने कुरा अनुसन्धानकै विषय हो । यस विषयको खोजी सदैव चलिरहने प्रक्रियाभित्र पर्दछ । तर सुवानन्ददास-भन्दा अगाडिका कविता पत्ता लगाएको दावी गर्नेहरूमा अनुसन्धाता दिनेशराज पन्त[४४], व्रतराज आचार्य[४५], देवकान्त पन्त[४६], बालकृष्ण पोखरेल[४७] मुख्य छन् । यस बाहेक अनुसन्धाता डा. दयाराम श्रेष्ठले पृथ्वीनारायण शाहको साहित्यिक योगदानका सम्बन्धमा गहन अनुसन्धान गरेका छन् । डा. श्रेष्ठका अनुसार पृथ्वीनारायले गोरखनाथको भजन[४८] रचेको समेत उल्लेख हुनुले अहिलेसम्मका आद्य कवि मानिएका सुवानन्ददासपूर्व नै नेपाली कविताले मुख-रित हुने अवसर पाइसकेको प्रतीत हुन्छ ।

नेपाली कवितालाई पुरानोभन्दा पुरानो सिद्ध गर्ने प्रयत्नमा मात्र नभई प्राग्भानुभक्तीय युगका अनेकौं प्रतिभाहरूका खोजीमा र ती प्रतिभाहरूका लुप्त हुन लागेका रचनाहरूका खोजीमा पनि विद्वान्हरू शततः प्रयत्नशील भइ-रहेका छन् । केही वर्ष अघिसम्म अज्ञात व्यक्तिले लेखेको भनिएको 'साँढ्याको कविता-१' विद्वान् अनुसन्धाता डा. दयाराम श्रेष्ठका प्रयत्नबाट पं. राधावल्लभ अर्ज्यालले लेखेको कुरा पत्ता लागेको छ । त्यसै गरी पं. उदयानन्द अर्ज्याल

४४. पारिजात-१२, वि. सं. २०३८ ।
४५. गरिमा-३८, वि. सं. २०४२ ।
४६. डोटेली लोकसाहित्य, वि. सं. २०३२ ।
४७. गरिमा-८४, वि. सं. २०४६ ।
४८. नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन, २०४४ ।

लिखित 'पृथ्वीन्द्रोदय' भन्ने महाकाव्यको खोजी गर्ने काममा विद्वान् अनुसन्धाता ज्ञानमणि नेपालको प्रयत्न सफल भएको छ ।

नेपाली कविताका प्राचीन स्वरूपका अध्ययनमा योगी नरहरिनाथ, जनकलाल शर्मा, चित्तरन्जन नेपाली, धनवज्र वज्राचार्य, महेशराज पन्त, जगदीश चन्द्र रेग्मी, कमल मणि दीक्षित, डा. ईश्वर बराल, जयराज पन्त, शिव प्रसाद डबराल चारण[४९] समेतका खोजीलाई महत्त्वपूर्ण मान्न सकिन्छ । उपर्युक्त अनुसन्धाताहरूले प्राग्भानुभक्तीय काव्यका खोजमा पनि आफूलाई केन्द्रित तुल्याएका छन् । यस बाहेक अनुसन्धाता पूर्णप्रकाश नेपाल पनि यसै कालका प्रतिभाहरूको खोजीमा एकोहोरिएका छन् । उनले पुरानो लोक रचनाका रचयिता पत्ता लगाएको दावी गरेका छन् ।[५०]

नेपाली कविताको सर्वप्राचीन रूप फेला पार्नेमा अहिलेसम्ममा प्राध्यापक बालकृष्ण पोख्रेल सबैभन्दा अगाडि छन् । पोख्रेलले सं. १४५० मा कवि विष्णुदास आचार्यद्वारा रचिएको वडैराजा मलय बम्म भन्ने कवितालाई नेपाली साहित्यको सर्वप्राचीन कविता स्वीकारेका छन् ।[५१]

यसै गरी नेपाली कविताको सर्वप्राचीन रूप प्राप्त गरेको दावी गर्ने देवकान्त पन्त पनि उल्लेख्य छन् । पन्तले फेला पारेका पुराना लोककवितामा रिपुमल्लको चाँचरी सबैभन्दा पुरानो हो । उनको स्पष्ट विचार छ–

रिपुमल्लको समय शाके १३३४ सिद्ध हुन आएको छ । अर्थात् आजभन्दा ५७० वर्ष अघि डोटेली भाषामा यो प्रथम लोककाव्यको निर्माण भयो जो आजसम्म प्राप्त नेपाली साहित्यका सबै रचनाभन्दा पुरानो हो र यो आफैं नेपाली भाषाको जननी डोटेलीभाषिको तथ्य रूपले प्रमाणित सर्वप्रथम रचना

४९. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, काठमाडौं, रत्न पुस्तक भण्डार दो. सं. २०४७ (परिशिष्ट घ, सन्दर्भ स्रोतका आधारमा) ।

५०. पूर्णप्रकाश नेपाल, डा. दयाराम श्रेष्ठद्वारा सम्पादित वीरकालीन कविताको पृ. ११२ मा मुद्रित गीतका रचयिता रत्नाकर पण्डित फेला पारेको ।

५१. बालकृष्ण पोख्रेल, 'नेपाली भाषाको सर्वप्राचीन कविता विष्णुदास आचार्य रचित वडेराजा मलयवम्म' गरिमा–७।१२, पूर्णाङ्क ८४, काठमाडौं, साझा प्रकाशन, २०४६ ।

हो ।[५२] यस रचनामा उल्लेख भएको रिपुमल्लको समय विक्रमीय सम्वत्सर अनुसार १४६६ हुन आउँछ ।

अनुसन्धाता दिनेशराज पन्तले वि. सं. २०३८ मा फेला पारेको श्री ५ पृथ्वीनारायण शाह सम्बन्धी अप्रकाशित पद्य[५३] स्वयं पृथ्वीनारायण शाहले नै वि. सं. १८३१ पूर्व रचेको मानी 'फिरंगानते फिरगी' शीर्षकमा मुद्रित भएको छ ।[५४] पृथ्वीनारायणले नै रचेको हो भन्ने कुरामा चाहिं अझै प्रश्नचिह्न नै लगाइएको छ ।[५५] त्यसैगरी व्रतराज आचार्यद्वारा खोजिएको पृथ्वीनारायण शाहद्वारा रचिएको जस्तो मानिएको 'बाबा नरभूपाल साहकि दुहाई' पनि वि. सं. १८३१ पूर्वकै रचना मानिएको देखिन्छ ।[५६] अर्कातिर डा. दयाराम श्रेष्ठको अनुसन्धानमा पृथ्वीनारायण शाहलाई एक कविको रूपमा प्रतिस्थापित गरेको[५७] भन्ने उल्लेख भएकोले नेपाली कविताको इतिहास सुवानन्ददास भन्दा अगाडिदेखि नै थालिएको रहेछ कि भन्ने कुरामा विचार गर्नुपर्ने देखिन्छ ।

यी अनुसन्धाताहरूका प्रयत्नबाट नेपाली साहित्य लगभग ६०० वर्ष पुरानो हो भन्नुपर्ने हुन आएको छ । वि. सं. १४५० देखि वि. सं. २०४९ सम्ममा नेपाली साहित्य कविता, कथा, निबन्ध, नाटक, उपन्यास, समालोचना, अनुसन्धान, ज्ञानविज्ञानजस्ता अनेकौं फाँटहरूमा विस्तृत हुन पुगेको छ । राजाका वंशवर्णन, शौर्यवर्णन र विजिगीषु प्रवृत्तिबाट प्रारम्भ भएको नेपाली कविता युगयुगदेखि झ्याङ्गिंदै, फस्टाउँदै, मौलाउँदै र लहलहाउँदै वर्तमान कालसम्म आइपुगेको छ । नेपाली कविता वा नेपाली साहित्यलाई वर्तमान काल (२०४९) सम्म ल्याइपुऱ्याउन राजादेखि जोगीसम्म, नेपालीदेखि विदेशीसम्मका चिन्तक, सृजक र

---

५२. देवकान्त पन्त, डोटेली लोक साहित्य कीर्तिपुर, त्रि. वि. वि. नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३२ पृ. ८–९ ।
५३. दिनेशराज पन्त, 'श्री ५ पृथ्वीनारायण शाह सम्बन्धी अप्रकाशित पद्य' पारिजात–३।२, पूर्णाङ्क १२, सं. २०३८, पृ. ४९–५० ।
५४. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. १३४
५५. डा. दयाराम श्रेष्ठ, ऐजन ।
५६. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत् पृ. १३६ ।
५७. डा. दयाराम श्रेष्ठ, नेपाली भाषा र साहित्यको विकास मा शाहवंशको देन, काठमाडौं, श्री ५ को सरकार, सञ्चार मन्त्रालय, वि. सं. २०४१ पृ. २७ ।

संवाहक अभियन्ताहरूको अथक प्रयत्न र योगदान छ । यस साहित्यको परिचय प्राप्त गर्न कालक्रमिक अध्ययनलाई प्रस्तुत गर्नु सान्दर्भिक ठानिएको छ ।

१.२.१. नेपाली साहित्यमा कालनिर्धारणको औचित्य

नेपाली साहित्यको आयु कम्तीमा पनि छ सय वर्ष भैसकेको छ । छ सय वर्षको इतिहासलाई अवश्य पनि छोटो भन्न सकिंदैन । छ सय वर्षमा नेपाली साहित्यले अनेकौं उज्याला र अँध्यारा पाटाहरू पार गरिसकेको छ । यी पाटाहरू सर्वतिर त्यत्तिकै स्पष्ट पनि छैनन् । नेपाली साहित्यको जीवनमा प्रशस्त बिछ्ल्यांटा स्थितिहरू पनि आए भने यी स्थितिहरूबाट नेपाली साहित्यलाई अगाडि बढाउन यसकै स्रष्टाहरूले काँध थापिदिएर नेपाली साहित्यलाई आजको मितिसम्म ल्याएका हुन् । नेपाली भाषाप्रति अनन्य माया तथा श्रद्धा भएकै कारण यहांका राजनैतिक, सामाजिक र साहित्यिक क्षेत्रका विशिष्ट विद्वान्, कवि र लेखकहरूले समय समयमा ठूलो टेवा दिई अगाडि बढाएकोले नेपाली साहित्य आज ज्ञान–विज्ञानका क्षेत्रमा बाहेक अन्य क्षेत्रमा भरपर्दो उन्नति गर्ने वाङमय र साहित्यका रूपमा प्रतिष्ठापित हुन सकेको छ । यति लामो साहित्यिक यात्रालाई स्पष्टता र विशिष्टताका आधारमा अध्ययन गर्न कालविभाजन गर्नु अत्यन्त आवश्यक छ ।

काल विभाजनबाट नेपाली साहित्यको कुन चाहिं कालमा के कस्ता विशिष्टता देखिएका छन् भन्ने कुरा ठम्याउन सजिलो पर्दछ । निश्चय नै साहित्यको विकास, निर्माण र गतिशीलतामा तत्कालीन सामाजिक, राजनैतिक, आर्थिक र परिवेशीय स्थितिहरूले प्रभाव पारेका हुन्छन् । ती स्थितिहरू साहित्य रचनामा कारक तत्त्व बन्न पुग्दछन् । त्यसैले नै धेरै मानिसहरू साहित्यलाई समाजको दर्पण भन्ने गर्दछन् । जुनसुकै समसामयिक होस् त्यसले संवेदनशील भावुक कविलाई वा स्रष्टालाई एक किसिमको सकारात्मक वा नकारात्मक प्रभाव पारेको हुन्छ । त्यस प्रभावको सेरोफेरोलाई लिएर त्यो स्रष्टाले केही कुरा व्यक्त गर्दछ, यसरी व्यक्त गर्दा सकेसम्म कलाको स्पर्श रहन्छ । त्यही कलाको स्पर्शिताले उक्त वाणीलाई साहित्यिक श्रेणीको स्तरमा उकाल्दछ । जुनसुकै घटनालाई लिएर प्रतिक्रिया व्यक्त गर्ने कुरो अत्यन्त स्वाभाविक भए तापनि कवि वा कलाकारको प्रतिक्रिया निश्चय नै मर्मस्पर्शी हुन्छ, विशिष्ट हुन्छ र हृदयसंवेद्य हुन्छ । यही हृदयस्पर्शी अभिव्यक्तिद्वारा नै कला र कलाकार अमर हुन्छन् । एक खास कालका घटना एवं खास कालका चालचलन, रीतिरिवाज र परिस्थिति कुनै खास कालसीमामा पुगेपछि परिवर्तित हुन्छन्; तिनीहरूका प्रभाव कतै न्यून हुन्छ र कतै अधिक हुन्छ । यस प्रकार प्रत्येक कालका प्रत्येक घटना त्यत्तिकै स्मरणीय रहिरहन्छ भन्न

सकिंदैन । तर कलाको स्पर्श पाइरहेमा ती घटनाहरू सदैव अविस्मरणीय हुन्छन्। उदाहरणार्थ श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको कार्यलाई लिन सकिन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा के कस्तो परिस्थिति र परिवेश थियो, त्यो आजका सर्वसाधारण मानिसका लागि कल्पनातीत भैसकेको छ । त्यस घटनाका प्रत्यक्षदर्शी, प्रत्यक्ष सहभागी प्रत्यक्ष भोक्ता र प्रत्यक्ष रूपले पीर मर्कामा परेका मानिसहरू छैनन्, त्यसैले सामान्य मानिसका निमित्त पृथ्वीनारायण शाह इतिहास र कथाका नायक मात्र रहन गएका छन् । तर उनका विषयमा लेखिएका कविता र स्वयं उनैले छोडेर गएका भजन र दिव्योपदेशजस्ता साहित्यले उनको स्मृतिलाई जीवन्त तुल्याइरहेका छन् । आज पृथ्वीनारायण शाहका भजन र दिव्योपदेश नपाइएका भए उनको बहुमुखी व्यक्तित्वको परिचय बाट नेपाली साहित्य सधैंका लागि वञ्चित हुने थियो, तर सौभाग्यवश पृथ्वीनारायणका विषयमा धेरै कुरा प्रकाशमा आएका हुनाले नेपाली साहित्यले आफ्ना अतीतका गौरवमय दिवसहरूलाई सम्झिरहेको छ ।

त्यसै गरी भीमसेन थापाको आत्महत्या, वीर अमरसिंह, वीर बलभद्र कुँवर, वीर भक्ति थापा र सात सय वीराङ्गनाका महान् गाथाहरूले नेपाली जातिको इतिहास संस्तुत्य भएको छ । यी वीर र घटनाहरू कालजयी हुन् तापनि यिनलाई साहित्यले सदैव मुखरित गरिरहनुपर्दछ । अनि मात्र यिनीहरूको शाश्वतता स्थापित हुन सक्तछ । यसरी स्पष्ट भैसकेको छ– प्रत्येक कालमा घटेका घटनाहरूको महत्त्व ती कालकै सापेक्षतामा बढी महत्त्वपूर्ण हुन्छ र अर्को कालावधिमा ती घटनाहरू सामान्य, गौण वा अझ तीव्र पनि हुन सक्छन् ।

राणा शासनका वेला राणाहरूको विरोधमा साहित्य रचना गर्नु चुनौतिपूर्ण र जन आकांक्षाको अभिव्यक्ति मानिन्थ्यो भने आज आएर राणाको विरोधमा कविता लेख्नु सामान्य वा गौण कुरा भइसकेको छ । त्यस्तै पञ्चायत शासनावधिमा प्रजातन्त्र प्राप्तिका कुरा लेख्नु, प्रजातन्त्र प्राप्तिका प्रयत्नमा अभिव्यक्तिको उद्घोष गर्नु महत्त्वपूर्ण हुन्थ्यो भने आज आएर पञ्चायतको विरोध गर्नुजस्तो कार्य अत्यन्त सामान्य हुन जान्छ । यसैले प्रत्येक कालका त्यस कालका आवश्यकता र जन–चाहनाका कुराहरूलाई वाणी दिने प्रयत्नमा कवि वा लेखकहरू लागेको भएकाले के कस्तो स्थितिमा के कस्ता आवश्यकता र आकांक्षाहरू थिए भन्ने कुरा छर्लङ्ग पार्न साहित्यमा कालविभाजन गर्नु वाञ्छनीय देखिन आएको छ ।

कालविभाजनका आवश्यकता र औचित्यका बारेमा नेपाली अनुसन्धाताहरू आफ्ना आफ्ना दृष्टिकोणमा दृढ रहेका छन् । यिनै अनुसन्धाताहरू नेपाली साहित्यको कालविभाजन गर्नुपर्छ भन्ने कुरामा सर्वसम्मतिले सहमत भएका छन्

भने कालविभाजन र कालनिर्धारणमा भने आ–आफ्ना दृष्टि र तर्कहरू उपस्थित गराउँदै अलग अलग मत राख्न पुगेका देखिन्छन् । कालविभाजनमा इतिहास शिरोमणि बाबुराम आचार्यको आफ्नै तर्क र दृष्टिकोण छ । उनले नेपाली साहित्यको कालविभाजन गर्दै आफ्नो तर्क पेश गरेका छन्– "जनरल भीमसेन थापाका समयदेखि नेपाली साहित्यको शुरू भएको र त्यस वेला नेपाली साहित्यमा अनुवादको प्राधान्य भएकोले वि. सं. १९६० सम्मको समय पुरानो र त्यसपछिको समय आधुनिक" मानी कालविभाजन गरेको[५८] देखिन्छ ।

आचार्यका समयसम्ममा नेपाली साहित्यमा विस्तृत अनुसन्धान गर्ने परिपाटीको विकास भैनसकेकोले भीमसेन थापाको शासनकाल (१८६३–१८९४) भन्दा पूर्वको नेपाली साहित्यका विषयमा त्यति स्पष्ट दृष्टिकोण आउन सकेको छैन । बाबुराम आचार्यको कालविभाजन त्यति मिल्दोजुल्दो देखिँदैन, किनभने उनले भीमसेन थापाका पालादेखि मात्र नेपाली साहित्यको प्रारम्भ भएको माने तापनि त्यो कालका सबै रचनालाई अनुवादका मूल्यले निरूपण गरेका छन् । त्यस्तै वि. सं. १९६० देखि उत्तरकालीन सबै रचनालाई आधुनिक मानेका छन्, जुन कुरा त्यति सार्थक छैन । बाबुराम आचार्यको एउटा कुराचाहिँ निकै मूल्यवान् छ, त्यो हो– नेपाली साहित्यको कालविभाजन गर्ने दृष्टिकोण । वास्तवमा बाबुराम आचार्यपूर्व पनि नेपाली अनुसन्धाताले नेपाली साहित्यको कालविभाजन गर्ने प्रयत्न गरेको प्रतीत हुँदैन । यही कालविभाजन गर्ने चेतनाले नै उत्तरवर्ती चिन्तक र अनुसन्धाताहरूलाई घोत्लिन उत्प्रेरित गरेको अनुभव हुन्छ ।

नेपाली साहित्यको कालविभाजन गर्दै यज्ञराज सत्यालले प्राथमिक कालमा इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा र यदुनाथलाई राखेको देखिन्छ भने १८३३ तिरका उदयानन्द र शक्तिवल्लभको उल्लेख गरे पनि प्रारम्भचाहिँ वि. सं. १८८४ नै मानेको पाइन्छ । उनले प्राथमिक काललाई भक्ति–कालका रूपमा स्वीकारेका छन् ।[५९] सत्यालका अनुसार १९६०–१९७० सम्म माध्यमिक काल

५८. बाबुराम आचार्य, पुराना कवि र कविता, काठमाडौं, साझा प्रकाशन; वि. सं. २०४७ ।

५९. रेवतीरमण खनाल, नेपाली साहित्यको कालविभाजन, गोपालप्रसाद भट्टराईद्वारा सम्पादित गोरखापत्र, काठमाडौं, गो. प. संस्थान २०२३ पौष ९ गते ।

र १९७०–७४ देखि आधुनिक काल प्रारम्भ भएको हो ।[६०] अनुसन्धाता बालकृष्ण पोखरेलका अनुसार नेपाली साहित्यको कालविभाजन यस प्रकार गर्न सकिन्छ–

१. प्रारम्भिक काल:– गोल्हणदेखि भानुदत्त (१७७६ सं.) सम्म
२. माध्यमिक काल:– वि. सं. १७७७ देखि १८९३ सम्म,
३. आधुनिक काल:– वि. सं. १८९४ देखि हालसम्म[६१]

बालकृष्ण पोखरेलका विचारमा नेपाली साहित्यको प्रारम्भ गद्यबाट भएको हो । बालकृष्ण पोखरेलको उपर्युक्त कालविभाजनलाई रेवतीरमण खनालले आफ्नो लेखमा केही परिवर्तन गरी प्रस्तुत गरेको देखिन्छ, जस अनुसार–

१. प्रारम्भिक काल : सं. १३९४ को पुण्य मल्लको अभिलेखदेखि भानुदत्त (१८३३) सम्म,
२. माध्यमिक युग : त्यसपछि मोतीरामसम्म,
३. आधुनिक युग : मोतीरामदेखि २००७ सालसम्म,
४. अत्याधुनिक युग : २००७ सालपछि[६२]

नेपाली साहित्यको काल निर्धारण गर्दै डिल्लीराम तिमसिना र माधव भँडारीले नेपाली साहित्यमा चार कालको उपस्थापना गरेका छन् । तिमसिना र भँडारीका अनुसार कालविभाजन यस प्रकार गरिएको छ–

१. प्रारम्भिक काल – भानुभक्तपूर्व,
२. उत्थानकाल – भानुभक्त र उनका समकालीन कविहरू,
३. विकासकाल – मोतीराम भट्टदेखि लेखनाथसम्म,
४. आधुनिक काल – लेखनाथदेखि हालसम्म,[६३]

समालोचक रत्नध्वज जोशीले नेपाली साहित्यको कालविभाजनमा आफ्नै

---

६०. रेवतीरमण खनाल, नेपाली साहित्यको कालविभाजन, गो. प. पूर्ववत् ।
६१. तारा सर्मा, नेपाली साहित्यको कालविभाजन, गोपालप्रसाद भट्टराईद्वारा सम्पादित गोरखापत्र, गो प. संस्थान १४ असाढ २०२६, पृ. ७ ।
६२. रेवतीरमण खनाल, नेपाली साहित्यको कालविभाजन, पूर्ववत् ।
६३. डिल्लीराम तिमसिना र माधव भँडारी, हाम्रो साहित्य र साहित्यकार विराटनगर, पुस्तक संसार (ते. सं.) २०२४ ।

दृष्टिकोण प्रस्तुत गरेका छन् । उनका मतमा भएको कालविभाजन यस प्रकार छ–

१. आदियुग : भानुभक्तदेखि मोतीराम भट्टसम्म,

२. मध्ययुग : मोतीरामदेखि लेखनाथसम्म,

३. आधुनिक युगः मुटुको व्यथा (वि. सं. १९८६ देखि) आजसम्म ।[६४]

ईश्वर बरालले कालविभाजनका औचित्य र आवश्यकताको खोजी गर्दै आफ्नो कालविभाजन प्रस्तुत गरेका छन् । डा. बरालका अनुसार कालविभाजन गर्दा सामाजिक विधान औ विकास, जातीय आचरण, सांस्कृतिक परम्परा, धार्मिक साधना औ तत्त्वचिन्तन, राजनैतिक व्यवस्था, परिस्थिति, आर्थिक पृष्ठभूमि औ उन्नयन, भौगोलिक स्थिति औ समन्तता किंवा समान्तरता इत्यादि तत्त्वको परिशीलन[६५] आवश्यक पर्दछ । बरालले कालविभाजनमा सामाजिक परिस्थिति, सांस्कृतिक, धार्मिक र राजनैतिक परिस्थितिको प्रभाव रहने कुरामा जोड दिँदै निम्नानुसार कालविभाजन गरेको देखिन्छ–

१. प्राथमिक काल : वि. सं. १८३३–१९४४

२. माध्यमिक काल : वि. सं. १९४४–१९८५

३. आधुनिक काल : वि. सं. १९८५–२००७

४. प्रजातन्त्र काल : वि. सं. २००७–२०१८

५. पञ्चायत काल : वि. सं. २०१८– अहिले वर्तमान ।[६६]

डा. बरालको कालविभाजनमा प्राथमिक कालमा ४ वर्ष दोहोरिई प्राथमिक र माध्यमिक दुवैमा परेको, वि. सं. १९८६ देखि वि. सं. १९८८ सम्मका ३ वर्षहरू कुनै कालमा पनि नपरेका तथा 'पञ्चायतकाल' अन्त्य (२०४६ मा) भैसकेको हुँदा एक पटक पुनर्निरीक्षणको आवश्यकता अनुभव गर्न सकिन्छ । कालविभाजनका सम्बन्धमा डा. ईश्वर बरालको तर्कचाहिँ मननयोग्य छ–

---

६४. रेवतीरमण खनाल – पूर्ववत् ।

६५. डा. ईश्वर बराल, नेपाली साहित्यको कालविभाजन, बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवरद्वारा सम्पादित रूपरेखा ६।५, पूर्णाङ्क ५३, वि. सं. २०२२ पृष्ठ १० ।

६६. डा. ईश्वर बराल, नेपाली साहित्यको कालविभाजन पूर्ववत् ।

"एउटा कुनै साहित्यको इतिहासलाई विभिन्न कालमा विभक्त गर्नु बडो अप्ठ्यारो हुन्छ, किनभने एउटा कुनै कालमा साहित्य रचनाको क्रम भङ्ग भएर अकस्मात् अर्को परम्परा थालिने निश्चित तिथि छुट्ट्याउन सकिन्न" त्यसरी नै "साहित्य रचना निरन्तर अघि बढिरहने सुसम्बन्ध प्रवाह हो, यस प्रवाहलाई कुनै पनि ठाउँमा सन्धिस्थल छुट्ट्याउने गरी परिच्छिन्न गर्नु नितान्त दुस्साध्य हुन्छ।"[६७]

कालविभाजनका सम्बन्धमा इतिहासविद् डा. तारानाथ शर्माका विचारहरू पनि मननीय छन् । कालविभाजनका आवश्यकताप्रति डा. शर्माको विचार छ–

"साहित्यका इतिहासको अध्ययन गर्दा विभिन्न युगहरूलाई छुट्ट्याइएन भने समय मात्र गज्याङमज्याङ नभई लेखकहरू र तिनका कृतिहरू पनि गिजोलिने छन् । त्यसो हुँदा हामी अलमलिन्छौं ।"[६८]

डा. शर्माका विचारमा नेपाली साहित्यको काल विभाजन वैज्ञानिक रूपले भएको छैन, काल विभाजन गर्नाले लेखक, कविहरूलाई विभिन्न युगमा बाँड्न सकिने र तिनीहरूका कृतिको अध्ययन अन्वेषण र आलोचना गर्न सरल हुन्छ ।[६९] डा. शर्माका मतमा नेपाली साहित्यको कालविभाजन यस प्रकार छ–

१. भानुभक्तपूर्व युग (प्रारम्भदेखि विक्रमाब्द १८७१ सम्म)
२. भानुभक्तयुग (विक्रमाब्द १८७२ देखि १९३९ सम्म)
३. मोतीरामयुग (विक्रमाब्द १९४० देखि १९७६ सम्म)
४. क्रान्तिपूर्व युग (विक्रमाब्द १९७७ देखि २००७ सम्म)
५. क्रान्तिउत्तर युग (विक्रमाब्द २००७ देखि आजसम्म)[७०]

डा. शर्माको कालविभाजनमा प्रशस्त स्पष्टता अनुभव हुन्छ । डा. शर्माले आधुनिक काल शब्दको प्रयोग नगरेका भए पनि क्रान्तिउत्तर युगले त्यसलाई व्यञ्जित गरेको छ । अझ क्रान्तिउत्तर युगलाई विभिन्न चरणमा विभाजित गरेको भए अध्ययनमा सुगमता हुने सम्भावना थियो ।

---

६७. डा. ईश्वर बराल, पूर्ववत्, पृष्ठ ६ ।

६८. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, काठमाडौं, संकल्प प्रकाशन, (दो. सं.) २०३९, पृ. ७ ।

६९. डा. तारानाथ शर्मा पूर्ववत् ।

७०. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, पूर्ववत्, पृ. ५–६ ।

नेपाली साहित्यको कालविभाजन अनुसन्धाताहरूका लागि एउटा अप्ठ्यारो भञ्ज्याङ्ग रहेछ, किनभने प्रत्येक अनुसन्धाताका आ–आफ्नै तर्क र आ–आफ्नै विश्लेषण हुँदा कालविभाजनमा एकरूपता आउन नसकेकोले वि. सं. २०२२ साल चैत्र महीनामा चितवनको रामपुरमा भएको देशव्यापी साहित्य सेमिनारमा उपस्थित सम्पूर्ण साहित्यकारहरूले व्यापक छलफल गरी नेपाली साहित्यको कालविभाजनसम्बन्धी प्रस्ताव पारित गर्नु एउटा ऐतिहासिक घटना हो।[७१] यस सेमिनारमा नेपालका १३ अञ्चलका १५० जना साहित्यकारहरू भेला भएका थिए। त्यस सेमिनारले निर्धारित गरेको कालविभाजन यस प्रकार छ–

१. प्रथम उत्थान काल
   (क) अभिलेख काल
   (ख) वीरस्तुति काल
   (ग) धार्मिक काल

२. द्वितीय उत्थान काल
   (क) शृङ्गार काल
   (ख) गद्य साहित्यको उत्थान र विभिन्न विधाको प्रयोग

३. तृतीय उत्थान काल
   (क) आधुनिक काल (शारदादेखि आजसम्म)[७२]

यस कालविभाजनको समय र स्थानमा आफू पनि उपस्थित भएको तर सो कुरामा आफ्नो सहमति नभएको भन्दै समालोचक रत्नध्वज जोशीले त्यसको खण्डन गरेका छन्।[७३] समालोचक जोशीको विचारमा साहित्यको भिन्न युग छुट्ट्याउँदा प्रमुख तत्त्व दुइटै मात्र छन् (१) शैली (२) भाव या विचार।[७४]

समालोचक जोशीका विचारमा भएको कालविभाजन माथि नै वर्णन गरिसकिएको छ।

---

७१. रेवतीरमण खनाल, नेपाली साहित्यको कालविभाजन, गो. प., पूर्ववत्।
७२. रेवतीरमण खनाल, नेपाली साहित्यको कालविभाजन, गो. प., पूर्ववत्।
७३. रत्नध्वज जोशी, नेपाली साहित्य : तीन युग, गोपालप्रसाद भट्टराईद्वारा सम्पादित गोरखापत्र, काठमाडौं, गो. प. संस्थान, २०२३ पृ. ५–१०।
७४. रत्नध्वज जोशी, पूर्ववत् (गो. प.)।

नेपाली साहित्यको खोजीमा सदैव क्रियाशील रहने अनुसन्धाताहरू मोहन-राज शर्मा तथा डा. दयाराम श्रेष्ठका कालविभाजनसम्बन्धी तर्कहरू निके घतलाग्दा छन् । शर्मा र डा. श्रेष्ठका विचारमा जुन युग विशेषमा जुन उत्प्रेरणा वा चेतना बढी छ त्यसैका आधारमा कालविभाजन गरी त्यसको नामकरण गर्नु उपयुक्त भएकोले यसरी कालविभाजन भएको छ–

१. आदिकाल वा वीरगाथाकाल : १८०१ देखि १८७२ सम्म
२. पूर्व–मध्यकाल वा भक्तिकाल : १८७३ देखि १९३९ सम्म
३. उत्तर–मध्यकाल वा श्रृङ्गारकाल : १९४० देखि १९७४ सम्म
४. प्राक्–आधुनिक काल वा नव्यकाल : १९७५ देखि २००७ सम्म
५. आधुनिक काल : २००८ देखि हालसम्म ।[७५]

यस काल विभाजनमा देखिएको नवीनता प्रवृत्तिगत आधार हो । जुन कालमा जुन जुन स्वर र चेतनाले प्राधान्य पाएका छन् । तिनै आधारमा सं कालको नामकरण गरिएको स्पष्ट छ ।

नेपाली साहित्यको कालनिर्धारण गर्ने क्रममा डा. ताराप्रसाद जोशीप निर्देशनमा दुर्गा चित्रकारले प्रस्तुत गरेको शोधपत्रमा नेपाली साहित्यलाई निम्न लिखित दुई कालमा मात्र विभाजित गरेको देखिन्छ ।[७६]

१. प्राक्‌भानुभक्त काल
   (क) वीरकाल
   (ख) भक्तिकाल
      (१) पूर्वभक्तिकाल
      (२) उत्तरभक्तिकाल

२. भानुभक्तोत्तर काल

यसलाई स्थूल रूपमा गरिएको कालविभाजन भन्नु उपयुक्त छ । यसै ग नेपाली साहित्यलाई हिन्दी भाषाका पाठकहरू सामु परिचित गराउने कार्य

---

७५. मोहनराज शर्मा र डा. दयाराम श्रेष्ठ, नेपाली साहित्यको संक्षिप्त इतिहा काठमाडौं, साझा प्रकाशन, वि. सं. २०३९, पृ. २९ ।

७६. दुर्गा चित्रकार, आदिकवि भानुभक्त, काठमाडौं, त्रि. वि. वि., अप्रकाशि शोधपत्र, वि. सं. २०२५, पृ. ७ ।

संलग्न विदुषी कमला सांकृत्यायनले नेपाली साहित्यको कालविभाजन यसरी गरेको देखिन्छ ।[७७]

(१) भानुभक्तपूर्व युग (२) भानुभक्त युग
(३) मोतीराम युग (४) पूर्वक्रान्ति युग
(५) प्रजातन्त्रोत्तर युग ।

प्रस्तुत कालविभाजनमा डा. तारानाथ शर्माको कालविभाजनसम्बन्धी दृष्टिकोणले प्रभावित तुल्याएको देखिन्छ ।

नेपाली साहित्य लगभग छ सय वर्षमा पदार्पण गरिसकेको तथ्य र यस साहित्यको कालविभाजन गर्ने दृष्टिकोण उपर्युक्त चर्चाबाट मुखरित भइसकेको छ । यति लामो अवधिलाई विभिन्न कालखण्डहरूमा विभाजित गरी अध्ययन गर्नु सर्वथा उपयुक्त कुरो हो । कुनै कालखण्डका कुनै घटना अत्यन्त प्रभावकारी रहेका हुन्छन् भने अर्को कालखण्डमा आइपुग्दा तिनै घटना केवल ऐतिहासिक महत्त्वका मात्र सावित हुन्छन् । फेरि अर्को कालखण्डमा आइपुग्दा अर्कै घटनाले प्राधान्य पाउनु पनि स्वाभाविक हुन्छ । यिनै कुराका आधारमा नेपाली साहित्यका लेखकहरू कालविभाजन गर्नुपर्ने कुरामा पूर्णतः सहमत भए पनि सर्वमान्य कालस्थापनामा भने पुग्न सकेका छैनन् । पूर्वोक्त अध्ययनका आधारमा निम्नानुसार कालविभाजन गर्दा अध्ययनमा सुगमता हुने देखिएको छ–

१. प्राग्भानुभक्तीय युग : नेपाली साहित्यको प्रारम्भकालीन (वि. सं. १४५०) अवस्थादेखि भानुभक्त आचार्यको जन्म (संवत् १८७१ सम्म)
२. भानुभक्त युग : वि. सं. १८७२ देखि वि. सं. १९२२ सम्म
३. मोतीराम युग : वि. सं. १९२३ देखि वि. सं. १९९० सम्म
४. आधुनिक युग : वि. सं. १९९१ देखि वर्तमानसम्म ।

१.२.२. कालविभाजनका आधारमा नेपाली साहित्यको संक्षिप्त परिचय

१. २. २. १ प्राग्भानुभक्तीय युग

यस युगको थालनी नेपाली साहित्यको प्रारम्भिक अवस्थादेखि भानुभक्त

---

७७. कमला सांकृत्यायन, नेपाली साहित्य, कलकत्ता, भारतीय भाषा परिषद्, ई. सं. १९८६ ।

आचार्यको जन्म वि. सं. १८७१ सम्म मानिएको छ। अहिलेसम्मको खोज र अनुसन्धानबाट के सिद्ध भइसकेको छ भने सुवानन्ददास नै नेपालीका प्रथम कवि होइन रहेछन्। नेपाली कविताले सुवानन्ददाससम्म आइपुग्दा केही शताब्दीको यात्रा पूरा गरिसकेको देखिन्छ। यस युगमा नेपाली वाङ्मय अभिलेखीय अभिव्यक्ति र अनूदित ग्रन्थ निर्माणमा सम्बद्ध पाइएको छ भने अर्कोतिर लोकसाहित्यका अनेकौं विशिष्टताहरूलाई वाणी दिने पनि प्रयत्न रहेको छ। त्यस बाहेक वंशावली निर्माणमा कवितात्मक अभिव्यक्ति पाइनुले नेपाली कविता क्रमशः सुदूर अतीतका विस्तृत फाँटतिर लम्किरहेको देखिन्छ। अहिलेसम्मको खोजमा अनुसन्धाता बालकृष्ण पोखे्रलले वि. सं. १४५० तिरका विष्णुदास आचार्यलाई नेपाली कविताका प्रथम कवि मानेका छन्। उनको यस प्रस्तावप्रति व्यापक उपपत्तिको आवश्यकता छ। यसो भए तापनि उनका खोजलाई पूर्णतः उपेक्षा गर्न सकिँदैन। यस क्रममा देवकान्त पन्तको परिश्रमले भेटिएको रिपुमल्लको चाँचरी, दिनेशराज पन्त र व्रतराज आचार्यका खोजमा फेला परेका पृथ्वीनारायणका कविता, डा. दयाराम श्रेष्ठका प्रयत्नमा भेटिएका पृथ्वीनारायणको गोरखनाथ भजनलाई सुवानन्ददासपूर्वका महत्त्वपूर्ण सामग्री मान्न सकिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यका अन्य महत्त्वपूर्ण कविहरूमा सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्ज्याल, रामभद्र, गुमानी, इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ, दैवज्ञकेशरी, वीरशाली पन्त, लक्ष्मीनारायण, रघुनाथ, जीवनाथ, मौलाराम तोमर आदिलाई मान्न सकिन्छ।

यस कालका सन्त कविहरूले पनि नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन्। यी सन्तहरूको प्रमुख स्वर निर्गुण भक्ति नै रहेको छ। यिनीहरूले समाजका सुधारमा आफ्नो ध्यान केन्द्रित गरेका छन्। यिनीहरूको भाषाचाहिँ शुद्ध नेपालीभन्दा हिन्दी मिश्रित देखिन्छ। सन्तहरूले विभिन्न किसिमका भजनहरूको रचना गरेर नेपाली साहित्यको भण्डारलाई समृद्ध तुल्याएको चाहिँ निर्विवाद छ। यस प्रवृत्तिका रचयिताहरूमा सन्त धिर्जे दिलदास, शशिधर, धौकल सिंह, मोक्षमण्डल, प्रेमदिल, निर्वाणानन्द, अभयानन्द, श्यामदिल, अच्युतदिल, धर्मदिल, सतदिल, अगमदिल, धरणीदास, मङ्गलदास, कमलदास, अबड्दिलदास पर्दछन्।

प्राग्भानुभक्तीय युगमा वीररस, शृङ्गाररस, भक्तिभावना, नीति उपदेशप्रधान काव्यको रचना भएको देखिन्छ। त्यसैगरी लोकसाहित्यको ठूलो फाँट पत्ता लागेको छ। यसमा पनि केही लोकसाहित्यका रचनाकारहरू फेला परेका छन्

भने धेरैंजसोका अज्ञात नै छन् । यसैले लोकसाहित्य पौरुषेय (रचनाकार पत्ता लागेका) र अपौरुषेय (रचनाकार पत्ता लाग्न नसकेका) जस्ता दुइ भागमा बाँडिएका छन् । यस कालको सिंहावलोकन गर्दा स्पष्टताका साथ के भन्न सकिन्छ भने नेपाली साहित्यको प्राग्भानुभक्तीय युग अनेकौं विशिष्टताहरूबाट सिंगारिएको युग हो । यसमा खोजी गर्दा अझ अनमोल रत्नहरू फेला पर्ने सम्भावना छ । यस युगका काव्य–सीमाहरू अझै विस्तृत र विविधतायुक्त हुने अनुमान प्रबल हुँदै गएको छ ।

१. २. २. २ भानुभक्त युग

यस युगको अवधि आदिकवि भानुभक्त आचार्यको जन्मपछि वि. सं १८७२ देखि वि. सं. १९२२ सम्मलाई लिन सकिन्छ । यस युगका साहित्यकारहरूमा भक्तिवादी चेतना नै प्रबल रूपले विद्यमान रहेको देखिन्छ । यस युगका केन्द्रीय व्यक्तित्व भानुभक्त आचार्य नै हुन् । उनले रामभक्तिका अतिरिक्त प्रशासनिक कमजोरीप्रति व्यङ्ग्य गरेका छन् । त्यसका अतिरिक्त सामाजिक कुरीति र नीति–उपदेशका भावनाहरूलाई कवितात्मक रूप दिएका छन् । भानुभक्त आचार्यका अतिरिक्त पतञ्जलि गजुरेल, वैयाकरण नेपाल, लालबहादुर, हरिदास, रमानाथ ज्ञानदिलदास, नरबहादुर राना, मीनबहादुर आदिलाई लिन सकिन्छ ।

१. २. २. ३ मोतीराम युग

यस युगको कालावधि वि. सं. १९२३ देखि वि. सं. १९९० सम्म मान्न सकिन्छ । यस युगको केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । यस युगको प्रमुख प्रवृत्ति शृङ्गार हो । शृङ्गारिक चेतनाले यस युगका कविहरू निर्दिष्ट भएका छन् । यस युगका अन्य प्रमुख कविहरूमा राजीवलोचन जोशी, होमनाथ, केदारनाथ खतिवडा, शिखरनाथ सुवेदी, गोपीनाथ लोहनी, तीर्थराज पाण्डे, कुलचन्द्र गौतम, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, चक्रपाणि चालिसे, पहलमानसिंह स्वाँर आदिलाई लिन सकिन्छ ।

१. २. २. ४ आधुनिक युग

यस युगको अवधि वि. सं. १९९१ सालदेखि हाल वि. सं. २०४६ साल-सम्मलाई लिन सकिन्छ । यस युगमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सोमनाथ सिग्देल माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, गोपाल प्रसाद रिमाल, भूपि शेरचन, मोहन कोइरालाजस्ता थुप्रै कविहरूले नेपाली

साहित्यलाई उन्नतिको शिखरमा पुऱ्याए। आधुनिक युगका प्रथम चरणमा कवि- हरू क्रान्तिको आह्वान गर्दै राणा शासनको अन्त्यका लागि प्रयत्नशील रहेका थिए। प्रारम्भिक अवस्थामा परिवर्तनका कुराहरू प्रच्छन्न रूपले आउने गर्दथे भने क्रमशः तिनीहरू स्पष्ट र स्पष्टतर हुँदै गए। वि. सं. २००७ सालको परिवर्तनले कवि लेखकहरूमा ठूलो उत्साह प्रदान गऱ्यो। त्यस परिवर्तनबाट ठूलो आशा लिएर नेपाली कविहरू काव्यसाधनामा जुटे तापनि देशको आवश्यकता र राजनैतिक परिवर्तनका बीच खास सन्तुलन नदेखिएको हुँदा क्रमशः व्यङ्ग्य र विरोधले कवितामा प्राधान्य पाउन थाल्यो। वि. सं. २०१७ सालदेखि पञ्चा- यती काल शुरू भएकोले कवि, लेखकहरू आफ्नो काव्यधारालाई नयाँ रूपमा उभ्याउन प्रयत्नशील रहन थाले। यस कालमा क्रमशः राष्ट्रियता र प्रकृतिका चित्रणमा कविहरू केन्द्रित हुन थाले। त्यस बाहेक प्रयोगवादी काव्य धाराको निर्माणमा कविहरू सक्रिय हुँदै गएका हुनाले विभिन्न कवितात्मक आन्दोलनको प्रवर्तन भएको देखिन्छ। यसरी आधुनिक युगका प्रथम चरणमा वि. सं. १९९७ सम्म, दोस्रो चरणमा वि. सं. २००६ सम्म, तेस्रो चरणमा २०१६ सम्म, चौथो चरणमा २०३५ सम्म, पाँचौं चरणमा २०४५ सम्म र छैटौं चरणमा २०४६ देखि हालसम्मको काललाई लिन सकिन्छ। यी कालमध्ये प्रथम चरणमा 'शारदा' पत्रिकाको प्रकाशनलाई महत्तम उपलब्धि मानिएको, दोस्रो चरणमा शहीदहरू- लाई प्राणदण्ड दिएको घटनाबाट उत्पन्न आक्रोशको अभिव्यक्ति प्रमुख रूपमा रहेको, तेस्रो चरणमा प्रजातन्त्र प्राप्तिको घटना र पूर्व शासनमा रहेका अन्यायको भण्डाफोरलाई प्राधान्य दिइएको, चौथो चरणमा पञ्चायती शासनबाट उकुस- मुकुस भएको वातावरणको चित्रण, व्यङ्ग्य, मुक्तिका चाहना र राष्ट्रियताका स्वरलाई काव्यका प्रमुख स्वर बनाइएको, पाँचौं चरणमा जनमत संग्रहप्रति आशावादी भावनाको प्रसारण र त्यसपछि क्रमशः निराशा, कुण्ठा र परिवर्तनका आकांक्षाहरू सलबलाउन थालेको कुरालाई काव्यले उच्चता प्रदान गरेको, छैटौं चरणमा प्रजातन्त्र प्राप्तिका उल्लास र उमंग, कर्तव्यप्रति सचेष्टता आदि भाव- धारा मुखरित हुन थालेको स्पष्ट छ। यसरी मोटामोटी रूपमा कालविभाजन गर्दा नेपाली साहित्यलाई प्रमुख रूपले उपर्युक्त चार युगमा विभाजित गरी आधुनिक कालका प्रमुख ६ वटा मोडलाई अध्ययन गर्नु उपयुक्त देखिन्छ। कालविभाजनका रूपरेखा यस प्रकार निर्दिष्ट गर्न सकिन्छ—

१. प्राग्भानुभक्तीय युग : वि. सं. १४५० देखि वि. सं. १८७१ सम्म
२. भानुभक्त युग : वि. सं. १८७२ देखि वि. सं. १९२३ सम्म
३. मोतीराम युग : वि. सं. १९२३ देखि वि. सं. १९९० सम्म

४. आधुनिक युग :

(क) प्रथम चरण वि. सं. १९९१ देखि वि. सं. १९९७ सम्म

(ख) द्वितीय चरण वि. सं. १९९८ देखि वि. सं. २००६ सम्म

(ग) तृतीय चरण वि. सं. २००७ देखि वि. सं. २०१६ सम्म

(घ) चतुर्थ चरण वि. सं. २०१७ देखि वि. सं. २०३५ सम्म

(ङ) पञ्चम चरण वि. सं. २०३६ देखि वि. सं. २०४५ सम्म

(च) षष्ठ चरण वि. सं. २०४६ देखि हालसम्म

यसरी नेपाली साहित्यको संक्षिप्त चिनारीलाई प्रस्तुत गरिएको छ । नेपाली साहित्यमा कविता बाहेक अन्य विधाहरू पनि विकसित हुँदै आएका छन् । प्रमुख रूपले कथा, उपन्यास, निबन्ध र नाटकका क्षेत्रहरू अत्यन्त सबल देखिएका छन् । नेपाली वाङ्मयलाई सिंगार्ने काममा भाषाविज्ञानको अध्ययन, नेपाली व्याकरणको चर्चा परिचर्चा, अनेकौं साहित्यिक पत्र-पत्रिकाको प्रकाशन, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना, त्रिभुवन विश्वविद्यालयको स्थापना, मदन पुरस्कार पुस्तकालयको स्थापना जस्ता कुराले नेपाली साहित्यको विकासमा महत्तम उपलब्धि थपेका छन् । नेपाली साहित्य अनेकौं फाँटहरूमा फैलिइरहेको छ । हजारौं उत्साही कवि, लेखक, कथाकार, उपन्यासकार, पत्रकार र भाषासेवी संस्थाहरूको अथक प्रयत्नबाट नेपाली साहित्य आज संसारका विकसित साहित्यका हाराहारीमा उभिन सफल भएको छ । नेपाली साहित्यका अनेकौं प्रतिभाहरूले अन्तर्राष्ट्रिय जगत्मा समेत सुख्याति प्राप्त गरिसकेका छन् । नेपाली साहित्यका महान् साधकहरू स्वदेशमा मात्र नभै विदेशमा समेत छरिएका छन् । यी साधकहरू नेपाली मूलका मात्र नभै विदेशीहरू पनि रहेका छन् । आज जे ए. एटन, जर्ज ग्रीयर्सन, टर्नबुल, टर्नर, कर्कप्याट्रिक जस्ता विदेशीमूलका नेपाली भाषासेवीहरू अविस्मरणीय बन्न पुगेका छन् । त्यस्तै नेपाली मूलका भारतीय भूमिमा नेपाली भाषासेवी स्व. पारसमणि प्रधान नेपाली भाषा र साहित्यका एक महान् अवतार थिए भन्ने कुरा पनि बिर्सन सकिंदैन । उनकै महान् प्रयत्नबाट पश्चिम बंगालको दार्जिलिङ्, डवर्स, जलपाइगुडी जस्ता ठाउँमा र छिमेकी राज्य सिक्किम तथा भूटानमा समेत नेपाली भाषाले अभेद्य किल्ला गाडेको छ । नेपाली भाषा आसाम राज्यमा पनि त्यत्तिकै फैलिएको छ भने अर्को मुलुक वर्मामा पनि सुदृढ अवस्थामा छ । भारतवर्षका कलकत्ता, देहरादून र वाराणसीमा आज पनि नेपाली भाषाको अवस्था आशालाग्दो देखिन्छ । यहाँ धेरै उत्साही लेखकहरूले नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएको अनुभव गरिएको छ, तर यो चाहिं खोजीकै विषय रहेको छ ।

१. ३ भानुभक्तलाई सीमारेखा निर्धारण गर्नुपर्नाको कारण

नेपाली साहित्यमा आदिकवि भानुभक्त आचार्य (१८७१-१९२६) को स्थान सर्वोपरि छ, किनभने नेपाली साहित्यको प्रारम्भिक अवस्थामा उनले रामायणजस्तो अत्यन्त सरल र विस्मयकारी काव्यको प्रणयन गरी नेपाली साहित्यलाई एउटा महान् उपहार प्रदान गरे। भानुभक्तको रामायण सुनेर, पढेर र मनन गरेर नेपाली कविहरूमा ठूलो प्रेरणा प्राप्त भयो, त्यसैका आधारमा भानुभक्तभन्दा पछिका स्रष्टाहरूले काव्यमा चाख लिन थाले। नेपाली साहित्यको विकास गर्नुपर्छ भन्ने सचेत मन:स्थिति प्राप्त गरे। यसैले भानुभक्तोत्तर नेपाली साहित्यले दिन प्रतिदिन फस्टाउने मौका पायो। अनेकौं नवीन सम्भावनाका क्षितिजमा फैलिन थाल्यो र वर्तमान (२०४९) कालसम्म आइपुग्यो। यसरी हेर्दा हामी स्पष्टताका साथ के कुरा स्वीकार गर्न सक्तछौं भने भानुभक्त आचार्य नै नेपाली साहित्यका अनुसन्धान र रचनाका मूल तत्व हुन्। भानुभक्त आचार्यलाई नेपाली साहित्यमा एउटा महान् स्रष्टाका रूपमा स्वीकार गर्न सकिन्छ। नेपाली साहित्यमा उनैको उपस्थितिले अरू पुराना कविहरूको खोजी गर्ने भावनाको विकास भएको हो। अनुसन्धाता मोतीराम भट्टले भानुभक्त एउटा सहज कवि थिए भन्ने कुरा राखिदिएका हुनाले कविहरूका प्रतिभा र योगदानको मूल्य निरूपण गर्ने चेतनाको विकास भएको कुरा मान्न सकिन्छ। यस क्रममा भानुभक्तका योगदानका मूल्यलाई निक्यौल गर्नु पनि वाञ्छनीय देखिन्छ।

नेपाली साहित्यमा भानुभक्त आचार्य असाधारण प्रतिभाशाली कविको रूपमा देखिएका छन्। उनले रामायणको रचना गरी केवल रामभक्ति धाराको मात्र अभ्युत्थान गरेनन्, अपितु नेपाली साहित्यलाई एउटा महान् सरस महाकाव्य पनि प्रदान गरे। भानुभक्तले रामायणका अतिरिक्त खण्डकाव्य र प्रशस्त फुटकर कविताहरू पनि लेखेका हुनाले उनको बहु आयामिक दृष्टिकोणलाई स्थापित गर्न सकिन्छ। खास गरी पारम्परिक भक्तिका चिसो छिँडीहरूबाट भानुभक्तले नेपाली काव्यलाई मुक्ति दिए। उनले समाजमा रहेका समसामयिक समस्या र वेथितिहरूको सकेसम्म मोरो काढे। संकीर्ण समाजका मनोवृत्तिहरूलाई घुंएत्रो हाने। संप्रभुतावादी शासन पद्धतिका मालिकहरूलाई व्यङ्ग्यका बाण बर्साइदिए। समाजलाई आदर्श र अनुशासनको महत्ता बुझाउने आवश्यकता अनुभव गरे भने शैक्षिक चेतना र जागरणको महत्वलाई स्पष्ट पारे। भानुभक्त आचार्य सचेत शिल्पी हुन् भन्ने कुरामा द्विविधा छैन। यसैले उनैलाई नेपाली साहित्यको एउटा युगका रूपमा प्रतिष्ठापित गरिएको कुरा कालनिर्धारणका सन्दर्भमा उल्लेख भइसकेको छ।

भानुभक्तको योगदान र महत्तालाई सम्झँदा उनी नेपाली काव्यजगत्का सगरमाथा हुन् भन्न मन लाग्दछ । उनैबाट अजस्र स्रोतहरू विकसित भएका छन् । तिनै स्रोतहरू कतै छाँगा र छहरा बन्न पुगेका छन्, कतै नदी र समुद्र बन्न पुगेका छन् । तिनै स्रोतहरू कतै पोखरी र कुवा बनेर जलका पवित्रतालाई घेरिरहेका छन् ।

भानुभक्तभन्दा अगाडिका कविहरूको खोजी र तिनीहरूका काव्य-कृतिको अनुसन्धान गर्दा भानुभक्तलाई एउटा युगसन्धि मानी अध्ययन गर्नु उपयुक्त देखिन्छ । भानुभक्तभन्दा अगाडिका कविहरू को को थिए र तिनीहरूका काव्य-कृतिहरू के कति थिए भन्ने कुरा अहिलेसम्म पनि खोजीकै विषय भएकोले त्यसमा गहिरिनु नितान्त आवश्यक छ । उनीहरूका कृतित्वको मूल्यनिरूपण गर्दा भानुभक्त आचार्यलाई एउटा लक्ष्मणरेखा मान्नु उपयुक्त देखिएको छ ।

१. ४ प्राग्भानुभक्तीय नेपाली काव्यको कालनिर्धारण सीमा

नेपाली काव्यको प्रथम विन्यास वि. सं. १४५० मा भएको थियो । यस कालका कवि विष्णुदास आचार्यले रास्कोटी राजा मलय बम्मको वंश वृत्तान्त वर्णन गर्दा कवितात्मक शैलीमा केही कुरा लेखेका थिए । ती कुरा हेर्दा विष्णुदास आचार्य पनि नेपाली काव्यधारामा वीर भावनाकै प्रस्तोता रहेछन् भन्ने कुरा देखिन आएको छ । हुन त कतिपय अनुसन्धाताहरू विष्णुदास आचार्यका कवितालाई विश्वास गर्ने मनःस्थितिमा आइपुगेका छैनन् । विष्णुदासले जुन कविता लेखे, त्यो कवितात्मक सचेतता भएर लेखेका होइनन् । त्यसमा काव्यको प्रस्तुतिभन्दा वंशावलीकै गुणको आधिक्य छ । यसरी यही तर्कलाई प्राधान्य दिएर भेटिएका पुराना कविहरूलाई पन्छाउँदै जाने हो भने सुवानन्ददास पनि कविका श्रेणीमा पुग्न सक्तैनन्, किनभने उनको पृथ्वीनारायण भन्ने कविता पनि काव्यात्मक सचेततबाट निर्मित भएको होइन । त्यो पनि गद्यकै रूपमा रचित भएको हो, तर अनुसन्धाताहरूले त्यसलाई कविताशैलीको रचना मानी काव्यका गुण-धर्मिताको संवाहक माने । यो कुरा अत्यन्त समीचीन पनि हो । जसरी आज हामी सुवानन्ददासलाई नेपाली काव्यका कवि भनी निर्धक्क भनिरहेका छौं त्यसरी नै भर्खरै फेला परेका वा पत्ता लागेका विष्णुदास आचार्यलाई पनि नेपाली साहित्यका कवि मान्न हिच्किचाउनु हुँदैन । तुलनात्मक रूपले हेर्दा विष्णुदास आचार्य र सुवानन्ददासका कविताहरू वीर रसमै लेखिएका र आ-आफ्ना नायकलाई विशिष्ट रूपमा उभ्याउन प्रयत्नशील रहेका छन् । विष्णुदास आचार्य नै नेपाली कविताका पुराना कविका पूर्णविरामचाहिँ होइनन् । यिनको

खोजी गरेर अनुसन्धाता बालकृष्ण पोखरेलले अझ पुराना कविहरूको खोजी हामीलाई हुटहुटी लगाइदिएका छन् । निश्चय नै यो क्रम जारी रहनेछ । वि दास आचार्यपछि सुवानन्दनदास, पृथ्वीनारायण शाह, शक्तिवल्लभ अर्ज्यालप्र कविहरूको क्रम आउँछ ।

यस अध्ययनमा वि. सं. १४५० देखि वि. सं. १८७१ सम्म लिइने यस अवधिमा भेटिएका कवितात्मक कृतिहरूको खोजी, तो कृतिका कृतिका खोजी र तिनीहरूको विश्लेषण गर्ने प्रयत्न हुनेछ । यस अवधिका कविहरू लो गीतका स्रष्टाहरू र सन्त साहित्यका रचनाकारहरू यस शोध प्रबन्धमा विवे मानिने छन् । विवेचनाका क्रममा नेपाली भाषालाई मात्र आधार मा छ । यसै अवधिमा लेखिएका भए पनि नेपाली बाहेक संस्कृत, नेवारी, मैथि हिन्दी भाषाका कविताहरूको विवेचना हुने छैन । यसमा नेपाली भाषामा लेखि एका कृतिहरूलाई सकेसम्म कालक्रमिक रूपले चर्चा गर्ने प्रयत्न हुनेछ । काल प लगाउने प्रयत्न विफल भएमा भाषिक प्रयोगका आधारमा अनुमित काल नि रण गरिनेछ ।

यस अध्ययनका क्रममा फेला परेका सबैभन्दा पुराना कवि विष्णु आचार्य हुन् । उनको रचना समय वि. सं. १४५० मानिएकोले त्यसैलाई प्रा विन्दु मानिनेछ । यस अध्ययनको अन्तिम विन्दु वि. सं. १८७१ लाई मानिए छ । वि. सं. १८७१ लाई अध्ययनको चूडान्त विन्दु मान्नाको कारण चाहिँ के भने यसै वर्ष नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्म भए हो । त्यसको अर्को वर्ष वि. सं. १८७२ मा नेपाल र इष्ट इण्डिया कम्पनी बीचमा असामरिक सन्धि समेत सम्पन्न भएकोले देशको वातावरणमा परिवर्तन आएको थियो । एकातिर नेपाल एकीकरणको कार्यक्रम समाप्त भए थियो भने अर्कातिर असामरिक सन्धिका समर्थन र विरोधमा नेपाली नागरिक विभाजित पनि भएका थिए । १९७२ को सन्धिपूर्व सम्पूर्ण नेपाली धर्तीमा वीरो भावना जुरमुराएको थियो र नेपालीको भौगोलिक सीमालाई चारैतिर वि बनाई नेपाललाई महान् बनाउने सपना समेटिएको थियो । नेपाली राष्ट्र वीरहरू सन्धिको पक्षमा थिएनन् र नेपालको स्थिति कमजोर भैरहेको शासकवर्गचाहिँ सन्धि गर्न विवश भएका थिए । यसैले आदिकवि भानु आचार्यको जन्मसँगै सम्पूर्ण नेपाली माटोमा एउटा निराशा र उद्विग्नताले ल्याएको अनुभव गर्न सकिन्छ । यस निराशा र कुण्ठालाई कसरी शमन गर्ने कुरा त्यस बेला अवश्य पनि चिन्ताको विषय थियो । किन भने त्यस (१८७२) नेपाल एकीकरण यज्ञमा अनेकौं वीर र वीराङ्गनाहरूले प्रा

आहुति दिइसकेका थिए, नेपालले ठूलो पीडा भोग्नु परेको थियो । त्यस्तो दुःखका वेला बोकिरहेको सम्पूर्ण बल, बुद्धि र बर्कत खर्च गरेर भए पनि नेपालीहरू अंग्रेजहरूसँग लड्न चाहन्थे । नेपालीहरूलाई अंग्रेजप्रति ठूलो वैरभाव थियो । त्यस वैरभावलाई युद्धमा होम्ने आफ्नो महान् सङ्कल्पमा व्यवधान उत्पन्न भएको देखेर वीर अमरसिंह थापाले यस काठमाडौं उपत्यकालाई नटेकी गोसाइँकुण्डमा बसेर आफ्नो अवशिष्ट जीवन उत्सर्ग गरिदिए । यस प्रकार सन्धि गर्दा पनि ग्लानिको अनुभव भएको थियो भने सन्धि नगरी युद्ध गर्दा नेपालको अस्तित्व खतरामा पुग्ने देखी तत्कालीन शासकवर्गले यो सन्धि गरेका थिए । यस्तो विषम परिस्थितिमा देशवासीका मनमा अन्यौल, द्विविधा र निराशाका भावनाहरू व्याप्त भइरहेको देखी क्रमशः कविहरूले सन्तप्त मानिसहरूका मनःस्थितिको आध्यात्मिक उपचार गर्ने प्रयत्न गर्दा भक्ति काव्यले विशिष्ट रूप लिन पुगेको देखिन्छ । यसैले भानुभक्त आचार्यले यस सन्तप्त मानसिकतामा रामायण जस्तो उत्कृष्ट काव्यको रचना गरे । रामायणका कथावस्तु र सरस श्लोक-स्वादबाट लोकले अनुरञ्जना, केही सान्त्वना र केही धैर्यको अनुभव गऱ्यो । आदिकवि भानुभक्तले नेपाली साहित्यमा कलम चलाउन थालेपछि उनले एउटा सिङ्गो युगकै सृष्टि गरेका हुनाले उनलाई नेपाली साहित्यको प्राथमिक कालका सगरमाथा मानिएको हो । यसै मूल्यका दृष्टिबाट यस अध्ययनलाई भानुभक्त आचार्यभन्दा पूर्वमा मात्र सीमित गर्नु समीचीन ठहराइएको हो ।

यस अध्ययनको कालसीमा निर्धारण गर्दा मुख्यतः यस प्रबन्धको शीर्षकबाट पनि यसको सीमा निर्धारण भइसकेको हुँदा भानुभक्त वा भानुभक्तका समकालीन कविहरूतिर फट्का मार्नु उपयुक्त देखिँदैन । त्यसै गरी भनुभक्तको जन्मका साथै सुगौली सन्धिका कारणबाट उत्पन्न भएको मानसिक परिवर्तन वा आक्रोशले नेपाली काव्यको प्रवर्तनमा नयाँ मोड ल्याएको हुँदा त्यतातिर अध्ययनलाई लम्ब्याउनु अनावश्यक र विस्तृत हुने हुँदा भानुभक्तको जन्म वर्ष (१८७१) सम्म मात्र सीमित रहनु वाञ्छनीय देखिन्छ ।

यस क्रममा भानुभक्त आचार्यले कविता लेखन थालेको समय वि. सं. १८८९ सम्मलाई प्राग्भानुभक्तीय काव्यको कालसीमा पनि मान्न सकिन्थ्यो, अझ उनले रचना गरेको बालकाण्ड रामायणको समय वि. सं. १८९८ सम्म पनि यो काललाई लम्ब्याउन सकिने देखिन्थ्यो । यसो गर्नाले केही कुरामा भ्रम उत्पन्न हुन पुग्ने भएकोले भानुभक्त आचार्यको जन्म वर्षसम्ममै सीमित हुनु उपयुक्त ठानियो । यसमा मुख्यतः यी कुराहरू भ्रामक बन्न सक्छन्–

१. प्राग्भानुभक्तीय भन्नासाथ भानुभक्त आचार्य जन्मनु अगाडि भन्ने अर्थ स्पष्ट रूपले लाग्ने हुनाले,
२. सुगौली सन्धि (१८७२) देखि नेपाली समाजको चिन्तन र मानसिकतामा स्पष्ट परिवर्तन भइसकेको हुनाले,
३. सुगौली सन्धि पूर्वको नेपाली काव्य राष्ट्रनिर्माण, राष्ट्रविस्तार, राष्ट्रको एकीकरण र राष्ट्रिय अखण्डताको भावनामा आवद्ध भै नेपाली जाति र नेपाली संस्कृतिको एकतामा आवद्ध हुने मानसिकतामा विकसित भैइरहेको हुनाले,
४. भानुभक्त आचार्यको प्रथम कविता 'भरजन्म' मा केही प्रश्नहरू उपस्थित भएकोले र उनको बालकाण्डसम्म आइपुग्दा नेपाली कविताका मूल धारामा प्रशस्त परिवर्तन आइसकेका हुनाले,

उपर्युक्त कुराहरूतर्फ मोटामोटी रूपले विचार गर्दा भानुभक्त आचार्यको प्रथम कवितारचना समय आइपुग्दा अध्येताहरूमा अन्य संशयहरू समेत थपिने हुनाले उनको जन्मवर्षलाई नै अध्ययनको कालसीमा निर्धारण गर्नु उपयुक्त छ। यसो गर्दा अध्येताहरूमा कुनै किसिमको भ्रम र द्विविधा उत्पन्न हुँदैन।

यिनै कारणले प्राग्भानुभक्तीय नेपाली काव्यको कालसीमा वि. सं. १४५० देखि १८७१ सम्म कायम गरिएको छ। यस कालसीमामा ४२१ वर्षहरू पर्दछन्। कुनै कविताको कालसीमालाई यसरी ४२१ वर्षसम्म तन्काउनु के कति उपयुक्त हुन्छ ? यो प्रश्नचाहिँ विचारणीय छ। किनभने ४२१ वर्षको समाज सामाजिक समस्या, सामाजिक बनावट, सामाजिक उथलपुथल र सामाजिक मान्यताहरूमा आमूल परिवर्तन आउँन सक्छ। त्यस्तै देशको भौगोलिक आकारमा परिवर्तन र राजनैतिक प्रणालीमा पनि ठूलो अन्तर आइसकेको हुन्छ। यति लामो अवधिमा मानवीय मूल्य र चिन्तनप्रणाली पनि रूपान्तरित भइसकेका हुन्छन्। यसै हुँदा यस परिप्रेक्ष्यमा यस कालावधिलाई एउटै युगमा राख्नु उपयुक्त नदेखिए नदेखिँदै पनि रचनाहरूको न्यूनता र प्रवृत्तिगत सामान्य समानताले एउटै कालखण्डमा राखी अध्ययन गरिएको हो।

यस शोधले निर्धारण गरेको 'प्राग्भानुभक्तीय काव्य' भन्ने शीर्षकले भानुभक्त आचार्यपूर्वका सबै काव्य र तिनका कविहरूलाई बुझाउने हुनाले यसमा ती सबै काव्यको उल्लेख गर्नु आवश्यक छ, जो वि. सं. १८७१ पूर्व जन्मेका थिए। ती काव्यका कविताधारामा भानुभक्त आचार्यपूर्वका कविहरूको खोजी र उनीहरूको काव्यको चर्चा गर्ने प्रयत्न यसमा गरिएको छ।

यसरी नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यपूर्वका नेपाली कविहरूको खोजी एउटा महत्त्वपूर्ण कार्य हुन गएको छ। पहिले पहिले भानुभक्त

आचार्य पूर्वका कविहरूको त्यति धेरै खोजी हुन सकेको थिएन । सर्वप्रथम् बाबुराम आचार्यद्वारा इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा र यदुनाथ पोखरेललाई मात्र चिनाइएको थियो भने अन्य अनुसन्धाताहरूले सुवानन्द दास, शक्तिवल्लभ अर्ज्याल आदिलाई पनि नेपाली काव्याकाशमा उभ्याएका हुनाले नेपाली काव्यको संसार बृहत्तर हुँदै गयो । वि. सं. २०४६ मा अनुसन्धाता बालकृष्ण पोखरेलले वि. सं. १४५० का कवि विष्णुदास आचार्यको चिनारी गराइदिए र नेपाली काव्यलाई सुदूर अतीततिर पुऱ्याइदिएका छन् । त्यसैले यस शोधमा नेपाली कविताको श्रीगणेश विष्णुदास आचार्यबाटै भएको मानी यस अध्ययनलाई अगाडि बढाइएको छ ।

२. ५ प्राग्भानुभक्तीय नेपाली काव्यकालका विशेषता

नेपाली साहित्यमा प्राग्भानुक्तीय कालका अनेकौं कविहरूले नेपाली काव्यलाई वाणी प्रदान गरे । यी कविहरूमा कतिपयका नाम र कृतित्व निश्चित भएका छन् भने कतिपयका नाम र कृतित्वको निर्धारण हुन सकिरहेको छैन । खास गरी लोकसाहित्यका स्रष्टाहरू अतीतका गर्भमा लुकिसकेका छन् तर तिनीहरूका रचनाहरूले आजभोलि पनि सामान्य जनजीवनमा मनोरञ्जन, मार्गप्रदर्शन र सांस्कृतिक सूत्रको उद्बोधन गरिरहेको पाइन्छ । नेपाली साहित्यको यस काललाई वसैले न्यून रूपमा देखाउन सक्तैन । यो काल निकै उर्वरा र सम्पन्न काल हो । यसमा वंशावलीको वर्णनदेखि स्वदेशी वीरहरूको राष्ट्रभक्तिलाई समेत प्रस्तुत गरिएको छ । नेपाली मूलका कविहरू बाहेक भारतीय मूलका कविहरू समेत नेपाली काव्यको प्रणयनमा संलग्न पाइनेछन् । यस कालमा नेपाली लोकछन्दका कविताहरूदेखि शास्त्रीय छन्दका कविताहरूसमेत स्पष्ट स्वर र विचार लिएर नेपाली साहित्यका फाँटमा फुल्किएका छन् ।

नेपालको एकीकरणले राष्ट्रव्यापी र युगव्यापी महत्व पाएको छ भने त्यही कुरालाई प्रतीकात्मक शैलीमा प्रकट गर्ने भावना पनि यस युगका कविहरूमा देखिएको छ । आफ्नो राष्ट्रको महिमा गाउँदै स्वदेशी सिपाहीको कार्यतत्परता देखाउने चेष्टा भएको छ । कविताका माध्यमबाट आख्यानको प्रस्तुति पनि यस कालमा पढ्न पाइन्छ भने पुरा–कथाका राम, कृष्ण, गणेश, विष्णु, काफलीशिकाश, मालिकादेवी, उग्रतारादेवी, सीताजी, गौरा, शिवजी आदिका स्तुतिपरक भक्तिपरक र भजनसम्बन्धी अनेकौं रचनाहरू पाइन्छन् ।

यस कालमा साँढेको जुधाइलाई कवितात्मकता दिइएको पाइनेछ भने केही कविले आफ्ना असन्तुष्टिलाई व्यङ्ग्यको जलप दिएको पनि पाइनेछ । यस

युगका कविहरूले महाभारतकालीन पात्रहरूका माध्यमबाट नारीहरूका कारुणि स्थितिको चित्रण गरेका छन् । तत्कालीन नेपाली समाजमा नारीहरू थिचिएक पिसिएका र उनीहरूको इज्जत माटैमा मिलाइएको स्थितिलाई उदाङ्गो पा महाभारतकालीन बिम्बहरू यथेष्ट रहेका छन् । त्यस युगमा कर्मवादी चेतना भाग्यको तमासा र आध्यात्मिक दर्शनका दृष्टि विन्दुहरूले काव्यको उत्क बढाएको पाउन सकिन्छ । लोकरामायणको प्रणयन, अध्यात्मरामायणको भावा वादबाट पनि त्यस युगका कविहरूको रुचिगत विविधता स्पष्ट रूपले उद्भाि भएको छ । गोरक्षाका भावनाहरूले मानव जीवन र पशुपालनका बीच समन्वयलाई प्रकट गरेका छन् ।

यस युगमा सन्तहरूका उपदेश, भजन, स्तुति र जीवनमार्गलाई डोऱ्याउ दृष्टिकोणबाट धेरै काव्य–कृतिहरू जन्मिएका छन् । यी काव्यकृति कतै कयाउ हुन पुगेका छन् भने कतै हिन्दी, व्रज, मैथिली, भोजपुरी र नेपालीको सम्मिश्रण बाट सधुक्कडी नेपालीका नमूना बन्न पुगेका छन् । सन्तहरूको एउटा ला शृङ्खलाले नेपाली काव्यलाई सिंगारेको छ ।

यस युगमा अनेकौं लोकगीत निर्माताहरू छन् । तिनीहरूमध्ये कुनै पौरुषे छन् भने कुनै अपौरुषेय छन् । यिनीहरूले नेपाली जनजीवनका संस्कार र इति हासका महत्त्वपूर्ण घटनाहरूलाई काव्यद्वारा मुखरित तुल्याएका छन् । नेपाल भाषा, साहित्य र संस्कृतिको पुरातन रूप यिनै लोकगीतहरूमा अभिव्यक्त भएक छन् । नेपाली साहित्य र समाजको सर्वाङ्गीण अध्ययनका लागि यिनीहरूला उपेक्षा गर्न सकिँदैन भने लोकजीवनका सांस्कृतिक पक्षहरूको उन्नयनमा पनि यिनै लोकवाणीहरू अग्रसर भइरहेका छन् ।

उपर्युक्त विशेषताहरूलाई बूँदागत रूपमा यसरी उपस्थापित गर्न सकिन्छ

१. वीर भावनाको प्रवर्तन

नेपाली साहित्यको प्राग्भानुभक्तीय युगमा धेरै कविहरूले आ–आफ्न समयका वीरहरू र योद्धाहरूको स्तुति र प्रशंसा गरी वीरोचित चरित्रला उपस्थापित गरेका छन् । नेपाली साहित्यको प्रथम कविता नै यसै भावनाबा लेखिएको छ । यसका लेखक विष्णुदास आचार्यले वडेराजा मलयवम्मको शौ वीरत्व र पराक्रमलाई कवित्तशैलीमा प्रस्तुत गरेका छन् । उनले वडेरा मलयवम्मको वर्णन यसरी गरेका छन्–

"जनराजा मलय वम्मले
आकाश खाँडो प्रकाश्या पाताल खाँडो प्रकाश्या

प्रथम राजा वडेराजा मलयवम्मले
खाडा चक्र दरिवार उजिलामा"

जुन राजा मलयवम्मले आकाशमा खाँडो पखाले, पातालमा खाँडो पखाले, पहिला र ठूला राजा मलयवम्मले खाडा चक्र र दरवारलाई उज्यालो तुल्याए ।

यस प्रकार वडेराजा मलयवम्मका चरित्र र कार्यलाई कवितात्मक अभिव्यक्ति दिएर कवि विष्णुदास आचार्यले नेपली कविताको आयु वि. सं. १४५० सम्म पुर्‍याइदिएका छन् । उनबाट थलिएको यस ओजस्वी धारालाई कवि सुवानन्ददासले पनि उपयोग गरेका छन् । उनले श्री ५ पृथ्वीनारायण शाहको कार्य र उद्देश्यलाई प्रतीकात्मक रूपले अभिव्यञ्जित गरेका हुनाले नेपाली जातिका वीरोचित आकाङ्क्षाहरू अभिव्यक्त भएका छन् । यस क्रममा पृथ्वीनारायण शाह स्वयं पनि वीर भावनाका प्रस्तोता हुन पुगेकाले उनलाई कविका पंक्तिमा उभ्याउन उचित देखिन्छ । पृथ्वीनारायणद्वारा रचित दुइवटा वीररसप्रधान कविता र गोरखनाथको स्तुतिमा लेखिएको अर्को कवितासमेत प्राप्त भएकोले पृथ्वीनारायण शाहमा कविका धेरै गुणहरू विद्यमान रहेछन् भन्ने कुरा पुष्टि भएको छ । यस कालमा वीर भावनालाई कवितात्मक वाणी दिनेमा शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, यदुनाथ पोखरेल र रघुनाथ पोखरेललाई पनि लिन सकिन्छ । यी कविहरूले तत्कालीन समयका वीरहरूको वर्णन गरी आफ्नो काव्यलाई विशिष्टता प्रदान गरेका छन् । यस कालका अर्का कवि राधावल्लभ अर्ज्याललाई पनि वीररसका लेखकका रूपमा उभ्याउन सकिन्छ । यिनको 'साँढ्याको कविता' ले वर्णन गरेको विषयलाई दरवारी प्रतिस्पर्धा र एकीकरणका कार्यको प्रतीकको रूपमा लिन सकिन्छ । यसै गरी वीररसकै भावधारामा अज्ञात कविहरूद्वारा लिखित 'साँढ्याको कविता २ र ३' पनि उपर्युक्त भावपरिमण्डलमा आधारित रचना हुन् भन्न सकिन्छ । अनुसन्धाताहरू[७८] ले जीवनाथ कविलाई पनि वीरकालीन कविमा दर्‍याएका[७९] छन्, तर जीवनाथ कविको दोहा शैलीको कविता हेर्दा त्यसमा नेपाली भाषाका शब्दहरूको अभाव देखिएको हुँदा ती कविलाई नेपाली कविको हारमा उभ्याउनु उचित देखिएन । यस्तै संस्कृत र नेवारी भाषाका

७८. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, काठमाडौं, रत्न पुस्तक भण्डार, (दो. सं.) वि. सं. २०४८, परिशिष्ट, पृष्ठ १०८ र १३२–१३३ ।

७९. शरद्‌चन्द्र भट्टराई नेपाली वाङ्मय : केही खोजी केही व्याख्या, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४४, पृष्ठ २९–३४ ।

कवि पनि यस चर्चामा उल्लेख्य मान्न सकिएनन्। यिनीहरूले आ-आफ्ना भाषामा नेपाल सम्बन्धी वर्णन गरेका हुँदा तिनीहरूको प्रसङ्ग सोही भाषा र साहित्यका सन्दर्भमा उठाउनु उपयुक्त हुन्छ। यसैले नेपाली वीरधाराका कविमा विष्णुदास, सुवानन्ददास, पृथ्वीनारायण शक्तिवल्लभ उदयानन्द, यदुनाथ, रघुनाथ र राधावल्लभ सहित दुइ अज्ञात साँढेका कविलाई लिन सकिन्छ। अन्य भाषाका कविलाई लिन सकिँदैन।

२ वंशवर्णनको चेतना

प्राग्भानुभक्तीय नेपाली काव्यका स्रष्टाहरूमा वंशवर्णनको चेतना प्रकट भएको पाइन्छ। नेपालीका प्रथम कवि विष्णुदास आचार्यदेखि नै यस परम्परालाई अगाडि बढाइएको हुनाले यसले उत्तरोत्तर रूपमा फस्टाउने अवसर पाएको देखिन्छ। विष्णुदास आचार्यले रासकोटी राजा मलयवर्म्मको वर्णन गरेका छन् भने कवि उदयानन्दले आफ्नो वंशवर्णन गरी यस प्रवृत्तिलाई अगाड़ि बढाएका छन्। लौकिक वंशको वर्णन नगरे पनि सूर्यवंशी राजाहरूको वर्णनमा कवि लक्ष्मीनारायणले आफ्नो प्रतिभाको उपयोग गरेका छन्। यसरी प्राग्भानुभक्तीय नेपाली काव्यमा वंशवृक्ष वर्णन गर्दै विशिष्ट पुरुषहरूलाई चिनाउने भावनाको विकास भएको पाइनु ज्यादै राम्रो कुरा मान्न सकिन्छ। संस्कृतका महाकवि कालिदासले रघुवंश महाकाव्यमा सूर्यवंशी राजाहरूका चरित्र र विशेष कार्यलाई जसरी सुन्दर ढङ्गले कवितात्मक रूप दिएका थिए, त्यसै गरी नेपालीका विष्णुदास, उदयानन्द र लक्ष्मीनारायणले पनि त्यस्तै कुराको आभास दिलाएका छन्। काव्यको परम्परालाई अगाडि बढाउन यस्तो वंशवर्णन कविका निमित्त कथावस्तुको राम्रो स्रोत हुने कुरा स्वतः स्पष्ट छ।

३. भक्तिभावनाको प्रवर्तन

प्राग्भानुभक्तीय नेपाली काव्यका कविहरूले आ-आफ्ना इष्टदेवको स्तुति गरी भक्तिभावनाको प्रणयन गरेका छन्। यसरी भक्तिभावनाको थालनी गर्नेहरूमा पृथ्वीनारायण शाह नै अग्रगामी रहेका छन्। यिनले आफ्ना इष्टदेवता गोरखनाथको भजन लेखेका छन्, जुन भजनमा स्वदेशी देवता गोरखनाथको महिमा र गोरखनाथको शक्तिको उपासना गरिएको छ। पृथ्वीनारायणपछि आध्यात्मिक भावनालाई कवितामा प्रयोग गर्नेमा सुन्दरानन्द बाँडा आउँछन्। यिनको 'आशानदी' भन्ने कवितामा विष्णुको स्मरण गरिएको छ। यसै गरी कवि लक्ष्मीनारायणले हरिश्चन्द्र वर्णनका प्रसङ्गमा रामको स्मृति गरेका छन्।

इन्दिरसको गोपिकास्तुति कृष्णभक्ति परम्पराको राम्रो प्रस्तुति मान्न सकिन्छ । यस क्रममा विद्यारण्य केशरी अर्ज्याल, वसन्त शर्मा, यदुनाथ पोखरेल प्रभृति कविहरूले कृष्णलाई आराध्यदेव मानेको देखिन्छ । यी कविहरूले कृष्णलाई केन्द्रमा राखी काव्यरचना गरेका छन्। यस कालका रघुनाथ पोखरेलले रामायणको भावानुवाद गरी रामभक्ति धारालाई अगाडि बढाएका छन् । वीरशाली पन्तले 'विमलवोधानुभव' मा विष्णुको महिमाद्वारा भक्तिभावनालाई स्पष्टता प्रदान गरेका छन् ।

यस कालका सन्तकविहरू प्रमुख रूपले निर्गुण सम्प्रदायप्रति आकृष्ट रहेका छन् । यिनीहरू सगुणोपासना गर्ने प्रवृत्तिप्रति वितृष्णा जनाउन पुग्दछन् । यिनी-हरूका विचारमा ब्रह्मलाई चिन्नु, सत्कार्य गर्नु र ईश्वरको उपासना शुद्ध मनले गर्नु नै मानिसको सच्चा आचरण हो एकातिर आफूलाई साधु, जोगी, बाहुन, ब्रह्मचारी भनाउन चाहन्छन् भने अर्कातिर आफ्नो आचरणचाहिँ अशुद्ध बनाउँ-छन् । यस्ता मानिसको स्वभावलाई यी सन्तहरू मन पराउँदैनन् र उनीहरूको खुल्ला आलोचना गर्न हिच्किचाउँदैनन् । यस कालमा देखिएका सन्तकविहरूमा नेपाली, हिन्दी, व्रज, मैथिली भाषाको मिश्रण पाइने हुनाले अनुसन्धाताहरूले यस्तो भाषलाई 'सधुक्कडी नेपाली' को संज्ञा दिन पुगेका छन् । यस कालका सधुक्कडी नेपालीका प्रयोक्ताहरूमा सन्त धीर्जे दिलदास, सन्त शशिधर धौकलदास, मोक्षमण्डल, प्रेमदिल, निर्वाणानन्द, अभयानन्द, श्यामदिलदास, अच्युतदिलदास, धर्मदिलदास, सतदिलदास, अगमदिलदास, धरणीदास, मंगलदास, कमलदास, अषड्दिलदास समेत आउँछन् । यिनीहरूको नेपाली अरू भाषाबाट विटुलिएको छ । यिनीहरूको उद्देश्यचाहिँ नेपाल र नेपाली जनताको कमजोरीहरू केलाई तिनमा सुधार गर्नु रहेको छ ।

लोकसाहित्यमा पनि भक्तिभावनाका गीतहरू लेखिएका हुँदा यस कालको महिमा अरु बढेको देखिन्छ । यस कालमा गणेशजीको स्तुति लेख्ने चाम वलायर र चन्दन भाट पौरूषेय लोकगीतका स्रष्टा हुन् भने मालिका देवी, उग्रतारा देवी, कृष्णजीको धुमारी, सीताजीको चैत, रानी मौलाको भारत, हरिमन्तको चैत जस्ता अपौरूषेय लोकगीतले नेपाली साहित्यको प्राग्भानुभक्तीय युगलाई विशिष्टता प्रदान गरेको कुरा स्पष्ट छ ।

प्राग्भानुभक्तीय युगमा नेपाली कवितालाई छन्दका बन्धनमा नपुऱ्याई स्वतन्त्र रूपले काव्यरचना गर्ने परिपाटी विष्णुदास आचार्य र सुवानन्ददासबाटै थालिएको छ । यस कुरालाई राधावल्लभ अर्ज्याल र अज्ञात साँढेका कविले समेत प्रयोग गरेका छन् । हुन त यी कविमा कवितात्मक चेतना थिएन नै, तापनि

यिनीहरूले लोकजीवनमा लोकप्रिय भएका कविताशैलीलाई आफ्ना रचनामा प्रयोग गरेर उनीहरूका समयमा यस्ता उक्ति, प्रत्युक्ति र टुक्काहरूलाई कविताका स्वरूपमा मान्यता दिइदैनथ्यो, आजभोलिका उदार अनुसन्धाताहरू यस्ता रचना लाई काव्यका श्रेणीमा पुऱ्याउन प्रयत्नशील हुँदा कविको संख्या पनि बढिरहेको छ।

५. शास्त्रीय छन्दको प्रयोग

यस कालका कविहरूमा शास्त्रीय छन्दको प्रयोग गर्ने परिपाटी प्रशस्त देखिन्छ। शास्त्रीय छन्दको प्रयोग गरी कविता रचना गर्नेमा सर्वप्रथम शक्तिवल्लभ अर्ज्यालको नाउँ आउँछ। शक्तिवल्लभले सर्वप्रथम तनहूँ भकुण्डो भन्ने शीर्षकको कविता रचना गरेका थिए। यस कवितामा स्वागता छन्दको प्रयोग भएको छ। यस कालमा छन्दोबद्ध कविताको प्रयोग गर्ने कविहरूमा उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, रामभद्र उपाध्याय, गुमानी पन्त, इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, यदुनाथ पोख्रेल, रघुनाथ पोख्रेल, दैवज्ञकेशरी अर्ज्याल, वीरशाली पन्तको नाउँ आउँछ। यी कविहरूले शार्दूलविक्रीडित, इन्दिरा, स्वागता, भुजङ्गप्रयात, मालिनी र तोटक छन्दमा कविता लेखेका छन्।

६. लोकछन्दको प्रयोग

यस कालका नाम थाहा नपाइएका र केही नाम समेत पत्ता लागेका कविहरूले लोकछन्दको प्रयोग गरी आफ्नो भाव प्रकट गरेका छन्। यस्ता कविहरूमा विष्णुदास आचार्य, जुम्लाका अज्ञात कवि (भानुखाम शुभानशाही), रत्नाकर पण्डित, सुवानन्ददास, पृथ्वीनारायण शाह, राधावल्लभ अर्ज्याल, अज्ञात साँढयाल कवि, चाम वलायर, चन्दन भाट, डोटी, भेरी, सेती र महाकाली भेकका पुराना लोकगीतरचयिताहरूलाई लिन सकिन्छ।

७. नेपाली दोहाको प्रयोग

यस कालका कवि लक्ष्मीनारायणले नेपाली दोहाको प्रयोग गरी नेपाली काव्यलाई सिंगारेका छन्।

८. व्यङ्ग्यको प्रयोग

नेपाली कविहरूमा व्यङ्ग्य चेतना प्राग्भानुभक्तीय युगदेखि नै आएको हो। यस कालका व्यङ्ग्य कविहरूमा गुमानी पन्तलाई लिन सकिन्छ। त्यसै गरी व्यङ्ग्यात्मक भावधारालाई छूट कवित्व प्रदान गर्नेमा रघुनाथ पोख्रेल आउँछन्।

९. शृङ्गारिकताको प्रयोग

यस कालका कविहरूमा शृङ्गारिक भावधाराले पनि अप्रत्यक्ष रूपले स्थान

पाएको देखिन्छ । श्रृङ्गारिक चेतनालाई सर्वप्रथम उदयानन्द अर्ज्यालले अनुभव गरेको देखिन्छ । त्यसै गरी भक्ति श्रृङ्गारको प्रयोग इन्दिरसबाट पनि भएको छ ।

१०. नीति र उपदेशको भावना

यस कालका कवि रामचन्द्र पाध्या रेग्मीबाट नीति र उपदेशात्मकताको प्रयोग भएको छ भने उदयानन्द र वसन्त शर्माका काव्यहरूबाट पनि औपदेशिक स्वरहरू मुखरित भएका छन् । कर्ममा विश्वास गर्नुपर्ने, भाग्यमा भएको कुरा मात्र पाइने जस्ता कुरालाई उपस्थापित गरिएको छ ।

यसरी प्राग्भानुभक्तीय नेपाली काव्यमा पाइने विशेषताहरूलाई मोटामोटी रूपमा उपर्युक्त बूँदाका रूपमा प्रस्तुत गरिएको छ । यी विशेषताहरू क्रमशः नेपाली साहित्यका उत्तरोत्तर कालहरूमा पनि देखिँदै आएका हुनाले प्राग्भानुभक्तीय काललाई नेपाली साहित्यको शिलान्यास युग पनि भन्न सकिन्छ ।

यस कालमा नेपाली साहित्यको प्रथम कविता लेखिएको छ भने यसै कालमा नेपाली साहित्यले विविध स्वर र विविध शैलीलाई प्रयोग गरेको छ । यसबाट स्पष्ट भएको छ नेपाली साहित्यले प्राग्भानुभक्तीय युगमै आफ्ना पूर्वाधारहरू तयार पारिसकेको थियो ।

अध्याय दुइ

प्रथम नेपाली कविता

२. १ कविता–सिद्धान्त

२. १. १ कविता, काव्य र साहित्य

कविको कर्मलाई कविता भनिन्छ । कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचनालाई कविता भनिएको पाइन्छ । यसै कुरालाई प्रकारान्तरबाट यसरी अभिव्यक्त गर्न सकिन्छ– व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक रचना र सामान्यतः छन्द, गीति वा मुक्तकका विभिन्न प्रकारमा रचिएका कुनै एक विषय वा भावनाका फुटकर पद्यात्मक वा लययुक्त रचनालाई कविता[1] भन्न सकिन्छ ।

कवि शब्दमा 'ता' प्रयत्य जोडेमा कविता शब्दको निष्पत्ति हुन्छ । कवि र कविताको अन्योन्याश्रित सम्बन्ध हुन्छ । प्रसिद्ध साहित्यकार पारसमणि प्रधानले कवि र कविताका विषयमा अत्यन्त समीचीन विचार प्रकट गरेका छन्–

"कवि कविता होस् कविता कवि होस् तब पो कविता हुन्छ ।
शब्द थुपारीकन के हुन्छ ? भाव भए पो हुन्छ ।।"

कवि र कविताको अन्योन्य भावले सजीवता प्राप्त हुन्छ । कविका हृदयबाट प्रस्फुट सहज अभिव्यक्तिले कविताको रूप पाउन सक्तछ ।

कविता र काव्यको अर्थ एउटै भए पनि व्युत्पत्तिमा केही अन्तर छ ।

---

१. बालकृष्ण पोखरेल (सम्पा.), नेपाली बृहत् शब्दकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०४०, पृ. २१५ ।

'काव्य' शब्दका बारे मेदिनी कोशमा लेखिएको छ– 'कवेरिदं कार्यंभावो वा'[२] त्यस्तै ध्वन्यालोकलोचनमा पनि 'कवनीयं काव्यम्' भनिएको छ।[३] कविद्वारा जुन कार्य सम्पन्न हुन्छ, त्यसैलाई काव्य भनिन्छ। यसैले कविता र काव्य दुवै नै 'कविकर्म' हुन् भन्ने कुरो स्पष्ट हुन्छ।

कु धातुमा अच् प्रत्यय (इ) को योग भएमा कवि शब्द व्युत्पादित हुन्छ। कविको महिमा स्पष्ट गरिएको छ–

'कविर्मनीषी परिभूः स्वयम्भूः'

अर्थात् चारैतिर व्यापक दृष्टि भएको बुद्धिमान् व्यक्ति नै कवि हो जसको उत्पत्ति आफैं भएको हो। कविकै वर्णनमा अर्को महत्त्वपूर्ण उद्गार यस्तो छ–

"अपारे काव्यसंसारे कविरेव प्रजापतिः
यथास्मै रोचते विश्वं तथेदं परिवर्तते।"[४]

अर्थात् काव्यको अपार संसारमा कवि मात्र सृष्टिकर्ता हुन्. जुन सृष्टिकर्ता आफूलाई मन परेजस्तो विश्वको सृष्टि गर्दछन्।

हिन्दीका कविहरूले धेरै अघिदेखि कवित्त, कविता आदि नामको व्यवहार गर्दै आएका छन्, तर संस्कृतका आचार्यहरूले सर्वत्र काव्य शब्दकै प्रयोग गरेका. हुनाले कविता र काव्यको अभेद्य रूप सिद्ध भएको छ। संस्कृत काव्याचार्यहरूमा जयदेवले चाहिं आफ्नो चन्द्रालोकमा कविता शब्दको प्रयोग गरेका छन्।[५]

सूक्ष्म रूपले हेरेको खण्डमा कविता र काव्यका बीचमा केही अन्तर अवश्य छ, यद्यपि दुवै नै कविकर्म हुन्। यिनीहरूको अन्तरलाई यसरी हेरिएको पाइन्छ– काव्य शब्दबाट समस्त ललित अथवा मनोरम साहित्य इङ्गित हुन्छ र दृश्य-काव्य, श्रव्यकाव्य, गद्यकाव्य, पद्यकाव्य आदि सबै नै त्यसैअन्तर्गत आउँछन्। आज कविता भन्नाले मुख्यतः पद्यकाव्यको बोध हुन्छ। यसका प्रबन्ध, मुक्तक, प्रगीत आदि भेदहरू हुन्छन्।[६]

---

२. धीरेन्द्र वर्मा र अन्य (सम्पा.) हिन्दी साहित्य कोश, ज्ञानमण्डल लिमिटेड, वाराणसी, वि सं. २०२०।
३. धीरेन्द्र वर्मा र अन्य (सम्पा.) हिन्दी साहित्य कोश, पूर्ववत्।
४. अग्निपुराण, गुलाव राय लिखित काव्य के रूप, आत्माराम एण्ड सन्स, दिल्ली, ई. सं १९६४।
५. डा. रामअवध द्विवेदी, साहित्यरूप, भारती भण्डार, इलाहावाद, वि. सं. २०१८, पृ. १८८।
६. डा. रामअवध द्विवेदी, साहित्यरूप, पूर्ववत्।

कतिपय महान् आचार्यहरूले कविताका लागि पद्यलाई अनिवार्य मान्छन्, छैनन्, त्यस्तै पद्यमा लेखिएका सबै कुरा कविताका कोटीमा पनि गणना गर्न सकिँदैन । त्यसो भए तापनि अधिकांश कविता पद्यबद्ध हुन्छन्, पद्यबद्धताबाट त्यसमा विशिष्ट आकर्षण थपिन्छ । पद्यलाई कविताको भेदक तत्त्व नमाने पनि विवेचनाका लागि प्रमुख गुण मान्न सकिन्छ ।

कवितालाई प्राचीन ग्रीसमा पोयट्री भनिन्थ्यो ।[७] आज पनि पाश्चात्य साहित्यमा कविताका लागि पोयट्री शब्दकै प्रयोग हुन्छ । प्राचीन ग्रीसमा पोयट्रीका तीन रूप थिए– महाकाव्य, मुक्तक, नाटक । ल्याटिन भाषाका 'सेटायर'हरू पनि पद्यबद्ध नै हुन्थे ।

कविता, काव्य, पद्यबद्धता आदिको पारस्परिक सम्बन्ध भएजस्तै यिनीहरूको समष्टिलाई साहित्य शब्दले अभिव्यञ्जित गर्दछ । साहित्य पनि कतिपय अवस्थामा कविता वा काव्यकै पर्यायवाची शब्दको रूपमा प्रयुक्त भएको देखिन्छ। तर यसलाई पनि केही तत्त्वहरू अवश्य छुट्याउछन् । यस सन्दर्भमा प्रथमतः साहित्य शब्दकै व्युत्पत्ति गरौं ।

'सहितस्य भावः साहित्यम्' अथवा 'हितेन सह साहित्यम् ।' हितयुक्त भाव, विचार नै साहित्य हो, अथवा सहभावको उत्पादक नै साहित्य हो ।

संकुचित अर्थमा साहित्य शब्दले काव्यको अर्थ पनि बुझाउँछ ।[८] तर यसलाई व्यापक र समष्टि अर्थमा हेर्ने हो भने साहित्यले गद्यकाव्य र पद्यकाव्य दुवैलाई नै जनाउँछ ।

साहित्यलाई अंग्रेजीमा 'लिटरेचर' भनिन्छ । यस शब्दको मूलमा 'लेटर' अथवा 'अक्षर' थियो । लेटरबाट नै लिटरेचर बनिएको हो । यसैले यसको लाक्षणिक अर्थमा अक्षरमा लेखिएको रचना नै साहित्य भन्ने वस्तुको बोध हुन्छ ।

साहित्यलाई अरबी भाषामा चाहिँ 'अदब' भनिन्छ । यस शब्दले आदर अथवा शिष्टता बुझाउने हुनाले अरबीमा साहित्यलाई आदर वा शिष्टताको अभिव्यक्ति मानिएको बुझिन्छ ।[९]

---

७. ऐजन ।

८. गुलाब राय, काव्य के रूप, आत्माराम एण्ड सन्स, दिल्ली, ई. सं. १९६४

९. गुलाब राय, काव्य के रूप, ऐजन ।

नेपाली शब्दकोशमा साहित्य शब्दलाई यसरी अर्थ्याइएको छ–[10]

१. सहित हुनाको भाव, गुण वा अवस्था, साथ रहेको स्थिति,
२. कुनै देश वा जातिको व्यावहारिक वा भावनात्मक विषयसम्बन्धी ग्रन्थ, लेख आदि वाङ्मय
३. जीवनजगत्सँग सम्बद्ध विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदि-का दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख, ग्रन्थ
४. इतिहास, पुराण, पुराकथा वा समाज आदिबाट उपजीव्य वस्तु लिएर रस, छन्द, अलङ्कार आदिले यथासम्भव सजाई रचिएको गद्य वा पद्य– कृति, काल्पनिक र भावुकतापूर्ण पद्यमय वा गद्यमय रचना (कविता, खण्डकाव्य, महाकाव्य, नाटक, कथा, उपन्यास, आदि) ।

नेपाली शब्दकोशले काव्यको अर्थ गर्ने क्रममा साहित्यलाई काव्यकै स्वरूप मानेको छ । यस कोशले काव्यलाई व्यापक अर्थमा साहित्य[11], सूक्ष्म अर्थमा कविता भनिने[12] र कविताका मुक्तक, स्फुटकाव्य, गीतिकाव्य, खण्डकाव्य र महाकाव्य जस्ता भेदहरू हुने कुरा संकेत गरेको छ ।

हिन्दी शब्दकोशले कविता काव्यात्मक रचना हो, यो कविको कृति हो भन्दै काव्य, कविता र पद्य यी तीन शब्दहरू क्रमागत रूपमा आएका हुन् भन्ने मानेको छ । कविता पद्यभन्दा उच्च स्थितिमा छ । कवितालाई संकीर्ण अर्थमा छन्दोबद्ध रचना, उदार अर्थमा गीत प्रगीत, मुक्तक र सबै प्रकारका रचना भन्न सकिने बताइएको छ ।[13]

कविता, काव्य र साहित्य शब्दहरूले लाक्षणिक रूपमा एउटै अर्थ प्रदान गरे तापनि सूक्ष्म रूपमा केही अन्तर हुने देखाएका छन् । शाब्दिक रूपमा तीन वटा शब्दहरू अलग्गै छन् तर अर्थतात्त्विक रूपमा भने यिनीहरूमा पारस्परिक

---

१०. बालकृष्ण, पोखरेल र अन्य (सम्पा.) नेपाली बृहत् शब्दकोश, ने. रा. प्र. प्र., २०४०, पृ. १३४२ ।
११. बालकृष्ण पोखरेल र अन्य (सम्पा.) नेपाली बृहत् शब्दकोश, पूर्ववत्, पृ. २३५ ।
१२. ऐजन, पृ. २३५ ।
१३. धीरेन्द्र वर्मा र अन्य (सम्पा.) हिन्दी साहित्य कोश, ज्ञान मण्डल लिमिटेड, वाराणसी, वि. सं. २०२०, पृ. २२८ ।

सम्बन्ध छ, अर्थद्योतनमा समानता भेटिन्छ । यी शब्दले बुझाउने अर्थ प्राचीन रूपमा चाहिँ एउटै थियो । पछि पछि यी शब्दको सूक्ष्मतापूर्वक अध्ययन गर्दा केही अर्थभिन्नता अनुभूत गरिएको हो ।

सबैभन्दा आश्चर्यजनक संयोगचाहिँ के हो भने कविता, काव्य साहित्य शब्दलाई समष्टि रूपमा कलाको प्रतिष्ठा प्रदान गर्ने परम्परा पूर्वीय र पाश्चात्य मनीषीहरूमा देखिएको छ । यस सन्दर्भमा संस्कृत साहित्यका महान् नाटककार भवभूतिको उक्ति स्मरणीय छ ।

'विन्देम देवतां वाचममृतामात्मनः कलाम्' (उत्तररामचरितम्) यस उक्तिको तात्पर्य के हो भने कविता अमृतस्वरूपा हो, यो आत्माको कला हो र वाग्देवीको रूप हो ।'[१४]

यसै गरी प्रसिद्ध कथाकार लियो टाल्सटायले कलाको उच्चता यसरी प्रकट गरेका छन्–

'कला त्यो क्रिया हो, जसको सहायताबाट कुनै व्यक्ति आफ्ना अनुभूति एवं मनोभावहरू अर्को व्यक्तिसम्म पुऱ्याउँछ ।'[१५]

'मानिस आफ्ना तरहका मनोभावहरूलाई अभिव्यक्त गर्ने र तिनीहरूलाई अर्को व्यक्तिसम्म पुऱ्याउने जब प्रयास गर्दछ तब त्यो कलाकार बन्दछ' भन्ने भनाइले कला र कलाकारलाई स्पष्ट रूपमा परिभाषित गरेको छ । यसै चिन्तनमा मार्गरेट केरीको अभिव्यक्ति पनि मननीय छ– 'कलाको सामग्री अक्षय छ, किनभने कलाको सामग्री कुनै भौतिक पदार्थ नभई अनुभूतिहरू र मनोभावहरू नै हुन् । कलाकार प्रतीकका सहायताले अनुभूति र मनोभावलाई जगाउँछ ।'[१६] यसरी हेर्दा स्पष्ट भएको छ साहित्यको मूलाधार मनोभाव हो, ती मनोभावलाई अरूसम्म पुऱ्याउन साहित्यकारसँग भाषा मात्र एउटा साधन भएकोले कविता, काव्य र साहित्यको कलात्मक अभिव्यक्तिमा अन्तःसम्बन्ध रहेको छ ।

कविता, काव्य र साहित्यको समष्टि रूप 'कला' हो भन्न सकिने उपर्युक्त

---

१४. डा. आनन्दशंकर बाबुभाई ध्रुव, कविता, भारतीय काव्य सिद्धान्त नामक ग्रन्थमा सङ्कलित लेख, पृ. ३०–३७ ।

१५. डा. ओम शुक्ल, हिन्दी उपन्यास की शिल्पविधिका विकास, अनुसन्धान प्रकाशन, कानपुर, ई. सं. १९६४ पृ. १८ ।

१६. ऐजन, पृ. १९ ।

सम्भावनालाई हृदयङ्गम गर्दा पूर्वीय चिन्तनधारा र पाश्चात्य चिन्तनप्रणालीमा सांयोगिक तुल्यता फेला परेको छ ।

कविताको उत्पत्ति कसरी भयो र यसको प्रारम्भका मूल घटकहरू के के हुन् भन्ने कुरामा जति नै घोरिए पनि सर्वसम्मत दृष्टिकोण फेला पार्न सम्भव छैन । तापनि मानव समुदायका अनगिन्ती सुख दुःख, उत्तेजना, भय, प्राकृतिक रहस्य, सौन्दर्यबोध, करुणाको अदम्य आवेग, सन्ताप, व्यथा, कौतूहल र प्रेमका अनुभूतिहरूले मानिसलाई प्रथम पटक गुनगुनाउन उत्प्रेरित गऱ्यो होला, त्यसैले संसारमा पहिलो कविता गुञ्जियो कुनै गीत, सवाइ, कविता र श्रुतिमधुर कथनका रूपमा । मानिस भावाभिभुत भई नाच्न र गाउन थाल्यो । कतिपय क्षणमा करुणाबाट उद्वेलित पनि भयो । क्रौञ्चवधजस्ता घटनाले मानिसलाई कवि बनायो, गायक तुल्यायो, कविता जन्मियो । संसारमा मानिसले आत्मव्यथा र आत्मपीडालाई बिर्सन यस अभिव्यक्तिकौशललाई अपनाउन थाल्यो । युग युगको साधना र युग युगको संचिति आज मानिससँग कविता समुद्रका रूपमा निर्मित भइसकेको छ । सभ्यताका उत्तरोत्तर विकास शृङ्खलाहरूमा आखेट, कृषि, आदिम साम्यवाद, सामन्तशाही, पूँजीवाद, सर्वहारावाद आदिका प्रभाव कवितामा परेका छन् ।[१७]

२.१.२ कविताको रूप निर्धारण

कविताका लक्षण वा परिभाषा अहिलेसम्म सर्वमान्य बन्न सकेका छैनन् । कवितालाई सर्वसम्मत परिभाषाभित्र अटाउन प्रत्येक युगका चिन्तकहरूले प्रशस्त बौद्धिक कसरत गर्ने परपम्पराचाहिं कायमै छ । कवितालाई व्याख्यात्मक शैलीमा परिभाषित गर्न खोज्दा त्यो अझ पर भाग्दछ । त्यसका रूपवैविध्य विस्तृततर बन्दै जान्छन् । यस्तो वैविध्यले लक्षण निर्मातालाई सदैव झुक्याइरहने हुँदा लक्षण स्वयं अनुसन्धेय हुन्छ र कविता दुरूह किंवा दुर्बोध्य विषय रहेछ भन्ने प्रत्याभास उत्पन्न हुन्छ । कविताका सुललित स्वर–शिल्प रहस्यका गहर–गर्तमा रूमलिन थाल्छन् ।

यस अवस्थामा कवितालाई सकेसम्म सूत्ररूपमा चिन्न खोज्नु उपयुक्त हुन्छ । कविताका सर्वसम्मत गुणहरूको पहिचान गरी कवितालाई इंगित गर्नु समीचीन हुन सक्छ ।

---

१७. डा. राम अवध द्विवेदी, साहित्यरूप, पूर्ववत्, पृ- १६६ ।

सामान्यतया कविता कविकर्म हो, जसमा न्यूनतम रूपले लय वा लयाभास हुन्छ । यसमा न्यूनाधिक रूपले सांगीतिकता हुनु आवश्यक छ ।

प्राच्य वाङ्मयका चतुर्वेदमध्ये सामवेदमा गीति तत्वको आधिक्य छ । त्यसैले काव्यगत उच्चताका दृष्टिमा सामवेदको अग्रगण्यता स्थापित भइसकेको छ । यसैले श्रीमद्भगवद्गीतामा लेखिएको छ–

'वेदानां सामवेदोऽस्मि' (१० : २२)

पाश्चात्य काव्यशास्त्रका आद्य प्रणेता अरस्तूले आफ्ना गुरु प्लेटोलाई उत्तर दिन पोयटिक्सको रचना गर्दा काव्य निर्माणका आधारहरूको प्रतिपादन गरेका थिए । उनले कवितामा मूलतः अनुकरणको अनिवार्यता स्वीकारे । मानिसमा अनुकरण गर्ने प्रवृत्ति स्वाभाविक रूपमा हुने हुँदा त्यस प्रवृत्तिले कवितामा समेत अभिव्यक्ति पाउँछ । त्यसै गरी कवितामा 'आनन्दतत्व' रहनुपर्छ ।[१८] उनका विचारमा 'कविताका लागि द्वन्द्व अनिवार्य तत्व होइन, पद्यमा लेखिएका सबै कुरा कविता हुँदैनन् । लामो गाउन लगाउने जुनसुकै मानिस वकील हुन नसके झैं छन्दको परिधान लगाउनेबित्तिकै कुनै पनि पद्य कविता हुन सक्तैन ।'[१९] अरस्तुका चिन्तनलाई हेर्दा के कुरा स्पष्ट भएको छ भने उनी अनुकरणलाई सर्वाधिक महत्त्व दिन्छन्, छन्दलाई होइन ।

पूर्वीय काव्याचार्यहरू काव्यलाई शरीर सरह मान्दछन् र काव्यको आत्मा कुन हो भन्ने कुरामा तर्क गर्दछन् । यस्तो तार्किक शृङ्खलालाई विभिन्न सम्प्रदायको नामकरण गरिएको छ । पूर्वीय काव्य चिन्तनमा यो सम्प्रदायको संख्या ६ वटा देखिएको छ । तिनीहरूको संक्षिप्त जानकारी प्राप्त गरौं ।

१. रससम्प्रदाय :

यस सम्प्रदायका प्रणेता भरत मुनि हुन् । यिनी ई. पू. प्रथम शताब्दीका काव्याचार्य हुन् । यिनलाई पूर्वीय काव्य-चिन्तनका आद्य ऋषि भन्न सकिन्छ । यिनले नाट्यशास्त्रको प्रणयन गरेका थिए । यसै क्रममा यिनले 'रसनिष्पत्ति' का निमित्त काव्यात्माको अनुशीलन गरे । विभावादिहरूको संयोगबाट रसनिष्पत्ति हुन्छ भन्ने उनको सूत्र (विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः) प्रसिद्ध छ । यस मतलाई परिपुष्ट गर्ने काममा आचार्य विश्वनाथको

---

१८. गुमानसिंह चामलिङग, मौलो, श्याम ब्रदर्श प्रकाशन, दार्जीलिङ, वि. सं. २०३४, पृ. ९३ ।

१९. डा. रामअवध द्विवेदी, साहित्यरूप, पूर्ववत्, पृ. १६६ ।

स्थान सर्वोपरि छ। उनले 'वाक्यं रसात्मकं काव्यम्' भन्ने सरल र सरस सूत्र निर्माण गरे। रससम्प्रदाय सबैभन्दा लोकप्रिय सम्प्रदाय हो। यसमा रहेको 'रस' शब्द सबैभन्दा बढी विवेच्य भएको छ। ऋग्वेद, उपनिषद्, वाल्मीकिरामायण, महाकाव्यहरू र अध्यात्मचिन्तकहरूले समेत 'रस' को गहन चिन्तन प्रस्तुत गरेका छन्। यस सम्प्रदायमा मम्मट, जगन्नाथ, भट्टलोल्लट, शंकुक, भट्टनायक, अभिनवगुप्त जस्ता महान् आचार्यहरूले आ-आपना चिन्तन प्रवाह संस्थापित गरेका छन्।

२. अलङ्कारसम्प्रदाय :

यस सम्प्रदायका उद्बोधक आचार्य भामह हुन्। यस सम्प्रदायले अलङ्कारलाई सर्वोच्च महत्त्व दिएको छ। अलङ्कार नभएको काव्य उष्णता नभएको आगो जस्तो हो। अलङ्कारले काव्य-सौन्दर्यलाई बढाउने र काव्य-सौन्दर्यको सृष्टि गर्ने हुनाले अलङ्कार नै काव्यको सर्वप्रमुख तत्व हो। यस सम्प्रदायका चिन्तकहरूमा दण्डी, उद्भट, रूद्रट र जयदेव प्रमुख छन्।

३. रीतिसम्प्रदाय :

यस सम्प्रदायका प्रवर्तक वामन हुन्। यिनले 'काव्यको आत्मा रीति हो' (रीतिरात्मा काव्यस्य) भनेका छन्। यिनका विचारमा काव्यमा आउने विशिष्ट पदहरूको रचना नै रीति हो।

४. वक्रोक्तिसम्प्रदाय :

यस सम्प्रदायका उन्नायक हुन् कुन्तक। यिनले 'वक्रोक्तिः काव्यजीवितम्' भनेका हुँदा वक्रोक्ति नै काव्यको आत्मा हो भन्ने मत स्थापित गरेको देखिन्छ। सामान्यतया कुनै कुरालाई वक्र अर्थात् वाङ्गो किसिमले भन्नुपर्छ। यसो गर्नाले मात्र काव्य उत्कर्ष बन्न सक्तछ। यसमा पद, वाक्य आदि वक्रता हुन्छन् भनिएको छ।

५. ध्वनिसम्प्रदाय :

यस सम्प्रदायका संस्थापक हुन् आनन्दवर्धन। यिनले स्पष्ट रूपमा 'काव्यस्यात्मा ध्वनिः' भनेका छन्। कविको उक्तिमा 'ध्वनितत्त्व' अनिवार्य हुनुपर्छ भन्ने

यिनको दृष्टि रहेको छ। ध्वनिले विशेष गरी व्यञ्जनाशक्तिलाई संकेत गरेको हो। आनन्दवर्धनका विचारमा ध्वनि-काव्य उत्तम काव्य हो।

६. औचित्यसम्प्रदाय :

यस सम्प्रदायका जन्मदाता क्षेमेन्द्र हुन्। यिनले काव्य निर्माण गर्दा प्रत्ये पद, वाक्य, रस, छन्द, अलङ्कार, उक्ति-प्रत्युक्ति, पात्र-विन्यास आदि सबै कुर भावानुकूल रहनुपर्छ भन्ने मत अघि सारेका छन्। यी सबै कुरा उचित ठाउँम रहनाले मात्र काव्यको महत्ता बढ्दछ भन्ने उनको दृष्टि रहेकोले उनको सम्प्रदाय लाई 'औचित्यसम्प्रदाय' भनिएको हो।

कविताका चर्चा परिचर्चाबाट स्पष्ट भएको छ– कवितामा आवरण पक्ष आभ्यन्तर पक्ष हुन्छन्। आवरणतत्त्वका रूपमा भाषा शैली, छन्द, लय, आउँछ भने आभ्यन्तर पक्षमा अनुभूति, भाव, कल्पना, विचार आउँछन्।[२०]

यिनै कुराबाट कविताका रूप-विधानमा स्व-मत प्रतिबिम्बित भएको छ। यस क्रममा भामहले 'शब्द र अर्थ साहित्यको रचना नै काव्य हो'[२१] भनेका छन्। मम्मट 'दोषरहित, गु-युक्त अलङ्कार नभएको भए तापनि शब्द र अर्थको समूह नै काव्य हो' भन्ने निष्कर्षमा पुगे।[२२] विश्वनाथ 'रसात्मक वाक्य नै काव्य हो' भन्ने[२३] ठहर गर्दछन्। अर्कातिर पण्डितराज जगन्नाथ 'रमणीय अर्थको प्रतिपादक शब्द नै काव्य हो'[२४] भन्न मन पराउँछन्।

'कविता' का यी पूर्वीय मतहरूलाई विवेचना गर्दा शब्दतत्व र अर्थतत्वम सामञ्जस्य भएमा मात्र काव्य निर्माण हुन सक्छ भन्ने देखिएको छ। त्यसै गर्न काव्यको उच्चता बढाउन अनुभूति वा भावको सबलीकरण हुनुपर्दछ र बाह्य तत्वकै रूपमा रहेका भए पनि गुण, अलङ्कार, छन्द, लय, पद, वाक्य आदिको समुचित विन्यास हुनुपर्दछ। यसो भएमा मात्र सामान्य कुराकानी वा बोली

---

२०. गुमानसिंह चामलिङ्ग, मौलो, पूर्ववत्, पृ. ६७।
२१. भामह – 'शब्दार्थौ काव्यम्'।
२२. मम्मट– तददोषौ शब्दार्थौ सद्गुणावनलंकृती पुनः क्वापि (का. प्र. १।४)
२३. विश्वनाथ– वाक्यं रसात्मकं काव्यम् (सा. दर्पण १।३)
२४. जगन्नाथ– 'रमणीयार्थप्रतिपादकः शब्दः काव्यम्' (रसगङ्गाधर)

शालीबाट कवितालाई स्तरीकृत गर्न सकिन्छ । होइन भने कविता र सामान्य कथनमा अन्तर नै के हुन्छ र ? खास गरी पूर्वीय चिन्तन प्रणालीले काव्यलाई विशिष्टता प्रदान गरेको छ, कलाको गौरव प्रदान गरेको छ र काव्यको त्रिकालदर्शितालाई उद्घोषण गरेको छ । पाश्चात्य काव्याचार्यहरूको काव्य-सम्बन्धी अभिमतहरू पनि संक्षिप्त रूपमा विवेचना गरौं–

डा. जोन्सनको मत छ– 'कविता सत्य र आनन्दको सम्मिश्रित कला हो, जसमा कल्पना प्रयोग गरिन्छ ।' यस्तै वर्डस्वर्थ–' शान्त समयमा स्मरण गरिएका उत्कट भावनाहरूको सहजोद्रेक नै कविता हो' भन्दछन् । कलरिज– 'उत्तम शब्द-हरूको उत्तम अनुक्रम' लाई कविता मान्दछन् । 'कल्पना र वासनाको भावनालाई कविता' भन्दछन् हेज्लिट । तर शेली भन्दछन्– 'कविता कल्पनाको अभिव्यक्ति हो' । कारलायल 'सांगीतिक विचार' मा कविता देख्तछन् भने एडगर एलेन पो चाहिं 'सौन्दर्यको लयात्मक सिर्जना' मा । रस्किनको मत छ, 'कविता श्रेष्ठ आधारहरूको उच्च भावनाहरूका लागि कल्पनाद्वारा दिइएको सुझाव हो ।' मैथ्यु आर्नोल्ड 'जीवनको आलोचना' लाई कविता मान्दछन् । हडसनचाहिं 'कल्पना र भावनामार्फत् जीवनको विवेचना नै कविता हो भन्दछन् ।[२५] आइ. ए. रिचर्डस्‌ले 'समस्त कला भण्डार मानवको समर्पणात्मक क्रियाको उत्कृष्ट रूप हो' भनेर कवितालाई कलाको रूपमा संस्थापना गरेका छन् ।[२६] यस्तै गेटे भन्दछन्– "असल साहित्यिक कृतिले हामीलाई शिक्षा दिंदैन, त्यसले त हामीलाई बल दिन्छ ।"[२७] यस क्रममा भोल्टेयरको मत उल्लेखनीय छ– 'साहित्यकार देशभक्त हुनुपर्छ, गद्दार होइन, गद्दारको साहित्य बेकम्मा हुन्छ ।'[२८]

उपर्युक्त कथनहरूको मीमांसा गर्दा कवितामा सत्यको आग्रह पाइनु, आनन्दको आकाङ्क्षा राखिनु र उत्कृष्ट भावनाको सहज अनुभूति जस्ता कुराले पूर्वीय चिन्तन झैं पाश्चात्य चिन्तनमा पनि मानव समुदायलाई कल्याणकारी मार्गतिर उत्प्रेरित गर्नु नै कविताको गुण हो भन्ने विश्वासमा चिन्तकहरू रहेका भेटिन्छन् । कल्पना, भावना, सौन्दर्य, जीवनमूलक दृष्टि र राष्ट्रवादी चेतनाले काव्यनिर्माणमा उत्प्रेरकको काम गर्दछ भन्ने मन्थन अभियोज्य रहेको छ ।

---

२५. गुमानसिंह चामलिङ्ग, मौलो, पूर्ववत्, पृ. ९८–९९ ।
२६. हर्षनाथ भट्टराई, नेपाली साहित्य परिचय, पूर्ण बुक स्टल, नेपाल, २०३२, पृ. १–३ ।
२७ हर्षनाथ भट्टराई, ऐजन, पृ. १–३ ।
२८ ऐजन ।

उतातिर पनि काव्यका बाह्य र आन्तरिक प्रवृत्तिहरूको निरूपण गरिएको छ। यी कुरालाई 'कला–पक्ष' र 'भाव–पक्ष' भन्न सकिन्छ। बाह्य पक्षमा शब्द, छन्द लय आदिको निरूपण गरिएको छ भने आन्तरिक प्रवृत्तिमा अनुभूति र कल्पना तत्वका विषयमा निरूपण गरिएको छ।

नेपाली कवि र काव्यचिन्तकहरूका विचारहरू पनि मननीय छन्। लेखनाथ पौडेल कवितालाई 'विचारशील मीठा कुरा' मान्दछन्। बालकृष्ण समचाहिँ 'कविता भावनाको बौद्धिक कोमलता' ठान्दछन्। लक्ष्मीप्रसाद देवकोटा 'सहज अभिव्यक्ति' (जो चराको बोली जस्तो सुमधुर हुन्छ) लाई नै कविता भन्दछन्। रामकृष्ण शर्मा 'शब्दाडम्बररहित' भावुकताविहीन हृदयबाट निस्केको अमृत-धारा झैं बहने उक्तिलाई 'कविता' मान्दछन्। यस क्रममा धरणीधर कोइरालाको उक्तिलाई उद्धृत गर्नु सान्दर्भिक हुनेछ–

'अति सुन्दर मानव जीवन यो, अझ सुन्दर पार्नु कसोगरी हो ?
गरी काव्य सुधा–रसपान अरे, गर मानव जीवन सार्थक रे।'

नेपाली काव्य–चिन्तकहरूका विचारमा पनि बाह्य पक्षमा शिल्प र आन्तरिक पक्षमा अनुभूतिको प्राधान्य रहेको देखिन्छ।

संक्षिप्त रूपमा कवितामा भावतत्व, कल्पनातत्व, बुद्धितत्व र शैलीतत्व रहेका हुन्छन्। यिनै चार तत्वका आधारमा कविताको रूपविधानको अध्ययन गर्न सकिन्छ।

२.१.३ कविताको हेतु

कविता निर्माणमा कारणभूत रहने तत्त्वलाई हेतु भनिन्छ। 'कविकर्म' भए तापनि कविता विशिष्ट सृष्टि हो। कविताको रचना उर्वर र प्रतिभावान् व्यक्तिले मात्र गर्न सक्तछ। कविभित्र त्यस्तो प्रतिभा रहेको हुन्छ, जसमा सत्य कुरा प्रकट गर्ने क्षमता हुन्छ। यसै कुरालाई मुण्डकोपनिषद्‌मा भनिएको छ–

'तदेतत्सत्यं मन्त्रेषु कर्माणि कवयो मान्यपश्यंस्तानि त्रेतायां बहुधा संतनानि' (१।२।१)

अग्निपुराणको यस उक्तिले महिमाशाली कविकर्मको वर्णन गरेको छ–

नरत्वं दुर्लभं लोके विद्या तत्र सुदुर्लभा
कवित्वं दुर्लभस्तत्र शक्तिस्तत्र च दुर्लभाः ।।

अर्थात्–

'संसारमा नरको चोला दुर्लभ छ, नरचोला पाइए पनि विद्या पाउनु दुर्लभ छ। त्यसै गरी विद्या पाइए पनि कवित्व पाउनु कठिन छ, अझ कवित्व प्राप्तिभन्दा प्रतिभा (शक्ति) प्राप्ति कठिन छ।'

काव्य निर्माणमा क्रमशः विद्या, कवित्व र प्रतिभा एक अर्काका नभई नहुने तत्त्व हुन्। काव्यहेतुका विषयमा भामह राजशेखर, हेमचन्द्र, मम्मट, दण्डी इत्यादि सबै पूर्वाचार्यहरूले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई जुनसुकै रूपमा होस् स्वीकारेका छन्। यसमा प्रतिभा सबैभन्दा महत्त्वपूर्ण छ। यो बुद्धितत्त्वसँग सम्बन्धित छ। प्रतिभा त्यस्तो बुद्धि हो, जसमा नवीन कुरा उत्पादन गर्ने क्षमता रहन्छ (प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मता)।

व्युत्पत्ति भनेको शास्त्राभ्यास हो भने अभ्यासचाहिं काव्य–निर्माणको निरन्तरता। यसरी प्रतिभा, व्युत्पत्ति र अभ्यासको साहचर्यबाट कविता वा काव्यको निर्माण हुने भएकोले यी तीन तत्त्वलाई मुख्य रूपले 'हेतु' भनिन्छ।

२.१.४ कविताको प्रयोजन

कविता रचना गर्नाको उद्देश्य के हो? कविता वा काव्यबाट के फाइदा हुन्छ? भन्ने प्रश्नलाई चिन्तनको कसीमा घोटेर निकालिएको उत्तर नै काव्य प्रयोजन हो। काव्यका प्रयोजन सम्बन्धमा पूर्वाचार्यहरू भन्दछन्– धर्मको ज्ञान, अर्थोपार्जन गर्नु, काम–दृष्टि, मोक्षमार्ग अन्वेषण, कलाहरूमा विलक्षणता प्राप्त गर्नु, कीर्ति बढाउनु, प्रेम–भावना फैलाउनु नै काव्यको उद्देश्य हो। असल काव्य पढ्नाले मानिसमा उपयुक्त चेतना आउँछ। काव्यकार पनि उपर्युक्त कुराहरू प्राप्त गरेर सन्तुष्ट रहन्छ। यस विचारमा मत प्रतिपादन गर्नेहरू हुन्– भामह, कुन्तक, मम्मट, विश्वनाथ आदि।

पाश्चात्य चिन्तकहरूमा कवि मिल्टन काव्य प्रयोजनका सम्बन्धमा आफ्नो मत यसरी अभिव्यक्त गर्छन्– 'ईश्वर र मनुष्यको पारस्परिक सम्बन्ध निरूपित गर्नु नै काव्यको विषय हो।' त्यस्तै मैथ्यू आर्नोल्ड– 'गम्भीर र महत्त्वपूर्ण विषयको प्रतिपादन नै काव्य प्रयोजन हो' भन्दछन्। दाँतेको विचार छ– 'युद्ध, प्रेम र चारित्रिक गुणको प्रकाशनका लागि कविता लेखिन्छ।'

कविता कुन प्रयोजनका लागि लेखिन्छ भन्ने विषयमा पूर्वमा भन्दा पश्चिमी चिन्तकहरूमा बढ्ता खुल्दुली मच्चिएको छ। एकथरी भन्छन् कला कलाकै लागि

हो, अर्काथरी भन्छन् कला जीवनका लागि हो। पश्चिमी काव्य चिन्तनमा सबैभन्दा जोडले हल्लाएको थियो– 'कला कलाकै लागि हो' भन्ने विचारले। आन्दोलनका जनक हुन् र डा. एस. पी. ब्रै डली–काव्यको उद्देश्य आनन्दानुभूति हो, काव्यानन्द अनुपम हुन्छ, यो वस्तु जगत्को आनन्दभन्दा वेग्लै र स्व-सापेक्षिक हुन्छ। आइ. ए. रिचर्डस् काव्यलाई आनन्दानुभूतिको निम्ति मान्नेहरू विरोधी देखिन्छन्। जीवनलाई परिपूर्णता र मुक्तावस्थामा पुऱ्याउने आवेग प्रस्तुति नै काव्यको मूल्य हो। यिनै उद्देश्यका लागि काव्य रचिनुपर्दछ भन्ने उनको दृष्टिकोण रहेको छ। टि. एस. इलियट सर्वाधिक चर्चित चिन्तक हुन्, उनी कवि र काव्य दुइ वेग्लावेग्लै विषय हुन् भने। इलियटका विचारमा काव्यानन्द सौन्दर्यशास्त्रीय विषय हो। अर्थात् काव्य सौन्दर्यानुभूतिसँग सम्बन्धित छ।[२८]

यसरी पूर्वीय र पाश्चात्य काव्यप्रयोजनको सामान्य अवलोकनबाट समानताको आभास प्राप्त हुन्छ। काव्यले जीवनलाई आलोकित गर्ने उपाय खोजी गर्दछ। काव्यले मानिसलाई सत्यको बाटो बताइदिन्छ। काव्यले मानिसका कमजोरी र विघ्न पहरू हटाउँछ र आत्मबल प्रदान गर्दछ। मानिसमा सौन्दर्य चेतना, कर्तव्यचेतना, सत्योन्मुख भावना र जीवनका यथार्थ स्थितिहरूलाई उद्भासित गराउने काम काव्यले गर्दछ। काव्यनिर्माता स्वयं दुःखको पोखरीमा रहेको हुन्छ, तर उसले सामाजिक प्राणीहरूलाई दुःखबाट मुक्तिको बाटो पहिल्याउने काम गरेको हुन्छ।

हुन त वर्तमान कालमा काव्यका यस्ता आदर्श र निर्धारित प्रयोजनहरूलाई कसैले स्वीकार गर्न मान्दैन, तर पनि कुनै न कुनै रूपमा काव्यप्रयोजनमा उपर्युक्त कुराहरू विद्यमान रहेकै पाइन्छन्।

२.२ नेपाली कविताको अनुसन्धान परम्परा र प्रथम कविता

२.२.१ नेपालीमा अनुसन्धान परम्परा

नेपाली साहित्यको अध्ययन र अनुसन्धान परम्पराको जग बसाउने व्यक्ति मोतीराम भट्ट हुन्। मोतीराम भट्टभन्दा अगाडि नेपाली साहित्यको खोजी चेतनाको बीजारोपण भएको थिएन। मोतीराम भट्टले सर्वप्रथम आदिकवि भानु भक्त आचार्यको जीवनचरित्र प्रकाशित गरे। यस जीवनचरित्रमा उनले कवि

२८. गुमानसिंह चामलिङ, मौलो, पूर्ववत्, पृ. २१–२४।

केही विशेषताहरूको पनि वर्णन गरेका छन् । वि. सं. १९४८ भाद्रकृष्ण अष्टमी-का दिन नेपाली समालोचनाको जन्म भएको रहेछ भन्ने कुरा मोतीरामकृत कवि भानुभक्ताचार्यको 'जीवनचरित्र' को 'विज्ञप्तिपत्रम्' बाट अवगत भएको छ । मोतीराम भट्टले भानुभक्तको जीवनी खोजी गरी प्रकाशित गर्दा 'गोर्खा भाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पैल्हे भये तर कविताको मर्म जानी भाषा पद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन्' भनेर उल्लेख गरेका छन् ।[१०] यसबाट भानुभक्त आचार्यभन्दा अगाडि पनि कविहरू थिए भन्ने कुरा संकेत गरि-एको देखिन्छ भने भानुभक्त नै सचेततापूर्वक कविता लेख्ने प्रथम कवि हुन् भन्ने उनको मत देखिएको छ ।

नेपाली कविताको खोजी गर्ने काममा लगभग पचपन्न वर्ष पर्दा लाग्यो । वि. सं. २००३ सालमा इतिहास शिरोमणि बाबुराम आचार्यले 'पुराना कवि र कविता' को प्रकाशन गराई त्यो पर्दालाई हटाइदिए । यिनले इन्दिरस विद्यारण्य केशरी अर्ज्याल, वसन्त शर्मा लुइटेल, यदुनाथ पोखरेल र भानुभक्त आचार्यकै पनि फुटकर कविताहरूको खोजी गरे । इतिहास शिरोमणि बाबुराम आचार्यको यस कार्यबाट उत्तरवर्ती धेरै अनुसन्धाताहरू नेपाली कविताको खोजीमा संलग्न भए । यसरी अनुसन्धान गर्नेहरूले नेपाली कविताको पुरानो रूप पनि फेला पार्दै गए । कसैले नेपाली कवितालाई पुरानो भन्दा पुरानो बनाउने श्रेय प्राप्त गरे भने कसैले फेला परेका प्रतिभाहरूका अनुपलब्ध रचनालाई खोजेर बाहिर निकाले । यस्ता अनुसन्धाताहरू ठूलो उत्साहका साथ देखापरिरहेका छन् र नयाँ नयाँ सामग्री पनि प्रदान गरिरहेका छन् ।

इतिहास शिरोमणि बाबुराम आचार्यपछि चित्तरञ्जन नेपालीलाई लिन सकिन्छ । यिनले शक्तिवल्लभ अर्ज्यालको 'तनहूँ भकुण्डो' र उदयानन्द अर्ज्याल-को 'पुरानो वातको अर्जी' पत्ता लगाई नेपाली कवितालाई पृथ्वीनारायण शाहका समयसम्म पुऱ्याइदिए । यिनीद्वारा २०१२ मा प्रगति (१३) प्रत्रिकामा प्रकाशित उपर्युक्त विषयका लेख–रचनाले नेपाली कवितालाई फराकिलो पारेको हो ।

नेपाली भाषा, साहित्य र अभिलेखहरूको आकलन गर्ने अनुसन्धाताद्वय योगी नरहरिनाथ र जनकलाल शर्माले इतिहास प्रकाशको अङ्क १ (सं. २०१२) मा सुवानन्ददासद्वारा लेखिएको 'पृथ्वीनारायण' भन्ने कविता फेला पारेर नेपाली

१०. मोतीराम भट्ट, कवि भानुभक्त आचार्यको जीवनचरित्र, हरिभक्त नेउपाने-द्वारा सम्पादित मोतीराम भट्टका उपलब्ध ग्रन्थावली, २०४५, पृ. २०७ ।

कवितालाई वीरधाराका किल्लामा पुऱ्याएका छन् । नेपाली कविताको निरि
यस अनुसन्धानलाई नै प्रस्थान–विन्दु मानिएको छ ।

नेपाली कविताका पुराना कृतिहरू खोज्ने अनुसन्धाताहरू अविश्रान्त ग
यसमा दत्तचित्त भई लागिरहेका छन् । यी अनुसन्धाताहरू प्राग्भानुभक्तीय नेपा
कविहरूका काव्यकृतिको खोजीमा लागिरहेकै हुनाले नयाँ नयाँ प्रतिभाहरू
परिरहेका छन् । नयाँ नयाँ काव्यकृतिहरू निस्कँदै छन् र नयाँ नयाँ फाँटहरू
भेटिँदै आएका छन् । यस क्रममा ज्ञानमणि नेपालले 'पृथ्वीन्द्रोदय महाकाव्य'
लगाएको घटना निकै मूल्यवान् मानिएको छ । उदयानन्द अर्जेलद्वारा लेखि
यस महाकाव्यले भानुभक्त आचार्यपूर्व नै नेपाली साहित्यमा महाकाव्यको था
भइसकेको देखाउँछ । नेपालकै प्रयत्नमा उदयानन्द अर्ज्यालकृत 'वेताल पचो
पनि भेटिएको छ । बालकृष्ण पोखरेलले पनि उदयानन्द अर्ज्यालको 'वंश वृत्त
फेला पारेका छन् । धनवज्र वज्राचार्य, महेशराज पन्त र दिनेशराज प
पुराना कवि सुन्दरानन्द बाँडाको 'आशानदी' भन्ने कविता खोजेर प्रकाशित ग
छन् । प्राग्भानुभक्तीय नेपाली काव्य संसारका स्रष्टाहरू र उनीहरूका सृ
खोजी गर्ने उत्साही अनुसन्धाताहरू आफ्नो लक्ष्यमा निरन्तर लागिरहेका छ
यस क्रममा जगदीशचन्द्र रेग्मी, कमल दीक्षित, ईश्वर बरालका योगदान
महत्त्वपूर्ण मानिएको छ । रेग्मीले रामभद्र पाध्या रेग्मीको 'वधुविनयाष्टकम्'
र कमल दीक्षितले सुवानन्ददासको रचनालाई कविता हो भनेर ठम्याए । गुम
पन्तका सम्बन्धमा सर्वप्रथम सोमनाथ सिग्देलले र कालान्तरमा ईश्वर बरा
खोजी गरी अनेक कुरा प्रकाशमा ल्याएका हुन् । त्यसबाहेक नेपाली साहित
अनेकौं पुराना कविताहरू फेला पार्ने काममा पनि कमल दीक्षितले ठूलो
गरेका छन् । उनको परिश्रमको जीवन्त प्रस्तुति हो बुइँगल । प्राग्भानुभ
नेपाली काव्यको अनुसन्धानमा बुइँगललाई एउटा पथप्रदर्शक संग्रह मात्र स
ईश्वर बरालको गुमानी पन्त सम्बन्धी खोज उल्लेख्य छ । प्राग्भानुभक्तीय ने
काव्य संसारमा ज्ञानमणि नेपालले 'हरिश्चन्द्र विलाप' को खोजी गरे । दिने
पन्त र व्रतराज आचार्यले पृथ्वीनारायण शाहका कविता फेला पारेका
पूर्णप्रकाश नेपाल पुराना लोककाव्य खोज्नमा तल्लीन देखिन्छन् । उनले
लोकसाहित्य र रत्नाकर पण्डितको पुरानो 'गीत' प्रकाश गरेका छन् । पु
कविताको खोजी गर्ने काममा देवकान्त पन्तको योगदान उल्लेखनीय छ ।
डोटेली लोकसाहित्यका पुराना लोक रचनाहरू फेला पारेको दावी गरेका
यस अनुसन्धान शृङ्खलामा बालकृष्ण पोखरेलको परिश्रम सबभन्दा चर्चि

पुगेको छ। पोखूलले नेपाली साहित्यको सर्वप्रथम कविता विष्णुदास आचार्य रचित 'बडेराजा मलयवम्म' हो भन्ने निष्कर्ष निकालेका छन्।

नेपाली साहित्यका अनुसन्धाताहरूले ठूलो जाँगर र उत्साहका साथ काव्यका नयाँ नयाँ क्षितिजहरू खोजिरहेका छन्। पुराना कविताको खोजी र पुराना कविहरूको खोजीमा धेरै अनुसन्धाताका परिश्रमले सार्थक रूप लिइ-रहेको छ।

२.२.२ प्रथम नेपाली कवितासम्बन्धी पूर्वमतहरू

नेपाली साहित्य नेपाली जातिको सांस्कृतिक गाथा र गौरवमय अतीतको अभिलेख हो। नेपाली जाति अनादिकालदेखि नै यस धर्तीमा अस्तित्वमा आएको देखिन्छ। यस जातिका शौर्य, वीरता र महानतालाई नेपाली साहित्यले मुखरित गरेको छ। नेपाली भाषामा नेपाली जातिले आफ्नो अभिव्यक्ति प्रकट गर्नुभन्दा अगाडि संस्कृत र अन्य भाषामा आफ्ना वेदना, व्यथा र विरहको प्रकटीकरण गर्ने गरेको हुँदा नेपाली भाषाको वर्तमान इतिहास केही सीमित हुन पुगेको छ। यसै भए तापनि नेपाली कविताको थालनी आजभन्दा लगभग छ सय वर्ष पूर्व नै भइसकेको थियो। यसभन्दा अगाडि नै नेपाली भाषा गद्यका रूपमा प्रयुक्त भइसकेको थियो।

नेपाली भाषाका प्रथम कविको खोजी गर्ने काम मोतीराम भट्टले गरेका हुन्। उनले वि. सं. १९४८ मा भानुभक्त आचार्यको जीवनी प्रकाशित गरेका थिए। त्यस पुस्तकमा उनको मत यस्तो लेखिएको थियो– 'छोरा भयेदेखि यस्तै हुन् इन्को नाम भानुभक्त हो, इन्को जन्मवर्ष विक्रमीय संवत् १८६९ साल हो। हाम्रा गोर्खा भाषाको उन्नतिको उदय पनि यसै वर्ष भयो भनी जान्नू, गोर्खा भाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पैल्हे भये तर कविताको मर्म जानी पद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन्।'[२१]

मोतीराम भट्टले भानुभक्तलाई प्रथम कवि नमाने पनि भानुभक्त पूर्वका कविहरू कविताको मर्म बुझ्न असमर्थ रहेछन् भन्ने कुरा दर्शाएका छन्। उनले भानुभक्त पूर्वका कविको उल्लेख गरेका छैनन्। मोतीराम भट्टले भानुभक्तमा नै आफ्नो खोजीलाई केन्द्रित बनाएको देखिन्छ। मोतीरामका विचारमा कविताको मर्म नबुझी लेखिएको रचना काव्य श्रेणीमा पुग्न सक्तैन। भानुभक्तभन्दा अगाडि-

---

२१. मोतीराम भट्ट, कवि भानुभक्त आचार्यको जीवनचरित्र, हरिभक्त नेउपाने-द्वारा सम्पादित मोतीराम भट्टका उपलब्ध ग्रन्थावली, २०४५, पृ. २०७।

का कविहरूमा कविताको मर्म बुझ्ने चेतना नदेखिएको हुँदा भानुभक्त आचार्य नै उनका विचारमा प्रथम कवि अथवा आदिकवि मानिए।

मोतीराम भट्टले स्पष्ट रूपमा भानुभक्तलाई कविको श्रेणीमा पुऱ्याउन पर्नाको कारण र भानुभक्तभन्दा पूर्वका कविहरूका कमजोरीहरूलाई केलाइदिएका छन्। उनका स्थापनामा विशेष तर्कवितर्क गर्ने औचित्य नहोला ? यस सन्दर्भमा बुझ्नुपर्ने कुरा यति मात्र देखिन आएको छ– मोतीरामका खोजमा भानुभक्त आचार्य नै प्रथम कवि हुन्।

नेपाली साहित्यका प्रथम कवि खोज्ने चेतना मोतिरामबाट प्रस्फुटित भई बाबुराम आचार्यमा आई विकसित भएको पाइन्छ। बाबुराम आचार्यले २००१ सालमा पुराना कविहरूको खोजी गरे।

बाबुराम आचार्यका अनुसार नेपाली कविता जातीय गीतबाट प्रारम्भ भएको हो। यी गीतहरू वैदिक मन्त्रहरू झैं श्रुतिका रूपमा कैयौं शताब्दीसम्म मुखमुखै चलिआएका हुनाले अठारौं शताब्दीभन्दा अगाडिका गीतहरू अब सुन्न पाइँदैनन्। उन्नाइसौं शताब्दीका मध्यभाग (वि सं. १८४६) मा जुम्लाको रियासत नेपाल अधिराज्यमा मिलाइएको बेला कुनै जुम्लीको उद्गार यस्तो भेटिएको थियो–

भातु खाय शुभान शाही ताउली हाल्या कुम्ला
जिती आए गोरख्य जनि मार जुम्ला।[३२]

यी नेपाली उद्गारहरू संस्कृतज्ञ पण्डितहरूका निमित्त मनोहारी थिएनन्। त्यसैले उनीहरू संस्कृतमै कविता लेख्तथे। यस्तैमा कुनै कुनै कविहरू नेपालीमा फुटकर कविता रच्ता रहेछन् भन्ने कुरा 'जसले सातु गऱ्यो मकैकन पिंधी सिप्रो मुठीमा धऱ्यो' ले प्रमाणित गरेको छ। यस कवितामा कूट शैलीमा तत्कालीन युद्धको वर्णन गरिएको छ।

नेपाली साहित्यको प्रथम कविता कुन हो भन्ने प्रश्नले बाबुराम आचार्यलाई पनि छोपेको छ। उनले आफ्ना समयमा भेटिएका पुराना मानिसहरूको सम्पर्क र प्राप्त सामग्रीहरूको विश्लेषणबाट केही मान्यताहरू स्थापना गरेर तिनै मान्यताका आधारमा निर्णय पनि निकाले। यस क्रममा बाबुराम आचार्यले कविताको परिभाषा यसरी गरेका छन्–

---

३२. बाबुराम आचार्य, पुराना कवि र कविता, काठमाडौं, साझा प्रकाशन, (पाँ. सं.), २०४७, पृ. १।

"पद्यहरूको सिलसिला मिलेर कुनै दृश्य वा वस्तुको बयान भएको पद्यावलीलाई कविता भनिन्छ । कवितामा यति नै पद्य रहनुपर्दछ भन्ने नियम छैन । पाँच सात पद्यदेखि दश बाह्र सय पद्यसम्म कवितामा रहन सक्तछन् । दश बाह्र सय पद्यभन्दा बढी भएको कविता काव्य कहिन्छ"[३३]

बाबुराम आचार्यले कविताका निमित्त आफ्नो सैद्धान्तिक मत प्रस्तुत गर्दै इन्दिरसको गोपिकास्तुति पहिलो कविता देखिन्छ भनेका छन् । उनका विचारमा विद्यारण्यकेशरीको युगलगीत दोस्रो कविता हो र वसन्त कविको श्रीकृष्ण चरित्र त्यसपछिको हो ।[३४]

यसरी हेर्दा बाबुरामको खोजले नेपाली कवितालाई भानुभक्तभन्दा पुरानो साबित गराएको छ । उनका विचारमा इन्दिरस नै प्रथम नेपाली कवि हुन् । इन्दिरसको समय किटान गर्न सकिएको छैन । बाबुरामका विचारमा इन्दिरस विद्यारण्यकेशरी र वसन्त शर्माका समकालीन हुन् । वसन्त शर्माको श्रीकृष्ण चरित्र १८८४ मा[३५] लेखिएको हुँदा नेपाली कविताको औपचारिक लेखन उन्नाइसौं शताब्दीको उत्तरार्द्धतिर मानिएको स्पष्ट छ ।

नेपाली कविताको सर्वप्राचीन रूप पत्ता लगाउने नेपाली अनुसन्धाताहरूमा ठूलो जिज्ञासा उत्पन्न भएको कुरा बुइँगलका सम्पादकीयबाट स्पष्ट भएको छ । यस सम्पादकीयको थालनी नै निकै रोचक छ–

"नेपाली साहित्यको इतिहासलाई सकेसम्म पछि हटाउने सकेसम्म प्राचीन तुल्याउने कोशिश नेपालीहरूले पहिलेदेखि नै गरिआएका हुन् । मोतीरामले भानुभक्तको जीवनी छापेर त्यही गरे । त्यसको आधा शताब्दीपछि बाबुराम आचार्यले 'पुराना कवि र कविता' लेखेर पनि त्यही नै गरे । यसरी बाबुरामले संवत् १८६० सम्म पुऱ्याएको इतिहासलाई त्यसपछि चित्तरञ्जन नेपालीले पनि अरू तीस वर्ष जति पछि धकेले ।"[३६]

कमल दीक्षितको यस सम्पादकीय प्रस्तुतिले नेपाली अनुसन्धाताहरू सकेसम्म नेपाली कविताहरू पुरानो बनाउने उद्देश्यमा लागेका रहेछन् भन्ने स्पष्ट

३३. बाबुराम आचार्य, पुराना कवि र कविता, पूर्ववत्, पृ. ७ ।
३४. ऐजन, पृ. ८–९ ।
३५. बाबुराम आचार्य, ऐजन, पृ. ८ ।
३६. कमल दीक्षित, बुइँगल, काठमाडौं, साझा प्रकाशन, दो. सं. २०३४, पृ. ४३७ ।

पारेको छ । कवितालाई पुरानो बनाउँदैमा हाम्रो अभीष्ट पूरा हुन्छ भन्ने हो... अनुसन्धानका अभावमा इतिहासका गर्भमा लुकेका प्रतिभाहरूलाई खोजेर प्र... शित गराउनुपर्छ भन्ने नै उनको सदासय हो । वास्तवमा पुराना कविताहरू... खोजी गर्ने यो प्रक्रिया निरन्तर चालू रहिरहनुपर्दछ र चालू रहिरहेको पनि छ... अनुसन्धानको यही निरन्तरताले चित्तरञ्जन नेपाली उदयानन्द अर्ज्याल र शं... वल्लभ अर्ज्यालको खोजी गर्न सफल भएका हुन् । चित्तरञ्जनका प्रयत्न... नेपाली कविता वि. सं. १८३९ सम्म[३७] पुग्यो । यसै गरी (योगी) नरहरिना... र जनकलाल शर्माले पृथ्वीनारायण शाहका समकालीन कवि सुवानन्ददास... खोजी गरे । सुवानन्ददासले 'पृथ्वीनारायण' भन्ने कविताको रचना गरे... देखिन्छ । यस कविताको रचना समय १८३०–३१ तिर हो भन्ने विद्वान्हरू... मत छ ।

नेपाली कविताको सर्वप्राचीन रूप यही हो भन्ने अनुसन्धाताहरू र सम... लोचकहरूको धारणा रहिआएकोमा समय समयमा खोज गर्ने अनुसन्धाताहरू... अरू नवीन सूचनाहरू पनि दिन थालेका हुँदा ती सूचनाका सम्बन्धमा पनि विच... गर्नुपर्ने देखिन्छ । नेपाली कविताका खोजका क्रममा दिनेशराज पन्तद्वारा पृथ्वी... नारायण शाहद्वारा नेपाल खाल्डोलाई चारैतिरबाट घेरामा राखिएको ... बीचैमा अंग्रेजसँग लडाइँ परेको कुरा बयान गरिएको बाह्र पंक्तिको कवि... २०३८ सालमा प्रकाशित गरिएको छ । यसै कवितासँग धेरैजसो अनुहार मि... अर्को कविता व्रतराज आचार्यले २०४२ सालमा प्रकाशित गरेका छन् । व्रतरा... आचार्यद्वारा प्रकाशित कविता पनि पृथ्वीनारायण शाहसँगै सम्बन्धित छ । ... कवितालाई एकै ठाउँमा राखेर हेर्‍यो भने कतिपय पंक्तिहरू र शब्दहरू पनि मि... जान्छन् । यी कविताको तुलनात्मक अध्ययन आगामी अध्यायहरूमा गरिने... छ । यी दुवै कविताका रचयिता पृथ्वीनारायण शाह नै भएका हुँदा पृथ्वीनारा... शाहलाई नेपाली कविताका रचयिताका क्रममा उभ्याउनुपर्ने देखिन्छ । पृथ्... नारायण शाहलाई कवि पंक्तिमा उभ्याउनेबित्तिकै नेपाली कविता सुवानन्दद... भन्दा पुरानो सिद्ध हुन जान्छ । यस सन्दर्भमा विचार गर्दा नेपाली कविता ल... वि. सं. १८३१ पूर्व नै प्रारम्भ भइसकेको स्पष्ट हुन्छ ।

नेपाली कवितालाई पुरानो बनाउने कार्यमा देवकान्त पन्थले एउटा मह... पूर्ण खोज गरेका छन् । उनका विचारमा अहिलेसम्म फेला परेको सबैभन्दा पुर...

---

३७. डा. दयाराम श्रेष्ठको, वीरकालीन कविता, (२०४७) मा दिइएको सू... अनुसार यो मिति उल्लेख गरिएको हो ।

कविता 'रिपुमल्लको चाँचरी' हो। यो लोकगीतको रचना देवकान्तको निर्णय अनुसार शाके १३३४ अर्थात् १४६९ विक्रम संवत् हुन आउँछ। यस कुरालाई देवकान्तले यसरी उपस्थापित गरेका छन्– "आजभन्दा ५७० वर्ष अघि डोटेली भाषामा यो प्रथम लोककाव्यको निर्माण भयो। जो आजसम्म प्राप्त नेपाली साहित्यका सबै रचनाभन्दा पुरानो हो र यो आफैं नेपाली भाषाकी जननी डोटेली भाषिकाको तथ्य रूपले प्रमाणित सर्वप्रथम रचना हो।"[३८]

देवकान्त पन्थको खोज र सङ्कलनबाट अत्यन्त प्रभावित भएर कमल दीक्षित लेख्तछन्– "यसै क्रममा हालै एउटा भगीरथ-कार्य देवकान्त पन्थले गरेर देखाएका छन्। हाम्रो भाषाको साहित्यको पुर्ख्यौलीलाई एक–दुइ दशक होइन पूरा दुइ–तीन शताब्दी नै प्रदान गरेका छन् उनले।"[३९]

नेपाली कविताको सर्वप्राचीन खोजमा पूर्णप्रकाश नेपाल पनि लागेका छन्। उनले सत्रौं शताब्दीको उत्तरार्ध वा अठारौं शताब्दीको पूर्वार्धतिरको भनी रत्नाकर पण्डित लिखित 'गीत' प्रस्तुत गरेका छन्।

देवकान्त पन्थको प्रयत्नबाट नेपाली कविता पन्ध्रौं शताब्दीको उत्तरार्धसम्म विस्तृत भइसकेको भेटिन्छ। यसै परम्परामा बालकृष्ण पोखरेल नेपालीको सर्वप्राचीन कविता लिएर उभिन्छन्। वि. सं. २०४६ सालको 'गरिमा' पत्रिकामा छापिएको उनको दावी यस प्रकार देखिन्छ– "आजसम्म योगी नरहरिनाथ लगायत विभिन्न इतिहासकारहरूले रासकोटी राजाहरूको वंशावली भनी जुन वाङ्मय हामीलाई दिनुभएको छ, त्यसको गर्भमा लुकेको एक अति नै रसिलो कविता' लाई मैले नेपाली भाषाको सर्वप्राचीन कविता मान्ने आँट गरेको हुँ।"[४०] यस कविताका रचयिता विष्णुदास आचार्य हुन् र उनले यस कविताको रचना वि. सं. १४५० तिर गरेका हुन् भन्ने पनि बालकृष्ण पोखरेलको विचार छ। यो कविता विष्णुदास आचार्यले सचेततापूर्वक लेखेका हुन्। यो वंशावली एउटै व्यक्तिले मात्र नलेखी भिन्न–भिन्न व्यक्तिले लेखेका हुन्। मलयबम्मको दिग्विजय-पछि खाराचक्रको स्थापनासम्मको अंश एक व्यक्तिको र त्यसपछिको अंश अरू

३८. देवकान्त पन्थ, डोटेली लोकसाहित्य एक अध्ययन, कीर्तिपुर, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि. वि., २०३२, पृ. ६।
३९. कमल दीक्षित, बुइँगल, पूर्ववत्, पृ. ४३७।
४०. बालकृष्ण पोखरेल, विष्णुदास आचार्य रचित 'वडेराजा मलयबम्म' गरिमा ७।१२ पूर्णाङ्क ८४, २०४६, पृ. १६।

व्यक्तिको गँसोट देखापर्दछ । प्रस्तावित नेपाली कविताको प्राचीनतम रूप रथालिदैको अंशमा पाइन्छ । उक्त पूर्वार्धमा पनि सिङ्गै रासकोटी वंश कविता ठहरिन्न, केवल मलयबम्मसँग सम्बन्धित अंश मात्र कविता मानि नेपाली कविताको सबैभन्दा जेठो नमूना मानिएको हो सोही अंशलाई ।

बालकृष्ण पोखे्रलको उपर्युक्त प्रस्तावअनुसार यसै कविताबाट नेपाली कविताको प्रारम्भ भएको हो । यस कविताको विषयवस्तु मलयबम्मको वीरता वर्णन गर्नु रहेको छ ।

नेपाली कविताको सबभन्दा पुरानो रूप खोज्ने क्रम जारी नै रहेको यस कार्यमा मोतीराम भट्टले उठान गरेको अभियानमा बाबुराम आचार्य परे । बाबुराम आचार्यले फराकिलो पारेको गोरेटोलाई चित्तरञ्जन नेपा अझै अगाडि बढाए । नरहरिनाथ र जनकलाई शर्माले त्यस मार्गलाई भि ठोक्काएका हुन्, तर देवकान्त पन्थले त्यस भित्तालाई कोपेर अर्को सुरुङ गरिदिए । यस श्रृङ्खलालाई दिनेशराज पन्त, व्रतराज आचार्यले सानो प्रदान गरे । पूर्णप्रकाश नेपाल पनि केही कोसेली चढाउन उत्सुक देखिन्छ उतातिर सबैभन्दा नवीन खोज प्रस्तुत गरेका छन् बालकृष्ण पोखे्रलले ।

नेपाली काव्यसंसारलाई नयाँ आलोक र आफ्नो इतिहासको सीमा पुर्‍याउने कार्यमा नेपाली अनुसन्धाताहरू कटिबद्ध रहेका छन् । अब ने कविताको सर्वप्राचीन कविताचाहिँ कसलाई मान्नु उपयुक्त हुन्छ भन्ने प्रश्नले का मनमा खुल्दुली मच्चाइरहेको देखिन्छ । यस प्रश्नको उत्तर पूर्वोक्त सन्दर्भ को विवेचनाबाट मात्र दिन सकिने हुनाले अब त्यसतर्फ लागौं ।

२.२.३ प्रथम नेपाली कविता

नेपालीका पूर्वअनुसन्धाताहरूले नेपालीको सबैभन्दा पुरानो कविता नन्ददासको 'पृथ्वीनारायण' हो भनेकोमा अन्वेषकहरूले त्यसमा प्रशस्त म खियाएका छन् । सो कविताभन्दा पुराना कविता फेला परेको कुरा अनुसन्ध हरूले प्रकाश गरेका हुँदा नेपाली कविताका चिन्तकहरूका बीचमा वि किसिमका प्रतिक्रियाहरू देखापरेका छन् । सामान्यतया स्थापित मान्य फिल्ला भत्काउन लेखकहरू तयार छैनन् । जुन वेला सुवानन्ददासभन्दा अगा कविहरू फेला परेका थिएनन्, त्यस वेला सुवानन्ददासलाई नै प्रारम्भ मान्नु स्वाभाविकै थियो । तर जब अरू अनुसन्धाताहरू सुवानन्ददास पूर्व कविहरू फेला परिसकेका छन् भन्ने कुरा लिएर सप्रमाण उपस्थित हुन्छन् तिनीहरूलाई ... ... तलैस कि ? यस्तो देखिन्छ ।

नेपाली साहित्यमा सुवानन्ददासलाई चिनाउने काम नरहरिनाथ र जनक-लाल शर्माले गरे। उनीहरूको प्रस्तावलाई कमल दीक्षितले अत्यन्त उत्साहका साथ नेपाली कवितामा स्थान दिए।[४१] कवि सुवानन्ददासको आगमनले नेपाली अन्वेषकहरूलाई ठूलो उत्साह प्राप्त भयो। खोज्दै गयो भने अवश्य पनि अरू सुवानन्ददासहरू फेला पर्छन् भन्ने विश्वाससाथ नेपाली खोजकर्ताहरू अग्रसर हुन थालेका हुन्। एकातिर सुवानन्ददासपूर्वको नेपाली कविता खोज्ने क्रम जारी रह्यो भने अर्कातिर सुवानन्ददासको कवितालाई विभिन्न कोणबाट मूल्याङ्कन गर्ने क्रम पनि जारी नै रह्यो। सुवानन्ददासको कवितालाई 'पृथ्वीनारायण' शीर्षक दिई प्रकाशित गर्ने कमल दीक्षित, देवकान्त पन्थद्वारा खोजिएको डोटेली लोक-साहित्यका अपौरुषेय संस्कार गीतहरूलाई नेपाली साहित्यका सर्वप्राचीन कविता-को पङ्क्तिमा उभ्याउने जमर्कोमा लागेका छन्।[४२] सुवानन्दादासलाई नेपाली साहित्यका प्रथम कवि मान्नेहरूमा केशवप्रसाद उपाध्यायको मत पनि विचारणीय छ– "आज नेपाली कविताको लिखित इतिहास सुवानन्ददासदेखि प्रारम्भ गर्दा पनि न पुग दुई शताब्दीको हुन आउँछ र गद्यको इतिहास अभिलेखहरूबाट थाल्दा ...३ वर्ष औ पृथ्वीनारायण शाहको दिव्योपदेशबाट थाल्दा दुई शताब्दीकै हुन आउँछ। यसरी कविता खण्डमा सुवानन्द (र शक्तिवल्लभ पनि) को पृथ्वीस्तुति र गद्य खण्डमा दिव्योपदेश नेपाली साहित्यको लिखित रूपका प्रस्थानविन्दु बनेका छन्।[४३]

सुवानन्ददासलाई नेपाली कविताका प्रारम्भविन्दु मान्दै इतिहासकार तारानाथ शर्मा लेख्तछन्– हुन पनि सुवानन्ददासले पृथ्वीनारायण शाहको जयगान गाएको र शक्तिवल्लभ अर्ज्याल पृथ्वीनारायण शाहका दर्वारिया

ठाकुर पराजुली, नेपाली साहित्यको परिक्रमा, पूर्ववत्, पृ. ११४, "सुवा-नन्ददासको यस कवितालाई सर्वप्रथम योगी नरहरिनाथ र जनकलाल शर्माले खोजी गरी उनीहरूले इतिहास प्रकाशमण्डलबाट २०१२ मा प्रकाशित इतिहास प्रकाशको अङ्क १, पृष्ठ १६६ (क) मा एउटा पुरानो कागजका रूपमा प्रकाशित गराएका थिए। पछि कमल दीक्षितबाट सोही कागजलाई बुइँगल (२०१८) मा 'पृथ्वीनारायण' शीर्षक दिई कविताका रूपमा प्रकाशित गराइयो।"

कमल दीक्षित, बुइँगल, पूर्ववत्, पृ. ४३७।

केशवप्रसाद उपाध्याय, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति, काठमाडौं, साझा प्रकाशन, (दो. सं.), २०४२, पृ. १।

पण्डित भएको कुराबाट नेपालीका यी आजसम्म फेला परेकामा सबभन्दा पुरा
पद्यकारहरू पृथ्वीनारायण शाहकै समकालीन मानिन्छन् ।[४४]

गणेशबहादुर प्रसाईंले पनि सुवानन्ददासलाई पृथ्वीनारायण शाहका
कालीन र शक्तिवल्लभभन्दा अगाडिकै हुन् भन्ने धारणा राखेका छन्-

"यी सुवानन्ददास निश्चित रूपमा पं. शक्तिवल्लभ अर्ज्यालभन्दा अगाडि
कवि हुन् अनि आजसम्म ज्ञात भएका आधारमा नेपाली साहित्यका प्र
कवि हुन् ।"[४५]

सुवानन्ददासलाई प्रथम नेपाली कवि मान्ने इतिहासकारद्वय दयाराम
र मोहनराज शर्मा सुवानन्ददासको परिचयका साथ उपस्थापित गर्दछन्- "
अहिलेसम्म फेला परेका नेपालीका पहिला कवि हुन् । यिनको खास कि
उपलब्ध छैन । यिनको केही चिनारी दिने एक मात्र साधन यिनकै उपलब्ध ए
कविता हो । कविताले यिनी नुगाका निवासी, जातका नेवार, निर्धन र पति
हीन थिए भन्ने जानकारी दिन्छ ।... सुवानन्ददासको उपलब्ध एक मात्र क
लाई 'पृथ्वीनारायण' शीर्षक दिइएको छ । ठर्रा नेपाली शब्द र अनुप्रास, उ
रूपक जस्ता अलङ्कारको प्रयोग भएको यिनको कविता युद्ध झैं गडगड
खालको छ ।[४६]

सुवानन्ददास नेपाली साहित्यका एक महत्त्वपूर्ण कवि थिए । उनले पृ
नारायण शाहका शासनकालका विशेषताहरू देखेका थिए । पृथ्वीनारायण शा
नेपाल एकीकरण युगकै आवश्यकता थियो । पृथ्वीनारायणको वीरता, शौ
रणकौशल र दूरदर्शिता देखेरै सुवानन्ददासले कविता शैलीको उक्त रचना
हुन् । त्यसमा थप उनका केही वैयक्तिक आशा वा आकाङ्क्षा पनि गाँसिएका
हुन् । यी कुरामा शङ्का गर्न सकिँदैन । यहाँ त सुवानन्ददास नेपालीका प्रथम
हुन् होइनन् ? भन्ने प्रश्न नै प्रमुख रूपले उभिएको छ ।

४४. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, काठमाडौं, स
प्रकाशन, (दो. सं.), २०३९, पृ. ११ ।

४५. गणेशबहादुर प्रसाईं, सुवानन्ददासदेखि राजीवलोचनसम्म, काठ
साझा प्रकाशन, २०४४, पृ. ३ ।

४६. डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इ
ललितपुर, साझा प्रकाशन, २०३९, पृ. ३२ ।

विद्वान्हरूका उपर्युक्त विवेचनबाट नेपाली कविताका प्रथम कवि सुवानन्ददास नै हुन् भन्ने देखिएको छ । तर प्रत्येक जसो अनुसन्धाताले आफूलाई माफमै राखेर निर्णय दिएका छन् । ताराभाथले 'फेला परेकामा सबैभन्दा पुराना' भने । गणेशबहादुर प्रसाईंले 'ज्ञात भएका आधारमा नेपाली साहित्यका प्रथम कवि' माने । दयाराम श्रेष्ठ र मोहनराज शर्मालि पनि 'अहिलेसम्म फेला परेका नेपालीका पहिला कवि' भनेका हुँदा प्रमुख अनुसन्धानकर्ता र चिन्तकहरूको विचारमा सुवानन्ददासभन्दा पूर्व पनि नेपाली कविहरू फेला पर्न सक्ने सम्भावनाको ढोकालाई सधैं उघारै राखेको देखिन्छ । यस सतर्कतालाई विद्वान् अनुसन्धाताहरूको सचेतताको उदाहरण दिन सकिन्छ भने भविष्यका अनुसन्धाताहरूका लागि मार्ग प्रशस्त गरिएको संकेत मान्न सकिन्छ ।

अनुसन्धानको कार्य अविरल रूपमा चलिरहने प्रक्रिया हो, यसमा कहिल्यै पनि पूर्णविराम लाग्दैन । नयाँ उत्साह र सम्भावना बोकेका अनुसन्धाताहरू यस कार्यमा सदैव प्रवृत्त भइरहन्छन् । उनीहरूका यस्ता परिश्रमपूर्ण खोजले निश्चय नै वाङ्मयमा सकारात्मक उपलब्धिहरू प्राप्त हुन्छन् भन्ने अपेक्षा राखिएको हुन्छ ।

सुवानन्ददासभन्दा अगाडि पनि नेपाली कविताको अस्तित्व फेला पार्न सकिन्छ भनेर नेपाली कविताका फाँटमा अग्रसर हुने पहिला व्यक्ति हुन् देवकान्त पन्थ । उनले वि. सं. २०३२ सालमा डोटेली लोकसाहित्यको अध्ययन गरे । डोटी, डडेलधुरा आदि क्षेत्रको अध्ययन गर्दा उनलाई नेपाली लोकसाहित्यको अस्तित्व पन्ध्रौं शताब्दीसम्म पुगेको अनुमान भएको छ । उनका विचारमा वि. सं. १४६९ को 'रिपुमल्लको चाँचरी' नै प्रथम नेपाली कविता हो ।

उनका खोज र अनुसन्धानले नेपाली साहित्यको प्रथम कवितासम्बन्धी धारणामा पुनर्विचार गर्न सहयोग पुऱ्याएको छ ।

यसै गरी दिनेशराज पन्तले वि. सं. २०३८ सालमा श्री ५ पृथ्वीनारायण शाहसम्बन्धी पद्यको प्रकाशन गराएका छन् ।[४७] यस पद्यका रचयिता पृथ्वीनारायण शाह हुन् भन्ने अनुमान गरिएको छ । यस कवितालाई दयाराम श्रेष्ठले आफ्नो नवीनतम 'वीरकालीन कविता' का संस्करणमा 'फिरङ्गानते फिरङ्गी' शीर्षक राखी सङ्कलन गरेको देखिन्छ ।[४८] पृथ्वीनारायण शाहद्वारा रचित अर्को

---

४७. दिनेशराज पन्त, श्री ५ पृथ्वीनारायण शाहसम्बन्धी अप्रकाशित पद्य, 'पारिजात' ३।२, पूर्णाङ्क १२, वि. सं २०३८, पृ. ४६–५० ।

४८. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. १३४–१३५ ।

कविता व्रतराज आचार्यले वि. सं. २०४२ सालमा 'गरिमा' पूर्णाङ्क ३८मा प्रकाशित गराएका छन् । यस कवितालाई पनि 'वीरकालीन कविता' मा 'बाबा नरभूपाल शाहको दुहाई' शीर्षक बिई समावेश गरिएको छ ।[४९] वि. सं. २०४ सालमा प्रकाशित 'नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन' नामक ग्रन्थले पृथ्वीनारायण शाहलाई साहित्यस्रष्टाका रूपमा संस्थापित गरेको छ ।[५०] यस ग्रन्थका अनुसार पृथ्वीनारायण शाहका रचना-कृतिलाई तीन परम्परामा विभाजित गर्न सकिन्छ– १. नेपाली परम्परा दिव्योपदेश, २. संस्कृत परम्परा–व्रतरत्नमाला, ३. सन्तपरम्परा–गोरखनाथ स्तुति ।

उपर्युक्त प्रमाणहरूका आधारमा पृथ्वीनारायण शाह पनि एक जना साहित्य स्रष्टा रहेछन् भन्ने कुरा सिद्ध भएको छ ।

पृथ्वीनारायण शाहलाई साहित्यकारमा मान्यता दिंदा उनले रचना गरेको समयका सम्बन्धमा पनि विचार गर्नुपर्ने देखिन्छ । पृथ्वीनारायण शाह वि. सं. १७९९ मा गोर्खाको राजसिंहासनमा बसे । उनले नेपाल एकीकरणको कार्यलाई सर्वाधिक महत्त्व दिएका थिए । नेपाल एकीकरणकै सन्दर्भमा वि. सं. १८२५ आश्विन १३ गते पृथ्वीनारायण शाहले काठमाडौंको राज्य आफ्नो हातमा पारे। यसै वर्षको आश्विन २४ गते पाटन र वि. सं. १८२६ को कार्तिक २८ गते भादगाउँ जितेर पृथ्वीनारायण शाहले उपत्यका आफ्नो अधीनमा लिएका थिए। त्यसपछि पनि पृथ्वीनारायण शाह बाँकी रहेका प्रदेशहरूमा आफ्नो विजय अभियान सञ्चालन गर्ने कार्यमै प्रवृत्त भइरहे । वि. सं. १८३१ साल माघ १ गते पृथ्वीनारायण शाहको देहावसान भयो ।

पृथ्वीनारायण शाहको जीवनी र कार्यहरूको समीक्षा गर्दा के देखिन्छ भने उनको जीवन सदैव संघर्षमय रहिरह्यो । यस्ता व्यस्तता र युद्धका डरलाग्दा कार्यहरूसँग संबद्ध व्यक्तिले साहित्यजस्तो सुकोमल भावधारालाई कसरी धारा दिन समर्थ भए होलान् ? भन्ने प्रश्न एकातिर छ । अर्कातिर पृथ्वीनारायण शाह एउटा भावुक व्यक्ति भएकै कारणबाट उपत्यकाका शक्तिशाली र वैभव सम्पन्न (गोर्खाको तुलनामा) राज्यहरूलाई जित्ने परिकल्पनालाई साकार रूप दिन उनले नेपाल एकीकरणको कार्यलाई दिलोज्यानले अगाडि बढाए भनिन्छ। यस

४९. ऐजन, पृ. १३६–१३७ ।

५०. दयाराम श्रेष्ठ, नेपाली साहित्यको विकासमा शाहवंशको देन, काठमाडौं श्री ५ को सरकार, सञ्चार मन्त्रालय, वि. सं. २०४४, पृ. २६ ।

विजय अभियानका समयमा उनले कति पटक निराश पनि हुनुपर्‍यो भने कति पटक आशाका भावनाले उत्साहित पनि बन्न पुगे । पृथ्वीनारायणले रचेका कृतिहरूमध्ये गोरखनाथको स्तुतिले गोरखनाथबाट आत्मबल प्राप्तिको कामना गरिएको पाइन्छ । यस स्तुतिपद्यमा मच्छिन्द्रनाथको रूपमा, शिवको रूपमा समेत गोरखनाथको स्तुति गाइएको छ । यस पद्यको रचना पृथ्वीनारायण शाहले कुन मितिमा लेखे, किटान गर्न सकिँदैन । तापनि विजय अभियानका क्रममा आत्मबल प्राप्त गर्ने हेतुले उनले यस पद्यलाई गाउने गरेका हुन् कि भन्ने अनुमान गर्न सकिन्छ । यसैले यस पद्यको रचना वि. सं. १८२४ देखि १८२६ सम्ममा भइसकेको अनुमान हुन्छ । विशेषरूपले निराशामा वा कुनै विशिष्ट कुरा प्राप्ति गर्ने सन्दर्भमा मानिसका मनमा यस किसिमका भावमय सङ्कल्पहरू उत्पन्न हुने गर्दछन् । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका जित्ने एउटा विशिष्ट सङ्कल्प लिएका हुनाले उनका मनमा यस्ता भावमय सङ्कल्प भजनहरू उत्पन्न हुनु स्वाभाविकै हो ।

पृथ्वीनारायण शाहपूर्व सत्रौं शताब्दीको उत्तरार्ध वा अठारौं शताब्दीको पूर्वार्धको रत्नाकर पण्डितको गीत फेला पारेको कुरा पूर्णप्रकाश नेपालले वि सं. २०३४ सालमा 'सेतीका तारा' मा प्रकाशित गरेको र सो कवितालाई दयाराम श्रेष्ठले वीरकालीन कविताको परिशिष्ट खण्डमा समावेश गरेको देखिन्छ ।[५१]

वि. सं. २०४६ मा बालकृष्ण पोखरेलले नेपाली साहित्यको सर्वप्राचीन कविता भनी वि. सं. १४५० को विष्णुदास आचार्यको 'बडेराजा मलयवर्म'को खोजी गरी प्रकाशित गरेका छन् । यस कवितालाई दयाराम श्रेष्ठले 'वीरकालीन कविता'को परिशिष्ट खण्डमा प्राक्कल्पनाका रूपमा स्थान दिएका छन् ।

यसरी यी प्रस्ताव र स्थापनाहरूका माझमा के कति सत्यता छ, सुवानन्ददासभन्दा अगाडिका कवि कुन हुन् भन्ने प्रश्नको समाधान उपर्युक्त प्रस्तावकै आधारमा खोज्नुपर्ने देखिन्छ । यी प्रस्ताव र स्थापनाहरूमध्ये पृथ्वीनारायण शाह विरचित गोरखनाथ स्तुति, फिरंगानते फिरंगी र नाना नरभूपाल शाहको दुहाई शीर्षकका पद्यहरू कुनै न कुनै रूपले पृथ्वीनारायण शाहसँग सम्बन्धित रचना हुन् भन्ने कुरा स्पष्ट देखिन्छ । यी पद्यहरू हेर्दा पृथ्वीनारायण शाह पनि कवि हृदय भएका रहेछन् भन्ने कुराको पुष्टि भएको छ । यस कुरालाई दयाराम श्रेष्ठले पनि स्वीकारेका छन्– 'गोरखनाथ स्तुतिले उनलाई एक कविको रूपमा प्रतिष्ठापित

५१. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. ११२ ।

गरेको'[५२] त्यस्तै फिरंगानते फिरंगी र बावा नरभूपाल शाहको दुहाई सम्बन्धमा पनि 'यी दुवै कृतिहरू पृथ्वीनारायण शाहका हुन् भन्ने प्रमाणित हुन् तापनि भविष्यमा विद्वान्हरूबाट यसबारे विमर्श र मीमांसा हुने अपेक्षा'[५३] गरि को कुरा स्पष्ट रूपले उल्लेख गरिएको हुँदा पृथ्वीनारायण शाहको कवित्वमा प्रश्नचिह्न लगाई रहनु नपर्ला ? पृथ्वीनारायण शाह कवि हुन्, उनले केही भ र केही तात्कालिक स्थितिका सम्बन्धमा कवितात्मक उद्गारहरू प्रकट गरे आफ्नो भावमय अभिव्यक्तिलाई प्रस्तुत गरेका हुन् । पृथ्वीनारायण शाह कविताको भाषाचाहिँ हिन्दी र ब्रज मिश्रित नेपाली रहेको छ । कुनै पङ्क्ति शुद्ध नेपाली रूप पनि फेला पर्दछ भने कुनै पङ्क्तिमा चाहिँ सन्त भाषाको प्रयो पाइन्छ ।

पृथ्वीनारायण शाहलाई कविका श्रेणीमा उपस्थापित गरेपछि निश्चय उनलाई सुवानन्ददासभन्दा पछाडि राख्न सकिँदैन । सुवानन्ददासको कवि वि. सं. १८३० —३१ तिरको मानिएको छ । पृथ्वीनारायण शाह वि. सं. १८ मा परलोक भइसकेका र उनका काव्यको उत्कर्षकाल करीब १८२४ - २६ बीच हुनु धेरै हदसम्म सम्भव देखिएको हुनाले पृथ्वीनारायण शाहलाई सुवा दासपूर्वका कवि मान्नुपर्ने देखिन्छ ।

पूर्णप्रकाश नेपालले खोजेका रत्नाकर पण्डितको गीतका सम्बन्धमा विद्वा हरू माफ अझै चर्चा परिचर्चाको आवश्यकता देखिन्छ । यस गीतमा प्रयुक्त भनि र भाषाले अझै ठोस प्रमाणहरू खोजेका छन् । लोकगीतलाई कतिसम्म पुरा मान्न सकिएला ? समय समयमा यस्ता लोकगीतहरूमा अवान्तर भेदहरू घुसा र मूल स्वरलाई बराल्दछन् । यसले यस्ता लोकगीतहरूलाई ठोस प्रमाण अभावमा शताब्दियौं पुरानो सामग्री मान्न सकिँदैन । हुन त विद्वान् अनुसन्धाता ठूलो परिश्रम गरी यस्ता गीतका ऐतिहासिकतालाई उपस्थापित गराउने प्र गरेका छन् तर भावनामा बगेर मात्र कुनै कुरा प्रमाणसिद्ध हुन सक्तैन । लो गीतका सन्दर्भमा यिनको चर्चा सान्दर्भिक ठहरिनेछ ।

देवकान्त पन्थद्वारा प्रस्तुत रिपुमल्लको चाँचरी पनि एउटा लोक कवि हो । लोक जीवनमा छरिएका यस्ता अमूल्य रत्नहरूलाई बटुल्ने काम

५२. दयाराम श्रेष्ठ, नेपाली साहित्यको विकासमा शाहवंशको देन, पूर्वव पृ. २६ ।

५३. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. १०६ ।

शंसनीय हो । यस कार्यमा पन्थले गरेको परिश्रमलाई नेपाली साहित्यले ठूलो उपलब्धि ठान्दछ । यति हुँदाहुँदै पनि रिपुमल्लको चाँचरी वा अपौरुषेय भनिएका लोककाव्यलाई ऐतिहासिकताका कोटीमा पुऱ्याएर नेपाली साहित्यको प्रथम कविताचाहिँ मान्न अप्ठ्यारो देखिन्छ । पन्थद्वारा आफ्ना मतको उपस्थापनाका लागि उठाइएका तर्कहरू मननीय छन् । रिपुमल्लको समय शाके १३३४ हो भन्ने नको प्रमाण उपयुक्त हुन सक्छ, तर रिपुमल्लको चाँचरी पनि त्यति नै पुरानो हो भन्न कठिन पर्दछ । कुनै पनि महान् व्यक्तिका महान् चरित्रमा आधारित घटनाहरूलाई कविहरूले जहिले पनि काव्य वाणी दिन सक्तछन् । ती महान् चरित्रहरू कुनै न कुनै रूपमा जनमानसमा आइरहेका हुन्छन् । त्यस्ता चरित्रलाई कविले वाणी दिनु स्वाभाविक पनि हुन जान्छ । अझ लोककाव्यको निर्माणमा त त्यस्ता कुराहरू भई नै रहन्छन् । नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रमा गएर खोज्ने हो भने यस्ता अनगिन्ती गीतहरू भेटिन्छन् जसलाई वर्तमान नेपालको तुलनामा दुइहजारवर्ष पुरानो हो भने पनि पत्याउनुपर्दछ । वास्तवमा सुदूर पश्चिमाञ्चलका डोटी, डडेलधुरा, बझाङ, अछाम र बाजुरा जस्ता जिल्लाका ग्रामीण क्षेत्रमा यस किसिमका गीत, चाँचरी, चैत, ढुस्को, भोलाउलो, भुवो, डेउडा प्रशस्त पाइन्छन् । यहाँको लोकसाहित्य अत्यन्त सम्पन्न छ । यहाँ विविध विषयवस्तुका रचना पाइन्छन् । ती रचनालाई संग्रह गरी त्यस क्षेत्रमा नपुगेका मानिसहरूलाई आस्वादन गराउने अन्वेषक देवकान्त पन्थको परिश्रमलाई जति नै प्रशंसा गरे पनि अपूर्ण नै हुन्छ । तर यी लोकगीतलाई भावनाका भेलमा बहकिएर पन्ध्रौं शताब्दीका मान्नुचाहिँ उपयुक्त हुँदैन । यस किसिमको प्रयत्न पूर्णप्रकाश नेपाल र जय चालिसेहरूबाट पनि भइसकेको छ । यिनीहरूको बहुत ठूलो मूल्य छ– लोकसाहित्यका दृष्टिमा, हाम्रा सांस्कृतिक विशेषताहरूको अध्ययनमा र ऐतिहासिक घटनाहरूको विवेचनाका सन्दर्भमा ।

उपर्युक्त चर्चाबाट सुवानन्ददास पूर्वपृथ्वीनारायण शाह मात्र नेपाली कविताका स्रष्टा ठहरिन आएका देखिदादेखिदै बालकृष्ण पोखरेलका प्रयत्नबाट विष्णुदास आचार्यको नाम पनि विवेच्य बन्न पुगेको छ ।

बालकृष्ण पोखरेलले वि. सं. २०४६ सालमा नेपाली साहित्यको सर्वप्राचीन कविता भनेर विष्णुदास आचार्य लिखित बडेराजा मलयवम्मलाई अघि सारेका छन् । यस अनुसन्धानमा प्रशस्त विचारणीय कुराहरू छन् ।

प्रथमतः प्रस्तावित कविता बालकृष्ण पोखरेलले हालसालै देशको कुनै भूभाग भित्र फेला पारेको नभई योगी नरहरिनाथलगायत विभिन्न इतिहासकारहरूले

रासकोटी राजाहरूको वंशावली भनी फेला पारेको वाङ्मयमा भेटिएको वै
यस कविताको मूल रूपचाहिँ वंशावली रहेछ भन्ने स्पष्ट भयो।
साथै प्रस्तावित वंशावली हालसालै लेखेको नभई योगी नरहरिनाथ
इतिहासमर्मज्ञ विद्वान्हरूले पनि प्राचीन नै ठहऱ्याएको रहेछ भन्ने प्रा
भएको छ। यस प्रस्तावित कविताको उपस्थापन गर्दै बालकृष्ण पोख्रेलले
तर्कहरू पनि मननीय नै देखिन्छन्। उनले भनेका छन्– 'सुवानन्ददासको
नारायण' भन्ने कविता पनि ऐतिहासिक सामग्रीबाट चित्तरञ्जन नेपालीको
आँखाले फेला पारेका हुँदा नेपाली साहित्यको गौरवमय प्रारम्भ बिन्दुलाई
सय वर्ष पछि पुऱ्याउन सकिएको हो। यदि चित्तरञ्जन नेपालीले सुवानन्द
पृथ्वीनारायणलाई नचिनेका भए त्यो कविता पनि इतिहासको गर्भमा
सामग्रीकै रूपमा थन्किरहने थियो, तर चित्तरञ्जनले त्यसलाई कविताको
प्रतिष्ठा प्रदान गरेका हुनाले त्यो नेपाली साहित्यको महत्तम रचना मानि

बालकृष्ण पोख्रेलका उपर्युक्त भनाइलाई अन्यथा ठान्न सकिँदैन। प्र
'कविता' लाई पनि इतिहासका गर्भबाट निकालिएको हो। यो पनि ऐति
सामग्रीकै रूपमा मात्र रहेको थियो। त्यही ऐतिहासिक सामग्रीलाई क
मनन, चिन्तन र पुनर्निरीक्षण गरी एउटा रसिलो 'कविता' लाई बा
पोख्रेलले नेपाली भाषामा लेखिएको सर्वप्राचीन कविता मान्ने आँट गरेका
उनको आँट मनन र प्रस्तुतिलाई हेर्दा उनका विचारहरू असत्यजस्ता लाग्
उनका प्रस्तावमा निम्न कुरा प्रमाणित भइसकेका छन्–

१. रासकोटी राजाहरूको वंशावली एउटा ऐतिहासिक सामग्री हो,
२. यस वंशावलीलाई योगी नरहरिनाथजस्ता इतिहासमर्मज्ञ विद्वान्हरू
ऐतिहासिक सामग्रीका रूपमा मान्यता दिइसकेका छन्,
३. यस वंशावलीको एक खण्डको लेखन विष्णुदास आचार्यले गरेका
बालकृष्ण पोख्रेलको नवीन प्रस्ताव पोख्रेलकै पाँच सय वर्षमा उ
मेदिनीवर्मा राउलाको वि. सं. १४५० को ताम्रपत्रका लेखक पनि वि
आचार्य नै हुनुले प्रमाणित गरेको छ।[५४]
४. बालकृष्ण पोख्रेलद्वारा प्रस्तावित 'कविता' का नायक मलयवर्मा
बम्म) वि. सं. १४५० का मेदिनीवर्माका बाबु भएको कुरा इति
देखिन्छन्।

---

५४. बालकृष्ण पोख्रेल, **पाँच सय वर्ष**, पूर्ववत्, पृ. ५४।

प्रस्तावित कविता वंशावलीको अंश हो । यो कविता लेख्ने अभिप्रायपूर्वक खिएको नभई वंशावलीअन्तर्गत लेखिएको देखिन्छ । यस सन्दर्भमा अभिप्राय-र्वक नलेखिएको रचनालाई कविता मान्नु उपयुक्त हुन्छ हुँदैन भन्ने कुरा विचार-णीय छ । यस कुराको उत्तर पनि प्रस्तावक अनुसन्धाताले नै दिएका छन् । खरेलका विचारमा भानुभक्त आचार्यले पनि कविता लेख्ने उद्देश्य नराखी मको भक्ति भावना प्रकट गर्ने उद्देश्यद्वारा रामायणको रचना गरेका र त्यस हाकाव्यलाई हामीले नेपाली काव्यको उत्कृष्ट उपलब्धि मानेको हुँदा विष्णुदास चार्य (विष्णुपद) लिखित 'बडेराजा मलयवम्म' लाई पनि कवितात्मक उप-ब्धि नै मान्नुपर्छ भन्ने उनको तर्क छ । यस तर्कलाई पनि अन्यथा मान्न कदैन । हुन पनि हामीले अहिलेसम्म सबैभन्दा पुरानो मानेको सुवानन्ददासको क्ष्मीनारायण' पनि कविता लेख्ने अभिप्रायबाट लेखिएको कविता होइन । यो इतिहासकै सामग्री हो, जसलाई चित्तरञ्जन नेपालीले चिने र कमल क्षितले आफ्नो संग्रह 'बुइँगल' मा कवितात्मक रूप दिने आँट गरे । उनको आँट स्तुतिले आज यस कविताले नेपाली साहित्यलाई अलंकृत गरिरहेको छ ।

अनुसन्धान शाश्वत प्रक्रिया हो । यसको द्वार सदैव खुला रहन्छ । यस श्रमपूर्ण र चुनौतीपूर्ण कार्यमा ज्यादै थोरै अनुसन्धाताहरू लागेका हुन्छन् । सन्धानमा लाग्नेहरूले पनि नवीन तथ्यहरू भेटाउन कठिन पर्दछ । त्यसपछि एका सामग्रीहरू पनि कुनै अपूर्ण हुन्छन्, कुनै चाहिँ प्रमाणको अभावमा ऐति-सिक बन्न सक्तैनन् । तिनीहरूको उपस्थिति स्थायी उपलब्धि मानिन सक्तैन । कुनै कुनै चाहिँ अनुसन्धानले इतिहासकै पानालाई प्रभावित पार्दछन् । मानिँदै को कुरा अमान्य पारिदिन्छन् । स्थापित मान्यतालाई परिवर्तन गरिदिन्छन् ानिसहरूलाई एउटा नयाँ मार्ग देखाइदिन्छन् । यसरी स्थापित भइसकेको ता फेर्नुपर्दा मानिसहरू निश्चय नै अप्ठ्यारो मान्दछन् । त्यस सम्बन्धमा तर्क र वितर्कहरू निकाल्दछन्, तर सत्य सधैं सत्य नै हुन्छ, त्यसलाई दिन सबैले स्वीकार गर्नै पर्दछ ।

बालकृष्ण पोखरेलद्वारा प्रस्तावित नेपाली साहित्यको सर्वप्राचीन कविता त्यस्तै हो । यसलाई अहिलेसम्म फेला परेका नेपाली कविताहरूमा सबैभन्दा नो कविता हो भन्न कुनै अप्ठ्यारो देखिँदैन । यसलाई नेपाली अनुसन्धाता-बाट विवेचना गर्नुपर्दछ र मान्यता प्रदान गर्नुपर्दछ । यस अनुसन्धानका सिलामा 'बडेराजा मलयबम्म' लाई प्राग्भानुभक्तीय काव्यको महत्त्वपूर्ण मानिएको छ ।

यस कविताका विषयमा अहिलेसम्म एक मात्र समालोचना डा. दयाराम

श्रेष्ठले लेखेका छन् । यस समालोचनामा दयाराम श्रेष्ठका तर्कहरू मननीय दयाराम श्रेष्ठद्वारा उठाइएका प्रश्नहरूप्रति प्रत्येक समीक्षकहरूले विचार उनैपर्छ । 'बडेराजा मलयवम्म' र 'विष्णुदास आचार्य' भए भन्ने कुरा बा पोखरेलद्वारा समाधानको अपेक्षा खोज्दछन् । 'बडेराजा मलयवम्म' मा 'भै को वर्णन अतिशयोक्तिपूर्ण छ भन्ने कुरा पनि विचारणीय देखिन्छ । अर्को मह कुरा 'बडेराजा मलयवम्म' मा प्रयोग भएको 'काठमाडौँ' शब्दको प्रयो स्पष्टीकरणको अपेक्षा राख्दछ । यी कुराहरू हेर्दा डा. दयाराम श्रेष्ठले गरेजस्तै कुनै प्रशस्ति गायक हुड्केहरूद्वारा गाइएको राजवंश र स्तुतिगान त होइन भन्ने प्रश्न पनि कम महत्त्वपूर्ण छैन । जे भए पनि अनु परम्पराले यस कुरालाई टुङ्ग्याउने छ । हाललाई बालकृष्ण पोखरेलकै लाई दयाराम श्रेष्ठका अनुसार अनुकल्पनात्मक रूपमा प्रथम कविता गर्दै नेपाली भाषाको सर्वप्राचीन कविता 'बडेराजा मलयबम्म' मानिएको छ । यही नै हालसम्म फेला परेको सबैभन्दा पुरानो कविता हो ।

२. ३ प्रथम नेपाली कविताको विशेषता

२. ३. १ विषयवस्तु

नेपाली भाषाको सबैभन्दा पुरानो कविता कवि विष्णुदास आचार्य 'बडेराजा मलयबम्म' हो । यस कविताका अन्वेषक बालकृष्ण पोखरेल हुँ कवितामा रासकोटका राजा मलयवम्मका शौर्य र वीरत्वको वर्णन गरि यो वर्णन निकै अतिशयोक्तिपूर्ण छ ।

यस कवितामा मलय वम्मले आकाश, पाताल, पूर्व, पश्चिम, उत्त आदि सबैतिर जितेर खाडाचक्रको दरबार पुगी राजतिलक प्राप्त गरे छ । उनले यसै देशमा मानसरोवर, हरिद्वार, अलकानन्दा, भागीरथी दर्शाए । मलय वम्मले दिल्ली, जोधपुर, बदरीनारायण, हरिद्वार, चीन नारिउल, सिउकान, काशी आदि क्षेत्रमा आधिपत्य जमाए । त्यस्तै कोटमा पुगी संकट पाए । नेपाल काठमाडौँ पुगी पशुपतिमा गुर्जा चढाए दाङ, सिरञ्जी, तुगल, मुगल, डोटी, गढुवाल, गगुचे आदि प्रदेशमा प्राप्त गरे । ठाउँ ठाउँका राजाले यिनको आधिपत्य स्वीकारी विभिन्न उपहार दिए । यिनले पनि आफ्नो राज्यका चारैतिर साँध सीमाना खाडाचक्रको दरबारमा गई राजतिलक प्राप्त गरे ।

यस कवितामा मलयबम्मको अतिशयोक्तिपूर्ण वर्णन भएकोले कवितामा वर्णित विषयलाई सत्यताका कसीमा घोट्नु आवश्यक छैन । राजा मलयबम्मले ठूलो महत्त्वाकांक्षा राखेका रहेछन् भन्ने स्पष्ट छ । यो आकांक्षा पनि उनको नभई कविको हुन सक्छ । राजाबाट पुरस्कार पाउने आशाले अथवा कुनै अन्य प्रयोजनबाट भावुक कवि विष्णुदास आचार्यले यस कविताको रचना गरेका होलान् । तत्काल यसलाई कविता पनि नमानी वंशावलीवर्णनकै भावुकतामा उनिएको अभिव्यक्ति मान्न सकिन्छ ।

२. ३. २ भाषा

यस कविताको भाव र भाषा निकै आकर्षक छ । भाषामा सान्दर्भिक कुराहरू सप्रसङ्ग मिलाउन कठिनै पर्दछ । कविताका प्रस्तोता बालकृष्ण पोखरेलले नै त्यस कविताका कठिन शब्दहरू र तिनको अर्थ दिएका छन् । ती कठिन शब्दहरूबाट पनि कविताको निश्चित अर्थ निस्कन गाह्रो छ । शब्द-शब्दको अर्थ ननिस्किए पनि भावार्थचाहिँ निस्कन्छ, जुन उपर्युक्त अनुच्छेदमा व्यक्त भइसकेको छ । उदाहरणका लागि केही शब्दहरू हेरौं–

जन– जुन, खाँडो– खड्ग, प्रकाश्या– पखाले, दरिवार– दरवार, उजुलाया– उज्यालो पारे, मनसुर– मानसरोवर, दोवन्या– पहरा गर्ने, गाड्ु– गढरक्षक सिपाही, हाट– राजधानी ।

कविताका केही पंक्तिहरू यस प्रकार छन्–

"जन राजा मलय बम्मले
आकाश खांडो प्रकाश्या पाताल खांडो प्रकाश्या
प्रथम राजा बडेराजा मलय बम्मले
खाडा चक्र दरिवार उजिलाया
मनसुर लाया देशमै हरिद्वार लाया ।"

कविताका यी पंक्तिहरू श्रुति-मधुर छन् । तर यी पंक्तिहरूमा प्रयुक्त विभक्ति चिह्नहरू भने विचारणीय देखिन्छन् । 'बडेराजा मलयबम्म' मा 'ले' 'बाट' 'भै' 'का' 'पछि' जस्ता अस्वतन्त्र र स्वतन्त्र विभक्तिहरू पाइनुले कविताको प्राचीनतामा केही विचारणीय पक्षहरू जोडेका छन् । हुन त प्रस्तोता बालकृष्ण पोखरेलले यो कुरातर्फ पनि स्पष्टीकरण दिएका छन्

"प्रस्तुत कवितामा कतिपय अरबी-फारसी मूलका शब्दको पनि प्रयोग भएको छ, जुन कुरो मिथिलाका झण्डै समकालीन कवि विद्यापतिको 'कीर्तिलता' मा पनि

पाइन्छ । अतः यसबाट प्रस्तुत कविताको प्राचीनतामा शङ्का गर्न मिल्दैन ।"[५५]

यस कविताका भाषाका सम्बन्धमा पनि बालकृष्ण पोखरेलको मत यस्तो।

"विष्णुदासको भाषा प्राचीन हुनुका साथै खाराचक्रको तत्कालीन भाषि बाट प्रभावित समेत भएकाले कविताका कतिपय शब्द अबोधगम्यसरह छन् ।"[५६]

संक्षेपमा यस कविताको भाषा कतै अबोधगम्य, कतै बोधगम्य, कतै स मिलेको, कतै सन्दर्भ मिल्न नसकेको देखिन्छ । यति हुँदाहुँदै पनि कविता भावार्थले बडेराजा मलयबम्मका साहस, वीरता, शौर्य र पराक्रमको वर्णन छ । कवितामा नेपाल र भारतका कतिपय स्थानवाचक शब्दहरू पाइन्छन्। शब्दले कविका धारणाहरू बुझ्न केही सुगम बनाइदिएका छन् ।

२. ३. ३ शैली

यस कविताको शैली वर्णनात्मक छ । कविले मलयबम्मका विजयो कार्यहरूको वर्णन गरेका छन् ।

कविता लोकलयको 'कविता' शैलीमा उनिएको छ । यसको प्रस्तुति राजाको प्रशस्ति गाउने कुनै चारणद्वारा गाइएजस्तो प्रतीत हुन्छ । यसमा शास्त्र छन्दको अभाव भए पनि एक प्रकारको सांगीतिकताचाहिं अनुगुञ्जित भएको छ

२. ३. ४ प्रवृत्ति

यस कवितामा वीरोचित भावनालाई प्रतिविम्बित गरिएको छ । वीर चरित्र, वीरको कार्य र वीरको विजयोन्मादले कविता सिंगारिएको छ । यसैले कवितालाई वीर प्रवृत्तिभित्र राख्न सकिन्छ ।

नेपाली कविताको थालनी वीरधाराबाटै भएको हो भन्ने पूर्वमान्यता यस कविताले पनि पुष्टि गरेको छ । यस कविताका नायक 'मलयबम्म' छ मलयबम्मकै वीरोचित कार्यहरूलाई कविले वर्ण्य-विषय बनाएका हुनाले कविता प्रवाहशीलता भेटिएको छ ।

२. ३. ५ मूल्यनिरूपण

कविताको सर्वप्राचीन रूप खोज्ने क्रममा फेला परेको यस कविताले ने

---

५५. बालकृष्ण पोखरेल, गरिमा, पूर्ववत्, पृ. २० ।

५६. ऐजन, पृ. १८ ।

कवितालाई पन्ध्रौं शताब्दीसम्म पुरानो बनाएको छ। प्रस्तोता बालकृष्ण पोखरेलको परिश्रमपूर्ण खोजलाई महत्त्वहीन ठान्न सकिँदैन। यसमा चर्चा परिचर्चा गर्नुपर्ने कुराहरूचाहिं धेरै छन्। यस कवितालाई कसैले सप्रमाण नयाँ हो भन्न पनि सक्तछ, किनभने यसमा केही पूर्वचर्चित कुराहरू विवेच्य छँदैछन्। यी सम्भावनाहरू हुँदाहुँदै पनि यस कविताको प्राचीन मूल्य छँदैछैन भन्न पनि सकिँदैन। ऐतिहासिक सामग्रीभित्र लुकेका कुराहरूको पुनर्निरीक्षण र मूल्याङ्कन गरेर यस्ता महत्त्वपूर्ण सामग्रीहरू प्रकाशित हुनु उपलब्धिमूलक कुरो हो।

तृतीय अध्याय

प्राग्भानुभक्तीय नेपाली काव्यका प्रमुख प्रवृत्तिको विवेचना

३.१ साहित्य र समाजको सम्बन्ध

प्रत्येक जातिको आ-आफ्नै संस्कृति, रीतिरिवाज र साहित्य हुन्छ। फुराहरूले त्यस जातिका अभ्युदय अधःपतनका इतिहासलाई चिनाएका हुन्छ नेपाली जातिले मात्र होइन, संसारका प्रत्येक जातिले आफ्नो वैभवलाई सांस्कृ विशिष्टताका आधारमा अभिव्यक्ति दिएका हुन्छन् । यिनै अभिव्यक्तिको अध्यय ती जातिका विशिष्टताहरूलाई केलाउन सकिन्छ। खास गरी साहित्यले त समाज नाडी धुकधुकी नै चाल पाएको, छामेको हुन्छ । यसलाई अझ स्पष्ट शब्दमा हो भने साहित्य र समाजको अन्योन्याश्रित सम्बन्ध हुन्छ। समाजका कति प्रवृत्ति र विशेषताहरूको अध्ययन गर्ने एउटा प्रमुख वस्तु साहित्य हो। कुरामा शङ्का गर्न सकिन्न । समाज सधैं गतिशील रहिरहने हुँदा यसका अतीत साहित्यले नै लिपिबद्ध गरेको हुन्छ र वर्तमानका चालचलन र भविष्यका सं हरूसमेत साहित्यमा अभिव्यञ्जित हुन्छन् । जुनसुकै जातिको इतिहास थाहा पा छ भने त्यस जातिको साहित्य पढ्नुपर्दछ । निश्चय नै साहित्यले समाज र जाति विशिष्ट घटनालाई अनभिव्यक्त रूपमा बस्न दिएको हुँदैन। यस सम्बन्धमा अं साहित्यका प्रसिद्ध लेखक आर्थर क्याम्पटन रिकेटको भनाइ अघि सार्न सकिन्छ

'अंग्रेजी साहित्यको इतिहास एक प्रकारले अंग्रेजी समाजकै आन्त जीवनको इतिहास हो ।'[१]

---

१. डा. दीनानाथ शरण, नेपाली साहित्यका इतिहास, विहार हिन्दी प्रकाशमा पटना, ई. सं. १९७४, पृ. २१३ ।

यस उक्तिको अभिप्राय के हो भने प्रत्येक साहित्य प्रत्येक जातिको पहिचानको अभिलेख हो । यस सम्बन्धमा हिन्दी भाषाका प्रसिद्ध लेखक आचार्य रामचन्द्र शुक्ल पनि भन्दछन्–

'प्रत्येक देशको साहित्यलाई त्यहाँका जनताको चित्तवृत्तिको संचित प्रतिबिम्ब भन्न सकिन्छ ।'[२]

यस कुरामा नेपाली साहित्यका समालोचक रत्नध्वज जोशीको पनि सहमति छ । जोशी भन्दछन्–

'नेपाली साहित्यको इतिहास अर्को शब्दमा भन्ने हो भने नेपाली जीवनको इतिहास हो ।'[३]

यिनै कुरालाई विवेचना गर्दै डा. दीनानाथ शरण यस निष्कर्षमा पुग्दछन्–

'नेपाली साहित्यको इतिहास एक प्रकारले नेपाली समाजको आन्तरिक जीवनको इतिहास हो । यो त्यस समाजका सपनाहरू र आदर्शहरूको गाथा पनि हो ।'[४]

यसरी साहित्य र समाजका सम्बन्धलाई विवेचना गर्दा यी दुवैको अन्योन्याश्रित सम्बन्ध स्पष्ट देखिन्छ । नेपाली साहित्यका विषयमा घोरिँदा यी कुराहरू मननीय रहेको देखिन्छन् ।

३.२ प्राग्भानुभक्तीय नेपाली काव्यका प्रमुख प्रवृत्ति

उपर्युक्त सन्दर्भबाट जातीय विशिष्टतालाई काव्य अथवा साहित्यले प्रतिबिम्बित गरेको हुन्छ भन्ने कुरा थाहा भयो । नेपाली साहित्यमा नेपाली जातिका विशिष्टताहरू प्रतिबिम्बित हुनु स्वाभाविक हो ।

नेपाली साहित्यमा नेपाली जातिको विश्वास, नेपाली जातिको सुख–दुःख र नेपाली जातिका महत्त्वाकांक्षाहरू अभिव्यक्त भएका छन् । नेपाली साहित्य मौखिक परम्पराबाट विकसित हुँदै लेख्य रूपमा आइपुग्दा नेपाली जाति वीरता र शूरताका निमित्त सुख्यात भइसकेको थियो । यस अतिरिक्त धार्मिक विश्वास, सदुपदेश, नीति, आचरण र कर्तव्याकर्तव्यका बोधबाट प्रभावित हुँदै आएको हुँदा यस जातिमा उत्साह, समता, दया, दाक्षिण्य र शौर्यमूलक भावहरू स्थापित हुन

---

२. डा. दीनानाथ शरण, ऐजन, पृ. २१३ ।
३. ऐजन, पृ. २१३ ।
४. ऐजन, पृ. २१३ ।

लागे। यिनै कुराहरूले प्राग्भानुभक्तीय नेपाली काव्यलाई सामल प्रदान गरे पनि थिए। प्राग्भानुभक्तीय नेपाली काव्यकालमा क्रमशः विविध प्रवृत्तिको उ हुनामा यिनै कुराहरू कारक तत्त्वका रूपमा रहेका छन्। हुन त यी कुरा भावगत आधारमा समेटिएका हुन्। वस्तुगत आधारमा हेर्दा पनि जातीय सङ्क प्राकृतिक प्रकोप, समाज विचलनका समस्या, जातीय आक्रमणको भय, वंश रक्ष का समस्याजस्ता अनेकौं कुराले उत्पन्न गराएका सङ्कटबाट मानिसमा विवि अनुभवहरू समेटिने हुँदा प्राग्भानुभक्तीय नेपाली काव्य निर्माणका सन्दर्भ उपर्युक्त स्थितिहरू नआएका होइनन्। यिनै स्थिति र बाध्यताहरूले मानवी अनुभूतिलाई स्पर्श गर्दछन्। यसरी अनुभूतिको सघन उद्रेक भएपछि अभिव्यक्ति काव्यको रूप लिन थाल्दछ।

यसै पृष्ठभूमिमा प्राग्भानुभक्तीय नेपाली काव्यकालमा विविध प्रवृत्ति देखिएका छन्। यी प्रवृत्तिले त्यस कालको समृद्ध भण्डारलाई चिनाउन मद्द गर्दछन्।

नेपाली काव्य कुनै खास एउटा घटना वा विचारधाराबाट मात्र नडोरि समय-समयमा अनेक घटना र विचारधाराहरूका प्रतिबिम्बलाई मुखरित प्रयत्नशील रहेको छ। नेपाली साहित्य नेपाली जातिको विशेषताको अभिले हो भन्ने कुरा स्पष्ट भइसकेको छ। यस साहित्यमा नेपाली जातिका गुण-गौरव नेपाली जातिका यशस्वी र मनस्वी गाथा प्रस्तुतिलाई नेपाली साहित्यले आध कथ्य आधार बनाएको छ। नभन्दै नेपाली काव्यको अतीतलाई हेर्दा नेपाली कवि हरू आफ्ना जातीय वीरहरूका वर्णनमा केन्द्रित भएका छन्। ती कविहरूले सम कालिक देशभक्त योद्धाहरूको शौर्यको वर्णन गरेका छन्। यी वर्णन र प्रस्तुति अवश्यै अतिशयोक्ति छ तर मिथ्यारोप छैन। जातीय वीरहरूको वर्णनमा कवि हरू हाँसेका छन्, नाचेका छन् र उनीहरूका विशेषतालाई पखाल्न कतै पनि सङ्कोच चाहिँ देखाएका छैनन्।

नेपाली जाति स्वयं एउटा वीरचरित्र बोकेको जाति हो। यसका गौरवमय अतीतमा यी चरित्रहरू जताततै देखिने हुँदा भावनाप्रधान काव्य संसारले यी चरित्रलाई काव्यको भरपर्दो आधारस्रोत प्राप्त गरेको देखिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यका प्रमुख प्रवृत्तिहरूको विवेचना गर्दा यस कालमा सबैभन्दा टड्कारो स्वर हो वीरवर्णनको। यस कालका ज्ञात, अज्ञात कविहरू प्रमुख रूपले वीरहरूका कार्य र उनीहरूका शौर्य प्रशंसामा केन्द्रित रहेका छन्। कविहरूको यस्तो कार्यलाई नै धेरैंजसो समालोचकहरूले वीरधाराको नाम राखेका छन्। यस धारा वा प्रवृत्तिको नामकरण कत्तिको सार्थक छ भन्ने कु

चाहिँ विवेच्य नै छ। वाच्यार्थलाई नहेरी लक्ष्यार्थलाई मात्र लिने हो भने वीरधारा वा वीरप्रवृत्ति शब्दमा असङ्गति छैन। वीरहरूको वर्णन, पराक्रम, स्तुति, औदार्य, दूरदर्शिता, विशालता, रणचातुर्य, युद्धोन्माद, राष्ट्रभक्ति, आक्रामकहरूप्रति प्रतिक्रमणजस्ता वीरचरित्रलाई वीरकालिक कविताहरूले प्रस्तुत गरेका हुँदा प्राग्भानुभक्तीय नेपाली काव्यसंसार प्रमुखतः वीरताकै विशिष्टताबाट विभूषित रहेको छ।

वीरवर्णनात्मक काव्यलाई वीरभावनाप्रमुख काव्य पनि भन्न सकिन्छ। वीरभावनाप्रमुख काव्यका केन्द्रीय कथ्य वीरवर्णन नै रहेको हुन्छ। वीरभावना काव्यसंसारका नौवटा रस–भावमध्येको एक हो। यसमा उत्साह स्थायी भाव हुन्छ। वीरहरू पनि चार किसिमका हुन्छन्– १ युद्धवीर २) दानवीर ३) दयावीर ४) धर्मवीर। यी वीरहरू आ–आफ्ना क्षेत्रमा अद्वितीय हुन्छन्। त्यसैले यहाँ 'वीर' शब्द पनि विशिष्ट अर्थमा लिइएको छ। महाभारतका अद्वितीय योद्धा अर्जुनलाई 'युद्धवीर' भनिनुबाट 'वीर' को महिमा स्पष्ट भएको छ। लक्षण ग्रन्थहरूले वीरका उपर्युक्त चार श्रेणि निर्धारण गरेको भए तापनि नेपाली काव्यमा उल्लेख भएका वीरधारा वा वीरप्रमुख भावना भनिएका कविताहरूले 'युद्धवीर' सँग सम्बन्धित भावहरूको मात्र प्रतिनिधित्व गर्दछन्। युद्ध एउटा डरलाग्दो शब्द हो। युद्धमा मर्ने र मार्ने लक्ष्य रहन्छ। काव्यमा वर्णन गर्दा यस शब्दप्रति जति मानिसहरू आकर्षित हुन्छन् वास्तविक जीवनमा चाहिँ त्यो त्यति नै भयोत्पादक हुन्छ। युद्धका समयमा कसैको जीवन पनि सुरक्षित रहँदैन। कुनै पनि समयमा कहीं पनि कुनै डरलाग्दो घटना प्रादुर्भाव हुन सक्दछ। यति हुँदाहुँदै पनि संसारमा युद्ध भइरहन्छ। अतीतदेखि वर्तमानकालसम्मै युद्धका भयोत्पादक घटनाहरू घटिरहेका छन्। युद्ध मानव संहारको एक प्रक्रिया हो। खास गरी वैयक्तिक स्वार्थलाई परित्याग गरी मानव समुदायको व्यापक हितका निमित्त गरिने युद्धहरू सबैका निमित्त ग्राह्य हुन्छन्। देशको रक्षाका निमित्त, जातीय संरक्षणका निमित्त र मानवताका रक्षाका निमित्त भएका युद्धहरू हेय ठानिदैनन्। अझ सत्यको रक्षाको निमित्त भएका युद्धलाई श्रद्धाकै आँखाले हेरिन्छ। रामायण र महाभारतका युद्धहरूलाई आज संसारभरिकै मानिसहरूले आदर्श युद्धका रूपमा गणना गरेका छन्। तर लक्ष्यविहीन मानव संसारका विभीषिकाहरूप्रति सारा संसारले नकारात्मक धारणा राख्ने गरेको हुन्छ। जापानको हिरोशिमा र नागाशाशीमा भएका मानव संहारलाई कसैले पनि स्तुत्य ठान्दैन। युद्धका यस्ता पक्षहरूसँग परिचित हुँदाहुँदै पनि मानिस युद्धलाई कहित्यै पनि त्याग्न सक्दैन। मानिस युद्धमै जन्मन्छ र युद्धमै मर्दछ। यसलाई व्यापक अर्थमा लिने हो भने

मानव जीवन पनि सदैव संघर्षमय स्थितिहरूबाट गुज्रिरहेको पाइन्छ । यही
नै युद्धको रूपांश हो भन्नु आवश्यक देखिन्छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा युद्धले निकै प्रभाव पारेको देखि
यस्ता युद्धहरूमा बाइसी चौबीसी राज्यहरूका आपसी झगडा, उपत्यकाका
हरूको कलह, बाह्य मुलुकबाट नेपालमाथि भएका आक्रमण र छिमेकी मुलुक
अन्य जातिका हमलाहरूसमेत हुन्थे । यी पारस्परिक वैमनस्यका कारणले
कविहरूलाई उत्तेजना प्रदान गर्ने हुँदा तिनीहरू केही लेख्तथे । यस्ता ले
राजाहरूको पराक्रम-वर्णन र वीरहरूका बलिदानको महत्त्व वर्णन
हुन्थ्यो । कतिपय अभिव्यक्ति मौखिक स्तरमै रहने हुँदा कालान्तरमा ति
लोप हुन जान्थे । कुनै कुनै चाहिँ विशेष परिस्थितिका कारणबाट सुरक्षित
गएका हुनाले अद्यावधि फेला परिरहेका छन् ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नका लागि उठान गरेको रा
अभियानबाट चाहिँ धेरै कविहरू प्रभावित हुन पुगेको देखिन्छ । उनीहरूका
साधना र काव्यानुष्ठानबाट नेपाली काव्यले ठोस उपलब्धि हासिल
पाइन्छ । नेपाल एकीकरणको घटना व्यापक परिप्रेक्ष्यमा थालिएको र
व्यापक जनसमर्थन प्राप्त गरेको कुरा यसमा संलग्न योद्धा र प्रबुद्ध
सहभागिताबाट स्पष्ट हुन गएको छ । स्वयं पृथ्वीनारायण शाह युद्ध
क्रियाशील रहनु र उनका काजी, भारदार र सिपाहीहरूले युद्धलाई प्रा
स्वीकार गर्नु एउटा महत्त्वपूर्ण सङ्कल्प हो । यस बाहेक सर्वसाधारण मा
र शिक्षित समुदायका पण्डित, कवि र लेखकहरूले समेत तात्कालिक यु
हृदयत: प्रशंसा गर्नुले युद्ध त्यस वेला एउटा अनिवार्य आवश्यकता मा
प्रतीत हुन्छ । यसै सामरिक घटनाबाट नेपाली काव्यमा वीर भावनाको
भएको हुँदा नेपाली काव्यको प्रथम प्रवृत्ति पनि यसै वीरचेतनालाई
एको छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यका अन्य प्रवृत्तिहरूमा भक्तिवादी
नीतिपरक चेतना र कर्मवादी चेतनालाई लिन सकिन्छ । प्रमुखतः
प्रवृत्तिले नेपाली काव्यको प्राग्भानुभक्तीय युग परिवेष्ठित देखिन्छ । उपर्यु
प्रवृत्तिहरू यसरी राखिएको छ–

१. वीरभावनाप्रमुख नेपाली कविता
२. भक्तिभावनाप्रमुख नेपाली कविता
३. नीतिप्राधान्यनेपाली कविता
४. कर्मप्राधान्य नेपाली कविता

वीरभावनाप्रधान नेपाली कविताको उद्भवका कारणहरू माथि नै चर्चित भइसकेका छन् । मुख्यतः वीरभावनाका नेपाली कविताले नेपाली वीरहरू-को स्तुति, गुणगान र पराक्रमका विशिष्टतालाई मुखरित गरेका छन् । अलौकिक पुरुषको परिकल्पना गरी दैवी वा अतिरञ्जित पात्रहरूको विन्यास गरिएको पाइनाले नेपाली वीरकाव्य वास्तविक धरातलमा उभिएको कुरा प्रमाणित भएको छ । वीरभावना-प्राधान्य नेपाली कविता नेपाली लोकलयमा विभिन्न स्वरहरूमा उनिएका छन् । यी कविताहरू कुनै खास एउटा कालसीमामा मात्र सीमित नरही उत्तरवर्ती कालहरूमा समेत विस्तृत हुन पुगेको देखिन्छ । त्यसैले वीरभावनाप्रधान नेपाली काव्यलाई 'वीरधारा' नामकरण गर्दा अनुपयुक्त हुँदैन ।


वीरधाराका नेपाली काव्यले वीरहरूका चरित्र बाहेक राष्ट्रवन्दना वा राष्ट्रभक्तिका भावनाहरूलाई समेत मुखरित पारेका हुनाले नेपाली काव्यको प्रतिष्ठा अत्यन्त उच्च भएको छ । प्राग्भानुभक्तीय नेपाली काव्यमा सबैभन्दा व्यापक क्षेत्र नै वीरभावनाले ओगटेको कुरा स्वीकार गर्नुपर्दछ ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा दोस्रो महत्त्वपूर्ण प्रवृत्ति 'भक्ति' लाई लिन सकिन्छ । भक्ति भन्नाले ईश्वरको उपासनापद्धतिलाई अवगत गराउँछ । भक्तिमा वात्सल्य र प्रेम महत्त्वपूर्ण कुरा हुन् । कुनै विशिष्ट कुराको प्राप्तिका लागि वा आत्मशक्तिका लागि भक्ति गर्ने प्रचलन देखिन्छ । भक्तिमा ईश्वरका लीला, ईश्वरका महत्ता र ईश्वरका गुणहरूमा आफूलाई पूर्णतः उत्सर्ग गर्ने लक्ष्य राखिएको हुन्छ । भजन, कीर्तन, तपस्या, योग, यज्ञ, अनुष्ठान र व्रतादिद्वारा ईश्वर प्राप्तिमा एकाग्र हुने मानसिकता जागृत गराउन नै भक्तिको आवश्यकता पर्दछ । भक्तिमा पनि अनेकौं सम्प्रदाय छन् । मुख्यतया जुन देवता वा ईश्वरलाई प्रमुख आराध्य बनाइन्छ त्यसैका आधारमा भक्ति सम्प्रदाय निर्धारित हुन्छन् । प्राग्भानु-भक्तीय नेपाली काव्यका कविहरूले गोरखनाथ, श्रीकृष्ण, गणेश, राम, विष्णु आदि देवता वा सिद्धहरूको स्तुति गरेका छन् । उनीहरूका चरित्रको गुणानुवाद गरेका छन् र उनीहरूका विशिष्टताको उल्लेख गरेका छन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यका भक्तिवादी प्रवृत्तिको उदय हुनमा आम नेपाली जनमानसको ईश्वरीय सत्ताप्रतिको विश्वास नै प्रमुख रूपले रहेको छ । यसर त कतिपय समीक्षक वा समालोचकहरूले युद्धबाट विरक्त मानसिकतालाई त्राण दिनका लागि भक्तिभावनाका कविताहरू रचिएका हुन् भन्ने तर्कहरू पनि दिएका छन् । ती कुराहरू किमार्थ होइनन् भन्नु उपयुक्त होइन । निश्चय नै युद्धले रक्तिएका जनसाधारणका व्यथित मानसिकतामा भक्ति मिश्रित काव्य स्वरले

केही न केही धैर्यधारणको मलम पट्टि लगाएको थियो होला, तर यसैला नेपाली काव्यको भक्तिप्रवृत्तिको उन्नायक कारण मात्र सकिंदैन। आम मानसमा भक्ति भावनाले स्थिरता प्राप्त गरिसकेको हुँदा त्यही विश्वा नेपाली कविताले मुखरित गरेको हो।

नेपाली काव्यमा प्रयुक्त भक्तिभावनालाई निम्नानुसार वर्गीकरण सकिन्छ–



निर्गुण उपासनाअन्तर्गत ईश्वरलाई गुणरहित शक्तिका रूपमा मानि ईश्वरलाई मानवीय सुख, दुःख, हर्ष, शोक, चिन्ता, क्लेश, राम्रो, न मीठो, नमीठो, जाडो, गर्मी इत्यादिका बन्धनहरूबाट मुक्त तत्त्वका रूपमा उपासना गर्ने गरिन्छ। यसरी मानवाकाररहित, लिङ्गरहित, वर्णरहित, रहित तर विशिष्ट शक्तियुक्त परब्रह्म परमेश्वर र सर्वशक्तिमान् पुञ्जका ईश्वरको उपासना गर्ने पद्धति नै निर्गुण सम्प्रदाय हो। प्राग्भानुभक्तीय काव्यमा यस्तो प्रवृत्ति सन्तहरूका भजनमा पाइन्छ। यस युगको सन्त परम्पराले निर्गुणोपासनाप्रति विश्वास स्थिर गरेको स्पष्ट छ।

सगुण उपासना पद्धतिमा ईश्वरलाई मानवीय गुणबाट आवेष्टित रूपमा प्रस्तुत गरिन्छ। मानवीय आदर्श, मानवीय महत्त्वाकांक्षा र एषणाहरूलाई ईश्वरीय शक्तिले परिपूर्ण पारिदिन्छन् भन्ने विश्वास लिएको ईश्वरमा पनि मानवीय सुख, दुःख, जाडो, गर्मी, स्त्री, पुरुष, रातो, कालो अनेकौं वर्ग र गुणहरू हुन्छन् भन्ने भावना राखिएर उपासना गरियो भने सगुण उपासना भनिन्छ। प्रभाग्भानुभक्तीय नेपाली काव्यमा ईश्वरलाई पर का अवतारका रूपमा तथा मानवीय प्राणीका रूपमा वर्णन गरिएको काव्यमा वर्णित ईश्वर मानवीय प्रतिस्पर्धामा उत्रिएका छन्। यी काव्यका

स्त्रीहरूसँग खेल्दछन्, गोरक्षा गर्दछन् र असुरको विनाश गर्दछन् । मानवीय बालक कैं बालकरूप धारण गर्दछन्, मातृस्नेह प्राप्त गर्दछन्, रुन्छन्, हाँस्छन्, खेल्छन्, रिसाउँछन्, दही, दूधजस्ता मिष्ट वस्तुहरू मन पराउँछन् । परोपकार गर्छन् र शत्रुहरूको समूल उच्छेद गर्दछन् । आदर्श स्थापना, धर्मरक्षा, अन्यायलाई दुरुत्साहन र कर्तव्यप्रति प्रोत्साहित गर्न नै यी काव्यका ईश्वरहरू प्रयत्नशील देखिन्छन् । संक्षेपमा के भन्न सकिन्छ भने सगुण उपासना पद्धतिमा ईश्वरलाई, गुणयुक्त विशिष्ट व्यक्तित्वका रूपमा प्रतिष्ठापित गरिएको हुन्छ । सगुण उपासना पद्धतिमा ईश्वरका यिनै विशिष्ट चरित्रहरू उपस्थित गराइने हुनाले नै यस्ता काव्यलाई सगुण उपासनात्मक काव्य भनिएको हो ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा गोरखनाथ भजन, कृष्णचरित्र गायन, रामचरित्र गायन, गणेशस्तुति, शिवस्तुति र विष्णुस्तुति समेत पर्दछन् । यी काव्यमा तत् तत् देवतालाई केन्द्रविन्दु मानिएको छ । तिनै देवताका भजन र स्तुतिबाट देवतालाई प्रसन्न तुल्याउने काव्यको निर्माण भएको छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यका नीतिप्रधान काव्यको पनि रचना भएको छ । नीतिप्रधान काव्यमा नर–नारीका कर्तव्य, धर्म–अधर्म आदिको विधि निषेध गरिएको देखिन्छ । नीति भन्नाले निर्दिष्ट चर्या अवगत हुन्छ । वेद, उपनिषद्, धर्मशास्त्र, पुराण, मनुस्मृति, हितोपदेश, चाणक्य–विदुर नीति आदिले देखाएका मार्गमा प्रवृत्त रहन र तिनीहरूका विपरीत मार्गतिर नलाग्न उत्प्रेरित गर्ने काव्य चरलाई यहाँ नीतिप्रधान काव्य मानिएको छ । प्राग्भानुभक्तीय नेपाली काव्यमा यस्ता केही कविताहरू पनि उपलब्ध भएकाले यिनीहरूलाई नीतिप्रधान काव्यका रूपमा उल्लेख गरिएको हो ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा कर्मलाई प्राधान्य दिने कविताहरूको अस्तित्व पनि भेटिएको छ । आफ्नो मूल कर्म के हो ? त्यसलाई ठम्याई एकोहोरो कसिमबाट भजन, स्तुति इत्यादि गर्ने प्रवृत्तिलाई कर्मवादी कविताहरूले अस्वीकार गरेका छन् । आफूले जुन काम गर्ने हो त्यसमा आफू स्पष्ट हुनुपर्दछ, कसैको बहकाउमा नलागी सो कामका गुणावगुण छुट्याउनुपर्दछ । अनि मात्र त्यस कार्यमा प्रवृत्त रहनु उपयुक्त हो भन्ने भावना यी कविताहरूमा पाइन्छ । खास गरी नेपाली सन्त कविका काव्य प्रस्तुतिमा यस्ता कुरा पाइन्छन् । यी कवितालाई एकातिर निर्गुण भक्ति परम्पराका उन्नायक मानिन्छ भने अर्कातिर यी कविताले देखाएको कर्मवादी चेतना नेपाली काव्यसंसारकै निमित्त नवीन प्राप्ति हुन् ।

यसरी प्राग्भानुभक्तीय नेपाली काव्यका प्रमुख प्रवृत्तिहरूको निरीक्षण मुख्यतः वीरभावना, भक्तिभावना, नीतिभावना र धार्मिक भावनाचाहिँ वी रूपमा रहेका र ती भावनाले काव्यको अभिव्यक्ति पाउँदा नेपाली काव्य आलोकित भएको देखिन्छ । यिनै भाव-सूक्ष्मताले वाणी विस्तृतता पाउँदा भानुभक्तीय नेपाली काव्य उन्नत बन्दै गएको स्पष्ट छ ।

३.३ वीर भावनाका नेपाली कविता

प्राग्भानुभक्तीय नेपाली काव्यमा प्राप्त वीरस्तुतिका कविताहरू वि कालावधिमा रचिएका छन् । यी कविताको थालनी कहिलेदेखि भयो भन्ने अनुसन्धानकै विषय रहेको छ । अनुसन्धाता बालकृष्ण पोखरेलका नवीनतम अनुसार वि. सं. १४५० मा विष्णुदास आचार्यलिखित 'बडेराजा मलयबम्म' नेपाली साहित्यको सर्वप्राचीन कविता हो । यस प्रस्तुतिमा अनेकौं विव छन् । पोखरेलका खोजमा अविश्वास गर्न मन नलागे पनि प्रमाणहरूले ती लाई पुष्टि गर्न अप्ठ्यारो मान्दछन् । यस परिस्थितिमा डा. दयाराम श्रे मत मननीय छ । श्रेष्ठका अनुसार 'बडेराजा मलयबम्म' 'प्राक्कल्पना'का स्वीकरणीय कविता हो । यस सम्बन्धमा प्रचुर मत मतान्तरहरू नआई नि बिन्दुमा उभिन सकिँदैन । तसर्थ 'बडेराजा मलयबम्म'लाई भविष्यमा प्र हुन सक्ने सामग्रीका रूपमा विवेचना गर्नु उपयुक्त देखिन्छ ।

प्राक्कल्पनीय कविता बडेराजा मलयबम्मबाट प्रारम्भ भएको नेपाली धारामा वीरचरित्र प्रधान रूपले रहेको देखिन्छ । काव्यका प्रमुख नायक सुन्याउदै नायकका महानताहरू वर्णन गरिएको हुँदा काव्यकारको आफ्ना नायकका महानताहरू प्रदर्शन गर्ने नै रहेको छ । 'मलयबम्म' मूल नायक हुन् । यसका प्रस्तोताले उनलाई आकाश, पाताल, खाराचक्र हरिद्वार, अलकनन्दा, गङ्गा आदि क्षेत्रका विजयी राजाका रूपमा छन् । त्यसको साथै दिल्ली, जोधपुर समेत सर गरेको कुरा लेखिएको राजा मलयबम्मले चीन, बङ्गाल, नारिउल देश, काशी, सिउकान विजय प्राप्त गरे । यिनले लिगलिग कोटमा केही दुःख खप्नुपर्‍यो । पुगी पशुपतिमा गुर्जा चढाए । उनले दाङ, भिरङ्गी, तुगल, मुगल, डोटी, गुगुचे समेत जितेपछि राज्य गर्न थाले । यिनलाई ठाउँ-ठाउँका राजाले उपहार ल्याइदिए । यी उपहारबाट ती राजाहरू यिनको अधिनायकत्व गर्दथे भन्ने देखाइएको छ ।

प्राक्कल्पनीय कविता 'बडेराजा मलयबम्म' रासकोटी वंशावलीबाट निकालिएको खण्डांश हो। यस वंशावलीलाई इतिहासविद् नरहरिनाथले ऐतिहासिक सामग्रीका रूपमा मान्यता दिएका भनिए तापनि मान्यता स्रोत उल्लेख नगर्नाले विलखबन्दमा पर्नुपर्ने स्थितिलाई पूर्णप्रकाश नेपाल लिखित 'सेती अञ्चल दिग्दर्शन'ले समाधानको बाटो पत्ता लगाइदिएको छ।[५] रासकोटी राजाहरूको वंशावली हेर्दा यिनीहरू नागवंशी शाही राजा रहेछन् भन्ने थाहा हुन्छ। यिनीहरू प्रारम्भमा सूर्यवंशी थिए। यसै वंशका राजा मलयवम्म अत्यन्त महत्वाकाङ्क्षी, वीर र पराक्रमी थिए भनी विष्णुदास आचार्यले 'कवित्त' शैलीमा लेखेका छन्।

यस कविताको भाषा र प्रस्तुति हेर्दा वि. सं. १४५० सम्म पुरानो हो होइन भन्ने शङ्का उत्पन्न हुन्छ। अर्को कुरो के छ भने वंशावली लेखकले यसलाई काव्यगत सचेतता भएर लेखेका नभई वंशावलीको वर्णनका क्रममा लेखेका हुन्। अनुसन्धाता बालकृष्ण पोखे्लका मतमा यो वंशावली समग्र रूपमा एउटै व्यक्तिले लेखेको नभई केही अंश एक जनाले, केही अर्कोले लेखेका हुन्। अर्थात् वंशावलीका लेखकहरू धेरै छन्। यी लेखकहरू सबैको एकै किसिमको प्रस्तुति छैन। यस वंशावली भित्रको केही अंशचाहिं कविता ठहरिन्छ र कविता ठहरिएको अंश वि. सं. १४५० तिरको हो। यस कवितात्मक अंशका कवि विष्णुदप अर्थात् विष्णुदास आचार्य हुन्। पोखे्लका यी उपपत्तिहरू विचारणीय छन्।

प्रथमतः कविताको भाषा वि सं. १४५० तिरको नेपाली भाषासदृश पुरानो नभई नयाँ किसिमको देखिन्छ। त्यसै गरी यस कवितामा 'काठमाडौं' शब्दको प्रयोग पाइनु पनि शङ्काकै विषय छ। त्यति वेला काठमाडौंलाई 'नेपाल' भन्ने चलन हुनुपर्छ। विष्णुदपलाई विष्णुदास आचार्य मान्ने पोखे्लको तर्कले आधारको अपेक्षा गरेको छ। कुनै वंशावलीको केही अंश मात्र कविता ठहरिनु र कविता ठहरिएको अंश मात्र विष्णुदासले लेखे भन्ने मान्नु भावुकताकै आढ्यताबाट उपस्थापित गर्न सकिन्छ, प्रमाणहरूबाट सकिँदैन तसर्थ प्राग्भानुभक्तीय नेपाली काव्यमा विष्णुदास आचार्यको 'बडेराजा मलयबम्म' नेपाली कविताको प्राक्कल्पनीय प्रस्थान विन्दु हो यसमा प्रचुर चिन्तनको आवश्यकता छ। कविताचाहिं सरस छ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा पृथ्वीनारायण शाहको योगदानलाई पनि

---

५. पूर्णप्रकाश नेपाल, सेती अञ्चल दिग्दर्शन, विराटनगर, हिमाली सौगात प्रकाशन, वि. सं. २०३५, पृ. ३१९–३२१।

अस्वीकार गर्न सकिँदैन । पृथ्वीनारायण शाह स्वयं वीर थिए । उनले वीर[illegible] वर्णनमा केही कविताहरू समेत रचेका थिए । तर नेपाली साहित्यका इति[illegible] कारहरूले पृथ्वीनारायण शाहलाई कविका श्रेणीमा गणना गर्न नसकेको [illegible] उनका सम्बन्धमा अनुसन्धानको आवश्यकता छ । नेपाली साहित्यको प्राग्[illegible] भक्तीय काव्यको अनुशीलन गर्दा अब चाहिँ स्पष्ट भएको छ- पृथ्वीनारायण [illegible] पनि एक कवि रहेछन् । उनले लेखेका कविता अनुसन्धाताहरूले फेला पारि[illegible] छन् ।[६] यसै गरी पृथ्वीनारायण शाहको साहित्यिक योगदानका सम्बन्धमा [illegible] सन्धानप्रति समर्पित विद्वान्हरू आफ्नो उत्सुक लेखनीलाई प्रवृत्त गराइरहेका छ[illegible] पृथ्वीनारायण शाहले 'गोरखनाथ–स्तुति' को रचना गरेका थिए र केही [illegible] भावोचित रचनाहरू पनि कथेका थिए भन्ने कुरामा शङ्का लिइरहनु पर्दैन । [illegible] लाई साहित्यकारका श्रेणीमा राख्न 'दिव्य उपदेश' नै पर्याप्त छ । यति हुँ[illegible] पनि पृथ्वीनारायण शाहलाई नेपाली साहित्यको इतिहासमा प्रविष्टि नदिनु [illegible] अस्पष्ट दृष्टि नै हुनुपर्छ । त्यति हुँदाहुँदै पनि पृथ्वीनारायण शाह कुनै [illegible] रूपले चर्चित चाहिँ रहेकै छन् । यस सम्बन्धमा तारानाथ शर्माको संके[illegible] प्रकार रहेको छ–

भानुभक्तपूर्व युगलाई हामी आधुनिक नेपालका निर्माता पृथ्वीना[illegible] शाहको नाउँमा पृथ्वीयुग पनि भन्न सक्ने थियौं, तर त्यसो गर्दा पृथ्वीना[illegible] शाहभन्दा अघि लेखिएका रचनाहरू प्राप्त हुँदै जाँदा तिनलाई यस यु[illegible] समावेश गर्न मिल्दैन । त्यति मात्र होइन, पृथ्वीनारायण शाह साहित्यिक व[illegible] त्वका रूपमा भानुभक्त जति टड्कारोसित देखापर्दैनन् ।[७] यस कथनले [illegible] नारायणपूर्वका रचनाहरूको सम्भावनालाई सांकेतिक रूपमा स्वीकारि[illegible] भने पृथ्वीनारायण शाहको साहित्यिक योगदानलाई पनि अप्रत्यक्ष रूपमा [illegible] इएको छ ।

---

६. (क) दिनेशराज पन्त, श्री ५ पृथ्वीनारायण शाहसम्बन्धी अप्रकाशि[illegible] पारिजात पूर्णाङ्क १२, वि. सं. २०३८, पृ. ४६–५० ।

(ख) व्रतराज आचार्य 'बाबा नरभूपाल शाहको दुहाइ,' गरिमा ३८, पृ. ४५–५० ।

७ डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, काठमाडौं, सङ्कल्[illegible] शन, वि. सं. २०३९, पृ. ८ ।

पृथ्वीनारायण शाहलाई साहित्यकारका रूपमा ग्रहण गर्नुपर्दछ भन्ने दृष्टिकोण दयाराम श्रेष्ठले पनि राखेका छन् ।[८]

पृथ्वीनारायण शाह नेपाली अनुसन्धाताहरूका मात्र नभई विदेशी अनुसन्धाता र लेखकहरूका समेत चासोका विषय भइसकेका छन् । यस सम्बन्धमा भारतीय अनुसन्धाता दीनानाथ शरणको मत यस्तो छ–

"... भनिन्छ कि गोरखा– राजा पृथ्वीनारायण शाह (सन् १७४२–१७७५) स्वयं पनि कवि थिए । आज उनको एक मात्र कविता हामीसँग उपलब्ध छ, तर के अनुमान गर्न सकिन्छ भने उनले अरू पनि कविताहरू लेखेका थिए । उनका कवितामा सन्त-मतको प्रभाव छ । ... तर 'नेपाली साहित्यको भूमिका' का लेखकले नेपाली साहित्यको प्राचीन निर्माताहरूमा के कारणले पृथ्वीनारायण शाहको नामोल्लेखसम्म नगरेका हुन् ?"[९]

यसै गरी भारतीय कवि तथा अनुसन्धाता नरेन्द्र जैनले पनि पृथ्वीनारायण शाह स्वयं गोरखनाथका भक्त भएकाले उनले लेखेको सो भक्ति–भजन रेडियो नेपालबाट प्रसारण हुने कुरा उल्लेख गरेका छन् ।[१०]

पृथ्वीनारायण शाह भावुक कवि थिए भन्ने कुराको पुष्टि उपर्युक्त सन्दर्भहरूले गरेका छन् । उनलाई नेपाली काव्यसंसारबाट अनुपस्थित राखियो भने नेपाली साहित्यको इतिहास अपूर्ण हुन्छ र हामीहरू खण्डित इतिहास बोकेर हिँडिरहेका हुनेछौं । तसर्थ पृथ्वीनारायण शाहलाई नेपाली साहित्यका स्रष्टाका रूपमा स्थापित गर्नुपर्दछ ।

पृथ्वीनारायण शाहलाई प्राग्भानुभक्तीय युगमा कुन प्रवृत्तिका प्रतिनिधि मान्ने भन्ने कुरालाई विचार गर्दा सर्वप्रथम हाम्रा आँखाहरू उनका कविताहरूतिर जान्छन् । माथि नै वर्णन गरिएको छ पृथ्वीनारायण शाहले भजन र वीरहरूका युद्धको वर्णनमा कविता लेखेका छन् । गोरखनाथलाई प्रसन्न तुल्याउन उनले गोरखनाथ–स्तुति लेखेका हुँदा त्यस रचनालाई नेपाली भक्तिकाव्यमा चर्चा गर्नु

---

८. डा. दयाराम श्रेष्ठ, नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन, काठमाडौं, श्री ५ को सरकार, सञ्चार मन्त्रालय, वि. सं. २०४४ ।

९. डा दीनानाथ शरण, नेपाली साहित्यका इतिहास, पूर्ववत्, पृ. २२० ।

१०. नरेन्द्र जैन, नेपाली कविता, काठमाडौं, भारतीय राजदूतावास, ई. सं. १९८२ ।

उपयुक्त हुन्छ भने 'पारिजात' र 'गरिमा' मा प्रकाशित भएका उनका कवि... चाहिं वीरभावनाकै प्रतिनिधित्व गर्ने हुनाले उनलाई वीरभावना प्रधान क... रूपमा मूल्याङ्कन गर्नु समीचीन ठहर्दछ ।

पृथ्वीनारायण शाह आफैं एउटा स्रष्टा थिए भने अर्कोतिर काव्यका... जीव्य निर्माण स्रोत पनि थिए । उनलाई दुवै दृष्टिमा मूल्यवान् मेरुदण्ड... सकिन्छ । प्रथमतः उनलाई कविको रूपमा चर्चा गरौं ।

पृथ्वीनारायण शाहले लेखेको 'फिरंगानते फिरंगी' र 'बाबा नरभूपाल शा... दुहाई' उस्तै उस्तै किसिमका कविताहरू देखिन्छन् । दुवै कवितामा हिन्दी मि... सन्त भाषाको प्रयोग पाइए तापनि 'फिरंगानते फिरंगी' मा अलिक बढी... 'बाबा नरभूपाल शाहकी दुहाई' मा नेपालीपनको आधिक्य छ । दुवै कवि... केही पङ्क्तिहरू मिल्न गएका छन् ।[११] विवेच्य कविताले नेपाली वीरता र... अत्युच्च मूल्य निरूपण गरेका हुँदा वीरभावनाको प्राबल्य छ । दुवै कवि... सन्त भाषाको आधिक्य भए पनि नेपाली भाषाको ओजस्वी प्रस्तुति पाइन्छ... फिरंगी अर्थात् विदेशी (अंग्रेज) हरूको रणसंग्राममा नेपाली वीरको ज... दर्शाउन उनले यस कविताको रचना गरेका हुन् भन्न यस पङ्क्तिले सह... गरेको छ–

'गोरेको तोडे विना छोडी नही आबिर्मर्दो ममरना है'

यो पङ्क्ति दुवै कवितामा पाइएको छ ।

यसरी यी कविताको अध्ययन गर्दा पृथ्वीनारायण शाहको एउटै... अनुसन्धाताहरूले दुई खण्डमा फेला पारेका हुन् कि भन्न सकिन्छ । प्रतिलिपि...

---

११. 'फिरंगानते फिरंगी दल दमडी आए चन्द्र सूरजको छपाए
टेढी चली लस्कर भानुलालै लाल तों तनर है,
तोप चल्यो तुपुल चल्यो मेहनी उलट पर्‍यो
गोरेको तोडे विना छोडी नही आपिर् मर्दों मरना है'... इत्यादि

१२. 'फिरंगानते फिरं लर्न लाग्यो, उलका जर्न लाग्यो, आंधी सर्म लाग्यो, ... चमकन लाग्यो' इत्यादि, फिरंगानते फिरंगी, वीरकालीन कवि... १३५ ।

पृथ्वीनारायण शाहको एउटै कवितालाई दुई अलग खण्डमा सारेको हुन सक्छ ।[१४] यिनै दुई खण्डांशहरू अन्वेषकहरूले बेग्लाबेग्लै रूपमा भेट्टाएको र अझै अरू खण्डांशहरू पनि फेला पर्ने हुन् कि भन्न सजिलो भएको छ । यी सन्दर्भ र प्रमाण-हरूले पृथ्वीनारायण शाहलाई कविका रूपमा संस्थापित गरेका छन् ।

पृथ्वीनारायण शाहको अर्को व्यक्तित्व काव्यको उपजीव्य स्रोत बन्न पुगेको देखिन्छ । 'गोरखा'को एउटा सामान्य राज्यमा आरूढ भए तापनि उनले आफ्नो शौर्य र पराक्रमद्वारा आफूलाई महान् योद्धाका रूपमा उपस्थापित गरे । उनको पराक्रमशील व्यक्तित्वले त्यस युगका जनमानसमा ठूलो प्रभाव उत्पन्न गरेको थियो । उनको असाधारण बुद्धि, युद्धकौशल, एकीकरणको औचित्यस्थापना र निरन्तर संघर्षमय चरित्रले स्वदेशी तथा विदेशी भूभागमा समेत प्रभाव विस्तार गरेको थियो । उनको जाज्वल्यमान व्यक्तित्व र असाधारण प्रतिभाले तत्कालीन बौद्धिक समुदायलाई अत्यधिक प्रभाव पारेकै कारणबाट उनलाई काव्यको विषय-वस्तु बनाई नेपालीमा काव्य रचना गरेको कुरा स्पष्ट भएको छ । यसैले नै पृथ्वीनारायण शाहलाई युगपुरुष भनिएको हो । उनले तत्कालीन समाज, राज-नीति र काव्यलाई समेत प्रभावित पारेका हुँदा पृथ्वीनारायण शाहलाई काव्यका उपजीव्य स्रोत मानिएको हो । उनको व्यक्तित्व बहु–आयामिक रहेको हुनाले नै पौराणिक ग्रन्थहरूमा वर्णित कृष्ण, इन्द्रजस्ता व्यक्तित्वहरूसँग तुलनीय छ । कवि-हरूका विशिष्ट अभिव्यक्तिले नै कृष्ण, इन्द्र आदिको व्यक्तित्व कालजयी भएको हो भन्ने कुरा पनि मननीय छ ।

पृथ्वीनारायण शाहको राज्यकाल वि. सं. १७९९–१८३१ अत्यधिक उर्वर समय भएकोले यिनको काव्यरचनाकाल पनि यसैभित्र मान्नुपर्ने देखिन्छ । यस-मध्ये पनि वि. सं. १८२४ देखि वि. सं. १८२६ का समयलाई काव्यकालको उत्कर्ष समय मान्न सकिन्छ, किनभने यसै कालमा पृथ्वीनारायण शाहले काठमाडौं, पाटन र भादगाउँमा विजय प्राप्त गरेका थिए । यस विजय अभियानमा पृथ्वी-नारायण शाहजस्ता प्रत्युत्पन्नमति भएका प्रतिभाका चिन्तनमा काव्यधाराले स्फुरणको अवसर प्राप्त गऱ्यो भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यका वीरभावनालाई स्पष्टताका साथ उप-स्थापित गर्ने कवि सुवानन्ददासका काव्यवीर हुन् पृथ्वीनारायण शाह । सुवानन्द-

---

१३. 'आज मेरा सपनामा एक चद देष्यां,
हात्तीका चाल चसक ३ घोडाका चाल बुरुक ३'
बाबा नरभूपाल साहकि दुहाई, वीरकालीन कविता पृ. १३६ ।

दासलाई अहिलेसम्म नेपाली काव्यका प्रथम कवि मानिदै आए तापनि प्राग्भानुभक्तीय युगका विशिष्ट कवि मान्नुपर्ने देखिन्छ । सुवानन्ददासका वि नेपालीमा प्रचुर अध्ययन र अनुसन्धान भइसकेको छ । यिनलाई योगी नरह र जनकलाल शर्माले नेपाली वाङ्मयमा भित्र्याएका हुन् । यिनको रच ऐतिहासिक गद्य सामग्रीका रूपमा प्रस्तुत गरिएकोमा पछि चित्तरञ्जन ने कमलमणि दीक्षित आदिका सुप्रयत्नबाट काव्यका श्रेणीमा उकालियो । यिनको रचना कवित्त शैलीमा लेखिएको अमूल्य गद्यकविता ठहरिन पुग्यो । त सुवानन्ददास भन्ने नाम नै अनुमानका भरमा चलाइएको छ भने यिनले को भनिएको कविता पनि काव्यात्मक सचेष्टताबाट नभई गाद्यिक वर्णन चा निर्मित रचना हो भन्न मन लाग्दछ । अहिले कविताको रूप पाएको यस र गद्य कविताका प्रशस्त लक्षणहरू पाइन्छन् । त्यस वेला गद्य कविता नै नज हुँदा यस कवितालाई खाँडो जगाउने कवित्त शैलीको सिर्जना हो भन्दा हुन्छ । यस कविताको केन्द्रीय भाव वीरत्वमा आधारित छ भने प्रारम्भि चाहिँ धर्ममा आधारित छ । कविताको अन्त्यचाहिँ आत्मव्यथाको संवे आधारित छ । कविताले पृथ्वीनारायण शाहको पराक्रमशील व्यक्ति चिनाएको छ भने कविको आत्मव्यथालाई पनि उदाङ्गो बनाएको छ । कवि नन्ददास पृथ्वीनारायण शाहको बहुमुखी व्यक्तित्वबाट प्रभावित देखिन्छ पृथ्वीनारायण शाहको राष्ट्रएकीकरणको उद्देश्यलाई समेत स्पष्टताका साथ व्यक्ति प्रदान गरेका छन् । उनले पृथ्वीनारायण शाहको महत्त्वाकांक्षा प्रतीकात्मक रूपमा पृथ्वीनारायणको वीरत्वलाई उद्भासित गरेका छन् । हासिक र सामग्रीका रूपमा काव्यका दृष्टिमा पनि यस कविताले ठूलो बोकेको छ ।

यस कवितामा वर्णित पृथ्वीनारायण शाहलाई काव्यका नायकका हेर्दा उनी कम्मरमा भिर्ने शस्त्र-अस्त्रले सुसज्जित देखिन्छन् । पृथ्वीना काशीमा पुग्दा उनको व्यक्तित्वबाट त्यहाँका मानिसमा पनि कौतूहल उत्प एको कुरा 'मध्य पठान बोलिके कौन्या रूप कौन्या भाति, कौन्या आयो हैं' भन्ने उद्धृतांशले प्रमाणित गरेको छ । यस प्रश्नार्थक अभिव्यक्तिलाई 'क गङ्गा पुनि ... प्रतापी राजै पृथिनारायनुसाहि हैं' भन्ने वाक्यले उत्तर देखता कवितामा प्रश्नोत्तर शैलीसमेत अवलम्बन गरिएको अनुभव हुन्छ । पृथ्वीनारायण शाहले गङ्गामा डुबुल्कि लगाएर मणिकर्णिका घाटमा स्नान वर्णन, पृथ्वीनारायण शाहले स्नानादि कार्यपछि विश्वेश्वरमा जल अर्पण कुशासनी चौकीमा बसेको, शिरमा मण्डल (छाता, शिरवस्त्र, छहारी

लगाईं पिण्डादि दान गरे। अर्थात् पितृतर्पण र श्राद्धादि कार्य गरे। त्यसै गरी सुवर्णदान, होमादि कार्य, रुद्राभिषेक र गजदान समेत गरे। कवितामा वर्णित कृत्यहरू हेर्दा पृथ्वीनारायण शाहले यी सबै कार्यहरू एकै दिनमा सम्पन्न नगरी केही दिन अनुष्ठान गरी समय व्यतीत गरेको प्रतीत हुन्छ, किन भने एकै दिन देवकार्य र पितृकार्य गर्नुहुँदैन भन्ने विधान भएकोले उनले प्रथमतः पितृकार्य गरेको देखिन्छ। कुनै पनि विशिष्ट देवकार्य गर्नुभन्दा अगाडि पितृकार्य गर्नुपर्ने शास्त्रीय विधान भएकोले यस कवितामा विधिअनुसार नै कार्यहरू सम्पादन गरिएको कुरा वर्णन गरिएको छ। पृथ्वीनारायण शाहले यहाँ मुख्यतः शतरुद्री गरेका रहेछन्। शतरुद्रीमा सय जना ब्राह्मणद्वारा एघार आवृत्तिका हिसाबले रुद्रीपाठ गरिने गरिन्छ। दैवीशक्ति प्राप्तिका लागि पृथ्वीनारायण शाहले काशीका प्रसिद्ध देवता विश्वनाथको आराधनाका लागि यो कार्य गरेको अनुमान गर्न सकिन्छ। शतरुद्री एउटा ठूलै अनुष्ठान भएको हुँदा पृथ्वीनारायण शाहले गरेका पितृकार्यलाई नान्दीश्राद्ध भन्न सकिन्छ, जुन श्राद्धलाई नेपाली जनजिब्रामा 'आन्यमुखी' पनि भनिन्छ। शतरुद्रीको एउटा अङ्ग होम पनि भएकोले यस कवितामा होम गरेको वर्णन छ भने ठूलो अनुष्ठानका अन्त्यमा सुवर्णदान, गौदान हात्तीदान गर्नुपर्ने नियम भएकाले यी कुराको दान गरिएको कुरा कवितामा उल्लेख गरिएको छ। अनुष्ठानका अन्त्यमा ब्राह्मण–भोजन गराउने कार्यलाई समेत यहाँ विधिपूर्वक प्रस्तुत गरिएको छ।

पृथ्वीनारायण शाहले शतरुद्री गरिसकेपछि उनलाई ब्राह्मणहरूद्वारा आशीर्वाद दिइयो। कविताका उत्तरार्धका पंक्तिहरू पृथ्वीनारायण शाहलाई आशीर्वचनका निमित्त रचिएका हुन्। यी उत्तरार्धका पंक्तिहरूमा पृथ्वीनारायण शाहलाई कृष्णका अवतारका रूपमा वर्णन गरिएको छ। पृथ्वीनारायण शाहलाई आशीर्वचनका रूपमा दिइएका उक्तिहरूमा उनका महत्त्वाकांक्षाहरूलाई प्रतिबिम्बित गरिएको छ। यस कवितामा प्रयोग भएको 'है' हिन्दी भाषाको क्रियापद नभई नेपालीकै लेग्रो हो। स्वरलाई लामो पारेर भन्दा यस्ता निपातहरूको प्रयोग गरिने हुँदा सुवानन्ददासले पनि यस कवितामा 'है' को प्रयोग गरेका छन्। कविताका गायक सुवानन्ददास पृथ्वीनारायण शाहसँगै बनारस गएका हुन सक्छन्। उनलाई स्तुतिगायक भन्न सकिन्छ, तर यी सामान्य किसिमका स्तुतिगायक नभई प्रतिभाशाली सृजक हुन्। यिनले काव्य नायक पृथ्वीनारायण शाहलाई धीरोदात्त चरित्र भएको पात्रका रूपमा उभ्याएका छन्। यिनको अर्को महत्त्वपूर्ण विशेषता के छ भने पृथ्वीनारायण शाहका इतिहाससम्मत घटनालाई काव्यमा कलात्मकता प्रदान गरेर यिनले सफल कविको भूमिका निर्वाह गरेका छन्। यस कविताको रचना काशीमा नै भएको अनुमान हुन्छ। यिनलाई काशी-

यात्राका सहभागीका रूपमा उल्लेख गरेको नभेटिनुचाहिँ विचारणीय कुरो। कविताका अन्त्यमा यिनले दिएको आत्मपरिचय हेर्दा यिनी सुब्बा दर्जा प नन्ददास हुन् अथवा यिनले आफ्नो वास्तविक नाम लुकाई छद्म नाम प्रो गरेका हुन् कि भन्ने अनुमान गर्न सकिन्छ । कविताको अध्ययनबाट के कुरा स्पष्ट भएको छ भने पृथ्वीनारायण शाह एउटा धर्मपरायण, कर्तव्यनिष्ठ, चारज्ञाता र मनस्वी राजा रहेछन् । उनले काशीमा गएर पितृकार्य र दे गरेछन् । उनमा नेपाल एकीकरण गर्ने चेतना रहेछ र सो कार्यमा उनी पनि भएका रहेछन् । पृथ्वीनारायण शाह जनबल र दैवीबलमा विश्वास रहेछन् । ईश्वरीय आशीर्वादबाट आत्मबल प्राप्त हुने उनमा विश्वास रहेछ।

यो कविता रचना गर्दा पृथ्वीनारायणले उपत्यका विजय गरिसकेका छन् तर उपत्यका विजय हुने सम्भावनाचाहिँ प्रबल हुँदै आएको रहेछ भन्ने हुन्छ । उनका उद्देश्यलाई सघाउन नै सुवानन्ददासजस्ता कविहरू उनको व तल्लीन भएका हुन् । यस कविताको अन्त्यमा कविले आफ्नो जुन परिचय दि छन् त्यसबाट उनको अवस्था दयनीय देखिन्छ । 'धनको दुवलो भन्ना, भोजन नाही' उनको यथार्थ स्थिति प्रकट गर्न सक्षम पंक्ति हो । त्यस्तै ' वस्त्रा नाहि' ले पनि उनको स्थितिलाई अभिव्यक्त गरेको छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा सुवानन्ददास अत्यन्त स्पष्ट विचार बोकेका कवि हुन् । यिनले पृथ्वीनारायण शाहको ओजस्वी व्यक्तित्व, पृथ्वीना यण शाहको महत्वाकांक्षा, धर्म–कर्मप्रतिको आस्था र आफ्नो स्थितिलाई या ज्यादै स्पष्टताका साथ वर्णन गरेका छन् । यिनको लेखाइ पनि राम्रो छ। कुरालाई पुनरुक्ति गरेका छैनन् । अनावश्यक लम्ब्याएका र झर्को लाग्दो छैनन। यिनको सबैभन्दा ठूलो विशेषता तात्कालिक स्थितिलाई इमान्दारि प्रकट गर्नु हो । निश्चय यिनले नै पृथ्वीनारायण शाहका धार्मिक कृत्यहरू पृथ्वीनारायणका धार्मिक कृत्यहरू देखेर यिनी गद्गद् हुँदै आशीर्वादात्मक यो कविता रचना गरेका हुन् भन्न सकिन्छ । यदि पृथ्वीनारायण शाहको यात्राको टोलीमा यिनको नाम छैन भने आफ्नै प्रबन्धमा काशी पुगेका नेपा रूपमा पनि सुवानन्ददासलाई लिन सकिन्छ । काशी नेपालीहरूको भाव सामीप्य भएको ठाउँ भएको हुँदा काशीवास गर्न गएका अथवा विश्वनाथ गर्न गएका श्रद्धालु व्यक्तिका रूपमा पनि सुवानन्ददासको काशी उपस्थि लिन सकिन्छ ।

यस कवितामा पृथ्वीनारायण शाहको धीरोदात्त चरित्र प्रस्तुत ग हुँदा वीरत्वका भावनाहरू सलबलाइरहेका छन् । कवितामा सांगीतिक

धिक्य छ। अनुप्रासको स्थापनामा यसले बल पुऱ्याउँदछ। पूर्ण वाक्य र वाक्यखण्डका बीचमा पनि अनुप्रासको उपस्थिति पाइन्छ। उदाहरण–

'पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो
तनहूँको भातसित भीर्कोटको दालसित'

यहाँ वाक्यखण्डका बीचमा आएका शब्दहरूमा अनुप्रास मिलाइएका हुँदा कवितामा रसाधिक्य झल्किएको छ। त्यसैगरी 'कञ्चन कटौरा भरी स्वर्णका थालिया भरी अष्टदल चौकी बसी गङ्गाजल झारी भरी' मा वाक्यान्तमा अनुप्रासको उपस्थिति पाइन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा सुवानन्ददास र उनको कविता नेपाली साहित्यका असाधारण उपलब्धि हुन् भन्ने कुरा उपर्युक्त विवेचनाबाट स्पष्ट भएको छ। यस कवितालाई वीरभावनाको सुमेरुभन्दा अत्युक्ति नहोला! यस कविताको रचना समय प्रामाणिक रूपमा किटान गर्न नसकिए पनि वि. सं. १८३० पूर्व नै अनुमान गरिएको छ।

प्राग्भानुभक्तीय नेपाली काव्यको वीरधारामा कवि शक्तिवल्लभ अर्ज्यालको स्थान पनि महत्वपूर्ण छ। यिनले सर्वप्रथम नेपाली साहित्यमा शास्त्रीय छन्दको प्रयोग गरेका छन्। स्वागता छन्दमा लेखिएको 'तनहूँ भकुण्डो' नामक कवितामा प्रतीकात्मक रूपले 'तनहूँ' लाई भकुण्डो हानेजतिकै हलुका पाराले आक्रमण गर्नुपर्दछ भन्ने भावना व्यक्त भएको छ। कविता निकै रसिलो छ। वीररस स्थायी भावको रूपमा रहेको यस कवितामा तनहूँका पदाधिकारीहरूलाई अत्यन्त हेय रूपमा राखिएको छ। शक्तिवल्लभको कविता भन्दछ– 'तनहूँमा सागर मनाल नामक केटाकेटी मान्छे मन्त्री छ। त्यस्तै अन्य पाँचजना भारदारहरूको पनि के गन्ति गर्नु। खरदार कालु जंसी घण्टीको रालो जस्तो छ। त्यस्तो कमजोर तनहूँले कति दिन आफ्नो राज्य थामेर खाला?' यहाँ बाला, चाला, राला, खाला जस्ता पदहरूले लाटानुप्रासको राम्रो संयोग जुटाएका छन्। कविता मनोहारी र चित्ताकर्षक छ शक्तिवल्लभ गोर्खाली वीरहरूलाई निर्देशन दिन्छन्– लमजुङ्ग कुनै शक्तिशाली छैन, त्यो मुकुण्डो अर्थात् बाहिर हेर्दा डरलाग्दो भित्रभित्र चाहिँ कमजोर छ। कास्की सुनको खुकुण्डोजस्तो छ जसलाई तुरुन्तै गाल्न सकिन्छ। सुन मूल्यवान् हुँदाहुँदै पनि कमजोर हुन्छ, त्यसलाई फलामका हतियारले काट्न सकिन्छ। त्यसैले कास्कीसँग पनि डराउनु पर्दैन। प्यूठानलाई पनि हेलैं जित्न सकिन्छ (यहाँ मुकुण्डो शब्द अर्थपूर्ण नभई अनुप्रास मिलाउन प्रयोग भएको छ)। तसर्थ तनहूँलाई भकुण्डो खेलेजतिकै खेली खेली जित्न सकिन्छ भन्ने कविको अभिप्राय देखिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा सबैभन्दा छोटो कविता शक्तिवल्लभ
भने सबैभन्दा स्वादिलो र रसिलो पनि यही कविता छ । यसले एकातिर शा
छन्दलाई नेपाली कवितामा भित्र्यायो भने अर्कातिर सुन्दर बिम्बहरूको
सृष्टि गरेको छ । यस कविताले आफ्ना वीरहरूका उत्साहलाई चौगुना ब
ओजस्वी भाषाशैलीको प्रयोग गरेको छ भने विपक्षीहरूका कान्तिलाई ते
गरी आफ्ना वीरहरूका उत्साहलाई तीव्र पारेको छ । कवितामा वीर रस
भावका रूपमा रहेको छ भने विपक्षीहरूको तेजोवध गर्दा हास्यको समेत
भएको छ । विपक्षीहरू बलिया छन् भन्यो भने आफ्ना वीरहरू डराउलान्
सतर्कतापूर्वक तिनीहरू ता केही होइनन् बाहिर हेर्दा जे जस्ता देखिन्छन्
त्यति नै कमजोर छन् भन्ने भाव यस कवितामा व्यक्त भएको छ ।

कवि शक्तिवल्लभ कुशल साहित्यकार हुन् । उनले आफ्नो पक्षलाई
सावधानीपूर्वक हौसला प्रदान गरेका छन् र विपक्षीहरूको स्थिति पनि
कात्मक रूपले प्रकट गरेका छन् । निश्चय नै नेपाल एकीकरणमा कवि
वल्लभ अर्ज्यालले आफ्नो काव्योचित प्रतिभाको उपयोग गरेका थिए ।
साहित्यमा शक्तिवल्लभ अर्ज्याललाई प्रथम हास्यव्यङ्ग्य स्रष्टाका रूपमा
एको हुँदा उनको प्रतिष्ठा निर्विवाद रूपले उज्वल छ भन्न सकिन्छ । यी प्र
मतिका प्रतिभाशाली कवि भएका हुँदा यस बाहेक उनका अरू कविता पनि
हुन् । अनुसन्धानको दीर्घकालिक अभावले गर्दा ती रचना सधैंका लागि
कि भन्ने आशङ्का पनि छँदैछ । वीरभावनाका काव्यश्रेणीमा यिनलाई
कविको रूपमा उभ्याउन सकिन्छ । यिनको काव्यकाल वि. सं. १८३
मानिएको छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यसंसारमा उदयानन्द अर्ज्याल वीर भा
लाई प्रस्तुत गर्ने कविका रूपमा देखिएका छन् । यिनले पृथ्वीनारायण शा
केन्द्रीय पात्रका रूपमा प्रतिष्ठापित गरेका हुँदा तात्कालिक ऐतिहासिक सा
अध्ययन गर्न सुगम भएको छ । यिनले 'पृथ्वीन्द्रोदय' नामक महाकाव्यको
गरेका छन् । यसै महाकाव्यलाई नेपाली साहित्यको प्रथम महाकाव्य मा
छ ।[१४] यस महाकाव्यमा पृथ्वीनारायण शाहलाई नायक बनाइएको छ ।
असाधारण युद्धकौशलको वर्णन गरिएको छ । उदयानन्दले शार्दूलविक्री
र अन्य शास्त्रीय छन्दको प्रयोग गरी नेपाली काव्यको उत्कर्ष बढाएका

१४. ज्ञानमणि नेपाल महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्य स
एक अध्ययन, 'प्रज्ञा', पूर्णाङ्क ४१, ने. रा. प्र. प्र. काठमाडौं, वि. सं.

उदयानन्दले 'पुरानो वातको अर्जी' मा नेपालको विजयवर्णनको संकेत गरेका छन् । उनको 'वेतालपच्चीसी' र 'वंशवृत्तान्त' मा पनि काव्योचित गुणहरू उपलब्ध छन् ।

उदयानन्द अर्ज्यालले नेपाली काव्यजगत्लाई नवीन भावना र नवीन चेतना प्रदान गरेका थिए । उनमा व्यापक काव्यचेत भएकै हुँदा काव्यका अनेक प्रयोग सम्पादन गरे । यिनले पृथ्वीनारायण शाह, प्रतापसिंह शाह, जयप्रकाश मल्ल, रणजित मल्ल, आदिका सम्बन्धमा पनि आफ्नो काव्यलाई विस्तार गरेका छन् । यिनले विशेष गरी नेपालको राष्ट्रियतालाई उद्बोधित गरेका छन् । पृथ्वीनारायण शाहद्वारा प्रतिपादित फिरङ्गीविरोधी भावनालाई उनले आफ्नो काव्यका माध्यमबाट नेपाली साहित्यमा भित्र्याए ।

वैचारिक दृष्टिलाई आधार मानेर कविता लेख्नेमा उदयानन्द अर्ज्याल नै प्रथम नेपाली कवि हुन् । नेपाली राष्ट्रियता, नेपाली एकता र जातीय चेतनाका मौलिक भावहरूबाट नेपाली साहित्यलाई आप्लावित गर्दै उदयानन्द अर्ज्यालले प्रचुर काव्यसाधना गरेको कुरा अनुसन्धाताहरूबाट पत्ता लागिसकेको छ ।[१५]

प्राग्भानुक्तीय नेपाली काव्यसंसारमा उदयानन्द अर्ज्याल नै सबैभन्दा बढी काव्य रचना गर्ने कवि भएका छन् । यिनले नै नेपाली पहिलो महाकाव्यको रचना गरे भने विभिन्न खण्डकाव्यको रचना पनि गरे । उदयानन्दले संस्कृत कवितासमेत बनाएको पाइनुले उनको सक्रिय काव्य जीवनको आभास मिलेको छ ।

वीर भावनाका काव्य निर्माता उदयानन्दले प्रमुखतः नेपाली वीर र नेपाली राष्ट्रियताका पक्षमा आफ्ना काव्यलाई एकोहोर्‍याएका छन् । यिनका काव्यमा सिद्ध्याएका वीर पृथ्वीनारायण शाहले बाह्रै वर्षका उमेरदेखि आफूलाई युद्धमा समर्पित गरेका थिए । सिह्लानचोक विजय गर्दा उनको यस्तो बाल्यावस्था थियो भन्ने वर्णन गरिएको छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यसंसारमा सुन्दारानन्द बाँडाको फुटकर कविता 'त्रिशानदी' वीरोचित भावनाबाट भन्दा आध्यात्मिक भावनाबाट प्रभावित देखिन्छ । यस कवितालाई 'वीरकालीन कविता' मा भित्र्याउनुको तात्पर्य चाहिँ के हो भने यो छुट्टै लेखिएको नभई बहादुर शाहको वर्णन प्रसङ्गमा लेखिएको छ । बहादुर शाह नेपाल एकीकरण गर्ने एउटा साहसिला वीर योद्धा थिए । यसमा बहादुर शाहको महत्तालाई इङ्गित गरिएको हुँदा यसलाई वीरस्तुतिका रूपमा

---

१५. ज्ञानमणि नेपाल, महाकवि उदयानन्द अर्जेलका ग्रन्थसंग्रह र पद्य 'उन्नयन' पूर्णाङ्क ८, काठमाडौं, घट्टेकुलो, वि. सं. २०४८ ।

लिइनु उपयुक्त छ। यस कविताको रचनाकाल वि. सं. १८३५ देखि
बीच भएको मानिएको छ।'[१६]

प्राग्भानुभक्तीय नेपाली काव्यकालका कवि राधावल्लभ अर्ज्यालले
कवित्त –१' को रचना गर्दा युद्धसदृश स्थितिको चित्रण गरेका हुँदा यस
वीरभावनाप्रधान काव्यकै रूपमा लिइएको छ। मानवीय जुझारू प्रवृत्ति
हरूका बीचको प्रतिस्पर्धाका रूपमा प्रस्तुत गरिएको हुँदा कविता
भाषिक क्लिष्टताचाहिं पाठकलाई अत्त्याउने किसिमको देखिन्छ। यस
क्रियापदचाहिं प्रायः अन्वय गरेर ल्याउनुपर्दछ। कविता लगभग
छ। करीब २७ वटा खण्डाङ्क (स्टचान्जा) हरूमा विस्तृत यस कविता
खण्डकाव्य समेत भन्न सकिन्छ। यस कविताका कवि राधावल्लभ
पुरोहित हुनु धेरै सम्भव देखिन्छ। यिनी सम्भ्रान्त परिवारका भएको हुँदा
पाँचवटी श्रीमतीहरू थिए र यिनको निधनमा यिनीहरू पनि
थिए। यिनले सांढेका विषयमा कविता लेख्नुको अभिप्राय रणबहादुर
विनोदप्रियतालाई सघाउनु नै थियो। रणबहादुर शाह सांढेहरू जुधाई
रञ्जन गर्दथे।

राधावल्लभ अर्ज्यालको 'सांढ्याको कवित्त –१' पढ्दा चाहिं निकै
छ। यसका शब्दहरू संगीतमय रूपमा उपस्थित छन्। यी शब्दहरू
प्रयोगले अनुप्रासको समायोजन भएको छ। जस्तै –

श्रींग श्रींगकै तड्का, घुर घुरणकै कउका,
अङ्ग धाप धम्का, मेघ अधिक फुङ्का। इत्यादि।

प्राग्भानुभक्तीय नेपाली काव्यसंसारमा राधावल्लभ अर्ज्याल
दुइजना अज्ञात कविले 'सांढ्याका कवित्त' को रचना गरेको पाइन्छ।
को परिचय नपाइएको हुँदा यिनीहरूका विषयमा केही भन्न सकिँदैन।
र प्रस्तुतिमा साम्यता देखिएको हुँदा राधावल्लभकै समकालीन
कविताहरू रचेका रहेछन् भन्ने अनुमान हुन्छ। यी कवितामा सांढेहरू
युद्धको प्रत्यक्ष वर्णन पाइनुले वीरभावनालाई जागृत तुल्याएको छ।

प्राग्भानुभक्तीय नेपाली काव्यकालमा गुमानी पन्त विवादा
रूपमा रहेका छन्। यी जन्मिएर पचीस वर्ष भएसम्म नेपाली ना

१६. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, काठमाडौं, रत्नपुस्
वि. सं. २०४७।

त्यसपछि भारतीय भए । एउटै कविको जीवनमा केही भाग एउटा देशको नागरिक र केही भाग अर्को देशको नागरिक हुनुपरेको मार्मिक स्थिति गुमानी पन्तका जीवनमा देखिएको छ । यिनले लेखेका कवितामा पनि भावको द्विविधा भेटिन्छ । यति मात्र होइन यिनका कविताको भाषा पनि मिश्रित रहेको छ । कतिपय अन्वेषकहरू यिनका कविताले नेपाल र नेपाली राजाको प्रशंसा गरेको ठान्दछन् भने कतिपय अन्वेषकहरूचाहिँ यिनले नेपालीहरूप्रति व्यङ्ग्य गरेको ठान्दछन् ।[17] गुमानी पन्त एउटा प्रतिभाशाली कवि थिए भन्ने कुरामा चाहिँ शङ्का गर्न सकिँदैन । उनका कविताले कुमाउँ, गढवालका बासिन्दाहरूको विवश-ताको वर्णन गर्दै गोर्खाली विजेताहरूको निर्दयी स्वभावलाई व्यङ्ग्य गरेका छन् । ती उक्तिमा व्याजनिन्दा पाइन्छ । व्याजनिन्दा भए पनि काव्यगत सरसता पाइने हुँदा गुमानीका कविताहरू पठनीय र सुस्वादु छन् । गुमानीका कविता वीर भावनालाई जागृत गराउन सहायक छन् । उनले कुनै वीर व्यक्तिको चरित्र र क्रियाकलापको वर्णन गरेका छैनन् तर पराधीनतालाई सहेर आफ्नो स्वत्वलाई बिर्सियो भने सधैंभरि दुःख पाउनुपर्ने स्थिति आउँछ भनी आफ्ना पाठक वर्गलाई सचेत गराएका छन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा यदुनाथ पोखरेल राष्ट्रिय वीरता र राष्ट्र-प्रेमलाई स्पष्ट शब्दमा उद्घोष गर्ने कविका रूपमा प्रतिष्ठापित छन् । उनका स्तुति पद्यहरूले तत्कालीन कान्तिपुरीको वर्णन गर्दै राष्ट्रसेवामा समर्पित वीर योद्धाहरूको चरित्र प्रस्तुत गरेका छन् । शास्त्रीय छन्दमा लेखिएका यी कविताहरू ओजस्वी शैलीका छन् । यिनका कवितामा देशभक्तिको भावना प्रचुर मात्रामा पाइएको कुरा यिनले कान्तिपुरीलाई अमरावती र नेपालका राजालाई सुरपति मानेको कुराबाट प्रमाणित हुन्छ । यिनका सम्बन्धमा बाबुराम आचार्यले व्यक्त गरेको उद्गारमा सार्थकता पाइन्छ– 'मिथ्यास्तुतिमा लेखिएका पद्यहरू प्रायः नीरस हुन्छन्, तर यिनले यी स्तुतिपद्यहरूमा देशभक्तिको रस भरिदिएका हुनाले रसिला बनेका छन् ।[18] यिनका सम्बन्धमा केशवप्रसाद उपाध्यायको मूल्यनिरूपण पनि युक्तियुक्त छ–

'यदुनाथको वीरगाथा आफ्ना अग्रजहरूको भन्दा अनेक दृष्टिले महत्त्वपूर्ण छ । यिनले राजालाई आलम्बन बनाएर लेखिँदै आएका वीरस्तुतिको स्थानमा

---

१७. डा. दयाराम श्रेष्ठ, ऐजन, पृ. ६६ ।

१८. बाबुराम आचार्य, पुराना कवि र कविता, काठमाडौं, साझा प्रकाशन, (पाँचौं संस्करण), पृ. ६८, वि. सं. २०४७ ।

प्रधानमन्त्री भीमसेन थापालाई आलम्बन बनाएर रचना गरे, जो एउटा
कुरा भयो ।'[१८]

प्राग्भानुभक्तीय नेपाली काव्यमा यदुनाथ पोखरेलको योगदान अत्यन्त
वान् देखिन्छ । यिनले आध्यात्मिकताका अतिरिक्त देशप्रेम र राष्ट्रवन्दनालाई
मिकता दिएका छन् । पृथ्वीनारायण शाहका समयदेखि उत्पन्न भएको रा
चेतना प्रतापसिंह र बहादुर शाहका समयमा आफ्नो सुस्पष्ट आकृतिमा
भइसकेको थियो भने भीमसेन थापाको समयमा आफूलाई बचाउँदै साम्रा
अंग्रेजी शक्तिलाई चुनौती दिन समेत सक्षम भइसकेको परिप्रेक्ष्यमा
पोखरेलजस्ता राष्ट्रवादी कविले त्यस भावनालाई काव्य रूपमा वाणी प्रदा
युगीन आकाङ्क्षालाई मुखरित गरिदिएका थिए । यदुनाथ पोखरेलले
प्रतिष्ठा गर्दै यस मुलुकलाई सर्वप्रथम 'नेपाली' नामले अभिवरण गरिदि
गाथा क्रमशः राष्ट्रगाथामा रूपान्तरित हुँदै गयो । अत्यन्त सुन्दर
यदुनाथले नेपाली कवितालाई सुसंस्कृत बनाए । नेपाली कवितालाई
आकार र स्वरमा परिणत गर्ने काममा यदुनाथको महान् योगदान छ ।
नेपाली कविता अनिश्चित स्रष्टा र अनिर्णीत मार्गका घेराबाट मुक्त भई
निश्चित पथ र एउटा निश्चित उद्देश्यतर्फ अभिमुख हुनामा कवि यदुनाथ
को महत्तम योगदान देखिन्छ ।

यिनले लेखेको 'स्तुति पद्य –१' मा सिपाहीहरूको वर्णन छ,
शहरको रक्षामा संलग्न वीर सिपाहीका कार्यहरूको उल्लेख छ । 'स्तुति
मा सैन्यहरूका वाद्यवादनको वर्णन गर्दै जर्नेल साहबको असल भाग्य
गरिएको छ । 'स्तुति पद्य –३' मा धनकुटा, चौदण्डी, सप्तरी आदि
किल्लाहरूको वर्णन गरिएको हुँदा यदुनाथ पोखरेललाई देशका भौगोलिक
का सम्बन्धमा प्रशस्त जानकारी भएको कुरा प्रमाणित हुन्छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा वीरभावोचित स्वरले प्रशस्त ठा
देखिन्छ । समय समयका घटना र वीरहरूका आगमनलाई काव्यले
प्रयाण मानेको छ । प्रारम्भिक कालमा देखिएको वीरस्तुति क्रमशः सघन
छ । वीरस्तुतिबाट राष्ट्रव्यापी चेतना पलाउन थालेको देखिन्छ । रा

---

१८. केशवप्रसाद उपाध्याय, प्रारम्भिककालीन कवि र काव्यप्रवृत्ति, साझा प्रकाशन, (दो. सं.), पृ. ५२, वि. सं. २०४२ ।

भावनालाई जागृत तुल्याउने युगचेतना पनि थ्युँदै गएको हुनाले नेपाली काव्य-संसारले स्पष्ट दिशातिर पाइलाहरू सार्न थालेको अनुभव हुन्छ ।

प्राग्भानुभक्तीय काव्य संसारमा प्राक्कल्पनीय रूपमा विष्णुदास आचार्यले प्रथम पाइला चलाए भने पृथ्वीनारायण शाह, सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्ज्याल, अज्ञात साँढ्याका कवि, गुमानी पन्त र यदुनाथ पोखरेलले उत्तरोत्तर रूपमा वीरकाव्यको प्रतिष्ठा बढाउँदै लगे । यिनीहरूले वीरवर्णनाबाट यात्रा प्रारम्भ गरी राष्ट्र र राष्ट्रियताका महिमालाई उच्चस्वरमा शङ्खघोष गरे । देश बनाउनु पर्दछ भन्ने चेतनासम्म आइपुग्न कविहरूले प्रशस्त काव्यिक अभ्यास गरेको देखिन्छ । प्रथमतः कविहरूमा युगीन चेतना बोकेका योद्धाको प्रशंसा गर्ने भावना उदय भएको छ । त्यसपछि विदेशीहरूले नेपाललाई आफ्नो अधीनमा लिन सक्ने सम्भावनातर्फ सतर्कता प्रकट गरिएको छ । नेपालमा छरिएर रहेका बाइसी र चौबीसी राज्यहरूको एकीकरण गरी विशाल नेपालको परिकल्पना गर्दै बाह्य शक्तिसँग जुध्नुपर्ने आवश्यकताप्रति कविहरू सचेष्ट छन् । यस्तो स्थितिमा नेपाल एकीकरण गर्न सक्ने वीरयोद्धाको आवश्यकता अनुभव गर्दै त्यस्तो वीरमा श्री ५ पृथ्वीनारायण शाहको नेतृत्व फलदायी हुन सक्ने कुरामा कविहरू विश्वस्त छन् । राष्ट्रभित्र छरिएर रहेका विभाजित शक्तिपुञ्जलाई एकीकृत गर्नुपर्ने चुनौतीले एकातिर धकि बिइरहेको छ भने अर्कातिर साम्राज्यवादी शक्तिको विस्तारले त्यत्तिकै चिन्तित तुल्याएको छ । नेपाली कविहरूले यी दुवै स्थितिलाई प्रमुख समस्याका रूपमा लिएका छन् ।

यसरी एकातिर आफ्नो राष्ट्रिय सङ्गठनलाई शक्तिशाली बनाउने अभियान सञ्चालन भइरहेको र अर्कातिर बाह्यशक्तिसँग बेलाबेलामा जुध्नु र भिड्नु परिरहेको कुराले नेपाली वीर काव्यलाई प्रभावित तुल्याएको छ । बाइसी र चौबीसी राज्यहरूको आपसी कलहलाई निमिट्यान्न पार्न पृथ्वीनारायण शाहको दूरदर्शी अभियानले सार्थक रूप पाउन पृथ्वीनारायणोत्तरकाललाई समेत पर्खनु पर्‍यो । तर त्यो अभियान युगको आकाङ्क्षा र युगको आवश्यकतालाई प्रतिविम्बित गराउने घटना थियो । यस युगीन सन्दर्भलाई कविहरूले तत्काल अङ्गीकार गर्दै काव्यसंसारबाट गहकिला स्वरहरूले राष्ट्रोत्थानमा संलग्न वीरपुरुषहरूको अर्चना गरिदिए । यसरी राष्ट्रार्चनामा संलग्न वीरगाथाका गायकहरू नै नेपाली साहित्यको प्राग्भानुभक्तीय काव्यका कवि हुन पुगे । यी नेपाली कविहरूले राष्ट्रको आवश्यकता बुझेर त्यसका परिपूर्तिका निमित्त आफू स्वयं पनि समर्पित भए, साथै अरूलाई पनि त्यसका निमित्त अभिप्रेरित गरिदिए । राष्ट्र एकीकरणको यस

महान् यज्ञमा नेपाली कविहरू कहिले होता बने, कहिले उद्गाथा गायक, यिनीहरूले कहिले यज्ञ विध्वंसक असुरहरूलाई धपाए, कहिले अरूलाई लगाए। यो यज्ञ वि. सं. १८७१ सम्म कुनै न कुनै रूपले चली नै रह्यो। सन्धि भएपछि मात्र त्यस यज्ञको पूर्णाहुति भएको देखिन्छ। विष्णुदास बाट प्रस्तावित वीर भावनाले वि. सं. १७९९ देखि उत्कर्षता प्राप्त गरी १८७१ सम्ममा पूर्णता प्राप्त गरेको देखिन्छ।

नेपाली वीरकाव्यको काल राजनैतिक र साहित्यिक दुवै दृष्टिबाट १८७१ सम्म विस्तीर्ण हुन पुगेको छ। एकातिर वि. सं. १८७२ मा सुगौली भएर राष्ट्रविस्तार गर्ने कार्यमा अवरोध उत्पन्न हुन पुग्यो, जुन तात्कालिक राजनैतिक कारण थियो, त्यसै गरी वि. सं. १८७२ मा आदिकवि भानुभक्त आचार्यको जन्म भई उनको काव्यसाधना क्रमिक रूपले रामभक्ति तर्फ उन्मुख हुन पुगेको घटनाले वीरोचित काव्याभिव्यक्तिमा न्यूनता आएको साहित्यिक कारण मान्न सकिन्छ।

प्राग्भानुभक्तीय नेपाली वीरभावनात्मक काव्यमा रहेका विशेषता यसरी बुँदागत रूपले प्रस्तुत गर्न सकिन्छ–

१. राष्ट्रिय वीरहरूको चरित्रलाई उपस्थापित गर्नु,
२. विदेशी आक्रमणप्रति सतर्कता अपनाउनु,
३. मानवेतर पशुप्राणीका चरित्रलाई वीरोचित ढङ्गले वर्णन गर्नु,
४. विपक्षी शक्तिप्रति हेय भाव राखी आत्मोत्साह जागृत गराउनु,
५. एकीकरणका प्रमुख नायकको नेतृत्वमा पूर्णतः विश्वास उमार्नु,
६. सामान्य सिपाही, सेनापति, जर्नेल, कर्नेल आदिको महत्वलाई उजागर गर्नु,
७. देशभक्तिका भावनालाई प्रचार प्रसार गर्नु,
८. नेपाललाई स्वर्गतुल्य नगरीका रूपमा प्रचार गर्नु,
९. नेपाल नरेशलाई इन्द्रतुल्य प्रतिष्ठा प्रदान गर्नु,
१० देशको भौगोलिक स्थितिको ज्ञान भै सामरिक दृष्टिले त्यसको वर्णन गर्नु,
११. सांकेतिक र प्रतीकात्मक शैलीमा राजनीतिको वर्णन गर्नु,

यसरी प्राग्भानुभक्तीय नेपाली वीर भावनाप्रमुख कविताका प्रमुख विशेषताहरू उपर्युक्त बुँदाहरूमा प्रस्तुत गरिएको छ।

३.४ भक्तिभावनाप्रमुख नेपाली कविता

भक्ति शब्दको अर्थ अत्यन्त व्यापक छ। कुनै देवता वा कुनै महापुरुषप्रति गरिने श्रद्धा, अर्चना, स्तुति, महत्तागायन आदि समेतलाई भक्तिका रूपमा लिन सकिन्छ। यस सम्बन्धमा नेपाली शब्दकोशले स्पष्ट लेखेको छ– 'ईश्वर वा देवदेवताप्रति हुने आस्था वा पूजाको भावना' नै भक्ति हो।[२०]

नेपाली साहित्यमा भक्तिधारा प्रमुखतः निर्गुण भक्तिभावनाको प्रतिनिधित्व सन्त साहित्यले गरेको छ। यसमा नेपाली सन्तकविहरूका भजन र उपदेश पर्दछन्। ईश्वरलाई निर्गुणत्वमा संस्थापित गर्ने कविहरू नै सन्त कवि मानिन्छन्। नेपाली सन्त– कविहरूलाई जोस्मनी कवि परम्परा पनि भनिन्छ। यी सन्तकविहरूले नेपाली साहित्यको अभ्युत्थानमा ठूलो योगदान दिएका छन्। यिनीहरूका रचना शुद्ध नेपाली भाषामा नलेखिएका हुँदा नेपाली साहित्यको मूल इतिहासबाट यिनीहरूलाई अलग्ग राखिएको देखिन्छ। सर्वसाधारण जनमानसमा भने यिनीहरूको प्रभाव प्रशस्तै परेको छ। यिनीहरूले आफ्ना रचनामा हिन्दीको मिश्रण प्रशस्त गरेका छन्। हिन्दीको मिश्रण वा सरल हिन्दी नै भए पनि सर्वसाधारण मानिसहरूले यिनका कथनको अर्थ बुझ्न सक्ने भएकाले कविताको भाव सजिलै पर्न सक्ने देखिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा भेटिएका यी सन्त कविहरू शास्त्रीय काव्य परम्पराका सचेत प्रयोक्ता हुन् भन्न सकिँदैन। तर यिनीहरूले आम जनमानसमा देखिएको आलस्य, अकर्मण्यता, भ्रम र आडम्बरलाई पन्छाउँदै सद्विवेक र यथार्थवादी दृष्टिकोणको संस्थापना गरेका छन्। मूलतः यिनीहरू अध्यात्मवादी कवि हुन्। तर एकोहोरो भक्तिमा मात्र नलागी आत्मतत्व र परब्रह्मको स्वरूप पहिचानीतिर प्रवृत्त हुनुपर्दछ भन्ने यिनका कविताको लक्ष्य देखिन्छ।

प्राग्भानुभक्तीय नेपाली सन्त कविहरू विशेषतः प्रयोजनमूलक काव्य निर्माणमा लागेका छन्। यिनीहरू आत्मरञ्जनाका निमित्त मात्र काव्य निर्माण नगरी सर्वसाधारण जनमानसलाई पथप्रदर्शन गर्न र उपदेश दिनका लागि नै काव्य निर्माण गर्दछन्। यिनीहरूका काव्यमा अनुभव रहित उपदेशको न्यूनता छ। आफ्नो जीवनमा आफैंले पाएको अनुभव तथा गुरुद्वारा निर्दिष्ट ज्ञानको

२०. सूर्यविक्रम ज्ञवाली (सं.) नेपाली संक्षिप्त शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०४०, पृ. ५५४।

सन्देश दिन यी सन्त कविहरू प्रयत्नशील छन् । यिनीहरू समाजलाई जागरणका दिशामा डोऱ्याउने सचेतक जस्ता छन्, त्यसैले यिनीहरूलाई शुद्ध कवि मात्र नमानी समाजका दुःख सुखका साथी भन्न सकिन्छ । यिनीहरू घर गृहस्थीमै रहेर पनि सन्तका आचरण गर्दथे । समाजमा उत्पन्न हुने लोभ लालच र मोहका वशमा नपरी समाजलाई डोऱ्याउने यिनीहरूको स्वभाव थियो । यिनै वैयक्तिक चालचलन र विशेषताले गर्दा नै सन्त कविहरू समाजमा अनुकरणीय मानिन्थे र उनीहरूका उपदेशहरू ग्राह्य थिए ।

प्राग्भानुभक्तीय नेपाली काव्यका प्रथम सन्त कवि धिर्जे दिलदास हुन् ।[२१] यिनले आफ्ना कवितामा मानिसलाई हरिको भजन गर्न प्रेरित गरेका छन्। मानवीय शरीर पञ्चतत्वबाट निर्मित छ यस भौतिक शरीरबाट पाप प्रक्षालन गरी पुण्य प्राप्त गर्नुपर्दछ, हाम्रो चित्तलाई हरिका भजनमा लगायौं भने आनन्द पाउँछौं, तसर्थ आफ्नो जीवनलाई सार्थक तुल्याउने हो भने हरिपदलाई कहिल्यै बिर्सन हुँदैन भन्ने आशयका निर्गुण भजन यिनले रचेका छन् । मानिसमा यस किसिमको चेतना गुरुकै कृपाबाट आउने हुँदा गुरुलाई पनि मान्नुपर्दछ भन्ने यिनको सिद्धान्त देखिन्छ ।

सन्त कवि परम्परामा शशिधरदास सबैभन्दा सक्रिय देखिन्छन् । यस युगमा सबैभन्दा धेरै रचना शशिधरकै छन् । यिनले पनि आफ्ना भजन र अन्य रचनाका माध्यमबाट सामाजिक चेतनाको भाव विस्तार गरेका छन् । सच्चिदानन्द लहरी मा गुरु शब्दको महिमालाई प्राथमिक महत्व दिइएको हुँदा यिनी गुरुलाई असाध्यै मान्दथे भन्ने देखिन्छ । यिनको भाषिक प्रयोगमा पनि नेपालीपन निकै नै छ । यिनले गुरुको वर्गीकरण गर्दै क्रमशः माता पिता; यज्ञोपवीतदाता, शास्त्रसंगतदाता, हरिनाम श्रावक आदिलाई गुरु मानेका छन् । यिनका विचारमा सत्यविचारदाता, वैराग्य उत्पन्न गराइदिने र कुसिलिकरा समेत गुरु नै हुन् । यिनीहरूको संख्या एघार छ । यसै गरी शशिधरले भक्तिशब्दको विषयमा, विनती शब्दको विषयमा, धरती निरूपण शब्दको विषयमा, सरगुनी पिण्ड षेल शब्दको विषयमा मति निरूपण शब्दको विषयमा, मन्त्र निरूपण शब्दको विषयमा, भेषधारण शब्दको विषयमा, मनोलय शब्दको विषयमा, समाधि शब्दको विषयमा, आत्मा जागृत लक्षण शब्दका विषयमा, हरि मिलन शब्दका विषयमा, ब्यास शब्दका विषयमा

---

२१. जनकलाल शर्मा, जोसमनी सन्त परम्परा र साहित्य, काठमाडौं, राय नेपाल एकेडेमी, २०२० ।

जालभेदन शब्दका विषयमा, योनिभेदन शब्दका विषयमा, कर्मभेदन शब्दका विषयमा, शब्दभेदन शब्दका विषयमा, ॐकार शब्दका विषयमा, मुकुट शब्दका विषयमा समेत अनेक दोहा र सवाइहरू लेखेका छन् । यिनको वैराग्याम्बर, गद्य प्रधान उपदेश काव्य भए पनि ठाउँ ठाउँमा पद्य समेत मिसिएको हुँदा उल्लेखनीय छ । यसमा सच्चिदानन्द लहरीको जस्तो हिन्दी मिश्रित सधुक्कडी भन्दा गद्य, पद्य दुवैमा नेपालीकै आधिक्य छ ।

"उसैमा उसैकी माया भै: चीताउन्या येंही भोलाकी भुल
न चीताई उसैको उसै हन्या हो, आफैं आत्मा अनुकुल"

यो शशिधर रचित वैराग्यांवरको दोहा हो । त्यसै गरी 'यो अजपा गायत्री हो, योगी जन कन मोक्ष दीन्या यस्को संकलपैले मात्र सर्वपाप देखी मुक्त हुन्छ' जस्ता गद्य प्रयोगबाट शशिधरको नेपाली भाषाप्रतिको अनुराग झल्किएको छ । यिनको 'पाखण्ड खण्ड अखण्ड शब्द' हेर्दा शब्दचयनमा यिनको विशिष्टता झल्किन्छ । 'खंडि खंडै दंडि दंडै अखंड नाउ, नटखट सठ पाखंड मत सुनो भाइ' मा शब्दानुप्रास देखिन्छ । यिनका अरू रचनाहरू गुरुपञ्जा, तत्वगीता, अजपा गीता र भजन संग्रह समेतको संख्या हेर्दा यिनले नेपाली सन्तकाव्य परम्परालाई समुन्नत बनाउन ठूलो योगदान दिएको देखिन्छ ।

यसै परम्पराका धौकल दास सत्यको खोजलाई जीवनको लक्ष्य बनाउन आग्रह गर्दछन् । प्रेमबाट चित्त जगाऊ, चित्त जगाएर जीवनलाई जगाउन सकिन्छ, यसरी आफ्ना सम्पूर्ण आन्तरिक चेतनाहरू जागृत भएपछि नै मानिसमा ज्ञानका द्वारहरू खुल्दछन् । ज्ञानबाट भक्ति प्राप्त हुन्छ र यसैबाट सत्यको दर्शन हुन्छ भन्ने समेत उनका 'रागवाणी' कविताको आशय देखिन्छ । धौकलदासको कवितामा हिन्दीकै आधिक्य छ । यो कविता दोहा शैलीमा लेखिएको छ ।

सन्त कविहरूमा मोक्षमण्डल निकै मायालु स्वभावका देखिन्छन् । यिनी विशुद्ध उपदेशक मात्र नभई मानिसहरूका बीचमा सल्लाहकारजस्ता भएर आएका छन् । हामीले आफ्नो बाटो समाएर हिंड्नुपर्दछ, यसै मार्गबाट हामीले सिद्धि पाउन सक्छौं, चारै युग बित्नै लागे, तर हामी अझै अलमलिरहेका छौं, तसर्थ बेलैमा बुद्धि पुऱ्याई चौरासी लाख योनिबाट मुक्ति पाउने मार्गतिर प्रवृत्त हौं । उनको शब्दमा हेरौं

'चारै युग बितन लागे संध्या परि परि आई
आदि घरको याद करोगी अन्तकालमे फेर मन पछुताई ।
जात कर्म वर्ण मर्यादा यह बीच टट्टी लगाई,
मर्म गिऱ्यो पऱ्यो चौरासीमे ऐसे मम जाल बधाई ।

यी पंक्तिहरूमा मोक्षमण्डल निकै स्पष्ट भएका छन् । यिनका निर्गुण र रागवाणीजस्ता भजनहरू पनि शिक्षाप्रद नै छन् । यिनले मुख्यतया बाह्य आडम्बरको निषेध र ज्ञानको संस्थापनामा जोड दिएका छन् ।

मनुष्य देह काँडासमान हो, यसलाई हरिनामरूपी औषधिले स्वच्छ बनाउनु पर्दछ भन्ने प्रेमदिलको विचार छ । मान्छेको मन चञ्चल छ, त्यसले राम अथवा हरिको नाम लिन चाहँदैन, रामको नामविना मोहबाट मुक्ति मिल्दैन तसर्थ निर्गुण हरिभजन गर्नुपर्दछ भन्ने भावनालाई सन्तकवि प्रेमदिलले स्पष्ट पारेका छन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा सन्तकवि निर्वाणानन्दले 'राग मालश्री' मा देवीको स्तुति गरेका छन् । हे भगवती मलाई दर्शन देऊ भनी उनले आफ्नो मानसिक भक्ति भावना प्रकट गरेका हुँदा यहाँ उपदेशको परम्परा कायम छैन । यस युगका सन्तकवि अभयानन्दले आपना चौंसठ्ठी रचनाहरूबाट ज्ञान मार्गमा लाग्न जोड दिएका छन् । यिनले वेदलाई सर्वोपरि मानेको कुरो 'वेद माताहि पूजा करो मन पाप हरो हर उं कारि', आदि पदावलीबाट स्पष्ट भएको छ । सन्त कविहरूमा अभयानन्द निकै प्रतिभाशाली देखिन्छन् । यिनका रचना सरल तथा सहज छन् । ज्ञानबाट नै भ्रम निवारण हुने हुँदा ज्ञानको अखण्ड स्रोत वेदलाई मान्नु पर्दछ । आत्मामा नै परमात्मा छन् । परमात्मा व्यापक र अद्भुत छन् । यी सबैको ज्ञान वेदबाट हुन्छ । वेदमातालाई पूजा गर, मनका सम्पूर्ण पापहरू नष्ट पार ! शिव नै वेद हुन्, जीव नै वेद हुन् । वेदबाट सम्पूर्ण रसहरू निःसृत भएका छन् । ऋग्वेदको चन्दन, सामवेदको पुष्प, यजुर्वेदको अक्षता र अथर्ववेदको धूप चढाऊ । गायत्री, ऋद्धि, सिद्धि, चौध लोक, धर्म, कर्म सबै नै वेदमय छन् भन्ने भावना यिनका कवितामा स्पष्ट देखिन्छ । यिनका कविता रागवाणी, राग वाणी, राग बाह्रमास, राग निर्गुन आदि शीर्षकमा संकलित छन् । यिनले आपना रचना सन्तभाषा बाहेक नेवारी भाषामा पनि लेखेका छन् । अभयानन्द उपत्यकाका मानिसहरूलाई उनीहरूकै भाषामा ज्ञान गुन सिकाउन प्रयत्नशील देखिएको कुरा उनका तीन वटा नेवारी रचनाले प्रमाणित गरेका छन् । यो गैह्र नेवार भए पनि नेवारीमा यिनको राम्रो पकड देखिन्छ ।

सन्त कविहरूमा श्यामदिलदास मानव शरीरलाई मट्टितत्वबाट निर्मित भएको ठान्दछन् । यिनका दुईवटा रचना उपलब्ध छन् । यिनले सद्गुरुबाट प्राप्त ज्ञानलाई आधार मानेका छन् । यिनी राम भक्तिलाई महत्व दिने कवि देखिन्छन् ।

यस युगका अच्युतदिलदासका चारवटा रचनाहरू प्राप्त छन् । यिनले पनि निर्गुण भजनमा जोड दिएका छन् । 'ब्रह्म-तत्व' का मूलबाट संसार संचालित छ भन्ने उनको धारणा छ । यिनमा कृष्णभक्तिको छाप परेको देखिन्छ ।

सन्त कविहरूमा धर्मदिलदासको रागवाणीमा ॐ तत्वको वर्णन गर्दै मानव शरीर पञ्चतत्वबाट निर्मित भएको कुरा वर्णन गरिएको छ । पूरक, कुम्भक र रेचक नामका तीन लोकमा ब्रह्मा, विष्णु र महेश बस्तछन् भन्दै आकाश लोकमा विष्णु, नाभिबाट उत्पन्न कमलमा ब्रह्मा, शून्य स्थानमा शिवको निवास हुने कुरा उल्लेख गरिएको छ । यिनले गुरुको भक्ति, साधुको सेवाबाट नै भवसागरबाट मुक्ति पाइने कुरा उल्लेख गरेका छन् ।

सन्तदिलदासले आरती, रागवाणी भजन, निर्गुण रागवाणी आदि शीर्षकका रचनाहरू गरेका छन् । यिनका रचना एघारवटा छन् । यिनका रचनामा पनि हरिनामलाई महत्त्व दिइएको छ । गुरुको दर्शनबाट जीवनको सार्थकता झल्किन्छ । हामी मृत्युलोकमा छौं । कुनै बेला पनि काल आउँछ । त्यस बेला औषधि वैद्य आदिले केही गर्न सक्तैनन् । केवल गुरुकै वाणीले हामीलाई सहारा दिन सक्तछ । त्यसैले गुरुको दर्शनबाट जन्म, जन्मान्तरका दुःखहरू बिसाउन सकिने कुरा यस कविताबाट स्पष्ट भएको छ ।

सन्तकवि अगमदिलदास पनि राम-हरिको भजनबाट माया, मोहका जञ्जीर चुडाउँन सकिने कुरामा विश्वस्त छन् । यिनका राग निर्गुण, सञ्जे आरती आदि शीर्षकमा सोह्रवटा रचनाहरू उपलब्ध छन् । यिनले ब्रह्मको ज्ञान, राम र हरिको भजन गर्नमा जोड दिएका छन् । यिनले साधुको चरित्र निकै कष्टकर हुन्छ भनेका हुँदा साधु केवल भेषले मात्र हुँदैन उसमा चरित्रसमेत हुनुपर्छ भन्ने कुरामा विश्वास लिएका छन् ।

'साधु हुनु वडो कठोर है जैसे खोंडाकी धार
डगमग करेतो गिर पडे सच्चा करे उतरे पार'

यस भनाइबाट नै उनको दृष्टिकोण स्पष्ट छ । यिनले सतनाममा ईश्वरीय दर्शन पाइने देखेका छन् । श्रीकृष्णलाई विश्वका स्वामी मानेका छन् र ब्रह्मा विष्णु र महेश्वरलाई ब्रह्मको छाया मानेका छन् ।

यस युगका सन्तकवि धरणीदासले रागवाणी, कमलदासले पनि रागवाणी शीर्षकका छोटा रचनाहरूबाट तिर्सनारूपी अन्धकारबाट मुक्तिको चाहना गरेका छन् । अर्का कवि मंगलदासले पनि मानवीय शरीर पञ्चतत्वबाट निर्मित भएको र दश इन्द्रियबाट वशीभुत भएको कुरा मानेका छन् । प्राग्भानुभक्तीय युगका

अन्तिम सन्तकवि अखण्डदिलदासको श्री राग आरती, राग निर्गुण आदि पाँचवटा रचनाहरू प्राप्त छन् । यिनले ॐकारको व्याख्या गर्दै हरि भक्तिको महिमा दर्शाएका छन् । यिनमा कृष्णप्रति सामीप्य भाव पाइन्छ ।

यसरी नेपाली सन्तकविहरूमा धिर्जेदिलदास, शशिधर, धौकलसिंह, मोक्षमण्डल, प्रेमदिल, निर्वाणानन्द, अभयानन्द, श्यामदिल, अच्युतदिलदास, धर्मदिलदास, सतदिलदास, अगमदिलदास, धरणीदास, कमलदास, मंगलदास, अखण्डदिलदास समेत सोह्रजना भेटिएका छन् । यी कविहरूमध्ये धेरै जसोले निर्गुण भक्ति भजनलाई प्राधान्य दिएका छन् । यति हुँदाहुँदै पनि कतिपय सन्त कविहरूले राम, हरि, कृष्ण, देवी, गणेश, सरस्वती, वेद, गुरु आदि समेतको महिमा प्रकट गरेका हुँदा भक्ति भावनाको आधारस्रोत निर्धारण भएको देखिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यसंसारमा सगुण भक्तिभावनाका काव्यको उपस्थिति उल्लेखनीय छ । सगुण भक्तिमा आराध्य देवका स्तुति, चरित्र र महिमा गाइएका हुन्छन् । नेपाली काव्यसंसारको प्राग्भानुभक्तीय युगमा कृष्ण, राम, गणेश आदिलाई केन्द्रीय तत्व मानी तिनै देव-देवीको महिमामा आधारित रचनाहरू पाइन्छन् । यी रचनाहरूमध्ये सबैभन्दा व्यापक क्षेत्र ओगटेका छन्- कृष्ण भक्तिका भावनाले । यस युगका कविहरू कृष्णलाई मूल आराध्यदेव मान्दछन् र उनको वन्दना गर्दछन् । यो कविहरूमा सर्वप्रथम कृष्णस्तुति गर्ने यदुनाथ पोखरेल हुन् । यिनले नेपाली वीरकाव्यको उन्नयनमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् । कृष्णलाई काव्यको केन्द्रबिन्दु बनाएर कृष्णका विशिष्टताहरू प्रचार गर्नु यस सम्प्रदायका कविहरूको उद्देश्य देखिन्छ ।

कृष्णले भारतीय उपमहाद्वीपका अनेकौं साहित्यलाई प्रभावित पारेको देखिन्छ । नेपाली बाहेक हिन्दी, उर्दू, तमिल, बंगला, मैथिली, भोजपुरी, उडिया आदि साहित्यमा पनि कृष्णका महिमा वर्णन गरिएका छन् । कृष्णलाई एउटा सर्वशक्तिमान् तत्वका रूपमा लिइएको छ । वैदिक वाङमयदेखि नै कृष्णले कवि-हरूलाई प्रभावित पारेको कुरा थाहा पाउन सकिन्छ ।

प्राचीन शास्त्रहरूमा कृष्णहरू दुई किसिमका छन् । एउटा देवकीका पुत्रका रूपमा र अर्को घोर आंगिरसका शिष्य ऋषिका रूपमा । यिनीहरूमा देवकीका पुत्ररूपी कृष्ण नै काव्यका उपजीव्य स्रोत हुन् । यी कृष्णलाई योगेश्वर, तत्वज्ञ, नीतिविद्, धर्मसंस्थापक, असुरविनाशक, विष्णुका अवतार, नारायण, वासुदेव इत्यादि रूपमा पनि वर्णन गरिएको छ । त्यसैगरी 'एते चांशकलाः पुंसः कृष्णस्तु भगवान् स्वयम्' भनी भागवतले यिनलाई परमेश्वर रूपमा प्रतिष्ठापित गरेको

देखिन्छ । अर्कातिर कृष्णलाई लौकिक रूपमा अवतरण गराई यिनका बाललीला-हरू पनि देखाइएका छन् । यस्ता बाललीलाहरूमा नौनी चोरी, पूतना वध, यमलार्जुन पतन, कालीयदमन, गोवर्धन–धारण आदिलाई प्राधान्य दिइएको छ । कृष्णका प्रमुख लीलाधामहरूमा वृन्दावन, गोकुल, मथुरा र द्वारकालाई लिइन्छ ।

'कृष्ण' अत्यन्त महिमाशाली छन् । यिनलाई शुद्ध परब्रह्म रूपमा आराधना गर्नेहरूले निर्गुण, निराकार, सत्व, रज, तम गुणहरूबाट मुक्त; दया, दाक्षिण्य र प्रीति आदिबाट विभूषित परमेश्वरका रूपमा मानेका छन् । अवतार रूपमा मान्नेहरूले सगुण, साकार र मानवीय गुणबाट युक्त परमेश्वरका रूपमा मानेका छन् । यसै रूपबाट श्रीकृष्ण धर्मसंस्थापक, गीताका उद्गाता, योगेश्वर, तत्वज्ञ, निष्णात राजनीतिज्ञ, अप्रतिम योद्धा मानिएका छन् । कृष्णका अनेकौं रसमय प्रसङ्गहरू अवतार रूपकै उपलब्धि हुन् । यिनै रूपबाट श्रीकृष्णले शृङ्गारिक चरित्रहरू प्रस्तुत गरेको वर्णन गरिएको छ । शृङ्गारिक रूप अन्तर्गत संयोग र वियोग अवस्था आउँछन् । कृष्णलीलामा विशेष गरी संयोग शृङ्गारका चरित्रहरू देखाइएका छन् । यी चरित्रहरूमा दानलीला, चीरहरण-लीला, रासलीलाहरू प्रमुख छन् । यिनै लीलाहरूलाई साहित्यिक रचनाहरूले आ-आफ्ना शैलीमा प्रस्तुत गरेका भए पनि कृष्णभक्तिमा प्रमुखतः तीन वैष्णव आचार्यहरू निम्बार्क, वल्लभ र चैतन्यका प्रभावहरूको आधिक्य पाइन्छ । यी आचार्यहरूद्वारा प्रतिपादित भक्तिमा अनन्यभाव, दास्यभाव, सख्यभाव, वात्सल्य-भाव र माधुर्यभाव पाइन्छन् । अर्थात् भक्त कविहरूले श्रीकृष्णलाई आत्मवत्, भृत्यवत् र मित्रवत् रूपमा प्रस्तुत गर्दै उनका महिमाहरू आफूमा आत्मसात् गरेका छन् ।

कृष्णतत्त्वले अत्यधिक प्रभाव पार्नुको अभिप्राय कृष्णको बहुमुखी चरित्र नै हो । कृष्ण एकातिर योगीजनहरूका उपास्य छन् भने अर्कातिर कामिनी जनका रसकेन्द्र छन् । त्यसै गरी साधारण गोठालाहरूका साथीका रूपमा पनि उनको उपस्थिति भेटिन्छ भने अर्कातिर असुर विनाशक कंसारिका रूपमा कृष्णले महान् योद्धा र करुणावतारका रूपमा आफूलाई प्रस्तुत गरेका छन् । यसरी कृष्णमा अनेकौं विपरीत भावहरूको संयोजन पाइनु नै उनका चरित्रको असाधारण पक्ष हो । एउटै कृष्ण योगेश्वर र रसिकेश्वर हुनु नै अद्भुत घटना हो । कृष्णलाई प्राचीनकालदेखि वर्तमानसम्म नै यस्तै अद्वितीय चरित्रका परमेश्वरका रूपमा प्रस्तुत गरिएको हुँदा नेपाली साहित्यका कविहरू पनि कृष्ण चरित्रप्रति आकृष्ट भएका हुन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यका कवि यदुनाथ पोखे्रलले कृष्णका वि... विशेषताहरूबाट प्रभावित भएर एक्काइस श्लोकको कृष्णचरित्र लेखेका छन्। य... कृष्णचरित्रमा कृष्णलाई माता यशोदाका काखमा बसेर चारैतिर हेरिरहने बालक... का रूपमा प्रस्तुत गरिएको छ। श्रीकृष्णका बाललीलाहरूकै वर्णनक्रममा मुख... चौधै भुवनको दर्शन प्रसङ्गलाई जोडिएको छ। त्यसै गरी स्तनमा विष लगा... आएकी पुतनाको वध तृणावर्त नामक राक्षसको विनाश, दही चोरेको कुरा, यम... लार्जुन वृक्षको मुक्ति, बाच्छा अपहरण प्रसङ्ग, कालीय नागको दमन, वृन्दावनमा... लतिका गृह निर्माण, वंशीवादन, चीरहरण प्रसङ्ग, रासलीला प्रसङ्ग, गोचर... प्रसङ्ग, दिव्यलीला, कंस वध, गोपालहरूका मित्ररूपी कृष्णका चरित्रहरू संक्षिप्त रूपमा प्रस्तुत गरिएका छन्।

भुजङ्गप्रयात छन्दमा लेखिएको यस कृष्णचरित्रमा कवि यदुनाथ पोखे्... प्रारम्भिक अवस्थाका कविका रूपमा भेटिएका छन्। यिनका वीरस्तुति प्रमु... काव्यका तुलनामा कृष्णचरित्र प्रमुख काव्यमा भावुकताको आधिक्य छ। 'स्तुति पद्य' नामकरण गरिएका वीर काव्यमा वस्तुपरकता र राष्ट्रिय भावनालाई सर्वो... परि प्राथमिकता दिइएको छ भने कृष्णचरित्रमा पौराणिक इतिवृत्त र भक्ति भावनालाई महत्त्व दिइएको छ। यदुनाथको प्रस्तुत कृष्णचरित्रको अर्को विशेषत... हो- संक्षिप्तता। श्रीमद्भागवतका कैयौं अध्यायहरूमा विस्तृत कथालाई उन... सूत्रात्मक रूपबाट केवल एक्काइस श्लोकमा खुम्च्याइदिएका छन्। उन... कवित्वमा देखिएको यस विशेषतालाई सूत्रशैली भन्दा पनि अत्युक्ति नहोला।

यस काव्यको रचना समय वि. सं. १८६८ तिर मानिएको छ।[२२] हुन... कतिपय अनुसन्धाताहरूले नेपाली साहित्यको प्रथम भक्तिकाव्य गुमानी पन्त... लिखित रचना हो भनेका छन्[२३] र कसैले चाहिं इन्दिरसलाई पहिलो कवि मान... छन्।[२४] तर कतिपय कारणले ती मतहरू खण्डित हुन पुगेका छन्। गुमानी पन्त वि. सं. १८६८ मा उमेरका हिसाबले अपरिपक्व देखिन्छन् भने इन्दिरसको सम... नै किटन सकिएको छैन। तसर्थ यदुनाथ पोखे्रलबाट काव्यको अभ्यासिक क्षण... 'कृष्णचरित्र' लेखिनु उपयुक्त तर्क भएकोले यस मतलाई अन्यथा ठान्न सकिँदैन।

---

२२ केशवप्रसाद उपाध्याय. प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति, काठमाडौं साझा प्रकाशन, २०३२, पृ. १२७।

२३. कमल दीक्षित (सं.) बुइँगल, पूर्ववत्, पृ. ४५३–४५४।

२४. बाबुराम आचार्य, पुराना कवि र कविता, पूर्ववत्, पृ. ८।

नेपाली साहित्यमा भक्ति भावनाको श्रीगणेश यदुनाथ पोखरेलबाट भएको कुरा युक्तियुक्त छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा कृष्णभक्तिको भावनालाई स्पष्ट स्वर दिने कवि वसन्त शर्मा पनि हुन् । यिनले आफ्नो श्रीकृष्णचरित्रमा औधि रसिलो पाराबाट कृष्णको वर्णन गरेका छन् । शार्दूलविक्रीडित छन्दमा लेखिएको 'कोही एक् मथुरापुरी नगरीमा श्रीकृष्ण औतार्लया' देखि प्रारम्भ भएको 'श्रीकृष्ण चरित्र' मा श्रीकृष्णको जन्मदेखि नै कथा थालिएको छ । जनमानसमा यस खण्ड-काव्यले राम्रो प्रभाव पारेको थियो । अद्यापि यस खण्डकाव्यले नेपाली जन-मानसबाट स्वागत पाइरहेको देखिदा रसात्मकताको परिपालना भएको प्रमाणित हुन्छ । यस खण्डकाव्यलाई नेपालीको प्रथम खण्डकाव्य मान्ने मतसँग[२५] सहमत हुन चाहिं सकिदैन । किनभने यो श्रेय उदयानन्द अर्ज्यालले 'वेतालपच्चीसी' लेखेर पहिले नै प्राप्त गरिसकेका छन् ।[२६] भक्ति प्रधान प्रबन्ध काव्यमा चाहिं यसलाई प्रथम नै मान्नुपर्दछ । श्रीकृष्णचरित्रको आधारग्रन्थ भागवत हो । भागवतकै कथालाई कविले सरस श्लोकहरूमा उनेका छन् । यिनी भक्तपुर निवासी थिए । यिनले 'श्रीकृष्णचरित्र' समाज हितका निमित्त रचेका थिए । 'श्रीकृष्ण-चरित्र' दुइ खण्डमा विभाजित छ । पूर्वार्धमा ८७ श्लोक र उत्तरार्धमा ८२ श्लोकहरू छन् ।

श्रीकृष्णचरित्रको पूर्वार्ध खण्ड कृष्ण जन्मदेखि प्रारम्भ गरिएको छ । यसमा श्रीकृष्णका जीवनकै पूर्वार्धका घटनाहरूलाई विशेषत: प्राथमिकता दिइएको हुँदा कंसवध, वसुदेव–देवकी लगायतका अन्य वन्दीहरूका मुक्तिको विवरण दिइएको छ । उत्तरार्धमा जरासन्धको आक्रमणदेखि श्रीकृष्ण स्वर्गारोहण समेतका घटनाहरू दिइएका छन् । काव्यमा भागवतोचित कथा प्रसंग जोडिएको हुँदा तिनीहरूको वर्णन त्यति आवश्यक देखिदैन । तर भागवत निरपेक्ष भएर कथा प्रस्तुति हेर्ने हो भने श्रीकृष्णचरित्र रोमाञ्चकारी काव्य ठहरिन पुग्दछ । यहाँ काव्यका नायक कारागृहमा जन्मेका छन् त्यस्तो कठोर यातनाशिविरबाट नवजात शिशुलाई बोकेर कृष्णका पिता कारागृहबाट मुक्त हुन सक्नु मात्र पनि विस्मयकारी घटना हो । कृष्णपक्षको कालरात्रिमा हात्ती, सिंह र सर्पको पहरा-बाट उम्केर हिंडेको वसुदेव सेतु र नाउँ विना नै यमुना नदीलाई पार गर्दछन् भन्ने कुरा त्यति नै अद्भुत छ । त्यसै गरी गोकुलबाट ल्याइएकी 'माया देवी' मथुरामा

२५. केशवप्रसाद उपाध्याय, पूर्ववत्, पृ. १३३ ।
२६. ज्ञानमणि नेपाल, प्रज्ञा, पूर्ववत् ।

फर्केपछि नवप्रसूताको सूचना दिन्छन् । उनको जन्मसूचनाबाट कारागृ अधिकारीहरू सतर्क हुन्छन् र कंसलाई जानकारी गराउँछन् । देवकीका काख खोसेर सद्य:प्रसूता बालिकालाई बध गर्ने आयोजना अत्यन्त त्रासद घटना है तर त्यस नृशंसताबाट बाँचेकी 'माया' आकाशवाणी गर्न पुग्दछिन् 'मा तँकन आज गोकुलमहां जन्मीसकेको छनी' यस्तै संत्रासको स्थिति कंसको म उत्पन्न हुनु, कंसबाट गोकुलका समस्त बालकहरूको हत्या गर्ने आदेश दि अत्यन्त रोमांचकारी विवृत्ति हुन पुगेको छ। बालहत्याको लागि पूतना विषस्तनीका रूपमा गोकुल पठाउनु एउटा त्रासद स्थिति हो। पूतनाको अ बाल कृष्णबाट हुनु तृणावर्त नामक राक्षसको अन्त्य समेत उनैबाट हुनु विस्मयकारी हुन पुगेको छ । बालकृष्णका यी अत्युच्च विन्दुका पुरुषार्थ हुन् भयंकर शब्दबाट उनको सातो गएको ठान्नु, सातो बोलाउनु जस्ता लौकि सामाजिक कृत्यहरूले घटनाको न्यूनतालाई संकेत गर्दछन् । यसै गरी यमला नामक वृक्षयुगललाई एकैपटक धराशायी तुल्याउनु बालकृष्णका अतिशय वीर का उदारण हुन् । ग्वालिनीहरूका दही, दूध चोरेर खानु, ग्वालिनीहरू कृष्णकी आमा यशोदालाई उजुरी पर्नु जस्ता रमाइला घटनाहरूलाई कवि व शमलि उपेक्षा गरेका छैनन् । कृष्णका अद्भुत चरित्रहरू पनि छोडिएका छैन शङ्खासुर, भस्मासुर, वकासुर, अघासुर, वृकासुर नामक भयावह राक्षसह अवसान र वत्स (वाच्छा हरणका घटनाले श्रीकृष्णको दैवीशक्तिलाई पु गरेको छ । कालीय नागको दमनले उनको दैवीशक्तिको चरम स्थितिलाई सं गरेको छ भने ऋषिपत्नीहरूलाई संमोहित पारी यज्ञबाट भगाउनुले चाहिं उन युवावस्थामा पदार्पण भएको कुरो दर्शाएको छ। गोपिनीहरूका वस्त्र हर श्रीकृष्णको युवा-कौतूहलता जगाएको प्रतीत हुन्छ । कंसद्वारा षड्यन्त्र आमन्त्रण, रजक-वस्त्रापहरण, कंस-संत्रीको विनाश, चाणूर-मुष्टक वध र नाशसमेतका घटनाहरू श्रीकृष्णचरित्रका पूवार्धमा वर्णन गरिएका छन् यी घट हरूका अनुपातमा वर्णनको शैली संक्षिप्त छ । शैली संक्षिप्त नभए पनि घटना स्पष्टै छन् । घटनाको क्रमिक प्रस्तुति हेर्दा कवि श्रीकृष्णका महत्तम चरित्रहरू प्रभावित छन् । यस खण्डकाव्यमा श्रीकृष्णलाई लौकिक व्यक्तिका शक्तिसीमा भिन्न बनाइएको छ । उनलाई असाधारण र अलौकिक पुरुषका रूपमा प्र गरिएको हुँदा श्रीमद्भागवतको हरिलीला मुखरित भएको छ ।

श्रीकृष्णचरित्रको उत्तरार्धमा कंसवधबाट कुपित जरासन्धपुत्रसँग सं कालयवनलाई तपस्वी राजा मुचुकुन्दका दृष्टिबाट मृत्यु गराइएको, भौमा मारिएको, वाणासुरलाई भुजरहित तुल्याइएको, पाण्डव यज्ञमा शिशुपालको ह

खाण्डव वन दाह आदि महाभारतीय कथाहरूलाई श्रीकृष्णचरित्रमा प्रस्तुत गरिएको छ ।

श्रीमद्भागवतका कतिपय कथालाई नेपाली कवि वसन्त शर्मले ठाउँ ठाउँ केही संशोधनसमेत गरेका छन् । यो उनको स्वतन्त्र कथा प्रस्तोताको लक्षण हो । यस काव्यका माध्यमबाट कवि वसन्त शर्मा श्रीकृष्णका चरित्रलाई नेपाली जनमानसमा प्रचार गर्न चाहन्छन् र आफ्नो भक्ति भावना दर्शाउन प्रयत्नशील छन् । विशेष गरी श्रीकृष्णको पराक्रमशील व्यक्तित्व औ अद्भुत चरित्र तथा रसिक स्वभावबाट वसन्त शर्माको कवि आकृष्ट भएको छ । उनले युद्धका वर्णनलाई विशेष महत्त्व दिएका छन् । सबैतिर काव्यनायक श्रीकृष्णलाई असुरदमनमा सक्षम तुल्याइएको छ । कतै कतै चाहिं काव्यनायकका वीरोचित मर्यादालाई न्यून बनाइएको पनि प्रतीत हुन्छ । कंसलाई मार्नु अघि कंसबाट राज्य र ज्यानको याचना गराइएको छ तर कंसको शरणागतिको प्रार्थनालाई बेवास्ता गरिएको हुँदा क्षमाशील चरित्रमा बाधा उत्पन्न भएको देखिन्छ । त्यसै गरी कालयवनसँग युद्ध गर्दागर्दा थाकेर तपस्वी राजा मुचुकुन्दका दृष्टिबाट मारिएको घटना पनि वीरोचित चरित्रका निमित्त त्यत्ति उपयुक्त होइन । यशोदा लाई 'जसुदा', 'जसुमती' कंसलाई 'कङ्गाल' 'वृहन्नला' लाई 'वृण्डाला' आदि पारिएका भाषिक उदाहरणले कवि वसन्त शर्माको स्वतन्त्र प्रयोगलाई इंगित गरेका छन् । छन्दोविधानको परिपालनामा एकाग्र भएकै हुँदा वसन्त शर्माबाट यस्तो भएको हुन सक्छ । नेपाली समाजका रीतिथिति, मान्यता, विश्वास र चालचलनसमेत वसन्तका श्रीकृष्णचरित्रमा भेटिन्छन् । श्रीकृष्णलाई डोकामा हाल्नु, उनको सातो जानु, न्वारन गर्दा नौमती बाजा बज्नु, साइत गरेर हिंड्नु, केटी माग्न जानुजस्ता कतिपय कुराले विशुद्ध नेपालीपनलाई संकेताउँछन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यसंसारमा कवि वसन्त शर्मा अत्यन्त प्रतिभाशाली कवि देखिएका छन् । यिनका काव्यले नेपाली वाङ्मयमा छन्दोबद्ध कविताको सरस आस्वादन गराएका छन् । भानुभक्त आचार्यले रामायण लेख्नुअघि नै यिनले शार्दूलविक्रीडित छन्दलाई नेपाली जनमानसमा लोकप्रिय बनाउन लागेका रहेछन् भन्ने कुरा उनको श्रीकृष्णचरित्रले प्रमाणित गरेको छ । कवि वसन्त शर्मा काव्यालोकका सरस अध्याय हुन् । उनले नेपाली काव्यसंसारलाई एउटा गतिलो उपहार प्रदान गरेका छन् भन्ने कुरामा कुनै द्विविधा छैन ।

प्राग्भानुभक्तीय नेपाली काव्यसंसारमा कृष्णभक्ति सम्प्रदायका कवि इन्दिरसको खास परिचय प्राप्त भएको छैन । यिनको सम्बन्धमा इतिहास शिरोमणि बाबुराम आचार्यको 'पुराना कवि र कविता' नै आधारसामग्री हो । यिनको

उन्नाइस श्लोक 'गोपिकास्तुति' प्राप्त छ । यस गोपिकास्तुतिमा श्रीकृष्णवन्द छ । इन्दिरस श्रीमद्भागवतको गोपिकास्तुतिलाई नेपालीमा छायानुवाद गर्न व्यस्त छन् । यसमा यिनको मौलिकता केही नहुँदानहुँदै पनि भागवतका स श्लोकलाई नेपाली पाठकसमक्ष पुऱ्याउने उनको दृढता र सङ्कल्पचाहिँ प्रशंसनी नै छन् । संस्कृतका समास–बहुल पदावलीलाई छायानुवाद गर्दा उनलाई नि अप्ठ्यारो पऱ्यो तापनि उनले सकेसम्म आफ्नो लेखकीय इमान्दारीलाई का राखेर छोडे भन्न सकिन्छ । छायानुवाद गर्दा कतै मूल भावको अर्थ परिव भएको, कतै केही नयाँ शब्द थप्नुपरेको, कतै मूलका भावलाई परित्याग गर्नुपरे देखिन्छ । त्यसै गरी कवि इन्दिरसमा हिन्दी भाषाको प्रशस्त प्रभाव परेको छ यिनको गोपिकास्तुति पढ्दा रतिरागजनित भावलाई प्राधान्य दिएको पाइन्छ युवतीजन श्रीकृष्णप्रति विशेष अनुरक्त छन् । उनीहरू कृष्णको आराधना गर्दछ कृष्णलाई सुरतनाथ भनिएको छ । विषय विषतुल्य छ । कामपीडाले व्या नारीहरू रतिक्रीडाका निमित्त कृष्णलाई आमन्त्रण गर्दछन् । तिम्रा अङ्गका स बाट मात्र हाम्रो कामशमन हुने हुँदा 'रस पिलाउ हे कृष्ण ओठको' जस्तो खु आमन्त्रण गरी रतिभावलाई उच्च महत्त्व दिइएको छ । यस कवितामा रतिभा वात्सल्यभाव र कारुण्यभाव पाउन सकिन्छ । यी भावहरूमध्ये प्रमुख रूपले र भाव नै रहेको देखिन्छ । गोपिकास्तुतिबाट शृङ्गारिक आवेगको जन्म हु भक्तिको ज्यादै न्यून । यस कवितालाई विप्रलम्भ शृङ्गारकी नायिकाको वित मान्न सकिन्छ ।

प्राग्भानुभक्तीय काव्यसंसारका विद्यारण्यकेशरी अर्ज्याल द्रौपदीस्तुति युगलगीतका कवि हुन् । यिनले पनि कृष्णभक्ति सम्प्रदायलाई अगाडि बढाए छन् । यिनी वि. सं. १८६३ मा जन्मी वि. सं. १९०३ मा परलोक भएका यि विद्यारण्यकेशरीले भागवतका कतिपय कथाप्रसङ्गहरूलाई नेपालीमा अनुव गरेका छन् । युगलगीतमा कृष्णको बाल्यजीवनका घटनाहरू सूत्ररूपमा उल्ले गरिएको छ । अट्ठाइस श्लोकको युगलगीतमा कृष्णका मोहमा परेका गोपिनीह वंशीवादनबाट विमुग्ध नायिकाहरू, दाजु बलरामसहित गोचरणमा गएका कृष्ण आदिका लीलाचरित्रलाई प्रस्तुत गरिएको छ । यी कविताको अध्ययन शृङ्गारिक भावको आधिक्य देखिन्छ । बलराम र कृष्णका युवावस्थाका चमत्क देखेर युवतीहरू कामविह्वला बनेका छन् । सरस मनोभावनाका गीत गाउँद दिनभरिका कृत्यहरू समाप्त गरेर सन्ध्या समयमा आनन्दसमुद्रमा सम हुन्छन् ।

युगलगीतमा श्रीमद्भागवतकै छायानुवाद गर्ने प्रयत्न भएको छ । कवि

भन्न खोजेको कुरा बुझिए तापनि अनुवाद त्यति सरस हुन सकेको छैन । कविलाई भाषाको समस्या छ । छन्द मिलाउने प्रयत्नमा कतिपय ठाउँमा उनी खुस्केका छन् । युगलगीतको आस्वादनबाट भक्तिका भावनाभन्दा शृङ्गारिक भावना नै प्रबल भएर आउँछन् । महिमाशाली ईश्वर श्रीकृष्णका चरित्रमा आधारित भएको हुनाले यत्किञ्चित् भक्तिको आभास मिल्दछ ।

'द्रौपदीस्तुति' कारुणिक कविता हो । यहाँ एउटा नारीप्रति भएको अन्यायको वर्णन गरिएको छ । द्रौपदी यस कविताको केन्द्रबिन्दु हुन् । दुःशासन आदि कौरव पक्षले उनलाई ठूलो सभामा अपमान गर्न लाग्दा आफ्नो लज्जा बचाउन उनले श्रीकृष्णको स्तुति गरेको र श्रीकृष्णले उनका शरीरमा वस्त्रहरूको आपूर्ति गरिदिएको संक्षिप्त कथावस्तु यस कवितामा वर्णन गरिएको छ । कवि विद्यारण्य केशरी भावुक छन्, त्यसैले उनका कवितामा भाषिक सीमाहरू अतिक्रमित भएका छन् । उनले हिन्दीका पद, पदावली समेत आफ्ना कवितामा प्रयोग गरेका हुँदा आलोचकहरूका शिकार भएका छन् । विद्यारण्यकेशरी र इन्दिरसका समयमा नेपाली भाषामा हिन्दीको अत्यधिक प्रभाव परेको हुँदा यिनीहरूलाई त्यसै प्रभावको रापले भेट्टाएको हो । यी कविहरूको शिक्षा-दीक्षा र कवित्वभावनाको प्रस्फुटन वाराणसीमा भएको हुँदा यिनीहरूले हिन्दी, भोजपुरी र व्रज भाषालाई सहज रूपमा लिएका हुन् । त्यस वेला काव्यश्रवण गरेर तुरुन्तै प्रतिक्रिया प्रकट गरिदिने प्रचलन नभएको हुँदा यी कविहरूले आफूलाई सुधार्ने मौका पाएनन् । विद्यारण्यकेशरी र इन्दिरस दुवैले काव्यको प्रचार-प्रसार गर्ने उद्देश्यबाट यी कविता लेखेका होइनन् । यिनीहरूले आफ्नो युवावस्थामा उत्पन्न शृङ्गारिक चेतलाई भागवताश्रयी काव्यधारामा उनेका हुन् । दुवै कविका कवितालाई तुलना गर्दा इन्दिरसभन्दा विद्यारण्यकेशरी हिन्दीका नजीकमा छन् । इन्दिरसका कविता ज्यादा सरस छन्, विद्यारण्यकेशरीका भन्दा ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा हीनव्याकर्णी विद्यापतिका सात राग, सात नायिका र गीतवाणी गरी तीन थरीका कविताहरू पाइएका छन् । यिनले सात रागमा सात वटा रागहरूको वर्णन गरेका छन् । यी सात राग हुन्– गुर्जरी, गौडामालव, वसन्त, रामकरी, देशाष, वराडी र गुणकरी । यी रागमध्ये कुनै पुरुष राग र कुनैचाहिं स्त्री राग छन् । सात प्रकारका नायिकाका लक्षणलाई सात नायिकामा वर्णन गरिएको छ । यी सात नायिकाहरू अभिसारिका, वासकशय्या, विप्रलब्ध, स्वाधीनभर्तृका, खण्डिता, उत्कण्ठिता र मृगाक्षी छन् । यिनीहरूका अवस्था अलग अलग पाइन्छन् । 'गीतवाणी' मा १८ श्लोक छन् । गीतवाणीको

प्रमुख विषय कृष्णभक्ति नै हो । यो संस्कृत साहित्यका कवि जयदेवको गीत
गोविन्दकै प्रभावमा लेखिएको छ । कृष्णलाई प्रणाम गरी भक्तिभावनाको पर्व
गरिएको यस पद्यमा राधालाई कृष्णभक्तिकी प्रस्तोता मानिएको छ । विरहि
राधा कृष्णका स्मृतिमा अभिभूत भएकी छिन् । कवि हीनव्याकर्णी विद्यापति
आफूलाई भाषाका सचेतकका रूपमा उभ्याउँछन्, त्यसैले भाषिक अशुद्धि
सानातिना त्रुटिका लागि उनले क्षमायाचना गरेका छन् । त्यति मात्र होइन उनले
आफ्नो नाम नै हीनव्याकर्णी बनाइदिए । यो उनको नेपाली भाषाप्रति सचे
निष्ठाकै परिणति हो भन्न सकिन्छ ।

हीनव्याकर्णी विद्यापति शृङ्गारिक चेतनाका कवि हुन् । यिनले के
वैराग्य–बोध पनि गरेका छन् । वास्तवमा यी गृहस्थ कवि हुन् । यिनले गृहस्
जीवनमै बसेर वैराग्य–बोध र शृङ्गारिक रतिरागको स्वाद पाएका छन् । स्वकी
शृङ्गार चेतनालाई कृष्णभक्तिको माध्यमबाट रूपान्तरण गरिएको छ ।

प्राग्भानुभक्तीय काव्यधारामा रामलाई आराध्यदेव मानी केही फुटक
श्लोकहरू पनि रचिएका छन् । आफ्ना फुटकर श्लोकमा राम महिमा गाउने
उदयानन्द अर्ज्याल प्रथम देखिएका छन् । यिनको वेतालपचीसीमा राम स्तु
गाइएको छ । यिनले 'भक्ति ठूलो रामको' भनेर मानिसलाई सदुपदेश दिए
छन् । त्यसै गरी ठाउँठाउँमा रामचरित्रका उदाहरणहरू दिएका हुँदा मानिसला
दृष्टान्त दिन सजिलो भएको छ । रामको सामान्य उल्लेख कवि गुमानीले प
गरेका छन् । यिनले 'अयि दशरथ सूनो एक विन्ती म गर्छु, तव चरणसरो
आन सिरमाथि धर्छु' भनेर रामभक्ति प्रकट गरेका छन् । त्यसै गरी क
लक्ष्मीनारायणले पनि हरिश्चन्द्र विलापमा 'अयोध्यानगरीमा राम भयो अवत
बाजि बढाइ तितिस्कोटी देवता रामरूप हेरन आइ' जस्ता सरस कविता
माध्यमबाट रामभक्ति प्रस्तुत गरेका छन् । यिनले रामावतारको उत्सुकता व्या
भएको देखाएका छन् । रामचरित्रलाई विस्तृत रूपमा उल्लेख नगरी अतिसंक्षि
रूपमा मात्र प्रस्तुत गरिएको भए तापनि प्राग्भानुभक्तीय युगमा रामभ
साहित्यको बीजाधान भइसकेको कुरा प्रमाणित भएको छ । यस युगमा रामल
नै काव्यको मूल केन्द्र बनाएका छन् रघुनाथ पोखरेलले । यिनले रामायण सुन्द
काण्डका कथावस्तुलाई पाँच सर्गमा विस्तृत पारेका छन् । प्राग्भानुभक्तीय युग
रामका विषयमा लेखिएको यो विस्तृत काव्य हो । यस काव्यको पहिलो सर्ग
हनुमान्ले समुद्र नाघेको सम्मको वर्णन छ, दोस्रो सर्गमा सीता निराश
सम्मको कथावस्तु छ । तेस्रो सर्गमा सीताले कुण्डिने तरखर गरेको र हनुमा
वस्तुस्थिति अवगत गराएको कुरा लेखिएको छ । चौथो सर्गमा हनुमान्ले स

वहन गरेको र पाँचौंमा हनुमान्‌ले रामलाई लङ्काको खबर बताएको र खुशी पारेको कुरा वर्णन गरिएको छ। प्रथम सर्गमा २९ श्लोक, दोस्रोमा ३० श्लोक, तेस्रोमा ५३ श्लोक, चौथोमा ४० श्लोक र पाँचौंमा ३५ श्लोक छन्। यसलाई खण्डकाव्यका रूपमा प्रस्तुत गर्न सकिन्छ। यसमा वसन्ततिलका, शार्दूलविक्रीडित, मालिनी, शिखरिणी, स्रग्धरा, मन्दाक्रान्ता, इन्द्रवज्रा, पृथ्वी, स्वागता आदि शास्त्रीय छन्दको प्रयोग पाइन्छ। रघुनाथ र भानुभक्तको रामायणलाई तुलना गरेर हेर्नेहरूले भानुभक्तकै रामायण सरस मानेका छन्। रघुनाथका रामायणमा हिन्दी भाषाको प्रभाव छ भने भावलाई गम्भीर तुल्याउन खोज्दा दुरूहसमेत बन्न पुगेको छ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा रामनामलाई नेपाली जनमानसमा पुऱ्याउने श्रेय पाएका कविहरूमा उदयानन्द अर्ज्याल, गुमानी पन्त, लक्ष्मीनारायण र रघुनाथ पोखरेल देखापर्दछन्। यी कविहरू कुनै अतिसंक्षिप्त शैलीमा उदाएका छन् भने कुनै चाहिँ विस्तृत शैलीमा देखापरेका छन्। रामनाम महिमा र रामचरित्रबाट तात्कालिक समाजलाई कुनै न कुनै रूपमा मार्गदर्शन गर्न यी कविहरूको प्रयास प्रशंसनीय रहेको छ।

प्राग्भानुभक्तीय काव्यसंरचनामा भक्तिवादी चेतनाका छिटपुट विभिन्नताहरू अन्यत्र पनि छरिएका छन्। सुन्दरानन्द बाँडाले आत्म निवेदन प्रकट गर्दा विष्णुका चरित्रको स्मरण गरेको देखिन्छ। ग्राहाका मुखमा परेको गजेन्द्रलाई जसरी श्रीहरिले उद्धार गर्नुभएको थियो, दारिद्र्यका मुखमा परेको मलाई पनि उद्धार गरिदिनुहोल् भनी यिनले बहादुर शाहलाई निवेदन गरेका छन्। मूल रूपमा विष्णुकै स्तुति गाइएको नभई दृष्टान्त रूपमा मात्र यो कुरा आएको हो।

यस युगमा विष्णुलाई प्रमुख आराध्यदेवका रूपमा उपस्थापित गर्नेमा वीरशाली पन्त देखिएका छन्। यिनले 'विमलवोधानुभव'मा विष्णुको आराधना गरेका छन्। शिखरिणी छन्दमा लेखिएको यस पुस्तकमा ६ तरङ्गहरू छन्। यी तरङ्गहरूमा जम्मा साढे अठासी श्लोकहरू छन् भन्ने बालकृष्ण पोखरेलको खोज रहेको छ। यो पुस्तक हाल मदन पुरस्कार पुस्तकालयमा सुरक्षित रहेको कुरो पनि पोखरेलले उल्लेख गरेका छन्।[२७] शिखरिणी छन्दमा लेखिएको भए तापनि उद्धृत श्लोकहरूको अध्ययन गर्दा यिनको भाषाचाहिँ त्यति रसिलो छैन।

---

२७. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, काठमाडौं, रत्नपुस्तक भण्डार, वि. सं. २०२१, पृ. ११६।

यिनको विष्णुभक्ति आत्मगन्थनमा आधारित छ । मूल्यका दृष्टिमा यसले प्रभाव दिन नसक्ला, केवल ऐतिहासिक सामग्रीका रूपमा यसलाई हेर्नु समीचीन ठहर्दछ। कवितामा लेखिएको एक प्रकारको गन्थनजस्तो प्रतीत हुने यस विमलबोधानुमा कवि तत्वको ज्ञान फैलाउन कस्सिएका छन् । तर यिनको भाषिक क्लिष्टताले उनकै युगमा पनि यसले प्रभावकारी भूमिका निर्वाह गरेजस्तो देखिँदैन ।

प्राग्भानुभक्तीय युगमा नैतिक चेतना विस्तार गर्ने प्रवृत्ति पनि देखिएको छ । यस कार्यमा प्रथमतः कलम चलाउने कविमा रामभद्र पाध्या रेग्मीकै नाम लिनुपर्दछ । हुन त उदयानन्द अर्ज्यालले वेतालपचीसीमा छिटपुट केही नीतिमूलक चेतनाहरू नछरेका होइनन्, तर नीति र उपदेशलाई नै काव्यको विषय बनाउने पहिला व्यक्तिचाहिँ रामभद्र पाध्या नै हुन् । यी दुवैको कालक्रम हेर्दा पनि रामभद्र नै अगाडिका हुन् भन्न सकिने देखिन्छ । रामभद्रको 'वधुविनयाष्टक' वि. सं. १८५१ तिरको मानिएको[२८] र उदयानन्दको 'वेतालपचीसी' वि. सं. १८७२ मा खोटाङमा बसी लेखेको[२९] भनिएको हुँदा रामभद्र नै यस कार्यमा अगाडि देखापरेका छन् ।

रामभद्रले यस 'वधुविनयाष्टक' का सिरानमा गणपति वन्दना गरेका छन्। त्यसपछि प्रथम श्लोकदेखि आठ श्लोकसम्म नै बुहारीहरूलाई विभिन्न किसिमले अर्ती दिएका छन् ।

लोग्नेमानिसले खोजखबर गर्ने बित्तिकै सतर्क रह्यो भने माता, पिता आदि सबैले स्यावासी दिनेछन् । कुलकी छोरीले रिस गर्नु राम्रो होइन । मान्यजनको टहल गर्नु, गौरीको स्तुति मनैमा गरिरहनु, लाजगाल र डर मनैमा राख्नु साँझमा नसुत्नु, उठ्नु आफ्नो घरको हेरविचार गर्नु, मान्यजनको भक्ति गर्नु आदि उपदेशलाई रामभद्र पाध्या रेग्मीले 'वधुविनयाष्टक' मा उल्लेख गरेका छन्। कविताको प्रस्तुति हेर्दा रामभद्र पाध्या रेग्मी नारीहरूप्रति आदेशात्मक शैलीमा उपदेष्टा बनेका छन् । यिनले नारीलाई अनुशासनको बन्धनमा जकड्याउन खोजेका छन् तर पुरुषहरूप्रति भने यिनले एकै शब्द पनि चुहाएका छैनन्। यिनका कविता हेर्दा यिनमा हैकमवादी प्रवृत्ति रहेको र त्यसैका आडमा यिनले

---

२८. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, (डा. जगदीशचन्द्र रेग्मीको मतका आधारमा), पृ ८५ ।

२९. ज्ञानमणि नेपाल, श्री महाकवि उदयानन्द अर्ज्यालको ग्रन्थ, ग्रन्थसंग्रह र संस्कृत पद्य, उन्नयन; पूर्णाङ्क ८, पृ. ११३ ।

सम्पूर्ण पुरुषवर्गको अहंलाई कवितामा निर्धक्क उगेलेका छन्– 'खै गर्दा हुँदि हामिले तमिहरू हे कामिनी हो जति तुष्मान्या गर।' त्यसै पनि घरको बुहार्तन र पारिवारिक पीडाले छियाछिया भएका नारीहरूलाई काव्यका माध्यमबाट समेत हप्काएपछि तिनीहरूको मन अडिने ठाउँ कहाँ थियो होला ? यस कविताबाट स्पष्ट भएको छ– रामभद्र नैतिकताको भारीचाहिं नारीवर्गलाई लदाएर आफ्नो पाण्डित्य प्रदर्शन गर्न नेपाली काव्यका बुईं चढेका हुन् । यिनको उपदेश सबै मानिसलाई नभई पराधीनताका साङलामा बाँधिएका अबलाहरूमै सीमित छ । यिनको उपदेश नमानेको खण्डमा सौता हाल्ने धम्की दिन्छन् रामभद्र ।

सामान्यतया प्राग्भानुभक्तीय काव्यमा यस प्रकारको औपदेशिक काव्यपरम्परा यिनैबाट थालिएको भए तापनि यिनमा कारुण्य भावभन्दा पौरुषेय अहंकार प्रबल छ । यस प्रवृत्तिलाई प्रयोग गर्नेमा उदयानन्द अर्ज्याल निकै सहिष्णु छन् । उदयानन्द भन्छन्– 'विद्या संग्रह गर्नु कर्म द्विजको, भक्ति ठूलो रामको, अति यो मनमा त राषि शिवको पूजा त गर्न्या बडो ।' यिनका कृतिमा आदेशात्मकता भन्दा सख्यभाव बढी छ । ब्राह्मणहरू विद्या संग्रह गर, अरू भक्तिभन्दा रामको भक्ति ठूलो हो, शिवको पूजा गर्ने मानिस बडो हो आदि । त्यसै गरी उनी उपदेशलाई दृष्टान्तद्वारा सम्झाउँछन् युधिष्ठिरले जुवा खेलेर आफ्नो मुलुक र आफ्नी पत्नी पनि हारे । राम सुनको हरिणका पछि लाग्दा सीतालाई रावणले अपहरण गरिदियो, यसबाट उनलाई ठूलो विपत्ति आइलाग्यो । यसैले कुदिन लागेपछि जस्तै ठूलो मानिसको पनि बुद्धि हराउँछ भनेर उदयानन्दले सबैलाई काम लाग्ने उपदेश दिएका छन् । रामभद्रले जस्तो अबला नारीलाई मात्र नैतिकताको मटयाङग्राले हिर्काएका छैनन् । उदयानन्दको वेतालपचीसीको सो उद्धरण यस्तो छ–

जुवा खेली युधिष्ठिरादि जनले हार्‍या मुलुक् स्त्री पनि
सुन्को जानी हरीन रामनृपले लाग्या पछिटै पनि
सीता रावनले हर्‍यो वनमहां जानी विपत्ति भई
बुद्धि जान्छ हराइ कुदीन हुंदा कस्तै बडाको पनि ।

आध्यात्मिक भाव परिवेशलाई विस्तार गर्दै नैतिक र उपदेशात्मक स्वरको स्थापनामा रामभद्र पाध्या रेग्मी तथा उदयानन्द अर्ज्यालको योगदान महत्त्वपूर्ण रहेको छ । यिनै औपदेशिक रचनाहरूमा केही उदारता आउन सक्यो भने समाज सुधारका बाछिटाहरू पनि पर्न सक्तछन् । यी कविहरूमा समाज सुधारको प्रत्यक्ष चाहना नदेखिए तापनि प्रकारान्तरबाट वा सांकेतिक रूपमा केही सानचाहिं गरेकै छन् । यही नै यिनीहरूका कविताको मूल्य पनि हो ।

३.५ प्राग्भानुभक्तीय नेपाली लोकसाहित्यको सिंहावलोकन

प्राग्भानुभक्तीय नेपाली काव्यमा लोकसाहित्यको प्रचुर प्रयोग पाइएको छ। लोकसाहित्यमा विशेष गरी सुदूर पश्चिमाञ्चल क्षेत्र धनी रहेको छ। यस क्षेत्र अतीतका साहित्यले सम्पूर्ण नेपाली साहित्यकै इतिहासलाई प्रभावित तुल्याए छ। प्राचीन नेपाली लोकसाहित्यको खोजीमा संलग्न अनुसन्धाताहरूले बहुमू रचना र तिनका स्रष्टाको पत्तो लगाएका छन्। यस कार्यमा सबैभन्दा ठूलो यो वान देवकान्त पन्तको रहेको छ। उनले नेपाली साहित्यकै इतिहासमा सर्व पुरानो लोकसाहित्य फेला पारेको दावी गरेका छन्। यति मात्र होइन, उ नेपाली साहित्यलाई लगभग साँढे तीन सय वर्ष पछि धकेलिदिए। उनको प्रस्ता को प्रामाणिकतामा विद्वान्हरूबाट मन्थनको क्रम चालू नै रहेको छ। उनले गरे र जति गरे त्यो प्रशंसनीय र उत्प्रेरक कार्य हो। यसै गरी पूर्णप्रकाश ने र बालकृष्ण पोखरेलजस्ता अनुसन्धाताहरू पनि यस कार्यमा प्रवृत्त छन्। नेपा सुदूर पश्चिमाञ्चलका अनेकौं लोकसाहित्य र बिलाउन लागेका रत्नहरू पुर्या दिएका छन् भने बालकृष्ण पोखरेलका तीखा जोर आँखाले हराउन लागेका मा लाई फेला पारिदिएका छन्। यिनीहरूका यस्तै सुप्रयत्नले नेपाली साहित्य खोजी गर्ने दृढता र जाँगरले जरो गाड्दै गएको छ।

नेपाली लोकसाहित्यको विश्लेषण गर्नुभन्दा पहिले लोकसाहित्यका सम्ब मा केही चर्चा गर्नु सान्दर्भिक हुनेछ। 'लोक' शब्द प्राचीन वाङमयहरूदेखि प्रचलनमा आएको देखिन्छ। महाभारतमा 'वेदाच्च वैदिकाःशब्दाः सिद्धा लोका लौकिकाः' भन्ने उक्ति भेटिन्छ। यसको अर्थ हो वैदिक शब्दहरू वेदबाट सि हुन्छन् भने लौकिक शब्दहरू लोकबाट सिद्ध हुन्छन्। यसबाट के प्रमाणित हु भने महाभारतकालीन समयमा भाषाका दुइ स्थूल भेद रहेछन्। १) वैदिक भा २) लौकिक भाषा (लोकभाषा)। लौकिक भाषाबाटै लोकसाहित्यको र हुनु धेरै सम्भव देखिएको छ। गीतामा पनि 'अतोऽस्मिलोके वेदे च प्रथि पुरुषोत्तमः' (१६।१८) भनिएबाट लौकिक र वैदिक विभेदले स्पष्ट रेखा कोरे छन्। पाणीनीय व्याकरणमा पनि 'लोके वेदे च' भनेर यी भिन्नतालाई दर्शा खोजिएको छ। वास्तवमा उच्चवर्गीय, सुसंस्कृत र शिक्षित समुदाय भाष उच्च परिष्कृत रूपको प्रयोग गर्दथे र सामान्य जनसमुदायचाहिं ग्रामीण लौकिक रूपको प्रयोग गर्दथे। यही लौकिक रूप नै साहित्य निर्माणको आध भूमि थियो। उच्च परिष्कृत भाषाका प्रयोक्ताहरूचाहिं निर्मित साहित्य लिपिबद्ध गरी प्रबन्धात्मक रूप दिन सक्षम थिए भने ग्रामीण वा लोकसा

प्रयोक्ताहरूबाहिँ आफ्ना काव्यीय अनुभूतिहरूलाई लेख्य रूप दिन समर्थ थिएनन् । यसै हुँदा प्राचीनकालदेखि नै लोकभाषा र लोकसाहित्य ओझेलमा परेका हुन् । हुन त लोकभाषा भनेर संस्कृत भाषालाई रूढ गर्न खोजियो तर संस्कृतको युगमा संस्कृतइतर भाषाहरू पनि थिए तर तिनीहरू संरक्षित भएनन् । त्यसै गरी लोकसाहित्यको संरक्षण गर्ने दिशातिर त्यति ध्यान पुऱ्याइएन । फलस्वरूप तिनीहरूका कतिपय अमूल्य रचना कालकवलित समेत भए । यो पद्धति पूर्वीय वाङ्मय परिपाटीमा मात्र नभई पाश्चात्य परिपाटीमा समेत देखापरेको हुँदा लोकसाहित्य भनेकै अलिखित साहित्य भन्ने अर्थमा परिभाषित गरियो ।


लोकसाहित्यलाई अंग्रेजीमा 'फोक लिटरेचर' भनिन्छ । अंग्रेजीका बैलेड गीतहरू लोकगीत हुन् । 'लिरिकल क्वालिटी' शब्दले गीतात्मकतालाई बुझाउँछ । 'बैलेड' र 'लिरिक' शब्दलाई लक्ष्यार्थमा ग्रामगीत, नृत्यगीत, आख्यान गीत, आख्यानक गीत, वीरगाथा, वीरगीत, वीरकाव्य आदि भन्दा पनि यथार्थमा तिनीहरूको प्रतिनिधित्व हुन सक्तैन । यसैले लोकगीतलाई मात्र ग्रामगीत शब्दमा प्रतिबिम्बित गराउन सकिन्छ । लोकगीत लोकसाहित्यको एउटा खण्डरूप हो । लोकसाहित्यका सम्बन्धमा भनिएका कुराबाट लोकसाहित्य प्राचीन कालमा उपेक्षित रहेको अनुमान हुन्छ । लोकसाहित्यको अर्थ यसरी गरिएको छ[३०]–

१. त्यस लोकको साहित्य, जो सभ्यताको सीमाबाट बाहिर छ र सभ्य समाजमा गन्न सकिँदैन ।
२. जङ्गली जातिको साहित्य ।
३. ग्रामीण साहित्य ।
४. मौखिक परम्पराबाट युग युगदेखि आएको साहित्य ।
५. लोकमनोरञ्जनका लागि लेखिएको साहित्य ।

लोकसाहित्यका उपर्युक्त अर्थहरूले प्राचीन कालमा लोकसाहित्यप्रति उच्चवर्गीय व्यक्तिहरूको के कस्तो धारणा रहेछ भन्ने स्पष्ट भएको छ । तर वर्तमान युगमा भने लोकसाहित्यलाई त्यसरी उपेक्षणीय मानिँदैन । लोकसाहित्यमा सामान्य जनमानसका सुखदुःख र अनुभूतिका तरेलीहरू अभिव्यञ्जित हुन्छन् र समाजका अनेकौँ घटनाहरू लोकसाहित्यले आफूमा समेटेको हुन्छ भन्ने धारणा राखेर लोकसाहित्यको अध्ययन, अनुसन्धान र विश्लेषण गरेर नयाँ नयाँ तथ्यहरू प्रकाशमा ल्याइँदैछन् । यिनै उपलब्धिलाई ध्यानमा राखेर लोकसाहित्यको

३०. डा. धीरेन्द्र वर्मा (सं.), हिन्दी साहित्य कोश, पूर्ववत्, पृ. ७४८ ।

खोजीमा प्रवृत्त विद्वान्हरूले यसका रूपभेदहरू छुट्याएका छन्। ती रूप यसरी प्रस्तुत गर्न सकिन्छ–



इतिवृत्तात्मक लोकगीतहरू लोकगाथा मानिन्छन्। यी लोकगाथा उपत्तिमा प्रमुखतः ३ सिद्धान्त प्रसिद्ध देखिन्छन्–

१. लोकनिर्मितिवाद रहस्यमय ढङ्गबाट उत्पत्ति हुनु,
२. व्यक्ति निर्मितिवाद– कुनै न कुनै कविको परिश्रमबाट उत्पत्ति हुनु,
३. विकासवाद– लोकगाथाको रचना नभएर विकास भएको हुन्।

१) लोकगाथामा आत्मव्यन्जक तत्त्वको अभाव हुन्छ;
२) लोकगाथा नै लोककाव्य हुन्छ,
३) लोकगाथामा श्रमसाध्य कलात्मकता नभई यथार्थ चित्रणको प्रवृत्ति
४) लोकगाथामा भाषा र विचारको सरलता हुन्छ,
५) लोकगाथाको छन्द सरल हुन्छ,
६) लोकगाथामा गेयता हुनुपर्दछ,
७) लोकगाथामा छोटो कथा वा कथांश हुनुपर्छ।

अब स्पष्ट भइसकेको छ लोकमा प्रचलित, लोकनिर्मित वा लोकविय गीत वा गाथा नै समष्टिमा लोकसाहित्य हो। हुन त कतिपय तार्किक व्यक्ति भन्दछन्– लोकको कुनै सत्ता हुँदैन। जसको सत्ता हुँदैन, त्यसले कसरी बनाउन सक्तछ ?

लोकगीत वस्तुतः लोकसाहित्यको सर्वाधिक उर्वर क्षेत्र हो। यसमा यिताको कुनै व्यक्तित्व रहँदैन। लोकगीतमा लोकमानसका भावनाहरूको बिम्ब उत्रिएको हुन्छ। लोक रुचि र लोक एषणालाई अज्ञात कविले उनिदिन्छन्। मानिसका मुखैमुखबाट युगौंसम्म बाँचिरहने अद्भुत जीवनदा शक्ति यसमा रहेको हुन्छ। यिनीहरूले लोकलाई पथप्रदर्शन गर्दछन्। अतीत

भएका गम्भीर त्रुटिहरूतिर औंल्याइदिन्छन् र भविष्यका लागि सतर्क गराइदिन्छन् । लोकसाहित्यको बृहद् आयामतिर दृष्टि दिने हो भने वैदिक साहित्य पनि लोकसाहित्य नै हो कि भन्ने लाग्दछ, किनभने यसलाई 'श्रुति' भनिन्छ । श्रुतिको अर्थ हो श्रुत । परम्पराबाट आएको लोकसाहित्य पनि श्रुति नै हो । यसैले वेद र लोकसाहित्यको उत्पत्ति सिद्धान्तमा केही साम्यता झल्किएको छ ।

लोकसाहित्यका चिन्तकहरू के मान्दछन् भने लोकगीतका रचयिता अपौरुषेय हुन् । यसका रचयिता वा गायिकाहरू नारीहरू हुन सक्तछन् । विभिन्न अनुष्ठानका अवसरमा ती गीतहरू निर्मित हुन्छन् र गाइन्छन् । यी कुराहरूले वेदको उत्पत्ति सिद्धान्तलाई समेत संझाएको छ । वेदको उत्पत्तिमा दुइ प्रमुख सिद्धान्त छन्– (१) अपौरुषेयं वेदः (२) पौरुषेयं वेदः । अर्थात् वेदको रचना पुरुषहरू (व्यक्ति वा मानव) बाट भएको होइन भन्ने र वेदको रचना पुरुषहरू (व्यक्ति, मानव, ऋषि) बाट भएको हो भन्ने ।

यी दुवै सिद्धान्तमा आंशिक सत्यता छ किनभने वेदका रचयिता यिनै हुन् भन्ने किटान गरेको भेटिंदैन, त्यसैले वेद अपौरुषेय हो । अर्कातिर वेदजस्तो प्राचीन र उच्च चिन्तनस्रोत कुनै व्यक्ति विना रचियो होला भन्नु हाँसउठ्तो कुरा हुने हुँदा वेद पौरुषेय हो भन्ने सिद्धान्त पनि सत्य नै ठहर्दछ । वास्तवमा लोकसाहित्यका सन्दर्भमा पनि यस सिद्धान्तलाई लागू गर्न सकिन्छ । लोकसाहित्यका रचयिता किटान गर्न नसकिने हुँदा यी अपौरुषेय हुन् । वाच्यार्थलाई लिने हो भने अपौरुषेय अर्थात् पुरुष होइन स्त्री भन्ने अर्थ निस्कन्छ । लक्ष्यार्थलाई लिंदा अपौरुषेय अर्थात् मानव जाति होइन भन्ने अर्थ प्रतिपादन गरिए तापनि यसलाई व्यङ्ग्यार्थमा लिनु उपयुक्त हुन्छ । अपौरुषेय अर्थात् नाम, थर, ठेगाना, जाति, वर्ण, लिङ्ग, समय समेत नकिटिएको अज्ञात मानव वा मानव समुदायद्वारा रचित रचना नै लोकसाहित्य हो । यसरी हेर्दा लोकसाहित्यलाई अपौरुषेय पनि भन्न सकिन्छ र पौरुषेय पनि । लोकसाहित्यका रचयिता नारी नै हुन् भन्ने कुरामा ठोस प्रमाण भेटिंदैन । देश, काल र परिस्थितिअनुसार कुनै ठाउँमा नारीहरू गीत रचनामा निपुण हुन सक्तछन् भने कुनै ठाउँमा नारीहरू असक्षम हुन सक्तछन् ।

भारतीय समाजका कतिपय सांस्कृतिक कृत्यहरू सम्पादन गर्दा नारीहरूले गीत गाएर कार्य सम्पादन गर्ने प्रचलन भएको हुँदा त्यसैका आधारमा नारीहरूलाई लोकगीतका रचयिता भनिएको हो । नेपालकै गाउँ घरमा पनि मेलापात गर्दा, घाँस काट्ता, दाउरा काट्ता, गाईवस्तु हेर्दा, भीर र पाखापर्वतमा चहार्दा

नारीकण्ठले सुरिलो भाकामा अनगिन्ती लोकगीतको आविष्कार गर्दछन् भने वैवाहिक कार्यको रतेली खेलमा त विनोदात्मक गीत, गीतांशहरूको खोलै बगाइदिन्छन् । सत्यनारायणको पूजा, सप्ताहका साङ्गे र स्वस्थानी व्रत समाप्तिका अवसरमा पनि नेपाली नारीहरूले गीतधारा उरालिदिन्छन् । सुदूर पश्चिमाञ्चलको गौरा पर्वमा महिनौं गीतका खेलहरू हुन्छन् । तीजका वेला उपत्यकाभरि नै गीतको धारो लाग्दछ । यसरी भारतीय र नेपाली रीतिरिवाजका सांस्कृतिक चाड पर्वहरूमा नारी कण्ठबाट निःसृत गीत परम्पराको आफ्नै मौलिकता, आफ्नै परिवेश र आफ्नै क्षितिज भए तापनि सबै लोकगीतहरूका रचयिता नारी नै हुन्छन् भन्ने कुरामा सर्वसम्मति प्राप्त गर्न सकिंदैन । अझ आद्य लोकगीत नै नारीबाट रचियो भन्ने कुरो विचारणीय देखिन्छ । नारीहरू संस्कारसँग सामीप्य भाव राख्ने हुनाले यिनीहरूबाट आद्यलोकगीतको रचना भएको मान्नु तर्कहीन कुरा होइन, तर स्पष्ट प्रमाणका अभावमा यसलाई किटान गर्नचाहिं सकिंदैन।

नेपाली साहित्यको चर्चा गर्दा प्राग्भानुभक्तीय युगमा प्रथमतः अपौरुषेय 'सगुन' लाई आद्यकविताका रूपमा मान्यता दिइएको देखिन्छ।[३१] 'सगुन' को अध्ययन गर्दा यो आद्यकविता नभई लोकसाहित्य हो । लोकसाहित्यलाई कविता मान्नु हुँदैन भन्ने तर्क यहाँ ल्याउन खोजेको नभई लोकसाहित्यलाई छुट्टै मूल्याङ्कन गर्नुपर्दछ भन्ने दृष्टिकोणबाट प्रेरित भई छुट्टयाउन खोजिएको हो । लोकसाहित्यका सम्बन्धमा प्रमुखतः कवि, समय र स्थानका प्रश्नले आधिकारिक उत्तर नपाउने हुँदा तिनीहरू अनुमेय रहन्छन् । अर्को कुरा लोकसाहित्य साहित्यिक गुणहरूभन्दा सांस्कृतिक प्रस्तुति, घटनाका इतिवृत्त र कतिपय ठाउँमा अस्तित्ववादी व्यक्तिका आलोचना वृत्तमा केन्द्रित रहने हुँदा अलग्गै मूल्य खोज्दछन् । यहाँ भन्न खोजिएको होइन भने– लोकसाहित्य साहित्य होइन । लोकसाहित्य पनि साहित्य नै हो तर त्यसलाई साहित्यको मूल धाराबाट अलग्गै विवेचना गरी यथार्थ मूल्य स्थापित गर्नुपर्दछ । यसै सन्दर्भमा 'बुइँगल'ले आद्यकविताका रूपमा राखेको सगुनलाई लोकसाहित्य अन्तर्गत मान्ने प्रस्ताव राखिएको हो ।

यसका रचयिता अपौरुषेय (रचनाकार पत्ता नलागेको) छन् । यस कविताका अन्वेषक देवकान्त पन्थ हुन् । यस कवितामा शुभ कार्यका लागि शुभ दिइएको वर्णन छ ।

लोकसाहित्यको अध्ययन सुविधाका लागि यसका विधाहरू छुट्याउ

---

३१. कमल दीक्षित (सं.), बुइँगल, पूर्ववत्, पृ. १ ।

प्रचलन छ । यस क्रममा देवकान्त पन्थले संस्कार खण्ड, इतिहास खण्ड, प्रार्थना खण्ड र भारत खण्ड गरी ४ खण्डमा लोकगीतलाई विभाजित गरेका छन् ।[३२] हुनत लोकसाहित्यका अध्येता पूर्णप्रकाश नेपालले यसका षडंगको उल्लेख गरेका छन् ।[३३] तर ती षडंगहरू गीत, गाथा, कथा, काव्य, प्रहेलिका उपर्युक्त ४ खण्डमै अन्तर्युक्त हुन्छन् । लोकसाहित्यमा ६ को संख्या न्यायसंगत देखिन्छ भन्दै नेपालले संस्कार, ऋतु, पर्व, प्रकीर्ण, कर्म र प्रणयवेदनालाई ६ उच्छ्वासका रूपमा लिएका छन् । त्यसै गरी षड्शास्त्र, षड्रस, षडंग, षड्ऋतु, षट्कोण, षडैश्वर्य र षडाननमा अनेकौं प्रतीकहरूको समुच्चय रहेको उल्लेख गरेका छन् ।

नेपाली लोकसाहित्यको अध्ययनका क्रममा देवकान्त पन्थद्वारा खोजिएका लोकसाहित्य निकै महत्त्वपूर्ण छन् । यिनका प्रयत्नले भेटिएको 'सगुन' निश्चय नै पुरानो रचना हो । तर यसको रचनाकालचाहिं किटन सकिएको छैन । यिनका प्रस्तावलाई अङ्गीकार गर्दै कमल दीक्षितले बुइँगलमा सगुनलाई आद्य कविता मानेको देखिए तापनि यसलाई लोकसाहित्यकै सापेक्षतामा हेर्नु वाञ्छनीय छ । अन्वेषक पन्थ र सम्पादक कमल दीक्षितका मतमा 'सगुन' को रचयिता कुनै नेपाली नारी हुनुपर्छ भन्ने अनुमान विवेच्य छ । यसलाई नारी कवयित्रीबाट रचित भएको मान्नुपर्ने प्रथम कारण मांगलिक गीत भएको र त्यस्ता मांगलिक गीत स्त्रीहरूले नै गाउने हुँदा रचयिता पनि उनीहरू नै हुन् कि भन्ने तर्क युक्तिसङ्गतै छ । कुनै पनि रचनाका रचयिता र गायक एउटै व्यक्ति हुन्छन् कि हुँदैनन् भन्ने प्रश्न सामान्य हो । तर प्रस्तुत रचनाका सन्दर्भमा हेर्दा यसको गायिका कुनै नारी हुनु सम्भव देखिन्छ तर तिनै नारी नै यसको रचयिता पनि हुन् भन्न चाहिँ अलि अप्ठचारो देखिन्छ । यस रचनामा कुनै शिक्षित त्यसमा पनि धर्मशास्त्र र पुराणसमेत जानेको व्यक्तिले सिलसिला मिलाएर देवदेवीका नाम र कार्यको उल्लेख गरेको देखिन्छ । तर नारीशिक्षाको अभाव भएको समाजमा कुनै नारीबाट यस्तो रचना भयो कि भन्न असजिलो अनुभव हुन्छ । बरु कुनै शिक्षित पुरुषले रचना गरी नारी समाजलाई प्रदान गरेको हो कि भन्ने अनुमान गर्नु उपयुक्त देखिन्छ । हुन त यी दुवै कुरा अनुमान नै हुन् । अनुमानका भरमा तथ्यलाई प्रमाणित गर्न सकिंदैन । केवल सत्योन्मुख हुन सकिन्छ । सत्यलाई फेला

---

३२. देवकान्त पन्थ, डोटेली लोकसाहित्य, त्रि. वि.; २०३२ ।

३३. पूर्णप्रकाश नेपाल, भेरी लोकसाहित्य, ने. रा. प्र. प्र.; पृ. २२, वि. सं. २०४१ ।

पारेको दावी गर्न सकिदैन । प्रस्तुत रचनाको प्राचीनता वा ऐतिहासिकता पनि यस्तै कुरो हो । यस रचनाको प्राचीनता पनि विवेच्य नै छ ।

सामान्यतया हामी हाम्रै जीवनकालका कतिपय घटनालाई लिउँ । आज भन्दा ३०।३५ वर्ष अघिका हाम्रै जीवनका कतिपय कुराहरू हामीले बिर्सिसकेका छौं । अरु हाम्रा सामाजिक परिवेषका कतिपय घटनाहरू त हामीलाई हो कि होइन जस्ता लाग्दछन्, तिनीहरूका विषयमा हामी यकिन भन्न सक्तैनौं । समयका परिवर्तित चक्रमा कैयौं कुरा धराशायी हुन्छन् । मानिसले आफ्नै बोली र भाषामा त ठूलो अन्तर भेट्तछ भने तीन चार सय वर्ष अघिदेखि मौखिक परम्पराबाट गाइँदै आएका भनिएका गीतहरू कत्तिको सुरक्षित रहलान् ? दश वर्ष अघि पुगेको ठाउँमा दश वर्षपछि पुग्दा निकै परिवर्तन भइसकेको हुन्छ । त्यहाँको रहनसहन, बोलीवचन र भाकाले समेत काँचुली फेरिसकेको हुन्छ र आफैंलाई अनौठो लाग्दछ । यस्तो स्थितिमा सयौं वर्ष अघिदेखि मौखिक परम्परामा कुनै गीत हुर्कंदै आए भन्न कठिनै पर्दछ । मानव समाजमा अनेकौं दुःख, पीर रोग, प्राकृतिक प्रकोप र दैवी विपत्तिहरू पनि आइरहन्छन् । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा पनि सम्पूर्ण नेपाली जनमानस युद्धका संत्रासले होशहवास हराएको अवस्थामा थियो । त्यस्तै अन्य युद्ध र विपत्तिका घडीहरूले मानव समाजलाई आन्दोलित पारेन होला भन्न सकिदैन । यस्तो स्थितिमा कसलाई धमारी चैत, भुडको, हुडको, भारत, भैनी, फाग आदि गाएर बस्ने अवसर मिलिरहला ! अर्कातिर अतिवृष्टि, अनावृष्टि, भूक्षय, सलह, बाढी, पहिरो आदिका भयानक आक्रमणले मानव समुदायलाई क्षत विक्षत पारिरहने खतराहरू पनि यथावत् देखिन्छन् । सामाजिक अपराध र शोषणका उत्पीडनबाट ग्रस्त हाम्रो सामाजिक परम्परालाई सांस्कृतिक सचेतता पाँच छ सय वर्ष अघिदेखि नै थियो होला भन्न पनि अप्ठचारो देखिन्छ । बसाइँ सराइँका प्रवृत्ति, जातपातका भेदभाव र सामाजिक सोहार्दताका अभावमा पनि हाम्रो सांस्कृतिक विशिष्टता लगभग छ सय वर्षदेखि अक्षुण्ण थियो भन्न सकिने आधार छैन । यसैले देवकान्त पन्यद्वारा खोजिएका यी लोकगीतहरू पुराना हुन् भन्ने मान्न सकिन्छ, तर विक्रमको पन्ध्रौं शताब्दीतिरका नभई विक्रमको अठारौं वा उन्नाइसौं शताब्दीतिरका हुने अनुमान गरिएको छ । यिनीहरूलाई अठारौं वा उन्नाइसौं शताब्दीतिरका भान्नाको आधार प्रायः हो गीतमा प्रयुक्त भाषा र शैली । गीतमा प्रयुक्त भाषा हेर्दा सुवानन्ददासका कविताकै जस्तो देखिन्छ । सुवानन्ददासका कविता र पन्तानुसन्धित लोकगीत समकालिक जस्ता देखिन्छन् । तुलनीय–

थर थोकि भारदारि, जेठा बुढा सरदारी
पाचई परमेश्वरी सांराम उठाउ है
हंसरूप धरी भिमसिन्को सरूप गरी
भ्रमराको सेस गरि सुनई लुटाउ है

सुवानन्ददास, पृथ्वीनारायण, (बुइँगल, पृ. १०)

देवता तेत्तीस कोटि उचाइ चल्या
अधि चल्या गणपति पछि वृहस्पति
ई भला सगुन बोल्या
हात छ रुद्रभूरती दैया कसली
चलि आया गणपति देउ

अपौरुषेय सगुन (डोटेली लोकसाहित्य, पृ. १८–१९)

कविताका विषयवस्तु अलग अलग छन्. तर भाषिक स्पष्टता भने दुवैमा समान छ। सुवानन्ददासको कविता वि. सं. १८३१ तिर लेखिएको मानिएको छ भने अपौरुषेयको 'सगुन' लगभग १४७० तिरको। यस हिसाबले 'पृथ्वीनारायण' भन्दा 'सगुन' ३६१ वर्षजति जेठो हुन गयो। तीन सय–साढे तीन सय वर्षमा भाषामा यत्तिको स्थिरता रहिरहन्छ भनेर पत्याउन सकिंदैन। टाढाको कुरा किन गर्नें? गोरखापत्रलाई लिउँ। गोरखापत्रको जन्म १९५८ मा भएको हो। गोरखापत्र अझै सय वर्ष पुगिसकेको छैन। यस अवधिमा गोरखापत्रका भाषामा के कति परिवर्तन आइसकेको छ भन्ने कुरो यसका प्रत्येक अङ्कमा छापिने पुराना अङ्कका भाषाकै अध्ययनबाट पनि स्पष्ट हुन्छ। त्यसैले पन्तानुसन्धित लोकगीतहरू पनि सुवानन्ददासभन्दा तीन सय वर्ष पुराना हुन् भन्ने कुरो मान्न अप्ठ्यारो परेको छ। तापनि यी लोकगीतहरू नेपाली लोकसाहित्यका अमूल्य उपलब्धि हुन्। कालसम्बन्धी यिनै विचारका साथ प्राप्त सामग्रीको चर्चा गर्नु उपयुक्त देखिन्छ।

संस्कार खण्ड–१ मा 'सगुन–१' को उल्लेख छ। यसमा गणेश, तेत्तीसकोटी देवता, बृहस्पति, रुद्र, सरस्वती, वरपीपल, पार्वती, राम, सीता, नल, दमयन्ती आदि देवदेवीको नाम लिइएको छ। यी सबै देवदेवीले कल्याण गरून् भन्ने कामना गरिएको पाइन्छ। कौशीका कयालमुनि, वडन पीपलमुनि जस्ता पदावलीको प्रयोगले यस रचनालाई अझै आधुनिकतातिर ल्याएका छन्। संस्कार खण्डको दोस्रो लोकगीत हो 'वेदी पुर्ने फाग–१' यसमा वेदी पुर्नका लागि उदयपुरको माटो ल्याउन अह्राइएको छ। लोकगीत निकै रसिलो छ। 'जान बाला

जान बाला, उदैपुर, उदैपुर; जान बाला मेधनीको माटो जान बाला जान बा
उदैपुर उदैपुर; त्यान बाला चोखे भलो माटी आन मेरी इजुमाय सुन कुटी हा
डाली' उपर्युक्त सुन्दर पंक्तिहरूमा आत्मीयता र सरसता टप्किएका छन्।

तेस्रो लोकगीत 'गणेशजीको फाग– ३' मा गणेश वन्दना छ। गणेश
विशेषताहरू दर्शाउने पदावली यहाँ छन्।

गणपति पूजूं हरियौडा दूवाले
गणपति पूजूं जनै सुपारीले, जय जय देव गणेश

यी पंक्तिहरूले आराध्यदेव गणेशको स्तुति गाएका छन्।

यसै गरी कलशको फाग, दियो बाल्ने फाग, पितर निउता फाग, मङ्गल
चार जस्ता शीर्षकमा संस्कारसम्बन्धी गीतहरू सङ्कलन गरिएका छन्। यी लो
गीतहरूले समाजका रीतिरिवाज, माङ्गलिक पर्व, उत्सव र धार्मिक कृत्य
आचरणहरू प्रकट गरेका छन्। यिनीहरूको अध्ययनबाट यिनीहरूका रचयिता
साह्रै रसिक रहेछन् भन्ने अनुमान हुन्छ। आफ्ना सांस्कृतिक विशेषताहरू
मन्त्रका रूपमा उन्न सक्नु यी अज्ञात कविहरूको साह्रै ठूलो दूरदर्शिता हो।

संस्कार खण्डकै उत्तराङ्गमा बालक जन्मेपछि गर्नुपर्ने आचरण र बालक
गर्भस्थ अवस्थाका स्थितिको समेत आकलन गरिएको छ। सोह्र पंक्तिको कविता
गर्भमा रहेको पहिलो महिनादेखि जन्मेको एक वर्षसम्मको स्थिति देखाइएको छ
'पैला मास बालो पानीनकेशर, तेसरा मास बालो रगतको डल्लो।' एवं क्रम
'छ्याउँयै मास अन्नप्रासन रच, वर्षै दिनको छम छम खेल' मा अन्त्य गरिएको छ
दश मैह्नामा बालक जन्मन्छ, एघार दिनमा न्वारन गर्नुपर्छ जस्ता शिक्षाप्र
व्यवहारोपयोगी कुरालाई मीठो भाकामा प्रस्तुत गरिएको यस लोकगीत
'बालक जन्मदाको फाग' शीर्षक दिइएको छ। बीच बीचमा प्रश्न र त्यस
उत्तर समेत दिइएको छ।

बालक जन्मेको छैटौं दिनमा सम्पन्न गरिने कृत्यलाई 'छैटीको घमा
मा उनिएको छ। यसमा देवकीका पुत्र, कंसका शत्रु कन्हैया कृष्णको जन्म रा
को दश घडीमा भएको उल्लेख छ। बालक जन्मेको छैटौं रातमा यसको गा
गरी उत्सव मनाइन्छ।

नामकरण कर्मसँग सम्बन्धित 'न्वारनको फाग' अन्नप्राशनसँग सम्बन्धि
'पासनीको फाग' क्षौरकर्मसँग सम्बन्धित 'चूडाकरणको फाग' शिक्षारम्भका स
'स्वस्तिवेदको पाठ' जस्ता मन्त्रतुल्य फागहरूले हाम्रो लोकसाहित्य कत्तिको सम

रहेछ भन्ने स्पष्ट पारेको छन् । तत्तत् कर्मका लागि यिनीहरूको फाग र यिनीहरूमा निर्दिष्ट आचरणको परिपालना गरेर नेपाली समाजले लोकसाहित्यको ठूलो भरोसा गरेको कुरा थाहा पाइन्छ ।

'मंडप रचना ग्रहदानको फाग' मा उपनयन र विवाहका लागि मंडपको संरचना गर्ने विधानको उल्लेख पाइन्छ । यसै गरी 'ताई-वस्त्रको फाग' मा पकाउने पात्रको शुद्धीकरण र शुभ मुहूर्तमा वस्त्र सिउने कार्यलाई अभिषिक्त गरिने कुराको उल्लेख छ । मृगचर्म, यज्ञोपवीत, दीक्षा, भिक्षा, चन्दनलेपन, शिक्षोपार्जनार्थ काशीगमनजस्ता प्रसङ्गलाई अलग अलग फागहरूमा गायन गरिएको छ । फुपूसम्बन्धी फाग, आमाले दूधको मोल माग्ने वेलाको फाग, घरियाँत हिँड्दाको फाग, धूल्यर्घको फाग, दुलहा दुलहीको मण्डप प्रवेश फाग, गोत्रोच्चारण फाग, कन्यादानको फाग, अगूंडो दान दिने वेलाको फाग, आँचल ग्रन्थिको फाग, छोलिका भरणको फाग, रूकविनाको फाग, वैश्वानरको फाग, लया दिंदाको फाग, मेधाको फाग, गोदानको फाग, छोरीलाई विदाई गर्दाको फाग, बुहारी भित्र्याउने फाग, सेली ढाल्ने फाग समेतले नेपाली लोकजीवनका महत्त्वपूर्ण संस्कारहरूलाई चिनाएका छन् । ती कृत्यमा अपनाउनुपर्ने आचरणलाई सिलसिलाबद्ध ढङ्गमा प्रस्तुत गरिएको पाइनु नेपाली लोकसाहित्यका निमित्त गाडधन फेला परेसरह भएको छ ।

यी फागहरू कुनै निकै छोटा छन् भने कुनैचाहिं अपेक्षाकृत लामा पनि छन् । यसका संग्रहकर्ताले नारीहरूका मङ्गलगीतलाई 'फाग' भनिने कुरा उल्लेख गरेका छन् ।[३४]

यी फागहरू श्रुतिमधुर र ज्ञानोपयोगी छन् । सनातनधर्मावलम्बी नेपाली गृहस्थीका लागि यी फाग संस्कारसूत्र हुन् । यिनले मानिसका षोडश संस्कारमध्ये प्रमुखलाई समेटिसकेका छन्, लौकिक जीवनका आदर्श र कर्तव्यलाई दर्शाएका देवकार्य र पितृकार्यका अन्तरहरूलाई छुटचाइदिएका छन् । फागहरूमा यसका रचयिताहरू पाठकसँग आत्मीय शब्दमा प्रश्न गर्दछन् र त्यसको उत्तर आफैं दिन्छन् । यी फागहरू पढ्दा आत्मीय मानिससँग वार्तालाप गरेजस्तो आनन्द आउँछ । यहाँ कसैको आदेश छैन, न कसैको हप्किदप्कि, न कसैको खरखटन, न कसैको संत्रास । यी फागहरूमा सल्लाह छ, मीठो मार्गदर्शन र आत्मीय इशारा छ । जति पढे पनि पढिरहूँजस्तो लाग्ने एक प्रकारको चुम्बकीय आकर्षण छ । नयाँ घरजममा बाँधिने दम्पतीहरूका लागि जीवनका प्रमुख कृत्यहरूको नालीबेली छ । पछि यसो गर्नुपर्ने रहेछ भनेर आँखा उघारिदिएको छ । यहांका रचयित्री-

३४. देवकान्त पन्थ, डोटेली लोकसाहित्य, पूर्ववत्, पृ. ७ ।

हरू साना बालकलाई मायालु भाकाले 'खान बाला खान बाला दधि मधु
भन्दछन् भने कन्यादान गर्ने बेलामा 'खाट सुत्या बबा मेरा विउजी जाय
जाय, आइपुग्यो कन्यादान बेला' भनेर कारुणिक भाव जनाउँछन् । यहाँ
जन्मदा खुशीयाली मनाइन्छ, त्यसपछि उसको न्वारन, अन्नप्राशन, चूडाकर्म
वेदारम्भ गराइन्छ । ग्रहको शान्ति, नवीन वस्त्र धारण, व्रतबन्ध आदिलाई
पूर्वक सम्पन्न गराउँदै गृहस्थाश्रममा प्रवेश गराइन्छ । यहाँ क्रमिकता छ,
क्रम छैन ।

नेपाली लोकसाहित्यमा यी संस्कार गीतहरू सांस्कृतिक उच्चतालाई
उन पर्याप्त छन् । यिनले नेपाली जातिका गरिमामय सांस्कृतिक आढ्यता
चिनाएका छन् । नेपाली माटोको सुवास छरेका छन् र नेपाली जातिका
कतालाई प्रदर्शित गरेका छन् । संक्षिप्त रूपमा भन्ने हो भने यी गीतहरू
नेपाली गृहस्थी जीवनको धुकधुकी छाम्न सकिन्छ । नेपाली चाल चलन र
रिवाजको अभिरेखाङ्कन गर्न सकिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म
नेपाली जीवनका गृहस्थाश्रमका आदर्शहरूलाई यहाँ मुखरित गरिएको
नेपाली गृहस्थी जीवनको ललित पक्षलाई समुद्घाटित गरिएको छ अनि
र कर्तव्यको समन्वय खोजिएको छ ।

यसरी संक्षिप्त रूपमा भन्ने हो भने संस्कार गीतहरू नेपाली गृहस्थी
का मार्गदर्शक भएका छन् । यति हुँदाहुँदै पनि यिनीहरू आदेशात्मक नभई
भावाश्रयी पाइनु र रसिला हुनु सुखद संयोग हो । भाषिक तिक्तता वा वितण्डा
रहित यी फागहरू पाण्डित्य प्रदर्शनका भारबाट मुक्त छन् भने शास्त्रीय छन्द
कयाउरेका लयबाट पनि उन्मुक्त छन् । बालकहरूका निमित्त आकाश
बर्सिएका पवित्र असिनाजस्ता छन्, युवाहरूका लागि वनका सुरिला भाका
छन् भने वृद्धहरूका लागि पशुपतिनाथका प्रसादजस्ता छन् । नेपाली साहित्य
निमित्त पुर्खाले लुकाएर राखिदिएका गाडधनजस्ता छन् । यी लोकगीतहरू
जातिका गौरवमय साझा सुसेली हुन् । पहाडबाट पट्ट फुटेर निस्केको
पानीजस्तै रसिला अमृत हुन् ।

इतिहास खण्डमा राखिएका लोकगीतहरू प्राचीनकालका राजा वा
सँग सम्बन्धित मानिएका छन् । प्रथमतः राजा नागमल्लको भागेश्वर देव
प्रतिस्पर्धा भएको कथासँग सम्बन्धित लोकगीत दिइएको छ । यसलाई 'भा
ढुस्को' नामकरण गरिएको छ । ढुस्को भनेको रोपाइ गीत हो । यस श्लोक
पात्र नागमल्ल शाके १३३४ का हुन् र यिनै नागमल्लका पालामा प्रथम
काव्यको निर्माण भयो जो आजसम्म प्राप्त नेपाली साहित्यका सबै रचना

पुरानो हो र यो आफैं नेपाली भाषाकी जननी डोटेली भाषिकाको कथ्यरूपले प्रमाणित सर्वप्रथम रचना हो' भनिएको छ।[३५] भागेश्वरको ढुस्को चाहिँ नागमल्लको सबैभन्दा पुरानो मानिएको चाँचरीभन्दा केही आधुनिक लाग्छ[३६] भनिए तापनि संग्रह गर्दा सबैभन्दा अगाडि नै राखिएको छ। यस ढुस्कोका सम्बन्धमा संग्रहकर्ताले टिप्पणी गरेका छन्- 'यो जिल्लाभरी नै प्रचलित छ'। यस ढुस्कोमा नागमल्ल र भागेश्वरमा को ठूलो भन्ने विवाद खडा हुँदा नागमल्लले 'तँ ठूलो होस् भने पानी पारिदे' भनेकोले भागेश्वरले पानी पारिदिएका थिए। त्यसैले अहिले पनि खेतीका समयमा पानी परेन भने किसानहरू यही ढुस्को गाएर वर्षाको कामना गर्दछन्। यस ढुस्कोको प्रारम्भमा जमुना, भागीरथी, लक्ष्मण, पार्वती आदि देवताको उल्लेख गरिएको छ। वादविवादात्मक शैलीमा लेखिएको यस ढुस्कोमा भागेश्वर र नागमल्लको पारस्परिक होडवाजी छ। 'मै ठूलो देवता भागेश्वर' भन्ने नागमल्ललाई 'तँ सानो ठाकुर नागमल्ल' भनेर भागेश्वरले जवाफ दिन्छन्। पानी पार्ने कुरामा भागेश्वरले नागमल्ललाई पराजित गर्दछन्। यसपछि नागमल्ल भागेश्वरलाई आराधना गर्दछन् 'तिमीलाई जवँ दिउँला, सेवा सुश्रूषाका लागि चेली (छोरी) दिउँला, वेदरुद्री लगाइ दिउँला, जोडा गाईको दान दिउँला' भनी शान्त हुन आग्रह गर्दछन्। पानी पार्न थालेपछि भागेश्वरले पनि उत्पातै मच्चाउने गरी पानी पारिदिएका हुनाले त्यस्तो स्थिति आइपरेको हो।

नागमल्लको अछाम यात्रा र त्यहाँ उनको विवाह भएको घटनालाई 'नागमल्लको धमारी' शीर्षकको लोकगीतले प्रस्तुत गरेको छ। नागमल्ले क्यालमा बसेकी द्यौमातालाई देखेर मोहित भएदेखिको, विवाह भई छोरो पाएसम्मको वर्णन गरिएको छ। यस्तै 'नागमल्लको भैनी' मा शनिफा राउलाको षड्यन्त्रबाट वध गरिएको मार्मिक कथानक जोडिएको छ।

प्राग्भानुभक्तीय युगको सबैभन्दा चर्चित लोकसाहित्यमा रिपुमल्लकी चाँचरी पर्दछ। यसको रचना १४६९ मा भएको मानिन्छ। नेपालीसाहित्यकै सबैभन्दा पुरानो भनिएको यस चाँचरीमा रिपुमल्लकै जीवनगाथा जोडिएको छ। रिपुमल्ल नागमल्लको छोरो हो। उ अछाम जिल्लाको तिमलसैनमा थियो। उसलाई डोटीमा ल्याई अजमेरुको गद्दीमा बसाउने उद्देश्यले हाँसू कठायतका नेतृत्वमा असौज आठ गते मङ्गलवारका दिन साइत गरी हिँडेको घटना वर्णन

---

३५. देवकान्त पन्थ, डोटेली लोकसाहित्य, पूर्ववत्, पृ. ६।

३६. ऐजन, पृ. ६।

गरिएको छ। अछाममा पुगी रिपुमल्ल बराबरको सुन दिएर रिपुमल्लला ल्याएको समेत मनोरञ्जक कथांश यसमा जोडिएको छ।

रिपुमल्लको जीवनी र उसको राज्यारोहणसम्बन्धी घटना यसमा परे हुँदा यो ऐतिहासिक गाथा हो। यस गाथाको रचना लोकजीवनले गऱ्यो, तर गाथा वि. सं. १४६९ तिरकै हो भन्ने ठोस प्रमाण फेला नपरे तापनि यो नवी हो भन्न चाहिं सकिदैन। देवकान्त पन्थको तर्क पनि मननीय छ। उन विचारमा 'लोकसाहित्यको रचनाकाल निर्णय गर्न त्यति कठिन छैन घटना साहित्य निर्माणको कालमा अर्धशताब्दीभन्दा बढी फरक पर्न सक्तैन किन त्यो वेलासम्म ऐतिहासिक घटनाको प्रभाव समाप्त भइसकेको हुन्छ र त्यसला प्रत्यक्ष देख्ने व्यक्तिहरू पनि कालकवलित भइसकेका हुन्छन्।[३७] त्यसै गरी रि मल्लकी चाँचरीका सम्बन्धमा पनि उनको टिप्पणी छ– यो चाँचरीका श पुराना छन्, लय पुरानो छ, भावना पुराना छन्। जसले डोटेली भाषाको यथा रूप–रंग, रस र लयसँग आत्मीयता स्थापित गर्न सकेको छ। त्यसैले यसक गायन सुन्नेवित्तिकै भन्ने छ कि यो निःसन्देह अतिशय पुरानो रचना हो।[३८] सङ्कलनकर्ताका यी आत्मविश्वास हुन्। रिपुमल्लकी चाँचरी हेर्दा यो डोटीतिर भाषिकामा लेखिएको देखिन्छ। डोटीतिरको भाषा र लोकगीत अद्यापि पुरा जस्तो लाग्दछ, त्यसैले प्रस्तुत लोकगीत रिपुमल्लकै समयमा रचियो वा त्यसपछि का शताब्दीहरूमा रचियो यो कुरा क्टिान गरेर भन्न गाह्रै छ। गीतक प्रस्तुति र सङ्कलनकर्ताको टिप्पणीचाहिं अविश्वसनीय देखिदैनन्। त्यसैले यसम प्रचुर मन्थनको आवश्यकता छ। निश्चय नै रिपुमल्लकी चाँचरी महत्त्व ऐतिहासिक सामग्री हो। यसले नेपाली लोकसाहित्यको भण्डारलाई सम् तुल्याएको छ।

इतिहास खण्डमा राम शाहीको चैत, रघुनाथ शाहको धमारी, हरिशाही चैत, नरपतिशाहीको चैत, कर्णशाहीको चैत, भुवन मल्लको चैत, दिलपति शाही चैत, लाल चौदाको चैत, पिरिवोराको चैत र ढुस्को, किसा विष्टको चैत हर शाहीको चैत, दीपा रजवारको चैत समेतले तत्‌तत् व्यक्तिका चरित्रहरू प्रस्तु गरेका छन्। यी व्यक्तिहरू इतिहासमा उल्लेख भएका हुँदा यिनीहरूलाई ऐति सिक खण्डमा राखिएको हो। यी चैतहरूले आलम्बनका गुण, पराक्रम, युद्ध, स्व आक्रमण, करुणा आदिलाई वर्णनात्मक र संवादात्मक शैलीमा प्रस्तुत गरे

---

३७. देवकान्त पन्थ, पूर्ववत्, पृ. ९।

३८. ऐजन, पृ. ६।

छन् । यिनीहरूले तत्कालीन इतिहास बुझ्न र तत्कालका घटनाहरू पत्ता लगाउन प्रशस्त सहयोग पुऱ्याउँछन । यी लोककाव्यमा कतै छलछाम छ भने कतै महत्त्वाकाङ्क्षा । यिनीमा कतै धोखा पाएका मानिसहरू छन् भने कतै आफ्नो कीर्तिलाई उत्कर्षमा पुऱ्याउने व्यक्तिहरू छन् । यी चैतहरूमा केही हिन्दी भाषाका शब्दहरू पनि परेका छन् भने लय पनि अलग अलग किसिमका छन् । यहाँ विशेष गरी कवित्त शैली पाइन्छन् र घोडाका भाकाहरू पनि गुन्जन्छन् । कतिपय गीतमा प्रश्नका लहर र उत्तरका लहरहरू भेटिन्छन् ।

संक्षिप्त रूपमा यी चैतले नेपाली लोकसाहित्यलाई समुन्नत तुल्याएका छन् । तात्कालिक इतिहासका घटनालाई सशक्त रूपमा उभ्याएका छन् । यिनीहरू मूल्यावान् उपलब्धि हुन्, नेपाली लोकसाहित्यका ।

प्रार्थना खण्डका लोकगीतहरूमा 'गन्यापजीको चैत'ले गणेशको स्तुतिका निमित्त उत्प्रेरित गरेको छ । त्यस्तै 'गन्यापजीको घुमारी'ले पनि गणेशकै महिमा गाएको छ । तेस्रो लोकगीत 'गन्यापको झोलाउलो' पनि अलग व्यक्तिद्वारा गणेशकै संस्तुतिमा लेखिएको छ । 'गन्यापजीको घुमारी' लगभग वि. सं १८८२ तिर चन्दन भाट नामक कविले लेखेको हो भने 'गन्यापको झोलाउलो' चाहिं चामु बलायरले वि. सं. १८८२ तिरै लेखिएको मानिएको छ । यसैगरी 'काफली चैत' मा डोटीका राजा दिल्ली जाँदा त्यहाँ चमत्कार देखाउने कुराको वर्णन गरिएको छ । डोटीको चमत्कारस्वरूप त्यहाँ पाकेको काफलको हाँगो आएको हुनाले यस चैतलाई काफली चैत भनिएको हो । शिवजीका चरित्रमा आधारित 'श्री शिकाशको चैत' शिव मन्दिर स्थापनाको कथा प्रस्तुत गर्दछ । मालिका देवीको चैत, मालिकाको झोलाउला, उग्रतारा देवीको चैत, कृष्णजीको घुमारी, कृष्णजीको चैत सीताजीको चैत, हनिमन्तको चैत, भगवान् जगाउन्या फाग, आदिले नेपाली लोकसाहित्यको विस्तृतता झल्काएका छन् । मुख्यतया गणेशस्तुति, मालिकादेवी, उग्रतारा, कृष्ण, सीता हनुमान् आदि देवदेवीलाई लोककाव्यले विषयवस्तु बनाएको देखिँदा लोककाव्यको विस्तृत क्षेत्र सहजै अनुमान गर्न सकिन्छ । अरू रामस्तुतिको पनि छुट्टै चैत भेटिनु सम्भव छ । यी लोककाव्य हेर्दा नेपाली लोकसाहित्यले विभिन्न सम्प्रदायको प्रतिनिधित्व गरेको देखिन्छ । विशेष गरी गाणपत सम्प्रदाय, कृष्णभक्ति सम्प्रदाय, शाक्त सम्प्रदाय र शैव सम्प्रदायका सम्झनालाई यहाँ प्रयोग गरिएको पाइयो भने ऐतिहासिक पात्र र चरित्रलाई इतिवृत्तात्मक रूप दिने प्रयत्न पनि यी लोककाव्यमा भेटियो । यसैले यी लोककाव्यहरू नेपाली वाङमयका अमूल्य रत्न हुन् ।

नृत्य र वाद्यसँग सम्बन्धित भारत खण्डमा 'रानी मौलाको भारत' संकलित

छ । भारतलाई भाणाग र हुड्केली भनिनै र नेपाली दमाईहरू हुड्को नाम
वाद्यसँग यसको गायन गर्दछन् । यसलाई डोटेली बोलीमा 'रनमौला' प
भनिन्छ । यसमा प्रथाम त्यौ राजाका रानीहरूको वर्णन छ । राजाका सा
रानीमध्ये जेठीचाहिँ अपुत्री भइन् । उनले तपस्या गरी पुत्र पाइन् । तिनै पु
घटान देवता भए । ती रानीको नाम मौला थियो, यसै हुँदा यस भारतको ना
रानीमौला र रनमोला रहन गएको हो ।

यस लोककाव्यमा कथांश पनि रमाइलो छ भने त्यसले केही सामाजि
परिवेशको समेत सूचना दिएको छ । मुख्यतया तत्कालिन समाजका मानिस
प्रवृत्ति यसमा झल्किएको छ । राजाले बहुविवाह गरेको, सन्तानका अभाव
झगडा परेको, सौता-सौताका वीचमा घोचपेच (छेडखाना) गरिएको, सन्ता
प्राप्तिका लागि तपस्या गरिएको इत्यादि कुराले तात्कालिक सामाजिक ऐतिहा
सानो आभास प्राप्त भएको हुँदा प्रस्तुत लोककाव्यलाई सामाजिक यथार्थ
नजिकिएको मान्न सकिन्छ । पुराना लोककाव्यले यथार्थवादी धरातललाई भन
कल्पना र भावनाप्रमुख कुराहरूलाई प्राधान्य दिएका छन् भने रानीमौला
भारतले यथार्थवादी दृष्टि प्रस्तुत गरेको हुँदा एउटा मूल्यवान् रचनाका रू
हेरिएको छ ।

प्राग्भनुभक्तीय युगका लोककाव्य अनुसन्धाताहरूमा पूर्णप्रकाश नेपाल
नाम पनि उल्लेखनीय छ । नेपालको महाकाली अञ्चल, सेती अञ्चल र भेरी अञ्च
का लोक साहित्यको खोजी गरी नेपाली लोक साहित्यलाई समृद्ध तुल्याए
छन् । यी लोकसाहित्यमा भेरी लोकसाहित्यका लोकगाथा खण्डमा संकलि
रचनाहरू निकै मूल्यवान् छन् । विशेष गरी जितारिमल्ल जालान्धरी मल्ल
चैतले पुराना लोकपद्यको प्रतिनिधित्व गरेको छ । जितारिमल्लको समय शा
११५९ देखि ११८७ का हाराहारीमा हुनु अधिक सम्भव मानिएको हुँदा वि. सं
१२९३ देखि १३२१ का बीच अनुमान गरिएको छ । यसैले जितारिमल्लको सम
यही नै निर्धारित भयो भने नेपाली लोकसाहित्यको सर्वप्रथम रचना यही
हुन आउँछ । यस रचनाको प्रारम्भमा मंगलाचरण गरिएको छ । जितारिमल्लल
आशीर्वाद दिंदा अगाडि बढाइएको प्रस्तुत चैतले उनको दीर्घजीवनको काम
गरिएको छ ।


भेरी लोकसाहित्यले संस्कार खण्ड, लोकगाथा खण्ड, वर्षचक्र खण्ड, ती
काव्य खण्ड, वनबेली खण्ड, परिशिष्ट खण्डसमेतमा प्राप्त सामग्रीका बृह
आयामलाई विभाजित गरेको छ । नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान
लागि बृहद् आकार प्रदान गरेको छ ।

निष्कर्ष :

प्राग्भानुभक्तीय नेपाली काव्य संसारका प्रमुख प्रवृत्तिहरूमा वीर, भक्ति, नीति र कर्मलाई लिन सकिन्छ । यी प्रमुख प्रवृत्तिका उपप्रवृत्तिमा तिनीहरूका भेदलाई लिनु उपयुक्त हुन्छ । यस प्रकार वीर भावनाका उपप्रवृत्तिमा वीर वन्दना, राष्ट्र वन्दनालाई लिइन्छ । भक्तिवादी मूल चेतनाका उपप्रवृत्तिमा कृष्ण, राम (सीता) हनुमान्) गणेश, विष्णु, शिव देवीहरूका स्तुतिलाई लिन सकिन्छ । नैतिक चेतनाका उपप्रवृत्तिमा पारिवारिक अनुशासन र नारी उपदेश-लाई लिन सकिन्छ । कर्मवादी प्रवृत्तिमा कर्तव्यप्रति सजगता तथा स्वधर्मका परिपालनमा उत्प्रेरणा प्रदान गर्ने रचनाहरू देखिएका छन् ।

नेपाली कविताका प्रारम्भिक स्थितिहरू मुख्यतः यिनै ४ वटा बुँदामा आधारित छन्- १) वीरभावना २) भक्तिभावना ३) नैतिक भावना ४) कर्म-वादी भावना ।

यी मूल प्रवृत्तिका उपप्रवृत्तिलाई यसरी तालिकावद्ध गर्न सकिन्छ ।



प्रस्तुत तालिका यसै अध्यायको प्रारम्भदेखि गरिएका अध्ययनका आधारमा तयार पारिएको हो । लोकसाहित्यले उपर्युक्त चारै पक्षमा स्पर्श गरेको छ । सन्त साहित्यले भक्ति, नीति र कर्मवादी भावनामा सामीप्यभाव राखेको देखिन्छ ।

चौथो अध्याय

प्रस्तावित शोध क्षेत्रमा पर्ने प्रतिभाहरू व्यक्तित्व र कृतित्वको खोज

४.१ पूर्वाधार चर्चा

प्राग्भानुभक्तीय नेपाली काव्यको कालसीमा विस्तृत रहेको छ। यस सीमामा अनेकौं प्रतिभाहरू पल्लवित भएका छन्। नेपाली काव्यको उत्पत्ति प्रणयन विक्रमको पन्ध्रौं शताब्दीदेखि भएको हो भन्ने मतमतान्तर प्रस्ताव रूपमा आइरहेका छन्। यी प्रस्तावहरू विस्तृत प्रामाणिकताको अपेक्षा गर्दछन्। नेपाली भाषाको ऐतिहासिकता खोज्ने विद्वान्हरू विक्रमको एघारौं शताब्दी (शाके ९०३ वि. सं. १०३८) सम्म पुगिसकेका छन्। भाषाको उत्पत्ति साहित्यको उत्पत्तिमध्ये कुनचाहिं अगाडि होला भन्ने प्रश्न विचारणीय छ।

भाषाको उत्पत्ति भावको विनिमय गर्ने उद्देश्यले भएको हो। भाव भनेको व्यापक अनुभूतिको समुच्चय हो। भावमा अनेकन् विचारहरू रहन्छन्। विचारहरू खण्ड, खण्डांश र अल्पांशमा रहेका हुन्छन्। ती वैचारिक एकाइहरू अनुभूतिका रूपमा सलबलाउँछन्। अनुभूतिले अभिव्यक्तिको मार्ग खोज्दछ। अभि व्यक्तिको माध्यम नै भाषा हो। अनुभूतिलाई जलप्रवाहसँग तुलना गर्न सकिन्छ। जलप्रवाह केही समय एकत्रित हुन्छ, तर त्यसले निकास खोजिरहन्छ। निकास नपाएमा जलप्रवाहले वरिपरिका घेराहरूलाई भत्काएर मार्ग तय गर्न थाल्दछ। जलप्रवाहका मार्गहरू नै नदी, खोला, खोल्सा, कुलेसा र कुलाहरू मानिन्छन्। जललाई कसैले रोक्न सक्तैन, त्यो गतिमान् हुन्छ। त्यसलाई रोक्ता त्यो आफ्नो आधारलाई नै भत्काउँछ। त्यसै गरी मानव अनुभूति पनि जलप्रवाह झैं मानव मनमा उत्पन्न हुन्छ र त्यसले अभिव्यक्तिको मार्गको रूपमा भाषालाई अँगाल्दछ। भाषाका माध्यमबाट त्यो गतिशील हुन्छ। पानीलाई झैं त्यस

पनि थुनिरह्यो भने त्यसले पनि मानव चेतनालाई भत्काउँछ । मान्छेको विवेकलाई उधार्छ, चिथोर्छ र ध्वस्त बनाउँछ । मान्छेको सभ्यता, इतिहास र अतीतलाई धराशायी बनाउँछ । मान्छेलाई पशु श्रेणीमा पुऱ्याउँछ र मानव जातिकै सर्वसंहार गराउँछ । यिनै कुराहरूबाट बचाएर मान्छेलाई शिष्टता र सभ्यताका शिखरहरू चढाउन भाषाको आविष्कार भएको हो । जमिरहेका अनुभूति खण्डहरूलाई बाटो दिन नै भाषा जन्मिएको हो भनेर मान्दा अत्युक्ति हुने छैन ।

प्रत्येक जाति अलग अलग भौगोलिक अवस्थितिमा रहने हुँदा तिनीहरूले अभिव्यक्तिको मार्ग पनि अलग्गै निर्माण गरे । यदि तिनीहरू एउटै भूखण्डमा मात्र सीमित भएका भए तिनीहरूको भाषा पनि एउटै मात्र हुने थियो होला । भिन्न भिन्न स्थानमा मानवसमुदायको विकास भएको हुँदा तिनीहरूले भिन्न भिन्न भाषाको आविष्कार गर्दा यो संसारमा हजारौँ भाषाहरू जन्मेका हुन् । भाषाको सुदूर अतीततिर नियाल्दा के अनुमान गर्न सकिन्छ भने मानवजाति अभिव्यक्तिको अभावमा एकै दिन पनि बसेन । त्यसैले मानव उत्पत्तिको इतिहास र भाषा उत्पत्तिको इतिहास जुम्ल्याहा हुन् । जुम्ल्याहाहरूको पनि जेठो कान्छो छुट्याउने प्रचलन छ । त्यस सिद्धान्तअनुसार मानव उत्पत्तिको इतिहासलाई जेठो मान्नु आवश्यक देखिन्छ ।

नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा पनि उपर्युक्त उदाहरण विचारणीय रहेको छ । नेपाली भाषाको उत्पत्ति कसले गऱ्यो र यसको प्रयोजन के हो ? यस प्रश्नमा घोत्लिदा स्पष्टै अनुभव गर्न सकिन्छ– नेपाली भाषाको उत्पत्ति नेपाली जातिले गरेको हो र यसको प्रयोजन पनि नेपाली जातिका भावलाई विनिमय गर्नु हो ।

'नेपाल' सँगै नेपाली जातिको अस्तित्व मान्नु हो भने नेपाली जातिको उत्पत्ति पौराणिककालमै भइसकेको देखिन्छ । पौराणिक युगपछि प्रागैतिहासिक युग र ऐतिहासिक कालका भिर्मिरेमा समेत नेपाल अस्तित्ववान् देखिन्छ । नेपालको अस्तित्व सुदूर अतीतका गुफा कन्धरासम्म तन्किए पनि आजभोलि हामीले मानेको नेपाली जातिको अखण्डित इतिहास ईसाको प्रथम शताब्दीदेखि नै प्रारम्भ भएको मान्नुपर्दछ । यसभन्दा अघिको इतिहास आर्यजातिको समष्टिभित्रै आबद्ध थियो । आर्य जातिको मूल केन्द्रबाट यायावरीय समूह पृथक् हुँदै जाँदा नेपालको भूमिका घनीभूत भएर यस जातिको पृथक् अस्तित्व भएको हो । पृथक् अस्तित्व लिएपछि पनि नेपाली भाषाको स्वरूप संरचनामा केही शताब्दी व्यतीत भएको अनुमान गर्न सकिन्छ । जातिको अस्तित्व स्थापनापश्चात् भाषाको आविर्भावका लागि व्यतीत भएको केही शताब्दी जातीय अस्तित्वका अगाडि केही क्षण मात्र

हो । यस अनुमानअनुसार नेपाली भाषा प्रथम शतब्दीमै गर्भस्थ भइसके
द्वितीय शताब्दीमा आएर यसको जन्म भएको हो । जन्मँदाका अवस्थामा
कृशकाय, अस्थिपञ्जर, क्षीणमुखाकृति र अधमरो अवस्थामा प्रादुर्भाव भए
थियो । नवजात शिशुले झैं यसले उच्च रोदन क्षमता पाएको थिएन । मनुं
बाँच्नुको दोसाँधमा हुँदाहुँदै केही शताब्दीहरू गुज्रिए । प्रसवमूर्च्छनाबाट ब्यूं
जाँदा यसले लघु चेष्टाहरू प्राप्त गर्न थाल्यो । रोदन, बुभुक्षा र शीतोष्णता
अनुभवगम्य हुँदै गए । मातृ–स्नेह काम्य बन्यो । पयःसन्तुष्टि, जल पिपासा
अन्ननलिका अनुभूत बन्दै गए । यसरी बालक्रीडा र बालचेष्टामा बितेका सम
लाई शताब्दीहरूमा गणना गर्नुपर्दछ । भाषाका लागि यी शताब्दीहरू
होइनन् । यसै गर्दागर्दै एघारौं शताब्दी (विक्रमीय) मा पदार्पण गर्न
नेपाली भाषाले बल्ल तोतेबोली पाएको देखिन्छ । यसरी कोही बालक आ
उमेरअनुसार छिटै बोल्ने र ढिलो बोल्ने हुन्छन्, त्यसअनुसार बाल नेपाली भाषा
तोतेबोली पाउन केही विलम्बै गरेको हो । तोतेबोली बोल्ने भएपछि पनि स
वक्तृता प्राप्त गर्न नेपाली भाषाले शताब्दीहरू पचाएको छ । यिनै शताब्दीहरू
माझबाट केही रसिला र सुरिला झङ्कारहरू निस्कन थाले । यी झङ्कारहरू
प्रारम्भिक दिशामा नेपाली साहित्यका बीज हुन पुगे ।

अलिखित रूपमा शताब्दियौं बिताएका नेपाली साहित्य–बीज कति ह
र कति बिलाए, त्यसको निर्धारण भएको छैन । ऋग्वेदको 'अग्निमीडे' झैं नेपा
को प्रथम श्रुतिस्वर यही नै हो भन्न सकिंदैन । अनुसन्धानको यात्रामा हिंडिरहे
विद्वान्हरूको उत्साह हेर्दा रहरलाग्दो देखिन्छ । नेपाली लोकसाहित्यको सम
र ऐतिहासिकता देखेर विदेशी विद्वान्हरू पनि प्रभावित छन् । यसैले परम
मिश्र भन्दछन्– 'मेरो धारणा छ कि नेपाली लोकसंस्कृति पनि संसारको सर्व
संस्कृति हो ।'[१] नेपाली लोकसाहित्यको प्रशंसा गर्नेहरूमा देवेन्द्र सत्यार्थी, मे
ब्रूकनर्थ, क्या. सी. जी. मोरिसहरू समेत छन् ।[२]

संसारभरिकै भाषामा कथ्य रूपको विकाससँगै गीतिरूपको विकास
परम्परा नेपाली भाषामा पनि लागू हुन्छ । त्यसैले नेपाली भाषाको गीति
नेपाली जातिसँगै उदित भएको प्रतीत हुन्छ । विक्रमको एघारौं शताब्दीमा नेपा

---

१. सत्यमोहन जोशी, हाम्रो लोक संस्कृति, काठमाडौं, रत्नपुस्तक भण्डा
पृ. १६०, वि. सं. २०१४ ।

२. ऐजन, पृ. १६० ।

भाषाले लेख्य रूप लिइसकेको देखिए तापनि गीति रूपले लेख्य स्तरमा आइपुग्ने सचेतता प्राप्त गरेको थिएन । यसैले प्रयोगको लामो इतिवृत्त हुँदाहुँदै पनि नेपाली काव्यजगत् केही शताब्दीसम्म बाँझै रहन गएको देखियो । प्रथमतः शिक्षा र चेतनाको अभाव थियो भने अर्कातिर नेपाली भाषाले नेपाली जातिको समग्र अभिव्यक्ति क्षमता पनि आर्जन गरिसकेको थिएन । भाषाको काम बोल्नुसँग मात्र सीमित थियो, न त्यसको विकास गर्ने चेतना जागृत भएको थियो, न गीति उद्गारलाई लिपिबद्ध गर्ने सचेतता थियो । प्राथमिक अवस्थाको वाङ्मय स्थितिलाई हेर्दा असचेत किसानको चरित्र जस्तो देखिन्छ– आकाशबाट अविरल जलवर्षा भइरहेको छ, खोला नाला गडगडाएर आइरहेछन्, तर खेती गर्ने किसान चाहिं अल्छीलाग्दो पाराले घरैमा उँगेर बसिरहेको छ, बाढी गइसकेपछि खेतमा पुग्दा त ओभानो भइसकेको भने कैं । नेपाली गीति उद्गारहरू धेरै नै काल-कवलित भएर नाशिए कतिमा रूप परिवर्तन भयो, कति खिइए, कति दुब्लाए, कति त केही फांधिए पनि । नेपाली श्रुति साहित्य यिनै पृष्ठभूमिमा बाँधिदै आयो । नेपाली भाषाले पनि काव्य निर्माण गर्ने सशक्त, योग्यता र क्षमता विकसित गर्दै ल्यायो । यिनै पूर्वाधारबाट नेपाली काव्यको बीजाधान भयो ।

नेपाली काव्यको उद्बोधन प्रथमतः कहिले, कहाँ र कसबाट भयो भन्ने कुरा अनुसन्धेय नै छ । अहिलेसम्मको खोजीमा विक्रमको पन्ध्रौं शताब्दी एउटा प्रस्थान-बिन्दु मानिएको छ । पन्ध्रौं शताब्दी सम्बन्धी सामग्री के कति विश्वसनीय छन् र पन्ध्रौं शताब्दीलाई किन प्रस्थानबिन्दु मानिएको हो भन्ने कुरामा पूर्व अध्याय-हरूमा नै विस्तृत छलफल गरिएको छ । यति हुँदाहुँदै पनि कुन कुरा स्पष्ट भइसकेको छ भने नेपाली साहित्य पन्ध्रौं शताब्दीमा काव्यगत वाणीहरूले अवश्यं सिंगारिएको थियो । पन्ध्रौं शताब्दीमा रचिएका भनिएका सामग्रीहरू फेला परेका छन् । दुइ अलग रुचि र दुइ अलग दृष्टिकोण भएका अनुसन्धाताहरूले दुइ-वटा विशिष्ट सामग्री खोजी गरी प्रकाशित गरेका छन् । त्यति मात्र होइन, अर्का अनुसन्धाता समेत विक्रमको पन्ध्रौं शताब्दी पूर्वका काव्यांशहरू प्राप्त गर्न उद्यत रहेका छन् । प्राप्त सामग्रीहरू परीक्षणीय अवश्य नै छन्, तर ती सामग्री नै होइनन् भन्नुचाहिँ उपयुक्त देखिँदैन । प्राप्त सामग्रीको अस्तित्व स्वीकार गरी विशद अध्ययनबाट ती सामग्रीको ऐतिहासिकता सिद्ध गर्नु वाञ्छनीय देखिन्छ ।

नेपाली साहित्यमा अहिलेसम्म फेला पारिएका पुराना कवि लेखकहरूलाई यस प्रसङ्गमा उपस्थापित गर्ने प्रयत्न भएको छ । नेपाली साहित्यमा सर्वप्रथम देखिएको काव्य कुन हो र यसका कवि को हुन् भन्ने प्रश्नको चर्चा माथिका

प्रसङ्गहरूमा भइसकेको छ । उपर्युक्त चर्चाहरूकै क्रममा प्रस्तावित शोध क्षे
पर्ने कविहरूका व्यक्तित्व र कृतित्वको आलेखन गर्ने प्रयत्न गरिनेछ ।

४.२ विष्णुदास आचार्य र उनको कविता

नेपाली भाषामा लेखिएको सबैभन्दा पुरानो कविता विष्णुदास आचार्यको 'बडेराजा मलयबम्म' हो भनी बालकृष्ण पोखरेलले किटान गरेका छन् ।[३] विष्णुदास आचार्यको जन्म कहिले र कहाँ भएको थियो, यिनका पिता माता को थिए, यिनले के कति अध्ययन गरेका थिए र यिनको निधन कहिले भयो भन्ने कुरा प हुन सकेको छैन । प्रस्तोता बालकृष्ण पोखरेलले पनि यिनका विषयमा कुनै सूचना दिएका छैनन् । यिनले लेखेका ताम्रपत्र र वंशावलीबाट मात्र केही कुरा अनुमान गर्न सकिन्छ ।

विष्णुदास आचार्य मेदिनी वर्मा राउलाका सभास थिए । राजा मेदिनी वर्मा कर्णाली प्रदेशको रासकोटका अधिपति मानिन्छन् । मेदिनी वर्मले आफ्नो सभासद्मा तत्कालीन विद्वान्हरू र भारादारहरूलाई राखेका थिए । विष्णुदास आचार्य पनि विद्वान्का नाताले त्यस सभासद्मा परेका रहेछन् । मेदिनी वर्माको समय शाके १३१५ अनुसार वि. सं. १४५० तिर भएकोले विष्णुदास पनि सोही समयका हुन् । मेदिनी वर्माको सो समयको ताम्रपत्रका लेखक विष्णुदास आचार्य हुन् भन्ने कुरा सोही ताम्रपत्रले प्रमाणित गरेको छ ।[४] यस ताम्रपत्रको अध्ययनबाट विष्णुदास संस्कृत भाषाका ज्ञाता रहेछन् भन्ने थाहा हुन्छ । यस ताम्रपत्रमा वचनम्, मार्ग, रविवासरे, अत्र, साक्षिण, सूर्यचन्द्रमसो, भूमण्डल भन्ने संस्कृतका शब्दहरू परेका छन् । यिनै शब्दका आधारमा विष्णुदासलाई संस्कृतका ज्ञाता अनुमान गरिएको हो । यस अभिलेखको अभिप्राय मेदिनी वर्मा राउलाले जैसी, देवराज जैसी र झुसु जैसीलाई खेत दान दिएको व्यहोरा लेखिएको देखिन्छ । मेदिनी वर्माका शाखा सन्तानले खेत दान पाउने यी जैसीहरूलाई प्रसाद (प्रसन्न) गर्नु । यिनीहरूका शाखा सन्तानले ती खेतहरू भोग गरून् । यी खेतमा लाग्ने छत्तीसै करहरूबाट मुक्त गरिदिएको छ ।

यस अभिलेखमा प्रयोग भएको गम शब्द अत्यन्त महत्त्वपूर्ण छ । गम अधिकारी, कार्की, महतारा र रोकाहाप्रति भन्ने वाक्यले 'गम' लाई कुनै स्था

---

३. बालकृष्ण पोखरेल, गरिमा, पूर्णाङ्क ८४; पूर्ववत् ।

४. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृ. ५४ ।

विशेषको नाउँमा दर्ता गरेको छ। 'गम' गाउँ हो भनी पाँच सय वर्षमा पनि लेखिएको छ।[५] यसबाट के अनुमान गर्न सजिलो भएको छ भने 'गम' भनेको वर्तमान कर्णाली अञ्चलको मुगु जिल्लाको सदरमुकाम गमगढी नै प्राचीनकालमा 'गम' मात्र भनिन्थ्यो कि ? त्यसैले मेदिनी वर्मा राउलाको आधिपत्यभित्र सो 'गम' पनि पर्दथ्यो र सोही गाउँको खेत राजा मेदिनी वर्मालि दसु जैसी समेतका तीन जनालाई दान दिएछन्। सो दान दिइएको खेतलाई पक्का गर्न लिखत तयार पारिएको र सो लिखतका लेखक विष्णुदास आचार्य थिए भन्ने कुरा यस चर्चाबाट स्पष्ट भइसकेको छ।

अलिकति संस्कृतको ज्ञान नभई त्यस वेलाका ब्राह्मणहरू राजसभामा पुग्नु सम्भव थिएन, त्यसैले नै विष्णुदासले पनि केही संस्कृत पढेका र राजसभासद्भित्र परेका थिए कि भन्ने अनुमान हुन्छ। राजसभासद्मा नपरेका व्यक्ति वा सामान्य लेखनदास भए उनको नाम ताम्रपत्रमा पर्ने थिएन। ताम्रपत्रमा लेखिनु अगाडि त्यसलाई खेस्रा गरिन्छ र सोहीअनुसार ताम्रपत्रमा कपिन्छ। कपोट गर्नुको अभिप्राय हो– सो कुरा चिरस्थायी रहिरहोस् वा ननासियोस्। सोही उद्देश्य अनुरूप मेदिनी वर्मा राउलाको ताम्रपत्र फेला परेको हुँदा नै आज विष्णुदास आचार्यका विषयमा केही कुरा कोटघाउन सकिएको हो।

विष्णुदास आचार्य मेदिनी वर्मा राउलाका सभासद् वा उनका सभा पण्डित थिए। मेदिनी वर्माका सभासद्हरूमा पर्वतवर्म राउला, राजकुवर्म राउलासमेत रहेको अनुमान हुन्छ। यी राउलाहरूलाई सो खेत दान दिंदाको साक्षी बनाइएको छ। यिनीहरूमध्ये विद्याधर आचार्यको नाम पनि आएको हुँदा मेदिनी वर्माका राजकाजमा राउला र आचार्यहरूको वर्चस्व रहेको देखिन्छ। यस अभिलेखको अध्ययनबाट विष्णुदासका विषयमा अरू धेरै कुरा भन्न सकिंदैन। कर्णाली प्रदेश अन्तर्गतका बाइसी राज्यहरूमध्ये एउटा राज्यका रूपमा रहेको रसाकोट नै मेदिनी वर्माको राज्य हो। रसाकोटबाट रासकोटमा परिणत भएको यसै राज्यका पूर्वाधिकारी मलयवर्म्मको प्रशंसामा लेखिएको वंशावलीका केही अंश पनि विष्णुदास आचार्यले लेखेको हो भन्ने प्रस्तोता बालकृष्ण पोखरेलको उपस्थापन छ।

यी चर्चा परिचर्चा र अनुमानबाट के कुरा देखियो भने विष्णुदास आचार्यका दुइ वटा लिखत सामग्री फेला परेका छन्। ती सामग्री हुन्– १) मेदिनी वर्मा राउलाको ताम्रपत्र संवत् १४५० २) रासकोटी वंशावलीका केही अंश वि. सं.

---

५. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृ. ५५।

१४५० तिरै । यी रचनामध्ये पछिल्लामा कवितात्मकता छ भन्ने प्रस्तोताको दावी छ ।

रासकोटी राजाहरू नागवंशी हुन् । यिनीहरूको वंशावली 'अथ' बाट प्रारम्भ गरिएको छ । यसै वाक्यमा 'वंशावली लिख्यते' भनिएबाट लेख्ने मानिस संस्कृतका ज्ञाता रहेछन् भन्ने देखिन्छ । नागवंशीहरूलाई 'सवितरी शाखा' भनिए- बाट 'सूर्यवंशी' रहेछन् भन्न पनि सजिलो भयो । यी राजाहरूको वंशावली लेख्दै क्रममा 'जल पिङ्गलाका राजा टोटली मल्ल, टोटली मल्लका महाराजा बडेराजा मलयबम्म' भनी लेखिएको पाइयो ।[६] यसबाट मलयबम्म टोटली मल्लका छोरा रहेछन् भन्ने थाहा भयो । उतातिर नेपाली भाषाको सर्वप्राचीन कविता विष्णुदास आचार्य रचित 'बडेराजा मलयबम्म' का अनुसन्धाता बालकृष्ण पोखरेल भन्दछन्- "ज्ञातव्य के छ भने मेदिनी वर्मा मलयबम्मका आफ्नै पुत्र हुन् भन्न सकिन्छ। विष्णुदासले मलयबम्मको कीर्तिगान छोरा (मेदिनी वर्मा) को पालामा गा... अथवा बाबु (मलयबम्म) कै पालामा । यदि त्यो छोराका पालामा गाइएको भए पनि वि. सं. १४५० को उक्त ताम्रपत्रको समकालीन भने अवश्य हुन सक्छ ।"[७] यस उद्धरणबाट बडेराजा मलयबम्मका स्तुतिगायक विष्णुदास आचार्य बाबु र छोराका शासनकालसम्मै जीवित 'सभापण्डित' रहेछन् भन्न सकिन्छ। बा... छोराकै शासनावधिसम्म जीवित रहेका अनुमान गर्दा विष्णुदास आचार्य दीर्घजीवी प्रौढ कवि ठहरिन्छन् । मलयबम्मको प्रशंसामा लेखिएको कविता हेर्दा यिनी रसिक कवि, भावुक कवि र वीरत्व प्रशंसक देखिन्छन् ।

विष्णुदास आचार्य लिखित 'बडेराजा बलयवम्म' कविता लेख्ने उद्देश्यबाट लेखिएको रचना होइन । यिनको उद्देश्य कविता लेख्नु नभई वंशावली लेख्नु हो। वंशावली लेख्ता वंशको सर्वश्रेष्ठ व्यक्तित्वका बारे भावुक र कवितामय शैलीमा लेखिन्छ वा लेखाइन्छ । त्यसैले विष्णुदासले पनि आफ्नो कार्यलाई प्रभावकारी तुल्याउन वंशावलीका बीच बीचमा काव्योचित पदावलीको प्रयोग गरेका हुन्। यिनले वीरको प्रशंसा गर्ने उद्देश्यबाट यस काव्यांशको रचना गरेको देखिन्छ। अब उक्त कविताको संक्षिप्त समीक्षा हेरौं ।

'बडेराजा मलयबम्म' नामक कवितांशमा कविले आफ्ना नायकलाई एक शूर, वीर र पराक्रमी व्यक्तिका रूपमा प्रस्तुत गरेका छन् । काव्यनायक मलयबम्म

६. पूर्णप्रकाश नेपाल, सेती अञ्चल दिग्दर्शन, पूर्ववत्, पृ. ३१९ ।
७. बालकृष्ण पोखरेल, गरिमा, पूर्णाङ्क ८४, पूर्ववत्, पृ. १७ ।

आकाश, पाताल र धर्तीमा सबैभन्दा प्रबल वीर देखिन्छन् । यिनको (मलयबम्म) व्यक्तित्व प्रकाशमान छ, तेजोमय छ र देदीप्यमान छ । यिनले शस्त्रास्त्रहरू चम्काएका छन् । आफ्नो दरबार उजिल्याएका छन् । देश विदेशका शासक र राजाहरूलाई आफ्नो वशमा पारेका छन् । यिनको दिग्विजय र पराक्रम देखेर दिशाविदिशाका शासकहरू नतमस्तक छन् र यिनलाई अनेक सौगात र कोशेली पठाएर आधिपत्य स्वीकार गरेका छन् । भारत र चीनका महत्त्वपूर्ण भूभागहरू यिनका अधीनमा छन् । त्यति मात्रै होइन, बङ्गाल नारिउल देश (श्रीलङ्का ?) काशी समेत यिनले मारिसके अर्थात् जितेर आफ्नो अधीनमा पारे । देश भित्रका दाङ, डोटी, गढ्वाल, गुगुचे, कुमाउँ, सल्यान, बफाङ इत्यादि प्रदेश-लाई यिनले जितिसकेका छन् । मलयबम्मले नेपाल काठमाडौंमा आई पशुपतिमा गुर्जा चढाएको समेत वर्णन गरिएको छ ।

प्रस्तुत कवितांशलाई हेर्दा कविले राजालाई खुशी पार्न राजाका भए नभए-का वीरता र पराक्रमको उल्लेख गरेका छन् । यस कविताका आधारमा सत्यासत्य छुट्याउनु हो भने लेखिएका कुराहरूमध्ये धेरैजसो अतिशयोक्तिपूर्ण छन् । एउटा सानो भूखण्डका अधिपतिले गर्न नसक्ने कुराहरू सम्पादन गरिएको देखाइनुले यी कवि स्वयं अतिरञ्जित कल्पनालोकमा विचरण गरिरहेका छन् भन्ने देखिन्छ । कविले देखेका र सुनेका प्रदेशहरू सबै नै मलयबम्मले आफ्नो अधीनमा पारे भन्नु-को तात्पर्य हो मलयबम्मलाई खुशी तुल्याउनु । मलयबम्मभित्र महत्त्वाकांक्षा जगाइदिनु र राज्य विस्तारका लागि सुन्याउनु । कविको व्यक्तिगत उद्देश्य अरू आफूलाई राजाश्रयी बनाउनु र राजाको नजीक पुऱ्याउनु पनि हुनसक्छ । यस कवितामा वर्णित विषयवस्तुको भौगोलिक परिधि निकै व्यापक छ । त्यस परिधि-को सीमाङ्कन गर्दा विष्णुदासको भौगोलिक ज्ञानको विस्तृति व्यापक देखिन्छ । उनले नाउँ लिएका बुझिने ठाउँहरू यस प्रकार छन्– खाडाचक्र, मनसूर (मैसूर) हरिद्वार, अलकनन्दा (नदी), भागीरथी (गङ्गा), दिल्ली, जोधपुर, चीन, बङ्गाल, नारिउल देश (नरिबल प्रशस्त हुने देश श्रीलङ्का ?) काशी, सिउकान, लिगलिगकोट, नेपाल काठमाडौं, दाङ, भिरङ्गी तुगल, मुगल, डोटीराज, गढ्वाल, सिरतु, गुगुचे, कुमाउँ, सेराली, छत्यानी, सल्यानी, बफाङ्गी, पोखर आलम, जैनाथी, बूढीगङ्गा, दूल्लू, नाभिस्थान, मरहठ्ठ, लामाथाडा इत्यादि ।

यस कवितामा खाडाचक्रलाई केन्द्रबिन्दु मानिएको छ । मलयबम्मले खाडा-चक्र दरबारलाई प्रथमतः उज्यालो पारे । उनले आकाश पाताल सबैतिर आफ्नो खड्गलाई चम्काए । आफ्नै देशमा मनसुर र हरिद्वार ल्याए । अलकानन्दा, भागी-रथी (गङ्गा) मा पुगेर खड्ग पखाले । उनले दिल्लीको राजसिंहासनमा डेढ दिन

बसेर हुकुम चलाए भने जोधपुरमा पुगी राजालाई मारी राजकुमारलाई राजतिलक दिए। यिनले बदरीनारायण र हरिद्वारमा पुगी हरिको दर्शन पनि गरे। राज्यका सुबल र बुडानका सातसय बुढौलीहरूलाई मारेर तिनीहरूका शस्त्र प्राप्त गरे। चीन पुगेर चीनैलाई मारे। दक्षिण पट्टि गएर बङ्गाल मारे। मलयबम्मले नारिउल देश (नरिबल प्रशस्त हुने देश श्रीलङ्का ?), काशी, सिउकान (सुन प्रशस्त हुने ठाउँ, सम्भवतः लङ्का ? 'लङ्कामा सुन छ कान मेरो बुच्चै' सामीप्य) जिते। सिउकानबाट सुन आयो। यी राजाले लिगलिगकोटमा सङ्कट पाए। नेपाल काठमाडौं आएर पशुपतिमा गुर्जा (सुन चाँदीको प्रकारको लहरो वा सानो गदा, विभिन्न राजचिह्नमध्ये एक)[८] चढाए। फलवा मा बास बसे। आशा-गुर्जा आएपछि मलयबम्मको विश्राम भयो। यिनले लाई जिते, भिरङ्गी, तुगल, मुगल, डोटी, गढुवाल, सिरत, गुगुचे समेत आफ्नो अधीनस्थ बनाई चारै दिशाका राजाहरूलाई बोलाए। यिनको आधि स्वीकारेर कुमाउँका राजाले नरिवल ल्याए। डोटीका राजाले चोइला काठ आदिबाट निर्मित वस्तु वा कलाकृति) ल्याए। सेरालीका राजाले चढाए। छत्याली राजाले छतरी (छाता) ल्याए। सल्यानी राजाले (घोडा) चढाए। बफाङ्गी राजाले बाना (सैनिकले कम्मरमा फुण्डचाउने धार हुने एक किसिमको शस्त्र)[९] चढाए। पोखर आलम (दैलेकको गाउँ) राजाले सिक (रसिलो खाद्य पदार्थ) चढाए। दाङका राजाले डाडु (सुवर्ण रजत निर्मित डाडु) अर्पित गरे। वैजनाथी राजाले भात पकाउने (ताउली) ल्याए। भाडभारादारले लाबालस्कर भई भोजनको व्यवस्था राजा मलयबम्मले आफ्नो विजययात्रा अगाडि बढाउँदै लगेर बूढी गङ्गामा खड्गलाई प्रकाशित गरे अर्थात् पखाले। मलयबम्मले खाडाचक्रमा राजधानी गरे। आफ्नो राज्यको सीमाना बन्दिलो तुल्याए। खच्चरमा लादेर ल्याए। फलामका भाँडाकुँडा ल्याए। दुल्लुका कर्मचारीहरूले हात्ती र खच्चर दिएपछि उत्सव मनाउँदै अढाइ वर्षसम्म पूजा भयो। नाभिस्थान (गुम्बा) पुगेर दीयो बाले। (महाराष्ट्र) मरहठ्ठाबाट मरीच ल्याइयो। घोडासैन पनि मरीचै ल्याइयो। धेरै खेलेर (आमोद प्रमोद गरेर) तरल (तेल) लामाथाडा (पुरानो शहर) मा पुगेर अष्टमी (महाअष्टमी) आई यसरी

---

८. सूर्यविक्रम ज्ञवाली (सं.), नेपाली संक्षिप्त शब्दकोश, पूर्ववत्, पृ.

९. सूर्यविक्रम ज्ञवाली, नेपाली संक्षिप्त शब्दकोश, पूर्ववत्, पृ. ५३३।

भा राजा मलयबम्म पुनः खाडाचक्रमा आई (पुगी) राजतिलक प्राप्त गरे अर्थात् उनलाई राजसिंहासन दिइयो ।

कवितामा रहेको कथात्मकतालाई हेर्दा मलयबम्मले आफ्नो राज्याभिषेक हुनुभन्दा अगाडि नै उपर्युक्त स्थानहरूमा भ्रमण गरेका थिए कि भन्ने लाग्दछ । ती स्थानहरूमा भ्रमण गर्दा त्यहाँका राजाहरूले उनको सम्मान गरी केही उपहार पनि दिएको हुनु धेरै सम्भव छ । कविताको प्रारम्भमा पनि खाडाचक्र दरबारलाई उज्यालो पारे भनिएको र अन्त्यमा 'खाडाचक्र दरबारलाई राजतिलक भया' भनिएको हुँदा उनले आफ्नो शौर्य र वीरता प्रदर्शन गर्न युवराज हुँदै ती स्थानको भ्रमण गरेर आफ्नो ज्ञानलाई विस्तृत गरेका हुन् भन्न सकिन्छ । भौगोलिक ज्ञान र अन्य राज्यको शक्ति निरीक्षण गर्नु कुशल राजाका लक्षण हुन् । यसैले मलयबम्म पनि आफ्नो स्थितिलाई नियाल्दै अनेकौं मुलुकहरू चहारी ती ती राज्यहरूको अवस्था बुझ्न प्रयत्नशील दूरदर्शी राजा हुन पुगेका हुन् । भावी राजाका लागि यस्ता लक्षणहरू सुहाउँदिला पनि हुन् भन्न सकिन्छ । पृथ्वीनारायण शाहले पनि युवराज हुँदै काठमाडौं अधित्यकालाई हेरेर मनमा एउटा सङ्कल्प कोरेका थिए भन्ने कुरा नेपाली इतिहासविद्हरूले उल्लेख गरेका छन् ।

प्रस्तुत कवितामा प्रयुक्त कतिपय शब्दहरू अर्थिनबाट जोगिएका छन्, तापनि वरपरको सन्दर्भ मिलाएर हेर्दा केही अनुमान गर्न सकिन्छ । यस कवितामा प्रयुक्त 'मनसूर' शब्द मानसरोवरवाचक नभई मैसूरवाचक हुनुपर्दछ, किनभने कविले त्यस प्रसङ्गमा हरिद्वार, अलकनन्दा, भागीरथी आदि भारततर्फका स्थान र तीर्थहरूको उल्लेख गरेका छन् ।

यस रचनालाई कविताको रूप दिने बालकृष्ण पोखरेलको प्रयत्न महत्त्वपूर्ण घटना हो । यसलाई केवल गद्यकै रूपमा मात्र ऐतिहासिक सामग्रीका थुप्रामा यन्क्याइएको भए ;एउटा महत्त्वपूर्ण कविताको रसास्वादनबाट वञ्चित हुन सक्ने अवस्थाको अन्त्य भएको छ । यस रचनालाई उद्देश्यमूलक रूपमा कविता लेखिएको हो भन्न नसकिए तापनि अहिले प्राप्त कवितात्मक लयलाई निषेध गर्न पनि सकिँदैन । कवितामा हुनुपर्ने लयाभास यस रचनामा पनि पाउन सकिन्छ । कवितामा वर्णनको चपलता छ । शब्दहरू अनुप्रासमय झङ्कृतिको अनुगुञ्जन दिन्छन् । यस काव्यांशमा कवितात्मकता नभएको हुँदै होइन, किनभने वंशावली लेखकले यस्तो सरस शैलीमा वंशावली लेख्तैनन् । मलयबम्मको वर्णन गर्नु अघि वंशावली लेख्ता 'थामका अर्जुन, अर्जुनका विष्णुका पाराजित, पाराजितका खरती मल्ल...' जस्तो शैलीमा प्रस्तुत गरेको पाइनु लगत्तै मलयबम्मको वर्णन गर्दा चाहिं– 'जन राजा मलयबम्मले, आकाश खांडो प्रकाश्या, पाताल खांडो प्रकाश्या,

प्रथम राजा बडे राजा मलयबम्मले, खाडाचक्र दरिवार उजुलाया' जस्ता र विशेषणयुक्त पदावलीको प्रयोग देख्ता वंशावलीको प्रस्तुतिमा ठूलो अन्तर आएको देखिन्छ। फेरि कविता नलेखी कुनै राजाको गद्यमा मात्र गरिएको भए कविता शैलीका विशेष पङ्क्तिको पुनरुक्ति पनि गरिँदैन होला। त्यसै गरी कवितामा पाइने लय, अनुप्रास, अलङ्कार, व्यञ्जना त्यहाँ नपाइनुपर्ने हो। एकोहोरो वर्णन मात्र गर्नुपर्नेमा कविताको विशेष पदावलीलाई पुनरुक्ति गरिएको हुँदा अनुसन्धाता बालकृष्ण पोखरे प्रस्तुति कुनै हालतमा पनि भावुकतापूर्ण र अर्थहीन छैन। यस कवितामा ठाउँमा 'तबै राजा मलयबम्मको महाराजी मै छ' भन्ने कवितात्मक पद 'टेक' का रूपमा दोहोरिएको देख्ता विस्मित हुनुपर्दछ। यसै आधारमा कवितालाई आठवटा स्टचान्जा (खण्ड कथन) मा विभक्त गर्न सकिन्छ। कवि का यी आठ खण्ड कथनहरूले मलयबम्मलाई नै मूल नायक बनाई उनको गुण वा शौर्यवर्णन गरेका छन्। कविताका मूल नायक मलयबम्ममा स्वदेश अनुराग रहेको कुरा 'मनसुर लाया देशमै हरिद्वार लाया' बाट स्पष्ट हु उनको वीरता कविताका प्रत्येक शब्दले उद्‌घोष गरेका छन्। कवि भन्छन्-

आकाश खाँडो प्रकाश्या, पाताल खाँडो प्रकाश्या
दिल्लीका सिंहासन डेढ दिन गादी बैठी हुकुम फिराया

त्यस्तै-

सातसय सुजौली मारी सातसय बुढौली मारी
सुजौली बुडौलीका लम्बै पहाडका
अढाल ढाल रूपौला पाया

अर्कातिर कवि भन्दछन्-

चीन देश जाया चीन मान्या
दक्खिन देश जाया बङ्गाल मान्या

कविको वर्णनशैली हेर्दा के लाग्दछ भने मलयबम्मलाई कुनै देश भनेको चुट्‌की बजाउनु मात्र हो। उनले चुट्‌की बजाए कि त्यो देश सर उत्साह स्थायी भाव भएको यस कवितामा वीररस घनीभूत छ। वर्णित बम्म एउटा सम्राटजस्ता देखिन्छन्। पौराणिक कालमा राम, युधिष्ठिर अश्वमेध र राजसूय यज्ञबाट आफूलाई सम्राट बनाउन चाहने राजाहरूको लाई मलयबम्ममा प्रत्यारोपित गरिएको छ। मलयबम्म विजित क्षेत्रबाट मात्रामा उपहार प्राप्त गरी ती राज्यहरूलाई आधिपत्य स्वीकार्न लगाउँ

यस प्रस्तुतिले मलयबम्मको चरित्रलाई धीरोदात्त नायकको कोटीमा पुऱ्याएको छ । मलयबम्म वीरता र शूरताका मात्र प्रतीक होइनन्, यिनी त धार्मिक आस्थाका पनि प्रतिमूर्ति हुन् । उनी पशुपतिमा आई शिवपूजन गर्दछन् भने बौद्ध-विहारमा गई दीप प्रज्वलन गर्दछन् । भाइभारादार लावालस्कर (सेना) लाई भोग र भोजन गर्ने अवसर दिन्छन् । आफ्नो राज्यको सिमाना बलियो बनाउँछन् । कतैतिर पनि नझुकी आफ्नो स्वाभिमानलाई उत्कर्षता प्रदान गर्दछन् । मलयबम्म सामान्य राजा होइनन्, त्यसैले कवि उनलाई विशेषण लगाउँछन् 'बडेराजा' ।

कविताको शिल्प पक्ष उच्च किसिमको छ । कविता गतिशील र कौतूहल तत्त्वले भरिएको छ ।

प्रस्तुत कविताका कविको नाउँका विषयमा केही कुरा विचारणीय देखिन्छन् । प्रस्तोता बालकृष्ण पोखरेलले 'बडेराजा मलयबम्म' का कवि विष्णु-दास आचार्य हुन् भनेर किटान गरेका छन् । सो कुरालाई प्रमाणित गर्न मूल सामग्रीको अवलोकन गर्नु आवश्यक भयो । रासकोटी राजाहरूको वंशावली प्रस्तुतिको शैलीमा परिवर्तन आएको र मलयबम्मको वर्णन भएको अंशचाहिँ कुनै काव्यात्मक प्रतिभा भएका कविले लेखेका हुन् भन्ने कुरामा शङ्का नगर्दा पनि हुन्छ । तर सो अंश कवि विष्णुदास आचार्यले नै लेखेका हुन् भन्नचाहिँ प्राप्त सामग्रीले साथ दिँदैन, किनभने मलयबम्मको वर्णनान्तमा लेखिएको छ– 'विष्णु पथ अत्रीगोत्र त्रिणि प्रवर नागवंशी नरसिंह अवतार प्रकाश्या जेठो राजा सन्याल माफ सिकन्दरको दूलाल प्रतापीबम्मको विशाल रामशाहीको कल्याल, छौतुरी मुगालीको रौत्याल, भोजपौल मल्लको तिलुखानी मेधनीबम्मको म्याकुरो जमु-राजा बझाङ्गीको जलडो, छङ्याली चन्द्रमाको आठबीस्या, साइमलेको सेलीपा-डेतिखु राजाका पिथुबाडा भया । जनराजा मलयबम्मले राजा भोज पौडिमल्ल शाहीले मालको बन्जाड काप्या पर्वतको घाम साध्या तेरो होला सेरो होला फेरो होला' ।[१०] यस अंशसम्म एउटै व्यक्तिले लेखेको अनुमान हुन्छ । यस उद्धरणमा लेखिएको 'विष्णुपथ' भन्ने नामलाई नै प्रस्तोताले 'विष्णुदास' मा परिणत गरेका छन् । उनको तर्क के छ भने 'मलयबम्मको कीर्ति गाइसकेपछि उनले छोटकरीमा आफ्नो नाम 'विष्णुपद' राखेका छन् । कविले भावुक भएर आफ्नो विष्णुदासलाई 'विष्णुपद' भनी व्यञ्जित गरेको प्रस्टिन्छ, किनभने जो सही अर्थमा विष्णुको दास हो त्यसलाई विष्णुको पद (चरण) को सेवक पनि भन्नु सम्भव छ ।[११] यस

१०. पूर्णप्रकाश नेपाल, सेती अञ्चल दिग्दर्शन, पूर्ववत्, पृ. ३२०–२१ ।
११. बालकृष्ण पोखरेल, गरिमा, पूर्ववत्, पृ. १७ ।

उपस्थापनामा के कुरो विचारणीय छ भने जुन कविले त्यत्रो कविता लेख्यो त्यसले आफ्नो नाम कसरी सांकेतिक रूपमा लेख्यो भन्नु । मूल वंशावलीमा 'विष्णुपथ' लेखिएको छ, जसलाई प्रस्तोताले 'विष्णुपद' मा परिवर्तित गरेका छन्। विष्णुपथ र विष्णुपदमा अर्थको ठूलो अन्तर देखिन्छ । विष्णुपथले विष्णुको पथ (मार्ग) लाई अनुसरण गर्ने भन्ने जनाउँछ । विष्णुलाई मान्ने वैष्णव संप्रदायी सांकेतिक रूपमा विष्णुपथ हुन सक्तछन् । त्यसैले यस कवितामा उल्लिखित विष्णुपथको अभिप्राय विष्णुलाई मूल आराध्य देव मान्ने वैष्णव संप्रदायप्रति आस्थावान् कवि भन्ने बुझिन्छ । यस अनुसारको अर्थलाई अनुमोदन गर्नु हो भने कविले आफ्नो नाम गुप्त राख्न चाहेका देखिन्छन् । हो, ती कवि अत्री गोत्र भएका र तीन प्रवर भएका थिए कि भन्न सकिन्छ । अर्कातिर नागवंशी बम्मह पनि अत्री गोत्रका तीन प्रवर भएका थिए भन्नका लागि सो विशेषण लगाइएको थियो कि भन्ने अनुमान पनि गर्न सकिन्छ । त्यस्तै ती बम्म वा मलयबम्म विष्णु पथ अर्थात् वैष्णव धर्मावलम्बी थिए भन्नलाई माथिको वाक्य लेखिएको हुनु पनि धेरै सम्भव छ । यदि विष्णुपथ नै कविको नाम भए सो नाम कविताको अन्त्यमा मात्र लेखिन्थ्यो । यिनै विष्णुदास आचार्य भनिएका लेखकले मेदिनी वर्मा राउलाको ताम्रपत्र लेख्दा आफ्नो नाम सबैभन्दा पुछारमा लेखेका छन् ।[१२] यस कवितांशमा पनि उनले आफ्नो नाम अन्त्यमा लेख्नुपर्ने हुँदा कतै विष्णुपथ (विष्णुपद) भनिएका विष्णुदास संयोजित कवि पो हुन् कि भन्ने शङ्का प्रबल हुन्छ । यदि यसो हो भने वंशावलीमा लेखिएका 'विष्णुपथ' पनि बम्म बंशावलीकै विशेषण हो कि भन्ने आधार तयार हुन्छ । यस तर्कलाई आधार मानेर अर्थ गर्दा वैष्णव धर्मावलम्बी, अत्री गोत्र भएका, तीन प्रवर भएका, नागवंशी, नरसिंह अवतारसदृश यो बम्म वंशलाई प्रकाशित गरे । यसै अर्थलाई मान्यता दिने हो भने 'बडेराव मलयबम्म' का कवि अज्ञात हुन पुग्दछन् । यस कवितालाई विष्णुदास आचार्यले लेखेका हुन् भन्न बालकृष्ण पोखे्रललाई दुइ महत्त्वपूर्ण कुराले साथ दिएका छन्। प्रथमतः वि. सं. १४५० तिरका मेदिनी वर्मा राउलाका ताम्रपत्रका लेखक विष्णुदास आचार्य हुनु[१३] र सोही कालावधिका छेउछाउका मलयबम्मका शौर्य वर्णनमा विष्णुपथको नाम उल्लेख भएको पाइनु । दोस्रो कुरा विष्णुपथ पछि अत्री गोत्र र तीन प्रवरको उल्लेख भएको देख्ता पोखे्रल थर भएका प्रस्तोतालाई विष्णुदासको नाउँ ल्याउन वा व्युत्पत्ति गर्न सुगम भएको हो । यस क्रममा एउटा

१२. बालकृष्ण पोखे्रल (सं.); पाँच सय वर्ष, पूर्ववत्, पृ. ५४ ।

१३. बाकृष्ण पोखे्रल; पाँच सय वर्ष, पूर्ववत्, पृ. ५४ ।

नमिल्दो कुरा के देखिन्छ भने आचार्य थर भएका ब्राह्मणहरूको गोत्र अत्री नभई कौडिन्य हुन्छ । त्यसैले विष्णुदासलाई आचार्य गराउँदा अत्री गोत्रले बाधा उत्पन्न गराउँछ । यदि यी विष्णुदास आचार्य नै भए यिनले आफ्नो गोत्र लेख्ता अत्री नलेखी कौडिन्य लेख्तथे । यिनले अत्री लेखेको देख्ता यो गोत्र कविता रचयिताको नभई बम्महरूको पो हो कि भन्ने तर्कलाई पुष्टि मिल्दछ । यस कुरालाई पुष्टि गर्ने अर्को आधार के देखिन्छ भने 'विष्णुपथ' शब्द बम्महरूकै वर्णन क्रममा आएको छ अर्थात् बीचैमा सो शब्द फुल्किएको देखिन्छ । यो परिचय कविको हो भन्ने विष्णुदासको थर आचार्य नभई पोखे्रल हो । प्रस्तोता बालकृष्णले विष्णुदासलाई पोखे्रल नलेखी आचार्य लेख्नुको अभिप्राय स्पष्ट छैन । आफ्नै थर भएको कविलाई नेपाली भाषाको सर्वप्रथम काव्यस्रष्टा मान्दा आफूलाई कुनै अवगाल पर्ने हो कि भनेर उनको अनुसन्धाता कलमलाई डर लागेको हो भन्ने शङ्का गर्नु मनासिब नदेखिए तापनि कलम लरबराएको देख्ता आश्चर्य मात्र मन लाग्दछ ।

यस कविताको रचनाकाल निर्धारण गर्दा पनि प्रस्तोता बालकृष्ण पोखे्रलले वि. सं. १४५० को मेदिनी वर्मा राउलाकै ताम्रपत्रलाई आधार मानेको देखिन्छ । मेदिनी वर्मा राउला मलयबम्मका छोरा हुन् । विष्णुदास आचार्य बाबु मलयबम्म र छोरा मेदिनी वर्माका समयावधिसम्म जीवितै थिए भन्ने अनुमान प्रस्तोताबाट भएको छ । यो सम्भावनालाई नकार्न सकिँदैन । यत्ति हो बाबु मलयबम्मका पालामा विष्णुदास युवक थिए र छोरा मेदिनी वर्माका पालामा प्रौढावस्थामा पुगेका हुँदा हुन् । विष्णुदासले यो रचना छोरा मेदिनी वर्माकै पालामा लेखेका र राजाश्रय पाउनका निमित्त उनले मेदिनी वर्मालाई उनका बाबुको प्रशंसा गरेका हुन सक्तछन् । प्रस्तोताको स्पष्ट दावी छ वि. सं. १४५० सम्म विष्णुदास आचार्य जीवित थिए । प्रस्तोताबाट विष्णुपथलाई विष्णुपद बनाउँदा एउटा अक्षरमा अन्तर पारिएको र सोही अक्षरका आधारमा विष्णुदास नाम व्युत्पत्ति गरिएको देख्ता प्रस्तोतालाई तथ्यले भन्दा भावुकताले बढी प्रभावित गरेको देखिन्छ । यस्तो महत्त्वपूर्ण कुरामा तथ्यलाई आच्छाद्य पार्न सक्ने भावुकता वर्जनीय हुने भएकोले विष्णुदास आचार्यको नाम काल्पनिकताका जालमा अल्झिएको देखिन्छ । अर्कातिर वि. सं. १८८९ तिर र वि. सं. १९१० पूर्व लालहीराको कथा लेख्ने लेखकहरूको नाम पनि 'विष्णुदास' नै उल्लेख भएको देखिँदा एउटा ठूलो प्रश्नचिह्न खडा भएको छ । कतै वि. सं. १४५० तिरका भनिएका विष्णुदास आचार्य यिनै 'लालहीराको कथा' लेख्नेहरूमध्ये त परेनन् ? यदि यसो हो भने नेपाली भाषाको सर्वप्रथम कविता विष्णुदास आचार्य लिखित 'बडेराजा मलय-

बम्म' प्रारम्भकालिक कविता नभई माध्यमिक कालको कविता ठहरिन पुग्दछ। यस कुरामा व्यापक उपपत्तिको आवश्यकता छ।

विष्णुदास आचार्य रचित बडेराजा मलयबम्मका विषयमा अहिलेसम्म डा. दयाराम श्रेष्ठको टिप्पणी मात्र प्राप्त छ। यस सामग्रीका सम्बन्धमा उनको टिप्पणी के छ भने यसमा खाराचक्रको तत्कालीन भाषिकाको प्रभाव भएको हुँदा यस्ता खाडाप्रकाश हुड्केद्वारा गरिने कुनै राजवंश वा राजाको प्रशस्ति वा स्तुति भएको हुँदा यो तथ्यपूर्ण हुँदैन। 'बडेराजा मलयबम्म' मा पनि यस्तै तथ्यहीन अतिशयोक्तिको भरमार छ।[१४] अर्कातिर सो कवितामा प्रयुक्त 'काठमाडौं' शब्दका आधारमा पनि पुरानो भन्न हच्कनुपर्ने स्थिति डा. श्रेष्ठले अनुभव गरेका छन्।[१५] यस कवितालाई नेपाली साहित्यको सर्वप्राचीन प्राक्कल्पनीय (हाइपोथेटिक) कविता मान्नुपर्दछ भन्ने डा. श्रेष्ठको निष्कर्ष देखिन्छ।

'बडेराजा मलयबम्म' का रचयिता, रचनाकाल र तथ्यगत कुरामा प्रशस्त टीका टिप्पणी गर्ने ठाउँ छ, तर सो रचनालाई कविता नै होइन भन्ने ठाउँचाहिँ छैन। सो कवितामा कतिसम्म सत्य वा कतिसम्म असत्य वा अतिशयोक्ति छ भन्ने कुराचाहिँ परीक्षणीय नै छ। यहाँ प्राक्कल्पनीय निष्कर्षलाई नै आधार मानी प्रथम कविताका रूपमा चर्चा गरिएको हो।

४.३ पृथ्वीनारायण शाह र उनको कविता

प्राग्भानुभक्तीय नेपाली काव्यका स्रष्टा पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ मा गोरखामा भएको हो। यिनका पिताको नाम नरभूपाल शाह हो। वि. सं. १७९९ मा आफ्ना पिताको निधन भएपछि यिनी गोरखाका राजा भए। राजा हुनु अघि नै यिनका मनमा नेपाल एकीकरण गर्ने महत्वाकाङ्क्षा जागृत भएको थियो। त्यसैले राजसिंहासनमा बसेको लगत्तै पछि यिनले नुवाकोटमा आक्रमण गरिहाले। त्यस पछि निरन्तर युद्ध गर्दा गर्दै यिनले वि. सं. १८२६ मा काठमाडौं अधित्यकालाई आफ्नो कब्जामा लिए। नेपाल एकीकरण गर्ने यिनको धोको पूरा नभए पनि प्रमुख स्थान जितेर यिनले नेपाल एकीकरणको जग मजबुत बनाए। गोरखा जस्तो एउटा साधारण चौबीसे राज्यका राजा भएर पनि यिनले तत्कालीन युगको भावनालाई मूर्त रूप दिने महान् सङ्कल्पलाई साकार तुल्याए।

---

१४. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. १०८।

१५. ऐजन, पृ. १०८।

वर्तमान नेपालको आकार निर्धारण वि. सं. १८७२ सालमा मात्र भएको हो। यस अवधिमा नेपालको सिमाना खुम्चिने र फैलिने गरिरह्यो। जे भए पनि पृथ्वीनारायण शाह नै नवनेपालका निर्माता हुन् भन्ने कुरामा कुनै शङ्का छैन। पृथ्वीनारायण शाहले पाल्पा र काशीका राजकुमारीसँग विवाह गरेका थिए। यिनी बीर पराक्रमी उत्साही र कुशल योद्धा थिए। यिनले नुवाकोट, बेलकोट, हिलेगाउँ, नगरकोट, दहचोक, कीर्तिपुर, शिवपुरी (सिउपुरी) गढी, काभ्रेपलाञ्चोक, चौकोट, धुलीखेल, मकवानपुर, सिन्धुली, तिमाल हरिहरपुर, खड्पू, पनौती, बनेपा, साँगा, चिहानडाँडा, (लमजुङ्ग) काठमाडौं, पाटन, भादगाउँ, तनहूँ, किहुन, भीरकोट, सतौं, ढोर, चौदण्डी, कावा, चिसंखु, दिग्ला, विजयपुर, इलामजस्ता महत्त्वपूर्ण स्थानहरूमा आक्रमण गरी नेपालको सीमाना विस्तार गरे। कतिपय ठाउँमा यिनले लडाइँ नगरी नै ती राज्यहरू पाए भने कतिपय ठाउँमा ठूलो मुकाविला गर्नुपर्‍यो। पटक पटक लडाइँ गरेर पनि यिनले कतिपय ठाउँहरूलाई सर गरे। वि सं. १८३१ साल माघ १ गतेका दिन महान् राजा पृथ्वीनारायण शाहको निधन भयो। यिनका शेषपछि यिनका छोरा प्रताप सिंह शाह नेपाल अधिराज्यको राजा भए। पृथ्वीनारायण शाह महान् लडाकु दूरदर्शी र असाधारण प्रतिभाशाली बीर थिए। वर्तमान नेपाल भएका ठाउँमा ससाना राज्यहरू थिए। यी राज्यहरू आपसमा झगडा गरिरहन्थे। यस्तो स्थितिमा विदेशीहरूबाट आक्रमण हुने सम्भावना थियो। त्यस सम्भावनालाई बुझेर नै पृथ्वीनारायण शाहले छरिएका यी राज्यहरूलाई एकत्रित पार्नु अत्यावश्यक ठाने। यो काम निकै कठिन थियो, तर पनि बीर पुरुषका लागि असम्भवचाहिँ थिएन। उनको प्रयत्नबाट नेपाल एकीकरण भयो र आजको अवस्थामा आइपुग्यो। त्यसैले उनलाई नवनेपालका निर्माता मानिएको हो। पृथ्वीनारायण शाहको जीवनावधि लगभग बाउन्न वर्षको रहेको देखिन्छ। उनले राजा भएर केवल ३२ वर्ष शासन गरे। यस अवधिमा उनी एकै वर्ष पनि चूप लागेर बसेनन्। निरन्तर लड़ाइँ गर्दै गए र आफ्नो सपनालाई साकार तुल्याउँदै लगे। यी महान् वीरको कर्ममय व्यक्तित्वले नेपाली जनमानसलाई युग युगसम्म अभिप्रेरित गरिरहनेछ। झन् उनकै समकालीन बुद्धिजीवीहरू र युगसंवाहकहरूलाई त ठूलै संबल प्राप्त भएको थियो।

पृथ्वीनारायण शाह एकातिर महान् राजा थिए भने अर्कातिर स्वयं एक दूरदर्शी चिन्तक साहित्यकार थिए। यिनले आफ्नो शासकीय प्रयोजनका लागि अनेकौं चिठीपत्रहरू लेखेका थिए भने अर्कातिर आफ्ना दृष्टिकोणलाई 'दिव्योपदेश' मा संग्रह गरेका थिए। यिनका चिठीपत्र तत्कालीन नेपाली भाषाका प्रयोजनपरक

नमूना बनेका छन् भने 'दिव्योपदेश' (१८३१) नेपाली गद्य साहित्यको अनु प्राप्ति मानिएको छ। 'दिव्योपदेश'ले पृथ्वीनारायण शाहको साहित्यिक व्यक्तित्व लाई मुखरित गरेको छ। यसमा रहेका वाक्य, पदावली, उपमा, दृष्टान्त सरसताले पृथ्वीनारायण शाहको विशिष्टतालाई प्रमाणित गर्दछन्। पृथ्वीनारायण शाह एक विशिष्ट गद्य प्रणेता हुन्। अर्कातिर उनका भजनशैलीका कविताहरू उनलाई कविका श्रेणीमा उभ्याएका छन्।

पृथ्वीनारायण शाह लिखित दुइ वटा कविताहरू प्राप्त छन्। ती कविता हिन्दी भाषाको आधिक्य भए पनि केही खण्डकथन (स्टचान्जा) हरूमा नेपाली भाषाको समेत उपस्थिति पाइन्छ। पहिलो कविता 'फिरङ्गानते फिरङ्गी' हो। यसको खोजी दिनेशराज पन्तले गरेका हुन्।

यो कविता वि. सं. १८३१ पूर्व नै रचिएको अनुमान गरिएको छ। कवितामा व्यक्त भाव हेर्दा पृथ्वीनारायण शाह नेपालको परिचय दिएर आफू चिनाउन लागेका छन्। हिन्दीबाट शुरू गरिएको यस कवितामा तीन वटा खण्ड कथनहरू छन्। पहिलो खण्डकथनदेखि नै आफूलाई पृथ्वीनारायण शाहको नाम हो भन्ने परिचय दिएको पाइन्छ। दोस्रो खण्डकथनमा पनि विदेशी सेना आगमनको वर्णन गर्दै लडाइँको संकेत दिइएको छ। यस अंशमा 'गोरेको विना घोडी नहीं आषीर् मर्दो मरना हैं' लाई हेर्दा अंग्रेजलाई ज्यानको लगाएर भए पनि नधपाई हुँदैन, एक पटक मर्नैपर्ने हुनाले मृत्युसँग नडराऊ आशय व्यक्त भएको छ। यस खण्डकथनमा तोप, चल्यो, पऱ्यो, बिना जस्ता नेपाली शब्दहरू प्रयोग भएका छन्। निध्याएर हेर्ने हो भने अर्थ प्रतीति समेत हुन यस खण्डकथनमा वीरता र शूरताको उद्बोधन हुन्छ। यस कविताको खण्डकथनमा नेपाली भाषामा नै केही पंक्तिहरू उनिएका छन्–

फिरंगानते फिरं लर्न लाग्यो उलका जर्न लाग्यो
आँधी सर्न लाग्यो विजुली चमकन लाग्यो

यस बाहेक 'टोपी गीर्न लाग्यो', 'प्रेतात्मा कार्न लाग्यो', 'कवायत लाग्यो' जस्ता साना साना वाक्यहरू यस कविताभित्र प्रयोग भएका हुँदा पृथ्वी नारायण शाह नेपाली भाषाका सफल प्रयोक्ता सिद्ध भएका छन्।

यस कवितामा पृथ्वीनारायण शाहको नाम पारिएको र युद्धका सम्बन्ध को वर्णन गरिएको हुँदा कविको चरित्रसँग साम्यता भएको छ। आफ्ना नरभूपाल शाहप्रति सम्मान दर्शाउन पनि कवि पछि परेका छैनन्। विदेशी विस्तारवादी शक्तिसँग सम्झौता नगरी तिनीहरूका विरुद्धमा आ

सशक्त रूपले उभ्याउने वीर पृथ्वीनारायण शाहको स्वाभिमानी व्यक्तित्व यस कवितामा मुखरित भएको छ । यस कवितामा पृथ्वीनारायण शाह कवि र काव्य-नायक दुवै भएका छन् । उनले आफ्नो प्रशंसामा केही लेखेका छैनन्, तर युगीन सन्देशचाहिँ आफ्ना प्रजाजनलाई दिएका छन् । यिनका रचनामा हिन्दी र नेपाली भाषाको संमिश्रण छ । कविताको शैली दोहाजस्तो छ । यति हुँदाहुँदै पनि कवितामा नेपाली राष्ट्रियता र वीरताको उद्घोष छ । फिरंगीलाई हटाउनुपर्ने चेतनाको शङ्खघोष गरिएको छ । मर्नु परे मरौंला, एक दिन मर्नैपर्ने जीवन हो भन्ने सङ्कल्प छ । यी आगन्तुकहरू लड्न लागे, उल्कै गर्न लागे, अघि सर्न लागे र विजुली झैं चम्कन लागे भनेर तिनीहरूको उपस्थितिको वर्णन काव्यात्मक ढङ्गमा गरिएको छ । युद्धमा मारिएका मानिसका कङ्कालहरू चारैतिर उफ्रन लागे । मानिसका टोपीहरू गिर्न लागे । प्रेतात्मा टुक्रिन लागे 'इत्यादि भावलाई कविले यस कवितामा व्यक्त गरेका छन् ।

काव्यात्मक सचेतता र भाषिक सचेततामन्दा भावाधिक्यबाट प्रभावित भएर यो कविता लेखिएको हो । यसमा हिन्दी, भोजपुरीका शब्दहरू छन् । कविता बीच बीचमा खण्डित छ ।

पृथ्वीनारायण शाहको दोस्रो कविता 'बावा नरभूपाल साहकि दुहाई' हो । यसका अन्वेषक हुन्– व्रतराज आचार्य । यस कवितामा पृथ्वीनारायण शाहको आत्मानुभूति व्यक्त भएको छ । कविताको प्रारम्भ हेर्दा बाल कविताजस्तो लाग्दछ 'आज मेरा सपनामा येक चंद देख्यां, हात्तिका चाल लसक् ३ घोडाका चाल बुरूक् ३ । यो कविता वि. सं. १८३१ साल पूर्व लेखिएको मानिएको छ ।

यस कवितामा हिन्दीको मिश्रण भए पनि न्यून छ । केही पंक्तिहरू अगिल्लै कविता (फिरंगानते फिरंगी) सँग मिल्न पुगेका छन् । दुवै कवितामा भावको साम्यता पाइने हुनाले एउटै कविताका दुइ वटा अलग् अलग् प्रतिलिपि फेला परेका हुन् कि भन्न सकिन्छ । 'बाबा नरभूपाल साहकि दुहाई' मा विषयगत एकाइलाई चिरफार गर्नु हो भने पहिलो विषय देखिन्छ सपनामा चन्द्रमा, हात्ती र घोडा देखेको घटना । त्यसपछि फिरंगी प्रसङ्ग (पूर्व कविताकै भाव) र जगदम्बिका भगवतीको स्तुति । जगदम्बिका भगवतीलाई स्तुति गर्दै उनको कृपा भएमा कसैलाई कुनै किसिमको डर हुने छैन भन्ने भाव प्रकट भएको छ ।

पृथ्वीनारायण शाह लिखित यी दुवै काव्यकृति हेर्दा अघिल्लोमा नेपालमा बाह्य आक्रमणको सम्भावना वर्णित छ भने दोस्रोमा विषयको केही विस्तार

गरिएको छ । दुवै कवितामा भाषाको मिश्रण र केही वाक्यहरूको समान देख्ता के कुरा स्पष्ट भएको छ भने यो एउटै व्यक्तिले लेखेको एउटै कविता हो अनुसन्धाताहरूले अलग अलग समयमा अलग अलग व्यक्तिबाट यो कविता पारेको हुँदा भिन्न रूप दिएका हुन् । कविताको स्थायी रस वीर नै हो । 'फि गानते फिरङ्गी' लाई अघिल्लो अंश र 'बाबा नरभूपाल साहकि दुहाई' पछिल्लो अंशमा राख्ता उपयुक्त हुन्छ । लेखन शैली हेर्दा अघिल्लोभन्दा पछि केही सरस छ साथै पछिल्लामा विषयको विविधता पनि छ ।

पृथ्वीनारायण शाहका उपर्युक्त कविताका सन्दर्भमा अनुसन्धाता डा. द राम श्रेष्ठको विचार के छ भने रचना शैली, भाषिक स्वरूप, विषयवस्तु हेर्दा यी दुवै रचना एउटै कविता हुन् । 'पृथ्वीनारायण नाम मेरा हैं' वाक्यांशले यो रचनाका कवि पृथ्वीनारायण शाह हुन् भन्ने ठहरिने भए ता भविष्यमा विमर्श र मीमांसा हुने अपेक्षा राखी हाललाई प्राक्कल्पनाका राख्ने निष्कर्षमा पुगेका छन् डा. दयाराम श्रेष्ठ ।[१६]

पृथ्वीनारायण शाह नेपाली साहित्यका स्रष्टा हुन् भन्ने कुरामा छैन । यिनलाई नेपाली साहित्यको इतिहासमा उपेक्षा गरियो भने एउटा त्रुटि हुन्छ । यिनले आफ्नो युगलाई नै प्रभावित पाएका थिए । यिनी एक शौर्य र वीरताका प्रतीक थिए भने अर्कातिर चिन्तनशील प्रतिभा पनि यिनको भौतिक जीवनी आफैं रोमाञ्चकारी काव्यजस्तो थियो भने यिनको अनुभवबाट खारिएको ओजस्वी वाग्धाराजस्तो थियो । यिनी राष्ट्रवादी यिनी स्वदेशी प्रजाजनका उन्नतिका लागि चिन्तित थिए भने विस्तारवादी शासकहरूका कुदृष्टिबाट अत्यन्त सतर्क थिए । ती विधर्मीहरूका पञ्जाबाट लाई जोगाउने उनको सङ्कल्प थियो । तिनीहरूसँग नझुक्ने स्वाभिमानी लिएर पृथ्वीनारायण शाहले सम्पूर्ण नेपाललाई आन्दोलित तुल्याएका नेपालका प्रत्येक हृदय र योद्धाहरूलाई उनले नेपाल एकीकरणको महत्त्व सकेका थिए भने एकीकरण हुन नसकेमा विधर्मीहरूको कुदृष्टि पर्न सक्ने परिणामबारे जानकारी गराउन सफल भएका थिए । पृथ्वीनारायण शाह एक युद्ध थिए । उनी युद्धका सेनापति र युद्धको औचित्य स्थापना गर्न र अद्वितीय चिन्तक पनि थिए । उनका चिन्तनस्वर बोकेर उनका कविता, उपदेश नेपाली घर-आँगनमा पुगेका थिए । उनका यिनै स्वरहरूबाट

१६. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. १०६ ।

भएर नै नेपाली योद्धाहरूले आफ्नो प्राणको आहुति दिएको हुनाले पृथ्वीनारायण शाहको रचनाधर्मिता उद्देश्यमूलक देखिन्छ। उनले निरर्थक निरुद्देश्य कुनै रचना लेखेका थिएनन्। उनको सबैभन्दा ठूलो सपना नेपाल एकीकरण गर्नु थियो। यस सपनालाई साकार तुल्याउन उनले प्रत्येक सम्भव उपायहरू अवलम्बन गरेका थिए। नेपाल एकीकरणको आवश्यकता र औचित्य स्थापना वैचारिक चिन्तनको पहिलो खुड्किलो थियो, त्यसै गरी योद्धाहरूलाई युद्धमा सम्मिलित गराउन सक्नु त्यति नै अप्ठ्यारो थियो। युद्धका निमित्त चाहिने शस्त्रास्त्र संकलन गर्नु, सैनिकहरूलाई रसद पानीको व्यवस्था मिलाउनु र आक्रमणको उपयुक्त स्थिति तय गर्नुजस्ता प्रत्येक चुनौतीपूर्ण क्षणहरूमा विचलित नभइकन पृथ्वीनाराण शाहले नेपाल एकीकरणको महान् यज्ञ संचालन गरेका थिए। दुर्गम र विकट पहाडी भूभाग हिंडेर आक्रमणस्थलमा पुग्नु र लडाइँ संचालन गर्नु अत्यन्त विस्मयकारी कुरा हुन्। यी सबै असम्भव कुराहरू पृथ्वीनारायण शाहले सम्भव तुल्याए। उनले आफ्नो विजय यात्रालाई कहिल्यै स्थगित राखेनन्।

पृथ्वीनारायण शाहको कविलाई नियाल्दा उनको प्रमुख वृत्ति वीरता नै देखिन्छ। वीर पृथ्वीनारायणले कवि पृथ्वीनारायणलाई प्रभावित तुल्याएको थियो। जीवनको अत्यधिक भाग उनी वीर भए, केही क्षण वा क्षणांशमा कवि। कवि पृथ्वीनारायणको भावुक हृदयलाई देशभक्त र पराक्रमशील पृथ्वीनारायणले सामल दिए। तिनै सामग्री सम्बल बटुलेर पृथ्वीनारायण कवि भए। पृथ्वीनारायण-भित्रको कविलाई वीरताका अतिरिक्त आध्यात्मिकता र ईश्वरीय चेतनाले समेत सामग्री प्रदान गरेका छन्। त्यसैले यिनी गोरखनाथको भजन गर्दछन् र जगदम्बिका भगवती देवीका आराधाना गरेर आत्मबल प्राप्त गर्दछन्। पृथ्वी-नारायण शाह कुनै एक देवदेवीका भक्त नभई सबै देवदेवीप्रति समान आस्था भएका व्यक्ति थिए। त्यसैले उनले शिव, देवी, गोरखनाथ आदिको स्तुति गरेका छन्। यति हुँदाहुँदै पनि पृथ्वीनारायण शाहलाई आध्यात्मिक कवि भन्नुचाहिं उपयुक्त हुँदैन। उनी वीर हुन्, उनको चरित्र वीरको छ, उनको धर्मावलम्बी वीरहरू आफू जतिसुकै बलियो भए तापनि आफ्नो पौरुषमा कहिल्यै घमण्ड गर्दैनन्। उनीहरू आफूभित्र रहेको शौर्यलाई संयमित रूपले उपयोग गर्दछन् र ईश्वरीय अवदानको रूपमा लिन्छन्। यो नेपाली वीरहरूको शाश्वत चरित्र र विश्वासको अभिव्यक्ति हो। पृथ्वीनारायण शाह पनि यिनै वीर परम्पराका योद्धा हुन्। त्यसैले उनको चरित्र र लेखनमा यी कुराहरू समीकृत भएका छन्।

४.४ सुवानन्ददास र उनको कविता

नेपाली कविताका प्रारम्भविन्दु मानिएका सुवानन्ददास उनीभन्दा पुराना कविहरूको अस्तित्व फेला परेको हुँदा साहिँला हुन पुगेका छन् । यिनीभन्दा अगाडि विष्णुदास र पृथ्वीनारायण शाह जन्मिसकेका छन् । सुवानन्ददासको जन्म र व्यक्तित्वका सम्बन्धमा आधिकारिक जानकारी प्राप्त छैन । अनुमानतः यिनी पृथ्वीनारायण शाहका आश्रित कवि थिए । यिनले लेखेको 'पृथ्वीनारायण वर्णन' बाट यिनका बारेमा केही अनुमान गर्न सकिन्छ । सो कविताअनुसार यिनी ललितपुरनिवासी नेवार थिए । यिनको आर्थिक अवस्था कमजोर थियो। सम्भवतः यिनी पृथ्वीनारायण शाहसँगै वाराणसी गएका र पृथ्वीनारायणले त्यहाँ गरेका धार्मिक कृत्यको प्रत्यक्ष द्रष्टा बनेका थिए । यिनको पेशा के थियो र पृथ्वीनारायण शाहका दृष्टिमा यिनको स्थान कस्तो थियो भन्ने कुरा थाहा हुन सकेको छैन । यिनलाई भाषाशास्त्री महानन्द सापकोटाले नुवाकोट अथवा गोर्खा-तिरका निवासी मानेका छन् भने कमलमणि दीक्षितले नुगाका निवासी । दीक्षितकै मतलाई अगाडि राखेर बाबुराम आचार्यले यिनलाई धनकुटाको मुगा पुऱ्याएका छन् । तारा!प्रसाद जोशी यिनलाई भाट अर्थात् प्रशस्तिवाचक मात्र ठान्दछन् । यिनको कविता योगी नरहरिनाथ र जनकलाल शर्माले कास्कीको कालिका स्थानका पुजारीका घरबाट फेला पारेर ल्याएका हुन् । सो रचना सर्वप्रथम 'इतिहास प्रकाश' मा छपाइएको छ । इतिहास प्रकाशको उक्त रचनालाई चित्त-रञ्जन नेपाली र कमलमणि दीक्षितले कविताको रूप दिई नेपाली साहित्यमा प्रस्तुत गरिदिए । यस प्रस्तुतिबाट अनुसन्धाताहरूको ध्यान आकृष्ट भयो । सुवा-नन्ददासलाई नेपाली साहित्यका प्रथम कवि मानियो ।

सुवानन्ददासले लेखेको 'पृथ्वीनारायण' भन्ने कविताबाहेक अर्को रचना फेला परेको छैन । यस कवितामा पृथ्वीनारायण शाहको काशी यात्रा र नेपाल एकी-करणका प्रमुख घटनाहरू समाविष्ट गरिएको छ । कतिपय पंक्तिहरू खण्डित छन् भने कतिपय पद र पदावली अर्थगम्य हुन सकेका छैनन् । कविताका अन्त्यमा 'है' शब्द आएको छ, जसलाई कसैले हिन्दीको 'है' र कसैले नेपाली निपातको 'है' भनेका छन् । कविताको भाषा र प्रस्तुति हेर्दा 'है' को सम्बन्ध हिन्दीको क्रियापद-सँग भन्दा नेपालीकै निपातसँग नजीक रहेको देखिन्छ । गद्य कविताजस्तो लाग्ने यस कवितालाई कवित्त शैलीको रचना मान्नुपर्दछ । कतिपय अन्वेषकहरूले नेपाली साहित्यको प्रथम गद्यकविता पनि भनेका छन्, तर यो कुरा सत्यको निकट छैन । यो एक प्रकारको कवित्त वा सवाइ हो । यसलाई नेपाली दोहा भनेमा त्यति अत्युक्ति नहोला ?

पृथ्वीनारायण शाहको धार्मिक कृत्य र एकीकरणका कार्यलाई यस कविताले आफ्नो वर्ण्य विषय बनाएको छ। कविताका मूल नायक पृथ्वीनारायण शाह हुन्, उनैको सेरोफेरोमा यो कविता अगाडि बढेको छ। पृथ्वीनारायण शाह काशी पुगेको, काशीमा पुग्दा कौन आदमी आयो भनी प्रश्न गरेको र त्यसको उत्तरमा प्रतापी राजा पृथ्वीनारायण भनी जवाफ दिएको कुरा उल्लेख गरिएको छ। पृथ्वीनारायण शाहले गङ्गाजीमा डुबुल्की लगाई मणिकर्णिका घाटमा स्नान गरेको, विश्वनाथमा जल अर्पण गरेको र कुशको आसनमा बसी पिण्ड दान गरेको कुरा वर्णनका क्रममा आएको छ। पिण्डदानका साथमा पितृतर्पण गरेको र हात्ती दान गरेको समेत उल्लेख छ। पृथ्वीनारायण शाहले काशीका त्रिपुण्डक लगाएका ब्राह्मणहरूलाई भोजन गराए जुन भोजन अत्यन्त स्वादिष्ट थियो। यहाँ पृथ्वीनारायण शाहले भगवान् विश्वेश्वरलाई प्रसन्न तुल्याउन शतरुद्री पनि गरे र सो यज्ञका अन्त्यमा हवनादि कार्य समाप्त गरी गजदान गरेको देखिदा शतरुद्री नै त्यसको प्रमुख लक्ष्य रहेको अनुमान हुन्छ। यहाँसम्म एउटा प्रसङ्ग छ भने त्यसपछि कविताले अर्कै प्रसङ्ग समातेको छ।

कवि सुवानन्ददास कालु पाँडे भन्ने मन्त्रीलाई बोलाउने प्रकरणलाई जोड्दै अन्य भाइभारादारहरूलाई समेत आमन्त्रण गरिएको चर्चा गर्दछन्। अन्य भाइ भारदारहरूलाई आ-आफ्ना साजवाजसमेत उठाई युद्धका निमित्त तम्तयार रहन आह्वान गर्दछन्। विभिन्न रूप धारण गरी राजाका निमित्त सुन लुटेर ल्याउन अह्राउँछन्। युद्ध गर्नु नै क्षत्रियको कर्म हो, तसर्थ आफ्नो कर्म गरी पापबाट मुक्त होऊ भनी योद्धाहरूलाई सुन्याउँछन्।

'टेकु नगरकि ढोका छेकु' मा अनुप्रास छ भने सामरिक निर्देशन पनि। टेकुको (काठमाडौंको प्रवेशद्वार) ढोका छेकी पशुपतिको पूजा गरेर मात्र प्रसाद (पाती) लाउँला भनिएको हुँदा सामरिक सचेततालाई भक्तिको जलप लगाइएको प्रतीत हुन्छ। यसपछि क्रमशः सुनाखानी, तनहूँ, पाल्पा, कास्की, पर्वत, प्यूठान, स्वयम्भू क्षेत्र, पाशुपत क्षेत्र, वाग्मती, गोकर्ण, गुह्येश्वरी, विष्णुमती, चौदण्डी, हेटौंडा, पाटन, दूधकोशी, नुवाकोट, देवघाट आदि स्थानको नाम लिइएको छ। यी स्थानका विशेषतालाई दर्शाउने सांकेतिक कुराको वर्णन समेत हुँदा कविका ज्ञानको सीमालाई सीमित भन्न सकिदैन। कविमा एकातिर भौगोलिक ज्ञानको विस्तार छ भने अर्कातिर ती स्थानका विशिष्टताबारे जानकारी छ। उनमा ज्ञानको प्रस्तुति गर्ने सीप र दक्षता छ।

कविता वीररसले परिपूर्ण छ भने अवान्तर रसमा भक्ति पनि देखाएको छ। पृथ्वीनारायण शाह जीवित छँदै यो कृति रचिएको अनुमान भएकोले नेपाली

साहित्यको इतिहासमा सर्वप्राचीन कवि हुने श्रेय सुवानन्ददासलाई जान्छ'[17] ... उपस्थापनमा केही परिवर्तन भए तापनि यिनलाई प्राग्भानुभक्तीय युगका महत्त्वपूर्ण कविका रूपमा स्वीकारिएको छ। यिनका विषयमा 'बुइँगल' मा ... दीक्षितले, 'प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति' मा केशवप्रसाद उपाध्यायले, 'वीरकालीन कविता' मा डा. दयाराम श्रेष्ठले, 'नेपाली साहित्यको इतिहास' मा डा. तारानाथ शर्माले, 'सुवानन्ददासदेखि राजीवलोचनसम्म' मा गणेशबहादुर प्रसाईंले अनुसन्धानात्मक र विश्लेषणात्मक जानकारी दिएका छन्। फुटकर लेखनमा यिनका विषयमा भएको परिचर्चा पनि प्रशस्तै छ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा सुवानन्ददास उल्लेख्य प्रतिभा हुन्। यिनको एक मात्र कविता नेपाली राष्ट्रियता र नेपाली वीरताको उद्घोषक मूल्यवान् उपलब्धि हो। कविता लेख्ने कुनै उद्देश्य वा योजना नभए तापनि यिनबाट जुन रचना नेपाली साहित्यले पाएको छ, त्यो तत्कालीन युग र परिवेशलाई प्रस्तुत गर्न समर्थ देखिन्छ। सुवानन्ददासको रचना सर्वप्रथम इतिहास प्रकाश (२०१२) मा प्रकाशित भएको हो। यो कविता पढ्दा खाँडो जगाउने परम्पराको संकना हुन्छ। सुवानन्ददासका नाउमा पनि केही तर्क वितर्क देखिन्छन्। उनको नाम सुवानन्ददास हो कि भन्ने प्रश्न पनि विचारणीय छ। पृथ्वीनारायण शाहका शासनकालमा सुब्बा दर्जा पाएका भए यी कविको नाम चलेको हुन... किनभने त्यस वेला सामान्य मान्छेले सुब्बाजस्तो उच्च दर्जा पाउन सक्दैनथ्यो ... हुन सक्छ यिनको नाम सुवानन्ददास नभई शुभानन्ददास पो हो कि ?

यिनका विषयमा उब्जाइएका यी रमाइला प्रश्नहरूतिर हेर्दा के ताप... भने सुवानन्ददासको नाम नै त्रुटिपूर्ण पो छ कि ? यस कवितामा सम्भावित ... नामहरू कविका मानिएका छन्। तिनमा पहिलो हो गजानी, दोस्रो हो सुवानन्द दास। कवितामा नामको प्रस्तुति यसरी भएको छ– 'नाम रह्या गजानि धरम् तपेर तराभरले ते।' यो एउटा पङ्क्ति हो। अर्को प्रस्तुति छ "ठ... वस्त्रा नांहि राजैभक्ति कृति जाति लाउने सुवानन्ददास हैं।'

पहिलो प्रस्तुति हेर्दा 'नाम रह्या गजानि' भनिएकोले नाम नै किटि... मानी प्रस्तुत कविताका कवि गजानि हुन् भन्न कुनै समस्या पर्दैन। अरु ... धर्मको कुरा समेत गरेका छन्। धर्मसम्बन्धी शब्दहरू प्रतिलिपिकर्ताले बिगारेको हुँदा एउटा महत्वपूर्ण सूचनाबाट वञ्चित हुनुपरेको छ। त्यसै गरी दोस्रो प्रस्तुति

१७. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. १६।

'राजभक्ति जाति लाउने सुवानन्ददास हूँ' बाट कविको नाम सुवानन्ददास हो कि भन्ने धारणा अगाडि आएको हुनाले धेरैका मनमा कविको नाम सुवानन्ददास नै हो भन्ने लागेको देखिन्छ ।

यी दुवै प्रस्तुति हेर्दा कविको परिचयांशको मनन गर्नु वाञ्छनीय छ । यस कविताको अन्त्यमा रहेका आठ पङ्क्तिलाई कविको परिचय मानिएको हुँदा तिनै आठ पङ्क्तिमा घोरिनु उपयुक्त हुन्छ ।

यी आठ पङ्क्तिमध्ये पहिलो पङ्क्तिमा 'आफू ती नेवाऱ्या जाति' भनिएको-लाई सुवानन्ददास नेवार रहेछन् भन्ने अर्थ गरिएको छ । त्यसै गरी 'बोल्छ त ललितपुरी' भनिएकोलाई उनी (सुवानन्द) ललितपुरनिवासी थिए भनेर किटिएको छ । 'आफू ता मजसुकुट तंरो ता बलियो मुटु नाम रह्या गजानि' सम्मलाई मेरो हृदय कमजोर छ, हे गजानि तिम्रो हृदय बलियो भएकाले राजालाई मेरो विन्ती सुनाइदेऊ है भन्ने अर्थ गरी सुवानन्ददासलाई कमजोर मानसिकता भएको कविको रूपमा व्याख्या गरिने गरिएको छ । यो कुरा स्वाभाविक पनि हो– कविहरू भावुक हुन्छन् र सायद केही भीरू पनि होलान् । तर कुनै राजपुरुषकै अगाडि जानै नसक्ने राजालाई देख्नेबित्तिकै लुगलुग काम्ने र अवसर पाउँदा आफ्नो विन्तिपत्रै दिन नसक्ने हुन्छन् भन्नचाहिँ सकिदैन । अझ सुवानन्ददासजस्ता वीर भावनाका सशक्त विचारहरूले आफ्नो हृदयलाई अलंकृत गर्ने कविले आफ्ना काव्य-नायकलाई आफ्नो दिव्य रचना सुनाउने आँट गरेनन् भन्नु सुवानन्ददासप्रति अन्याय हुन जान्छ ।

प्रस्तुत अध्ययनको ध्यान सुवानन्द आँटी थिए कि थिएनन् भन्नुभन्दा पनि उनको वास्तविक परिचय के हो भन्नेतिर एकोहोऱ्याउनु उपयुक्त हुन्छ । यसैले परिचयांश भनिएका पङ्क्तिहरू (आठैवटा) सुवानन्ददासका मात्र नभई गजानिका समेत हुन् कि भन्ने प्राक्कल्पना गरिएको छ । यस दृष्टिले हेर्दा परिचयांशका पूर्वार्धका चारवटा पङ्क्तिहरू गजानिका र उत्तरार्धका चारवटा पङ्क्तिहरू सुवा-नन्ददासका हुन् । पूर्वार्धका चारवटा पङ्क्तिमा जुन जुन विशेषण देखिन्छन्, तिनलाई गजानिका मान्नुपर्दछ र उत्तरार्धका चार पङ्क्तिका विशेषणहरू सुवानन्द-दासका हुन् ।

वि. सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका सर गरे । पृथ्वीनारायण काठमाडौं राज्यको राजगद्दीमा बस्ता आश्विन १३ गते भएको थियो । त्यसपछि सोही वर्ष (१८२५) का सोही महीनाको २४ गतेका दिन पाटने प्रधानले पाटन राजधानी समर्पण गरे । एकै वर्षको एकै महीनामा

काठमाडौं र पाटन जितेपछि पृथ्वीनारायण शाहले आफूले जिते
सुसञ्चालन गर्न ठाउँ ठाउँका विश्वासिला भारदारलाई आफ्नो
पाटने प्रधानहरूका भारदार गजानिलाई पनि साथ लिएको हु
गजानिका वर्णन कविले गरेका हुन् । हुन सक्छ पाटन हात लगाउन
भारदारको सबैभन्दा महत्त्वपूर्ण योगदान रहेको होस् । यस कुरालाई
बनाएर कविताको अर्थ गर्दा यथार्थ कुरा स्पष्ट हुन आउँछ । यस्तो
निम्नलिखित बुँदाहरू निष्कर्षका रूपमा आउँछन्–

१) ती (गजानि नाम गरेका) मानिस नेवार जातका हुन्,
भाषा बोल्दछन् । २) उनको घर ललितपुरमा छ, ३) तिनको (
बलियो छ, ४) तिनको नाम गजानि हो, ५) डगर बगर र सारा
यिनका नेतृत्वमा योद्धाहरू तैनाथ छन्. ६) यिनले नेपालको सीमाना
पुऱ्याइदिए ।

आफू ता मजमुकुटे र 'धरमत परेतरा भरले तें' जस्ता पदाव
अर्थ निस्कँदैन । प्रतिलिपिकारले यी शब्दको अशुद्ध उतार गरेको
आफ्ना लागि सुवानन्ददासले 'आफू ती नेवाऱ्या जाति' अवश्य
उत्तरार्धका सुवानन्ददासका परिचयांशलाई पनि यस्तै बुँदाहरूमा
सकिन्छ–

१. नुगामा सन्ताप सहें अर्थात् दुःख पाएँ,
२. जीउको म एक्लो छु अर्थात् परिवार छैनन् अथवा म आफ्ना
   एक मात्र सन्तान हुँ,
३. धनको दुब्लो अर्थात् आर्थिक अवस्था कमजोर छ,
४. खानलाई भोजनको व्यवस्था छैन,
५. काम गरौं भने दाहिने हात छैन (अथवा दाहिनो मान्छे छैन सहें
६. जीविकोपार्जनको भरपर्दो साधन (कर्म) छैन।
७. जाडामा लगाउने कपडा छैनन्,
८. राजभक्ति नै एक मात्र साधन भएकोले राजाको भक्ति गर्दै यो कृति
   गाउने सुवानन्ददास हो ।

उपर्युक्त अर्थ गर्दा यी कुराहरू खण्डित हुन्छन्– १) सुवानन्द
पुरका नेवार हुन् २) गजानि मार्फत् उनले पृथ्वीनारायणको प्रशस्ति
थिए ।

सुवानन्ददास अथवा सुब्बा नन्ददास नै यस कविताका रचयिता

न् भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । तर यी ललितपुरका नेवार हुन् भन्न सकिँदैन ।

प्रथमतः अन्य मुलुक वा राज्यका अधीनमा आफूलाई सुम्पनुपर्दा कुनै पनि मानी नागरिकले विजेताको तात्तातै गुणगान गर्न सक्तैन । यदि सुवानन्द- ललितपुरनिवासी नागरिक हुँदा हुन् त उनले आफ्नो मुलुक हत्याउने राजा- 'कृष्णका अउतारी' भनेर विशिष्ट पदावलीमा प्रशंसा गर्ने थिएनन् । अझ भावुक कवि नै थिए । दोस्रो कुरा उपत्यकामा त्यस वेला नेपाली भाषाले बोलचालको रूप लिए तापनि नेवारी भाषाकै प्राबल्य थियो । अझ एक नेवारका लागि त नेपाली भाषा दुर्बोध्य नै हुन सक्छ । पढे लेखेका नेवार- नेपाली भाषा बुझ्दथे र बोल्दथे पनि होला, तर नेपालीमै कविता लेख्न भाषिक कुशलता पाएका थिए होलान् भन्न कठिनै पर्दछ । सुवानन्ददास पनि का व्यक्ति हुँदा यिनले केही नेपाली बुझ्े भन्न सकिन्छ, तर कविता लेख्न भाषिक विशिष्टता पाए होलान् भन्न सकिँदैन । त्यसैले पनि सुवानन्ददास- ललितपुरका नेवार हुन् भन्ने तर्कमा पुनर्विचार गर्नुपर्ने देखिन्छ । तेस्रो कुरा दुवै प्रश्नहरू निरर्थक होलान् । सुवानन्ददास ललितपुरका निवासी पनि , उनी नेवार पनि रहेछन् भने उनले लेखेको कविता कास्कीको चिलिम्या रहेको कालिका मन्दिरका पुजारीका घरमा कसरी पुग्यो त ? सुवानन्द- ललितपुरका निवासी भए सो कविता ललितपुरकै कुनै गाउँमा भेटिनुपर्थ्यो, उपत्यकाकै कुनै ठाउँमा उपलब्ध हुनुपर्थ्यो । त्यसो नभई त्यति टाढाको सो कविता फेला पर्नाले केही प्रश्नहरू खडा भएका छन् । यातायात र को सुविधा नभएको समयमा ललितपुरको लेखोट कसरी कास्की पुग्यो कविताको कुनै अर्थ र महत्त्व नबुझ्ने मानिसले यति टाढाबाट कसरी पि उतार गरी लगे होलान् भन्न सकिन्छ ? नेपाल एकीकरण भइसकेपछि पत्र आदान प्रदान भएभन्दा पनि यो कुनै सरकारी प्रयोजनको लेखोट त्यसैले पूर्वस्थापित मान्यताहरूमा चित्त बुझाउन नसकी यस्ता निष्कर्ष- पुगिएको छ–

१) 'पृथ्वीनारायण' भन्ने कविताका रचयिता सुवानन्ददास हुन् २) आर्थिक अवस्था कमजोर थियो, ३) यिनी ललितपुरनिवासी नेवार ४) यिनको घर गोर्खा वा कास्कीतिर नै हो, ५) यी पृथ्वीनारायण निकटतम वा सहयात्री थिए, ६) यिनमा कविता रचना गर्न सक्ने अवश्यै थियो, ७) 'नुगा' भन्ने नाम मुगाको अपभ्रंश नभई पश्चि- क्षेत्रका कुनै गाउँको नाम हुनुपर्छ अथवा काशी जाँदा–आउँदा बाटामा

पर्ने कुनै भारतीय क्षेत्र पनि हुन सक्छ, ८) यिनी सुब्बा दर्जा पाएका नन्द उपाध्याय पनि हुन सक्छन्, किनभने यिनले कविताको अन्त्यमा भाषिक शुद्ध कुरो पनि उक्काएका छन् । त्यस वेलाका ब्राह्मणहरू संस्कृत पढेका हुन्थे । सुवानन्ददासले संस्कृत पढ्न नसक्ता पढेलेखेकाहरूले गिज्याउँलान् भनी क्ष याचना गर्ने शैलीमा 'सुदवा असुदवा भमदा' लेखेको पाइँदा 'शुद्ध वा अशुद्ध भयो मलाई दोष नदिनुहोस्' भन्ने अभिप्राय व्यक्त गरेको अनुमान हुन्छ, ९) कविताको रचना वि. सं. १८२६ भन्दा पछि र वि. सं. १८३२ भन्दा अघि भएको कुरा कवितामा उल्लिखित स्थानहरूले बताउँछन् । 'राजैभक्ति कृति लाउने सुवानन्ददास है' भन्ने पदावलीले पनि पृथ्वीनारायण शाहको जीवनावधि यो कविता रचिएको स्पष्ट पार्ने हुँदा कालनिर्धारण गरिएको हो । १०) सु नन्ददास पृथ्वीनारायण शाहसँग वाराणसी (काशी) गएका थिए, तर त्यस ललितपुर उनका अधीनमा आइसकेको थिएन । यस्तो अवस्थामा ललितपुरनि सुवानन्ददास पृथ्वीनारायण शाहसँग काशी जानु असम्भव नै हुने हुँदा सुवा दासलाई ललितपुरनिवासी मान्ने पूर्वमतहरू पुनःपरीक्षणीय रहेका छन् ।

४.५ जीवनाथ कवि र उनको कविता

प्राग्भानुभक्तीय युगका कवि जीवनाथबारे ठोस वा आधिकारिक जान प्राप्त भएको छैन । यिनले वि. सं. १८३१ देखि १८५० का बीचमा केही क लेखेका थिए । यी कविता हिन्दी वा व्रज भाषामा लेखिएका छन् । यिन केही अनुसन्धाताहरूले रेग्मी थर भएका ब्राह्मण हुन् भनी अनुमान गरेका छ यिनका विषयमा प्रथम सूचना दिने अनुसन्धाता हुन् योगी नरहरिनाथ । वि २०१२ सालमा इतिहास प्रकाशको अङ्क १ मा नरहरिनाथले 'ऐतिहासिक क भन्ने शीर्षकमा सो कविता प्रकाशित गरेका थिए । बाबुराम आचार्यले यिन हिन्दुस्थानी कवि समेत मानेछन् । तर यी हिन्दुस्थानी वा भारतीय नभई ने नै हुन् । यिनले नेपाली वीरपरम्पराकै निर्वाह गरी एकीकरणका निमित्त स योद्धाहरूको प्रशंसा गरेका छन् । जीवनाथ कविको सो कविता 'बडो वंश ब शीर्षकमा उद्धृत गर्दै डा. दयाराम श्रेष्ठले वीरकालीन काव्य प्रवृत्तिको बनेको कुरा उल्लेख गरेका छन् ।[१८] बाबुराम आचार्यले वि. सं. २००२ स सम्पादन गरेको 'पुराना कवि र कविता' भन्ने ग्रन्थमा वाणीविलास

---

१८. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पृ. १०८ ।

काजी धौकल सिंहको [illegible] नभई जीवनाथ कविको हो भन्ने निष्कर्ष शरद्‌चन्द्र भट्टराईबाट निस्केको छ ।[१८] जीवनाथ कविको तेस्रो रचना 'गोर्खा निर्गुण भजन' मा सङ्कलित 'रागकाफी' लाई मानिएको छ । यस रचनामा पशुपति, गुह्यकाली आदिको स्तुति गरिएको छ । जीवनाथ कवि पृथ्वीनारायण शाहकै समकालीन हुन् भन्न सकिन्छ । पृथ्वीनारायण शाहको शेषपछि पनि यी जीवित थिए भन्ने कुरा 'भूप प्रतापसिंह साहेब सेवक देहौं अभै वरदान' आदि दोहाले पुष्टि गरेका छन् । शुद्ध नेपालीमा नलेखेका हुँदा यिनका समयमा हिन्दी र व्रज भाषाको प्रभाव अधिक रहेको अनुमान हुन्छ ।

४. ६ शक्तिवल्लभ अर्ज्याल र उनको कविता

प्राग्‌भानुभक्तीय युगका प्रथम शास्त्रीय छन्दोबद्ध कविताका रचयिता शक्तिवल्लभ अर्ज्याल पृथ्वीनारायण शाहकै समकालीन कवि मानिन्छन् । यिनको जन्म गोर्खातिरै भएको अनुमान छ । यिनका बाबुको नाम लक्ष्मीनारायण अर्ज्याल हो । पृथ्वीनारायण शाहले वि. सं. १८२५ मा काठमाडौं जितेपछि यी अर्ज्यालहरू गोर्खाबाट काठमाडौं बसाइँ सरे । शक्तिवल्लभ पृथ्वीनारायण शाहका राजपुरोहित हुन् भनिएको छ । यस कुरालाई शक्तिवल्लभ आफैंले जयरत्नाकर नाटकमा उल्लेख गरेका छन् । शक्तिवल्लभ अर्ज्यालले संस्कृत पढेका थिए, तर सो पढाइ विद्यालय वा विश्वविद्यालयको नभई स्वाध्यायनमा आधारित भएको अनुमान हुन्छ । शक्तिवल्लभ अर्ज्यालले पृथ्वीनारायण शाहको राजदरबारमा राम्रो स्थान पाएका थिए । उनका रचनाबाट उनी पृथ्वीनारायण शाहको निधन (१८३२) पछि उनका छोरा प्रतापसिंह शाहको शासनावधि (१८३२–१८३४) र उनका पनि छोरा रणबहादुर शाहका समयसम्म पनि जीवित थिए भन्ने देखिन्छ । यिनको थर 'अर्ज्याल' भए पनि यिनले आफूलाई 'भट्टाचार्य' भन्न मन पराएको कुरा उनको 'जयरत्नाकर' नाटक र पशुपतिनाथको मन्दिरमा चढाएको घण्टामा उत्कीर्ण अभिलेखहरूले प्रमाणित गरेका छन् ।

भाषा वंशावलीका अनुसार शक्तिवल्लभ अर्ज्याल पहिले लामुडाँडाको रेखदेख गर्न देउरानी ठानामा पुगेका थिए । शुभाशुभ लक्षण जान्ने हुँदा पृथ्वीनारायणले देखेको समुद्र निलेको सपनाको अर्थ बताइदिए । त्यसबाट प्रभावित

१८. शरद्‌चन्द्र शर्मा भट्टराई, नेपाली वाङ्मयः केही खोजी केही व्याख्या, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०४४, पृ. ३१ ।

भएका पृथ्वीनारायण शाहले उनलाई प्रायश्चित्त गराई राजपुरोहित बनाए। शक्ति वल्लभ काशी यात्राका साथै नुवाकोट विजयमा पनि उनैका साथ थिए भनिएको छ। शक्तिवल्लभ पृथ्वीनारायण शाहका विश्वासिला राजगुरु थिए। उनको लेखन शैली हेर्दा यी असाधारण प्रतिभाशाली साहित्यकार थिए भन्न सकिन्छ। शक्ति वल्लभ अर्ज्याललाई नेपाली साहित्यको इतिहासमा प्राप्त प्रमाणहरूबाट सबैभन्दा पुराना आधिकारिक साहित्यकार मान्न सकिन्छ। यिनले लेखेका पुस्तकहरू यस प्रकार छन्– १) पुरश्चरणचातुरी, २) जयरत्नाकर नाटक, ३) हास्यकदम्ब, ४) ललितमाधव, ५) सुधातरङ्गिणी, ६) दानप्रकाश, ७) महाभारत विराटपर्व, ८) तनहुँ भकुण्डो (नेपाली कविता)।

उपर्युक्त पुस्तकहरूमध्ये 'हास्यकदम्ब' र 'महाभारत विराटपर्व' नेपाली गद्यमा लेखिएका ऐतिहासिक महत्त्वका कृतिहरू हुन्। तीबाहेक अरू संस्कृतमा लेखिएका छन्। शक्तिवल्लभ अर्ज्यालमा आध्यात्मिक चेतना व्यापक रूपले रहेको छ भने वीर वर्णन गर्ने भावना पनि प्रमुख रूपले नै रहेको देखिन्छ। शक्तिवल्लभ अर्ज्यालमा पाइने अर्को महत्त्वपूर्ण विशेषता हो– हास्य र विनोदप्रियता। त्यस कालमा पनि साहित्यलाई यस्तो मनोरञ्जनात्मक बनाउन सिपालु शक्तिवल्लभ अर्ज्याललाई नेपाली साहित्यका भरपर्दा मुहान हुन् भन्नु उपयुक्त हुन्छ। यिनको योगदान गद्य क्षेत्रमा व्यापक रहेको छ भने पद्यमा पनि उल्लेखनीय मान्न सकिन्छ। पृथ्वीनारायण शाह, प्रतापसिंह शाह र रणबहादुर शाहका पालासम्म जीवित शक्तिवल्लभ अर्ज्याल त्यस युगका सचेत द्रष्टा हुन्। यिनका कृतिमा तत्कालीन स्थितिको यथार्थ प्रस्तुति भएको छ। यिनका रचना साहित्यिक उपलब्धि हुँदाहुँदै पनि ऐतिहासिक साक्ष्यका समेत प्रामाणिक दस्तावेज हुन्। यिनको जयरत्नाकर नाटकले राजनीतिका महत्त्वपूर्ण पक्षहरूसँग परिचित गराउँछ भने 'हास्यकदम्ब' ले मनोविनोद गराउँदछ। कृतिहरूबाट शक्तिवल्लभको व्यक्तित्वमा यी कुराहरू टड्कारै देखिन्छन्– १) शक्तिवल्लभ अर्ज्याल संस्कृतका ठूला विद्वान् थिए, २) उनमा आध्यात्मिक र हास्यव्यङ्ग्यात्मक चेतना पाइन्छ, ३) शक्ति वल्लभ अर्ज्याल राजनीतिक रूपमा सचेत लेखक थिए, ४) शक्तिवल्लभ वीर भावनालाई उद्बोधन गर्ने साहित्यकार हुन्। शक्तिवल्लभ अर्ज्यालको एक मात्र नेपाली कविता प्राप्त छ, जसको शीर्षक 'तनहूँ भकुण्डो' राखिएको छ।

यस कवितामा 'तनहूँ' लाई प्रतीकात्मक रूपमा वर्णन गरिएको छ। स्वागता छन्दमा लेखिएको यो कविता वि. सं. १८२९ तिर रचिएको अनुमान हुन्छ, किनभने यसै वर्ष गोर्खाले तनहुँलाई आफ्नो कब्जामा लिएको थियो। यो कविता पढ्दा शक्तिवल्लभले योद्धाहरूलाई सुन्याएको जस्तो लाग्दछ। कवि

मनसाय तनहुँलाई शक्तिक्षीणोन्मुख राज्यका रूपमा परिचित गर्नु रहेको छ। यस्तो अवस्थामा तनहुँलाई सजिलैसँग परास्त गर्न सकिन्छ भन्ने उनको दावी र हुट्हुटी छ। केवल दुइवटा श्लोक मात्र उपलब्ध भएको यस कवितामा तत्कालीन स्थितिको यथार्थ चित्र उभिएको छ। वीररसले परिपूर्ण यस कवितामा कुटनैतिक दाउपेचसमेत व्यञ्जित भएको छ। तनहुँका मन्त्री सागर खनाल, खरिदार कालु जैसीहरू आफ्नो राज्य थालेर हाम्रो शक्तिलाई परास्त गर्न असमर्थ छन्, त्यसैले तिनीहरूबाट भय मान्नुहुँदैन। हामी अवश्यै सर गर्न सक्छौं। तनहुँलाई भकुण्डो हानेजस्तै सजिलैसँग जित्न सकिने आत्मविश्वास सिर्जना गर्नु यस कविताको भूमिका रहेको छ।

शक्तिवल्लभले यसबाहेक अरू पनि नेपाली कविता लेखेका हुँदाहुन्, तर ती कालकवलित भैसकेको अनुमान हुन्छ।

४.७ उदयानन्द अर्ज्याल र उनका पुस्तकहरू

प्राग्भानुभक्तीय युगका प्रतिभाशाली कवि उदयानन्द अर्ज्याल नेपाली साहित्यका महत्त्वपूर्ण उपलब्धि हुन्। यिनको व्यक्तिगत जीवनबारे अनुसन्धाता ज्ञानमणि नेपालले धेरै कुरा प्रकाशित गरेका छन्। यति हुँदाहुँदै पनि यिनको जन्ममिति र निधनसम्बन्धी कुराहरू पत्ता लाग्न सकेका छैनन्। उदयानन्दका बाबुको नाम विश्वेश्वर हो। यिनले आफ्ना बाबु विश्वेश्वरसँगै विद्याध्ययन गरेका थिए। अर्ज्यालहरू ज्यौतिष विद्यामा पारंगत भएका हुनाले यिनीहरूले आफ्नो थर लेख्ता जोशी लेख्ने गरेको पनि पाइन्छ। उदयानन्दले पनि ज्यौतिष तन्त्रमन्त्र, व्याकरण, साहित्य, छन्दशास्त्र आदिको अध्ययन गरेका थिए। उदयानन्द र शक्तिवल्लभ अर्ज्यालका बीच दाजुभाइको नाता थियो। यस नाता अनुसार शक्तिवल्लभ काका र उदयानन्द भतिजा पर्दथे। उदयानन्दले यस नाताका सम्बन्धमा 'बडा बाबु पऱ्यो शक्तिवल्लभ पुरोहित काकाजीले बनायाका सिलोकमध्ये दुइ वटा मात्रै पनि लेखिन्छन्' भनी शक्तिवल्लभका दुइ श्लोकहरू दिएका छन्। यसै लेखाइका आधारमा कतिपयले यिनीहरूलाई साक्खै काका–भतिजा पनि मानेका छन्। यिनीहरू साक्खै काका–भतिजा नभई ५।६ पुस्ताका थिए भन्ने कुरा 'अर्जेलको वंशावली' बाट पुष्टि भएको छ। उदयानन्द गोरखा राज्यका पुराना ज्योतिषी नारायणदास अर्ज्यालकै वंशज हुन्। उदयानन्दका बाबु विश्वेश्वर पृथ्वीनारायण शाहका समकालीन थिए। पृथ्वीनारायण शाहले विश्वेश्वरलाई सेन राजाहरूको राजधानी चौदण्डीमा गुप्त रूपले पठाएका थिए। सेन राजा मुकुन्द सेनले विश्वेश्वरलाई राजाश्रय दिए। विश्वेश्वरका साइतमा जाँदा मुकुन्द सेनको

मनोवाञ्छा परिपूर्ण भएकोले वि. सं. १८१६ मा मुकुन्दसेनले बैंरवा (सप्तरी) सप्तरीमा ६१७ विघा र हथीनामा १० विघा गरी ६२७ विघा जग्गा बिर्ता दिए। यिनले सेन राजकुमार र राजकुमारीलाई पढाउने काम पनि पाए। गुप्त रूपमा यिनले पृथ्वीनारायण शाहलाई सेनहरूको शक्ति क्षमता आदिका विषयमा जानकारी पनि पठाउँदै गरे। यसरी हेर्दा उदयानन्दको जन्म सेन राज्यमै भएको अनुमान गर्न सकिन्छ। बैंरवामा पाएको बिर्ता रेखदेख गर्न बसेका उदयानन्दको मूल घर पनि त्यहीं थियो। बैंरवा (सप्तरी जिल्ला) बाट उदयानन्द काशी गए। त्यस वेला रणबहादुर शाह स्वामी महाराज भई काशीमै बस्तथे। आर्थिक सङ्कटमा परेका रणबहादुर शाहलाई उदयानन्दले आफ्ना तर्फबाट र अरूका तर्फबाट समेत एकत्रित गरी आर्थिक सहयोग प्रदान गरे। पछि उदयानन्दले सरकारी सेवामा प्रवेश गरे। उनको पहिलो पद मुनसीफ थियो। मुनसीफले सरकारी दैंदस्तुर असूल गर्नुपर्ने हुन्थ्यो। सरकार र रैती दुनियाँका बीच सम्बन्ध स्थापित गर्ने काम मुनसीफको हुन्थ्यो। वि. सं. १८७१ मा इष्ट इण्डिया कम्पनी र नेपालको युद्ध शुरू भयो। यस युद्धमा अंग्रेजी फौजले उदयानन्दको घर पनि लुट्यो। उदयानन्द त्यहाँबाट आफ्ना जहान, छोराछोरी लिई खोटाङतिर बसाइँ सरे। त्यहीं बसी उनले नेपाली कविताको साधना गर्दा वि. सं. १८७२ मा बेतालपच्चीसी (खण्डकाव्य) को रचना गरे। पछि उनले मुनसीफको पदबाट अमीन दर्जामा पदोन्नति पनि पाए। वि. सं. १८७१ देखि १८९४ सालसम्म उदयानन्द अटूट रूपले सरकारी सेवामा थिए। उदयानन्द आफ्ना बाबुका एक मात्र छोरा थिए। उदयानन्दका दुइ गृहिणीबाट १६ सन्तान भए। आफ्नै जीवनकालमा केही छोराछोरीको निधन भएकोले विरक्तिएर लक्ष्मीनारायणको मन्दिर स्थापना गरेका थिए सप्तरीमा। त्यसै गरी भारदहमा 'कङ्कालिनी' देवीको मूर्ति पनि बनाउन लगाएका थिए। यी मन्दिर र मूर्ति स्थापनामा यिनले आफ्ना तर्फबाट र सरकारका तर्फबाट समेत आर्थिक सहयोग जुटाएका थिए। यिनले गायत्री पुरश्चरण गराएका थिए। यिनमा मन्त्रसिद्धि थियो।

उदयानन्दको साहित्यिक जीवनयात्रा कम्तीमा पनि वि. सं. १८५५ बाट शुरू भएको देखिन्छ। उनले मेरा कविता मारुनी नाचेझैं नेपाली जन-जिब्रामा नाचतछन् भनेको चाहिं १८७२ मा हो। उदयानन्दका काव्यकृतिको संक्षिप्त परिचय यस प्रकार छ–

१. सोमेश्वर विजय वर्णन : यसमा प्रतापसिंह शाहका पालामा भएको युद्ध विजयको वर्णन छ। यसलाई कविलासपुर विजयवर्णन भन्ने गरिएको छ। यसमा शक्तिवल्लभका २ श्लोक र उदयानन्दका २६ श्लोक छन्।

२. कुलवर्णन कविता : यो वि. सं. १८९१ मा रचित वंशावली वर्णन हो ।

३. दुःस्वप्न दोषहरस्तोत्र : यो संस्कृत भाषामा लेखिएको स्तोत्र हो । यसमा ९ वटा श्लोक भएको हुँदा 'नवरत्नस्तोत्र' पनि भनिएको छ । यसको रचना वि. सं. १८९१ मा भएको हो ।

४. वेतालपच्चीसी : संस्कृतमा लेखिएको पुरानो कथालाई उदयानन्दले वि. सं. १८७२ मा खण्डकाव्यको रूप दिएका हुन् । यो खण्डकाव्य उदयानन्द अर्ज्यालको हो भन्ने कुरा खोज्न अनुसन्धाता ज्ञानमणि नेपालले अथक परिश्रम गरेका थिए । वेतालपच्चीसीमा १९५ श्लोक छन् ।

५. पृथ्वीचन्द्रोदय : पृथ्वीनारायण शाहको विजय वर्णनमा आधारित यस काव्यको नामकरण ज्ञानमणि नेपालबाट भएको हो । वीररस प्रधान यस काव्यमा नेपाली राष्ट्रियता झल्केको छ । तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक विषयलाई ऐतिहासिक रूप लिई लेखिएको यस काव्यलाई नेपाली साहित्यको प्रथम महाकाव्य मानिएको छ ।

उदयानन्दले 'हयग्रीवस्तोत्र' र केही फुटकर नेपाली श्लोक समेत रचेका थिए । तीमध्ये कति प्राप्त छन् र कतिचाहिँ खण्डांश मात्र प्राप्त छन् ।

उदयानन्द प्राथमिक नेपाली काव्यसंसारका अद्वितीय प्रतिभा हुन् । यिनले यसै युगमा नेपाली भाषामा लेखिएको महाकाव्य प्रदान गरेर नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन् । यिनका काव्यमा विभिन्न शास्त्रीय छन्दहरूको उपस्थिति पाइन्छ । स्रग्धरा, शार्दूलविक्रीडितजस्ता लामा लामा छन्दको प्रयोग उनले गरेका छन् । रामायण, महाभारत, नेपालको तत्कालीन वस्तुस्थिति समेत पचाएर उनले आफ्नो महाकाव्य अगाडि बढाएका छन् । उदयानन्दले पृथ्वीनारायण शाहको दूरदर्शी दृष्टिकोण कस्तो थियो भन्ने कुरा यथार्थ रूपले अनुभव गरेका थिए । नेपाल उपत्यकाका राज्यहरूको स्थिति, विभिन्न जाति र जनजातिको चरित्र, फिरङ्गीको जालझेल, पृथ्वीनारायण शाहको लोकप्रियता आदि कुरालाई कविले राम्ररी प्रकट गरेका छन् ।

उदयानन्दको 'वेतालपच्चीसी' ले जीवनको रहस्य र रोमाञ्च प्रस्तुत गरेको छ । कवितामा 'दन्त्यकथा' जस्तो विष्मयंकारी कथात्मकता उनिएको छ । अर्कातिर नेपाली कवितामा श्रृङ्गार भावनाको सूत्रपात गर्ने काम पनि उदयानन्दले नै थालेको देखिन्छ । 'वेतालपच्चीसी' मा सम्भोग श्रृङ्गारको सांकेतिक वर्णन रमाइलोसँग प्रस्तुत गरिएको छ ।

यसरी उदयानन्द अर्ज्यालको कृतित्व र व्यक्तित्व नियाल्दा के कुरा स्पष्ट

भएको छ भने उदयानन्द प्राग्भानुभक्तीय युगका एउटा सचेत कवि हुन्। दरबारबाट कदर गरिएका र सरकारी सेवामा औपचारिक रूपले आवद्ध अर्ज्याल आर्थिक रूपले सम्पन्न वर्गका प्रतिनिधि हुन्। यिनको काव्यकर्म नेपाली राष्ट्रियता र नेपाली वीरताप्रति आस्था भएको देखिन्छ भने मानव जीवनमा रहस्यमय रूपले जिज्ञासाको विषय बनेको शृङ्गारिक चेतना यिनले नेपाली काव्यमा उतारिदिएर एउटा नवीन मार्ग खनिदिए। मौलिक कृतिहरू सोमेश्वर युद्ध वर्णन र पृथ्वीन्द्रोदय महाकाव्यले वीर परम्परालाई अगाडि बढाएको छ भने वेतालपच्चीसीले रहस्य र रोमाञ्चकात्मकताको विन्यास गरेको छ। 'अर्ज्याल वंशावली' ले वंशावली लेख्ने शास्त्रीय चेतनाको विस्तार गरेको हुँदा उदयानन्द अर्ज्याल रहेफ दृष्टिले प्रतिभा मानिएका छन्। यिनका संस्कृत श्लोकहरू पनि सूचनाप्राप्तिका सामग्री बनेका देखिन्छन्।

४.८ सुन्दरानन्द बाँडा र उनको कविता

पाटनको ओकुबहाल (रूद्रवर्ण महाविहार) मा जन्मेका सुन्दरानन्द बाँडाको जन्म र मृत्युतिथि पत्ता लाग्न सकेको छैन। बहादुर शाहसँग दीन याचना गरेको हुँदा सुन्दरानन्द बाँडाको समय १८३५ देखि १८५० तिर मानिएको छ। यिनी नेपालीका अतिरिक्त केही संस्कृतको पनि ज्ञान प्राप्त गरेका थिए। सुन्दरानन्द बाँडा पौरोहित्य पेशामा आबद्ध थिए। त्यस बेला संस्कृतमा लेखिएका कृतिहरू बढी सम्मान हुने हुँदा यिनले पनि सकेसम्म संस्कृतमै लेख्ने जमर्को गरेका थिए। सुन्दरानन्द बाँडा प्राग्भानुभक्तीय युगका एक सचेत साहित्यकार हुन् भन्नेमा कुनै शङ्का गर्न सकिँदैन। यिनले लेखेका कृतिहरू यस प्रकार छन्–

१. बहादुर शाह वर्णनम्
२. त्रिरत्न सौन्दर्यगाथा
३. अध्यात्मरामायण
४. दुइ गीति कविता
५. लोकनाथ सुन्दराष्टक
६. व्याघ्र भैरव
७. घनसुन्दराष्टक
८. कुलरत्न पञ्चाल
९. आनन्द सुन्दराष्टक

१०. चैतन्यराज सुन्दरस्तव

११. त्रिरत्न सुन्दरषोडशी

माथिका नामहरू हेर्दा सुन्दरानन्दमा प्रशस्त काव्यचेत छ। उनलाई नेपाली साहित्यको प्राथमिक कालका सफल गद्यकारका रूपमा प्रतिष्ठा प्रदान गरिएको छ। खास गरी उनको अध्यात्म रामायणलाई नेपाली साहित्यको प्रथम गद्य रामायण मानिन्छ भने आकारगत रूपमा पनि यसको महिमा उल्लेख्य छ। सुन्दरानन्द बाँडा बौद्धधर्मावलम्बी हुँदाहुँदै पनि अरू धर्मका ग्रन्थहरूको रचना गर्ने जाँगर देखाउनुले उनको धार्मिक सहिष्णुतालाई पुष्टि गर्दछ।

सुन्दरानन्द बाँडाले 'बहादुरशाहवर्णनम्' लेखेका दुइ वटा पद्यहरू नै उनलाई कविका श्रेणीमा पुऱ्याउन सफल छन्। यी पद्यहरू बहादुर शाहलाई रिझाउन लेखिएका हुन्। यी पद्यबाट बहादुर शाह प्रशन्न भएर कविलाई केही मद्दत गरे गरेनन्, त्यो कुरा अज्ञात नै छ, तर पनि प्रस्तुत कविता हेर्दा कविले आशा गरेका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ।

यस कवितामा बहादुर शाहलाई गजेन्द्रमोक्ष गर्ने विष्णुको अवतारसदृश मानिएको छ। जसरी ग्राहको मुखमा परेको गजेन्द्रलाई हरिले उद्धार गरे, त्यसरी नै दीनता र अभावग्रस्ततामा परेको मलाई उद्धार गरिदिनुहोस् भन्ने प्रार्थना गरिएको छ।

कवि सुन्दरानन्द बाँडाले लेखेको २ श्लोकको प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दमा लेखिएको छ। नेपाल एकीकरणका प्रमुख योद्धा बहादुर शाहको वीरोचित प्रशंसा गरिएको हुँदा यस कवितालाई वीरप्रवृत्तिकै अनुगामी मानिएको छ। यसको शीर्षक 'आशा–नदी' उपयुक्त देखिन्छ।

साहेब, अर्जीजस्ता फारसी, उर्दू शब्दको प्रयोगले कवितामा मिठास उत्पन्न गरेको छ भने अर्कातिर कवि लेखकहरू आर्थिक रूपले जहिले पनि दयनीय नै हुँदा रहेछन् भन्ने शाश्वततालाई यस कविताले पुष्टि गरेको छ। यस अघि सुवानन्ददासले पनि आफ्नो आर्थिक विपन्नताको कुरो कोट्याएका थिए।

यस कवितामा कविले उपयुक्त उपमा र उपमेयको चयन गरेका छन्। आफूलाई उनले ग्राहको मुखमा परेको गजेन्द्रसँग तुलना गरेका छन्। वास्तवमा कवि लेखकहरू दरिद्रतारूपी गोहीका मुखमा जकडिएकै हुन्छन्, किनभने उनीहरूलाई काव्यसाधना गर्दागर्दै आफ्नो आर्थिक सुधार गर्ने कार्यमा फुर्सद हुँदैन। त्यसैले उनीहरू गोहीको मुखमा परेको गजेन्द्र (श्रेष्ठ गज) सदृश हुन्छन्। त्यस्ता साधनारत कलाकारलाई राज्यले प्रश्रय दिनै पर्दछ। यस अर्थमा हेर्ने हो भने

सुन्दरानन्द बाँडा तत्कालीन कवि, कलाकार र साधनाशिल्पीहरूको प्रति... स्वर हुन् । उनको आग्रह व्यक्तिसापेक्ष नभई वर्गसापेक्ष देखिन्छ । कविता ... राम्रो छ ।

सुन्दरानन्द बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा' मा लेखिएको कविता वीर... पूर्ण छ । यसमा 'जनरैल खसभ प्रभु' भनी आफ्ना इष्ट हाकिम भीमसेन था... गुणगान गरिएको छ । यस कविताको अनुशीलनबाट के थाहा हुन्छ भने कवि... कुनै विषयमा अन्याय परेको र जनरैलको विवेकपूर्ण न्याय निसाफबाट ... पाएका हुँदा उनमा जनरैलप्रति श्रद्धा उत्पन्न भएको छ । जनरैललाई स्वा... महाराजका अर्द्धाङ्ग धर्ममय मूर्तिका रूपमा प्रतिष्ठित गरिएको छ । यी जन... क्षत्रीको धर्म अनुकूल आचरण गर्दछन् । स्वामी महाराज (रणबहादुर शा... को शासनकालमा यी जनरैलले सम्पूर्ण वैरीहरूलाई विनाश गरे । यिनले रा... को ऐश्वर्य थामिदिए र चारैतिर नेपालको नाम फिंजाए । यी जनरैलले रा... असाधारण कीर्ति फैलाए । यिनको वर्णन दश दिक्पालहरूले पनि गरेका ... अर्थात् यिनको प्रशंसा चारैतिरबाट भएको छ । यिनले राष्ट्रको विकासमा ... निकै ध्यान दिएका हुँदा ठूलठूला महलहरू, बागबगैंचाहरू, पानी खाने धारा... समेत निर्माण गरिदिएका छन् । अर्कातिर यिनैले टुँडिखेल बनाई नेपालको सौन्... पनि बढाएका हुँदा यी जनरैल निकै लोकप्रिय छन् भन्ने अभिप्राय यस कविता... प्रकट गरिएको छ ।

शिखरिणी र शार्दूलविक्रीडित छन्दमा रचित पाँच कविताहरूले कविको वर्ण... शैली निकै राम्रो भएको जनाउँछन् । यी कविताहरू 'बुइँगल' बाट उद्धृत गरिए... छन् । कवि सुन्दरानन्द बाँडा नेपाली वीरताबाट प्रभावित रहेका हुनाले नै वीरह... को यथोचित प्रशंसा गरेका हुन् । यिनमा देशको प्रशंसा गर्ने भावना पनि जा... भएको छ । अर्कातिर नेपाली हुनुको गर्व पनि उनले लिएका छन् । संक्षेप... सुन्दरानन्द बाँडालाई नेपाली राष्ट्रियताका उद्गाता कवि भन्नु उपयुक्त हुन्छ ।

४.९ राधावल्लभ अर्ज्याल र उनको कविता

प्राग्भानुभक्तीय नेपाली काव्यकालका प्रतिभा राधावल्लभ अर्ज्याल... 'साँढ्याको कवित्–१' शीर्षकको कविता लेखेका छन् । यिनको अन्तिम ... वि. सं. १८६९ तिर मानिएको छ । यिनलाई कवि शक्तिवल्लभ अर्ज्यालका ... मानिन्छ । यिनका पिताको नाम लक्ष्मीनारायण अर्ज्याल हो । निश्चय नै रा... वल्लभ सम्पन्न परिवारका थिए । यिनको पहुँच दरबारसम्म थियो भन्ने कुरा ... हुन आउँछ, किनभने यिनका बाजु शक्तिवल्लभ अर्ज्याल पृथ्वीनारायण शाह...

राजपुरोहित थिए । [illegible] काव्यप्रवृतिका प्रयोक्ता नभई विनोदी स्वभावका कवि देखिन्छन् । यिनले कवितामा मनोरञ्जनात्मक स्वभावको प्रदर्शन गरेको भए तापनि गोर्खाको पोखरीथोकनेर 'राधावल्लभेश्वर' नामक शिव मन्दिरको स्थापना गरी एउटा घण्टा चढाएको घटनाबाट आफूलाई शैवमार्गी बनाएको पाइन्छ । पशुपतिनाथको भित्रपट्टिको दक्षिणढोका चाँदीले बनाउने काम पनि यिनैले शुरू गराएका थिए, तर कार्य पूरा नहुँदै यिनको निधन भयो । सो ढोकामा सं १८६९ को मिति उत्कीर्ण छ । यिनी विद्वान् थिए भन्ने कुरा वाणीविलास पाण्डेले आफूलाई गुरुपुत्र भनेको कुराबाट स्पष्ट हुन्छ । राधावल्लभ धर्मात्मा कवि र 'शिवभक्त' थिए । सो ढोका बनाउन राधावल्लभले त्यस समयमा पनि रू. ६०००।– पर सारेका थिए । यो रकम धेरै ठूलो हो । यिनी साँच्चैका मनोविनोदी थिए भन्ने कुरा पाँचवटी पत्नीहरूको संग्रहबाट पनि प्रमाणित हुन्छ । उनका पत्नीको नाउँ यस प्रकार छ– अयोध्या, सत्यरूपा, वसुमती, कुलवती र इन्द्रमती । राधावल्लभ वसुमतीलाई असाध्य मन पराउँथे तापनि १८६९ वैशाख शुक्ल एकादशीका दिन दिवंगत हुने कविका साथ ती पाँचै पत्नीहरू सती गएका थिए ।

नेपाली भाषामा 'साँढ्याको कवित्–१' बाहेक उनका अन्य कविता फेला परेका छैनन् । संस्कृतमा भने राधावल्लभका कृतिहरू छन्– १) राजराजेश्वरी कवच २) उद्धवदूतकाव्यम् ३) संस्कृतमञ्जरी ।

नेपाली काव्यसंसारमा राधावल्लभका कविताले धेरै दिनसम्म अज्ञात रूपमै रहनु परे तापनि अनुसन्धाता दयाराम श्रेष्ठका परिश्रमपूर्ण खोजबाट उनको कृतित्वले स्रष्टाको टुङ्गो लगाएको छ । स्रष्टाको टुङ्गो लाग्नु सुखद उपलब्धि हो । यस कविताको मूल्य के कस्तो छ भन्ने कुरातर्फ विचार पुऱ्याउनु आवश्यक छ ।

राधावल्लभ अर्ज्यालद्वारा लेखिएको यस कवितामा के छ भन्ने प्रश्नले एक पटक घोरिन लगाउँछ । कवाट्ट हेर्दा प्रस्तुत कविताले पाठकको मनलाई आकर्षित गर्न सक्तैन । यसमा साँढेहरू आपसमा जुधेको कुरा वर्णन गरिएको छ । साँढे जुध्नु कुनै विशिष्ट घटना होइन, पशुहरू भेला भएपछि आफ्नो बल देखाउन जुधिरहन्छन् । गाई, भैंसी, साँढे गोरु, बाख्रा, खसीसमेत आपसमा जुधेर आफ्नो श्रेष्ठत्व कायम गर्दछन् । त्यस्तै घटनामध्येको साँढेको जुधाइलाई कवि राधावल्लभले आफ्नो काव्यको विषय बनाएका छन् । निश्चय नै यो सामान्य कुरा हो । यस घटनालाई काव्य रूप दिएर राधावल्लभले आफ्नो विशिष्ट मेधाको राम्रो उपयोग गरेजस्तो प्रतीत हुँदैन । खास गरी विषयचयनका दृष्टिले यसलाई

उत्तम मात्र नसकिएको हो । कविताका प्रस्तुति र शिल्पपक्षको अवलोकन ग
चाहिँ राधावल्लभ अर्ज्याल मेधावी कवि प्रतीत हुन्छन् ।

कविताको शुरूमा 'श्रीगणपतये नमः' भनी मङ्गलाचरण गरिएको छ
त्यसपछि साँढेको जुधाइको वर्णन थालिएको छ । यस वर्णनमा प्रशस्त कौतुक
सिर्जना भएको छ । साँढेहरू आपसमा आफ्ना अति कठोर अङ्गहरू जुधाए
घमासान युद्ध गर्न थाले । यी साँढेहरू मदले उन्मत्त छन् । यो जवान साँढे
नवमेघभन्दा अरू जोडले डुक्रिन्छन् । यिनीहरूले चारैतिर धूलो उडाइरहे
छन् ।

यहाँ अनेकौं साँढेहरू छन् । तिनीहरूको नाम पनि राखिएको छ । क
तिनीहरूको स्वतन्त्र नाम छ भने कतै कार्य अनुरूपको लाक्षणिक नाम छ । कु
नाम र कुनै विशेषण उस्तै लाग्दछन् । सरदर एउटा खण्डकथनमा एउटा साँढे
नाम र वर्णन छ ।

प्रारम्भमा 'वीरकान' को नाम छ । वीरकानका अङ्गहरू अति कठोर छन्
त्यो मदमत्त छ । 'होर्‍याँ' गर्दछ । जवान भएकोले घमासान लडाइँ गर्दछ । त्यस
रौंहरू श्याम (काला) छन् । नयाँ मेघभन्दा पनि धेरै गर्जना गर्दछ । पर्वत
वस्तछ । धूलो उडाउँछ । तारा र चन्द्रमासमान झुल्किन्छ ।

'तरनाम' नाउँ भएको साँढे कामलम्पट छ, यो क्रोवकी छ । आ
सहोदर (दाजुभाइ) हरूसँग खेल्ने, कुँद्ने, आनन्दित हुने यो तरङ्गी साँढेको बा
होट (नाम) हो । यसको घर चोक (चौबाटो) मा छ । यसको बाबुको ना
'नान' हो ।

टाढाबाट धाइधाई जुध्न आउने साँढे विरुयाल मृगराज (सिंह) जस्त
छ । यसले अरूलाई जित्तछ । यसका अंगहरू चम्किला छन् । यो चिल्लो ।
आकर्षक छ ।

यसै गरी 'वीरबल' नामक साँढे घनघोर लडाइँ गर्दछ । यसले पृथ्वीलाई
डग्मगाउँदै महाशब्द गर्छ । यसको स्वर डरलाग्दो छ । यसलाई 'इन्द्रपुरी' जात
भनिन्छ ।

'वीर' नामको साँढेचाहिँ अलि अलि लड्ने, धेरैजसो 'हाइ' गरेर
गर्दथ्यो । आफ्ना बाबु र दाजुका धाक रवाफमा मक्ख परेको यो साँढे लडाइँ
मैदानमा न अघि बढ्दथ्यो न पछि नै सर्दथ्यो । युद्धमैदानबाट हट्ता पनि नहट्
अरूको बखान पनि नगर्ने 'वीर' देखि अरूहरू डरले थुरथुर हुन्थे । यो प्रा
मध्यस्थ भइरहन्थ्यो ।

छोटा छोटा, मोटा मोटा सिंग भएको, राम्रो जिउडाल भएको, तेज स्वभाव र लडाईंभिडाइँ गर्न अत्यन्त सिपालु 'अविज़ाल' नाम गरेको साँढेदेखि सबै वैरीहरू डराउँथे र चारैतिर फाल तोडेर भाग्दथे ।

ठूलो कुलमा जन्मेको, ठूलो जिउडाल भएको, पिठ्यूँ पुष्ट, काँध फराक, लामो जुरो, सानो सिंग, महावीर (हनुमान्) तुल्य बलिया साँढेहरूलाई हराउन सक्ने, आँत छोटो, सिंग भाँचिएको, हिम्मत हुँदाहुँदै पनि मनले हरेश खाएको साँढेलाई 'चिट्टचा' भनिन्छ ।

सम्पूर्ण अङ्गहरू हृष्टपुष्ट छन् । धूमधडाक शब्द गर्ने, अटमट्ट काँध भएको, छोटो तडि भएको, जिउडाल कठोर भएको, लडाईंमा जोर दिन खोज्दाखोज्दै डराईडराई आएको, बाहाँ जोर्ने त्यस साँढेलाई सबैले 'गुहू' नाम दिएका छन् ।

अरू वीरहरूलाई पिटाइ र धक्का दिन सक्ने 'वीर अग्नि' नामको साँढे चारैतिर हेर्न सक्ने, वीर र गम्भीर छ । हुँङ्कार शब्दले गर्जना गर्ने हा हा शब्दको हल्ला गर्ने यस साँढेले मेघ गर्जे झैं सबैलाई थर्काउँछ ।

'याया' नामको साँढे डरछेरुवा छ, तापनि गर्जदै भाग्दछ । यसले चारैतिर धूलो उडाउँदै भाग्दा पाध्न थाल्यो । यसले गर्दा चारैतिर दुर्गन्ध फैलियो ।

ठूटे, माले, आतुर आदि साँढेहरू लड्दा देवताहरूलाई पनि छक्क पार्दथे । यिनीहरू विकराल र घोर शब्द गर्दै आपसमा लड्दथे । यसै गरी महावीर, वीर, भावगाउँले (साँढे) सहित वीर पाँच पाण्डवजस्ता साँढेहरू मिलेर एउटा मत्त दत्तार (हात्ती) लाई समेत हराउँथे । साना खुर भएका, ठाडो जुरो भएका धेरै बल भएका, आवाल वृद्ध सबैलाई छक्क पार्ने यस्ता साँढेहरू विजुलीजस्ता तेजिला र बहादुर छन् ।

कुनै कुनै हाहाकार गराउँदै राति राति लड्न आउँथे । बीच बीचमा धक्का पार्दथे । सिङको चोट पर्दथ्यो । 'महाधन' (साँढे) बाँदरजस्तो छ । वैरीका ताप-बाट मन डराईडराई लड्न लाग्यो । जोरीलाई पछार्‍यो । चारैतिर भगायो । उफ्रेर कुँद्यो । मनमनमा हाँसेर लड्यो । थकित भएर खोक्न लाग्यो । एकदन्ता हात्ती जसरी महाफन्दामा रफण्डिई आफ्ना अङ्गहरू जुधाउँदै ठूला ठूला खुरहरू बजाउँदै जुध्न थाल्दा वैरीहरू दौडी दौडी जान्थे र भागेर आउँथे । यस्तो लडे कि भूमिसमेत भुटेजस्तो भयो । यिनीहरूको जुधाइले भूमिमा समेत असर पर्न थाल्यो ।

अत्यन्त जुवाहा जोरावरका अगाडि त्यसका प्रतिद्वन्द्वी कुनै भएनन् । यसका शत्रुहरू डराउँदै लड्दथे । अगाडि सर्दैनथे, जो अगाडि सर्दथे त्यसलाई खुर र

लात्तीले हान्दथ्यो । त्यसलाई धक्का दिन्थ्यो । सेता, काला साँढेहरू मिःतथ्यो, तिनीहरू वु ाप बस्तथे । यस्तो जुवाहा वीर बखान (साँढे) थियो । 'नवाफ' नाम भएको साँढे र झ्याउलाल नाम भएको साँढे आपसमा मैथुन गर्दथे । 'नवाफ' ले झ्याउलाललाई नराम्रोसँग घोडा चढ्यो । यिनीहरूको लिङ्ग लामो र मोटो थियो । आपसमा मेख मारेर यिनीहरू मैथुनरत हुने। जसरी घोडीमा चढ्ने साँढेले रति प्राप्त गर्दथ्यो, त्यसरी नै यी साँढेहरू सम- लैङ्गिक मैथुन गर्दथे । मैथुन गर्दा गर्दा यिनीहरू हैरान हुन्थे । वीर वीर जवान साँढेहरू आपसमा लड्दथे । भोटेको छोरो घमासानसँग युद्ध गर्दथ्यो । गुमानसँग हल्लिदै जोरझुपट गर्दथ्यो । बागेश्वरीतिरको पनि घमासानसँग एक्लै होरो जुध्दथ्यो । चारैतिरबाट बयर (साँढे) लाई पिर्दथे । तारेले एक्लाएक्लै वीरलाई हैरान पार्‍यो । यी पाँचलाई मदमत्त भै बयेरलाई सवालाख पर्वतमा मारे । दक्षिणसम्म लघारेर लगे । अवर, वीर, हलचोकको तारे, माहाँलाई हान- हुण्ड पारे । कैले, पुत्ले, बलबन्तलाई जुक्तिपूर्वक खेदी रसुल्ले, गिठ्ठे, मोटे, ... लाई लडाइँमै कटकट दाँत बजाउँदै धपाए । विष्णुमती पारिको फुस्रेलाई ... पश्चिम दिशातिरै धकेले । अलग अलग धपाइएका यी साँढेहरूको चित्कार चारै दिशातिर पुग्यो । पाङ्ग्रेको क्षुद्रयाइँ क्षुद्रयाइँमै रह्यो । एक आँखो भएको कैलेको अवस्था के भयो ? सरस्वतीप्रसादको जाल (धाप गीलो भूमि) मा बैरीहरू फन्द (दाप) परे । ती वैरीहरूलाई सन्ताप बढ्यो । अवर, अवका, वीर, बोधे यी चार- लाई चोट पर्‍यो । चतुर्‍याइँले चारै दिशा कब्जा गरी सबैले बयेर र वीरलाई गोरे।

यी साँढेहरू जुधेको देखेर मानव समूहलाई आनन्द आयो । यिनीहरू ज्यादै घातक स्वभावका र बलिया थिए । यिनीहरूको तस्वीर लेख्ने हो भने हिमगिरि सदृश उच्च अङ्ग भएका देखिने छन् । यी साँढेहरू विन्ध्याचल र मन्दराचल पर्वतजस्ता अग्ला देखिन्छन् । यिनीहरूका अङ्गहरू कठोर छन् तर यिनीहरूको शिर सुन्दर छ । यिनीहरूका कर्णकोष उच्च शिखरबाट निःसृत समुद्रजस्तै देखिन्छन् । यिनीहरूका आँखा ज्वालासमान उज्वल छन् । सिङ पनि दुइ वटा तीखा पर्वतजस्ता शोभित छन्, तर ती (सिङहरू) कठोर छन् । ग्रीष्म ऋतुमा आएको हुरी झैं हान्निएका साँढेहरू पहाड पर्वतमा आफ्नो गतिलाई धेरै सुहाउँदो किसिमले हिँड्दछन् । यिनीहरूको पुच्छर ठूलो र डोलो छ । पर्वतको ... (वनस्पति) सदृश काँध उच्च छ । यी साँढेको खुर पत्थरजस्तै दह्रो छ । ... साँढे अहोरात्र रोमहर्षक खेल रचिरहन्छन् । यिनीहरूका शरीरबाट श्रीखण्ड आदिको सुगन्ध आइरहन्छ । सुमेरुपर्वतजस्ता कठोर र दह्रा यी साँढेहरू संधैंभरि युद्ध गर्न मन पराउँछन् । भगवान् शिवको रक्षा गर्न बसेका द्वारपाल झैं नन्दी

द्वारमा अनेक खेल खेलेर बस्तछन् । मैले बनाएको यो कविता कृत्य सबैले पढून् । यो रचना गर्न देवकी र यशोदाका पुत्र नन्दलाल (भगवान् श्रीकृष्ण) बाट अभिप्रेरित भएको हुँ । मेरो नाम पाँढे कवि राधावल्लभ हो । कल्याण होस् ! श्री कवित् समाप्त भयो ।

कवि राधावल्लभ अज्र्यालद्वारा रचिएको प्रस्तुत कविताको अर्थ खोज्दा उपर्युक्त अर्थ निकाल्न सकिन्छ । कतिपय ठाउँमा अर्थ निस्कन नसक्ता त्यत्तिकै छोडिएको छ । मूल कवित्का पङ्क्तिहरूका क्रममा यहाँ अर्थ खोज्ने प्रयत्न भएको हो । यस कवितामा भाषाका समस्या नै सबैभन्दा जटिल छ । लाक्षणिक अर्थ खोजेर कविता बुझ्ने चेष्टा गरिएको हो । अर्थ खोज्दा केही कथात्मकता र केही प्रतीकात्मकता निस्कन थालेको अनुभव हुन्छ । कविले साँढेहरूको जुधाइलाई मूल विषय बनाएका छन् तर त्यो साँढेको जुधाइ नै एक पटकको मात्र नभई पटक-पटकका घटनालाई समाविष्ट गर्न खोजिएको छ । यहाँ साँढेका स्वभाव र तिनीहरूका विशेषता दर्शाउने प्रयत्न भएको छ भने साँढेहरूका गुण र प्रकृतिलाई उधिन्ने चेष्टा गरिएको छ । साँढेहरू आपसमा लड्दछन्, भिड्दछन् र जुध्दछन् । यिनीहरूको भिडाइबाट दर्शक समुदायलाई मनोरञ्जन प्राप्त हुन्छ । त्यस वेला (करीव वि. सं. १८५४) तिर मानव मनोरञ्जनको माध्यम केही नहुँदा साँढेहरूलाई आपसमा जुधाएर आनन्द प्राप्त गर्ने शासक (राजा रणबहादुर शाह) बाट सर्वसाधारणलाई समेत ती कार्यमा रउस चल्दथ्यो । त्यस्ता शासकलाई प्रसन्न तुल्याउन केही कवि लेखकहरूबाट यस्ता कविताको रचना हुनु स्वभाविकै हो । कवि राधावल्लभले यसै उद्देश्य परिपूर्तिका निमित्त 'साँढ्याका कवित्' को रचना गरेका हुन् ।

कवि राधावल्लभ दरबारिया पण्डित थिए, यसैले यिनी राजाका निकटतम व्यक्ति मानिन्थे । राजाका आज्ञाबाट वा राजालाई त्यसै पनि प्रसन्न तुल्याउन यिनले यस कविताको रचना गर्न सक्छन् । अर्कातिर रणबहादुर शाहको समयमा नेपालमा एकीकरण अभियान तीव्र रूपमा अगाडि बढिरहेको हुँदा सोही कार्यलाई प्रतीकात्मक रूपमा कवि राधावल्लभले वर्णन गरेका हुन सक्छन् । राधावल्लभ शिवभक्त थिए । उनले गोर्खामा शिव मन्दिर स्थापना गरी एउटा घण्ट चढाएका र पशुपतिनाथको मन्दिरमा चाँदीको ढोका निर्माण गराएका कुराबाट सो कुराको पुष्टि हुन्छ । शिवभक्त भएकाले शिवजीको बाहन (वृषभ) को कौतूकमय वर्णन गरी शिवभक्ति प्रदर्शन गर्ने उद्देश्य राखेको पनि हुन सक्छ । कवित्को अन्त्यमा कृष्णजीको स्मृति कवित्को प्रारम्भमा गणेशजीको वन्दना देख्दा कवि राधावल्लभ शिवभक्त भए तापनि सनातन धर्मका देवदेवीको श्रद्धार्चनमा विश्वास गर्दा

रहेछन् भन्ने देखिन्छ । कवि राधावल्लभको साँढेको आपसी द्वन्द्ववर्णन एक प्रकार रोचक छ, तर कुराको पुनरुक्ति वा पिष्टपोषणले चाहिँ कतै कतै रूखो लाग्न पुगेको छ । यस कवित्को उत्तरार्द्धमा नवाफ र झयाउलाल नामक साँढेहरू को समलैङ्गिक मैथुनको वर्णन काव्योचित मर्यादालाई उल्लङ्घन गर्ने किसिमको देखिन्छ । यसबाट तत्कालीन नेपालमा समलैङ्गिक मैथुनको शुरुवात रहेछ भन्ने आशङ्का उत्पन्न भएको छ । यस कवितामा देखिएको अश्लील शब्दको प्रयोग हेर्दा रचयिताले आफ्नो गोप्य क्षणमा सरसता प्राप्त गर्न लेखेका हुन् कि भन्ने लाग्दछ । कम्तीमा पनि सार्वजनिक रूपमा यस कविताको प्रचार प्रसार होस् भन्ने उनको अभिप्राय थिएन कि भन्ने अनुमान गर्न सकिन्छ ।

नेपाली साहित्यको वीरधाराको परम्परामा यस कवितालाई जोड्न सकिए तापनि यसको मूल्यलाई उच्चता दिन सकिँदैन । प्रथमतः यस कविताले राष्ट्रिय चिन्तनको गहिराइलाई पक्रन सकेको छैन । यो साँढेहरूको जुधाइ र भिडाइको वृत्तमा साँघुरिएको छ । पशुहरू आपसमा जुधाइ मनोरञ्जन गर्ने रौस्याहा विनोदी स्वभाव भएका मानिसका समाजमा मात्र यस कविताको लोकप्रियता केन्द्रित रहेको देखिन्छ । हो, घरमा तास खेलेर बस्नुभन्दा रमणीहरूसँग गिजिएर दिन काट्नुभन्दा वा दुर्विचारको जालोमा अल्झिनुभन्दा साँढेहरूलाई जुधाएर आनन्द लिनु उत्तम कुरा हो केही शूरोपन पनि हो । तर यसैलाई वीरताको सोपान हो भन्न पनि गाह्रो पर्दछ । यसैले प्रस्तुत कवितालाई वीरधाराको उत्तराधिकारि रचना मान्नुभन्दा आवेशप्रधान कविता मान्दा उपयुक्त हुन्छ । कुनै कवितालाई वीरधाराको मान्नका लागि कम्तीमा त्यहाँ राष्ट्र, राष्ट्रियता, वीर चरित्र, वीरस्तुति, साहसिक कार्य प्रस्तुति, उत्साह, शौर्य, उदारता, विशालता, महानताजस्ता अनेकौं गुणहरूमध्ये केहीको प्रस्तुति हुनुपर्दछ । तर प्रस्तुत कवितामा पशुहरूको मूर्खतापूर्ण लडाइँको वर्णन छ, बलका आवेगको अभिव्यक्ति छ । कुनै असल कार्यका प्राप्तिका लागि वा खराब कार्यको निषेधका लागि पशुहरूको प्रयोग गरिएको भए पनि त्यसलाई वीर परम्परा भन्न सकिन्थ्यो यहाँ त्यस्तो केही छैन । वशवत् गायकले श्लील र अश्लील समेत नछुट्याई रतेली खेल्ने पाराले साँढेका चर्तिकलाको वर्णन गरेका छन् । यस्ता कवितालाई के के न पाइयो भनी हामीले उच्च मूल्याङ्कन गरी वीरधाराका परम्परामा संस्थापन गर्नुभन्दा वस्तुगत आलोचना गरी यस कविताको स्थान निरूपण गर्नु समसामयिक हुन्छ ।

तत्कालीन समय (१८५४ तिर) मा साँढेका विषयमा यत्तिको विस्तृत वर्णन गर्न सक्ने कविलाई अप्रतिभाशाली भन्न सकिँदैन, निश्चय नै कवि राधावल्लभ

प्रतिभावान् व्यक्ति हुन् । कविता लेखनका निमित्त यिनले जुन विषयको चयन गरेका छन्, त्यसलाई चाहिँ अतिउत्तम वा असाधारण कुरा हो भन्न सकिएन । उनले चयन गरेकै विषयलाई पनि तत्कालीन राष्ट्रिय परिवेश र राष्ट्रिय आवश्यकताका सन्दर्भमा प्रस्तुत गर्न सकिन्थ्यो तर राधावल्लभबाट त्यसो भएन । उनको उद्देश्य मनोरञ्जनमै सीमित रह्यो । सम्भवतः उनको उद्देश्य यी कवितालाई प्रकाशित गर्नु नभई आत्मरतिका लागि सीमित राख्नु नै थियो, तर उनका सन्तानबाट यो कविता फुत्कियो र आज हाम्रा समक्ष आइपुगेको छ । यसरी आइपुगेर यस कविताले हामीलाई तत्कालीन जनरुचिको विषयमा जानकारी प्रदान गरेको छ ।

यस कविताको उत्तरार्धमा अर्को खण्ड पनि छ, यस खण्डमा रणसुर, भादगाउँलेको अन्धाधुन्ध र अघोर घमासान जुधाइ भएको वर्णन छ । यिनीहरूको लडाइँबाट पृथ्वी नै डग्मग गर्न थाल्यो, पर्वतहरू नै काम्न थाले । सिङहरू फडफडाउन थाले । जुद्धा जुद्धा यिनीहरूका टाउकाबाट रगतै बग्न थाल्यो । रणभूमि नै रगताम्य भयो । यी साँढेहरूमा भादगाउँले साँढे नै विजयी भयो, रणसुरले वीरलाई हरायो । रगताम्य भएका सिंगहरू रक्तकमल झैं सुहाउन थाले ।

प्रस्तुत कविताका कवि राधावल्लभ अर्ज्याल हुन् कि पाण्डे हुन् भन्ने कुरा विचारणीय छ । कविताको उत्तरार्धमा 'पढै पाँडे कवि राधावल्लभ, यहि कृत्य किये' जस्तो पङ्क्ति आएको हुँदा कविको थर पाण्डे पो हो कि भन्ने प्रश्न उभिएको छ । यदि यी कवि अर्ज्याल भए यिनले पाण्डेका ठाउँमा अर्ज्याल लेख्ने थिए कि भन्ने सामान्य तर्क निकाल्न सकिन्छ ।

अज्ञात कविद्वारा लेखिएको भनिएको 'साँढ्याको कवित् –२' को विषयवस्तु, प्रस्तुतीकरण, भाषा आदि हेर्दा एउटै कविले लेखेको जस्तो प्रतीत हुन्छ । यसमा सेतो माले, तीखे, कालो तीखे, महावीर, अडिल, वीर, एकरा, हात्तीपाइले, वीरभैरव, दार्म्या, रातो तीखे, अँरिगाले, अविजाले, तिल्के, वीरभद्र गंगटे, रातो माले, फटवटे, रातो भाले, चौरे, चोर, लुटिकोटे, भेमसीने, डम्बरे, तारे, कँले, गाडे, पचारी, गोटे, फुले, माले, पाङग्रे, विजोरे, गोरे, कथुरे आदि नाम भएका साँढेहरूको वर्णन छ । कुनै ललितपुर पाटनका छन् भने कुनै चाहिँ कीर्तिपुरका । यसै कवित्को उत्तरार्धमा 'रणसुर माहाविरः उमेर्छ वर्स वाइस्का' लेखिएको देख्ता यस कवित्ले श्री ५ रणबहादुर शाहलाई लक्ष्य गरेको अनुमान हुन्छ । अघिल्लो कवित् र यस कवित्मा समेत रणसुर शब्द प्रयोग भएको देख्ता दुवैका लेखक एउटै हुन् कि भन्न सजिलो परेको छ । यस कवित्ले रणसुरको उमेर बाइस वर्ष भएको देखाउँछ । यी रणसुरको अनुहार रातो सूर्यजस्तो छ ।

यिनका हात कठोर र विशाल छन् । यस्ता छन् हाम्रा साथी भनेर कविले खण्डकथनमा भनेको देख्ता कविको यस उक्तिलाई महत्त्वपूर्ण सूचना मान्न सकिन्छ । अब यसै सूचनाका आधारमा 'रणसुर' भनेका रणबहादुर शाह हुन् कि खोजिएको हो । रणले उनको नामको अग्र शब्दलाई यथावत् राखेको छ भने शब्द समस्त शब्दको रूपमा रहेको देखिन्छ । यस शब्दलाई विग्रह गर्दा हुन्छ - रणमा सुरो अर्थात् रणबहादुर । उमेर बाइस वर्ष भए भनिएको हुँदा कविता लेखेको समयमा उनको उमेर बाइस वर्षको भएको थियो भन्ने जनाउँछ । यस अनुसार यस कविताको रचना समय हुन आउँछ वि. सं. १८५४ ... अर्कातिर यस कविताका रचयिता श्री ५ रणबहादुर शाहका साथी रहेछन् भन्ने पनि खुल्न आएको छ । अघिल्लो कविता र यस कवितामा कविताको अन्त्यमा अश्लील शब्दहरूको प्रयोग र समलैंगिक मैथुनको वर्णन परेको देख्ता पनि दुवै कवि एउटै रहेछन् कि भन्न सजिलो भएको हो । फेरि पाधको वर्णनमा समान छ ।

अज्ञात कविद्वारा लेखिएको भनिएको 'साँढचाको कवित् -३' मा साँढेका नाउँहरू मिल्न गएका छन् । गोर्खाको कालो अडिल, अग्नि, राते, ... चोकको कैले, सेते, राते, तिखे, रिट्ठे, कैले, लगाहा, दाम्र्या, काफल्या, ... कयुले, डल्ले, माले, बडे गुमानी आदि नामका साँढेको वर्णन छ । यी साँढेको जुधाइको सामान्य चर्चा र तिनीहरूका क्रियाकलापको प्रस्तुति हेर्दा तीनवटै कविताका रचयिताकाबीच कुनै न कुनै सम्बन्ध भएको अनुमान हुन्छ । साँढेको ... स्वभाव र तिनीहरूको रूपरंगलाई कवित्को वर्णनीय विषय बनाएको छ । ... सबै कुरा मिलाउँदा र भिडाउँदा 'साँढचाका कवित्' हरू एउटै कविका रचना प्रतीत हुन्छन् । त्यसैले यिनीहरूका लेखक राधावल्लभ अर्ज्याल नै हुन् भन्ने निष्कर्षतिर पुग्न मन लाग्दछ । तेस्रो कविताको अन्त्यमा विर्ता पाउनका लागि कविले यो कवित् रचेको भन्ने उद्देश्य देखिएको र राधावल्लभ स्वयं सम्पन्न ... हुँदा उनले राजासँग विर्ता माग्नुपर्ने कारणमा संगति नदेखिएकोले यो ... रचना होइन भन्ने तर्क उपयुक्त छ । तर मानिसलाई धनले कहिल्यै ... राजामन्दा आफूलाई सदैव आर्थिक रूपले कमजोर नै देखाउने शिष्टता ... हुँदा राधावल्लभले शिष्टतावश नै विर्ताको कुरो उप्काएका हुन भन्नुपर्ने ... छ । त्यति एउटा कुरालाई आधार मानेर अन्य सम्पूर्ण मिल्दा कुरालाई अस्वीकार गर्दा एउटा महत्त्वपूर्ण तथ्यबाट कोल्टे परिने पो हो कि भन्ने सम्भावना ... हुँदा यी तीनै साँढचाका कवित्लाई एउटै व्यक्तिले लेखेको मान्ने धृष्टता ... छ । यस क्रममा तीनवटै कवित्का रचयिता राधावल्लभलाई नै मानिएको ...

४.१० रामभद्र पाध्या रेग्मी र उनका कविता

प्राग्भानुभक्तीय युगका कवि रामभद्र पाध्या रेग्मीका सम्बन्धमा जगदीश चन्द्र रेग्मीले नेपाली अध्ययनमा केही कुरा खुलाएका छन्। यिनी वि. सं. १८०० तिर जन्मेका थिए। यिनले संस्कृतको अध्ययन गरेको बुझिन्छ। रामभद्रले गद्यमा 'लक्ष्मी–धर्म–संवाद' र पद्यमा 'वधूविनयाष्टकम्' को रचना गरेको देखिन्छ। यिनका रचनालाई वि. सं. १८५१ तिरको मानिएको छ। रामभद्र रेग्मीको 'वधूविनयाष्टकम्' लाई नैतिक काव्यका रूपमा हेरिएको छ।

प्रस्तुत काव्यमा शार्दूलविक्रीडित र मालिनी छन्दको प्रयोग भएको छ। मालिनीमा एउटा मात्र श्लोक छ, शार्दूलविक्रीडितमा पाँच श्लोक छन्। खण्डित श्लोकसमेत जम्मा गर्दा आठ श्लोक भएको प्रस्तुत काव्यमा बुहारीहरूलाई अर्ती उपदेश दिइएको छ। यस्तो अर्ती उपदेशमा आदेशात्मक शैली अपनाइएको छ। उपदेश यस्तो छ– खँ ! गर्दा तुष मान्ने गर। सीप भएमा सबैले स्यावासी दिन्छन्, पिता माताको पनि नाम चल्छ। मन लगाएर काममा लाग्नू। मान्यजनलाई टहल चाकरी गर्नु र गौरीको मनैमन स्तुति गर्नू। लाज, गाल र भयले मनलाई कज्याइ-रहनू। ठूलो शब्द गरी नहिड्नू, दुःख भए पनि मनमा धेरै पीर नगर्नू। साँझमा बिरामी भए पनि उठ्नू, अल्छी मानी नसुत्नू। आफ्नो घरको काम गर्नू, मान्य-जनको भक्ति गर्नू। कामको ख्याल गर्नू। गाल पर्ने कुरादेखि डराउनू। रसिला कुराबाट मानिसको मनलाई वशमा पार्नू। दुष्टहरूबाट टाढै बस्नू। सरसामान चिनेर छोपेर राख्नू। दिंदा नपोखी दिनू काम हेरेर। सज्जन मानिसलाई आफ्नो बुद्धिअनुसार सेवा सुसार गर्नू। इत्यादि बुहारीहरूले पालन गर्नुपर्ने उपदेश आठ श्लोकमा भनेको छ। यी उपदेशलाई पालन गर्ने बुहारीको पृथ्वीभरिका मानिसले गुणगान गर्नेछन्। पूर्वजन्मका कमाइले जस पनि पाउनेछन् भाग्य पनि खुल्नेछ।

यिनका सम्बन्धमा जगदीशचन्द्र रेग्मीले संक्षिप्त टिप्पणी गरेका छन्– "आफूले पाएको रामभद्र कविको मूल रूप यही हो। यसको साहित्यिक समीक्षा हाल गरिएन। यी श्लोकका लेखक रामभद्र कविको उपयुक्त परिचय पनि दिन सकिएन। यौटा प्रस्तावको रूपमा यी रामभद्र कविलाई लक्ष्मीधर्मसंवादका लेखक रामभद्र रेग्मी (?) नै मान्न सकिने कुरा बुझिन्छ। यो कुरो मान्ने हो भने यिनको समय लक्ष्मीधर्म संवादका लेखकलाई चिनाउने गरिए कैं सं १८५१ तिर मान्नुपर्ला भन्ने लाग्दछ।[२१]"

२१. डा. जगदीशन्द्र रेग्मी, नेपाली अध्ययन काठमाडौं, साझा प्रकाशन, वि. सं. २०३१ पृ. ७६।

४.११ दैवज्ञकेशरी र उनको कविता

सत्यधर अर्ज्यालका नाति चक्रपाणि अर्ज्यालका छोरा दैवज्ञकेशरी अर्ज्याल को जन्म वि. सं. १८२५ श्रावणकृष्ण द्वादशी तिथि मङ्गलवारका दिन भएको थियो । वि. सं. १८४३ सालमा काशीमा पढ्न गएका दैवज्ञकेशरीले १८५१ सम्म अध्ययन गरी स्वदेश फर्केका थिए । यिनले वि. सं. १८५६ को वैशाख शुक्ल तृतीयाका दिन राजगुरुको पदवी पाएको देखिन्छ । वि. सं. १८५७ साल जेष्ठ शुक्ल दशमी (गङ्गादशहरा) का दिन धादिङको ज्वालामुखी माइस्थानमा यिनले १ धार्नी १ सेरको घण्टा चढाएका थिए । यिनलाई श्री ५ रणबहादुर शाहले मरेको बारा जिल्लामा ९०० विघा जग्गा दान दिएका थिए । वि. सं. १८९३ कार्तिक महीनासम्म यिनी जीवित देखिँदा लगभग ६८ वर्षसम्म बाँचेको अनुमान हुन्छ ।

काशीमा यिनले संस्कृतको अध्ययन गरेर आएका थिए । यहाँ (नेपाल) आउनासाथ राजगुरुको उपाधि पाएका हुँदा उनको आर्थिक अवस्था निकै राम्रो थियो भन्न सकिन्छ ।

दैवज्ञकेशरी अर्ज्यालले संस्कृतमा कुलचन्द्रिका (२०१३) लेखेका छन् । यिनले गोरक्षयोगशास्त्र तथा अश्वशुभाशुभपरीक्षा नामक ग्रन्थ समेत लेखेका छन् । यी ग्रन्थहरू अमुद्रित अवस्थामा छन् ।

'कवि पण्डित' भन्ने उपनामबाट चिनिने दैवज्ञकेशरी अर्ज्याल नेपाली भाषाका पक्षपाती थिए । बुइँगलमा उद्धृत उनले "गोरक्षगुरु" शीर्षकको कवितामा उनले स्पष्ट शब्दमा भनेका छन्–

भाषा हो भनी हेलना जति गरून् शब्दार्थ जान्याहरू ।

कवि दैवज्ञकेशरीले मुक्तिको मार्ग 'योग' हो भनेका छन् । यो संसार अनेक जाल प्रपञ्चको रचना हो । ठूला ठूला मुनिजनहरू योगकै माध्यमबाट संसार सागर तरेका छन् । गुरु गोरखानाथका कृपाले योगसम्बन्धी बुद्धि प्राप्त होस् । कर्णेल रणवीरलाई बुझाउन मैले यो (योगशास्त्र) भाषा (नेपाली) मा बनाएको हुँ । कतै विस्तारपूर्वक र कतै संक्षिप्त रूपमा व्यक्त गरिएको यस तत्वज्ञानको सारार्थ मात्र प्रकट गरिएको छ । मलाई यो ग्रन्थ रचना गर्न गुरु गोरखानाथको कृपा भएको हो । यस रचनाबाट योगीजन प्रसन्न रहून् । नेपाली भाषामा लेखेको भनी शब्दार्थ (संस्कृत शब्द र त्यसको अर्थ) जान्नेहरूले अपहेलना नगरून् । योगाभ्यास नगरी शब्दार्थले मात्र रहस्य बुझ्न ज्यादै कठिन हुन्छ ।

शाके १७४२ को चैत्रशुक्ल महाअष्टमीका दिन (वि. सं. १८७७,

महीता) कान्तिपुर (काठमाडौं) मा बसी यो ग्रन्थ तयार गरें। गोरक्षशतक महा अतुल हुँदाहुँदै पनि भाषा (नेपाली) मा यस ग्रन्थलाई अपूर्व ठहराई मन्त्री श्री रणवीर सिहको आज्ञाबाट रचना गरेको हुँ।

शार्दूलविक्रीडित र शिखरिणी छन्दमा लेखिएका यी कविताहरू योगाभ्यास र तत्त्वज्ञानका निमित्त भन्दा नेपाली भाषाका प्रयोगका दृष्टिले मूल्यवान् देखिन्छन्। योगजस्तो रूखो विषयलाई कविले सरस नेपाली भाषामा प्रस्तुत गरेका छन्। गुरु गोरखनाथको महिमा प्रकट गरेर कविले स्वराष्ट्रिय सिद्ध वा महात्मासँग चिनाजानी गराएका छन्। त्यसै गरी कविता रचना हुँदाको समय किटान गरिदिएर तत्कालीन वस्तुस्थितिको अध्ययनलाई सुगम बनाइदिएका छन्। कवि दैवज्ञकेशरीलाई नेपाली भाषामा कविता रचना गर्न उत्प्रेरित गर्ने रणवीर सिह (थापा ?) पनि उत्तिकै स्मरणीय देखिन्छन्। निश्चय नै त्यस वेला (१८७७ तिर) नेपालीभन्दा संस्कृतको महिमा बढी मानिन्थ्यो। त्यसो भए तापनि संस्कृतका विद्वान् कवि दैवज्ञकेशरीले नेपालीमा लेख्ने जुन आँट गरे त्यो महिमापूर्ण रहेको छ। नेपाली भाषाप्रति उनको अगाध निष्ठा देखेर तारानाथ शर्मा भन्दछन्– "...ती व्यक्ति नेपाली भाषा भनेपछि हुरुक्क हुन्थे।"[२२] बालकृष्ण पोखरेलबाट पनि उनका विषयमा महत्त्वपूर्ण अनुसन्धान भएको छ[२३] भने कमल दीक्षितबाट उनको कृतिको यथेष्ट संरक्षण भएको छ।

४.१२ गुमानी पन्त र उनको कविता

भारतको नैनीताल जिल्लामा काशीपुर भन्ने ठाउँ छ। यसै ठाउँमा वि. सं. १८४७ साल फागुन २७ गतेका दिन पं. देवीदत्त पन्तका छोराको जन्म भयो। नवजात शिशुको नाम राखियो– लोकरत्न पन्त। यिनै लोकरत्न नै नेपाली साहित्यमा गुमानी पन्तका नामले प्रसिद्ध भए। यिनको जन्म भएको वर्ष १८४७ देखि १८७२ सम्म कुमाउँमा नेपालको आधिपत्य कायम भएको थियो। यस अवधिमा त्यहाँ घेरथोर नेपाली भाषाको प्रचार भएको थियो। राजधानी काठमाडौंबाट कुमाउँका लागि बडाहाकिमको नियुक्ति भई कुमाउँ जाँदा सनद-सवालहरू पनि नेपाली भाषामै जारी गर्दथे। यसले गर्दा कुमाउँका मानिसहरूले घेरथोर नेपाली भाषा सिक्न थाले। क्रमशः जनमानसमा नेपाली भाषाले जरो गाड्न

२२. डा. तारानाथ शर्मा, पूर्ववत् पृ. २१।
२३. हेर्नुहोस् नेपाली पूर्णाङ्क ५१।

थालेकै हुँदा गुमानी पन्त जस्ता प्रतिभाशाली कविले नेपाली भाषामा कलम चलाउन थालेका हुन् ।

गुमानी पन्तले आफ्ना पितामह र पिताबाट घरमै शिक्षा प्राप्त गरेका थिए। उनले संस्कृत भाषाको ज्ञान आर्जन गरे, जसको माध्यमबाट गुमानी आयुर्वेद र ज्यौतिषशास्त्रका समेत अध्येता बन्न पुगे । चौबीस वर्षसम्म निरन्तर अध्ययन गरिसकेपछि उनको विवाह भयो । तर १२ वर्षसम्म ब्रह्मचर्यमा रहने उनको सङ्कल्प भएकोले त्यसलाई पनि पूरा गरेरै छाडे । संस्कृत र हिन्दी भाषाका कवि गुमानीले वि. सं. १९०४ साल आषाढ कृष्णाष्टमीका दिन ५७ वर्षको उमेरमा देहत्याग गरे ।

गुमानी पन्तले संस्कृत र हिन्दीमा कविता लेखेका छन् त्यसका अतिरिक्त कुमाउँ र गढवाली भाषामा पनि उनको कवित्वको प्रयोग भएको छ । हिन्दीको खडीबोलीमा गुमानी पन्तलाई प्रथम कविको स्थान प्राप्त छ । उनले वि. सं. १८६६ सालदेखि नेपाली भाषामा कविताहरू लेख्न थालेको देखिन्छ । गुमानी पन्त तत्कालीन राजाहरूबाट सम्मानित थिए । उनको कीर्ति टाढा टाढासम्म फैलिएको थियो । नयाँ गोर्खाली शासकलाई रिझाउन उनले नेपालीमा लेखन गरेको अनुमान गरिएको छ ।[२४] उनले टिहरीका राजा सुदर्शन शाहदेव, पटियालाका राजा कर्णसिंह, अल्वरका राजा वेनसिंह, नाहानका राजा फत्तेहप्रकाशको प्रशंसामा काव्य निर्माण गरेको देखिँदा उनमा चाटुकारिताको प्रवृत्ति रहेको देखिन्छ । नेपाली इतर मातृभाषा भएका गुमानी पन्तले नेपालीमा कविता लेख्नु गौरवकै विषय हो । उनमा स्वाभाविक रूपले तत्कालै कविता रचन सक्ने गुण थियो । ससाना कागतका खोष्टामा धेरै श्लोक लेख्थे गुमानी पन्त । उनी श्रृङ्गार र हास्य रसका प्रयोक्ता थिए । यिनका कवितामा नीति, उपदेश, देवदेवीका स्तुति पाइन्छन् । लहडी स्वभाव भएका पन्त चञ्चल थिए, त्यसैले उनले धेरै विषयमा कविता पनि लेखे । गुमानी पन्तले शास्त्रीय छन्दहरू शार्दूलविक्रीडित, मालिनी, आर्या, स्रग्धराका अतिरिक्त दोहा, कुण्डली, चौपाई, शेर आदिको पनि प्रयोग गरेका छन् । यिनको वर्णनपटुता स्पष्ट देखिन्छ । यी यथार्थवादी थिए । स्वभावोक्ति र व्याजस्तुति अलङ्कारको प्रयोग गर्ने गुमानी पन्त रसिला कवि थिए। गुमानी पन्तले लेखेका कृतिहरूको नामावली यस्तो छ–

१) रामनाम पञ्चपञ्चाशिका	२) राममहिमा वर्णन
३) गंगाशतक	४) जगन्नाथाष्टक

---

२४. डा. ईश्वर बराल, नेपाली पूर्णाङ्क –२४, वि. सं. २०२२, पृ. ३७-४३ ।

५) कृष्णाष्टक	६) रामसहस्र गढादंडक
७) चित्रपदावली	८) रामहिमन
९) रामाष्टक	१०) कालिकाष्टक
११) रामविषयभक्तिविज्ञप्तिसार	१२) तत्वविनोदिनीपञ्चपञ्चाशिका
१३) नीतिशतक शतोपदेश	१४) रामविषय विज्ञप्तिसार
१५) ज्ञानभैषज्यमंजरी	१६) सत्रन्जाष्टकम्
१७) गन्जफाक्रीडापद्धति	१८) तिथिनिर्णय
१९) आशौचनिर्णय	२०) आचारनिर्णय
२१) फुटकर नेपाली श्लोक ।	

कवि गुमानी पन्तले लेखेका उपर्युक्त कृतिहरूमध्ये नेपाली फुटकर श्लोकहरूले नै उनलाई नेपाली साहित्यमा अवतरित गराएका हुन् । उनका ती फुटकर कवितामा नेपाली शासकलाई प्रशंसा गरिएको छ भन्ने अर्थ लगाइएकोमा अर्थ र अभिप्राय हेर्दा त्यसको विपरीत अर्थ देखिन गएको छ । कवि गुमानी पन्त रामका उपासक भएको कुरो माथिका कृतिहरूको विवरणबाट खुलेको छ । नेपाली कवितामा कवि गुमानी पन्तलाई व्यङ्ग्यप्रधान कविका रूपमा लिन सकिन्छ । गोर्खाली सैनिकहरूले आफूले जितेका कुमाउँ, गढवाल क्षेत्रका जनताहरूलाई अनेक प्रकारले दुःख दिएका, तिनीहरूको धन सम्पत्ति लुटेका, नारीहरूको इज्जत आब्रु नष्ट पारेका, कुमाउँ गढवालका वन प्रान्तमा पाइने ऋतुअनुसारका फलफूल आदिको वर्णनसमेत गरेका कविताहरू निकै रोचक छन् । गुमानी पन्तले लेखेका कविताको संख्या १२ छ । यी कविताहरूमध्ये "दिन दिन खजनाका भारीका बोकनाले" भन्ने कविता चाहिं सबैभन्दा प्रसिद्ध देखिन्छ । यसै कविताको अन्त्यमा कविले 'धन्य गोर्खाली राजा' भनेका हुँदा यस भनाइलाई तारानाथ शर्माले गोर्खालीहरूको वीरताको प्रशंसा गरेको ठानेका छन् ।[२५] उता कमलमणि दीक्षित त्यस उक्तिमा त्यसवेलाका नेपाली कुमाउनी जनताको भावना बोलेको देख्तछन् ।[२६] ईश्वर बराल यस भनाइमा व्याजस्तुति पाउँछन् ।[२७] दयाराम श्रेष्ठ गोर्खाली शासनप्रति व्यङ्ग्य ओकलेको ठान्दछन् ।[२८]

गुमानी पन्तले कुमाउँनी र हिन्दीमा समेत कविता लेखेका हुँदा उनका

२५. डा. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास पूर्ववत्, पृ. २२ ।
२६. कमलमणि दीक्षित बुइँगल पूर्ववत्, पृ. ३२८ ।
२७. डा. ईश्वर बराल, नेपाली पूर्ववत् (पूर्णाङ्क २४) पृ. ३७–४३ ।
२८. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता पूर्ववत्, पृ. ६१ ।

सम्बन्धमा हिन्दीमा पनि पर्याप्त अनुसन्धान भएको छ। अल्मोडा कलेजका देवी दत्त पाण्डेले ई. सन् १९७३ मा "कवि गुमानीरचित संस्कृत और भाषा काव्य" नामक ग्रन्थमा उनका विषयमा पर्याप्त प्रकाश पारिसकेका छन्।[२८] यसै हुँदा गुमानी पन्तले लेखेका श्लोकमा नेपाली राजाको प्रशंसा गरिएको हो अथवा व्यङ्ग्य गरिएको हो भन्ने प्रश्नमा विचार गर्दा व्यङ्ग्य नै हो भन्ने कुरा स्पष्ट भएको छ। किनभने गोर्खाली सेनाले विजित क्षेत्रका नागरिकहरूलाई अलि अति त अवश्यै सताएका थिए होलान् ? त्यस बाहेक विजित क्षेत्रबाट बहुमूल्य वस्तुहरू समेत ओसार्नु स्वाभाविकै हो भने अर्कोतिर कुमाउँका नागरिकहरू नेपाली आधिपत्यबाट मुक्ति पनि चाहन्थे भने त्यस ठाउँका कविले जनताको मर्मलाई व्यङ्ग्य-मिश्रित उक्तिमा प्रकट गरे भन्दा अत्युक्ति हुने छैन। सोझै गोर्खालीको विरोध गर्नु अवश्यै निरापद थिएन। सुषुप्त जनतालाई जगाउन चतुर कवि गुमानीले व्याज-स्तुतिका माध्यबाट नै सम्भव ठाने भन्दा उपयुक्त देखिन्छ।

यिनले गङ्गाका किनारको उब्जाउभूमिको रोचक वर्णन गरेका छन्। एउटा श्लोकमा रामको स्तुति, अर्को श्लोकमा भोजनको वर्णनात्मक प्रस्तुति गरेका छन्। त्यसै गरी सीताको विलाप, दुर्योधनको दुर्बुद्धिको वर्णन गरिएका एक एक श्लोक भेटिन्छन्। एउटा श्लोकमा कुनै शिवपूजक, कुनै गणेशपूजक, कुनै भवानीका उपासक छन् भने आफूचाहिं रामोपासक भएको कुरा गुमानीले किटान गरेका छन्। यिनले गरेको काफल फलको वर्णन निकै नै अर्थपूर्ण छ। 'छोरा आफ्नु मर्नु चाहिं त बरू मितेको छोरा मरोस्' यिनको विनोदपूर्ण कवितांश हो, जसले नेपाली उखानको रूप लिएको देखिन्छ। यिनले एउटै कवितामा हिन्दी, कुमाउँली, नेपाली र संस्कृत भाषाको प्रयोग गरी कविता बनाएका छन्।

गुमानी पन्तका कविताहरू संख्यात्मक रूपले थोरै भए तापनि ती एक से एक रमाइला छन्। प्रत्येक कविताले एउटा न एउटा विनोदी स्वभाव लिएका छन्। मूल रूपमा कवि आध्यात्मिक छन्. तर उनको चेतना समसामयिक स्थितिप्रति संवेदनशील देखिन्छ। कवि गुमानी पन्तभित्र युगसापेक्ष भावना तरलित छन्। यिनका कविता हेर्दा यिनी ईश्वरवादी देखिन्छन् भने अर्कोतिर भोजनप्रिय पनि। गोर्खाली राजाप्रति व्यङ्ग्य गरेको देख्ता यिनमा विद्रोहको राँको दन्किरहेको देखिन्छ।

यसरी प्राग्भानुभक्तीय युगका कवि गुमानी पन्त धार्मिक, नैतिक, उपदेशात्मक, प्रकृतिका चित्रकार र जीवनमा सुरुचिप्रिय व्यक्तिका रूपमा देखिएका छन्।

---

२८. कमल दीक्षित, ऐजन्।

उनमा युगीन आक्रोश र जातीय चेतना प्रबल रूपमा भेट्टाउँदा उनको सचेत मन-स्थिति प्रमाणित भएको छ ।

४. १३ लक्ष्मीनारायण र उनको कविता

अज्ञात समयमा जन्मी अज्ञात समयमै परलोक गएका कवि लक्ष्मीनारायण नेपाली साहित्यका एक स्रष्टा अवश्य हुन् । यिनको कविता पढ्दा यी धार्मिक आस्था भएका कवि थिए भन्ने पत्ता लाग्दछ । कवि लक्ष्मीनारायणले लेखेर छोडेको 'हरिश्चन्द्र विलाप' खण्डकाव्य हो भनी अनुसन्धाता ज्ञानमणि नेपाल र दयाराम श्रेष्ठले स्वीकार गरेका छन् ।

उपलब्ध खण्डकाव्यमा अयोध्या नगरमा रामको अवतार भएको उल्लेख छ । रामको जन्म हुँदा ठूलो हर्ष मनाइयो, तेत्तीसकोटी देवताहरू पनि रामको मुहार हेर्न आए । त्यति मात्र होइन– तीन त्रिलोकका मानिसहरू नै ओइरिए । राजा दशरथले हजार ऋषिहरू बोलाई मङ्गलवाचन गराए । खुशी भएर राजा दशरथले आफ्नो सम्पूर्ण राजपाठ रामलाई दिए । त्यसै गरी रावणले सीता अपहरण गरेको, सीताको खोजी गरिएको आदि घटनालाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको छ । राजा हरिश्चन्द्रका छोरा रोहितलाई फूल टिप्न जाँदा नागले डस्तछ । माताले यस कुराको खबर पाइनन् । एउटी आमाले अर्काको घरमा पुगी नोकर्नीलाई खबर पठाई । दिनान्तमा खबर पुगेपछि आमा विचलित भइन् । उनलाई एकपछि अर्को विपत्तिहरू पर्दै गए । रोहितको प्राण गयो ।

पुराणमा वर्णित कथालाई कवि लक्ष्मीनारायणले नेपाली भाषामा प्रस्तुत गरेका छन् । नेपाली र मैथिली भाषाको संमिश्रण भएको यस कवितामा दोहाको शैलीसमेत प्रयोग गरिएको छ । प्रस्तुति र भाषिक संयोजन हेर्दा कवि लक्ष्मी-नारायण तराई क्षेत्रका निवासी थिए कि भन्ने शङ्का उब्जन्छ ।

नेपाली साहित्यको इतिहासमा 'गीतगोविन्द' (१७८३) का प्रतिलिपिकार, 'श्रुतबोध' (१८४९) का टीकाकार, शक्तिवल्लभ अर्ज्यालका पिता, वाणेश्वर महादेव (१८५०) का संस्थापक, 'महाज्ञान मुद्रा कथाहा' (१८५८) लेख्ने र प्रस्तुत 'हरिश्चद्रविलाप' (१८७३ पूर्व का कविसमेत ६ जना लक्ष्मीनारायणहरू देखिएका हुँदा कुनै लक्ष्मीनारायणमा कुनै लक्ष्मीनारायण गाभिने पनि सम्भावना हुन्छ । 'हरिश्चन्द्रविलाप' का लक्ष्मीनारायण अरू लक्ष्मीनारायणभन्दा अवश्य नै भिन्न छन् । यी लक्ष्मीनारायणले रामभक्तिपरक काव्यलाई कथात्मकताका सूत्रमा उनेर केही विस्तृतता दिएका छन् । यस काव्यमा विद्यार्थी जस्तो आधुनिक शब्दसमेत देख्ता प्रतिलिपि कालमा थपिएको होला भन्ने मन लाग्दछ । राजा हरिश्चन्द्रको

जगत् प्रसिद्ध गाथालाई यसमा विषयबद्ध गरिएको छ । राजा हरिश्च देवताहरूद्वारा गरिएको परीक्षणमा सफल हुन्छन् र कष्टको कथा सुनाएर श्रोि सान्त्वना दिएको गर्भ कथा उनिएको छ । शिल्पगत चरित्रबाट यस कविताला वीरश्रेणीमा पुऱ्याइएको छ ।

४. १४ इन्दिरस र उनको कविता

नेपाली साहित्यमा कृष्णभक्ति परम्पराको जग हाल्ने कवि हुन् इन्दिरस यिनको जन्ममिति र जन्म स्थानसमेत अज्ञातै छ । यिनी श्रीमद्भागवत मह पुराणका अध्येता र संस्कृतका प्रकाण्ड विद्वान् थिए भन्न सकिन्छ । इन्दिरस कृष्णभक्तिको प्रभाव थियो । यिनले श्रीकृष्णका बाल्यजीवनका घटनामा आधारि कथावस्तुलाई अनुवाद गरेका छन् । श्रीमद्भागवत महापुराणको दशम स्कन्ध पूर्वार्द्धको एकतीसौं अध्यायमा गोपिकाहरूले गरेको कृष्णस्तुति भक्ति परम्परा अत्यन्त प्रसिद्ध रचना हो । यसमा कृष्णप्रति गोपिकाहरूको अत्यन्त प्रात्मीयता र हार्दिकता झल्किएको हुँदा मूलपाठमा पर्याप्त मृदुता पाइन्छ । यस कविताको पाठ गर्दा धेरैजसो भक्तहरू भावविभोर बन्दै हर्षाश्रु प्रेमाश्रु, वियोगाश्रुसमे खसाउँछन् । यस कविताले भक्तजनका हृदयलाई आन्दोलित बनाउँछ । इन्दि छन्दमा लेखिएको उक्त कविता संस्कृतमै भए पनि सुललित, मृदु र सरल देखिन्छ नेपालमा श्रीमद्भागवतलाई सप्ताहव्यापी अनुष्ठान गरी सुन्ने सुनाउने प्रचल अत्यधिक लोकप्रिय छ । ग्रामीण इलाकामा समेत यसको प्रचार प्रसार हुनाले श्रीमद्भागवतका धेरै कथाहरू नेपाली जनमानसमा सुस्पष्ट छन् । भागवतको प्रचार नेपालमा मात्र नभई भारतमा समेत व्यापक रूपमा भएको थियो । भारत मा मुस्लिम शासकहरूले हिन्दू धर्मावलम्बी जनतालाई ठूलो धार्मिक सङ्कट पारे । तिनीहरूका अत्याचारका विरुद्धमा राम र कृष्णका आदर्शलाई आधार बनाई आत्मबलको सृष्टि गरियो । भारतको प्रभाव नेपालमा पनि पर्दै गयो श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणका अभियानमा धेरै वीरहरू आत्मबलिदान गरेका थिए । ती वीरहरूका परिवारमा ठूलो शोक र हाहाकार मच्चिरहेको थियो । पृथ्वीनारायण शाहपछि राजा हुने श्री ५ प्रतापसिंह शाहको शासनकाल अत्यल्प रह्यो । त्यसपछि राजा हुने रणबहादुर शाह पनि नाबालक हुँदा नेपालको एकीकरण कार्य द्रुतगतिमै अगाडि बढ्दै गयो । जब रणबहादुर वयस्क भए त्यसपछि उनमा विलासी प्रवृत्तिले जरा गाड्दै जाँदा दरबार प्रजाजनमा पनि त्यस प्रवृत्तिको प्रभाव पर्दै गयो । प्रजाजनबाट विलासी प्रवृत्ति लाई सोझै व्यक्त गर्नु लज्जाजनक मानिने हुँदा भक्तिको मार्ग अवलम्बन ग

त्यसको प्रकटीकरण गरियो । यसै पृष्ठभूमिमा कवि इन्दिरसले भागवतको गोपिकास्तुतिलाई नेपालीमा अनुवाद गरी नेपाली जनमानसमा प्रचार गरे ।

इन्दिरसको खोजी गर्ने प्रथम व्यक्ति इतिहास शिरोमणि बाबुराम आचार्य हुन् । पुराना कवि र कवितामा इन्दिरसको 'गोपिकास्तुति' वि. सं. २००३ सालमा प्रकाशित भएपछि नेपालीका अनुसन्धाताहरूमा ठूलो जिज्ञासा उत्पन्न भयो । फलतः बालचन्द्र शर्मा र ईश्वर बरालले उनका कवितामा आफ्नो चिन्तन ऊर्जालाई प्रयोग गरे । शर्मा र बरालको चिन्तनले इन्दिरसका कविताको मूल्य निरूपण भएको छ । इन्दिरसका उपस्थापक बाबुराम आचार्यले 'गोपिकास्तुति' लाई नै प्रथम नेपाली कविता मानेका छन् ।[३०] नेपाली आदिकविका विषयमा मन्थन गर्दै बाबुराम आचार्य इन्दिरसलाई 'आदिकवि' चाहिँ स्वीकार्न चाहँदैनन् । उनका विचारमा 'काव्यबाट रस टप्किनुपर्दछ' । यिनका विषयमा बाबुराम आचार्य अलिक कठोरै भएका छन्– 'इन्दिरस आदिका कवितावलीहरू छोटामोटा हुनाले काव्यमा गनिन सक्तैनन्, उसमाथि यिनका कवितावलीहरूमा रस भरिएको नहुनाले यिनीहरूलाई वास्तवमा कविमा गन्ती गर्न सकिंदैन ।'[३१] बाबुराम आचार्यको यस कठोर निर्णयमा सहमत हुन नसकिए तापनि इन्दिरस आदि कविहरूमा मौलिकताको अभाव अवश्यै थियो भन्ने मान्नुपर्दछ ।

इन्दिरसद्वारा अनूदित 'गोपिकास्तुति' मा उन्नाइस श्लोकहरू छन् । यी पद्यमा हिन्दी र ब्रज भाषाको पर्याप्त प्रभाव परेको छ । कविताको आशय हेर्दा संभोगेच्छा गर्ने नायिकाहरूले आफ्ना नायक (कृष्ण) को विरहमा विलौना गरेका छन् । उनीहरू नायकको विरहमा छट्पटाएका छन् । कृष्णलाई 'सुरतनाथ' मानेका छन् । यिनीहरू 'रस पिलाउ हे कृष्ण ओठको' भनेर आह्वान गर्दछन् । यी कविताहरूमा रतिकामना पर्याप्त छ ।

यसै सन्दर्भमा 'नेपाली वाङमय : केही खोजी, केही व्याख्या' मा शरद्चन्द्र शर्मा भट्टराईले राष्ट्रिय अभिलेखालयमा माइक्रोफिल्म गरी राखिएको 'गोपीरक्षा' शीर्षकको रचना फेला पारेको कुरा उल्लेख गरेका छन् ।[३२] उनका विचारमा सो लिखोटमा मिति जनाइएको छैन, तापनि पुरानै प्रतिलिपि हो भन्ने विश्वास गरिएको छ । यसभित्र इन्दिरसको नाममा प्रकाशित 'गोपिकास्तुति' का १९ श्लोक पनि

---

३०. बाबुराम आचार्य, पुराना कवि र कविता, पूर्ववत् पृ. ८ ।
३१. बाबुराम आचार्य, ऐजन, पृ. ९ ।
३२. शरद्चन्द्र शर्मा भट्टराई, नेपाली वाङमय : केही खोजी, केही व्याख्या, काठमाडौं; नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४४, पृ. ५ ।

केही पाठभेदका साथ रहेको देखियो । यी १९ श्लोक बाहेक अरू १६ श्लोक समेत जम्मा पार्दा ३५ श्लोकको कविता भेटियो । यी छरिएका १६ श्लोक समेत इन्दिरसकै हुनु धेरै सम्भव भएकोले इन्दिरसको कविताक्षेत्र विस्तृत भएको छ। अनुसन्धाता भट्टराईका विचारमा यी १६ श्लोक पनि इन्दिरसकै हुन् । हुन त 'बुइँगल' मा 'गोपिनीको घुर्की' शीर्षकमा अञ्जनाथ ओझाका नाउँमा चार श्लोक-हरू प्रकाशित भएका छन् तर ती श्लोक 'गोपीरक्षा' कै तेईसदेखि सत्ताईस श्लोक संख्यामा मिल्न गएका देखिँदा अञ्जनाथ ओझा सक्कली कवि नभई शोधक र प्रकाशक मात्र रहेछन् भन्ने कुरा उक्त पुस्तिकाको पृष्ठावरणबाट स्पष्ट भएको छ। अञ्जनाथ ओझा मोतीराम भट्टकै समकालीन व्यक्ति थिए । उनी वैद्यराजको रूप-मा प्रसिद्ध भए पनि कविका रूपमा परिचित थिए थिएनन् भन्ने कुरा थाहा हुँदैन। 'बुइँगल' ले दिएको कविको स्थान अनुसन्धेय नै छ भन्ने भट्टराईको प्रस्तुति मन-नीय देखिन्छ ।

यसरी प्राग्भानुभक्तीय नेपाली काव्यका क्षेत्रमा इन्दिरसले नेपाली भक्ति काव्यको उन्नयनमा महत्त्वपूर्ण योगदान दिएका भए तापनि उनका विषयमा वैयक्तिक जानकारीबाट विमुख भइरहनुपरेको तथ्य स्वीकार्नै पर्दछ ।

४.१५ वीरशाली पन्त र उनका कविता

धवलागिरी अञ्चलको बाग्लुङ जिल्लाको ढिकीचहुरे भन्ने गाउँमा लगभग वि. सं. १८४० भन्दा अगाडि नै जन्मिएका ठानिने वीरशाली पन्त प्राग्भानुभक्तीय युगका भक्तिवादी कवि हुन् । 'यिनले आफ्नो गाउँभन्दा यन्यत्र नै गएर सुशिक्षा पाएका र शिक्षित भएपछि स्वदेश फर्केको' कुरा उल्लेख गरेको देखिँदा सम्भवतः यिनी शिक्षाभ्यासका लागि काशी गएको अनुमान हुन्छ । यिनमा युवावस्थादेखि नै भक्तिप्रति अनुराग रहेको थियो । यिनले भगवतीको उपासना गरेका थिए। खुन्द्रकीं भन्ने ठाउँमा रहेको कालिकाको मन्दिर मुनि पुगेर फलाहार मात्र गरी यिनले तपस्या गरेका र त्यसपछि घरमा आएका थिए । त्यसपछि अर्को ओडार (गुफा) मा पसी यिनले पुनः तपस्या गरेपछि भगवती प्रसन्न भएर तिम्रो तपस्या पूरा भयो वर माग भनिछन् । भगवतीको दर्शन पाएपछि वीरशाली वृन्दावनतिर लागे र पुनः त्यहीं तपस्या गर्दागर्दै शिलामा परिणत भए । उनका सम्बन्धमा लेखिएको उदयराज पन्तको कविताबाट उपर्युक्त कुरा खुल्न आएको छ । यस कुराबाट के कुरा स्पष्ट हुन्छ भने वीरशाली पन्त देवीका भक्त रहेछन् र यिनलाई युवावस्थादेखि नै घरबार (गृहस्थी) भन्दा उपासना क्षेत्र नै मनपर्दो रहेछ ।

वीरशाली पन्त संस्कृतका धुरन्धर विद्वान् थिए । उनमा तुरुन्त कविता

लेखन सक्ने गुण थियो। तत्कालीन बाईसी र चौबीसी राजाहरूकहाँ यिनको आवत-जावत वा सम्पर्क थियो। गाउँका विवाहादि कार्यहरूमा रातभर सिलोक भन्ने रहरले प्रभावित वीरशाली पन्त वैराग्य-बोध भएपछि मानवीय जातपातलाई वास्ता गर्दैनथे। गुल्मीको रेसुङ्गामा स्वामी शशीधरबाट यिनले त्याग र योगको दीक्षा पाएका थिए। वीरशाली पन्त वि. सं. १८५७ मा रेसुङ्गामा पुगेका थिए। सन्त शशिधरको आश्रममा पुगेपछि यिनलाई त्यहाँका केही कुरा र घटनाले आश्चर्यचकित पारेका थिए। प्रथमतः शशिधरले लुगा नफुकाली भोजन गरेको देख्ता उनलाई आश्चर्य लाग्यो त्यस सम्बन्धी जिज्ञासा प्रकट गर्दा शशिधरले भने-छन्– 'बाबु मैले यस घडालाई फुटालिसकें।' अर्थात् म वर्णाश्रम व्यवस्था मान्दिनं। शशिधरका यस्तै तर्क र विचारहरूले वीरशाली पन्तलाई त्याग र योगमार्गमा आकृष्ट गऱ्यो। त्यसैले उनले शशिधरबाट दीक्षा ग्रहण गरेका हुन्।

यिनको निधन कहिले भयो भनेर किटान गर्न सकिंदैन, तापनि वि. सं. १८९६ सम्म यिनी बाग्लुङ्गमै थिए भन्ने कुरो एउटा पुरानो कागतबाट प्रमाणित भएको छ।[३३] वीरशाली पन्तका विषयमा सर्वप्रथम वि. सं. २००३ सालमा बाबुराम आचार्यले सूचना दिएका थिए।[३४] त्यसपछि बालकृष्ण पोख्रेलले उनका विषयमा महत्त्वपूर्ण खोजी गरे।[३५] वीरशाली पन्तका विषयमा कमलमणि दीक्षित (बुइँगल), जगदीशचन्द्र रेग्मी (सात साहित्यिक र ऐतिहासिक अभि-लेख), तारानाथ शर्मा (नेपाली साहित्यको ऐतिहासिक परिचय), यज्ञराज सत्याल (नेपाली साहित्यको भूमिका) प्रवृति नेपाली लेखकहरूले आफ्नो जिज्ञासा-लाई कायमै राखेका छन्। यिनका कृतित्वको खोजी अहिले पनि भइरहेको छ। यस सम्बन्धमा बाग्लुङ्गका काजी रोशनले वीरशाली पन्तको कृष्णचरित्र सम्बन्धी एउटा थप सूचना दिएका छन्।[३६] वीरशालीका कृतिको खोजी गर्ने काम भइ-रहेको छ।

वीरशाली पन्तले के कति पुस्तक र फुटकर कविताहरू लेखेका थिए र ती

---

३३. राजाराम सुवेदी, पं. वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश, ने. रा. प्र. प्र. प्रज्ञा, पूर्णाङ्क ४५, वि. सं. २०४०, पृ. १५–२१।

३४. बाबुराम आचार्य, पुराना कवि र कविता, पूर्ववत्, पृ. ७।

३५. बालकृष्ण पोख्रेल, नेपाली भाषा र साहित्य, काठमाडौं, रत्नपुस्तक भण्डार, वि सं. २०२१, पृ. ११६।

३६. राजाराम सुवेदी, ऐजन।

जसका जिम्मामा छन्, अहिलेसम्म खोजीको विषय छ । वर्तमान समय समयमा फेला परेका वीरशाली पन्तका कृति चाहिँ हुन्– (१) वाणोपनिषद् र (२) विमल बोधानुभव । यिनको तेस्रो कृति चाहिँ कृष्णचरित्र हो । यो कृति अहिलेसम्म उपलब्ध भइसकेको छैन । काजी रोशनका अनुसार यस कृष्णचरित्रमा ६ हजार संस्कृत र ६ हजार नेपाली श्लोक छन् । यस विशाल ग्रन्थको एक तृतीयांश भाग स्व. बालकृष्ण समकहाँ, दोस्रो तृतीयांश भाग गुल्मीका ढुण्डिराज शर्माकहाँ र अन्तिमचाहिँ वीरशाली पन्तकै वंशज उदयराज पन्तसँग छ । उक्त जानकारीअनुसार स्वर्गीय बालकृष्ण समको जीवित पारिवारिक सदस्यहरूसँग बुझ्दा प्राप्त हुन नसकेकोले काजी रोशनको ग्रन्थ विभाजनसम्बन्धी प्रस्तावनामा पुनः विचार गर्नुपर्ने देखिन्छ । कृष्णचरित्र हुँदै नभएको होइन । सो कुरालाई काजी रोशनले नै उद्धृत गरिदिएका श्लोकबाट प्रमाणित भएको छ–

> परं तत्त्व यही हो जानी बुझी उजारी मनपरी
> मुरारि कंसारि हरि हरि भजौं श्री नरहरि ।[३७]

कृष्णचरित्रको खोजी बाबुराम आचार्यबाट नै हुन थालेको हो । मेघराज पन्तले आफ्ना जिजुबाबुले लेखेको श्रीकृष्णचरित्रको उल्लेख बाबुराम आचार्यसँग गरेका थिए, तर सो पुस्तक फेला पार्न नसकेको पनि जानकारी दिएका थिए । त्यसै गरी वीरेन्द्रकेशरी अर्ज्यालले पनि सो कृष्णचरित्र हेर्न पाएको कुरो बाबुराम आचार्यसँग भनेका हुँदा[३८] सो ग्रन्थको अस्तित्वमा शङ्का गर्न सकिँदैन । तर अहिलेसम्म सग्लो रूपमा रहेको वा नासिएको कुरा खुल्न नआउँदा आशाका किरणहरू ओइलाएका छैनन् । वीरशाली पन्त वा यिनका वंशधरहरू पाल्पाली राजाका पुरोहित थिए । पाल्पाको पतनपछि यिनीहरू भागेर भारततर्फ गए । यसै अवसरमा वीरशालीले वैष्णव विचारधाराका कविताहरू रचेका थिए । उनका अरू कविताहरू पनि हुनु सम्भव छ भन्ने बालकृष्ण पोखरेलको मत छ ।[३९] सूर्यविक्रम ज्ञवाली गोपिकास्तुति र द्रौपदीविलाप इन्दिरस र विद्यारण्यकेशरीका नभै वीरशाली पन्तकै हुन् भन्दछन् ।[४०] तर यो कुरो प्रमाणित भएको छैन । वीरशाली पन्तको वाणोपनिषद् गुल्मी तम्घासका शशी पन्थीसँग छ भन्ने कुरा

---

३७. राजाराम सुवेदी, ऐजन ।

३८. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, पूर्ववत् ।

३९ बालकृष्ण पोखरेल, ऐजन ।

४०. बालकृष्ण पोखरेल, ऐजन ।

थाहा भएको छ।[४१] निजबाट सो कुरा प्राप्त गर्न गरिएको प्रयत्न असफल भएको छ।

विमलबोधानुभव वीरशाली पन्तको एक मात्र प्रामाणिक ग्रन्थ हो। यस ग्रन्थको खोजी गर्दै बालकृष्ण पोख्रेल भन्दछन्– 'यिनलाई अब बेपत्ता भएको कविको कोटिमा दर्न नसकिने भएको छ। यी पङ्क्तिका लेखकले वीरशाली पन्तकृत 'विमलबोधानुभव' भन्ने एउटा साँढे अठासी सिलोके ग्रन्थ फेला पार्न सकेको छ। यो हस्तलिखित ग्रन्थ अब मदन पुरस्कार पुस्तकालयद्वारा सुरक्षित छ।'[४२]

विमलबोधानुभव शिखरिणी छन्दमा लेखिएको काव्य हो। यसमा सर्गहरूलाई तरङ्ग भनिएको छ। यो काव्य ६ तरङ्गहरूमा वर्गीकृत गरिएको छ। पहिलो तरङ्गमा एघार सिलोक, दोस्रोमा साँढेसात, तेस्रोमा चौध, चौथोमा एघार, पाँचौंमा सात र छैटौंमा अड्तीस सिलोक छन् भन्ने पोख्रेलको भनाइ छ।

यस काव्यमा विष्णुको आध्यात्मिक गान गरिएको छ। 'ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, मन शरीर आदिबाट जड र चेतनको बोध हुन सक्तछ। यस्तो कुरो बुझाउन यो विमलबोधानुभव बनाएको हुँ। मेरा सहयोगी कोही छैनन्, हरिलाई नै प्रेरणाको आधार मानेको छु।' आदि भाव भएको मङ्गलाचरणबाट काव्यको थालनी भएको छ। उद्धृत कविताहरू हेर्दा वीरशाली पन्त वैराग्यबाट उत्प्रेरित देखिन्छन्। उनमा उपदेशात्मकता प्रयोजनीय छ। वीरशाली पन्त आत्माको व्याख्या गर्ने प्रयत्नमा देखिन्छन्। यिनको यस प्रवृत्तिलाई भानुभक्त आचार्यको रामगीतासँग तुलनात्मक रूपले अध्ययन गर्न सकिन्छ। यिनका कवितामा 'द' ध्वनि 'द्य' भएको छ। जस्तो 'द्यबियाका सेरा म पनि द्यबिन्याको द्यषिन्य हुँ।' 'ख' ध्वनि 'ष' मानेर लेखिएको कुरा त सामान्य नै भयो। विमलबोधानुभव आत्मा, देह, योग र हरिचरणजस्ता विषयमा प्रकाश पारिएको दार्शनिक ग्रन्थ हो। यसको पठन-पाठनमा त्यति नीरसता छैन। धवलागिरी अञ्चल, वाग्लुङ जिल्लाको नेपाली भाषिकाका छनक वा प्रयोग यहाँ पढ्न पाइन्छ। काव्यको अन्त्यमा यिनले दिएको आत्म परिचयको सिलोकको सारांश यस्तो छ– 'यी वीरशाली पन्त हरिचरणका दीन दास हुन्। मजस्ता गरीपले गाया (बनाएको) को काव्यबाट ज्ञान गुनका कुरा बुझी लाभ उठाउनुहोस्। यस विमलबोधानुभवबाट श्रद्धापूर्वक हरिको चरण कमलमा प्रेम हुन गएमा जन्म र मरणका सम्पूर्ण दुःखहरू नाश हुनेछन्।'[४३]

---

४१. राजाराम सुवेदीसँगको मौखिक वार्तालापबाट प्राप्त जानकारी।
४२. बालकृष्ण पोख्रेल, पूर्ववत्, पृ. ११६।
४३. बालकृष्ण पोख्रेल पूर्ववत्।

वीरशाली पन्तको अन्तिम [illegible] वृन्दावनमै बितेको थियो र त्यहीं उनी स्वर्गे भए। उनको निधनचाहिं कुन वर्ष भयो भन्ने कुरो अनुत्तरित नै छ।

वीरशाली पन्तका काव्यमा विचरण गर्दा स्पष्टतः के भन्न सकिन्छ भने उनी साधु स्वभाव भएका लहडी कवि थिए। उनमा नयाँ नयाँ कुरा सिक्ने र बुझ्ने जिज्ञासा थियो। उनी काव्य उन्नयनका लागि सिद्धिको आवश्यकता अनुभव गर्दथे। त्यति मात्र होइन, ज्ञान प्राप्ति र मोक्ष प्राप्तिका निमित्त पनि भग-वद्भक्तिको आवश्यकता अनुभव गर्दथे। ईश्वरीय कृपाबाट नै मानिसका एषणाहरू परितृप्त हुन्छन् भन्ने किसिमको विश्वास उनमा रहेको थियो। हृदयतः उनमा ईश्वरप्रति आस्था थियो। आफूले अनुभव गरेको ज्ञान वा चेतना अन्य जनसमु-दायमा समेत विस्तार गर्ने उनको अभीष्ट काव्यका रूपमा प्रस्फुटित भएको मान्न सकिन्छ।

४.१६ हीनव्याकर्णी विद्यापति र उनका कविता

प्राग्भानुभक्तीय नेपाली काव्य कालमा देखिएका प्रतिभाहरूमध्ये हीन-व्याकर्णी विद्यापति पनि एक हुन्। यिनको वैयक्तिक जीवनीका विषयमा कतैबाट पनि भरपर्दो जानकारी प्राप्त भएको छैन। यिनलाई कतिपय अध्येताहरूले मैथिली भाषाका विद्यापति ठानेकोमा त्यसो नभई नेपालीकै विद्यापति ठहरिएका छन्। यिनको समय वि. सं. १८५० भन्दा अघि नै मानिएको छ। यिनी कुन ठाउँका थिए, यिनका मातापिता को थिए आदि कुनै कुरा पनि खुल्न सकेका छैनन्। यिनका कविताबाट के कुरो स्पष्ट भएको छ भने यिनी भक्तिवादी विचार-धाराका कवि थिए, साथै अत्यन्त नम्र थिए। यिनले सातराग, सातनायिका र गीतवाणी शीर्षकमा कविताहरू लेखेका छन्। यी कविता बाहेक उनको गद्यमा लेखिएको गीतगोविन्द पनि प्राप्त छ। गीतगोविन्दको समय वि. सं. १८८८ मानिएको हुँदा उनका पद्य रचनाहरू पनि यसै समयमा रचिएको अनुमान हुन्छ। गीतगोविन्द संस्कृतका कवि जयदेवको काव्यको नेपाली अनुवाद हो। हीनव्याकर्णी विद्यापतिलाई नेपाली साहित्यका रीतिवादी कविका रूपमा प्रतिष्ठापित गरिएको छ। नेपालीमा यिनीभन्दा अगाडि रीतिवादी कविहरू भेटिएका छैनन्। हीन-व्याकर्णी विद्यापतिले 'विनुवैयाकरण' भनेर आफूलाई अत्यन्त विनीत रूपमा प्रस्तुत गरेका छन्। यी आफूलाई व्याकरणदेखि अनभिज्ञ रहेको ठान्दथे भन्ने कुरा पनि देखिएको छ। सधुक्कडी भाषाका ज्ञाता भएका हुँदा यिनी जोगी थिए कि भन्ने अनुमान पनि गरिएको छ। यिनको सम्बन्ध जोसमनी सम्प्रदायसँग थियो कि

थिएन अर्थात् टुङ्गोमा पुग्न सकिएको छैन भन्ने बालकृष्ण पोखरेलको मत छ।[४४] हीनव्याकर्णी विद्यापतिले नेपाली भाषालाई राजभाषाको संज्ञा दिएका हुँदा यिनको भाषिक सचेतता प्रमाणित भएको छ। भीमसेन थापाले नेपाली भाषालाई प्रशासकीय भाषाका रूपमा मान्यता दिएका हुँदा त्यसैबाट यिनले भाषिक चिन्तन प्रकट गरेका हुन सक्छन्।

गीतगोविन्दमा कृष्णभक्तिलाई आश्रय मानिएको छ। भक्ति नै भगवान् प्राप्तिको आधार हो। कृष्णलाई प्रणाम गर्दै उनको महिमा प्रस्तुत गरिएको छ। कृष्ण भक्तहरूलाई प्रेम वा माया गर्दछन्। यसमा राधाको विरह वेदना सम्बन्धी १५ वटा श्लोकहरू पनि हुँदा जम्मा १८ श्लोकमा गीतगोविन्द उनिएको छ। संस्कृतको मूल पद्यलाई नेपालीमा अनुवाद गरेर हीनव्याकर्णी विद्यापतिले नेपाली पाठकलाई रसास्वादन गराउन खोजेका छन्। अनूदित पद्यमा अशुद्धि भएको कुरा स्वीकार गर्दै विद्यापतिले आफूलाई 'हीनव्याकर्णी' भनेकोबाट उनको नम्रता स्पष्ट हुन्छ।

सात श्लोकमा प्रस्तुत गरिएको सातनायिकामा अभिसारिका, वासकशय्या, विप्रलब्धा, स्वाधीनभर्तृका, खण्डिता, उत्कण्ठिता र मृगाक्षीसमेत सात नायिकाको वर्णन गरिएको छ। नायिकाहरूको यस्तो वर्णन हेर्दा विद्यापतिका अन्तश्चेतनामा शृङ्गारिक भावको प्राबल्य रहेको अनुमान हुन्छ।

सातरागमा सङ्गीतका सात वटा रागहरूको वर्णन छ। प्रत्येक रागको एक एक-पद्य लक्षणका रूपमा रचिएका हुँदा कविताको संख्या पनि सात नै छ। सात रागमा गुर्जरी, गौडामालव, वसन्त, रामकरी, देशाष, वराडी र गुणकारी छन्। यी रागहरूमध्ये कुनैलाई पुरुषराग र कुनैलाई स्त्रीराग मानिएको छ। यी रागको लक्षण गर्दा वर्ण र उद्देश्य किटान गरिएको हुन्छ। उदाहरणका लागि हेरौं–

'गुर्जरी' स्त्री राग हो। यसको वर्ण श्याम छ। कोमल पुष्पशय्यामा बसेर बीणामा वेदको स्वरसाधना गरी प्रभुलाई रिझाउनु नै यसको काम हो।

हिन्दीका रीतिवादी कवि केशवदास र विहारीको प्रभाव विद्यापतिमा परेको अनुमान हुन्छ। यिनलाई साधु मात्र नसकिने मतहरू पनि देखिन्छन। साधु भए नायिकाका लक्षण र गुणहरूको वर्णनमा आफूलाई केन्द्रित पार्नु नपर्ने हो। विद्यापति हिन्दीको प्रभावबाट मुक्त छन्।

४.१७ मौलाराम तोमर र उनको कविता

मौलाराम तोमर कुमाउँका सशक्त कवि थिए। नेपालले कुमाउँमा आधिपत्य

४४. बालकृष्ण पोखरेल, पाँच सय वर्ष, पूर्ववत्, पृ. ३६४।

जमाएको वेला कवि मौलाराम तोमरले यस कविताको रचना गरेका हुन् । नेपाल-ले वि. सं. १८४७ देखि १८७३ सम्म कुमाउँमा कब्जा गरेको थियो । यो कविता 'गीर्वाणयुद्ध प्रकाश' काव्यबाट उद्धृत गरिएको हो । कवि मौलाराम तोमर नेपाली मूलका कवि नभए तापनि उनका कवितामा नेपाली शब्दहरू निकै देखिन्छन् । त्यस बाहेक कवि मौलाराम तोमरले नेपाली वीरहरूलाई आफ्नो कविताको विषय समेत बनाएका हुँदा यस कविताको ऐतिहासिक महत्त्व छँदैछ। कवि मौलाराम तोमरका विषयमा खोजतलास हुन बाँकी नै छ ।

यस कविताको रचना १८६६–६७ तिर भएको अनुमान हुन्छ । यस कविता-मा नेपाली वीरहरूले गरेको लडाइँको वर्णन छ । नेपाली सेनाले कांगडामा पुगी शत्रुलाई परास्त गरेका थिए । रुद्रवीर, दलभञ्जन काजी समेतको संलग्नतामा यो लडाइँ भएको थियो । यस लडाइँमा नैनसिंह काजी ढले, जुन खबर नेपाल कान्तिपुर (काठमाडौं) पठाइयो । रुद्रवीर र दलभञ्जन काजी आएर कांगडालाई चारैतिरबाट घेरी युद्ध गर्दा डरलाग्दो वातावरण सिर्जियो । नेपाली वीरहरूको यस्तो वीरता देखेर संसारकै मन संत्रसित भयो ।

वीररसमा लेखिएको यस कवितामा कवि मौलाराम तोमर नेपाली वीर-हरूप्रति सहानुभूतिशील देखिन्छन्। हुन त यस कवितालाई नेपाली भाषामा लेखिएको होइन भन्ने मत पनि छ[४५], तर कविताको सूक्ष्म निरीक्षण गर्दा अनेपाली नै भन्न पनि मन लाग्दैन । गुमानी पन्तको जस्तो यसमा व्यङ्ग्यसमेत नदेखिएका कविको मनबाट निस्केको यो स्वच्छ अभिव्यक्ति मानुपर्दछ ।

४. १८ वसन्त शर्मा र उनका कविता

प्राग्भानुभक्तीय नेपाली काव्यकालमा वसन्त शर्मा सुप्रतिष्ठित काव्यकार रूपमा परिचित छन् । यिनको जन्म वि. सं. १८६० मा भएको थियो भन्ने एउटा मत छ भने अर्को मतचाहिँ वि. सं. १८५२ को माघशुक्ल पञ्चमीका दिन भएको भन्ने छ । त्यसै गरी यिनको निधन वि. सं. १९४७ सालमा भएको हो भनिन्छ। वसन्त शर्मालाई भक्तपुरको कटुन्जे निवासी जैसी ब्राह्मण मान्ने मत एकातिर छ भने अर्कातिर पूर्व १ नम्बर देउपुर नै वसन्त शर्माको गाउँको हो भन्ने अर्को मत पनि देखिएको छ । वसन्त शर्माका सम्बन्धमा बाबुराम आचार्य, हरिनाथ ढुङ्गेल र मोहनप्रसाद खनालका खोज र विचारहरू महत्त्वपूर्ण छन् । बाबुराम आचार्य

४५. डा. दयाराम श्रेष्ठ, वीरकालीन कविता, पूर्ववत्, पृ. ११० ।

वसन्त शर्मालाई भक्तपुर कटुञ्जेनिवासी जैसी मान्दछन् भने हरिनाथ ढुङ्गेलचाहिँ कटुञ्जेनिवासी लुइँटेल थर भएका उपाध्याय ब्राह्मण ठान्दछन्। ढुङ्गेलका विचारमा वसन्त शर्मा ज्योतिषी थिए। अर्कातिर मोहनप्रसाद खनाल वसन्त शर्मालाई पूर्व १ नम्बर देउपुरका निवासी मान्दै उनको जन्म वि. सं. १८५२ मा भएको र वि. सं. १९०४ मा बसाइ सरी भक्तपुर कटुञ्जेमा आएका हुन् भन्ने ठान्दछन्। खनालका विचारमा वसन्त शर्माले कृष्णचरित्र देउपुरकै 'ब्रह्मायणी' लाई समर्पण गरेका हुन्।

वसन्त शर्माले 'कृष्णचरित्र' र 'समुद्रलहरी' मा आफ्नो परिचयका केही अंश दिएका छन्। यी परिचयात्मक अंशबाट उनका पिताको नाम परमानन्द रहेछ भन्ने ज्ञात हुन आएको छ। 'समुद्रलहरी' को अन्त्यमा उनले आफूलाई देउपुर गाउँको निवासी भनेका छन्। आफ्नो नाउँचाहिँ वसन्त जैसी उल्लेख गरेका हुँदा उनका सम्बन्धमा उपर्युक्त छलफल र खोजीकार्यमा तर्क वितर्कहरू निस्केका हुन्।

कवि वसन्त शर्माले दिएको आत्मपरिचयका आधारमा केही कुरा स्पष्ट भए तापनि केही कुरामा चाहिँ अस्पष्टता नै हात लागेको छ। उनका अनुसार वसन्त शर्मा देउपुर गाउँका निवासी थिए भन्ने कुरा स्पष्ट भएको छ। सो गाउँ पूर्व १ नम्बरमा भएको हुँदा उनको आदि थलो सोही गाउँ निश्चित भएको हो। वसन्त शर्मा उपाध्याय ब्राह्मण हुन् कि जैसी ब्राह्मण भन्ने कुरो पनि ठूलो होइन। उनले आफैंले आफूलाई जैसी भनेका हुँदा यिनी जैसी नै रहेछन् भन्ने मान्दा पनि हुन्छ। ज्योतिषीहरूले पनि आफूलाई जैसी भन्ने हुँदा वसन्त शर्मा उपाध्याय ब्राह्मण भए पनि ज्योतिषी थिए कि भन्ने लाग्दछ। उपाध्याय ब्राह्मणले प्रायः ज्योतिषी नै भए पनि आफूलाई जैसी भनेर ठाडै चिनाउन गाह्रो मान्ने प्रचलन हुँदा वसन्त शर्मा जैसी ब्राह्मण नै हुनु धेरै हदसम्म तर्कसङ्गत देखिन्छ। यिनले संस्कृतको केही अध्ययन अवश्य नै गरेका थिए, किनभने उनको 'कृष्ण-चरित्र' को मूल आधार संस्कृत नै हो। अर्कातिर वसन्त शर्माले केही ज्यौतिष शास्त्रको अध्ययन समेत गरेका थिए भन्न सकिन्छ। आफूले लेखेका पुस्तकहरूका अन्त्यमा उनले शालिवाहनीय शकसंवत्को उल्लेख गरेका हुँदा उनलाई ज्योतिषी मान्ने आधार तयार भएको हो।

वसन्त शर्माका दुइवटा खण्डकाव्यहरू फेला परेका छन्: १) श्रीकृष्ण-चरित्र २) समुद्रलहरी।

'श्रीकृष्णचरित्र' भक्तिमूलक काव्य हो। यसमा शार्दूलविक्रीडित छन्दमा १६९ श्लोकहरू छन्। यसलाई खण्डकाव्यका रूपमा हेर्न सकिन्छ। यसमा दुइ

खण्डहरू छन्– पूर्वार्ध र उत्तरार्ध। पूर्वार्धमा ८७ श्लोकहरू छन् भने उत्तरार्धमा ८२ श्लोकहरू छन्।

पूर्वार्धमा कृष्णका अवतारको वर्णन गरिएको छ। कृष्णले जन्मदैमा हातमा शङ्ख, चक्र, गदा र पद्म लिएका थिए। कमलका फूल झैं कोमल पाउ भएका कृष्णले निधारमा मणि माणिक्य र हातमा सुदर्शन चक्रसमेत लिएको देखी वसुदेव प्रसन्न भए। कृष्णले वसुदेवलाई दर्शन दिए। कृष्ण अवतार भएको वेला ढोकामा रहेका पालेपहरा सबै मूर्च्छित भए। कारागारका सबै ढोकाहरू आफैं खुले। यमुनाका जलले अभिषिञ्चन गर्दै रातैमा गोकुल पुगे। यशोदा निद्रा, शोक र थकाइले बेहोशजस्तै थिइन्। उनका काखबाट मायादेवीलाई बोकेर वसुदेव मथुरातिरै फर्के। कारागारमा मायादेवीका शब्दहरू सुनेपछि द्वारपालहरू सबै नै ब्यूँझिए र कंसलाई समाचार पठाइदिए। कंस तुरुन्तै आएर सद्योजाता बालिकालाई मार्न उद्यत भयो। देवकीले 'नमार' भनेर अनुनय गरे पनि उसले टेरेन। ती बालिका कंसका हातबाट फुत्केर आकाशमार्ग गरी उडिन्। त्यसै वेला आकाशवाणी भयो– 'तँलाई मार्ने बालक गोकुलमा जन्मिसकेको छ।' त्यसपछि कंसले गोकुलका सम्पूर्ण नवजात बालकहरू मार्ने आदेश दियो। यसबाट गोकुलका बालकहरू ठूलो सकसमा परे। श्रीकृष्णकी माता यशोदाले आफ्ना काखमा सुतिरहेको हरिलाई देखेर अत्यन्त प्रसन्नताको अनुभव गरिन्। ब्रह्माजीले श्रीकृष्णको अवतार भएको कुरा बताए। श्रीकृष्णको नामकर्म भयो। केही दिनपछि पूतनाको वध गरिदिए। त्यस्तै श्रीकृष्णले तृणावर्तनामक राक्षसको विनाश गरेको, यमलार्जुन नामक युगल वृक्षलाई मुक्ति दिएको कथा सरस रूपमा वर्णन गरिएको छ। श्रीकृष्णले दही, दूध चोरेर खाएको, ग्वालिनीहरूको अर्जी फिराद सुनेर आमाले दण्ड दिएको रमाइलो बाललीला यहाँ प्रस्तुत गरिएको देखिन्छ। श्रीकृष्णले शङ्खासुर, वकासुर, भस्मासुर, अघासुर, वृकासुर आदि राक्षसलाई मारेको र अतिवृष्टि हुँदा गोवर्द्धन पर्वत उठाएको, ब्रह्माले बाच्छा अपहरण गर्दा दुरुस्त बाच्छाहरू बनाइदिएको, कालीय नागको दर्पचूर्ण गरिदिएको, ब्राह्मणका नारीहरूलाई मोहित तुल्याइदिएको, गोपिनीहरूका वस्त्रहरण गरेको आदि घटनालाई संक्षिप्त तर सरस ढङ्गमा प्रस्तुत गरिएको देखिन्छ।

कंसद्वारा यज्ञ गर्ने छल गरिएको, अक्रूरद्वारा कृष्ण र बलरामलाई निम्ता गरिएको, धोबीका कपडा लुटेको, पृथ्वीकूवल नामक वीरलाई मारिदिएको, चाणूर मुष्टकलाई सिद्ध्याएको, त्यसपछि कंसलाई मारिदिएको घटना समेत पूर्वार्धमा वर्णन गरिएको छ।

कंसको विनाश भएपछि कंसको ससुरा जरासन्ध रिसाएको, कृष्णसँग लडाईं

गरेको, कालयवन आइलागेको, मुचुकुन्दद्वारा कालयवनको नाश गराएको, भौमासुरलाई मारेको, बाणासुरलाई परास्त पारेको, सोह्र हजार कन्या अपहरण गरी ल्गेको, पाण्डवका यज्ञमा सम्मिलित भएको, शिशुपालको वध गरेको, खाण्डव वनमा आगो लगाइदिएको, इन्द्रप्रस्थ शहरको निर्माण भएको आदि कथा उत्तरार्धमा जोडिएका छन् । इन्द्रप्रस्थ शहरमा पाँच पाण्डव र कौरवकाबीच शत्रुताको बीजाधान भएको, पाण्डव र कौरवको जुवा भएको, द्रौपदीको चीरहरण, पाण्डवको वनवास, गुप्तवास, कीचक वध, अभिमन्यु र उत्तराको विवाह, पाण्डवको प्रत्यागमन, महाभारतको युद्ध, श्रीकृष्णको स्वर्ग गमन आदि प्रमुख घटनालाई उत्तरार्धमा वर्णन गरिएको छ ।

यी घटना र प्रस्तुतिहरू हेर्दा कवि कतै अत्यन्त संक्षिप्त शैली अपनाउन पुग्दछन् भने कतैचाहिं निकै विस्तृत हुन पुगेका छन् । महाभारतको त्यति ठूलो लडाईंलाई उनले 'शस्त्रास्त्रैहरूको भयङ्कर महाभारत् लडाइँ भयो' भनेर सिद्धयाएका छन् भने कीचक वधको प्रसङ्गलाई चाहिं करीव ९ श्लोकमा सविस्तर उभ्याएका छन् । श्रीकृष्णको चरित्रलाई सकेसम्म सुमधुर बनाउन उनले (कविले) प्रथमतः सबै घटनाको नालीवेली विस्तार गर्न खोजेका छन् तर पछि गएर काव्यको बृहद्‌रूप हुने देखेर सूत्रात्मक शैली अपनाउन खोजेका छन् । श्रीकृष्णलीला निकै विस्तृत हुँदा कविलाई अप्ठ्यारो परेको अनुभव हुन्छ । कविका विचारमा श्रीकृष्णका बृहद् चरित्रलाई स्मृति गर्नु नै पर्याप्त छ ।

श्रीकृष्ण स्वयं महाकाव्यका विषय हुन्, तिनलाई एउटा सानो खण्डकाव्यमा अटाउन खोज्दा कतै चरित्र गुण्ठुनिएको छ भने कतै चरित्रले आफ्नो आकृतिलाई स्पष्टता प्रदान गरेको छ । कथावस्तु गतिशील छ । कतिपय ठाउँमा कविले फट्का मारेका छन् भने कतिपय ठाउँमा सबै कुरा नबुझेर फेरि दोहोऱ्याउनुपर्दछ । आफ्नो पूर्वज्ञानकारीका आधारमा कतिपय कुराको भेउ खोज्नुपर्ने देखिन्छ । नेपाली जनमानसमा निकै लोकप्रिय रहेको प्रस्तुत काव्यले श्रीकृष्णका प्रमुख जीवन चरित्रहरू औंल्याएको पाइन्छ । यस काव्यले रमाइला घटना र क्षणहरूमा पुऱ्याउने हुँदा मनोहारी भएको छ । पूर्वार्धमा कृष्णचरित्र प्रमुख रूपले रहेको छ भने उत्तरार्धमा महाभारतका कथालाई प्राधान्य दिइएको छ ।

यस काव्यको रचना ब्रह्मायणी माईका शरणमा परेर भएको हो । ब्रह्मायणी माईको धामदेखि पश्चिममा वागमती, पूर्वमा सप्तकोशी, दक्षिणमा चन्द्रागिरी र उत्तरमा हेमगिरि पर्वत छन् । हेमगिरि पर्वतबाटै इन्द्रावती नदी निःसृत भएको हुन् । यो काव्य वसन्त कविले रचना गरेको हो, जसले यस काव्यको पाठ गर्दछ,

त्यसले वैकुण्ठमा बस्न पाउनेछ । यस काव्यको रचना भक्तिभावका उद्देश्यबाट भएको हो । कवि भन्दछन्– 'भगवान्को नाम जपिरहन्छु, भगवान्बाट ममा दया मछुटोस् । म भगवान्बाट आशीर्वाद पाइरहुँ ।' कविको प्रार्थना छ– 'हामी सय वर्ष बाँच्न चाहन्छौं, हाम्रो दुःख अपहरण होस् । हामीले पुनः मनुष्यजीवन प्राप्त गर्न सकौं । हाम्रो मृत्यु गङ्गा किनारमा होस् । यो असार संसारबाट मुक्ति मिलोस् !'

यो काव्यको रचना शाके सं. १७४६ तदनुसार वि. सं. १८८४ साल फागुन शुक्ल द्वितीया तिथि आइतवारका दिन भएको हो । जुन मानिसले यो श्रीकृष्ण-चरित्र पढ्दछ, त्यसले नरचोलाबाट मुक्ति पाउनेछ ।

नेपाली रामायण र महाभारतजस्तै वसन्त शर्माको श्रीकृष्णचरित्र नेपाली जनमानसमा लोकप्रिय भएको काव्य हो । कवि भानुभक्तले रामायण लेख्नुभन्दा अघि नेपाली समाजका धार्मिक चाडपर्व, विवाह, उत्सव आदिमा यही श्रीकृष्ण-चरित्रले प्रमुख स्थान पाउन सफल भएको थियो । नेपाली जनमानसको दुःख सुखको साथीका रूपमा यस काव्यको प्रचार प्रसार थियो भन्दा अत्युक्ति हुने छैन । यसले सामान्य पाठकलाई ठूलो कृष्णचरित्र पढ्ने र महाभारतका ठेलीहरूबाट मुक्ति दिएको थियो । संक्षिप्त रूपमा सरस शैली अवलम्बन गरेर यस काव्यको प्रणयन भएकोले अद्यापि यसको महिमा ह्रास भएको छैन । नेपाली वाङमयका क्षेत्रमा यस काव्यले महत्त्वपूर्ण योगदान दिएको अनुभव गर्न सकिन्छ । यो काव्य पुराना कवि र कवितामा संकलित छ । त्यस बाहेक केही पुस्तक प्रकाशकहरूले पनि यसको स्वतन्त्र पुस्तिका प्रकाशित गरेका हुँदा पाठकहरूका निमित्त सुलभ रहेको देखिन्छ ।

कवि वसन्त शर्माको अर्को महत्त्वपूर्ण पुस्तक हो- समुद्रलहरी । यसको रचना वि. सं. १९०० मा भएको थियो । 'समुद्रलहरी' सवाई शैलीमा लेखिएको काव्य हो ।

साना ठूला सबै मानिसका कर्मअनुसारका कार्यको बयान गर्ने उद्देश्य लिई यस सवाईको रचना भएको देखिन्छ । भक्ति, भगवान् र भाग्यका अधीनमा मानिस घुमिरहन्छ । ब्राह्मण, क्षत्रिय, वैश्य सबैको उत्पत्ति यसै लोकमा भएको हो । मानिसलाई सम्पत्तिको चिन्ताले रुवाउँछ । भाग्य भयो भने सबै कुरा प्राप्त हुन्छ । कर्मअनुसार नै मानिसले पाउँछन् । तोकिएको मितिसम्म रहेर मानिस परलोक जान्छन् । धर्म र कर्म अन्योन्याश्रित छन् । धन नभए धर्म गर्न सकिँदैन । सत्य कुरा बुझ्न नसकेर मानिसको समय खेर जान्छ । म कहिल्यै मर्दिन भन्ने ठानेर मानिस बेहोश हुन्छन्, तर समयलाई चिन्नुपर्दछ । समय चिन्ने मानिस नै ईश्वर

हो। समयमा चुक्ने मानिस सँधै पछाडि पर्दछ। मानिसले बाहस्कन्ध भागवत सुन्नुपर्दछ। धर्म नै मानिसलाई उद्धार गर्ने एक मात्र साधन हो। मानिसको समय अत्यन्त न्यून छ। लोभ र मोहमा पाप मिसिएको हुन्छ। पाप आगोजस्तो हुन्छ। पापरूपी आगोबाट शीतल गराउने माध्यम धर्म नै हो। धर्मबाट नै शिवलोक प्राप्त हुन्छ। चारै वेद पढ्ने ब्राह्मणहरू पनि धनसम्पत्ति बढाए भने पथच्युत हुन्छन्। त्यसैले सम्पत्ति माध्यम मात्र हो लक्ष्य होइन धर्म कर्मबाट मात्र ब्राह्मण-हरूको अस्तित्व रहन्छ। धर्मका तपस्याबाट पाप प्रक्षालित हुन्छन्। नारायणबाट मोक्ष मिल्दछ। मानिसको भाग्यमा लेखिएको कुरा प्रबल हुने हुँदा नै रामले वनवास जानुपऱ्यो। मानिसको उमेर छिप्पिदै गए पनि होश नपाउँदा वृद्धावस्थामा पश्चात्ताप हुन्छ। तसर्थ धर्म गर्न पछि नपर्नु राम्रो हो। श्राफन्त मानिस पनि केही समय पछि बिराना हुन्छन्। निर्मल आत्मालाई शुद्ध गराउनुपर्छ। यमराजबाट डराउनुपर्दछ। जन्म लिएपछि ब्यूँझनुपर्दछ अनि मात्र हरिले चिन्दछन्। संसारका भौतिक वस्तुको लोभमा लटपटिएमा मुक्तिमार्ग अवरुद्ध हुन्छ। कलि-युगमा मानिस लोभ र पापतिर ज्यादा आकृष्ट हुन्छन्। नीति र स्मृतिको अवनति हुन्छ। ब्राह्मण र छेत्रीहरूले आफ्नो धर्म त्याग्नेछन्। असत्यको रजाइ देखेर सत्य भाग्नेछ। शूद्रहरूले वेद पढ्नेछन्। अनावृष्टि हुनेछ। पृथ्वीलाई सन्ताप हुनेछ। अन्नाभाव अर्थाभाव हुनेछ। खानाका लागि मानिस रुनेछन्। तेत्तीस कोटी देवता स्वर्गतिर भाग्नेछन्। मानिसले आफ्नो मासु आफैं खानुपर्ने दिन आउनेछ। दिदी, बहिनी र दाजुभाइमा विवाह हुनेछ। घर घरमा अशान्ति र कलह उत्पन्न हुनेछ। वेद र ब्राह्मणको शक्ति हराउनेछ। रामनामलाई अमृत जस्तो ठान्नुपर्दछ। अरूलाई पनि आफँजस्तो मान्नुपर्दछ। पितृ र देवतालाई राम्ररी खुशी पार्नु पर्दछ। हरिको नाम विर्सनु हुँदैन। जसले यी सद्गुण र आचरणलाई अवलम्बन गर्दछ, त्यसैको मुक्ति सम्भव छ। राम्रो र नराम्रो काम-को परिणाम सन्तानबाट थाहा हुन्छ। पापबाट सन्तान खिइन्छन्, धर्मबाट सन्तानको वृद्धि हुन्छ।

'समुद्रलहरी' मा उपर्युक्त भावार्थलाई कविताको रूप दिइएको छ। कविको उद्देश्य स्पष्ट छ– धर्मप्रति मानिसको ध्यान आकृष्ट गरी सामाजिक अनुशासन कायम गर्नु। करीब ६० वटा सवाई सिलोकमा रचिएको 'समुद्रलहरी' उपदेशा-त्मक काव्य हो। यसलाई उपदेश र नीतिप्रधान खण्डकाव्य मान्न सकिन्छ। कवि वसन्त शर्माले यस काव्यका माध्यमबाट नेपाली लोकछन्दलाई प्रतिष्ठा प्रदान गरेका छन्। अर्कातिर नेपाली कवितालाई कुनै देवदेवीका कथाहरूबाट मुक्त बनाउँदै आफ्ना अनुभव र ज्ञानलाई स्वतन्त्ररूपमा काव्यात्मक रूप दिने चेष्टालाई साकार बनाएका हुँदा कविको यो प्रयत्न नवीन प्रयोगका रूपमा देखिएको छ।

कवि वसन्त शर्मा भक्तिवादी कवि हुन् । उनका प्रमुख आराध्यदेव श्रीकृष्ण हुन् । श्रीकृष्ण बाहेक उनमा रामभक्तिको प्रभाव पनि छ । रामलाई पनि ईश्वरीय भक्तिका रूपमा उनी मान्दछन् । श्रीकृष्णचरित्रमा कृष्णकं महिमामा काव्य केन्द्रित भएको छ भने समुद्रलहरीमा ज्ञानका स्तरमा कविको चिन्तन उभिएको छ। समुद्रलहरी केही परिपक्व विचारधाराबाट निर्मित रचना हो भन्न सकिन्छ । यस काव्यमा आइपुगेपछि कविमा दार्शनिक विचारधाराले प्रभावित पारेको छ । हुन पनि यो काव्य रचना गर्दा कविमा प्रौढता आइसकेको थियो । कवि एकोहोरो कुनै देवदेवीको भक्ति गर्ने सल्लाह नदिई धर्म, कर्म, भाग्य, भगवान्, पाप, कुकर्म, लोभ आदिजस्ता वृत्तिहरूको विनारो गराउँदै कुकार्यले हामीलाई पथभ्रष्ट बनाउने र जन्मजन्मान्तरमा समेत दुःख दिने कुरा बताउँछन् । हामीले नराम्रो काम गर्‍यौं भने यमराजले पनि छोड्दैनन् भनेर हामीलाई डर देखाउँछन् । वास्तवमा कवि वसन्त शर्मा सनातनधर्मावलम्बी गृहस्थी ब्राह्मण हुन् । उनी पापकर्मबाट डराउंछन्, धर्मकार्यप्रति अनुरक्त छन् । असार संसारबाट मुक्ति चाहन्छन् र मुक्तिका लागि नारायणको नाउँलाई नाउ मानेका छन् । यसरी कवि वसन्त शर्मा सदाचारी, नैष्ठिक र धर्मपरायण रहन प्रेरित गर्दछन् । नेपाली काव्यसंसारमा उनको समुद्रलहरी एउटा नवीन प्राप्ति हो । यो काव्यपुस्तिका वाराणसीबाट प्रकाशित भएको हो । हाल यो मदन पुरस्कार पुस्तकालयमा सुरक्षित छ ।

४.१९ विद्यारण्यकेशरी र उनका कविता

विद्यारण्यकेशरी अर्ज्यालको जन्म १८६३ साल माघ महीनामा नुवाकोटमा भएको थियो । यिनका पिताको नाम दैवज्ञकेशरी अर्ज्याल थियो । विद्यारण्यकेशरी अर्ज्यालले वाराणसीमा शिक्षोपार्जन गरेका थिए । यिनका पिता दैवज्ञकेशरीको काशीमै निधन भएपछि विद्यारण्यकेशरी पुनः नुवाकोटको आफ्नै बिर्ता सुनाखानीमै फर्के । यिनलाई आदिकवि भानुभक्त आचार्यका भिनाजु पनि भनिन्छ । यी संस्कृतका ठूला विद्वान् थिए । यिनलाई वि. सं. १८९८ सालमा नेपालको राजदरबारमा पुरोहित र पछि राजगुरुमा समेत नियुक्त गरिएको थियो भनी रामजीप्रसाद अर्यालले लेखेका छन् ।[४६] यिनी धुरन्धर तन्त्रविद् पनि थिए । पछि यिनलाई पदच्युत गरियो र काशीमा विस्थापित भई बसे । यिनले संस्कृतमा के कति

४६. रामजीप्रसाद अर्याल, नेपालको इतिहास र अर्ज्याल परिवार, काठमाडौं, श्रीमती विन्दु अर्याल, वि. सं. २०४७, पृ. १७३–१७४ ।

पुस्तकहरू लेखे, तिनको अन्वेषण हुन बाँकी नै छ। नेपाली भाषामा युगल गीत, तथा द्रौपदीस्तुति नामक पद्यहरू प्राप्त छन्। यिनले हिन्दी भाषामा वंशीचरित्र नामक खण्डकाव्य रचना गरेको कुरा पनि रामजीप्रसादले उल्लेख गरेका छन्।[४७] बाबुराम आचार्यले यिनको निधन वि. सं. १९०२ मा भएको मानेका छन्।[४८] तर वंशावली लेखक रामजीप्रसादचाहिं वि. सं. १९१२ मा भएको ठान्दछन्।[४९] त्यसै गरी 'बुइँगल' ले पनि वि. सं. १९१२ लाई नै निधन तिथि ठहराएको छ।[५०]

युगलगीत श्रीमद्भागवतका श्लोकको अनुवाद हो। यसमा अट्ठाइस श्लोक छन्। श्लोकहरू शार्दूलविक्रीडित छन्दमा लेखिएका देखिन्छन्। शुकदेवले परीक्षितलाई भनेको भागवत कथाको सारांश यी श्लोकहरूमा उल्लेख गरिएको छ। विद्यारण्य-केशरी संस्कृतका श्लोकलाई भावानुवाद गर्दछन्। यिनले कवितामा अन्त्यानुप्रास मिलाउने चेष्टा गरेको देखिदैन। मूल श्रीमद्भागतका छन्दलाई छोडेर कतै शार्दूलविक्रीडित र कतै स्रग्धरा औ मालिनी छन्दको प्रयोग गरेको हुँदा युगल-गीतका अनुवादक विद्यारण्यकेशरीले छन्द स्वतन्त्रतालाई उपयोग गरेका छन्। युगलगीतमा कृष्णको बाल्यजीवनका झाँकीहरू प्रस्तुत गरिएको छ। वनमा गाई चराउन गएको, मुजुरको प्वाँख लगाई नाचगान गरेको, कोमल औंलाहरूले मुरली-का प्वालहरू थुनी मुरली बजाएको, कृष्णचरित्र देखेर कामपीडा अनुभव गर्ने नारीहरूका नीवी खुस्केर लज्जित हुनुपरेको, वंशीवादनको स्वर सुनेर मूर्छित भए-का नारीहरूको चित्रण ज्यादै सरस शैलीमा गरिएको छ। मनुष्य मात्र नभई गाई बाच्छा समेत मोहित हुन्थे वंशीको स्वरले।

विद्यारण्यकेशरी अर्ज्यालको द्रौपदीस्तुतिमा दश वटा श्लोक छन्। यसमा कौरव सभामा द्रौपदीको वस्त्र अपहरण गरिन लाग्दा आफ्नो लज्जा ढाकिदिन द्रौपदीबाट भएको स्तुति गरिएको छ। आर्द्र स्वरमा द्रौपदीले श्रीकृष्णको स्तुति गरेको हुँदा यसमा करुण रसको प्राधान्य रहेको छ। कविता छोटो भए पनि सरस र अर्थपूर्ण छ। यसमा सानो कथात्मकता समेत रहेको देखिन्छ।

दुःशासनले मेरा कपडाहरू खुस्काइरहेको हुँदा म तपाईंका शरणमा परेकी

---

४७. ऐजन्, पृ. १७४।

४८. बाबुराम आचार्य, पुराना कवि र कविता, पूर्ववत्, पृ. १८।

४९. रामजीप्रसाद अर्याल, पूर्ववत्, पृ. १७४।

५०. कमल दीक्षित, बुइँगल, पूर्ववत्, कवि परिचय संख्या १४, पृ. ३२६।

छु । त्यसैले यस कौरव सभामा मेरो लाज बचाइदेऊ । म तीन दिनको रजस्वला छु । यस्ता माननीय व्यक्तिहरूका अगाडि निर्वस्त्र हुनुपर्‍यो भने मेरो के हालत होला ? राजसूय यज्ञलाई सफल पारेर धर्मराज (युधिष्ठिर) को कीर्ति राखे झैं मेरो पनि लाज बचाइदेऊ । हुन त म पाँचपाण्डवकी पट्टरानी यज्ञसेन राजाकी बहिनी हुँ, तर पनि आज यस्तो विपत्तिमा परेकी हुँदा तपाइँको शरणमा आएकी छु । यस कुरुसभामा भीष्म, द्रोण, प्रभृति महारथी हुँदाहुँदै पनि धर्म लोप भएर गइरहेको छ । मेरो यस्तो दुर्दशा हेर्न दुर्योधनकी महारानी झ्यालमा बसिरहेकी छिन् । तिमीले छल गर्ने पूतनाको वध गरिदियौ । तीनमुठी कनिकामा सुदामाको उद्धार गर्‍यौ, त्यसैले तिमीभन्दा दयालु यो संसारमा को होला ? द्रौपदीको वस्त्र खुस्काउने दुःशासन थाक्यो, उसलाई लज्जाको अनुभव भएर मुख निहुरायो । द्रौपदीको स्तुति सुनेर हरि (श्रीकृष्ण) त्यहाँ पुगे । द्रौपदीको नजीक पुगेर हरिले आफूलाई वस्त्रमा परिणत गरे । यसरी द्रौपदीको लज्जा बचाइदिएकोमा उपस्थित सम्पूर्ण नरनारीले हरिको कीर्ति गाउन थाले र सबैले धन्य ! धन्य !! भन्दै हरिको गुणगान गाउन थाले ।

युगलगीत र द्रौपदीस्तुतिलाई तुलनात्मक रूपले अध्ययन गर्दा निकै ठूलो अन्तर भेटिन्छ । युगलगीतमा नेपाली भाषाको प्रयोग बढी मात्रामा पाइन्छ भने द्रौपदीस्तुतिमा हिन्दीको आधिक्य छ । युगलगीतमा मूलका संस्कृत पद्यलाई शार्दूलविक्रीडित आदि छन्दमा उतार्ने प्रयत्न भएको छ, तर अन्त्यानुप्रास नमिलेको हुँदा कविताको माधुर्य खजमजिएको छ । यति हुँदाहुँदै पनि हिन्दीको प्रयोग न्यून देखिन्छ । छन्द मिलाउन शब्दलाई काटकूट पारिएको छ, कवितालाई सरस पार्नुभन्दा कथासार प्रस्तुत गर्न उत्सुकता देखाइएको छ । द्रौपदीस्तुतिमा हिन्दी भाषाको आधिक्य मात्र नभई कतिपय ठाउँमा हिन्दीकै पदावलीसमेत प्रयोग गरिएको छ । यस कविताको सबैभन्दा विलक्षणता कविले अन्त्यानुप्रासलाई जोड दिएको देखिनु हो । अन्त्यानुप्रासको संयोजनबाट कवितामा माधुर्य, मृदुता र सरसता उत्पन्न भएको छ । आफ्नो कथ्यलाई प्रस्तुत गर्न कवि सक्षम समेत देखिन्छन् । भन्न खोजेको कुरा प्रस्तुत गर्न उनलाई (कविलाई) सजिलो भएको देखिँदा युगलगीत र द्रौपदीस्तुति एउटै कविले लेखेको नभई बेग्लाबेग्लै कविले लेखेका हुन् कि भन्ने आशङ्का उत्पन्न भएको छ । आफ्नो कथ्यलाई प्रस्तुत गर्न युगलगीतका कविलाई प्रशस्त शाब्दिक कसरत गर्नुपरेको छ भने द्रौपदीस्तुतिका कवि त्यसबाट मुक्त छन् । युगलगीतका कवि सरसतापट्टि त्यति आकर्षित छैनन् । उनको कविता पढ्दा कथाका घटना र कथाको माहात्म्य बुझाउने प्रयत्न गरिएको अनुभव हुन्छ भने द्रौपदीस्तुति पढ्दा हिन्दीका शब्द र पदावलीले खस्काए पनि

सरस फाँटहरूमा हिँडिरहेको अनुभव हुन्छ । शैली, प्रस्तुति र स्तरलाई समेत तुलना गर्दा दुवै कविता एउटै कविका रचना हुन् भन्न पर्याप्त कठिनाइ उत्पन्न भएको छ । बरु द्रौपदीस्तुतिचाहिँ इन्दिरसले लेखेका हुन् भन्दा पत्याउनुपर्ने अवस्था देखिन्छ । इन्दिरसको गोपिकास्तुति र द्रौपदीस्तुतिमा धेरै समानता छन् ।

यी दुवै स्तुतिमा नारीका धड्कन छन् । अघिल्लामा प्रिय-विरहको शोकलाई प्राधान्य दिइएको छ र विप्रलम्भ शृङ्गारबाट उत्पन्न हुने नारी विलापलाई विषयवस्तु बनाइएको छ भने पछिल्लामा चाहिँ कौरव सभामा एउटी नारीप्रति गरिएको घोर अपमानको स्थिति उब्याइएको छ । दुवै कवितामा नारीका वेदना-प्रति हार्दिकता र सहानुभूति प्रकट गरिएको हुँदा समवेत स्वर मुखरित भएको छ । अर्कातिर भाषिक समानता, अन्त्यानुप्रासको सफल प्रयोग, इन्दिरा र स्वागता जस्ता रसानुकूल छन्दहरूको उपयोगबाट समेत दुवै कवितामा प्रशस्त निकटता झल्किन्छ ।

यिनै समानताहरू हेर्दा गोपिकास्तुति र द्रौपदीस्तुति एउटै कविका रचना हुन् भन्न सकिने तर युगल-गीत र द्रौपदीस्तुतिचाहिँ एउटै कविका रचना हुन् भन्न नसकिने स्थिति स्पष्ट रूपले देखिएको छ । गोपिकास्तुति इन्दिरसको रचना हो । यसमा निखरा हिन्दीभन्दा व्रजभाषाको प्रयोग छ । यो व्रजभाषा हिन्दीकै पूर्वरूप भएकोले व्रज र हिन्दीको अन्तरङ्ग सम्बन्ध देखिन्छ । द्रौपदी-स्तुतिमा हिन्दीको प्रयोग पाइँदा केही भाषिक समानता झल्किएको पाइन्छ । यति हुँदाहुँदै पनि यस अन्तरलाई ठूलो भिन्नता मान्ने हो भने यी दुवै कविताका कविहरू बेग्लाबेग्लै हुन् भन्ने तर्क उभ्याउन सकिन्छ । यसै हो भने पनि द्रौपदी-स्तुतिका स्रष्टाको खोजी गर्न कस्सर कस्नुपर्ने देखिन्छ ।

विद्यारण्यकेशरी अर्ज्यालले वेणुगीत पनि लेखेका थिए भन्ने कुरा अर्ज्याल वंशावलीमा उल्लेख भएको छ ।[५१] बालचन्द्र शर्माले पनि यस कुराको चर्चा गरेका छन्[५२], तर सो कृति फेला नपरेको भन्ने अनुसन्धाताहरूको मत देखिन्छ ।

४.२० यदुनाथ पोखरेल र उनको कविता

यदुनाथ पोखरेलको जन्म वि. सं. १८६५ तिर पूर्वी तराईको सप्तरी

---

५१. रामजीप्रसाद अर्याल, पूर्ववत् ।

५२. बालचन्द्र शर्मा, झाक्रा समालोचना, पूर्ववत्, पृष्ठ ४६ ।

जिल्लामा भएको थियो। सप्तरीमा पोखरेलहरूको थिति थियो। यिनका बहिनी-ज्वाइँ रघुनाथ पोखरेल पनि कवि भएका हुँदा यिनीहरूका बीचमा पारिवारिक नाता र साहित्यिक नाता समेत थियो। यदुनाथ पोखरेलका बाबु पृथ्वीधर थिए भन्ने कुरा पोखरेल वंशावलीबाट खुल्न आएको छ। यिनीहरू दुइ दाजुभाइ थिए र यदुनाथचाहिं कान्छा थिए भन्ने पनि ज्ञात हुन आएको छ। यदुनाथको जन्म मिति निर्धारित नभएजस्तै निधनतिथि पनि खुल्न सकेको छैन।

यदुनाथ पोखरेल प्राग्भानुभक्तीय नेपाली काव्यकालका प्रतिभाशाली कवि थिए। यिनले कसको काव्यप्रेरणाबाट कविता रचना गरे भन्ने कुरा थाहा हुन सकेको छैन, तापनि यी देशप्रेमबाट चाहिं निकै प्रभावित थिए भन्न सकिन्छ। यिनमा पारम्परिक कृष्णभक्तिको छाप पनि छ, तर यिनले सबैभन्दा महत्त्वपूर्ण काम गरे राष्ट्रप्रेम सम्बन्धी काव्य रचना गरेर। नेपाली भाषामा राष्ट्रलाई यस प्रकारको चिन्तन विन्दु बनाइएको थिएन, यद्यपि वीर भावनाको शृङ्खला आफ्नै रूपले बगिरहेको थियो। यदुनाथले सर्वथा नौलो काव्यधाराको विन्यास गरेका हुन्। नेपाली साहित्यमा यो महान् घटना हो।

यदुनाथ पोखरेलका विषयमा प्रथमतः इतिहास शिरोमणि बाबुराम आचार्यले सूचना दिएका हुन्। वि. सं. २००३ सालमा पुराना कवि र कविताका माध्यमबाट नेपाली पाठकले प्राथमिक नेपाली कविताका अद्वितीय प्रतिभा यदुनाथ पोखरेलसँग भेटघाट गर्ने अवसर पाएका हुन्। भेटघाटै भए पनि यिनका वैयक्तिक जीवनसँग परिचित हुने अवसर उपलब्ध भइसकेको छैन। यदुनाथ पोखरेलका पोल्टामा भेटिएका रसिला र स्वादिला कविताहरू पढ्दा प्रत्येक पाठकका आँखा रसाउँछन्, आङ जिरिङ्ङ हुन्छ र अतीतका गौरवमय दिनहरू सम्झन मन लाग्दछ।

यदुनाथ पोखरेलले एक्काइस श्लोकको कृष्णचरित्र लेखेका छन्। त्यसपछि भीमसेन थापाको स्तुतिमा लेखेका अरू ३ वटा कविताहरू पनि प्राप्त भएको हुँदा यदुनाथ पोखरेलका रचनाको संख्या चार पुगेको छ। तिनीहरूको नाउँ यसप्रकार राखिएको छ–

१) कृष्णचरित्र
२) स्तुति–पद्य – १
३) स्तुति–पद्य – २
४) स्तुति–पद्य – ३

कृष्णचरित्रमा बालक कृष्णको चरित्र प्रस्तुत गरिएको छ। यशोदाका काखमा बसी स्तनपान गरिरहेका कृष्णको बाललीला निकै आकर्षक छ। बाल

भूषणहरूबाट विभूषित कृष्णको चञ्चलता, कृष्णका ओठको वर्णन, कृष्णका मुखमा चौधै भुवनको दर्शन आदि अलौकिक घटनालाई कविले संक्षिप्त रूपमा प्रस्तुत गरेका छन् । पूतनावध, तृणावर्तवध, यमलार्जुन वृक्षको उद्धार, दही–दूध आदि-को चोरी जस्ता कुराहरूलाई सूत्ररूपमा उनिएको छ । कालीय नागको दमनजस्तो डरलाग्दो घटना समेत कृष्णबाट सम्पादित भएको छ । अर्कातिर रासलीला र अन्य दिव्य लीलाहरू सम्पन्न गरी कंसको विनाश समेत गरेर आपनो अवतारलाई सार्थक तुल्याउने प्रतिज्ञा गर्दै बाललीलामा प्रवृत्त भए । कृष्णले आपनी मातालाई आफूले अवतार लिनुपरेको उद्देश्य संक्षिप्त रूपमा प्रकाश पारेका छन् । कृष्णा-वतारका केही महिमापश्चात् यो बाललीलाको उद्घोष भएको देखाइएको छ । कृष्णका दाँतहरू आइसकेका हुँदा कम्तीमा ६ महिनापछि यस संवादको परि-कल्पना गरिएको हो । भुजङ्गप्रयात छन्दमा लेखिएको यस कृष्णचरित्रमा कृष्णका जीवनमा घट्ने प्रमुख मोडहरूको सूत्रात्मक संकेत गरिएको छ । सगुण भक्तिधारा-मा श्रीकृष्णलाई काव्य नायकका रूपमा अवलम्बन गर्ने इन्दिरस, विद्यारण्यकेशरी र वसन्त शर्माको प्रवृत्ति यदुनाथमा पनि भेटिन्छ । इन्दिरस र विद्यारण्यले श्रीकृष्णका रतिविषयक प्रसङ्गलाई प्राथमिकता दिएका छन् भने वसन्त शर्माले कृष्णको अत्यधिक चरित्रलाई उप–स्थापित गर्ने प्रयत्न गरेका छन् । इन्दिरसका कृष्ण बालसुलभ गोपालक र विनोदी स्वभावका छन् भने विद्यारण्यकेशरीका कृष्ण भक्तलाई मुक्ति प्रदाताका रूपमा उभिएका छन् । द्रौपदीस्तुतिका कृष्णचाहिँ करुणार्द्र चित्तका देखिन्छन् । यतातिर यदुनाथ पोख्रेलका कृष्णचाहिँ बालसुलभ चरित्र देखाउँदै आपनो वास्तविक उद्देश्य प्रकट गर्न प्रयत्नशील देखिन्छन् । इन्दि-रस कृष्णको सुललित स्वरूपमा केन्द्रित छन् भने विद्यारण्यकेशरी कृष्णको बहुमुखी रूपलाई चिनाउन समुत्सुक देखिन्छन् । वसन्त शर्मा कृष्णलाई चरित्र नायकको रूपमा प्रस्तुत गर्न चाहन्छन् भने यदुनाथ पोख्रेलचाहिँ कर्तव्यप्रति सचेत कृष्णको बालरूप देखाउँछन् ।

काव्योचित सुललितता र स्पष्टताका फाँटमा वसन्त शर्मा अगाडि छन् । बरु उनलाई नेपाली जनमानसमा लोकप्रियताको माला पनि कृष्णचरित्रले नै लगाइदिएको छ । यस दृष्टिले यदुनाथ पोख्रेल केही पछाडि अवश्य नै छन् तर उनको महान् योगदान कृष्णचरित्र होइन । यदुनाथले प्राग्भानुभक्तीय काव्य-क्षितिजमा राष्ट्रियताको सूर्य प्रज्वलित पारेका छन् । यस सूर्यका अगाडि सम्पूर्ण काव्य प्रस्तुतिहरू दीपमालिका बन्न पुगेका देखिन्छन् । स्वयं यदुनाथकै कृष्णचरित्र पनि उनका स्तुतिपद्यहरूका तुलनामा 'सूर्यका अगाडि दीयो' बन्न पुगेको छ । यस

कृष्णचरित्रमा अन्त्यानुप्रासको राम्ररी निर्वाह हुन नसक्नु, कतै छन्दोभङ्ग हुनु आदिलाई यदुनाथको प्रारम्भिक वा आभ्यासिक कलमको उपज मान्न सकिन्छ। यस कृष्णचरित्रमा पूर्ववृत्त (फ्लास ब्याक) को प्रयोग भएको छ। यति हुँदाहुँदै पनि यसको छरितो र सूत्रात्मकपनलाई चाहिँ बिर्सन सकिँदैन।

स्तुतिपद्य– १ तत्कालीन सैनिक सुदृढीकरणको वर्णनमा आधारित कविता हो। भुजङ्गप्रयात छन्दमा लेखिएको पैंतालीस श्लोकको यस खण्डलाई 'लघुकाव्य' मान्दा अत्युक्ति नहोला। कान्तिपुर शहरमा सिपाहीहरू अत्यन्त तेजिला, चमकदार, उच्चा टोपहरू लगाएका, लहरै मिलेर उभिएका, चम्किला बन्दुकहरू बोकेका देखिन्छन्। यी सिपाहीहरू ज्यादै शूरा छन्। यिनीहरू लडाइँमा अत्यन्त कडा छन्। यिनीहरू टुँडिखेलमा पङ्क्ति मिलेर हिंड्दछन्। यिनीहरूको अनुशासित र एकत्रित शक्ति देखेर टाढा टाढाका मुलुकहरू पनि संत्रसित हुन्छन्। यी सिपाहीलाई लडाइँका लागि इशारा नै पर्याप्त हुन्छ। यिनीहरूको आक्रमण हुन्छ भनेर वैरीहरू भाग्न थाले। गाईहरू कराउन थाले। यी सिपाहीहरूको चुस्त र छरितो वेषभूषा देखेर मानिसको मन कम्पिन्थ्यो। यी सैनिकका लठ्ठी देखेर नै कतिको सातो जान्थ्यो। यिनीहरू वचनमा त्यत्तिकै प्रवीण थिए। लडाइँमा यिनीहरूलाई कसैले भेट्तैनथ्यो। यिनीहरूको क्रियाकलाप र चालचलन देख्ता सर्वसाधारण मानिसका मनमा पनि आनन्द आउँछ। मानिसको मनै चङ्गा हुन्छ। सैनिकहरूलाई विभिन्न समूहमा बाँडी उनीहरूको रेकर्ड राखिन्छ। उपस्थित र अनुपस्थितको लेखाजोखा राखेर जाहेर गर्ने चलन छ। टुँडिखेलबाट बिगुल बजनासाथ हाजिर हुनुपर्छ। जो बिरामी हुन्छ त्यसले घरैमा बस्दा हुन्छ। कवाज खेल्ने बेलामा सबैले टुँडिखेलमा भेला हुनुपर्छ। कवाज खेल्दा मन लगाएर खेल्नुपर्छ अन्यथा कोर्राको मार सहनुपर्छ। कवाज खेल्ने समयमा कहिल्यै पनि अबेला गर्नु हुँदैन भनी नेपाली सेनाको वर्णन गर्दै संक्षिप्त निर्देशन दिइएको छ।

सत्रौं श्लोकदेखि जनरल भीमसेन थापाको वर्णन छ। उनी बडा ज्ञानी दानी यशस्वी छन्। उनले निर्माण गर्न लागेको नेपालको अनुहार हेर्न सबैलाई उत्सुकता छ। शिरमा तोडा बाँधेर घोडा कुदाउने छरिता भीमसेन थापा सैनिकहरूका बीचबीचमा पुग्दछन्। यिनले मुखमा पान चपाएर छाउनी पुग्दा सबै जना प्रसन्न हुन्छन्। उनका हात्ती, घोडा सबै नै सैनिक आचरणअनुसार छिटा छरिता देखिन्छन्। ठूलो घोडामा उनको सवारी चलेको छ। विदेशी फौजलाई धपाएर गङ्गामा पुगी हातहतियार पखाल्नुपर्ने हुँदा अत्यन्त तीव्रताका साथ नेपाली सैनिक अगाडि बढिरहेका छन्। कम्याण्डर कर्णेल शेरजङ्ग थापा बाबुजस्तै क्रुद्ध र वीर छन्। युद्धमा यिनको क्रियाकलाप देखेर अंग्रेजहरू समेत थर्किन्थे। उमेरका कतिला

भए तापनि यिनको चालचलन कसैले जान्न सक्तैन। अघि अघि पनि पन्त, पाँडे आदि थर भएका मन्त्रीहरू थिए। तर यीजस्ता अक्कली कोही भएनन्। यिनका बाबु भीमसेन थापा अमरसिंह थापाका छोरा हुन्। अमरसिंह थापा ज्यादै ठूला वीर पुरुष थिए। गोराहरू एक दुइ जना मात्र वीर हुन्छन्, तर गोर्खालीहरूमा कातर कुनै हुँदैनन्। गोर्खालीहरूको वीरता देखेर एडवर्ड गार्डनरले पनि डराएर चिठी लेख्यो, त्यसले नेपालका वीर सिपाही देखेको हुँदा त्यस प्रकारको सम्झौता गरेको हो। नेपालमा सिपाहीहरू तयार भएको देखेर डिल्लीमा खबर पुग्दछ र लखनउका नवाफहरू समेत थरहर हुन थाल्दछन्। चारैतिर बन्दुक र गोलाहरू तयार पारेर सिपाहीहरू बसेका हुन्छन्। नेपाली सैनिकको सजधज र तयारी देखेर अंग्रेज लाठ साहेब समेत दाँतले ओठ टोकेर भित्र पसी सो खबर बेलायततिर पठाउन थाल्दछन्। तोपहरू समेत तयार पारी खडा भएका अंग्रेजी सेना मन मनमा गोर्खाली सेनाका डरले पङ्क्तिबद्ध भई पटना, बनारस आदि ठाउँमा तमतयार भएर बसेर छन्। गभर्नरका सभामा पनि गोर्खाली सेनाका हातहतियारका चर्चा हुन थाले र उनीहरूले गोर्खाली सेनालाई जित्न कठिन हुन्छ भन्ने ठहराए। अंग्रेजी सभाले विचार गऱ्यो– 'हाम्रा सिपाही त्यत्तिका शूरा पनि छैनन्। नेपाल पस्ने बाटो पनि देखेका छैनन्। तथापि तोप र बम गोलाहरूचाहिं तयार पारिएको छ।'

अघिको तपस्या रँ भगवान् विश्वनाथका कृपाले कान्तिपुर शहरमा बसी गरिएका आज्ञा आदेशहरू कार्यान्वयन भइरहेकाछन्। जर्नेल (भीमसेन थापा) को ठूलो बगैंचा (दरबार) मा अनेक प्रकारका अप्सराहरू नाचगान तमासा आदिमा व्यस्त छन्। तिनीहरूको कला कौशल देखेर मन्त्री र भारदारहरू समेत प्रसन्न देखिन्छन्। अत्यन्त असल कपडाहरू लगाएका, मोती, माला आदि गरगहना लगाएका यी अप्सराहरूद्वारा अनौठा अनौठा नृत्यहरू प्रस्तुत हुन्छन्। यहाँ थरी थरीका मीठा रसपान गर्ने भ्रमरहरू पनि छन्। यी नृत्य तमासा हेरेर जनरल (भीमसेन थापा) ले प्रस्थान गरे। उनको बग्गी अनमोलको छ। बग्गीका घोडाहरू वायुवेगले दौडिन्छन्। एक पलकमा कोसैं नहाने पनि एक कोसका दरले दौडिन्छन्। यी जनरलका पछाडिपट्टि प्रसादसिंह कप्तान बसेका हुन्छन्। जनरलको यात्रामा मार्गस्थ सैनिकहरू अभिवादन गर्दछन्। जनरलद्वारा निर्मित धरहरा शहरको नजीकमा छ, जसको भित्री भागमा माथि जाने घुमाउरो बाटो बनाइएको छ। जनरलको बडीबाग (दरबार) मा अनेक प्रकारको सीसमहल (सीसा जडान गरेका भवन) छन्। त्यहाँका क्यालहरू ठूला छन्। ठाउँ ठाउँमा राम्रा मूर्तिहरू पनि छन्। अनेक प्रकारका लालटिन, फानस, मोमबत्ती आदिको प्रकाशले

सो दरबार रातमा पनि दिनको जस्तै झलमल्ल उज्यालो हुन्छ। दरबारमा रहेका मोतीले शुक्ल र कृष्ण पक्षका चन्द्रमाको जस्तो ज्योति फैलाइरहेको छ। राम्रा भित्तामा ऐना राखिएका छन्। राम्रा राम्रा तस्बीरहरू पनि सजाइएका हुँदा अत्यन्त रमणीय देखिन्छन्। त्यहाँ माछाको जस्तो आँखा भएका सुन्दरीहरू हाँस्त-छन् वा प्रसन्नता प्रकट गर्दछन्। हिमालबाट मगाइएको चिसो पानी आउने धारा-हरू पनि जडिएका छन्, ती धाराको पानी खाँदा स्वच्छ दूध खाएजस्तो लाग्दछ। बडीबाग (भीमसेन थापाको दरबार) मा राम्रो पोखरी पनि बनाइएको छ, जुन पोखरीमा राता माछाहरू नाचिरहेको दृश्य देख्न पाइन्छ। त्यहाँ महादेवको मन्दिर, कैलाश समेत स्थापना गरी भीम भक्ति गरी बस्तछन्। यस दरबारमा अरू पनि देवदेवीको निवास छ। यस दरबारमा चार वटा ढोकाहरू पनि छन्। यस दरबारमा बस्ने भीमसेन थापा यस कलियुगका अद्वितीय वीर हुन्। यिनको सिसमहल (सिसा जडिएको) छाउनीमा छ। त्यहाँ (छाउनी) अनेक प्रकारका सिपाहीहरूको क्रीडास्थल पनि हुँदा भीमसेन थापाको दरबार शोभायमान छ।

यस कवितामा भीमसेन थापाद्वारा सङ्गठित नेपाली सेनाको छिटो, छरितो र आज्ञाकारी स्वभावको चित्र प्रस्तुत गरिएको छ। त्यसै गरी नेपाली सेनाको प्रभावकारी सङ्गठनबाट विदेशीहरू तर्सिएको कुरालाई पनि महत्त्व दिइएको छ। भीमसेन थापाको दरबारको वर्णन पनि आकर्षक देखिएको हुँदा कविको वर्णन-क्षमता प्रशंसनीय देखिन्छ।

यस कवितामा कविले प्रमुखतः तीन कुराको वर्णनमा जोड दिएका छन्, ती हुन्– (१) नेपाली सैनिकको फूर्तिलो स्वभाव (२) नेपाली सैनिकको विदेशी-मा परेको प्रभाव (३) भीमसेन थापाको शूरता, वीरता, दूरदर्शिता, लोकप्रियता र दरबारी सजधज।

वीररसले भरिपूर्ण भएको यस कवितामा नेपाली इतिहासको अतीतलाई गौरवमय ढाँचामा प्रस्तुत गरिएको छ। काव्यका मूल नायक भीमसेन थापा भए पनि उनको नाम 'जनरल' को रूपमा लिइएको छ। उनका पालामा पुरानो सैनिक व्यवस्थालाई खारेज गरी आधुनिक किसिमबाट सैन्य सङ्गठन र परिचालन गरिएको हुँदा नेपाली सेनामा ठूलो परिवर्तन अनुभव गरिएको थियो। नेपाली सेना स्वयंले पनि गौरवको बोध गरेको थियो भने आम नेपाली जनमानसले पनि नेपाली सेनाको उत्साह र वीरताबाट गौरवको बोध गरेको थियो। त्यस कुरालाई कवि यदुनाथ पोखरेलले प्रस्तुत कविताका माध्यमबाट अभिव्यक्त गरेका हुँदा तत्कालीन सामाजिक स्थितिको ओजस्वी शैलीमा प्रस्तुत गरिएको यस कविताले वीरभावनालाई यथार्थ रूपमा प्रस्तुत गरेको छ। सबैभन्दा स्वादिलो कुरा त भाषा

नै हो। कवि यदुनाथ पोखे्रलले वीररसको यस कवितालाई दनादन गोली हाने झैं धाराप्रवाह प्रस्तुत गरेका छन्। कसैसँग नलत्री, कसैसँग नझुकी, कसैसँग नडराई निर्भय युद्धका मैदानमा दौडने क्रुद्ध केशरीजस्ता वीर नेपाली सैनिकको वर्णन यति मनोयोगपूर्वक अहिलेसम्म कुनै नेपाली कविले गरेका छैनन्। यदुनाथ पोखे्रलभन्दा पछाडि जे जति वीरताको वर्णन पाइन्छ, त्यो यदुनाथकै प्रेरणा हो। यदुनाथकै प्रेरणा भए पनि यदुनाथलाई उछिनेर नेपाली वीरताको वर्णन हुन सकेको छैन। त्यसैले स्तुतिपद्य– १ यदुनाथ पोखे्रलको अद्वितीय वीर वर्णन हो। यसलाई कसैले जित्न सकेको देखिदैन।

स्तुतिपद्य– २ शार्दूलविक्रीडित छन्दमा लेखिएको साह्रै सुन्दर कविता हो। यसमा भीमसेन थापाले राज्यव्यवस्था सञ्चालन गर्दा प्रजाजनलाई के कस्तो स्थिति बाँधिदिएका थिए भन्ने कुरा देखाइएको छ। पहिला दुइ वटा श्लोकमा नेपाली सैनिकका बाजागाजाको वर्णन पाइन्छ। त्यसै वेलादेखि नेपाली सेनामा अंग्रेजी बाजाको प्रचलन रहेको देखिन्छ। नेपाली सेनामा बादशाही बाजा, ड्रिङ्गुल, तामरिङ, सायिन, तवाक (यी चारै अंग्रेजी बाजा हुन् र नाम पनि अंग्रेजी नै), कयाम्टा, भेरी, तभोर, बाँसुरी, तुरही आदि असंख्य बाजाहरू बजाइन्थे।

उतातिर जिल्ला जिल्लाका हाकिमहरूले नेपाली जनतालाई सताउने र अन्यायपूर्ण शासन गर्ने हुँदा आम जनताले जनरल भीमसेन थापालाई अर्जी (निवेदन) गरे। ती जनताले भीमसेन थापाद्वारा प्रतिपादित 'पांचवर्षे थिति' लागू गर्न पनि माग गरेका थिए। नभन्दै भीमसेन थापाले वि. सं. १८८० साल-मा यो 'पांचवर्षे थिति' लागू गरेका हुँदा जनतामा त्यसको अनुकूल प्रभाव पनि पर्न गयो। जनरल भीमसेन थापाको अत्यन्त कृपा भएको हुँदा यो थिति 'मोरङ्ग' मा लागू गर्दा त्यहाँका जनताले सुख वा प्रसन्नताको अनुभव गरे। उनीहरूका दुःखको अन्त्य भयो। अन्यत्रबाट पनि जिल्लाका हाकिमको अन्याय वा अत्याचार-को समाचार पाएर मन्त्रिपरिषद् वा राजपरिषद्को बैठकमा छलफल गरी मुलुकलाई एउटा थितिमा हिंडाउन आवश्यक कदम चालियो। 'पाचवर्षे थिति' लाई पुनः वि. सं. १८८५ देखि दश वर्षका लागि बढाइयो। भीमसेन थापाले असल मन्त्रीहरूको नियुक्ति गरे भने राज्यव्यवस्था सञ्चालन गर्न ठेक्कापट्टा आदि-को बन्दोबस्त मिलाए। यस प्रणालीबाट रैतीहरूको दुःख नाश भयो। यी भीमसेन थापा कलियुगका अवतारै हुन्। पांचवर्षे थिति मुलुकभरि नै लगाइयो। उनका पालामा ब्राह्मणहरूले बिर्ता जागीर पाएर खुशी भएका थिए भने बैरागी, जोगी, संन्यासी आदिले धर्मकार्य सञ्चालन गर्न गुठी पाएर आनन्दित भएका थिए। जनरल साहेबको कीर्ति चारैतिर फैलिएको छ। भीमसेन थापाका गुण र सुकीर्ति-को गाथा युगभरि नै प्रख्यात हुनेछ।

भीमसेन थापाको सुकीर्ति डच, अंग्रेज, फ्रेन्च आदि जातिका मानिसहरू पनि गाउँछन् । यिनलाई सामान्य मानिस नठहराई अवतारी पुरुष नै मान्दछन् । यिनको कीर्ति दिल्ली आदि शहरमा पनि फैलिएको छ । नेपालमा त घरघरैमा यिनको चर्चा हुन्छ । यिनको जस्तो अकल र बुद्धि कसको होला ? कान्तिपुर शहरका छेउमा अत्यन्त आकर्षक धरहरा बनिएको छ । यिनले शीशाद्वारा निर्मित महल पनि बनाएका छन्, जसबाट चारैतिर हेर्न सकिन्छ । सुन्दर बगैंचाहरू पनि लगाएका हुँदा कान्तिपुर शहर शोभायमान देखिन्छ । भीमसेन थापाले सुनका धारा (सुन्धारा), मन्दिर, दरबार समेत निर्माण गराएर नेपाललाई अमरावती र नेपालका राजालाई सुरपति (स्वर्गका राजा इन्द्र) तुल्य बनाए । सैनिक बन्दोबस्त सुदृढ तुल्याए । छाउनी कम्पुहरू (सैन्यहरू) को केन्द्र बन्यो छाउनीको सैनिक ब्यारेकमा असल सडकहरू निर्माण गरिएको थियो । बग्गीको शोभा अत्यन्तै बढेको थियो । जनरल भीमसेन थापाले रानीपोखरीमा असल जल भरेर त्यसको महिमा बढाए भने बाग्मतीमा पुल बनाई आफ्नो कीर्तिलाई दिगन्त फैलाएका थिए । उनको कीर्ति यस युगभरि फैलिरहन्छ । उनका कीर्तिका अगाडि सबै कुरा असत्य हुन् ।

नेपालका वीर सैनिकहरू तमतयार भएको सुनेर 'काबुल' काम्न थाल्यो । त्यो मात्रै कहाँ हो र ? नेपालको सैनिक सुदृढता देखेर खुरासान, बेलायत, कन्दहार, बलख समेतको सातो गएको छ । यो खबर लङ्कामा पनि पुग्यो, खबरबाट लङ्का निवासीहरूमा शङ्का उत्पन्न भएको छ । अंग्रेजको मनसुवा पनि असफल भयो । अंग्रेजका शासक सर एडवर्ड गार्डनर समेत सितैमा गल्न थाले । दिनदिनै चीन पनि नेपालको वशमा परिरहेको छ । नेपालको सैनिक क्षमता देखेर शिखहरू पनि शोकमा परेका छन् । आसाम आफै सेलाइसक्यो, आफ्नै घर फुटेर दिल्लीको बेहाल भइरहेको थियो । नेपालमा प्रधानमन्त्री भीमसेन थापा अत्यन्त बलिया भएका हुँदा सबैलाई सन्त्रास हुन थाल्यो । मुगल भासियो, लखनौका नवाफ गल्यो, फारस आफैं हट्यो, बाजीराव पाजी भयो, भरतगढलाई घेरा दिँदैमा आत्मसमर्पण गरिहाल्यो, दिल्ली भाग्यकै भरमा धानिएको छ । त्यस्ता बलिया फिरङ्गी (विदेशी) हरू पनि नेपालमा वीर सिपाहीहरूको बखान सुनेर डरले पिछा पर्न थाले । अरूका घरमा (राज्यमा) झगडा लगाइदिएर बलपूर्वक अर्काको राज्य हडप्ने विदेशी शक्ति समेत नेपालको सैनिक सुदृढता देखेर डराउन थालेका छन् । चीनको बादशाह र फिरंगी पनि नेपाली सैन्यशक्तिबाट सन्त्रस्त छन् ।

जनरल भीमसेन थापालाई रिझाउन नसक्दा मेरो जन्मचाहिँ मधेशमै

बितिसक्यो । मैले जो विर्ता (सप्तरीमा) पाएको छु, त्यो पनि खहरेको भेल पसेर नष्ट भ्रष्ट भइसक्यो । मेरो आर्थिक अवस्था कमजोर हुँदै गएको हुँदा साहूबाट कष्ट समेत पाउँदैछु, यसबाट मेरो बुद्धिसमेत हराउन थालेको छ । यस्तो अवस्थामा म (यदुनाथ पोखरेल) आफ्ना मनका पीरमर्का पोखेर जनरल साहेबका शरणमा परेको छु, अब मेरो गति के हुने हो थाहा छैन । सप्तरीमा तपाईंको आज्ञा मुताबिक शासन चलाएर बसेकोमा सो लालमोहर (शासन गर्ने अधिकार) खोसियो । शासक प्रतिनिधि हुँदा पाउनुपर्ने पारिश्रमिक समेत सुब्बा कुलानन्द झाले रोकिदिएको हुँदा न्याय र इन्साफका लागि मालिकका चरणमा यो बिन्ती गर्न आएको छु । यस्तो पीरमर्का बुझिदिने मानिस यस मुलुकमा अर्को को होला ? अवश्य कोही छैन ।

यस कवितामा नेपाली सेनाका सैनिक वाद्यवादनका सामग्री, घरेलु शासन व्यवस्था, भीमसेन थापाका सुधार र यशस्वी क्रियाकलाप, नेपाली सेनाको प्रख्याति, विदेशी राज्यको अवस्था आदिको वर्णन गरिएको छ । कविताका अन्त्यमा कविले आफूलाई परेको पीरमर्काको वर्णन गर्दै आफ्नो दैन्यावस्थाबाट मुक्तिको चाहना प्रकट गरेका छन् ।

कविताको प्रारम्भ वीर रसबाट भएको छ । नेपाली वीरहरू सैनिक वाद्य वादनमा दक्ष हुँदै गएको कुरा पृष्ठभूमिका रूपमा रहेको देखिन्छ भने कविताको जीवन्त प्रस्तुति नेपाली वीरको सुदृढताबाट विदेशीहरू थर्किएको कुरा हुन गएको छ। नेपाली वीरहरू आफ्ना राष्ट्रका लागि अभेद्य किल्ला छन् भने अन्य राष्ट्रका लागि अचुक वज्र समान छन् । भीमसेन थापाका सुधार आफैंमा महत्त्वपूर्ण छन् भने उनले काठमाडौं शहरमा निर्माण गरेका धरहरा, सुन्धारा, देवल (मन्दिर) बागमती पुल, बगैंचाहरू, सैनिक छाउनी, रानीपोखरीको परिष्करण, सोलमहलको निर्माण आदिले उनको कीर्तिलाई युगयुगसम्म जीवित राखतछन् । यस्ता कुराहरूलाई कविले आफ्ना काव्यमा उनिदिएर भीमसेन थापाका कार्यलाई अमरत्व प्रदान गरेका छन् ।

कवि यदुनाथ पोखरेल सूक्ष्मदर्शी भएका हुँदा विदेशी मुलुकको अवस्थालाई काव्यमा कलात्मक रूपले प्रतिष्ठा प्रदान गरेका छन् । यिनले अंग्रेजको छद्म-नीति राम्ररी बुझेको देखिन्छ । अर्काको राज्यमा लडाइँ झगडा खडा गरी आफ्ना बम गोलासमेतले तर्साई सो राज्य आफ्ना अधीनमा लिने विस्तारवादी अंग्रेजी शक्तिदेखि कवि अत्यन्त सतर्क छन् । अर्कातिर चीनको शक्तिशाली शासनबाट समेत सतर्क रहनुपर्ने कुरामा कवि विश्वस्त देखिन्छन । कवि यदुनाथ पोखरेल तत्कालीन शासन व्यवस्थाबाट निकै सन्तुष्ट छन् । इतिहासका पानामा सीमित

 ... शिष्टताका साथ
भएका कतिपय तथ्यलाई कवि यदुनाथ पोखरेलले ऐतिहासिक शिष्टताका साथ
नेपाली काव्यमा भित्र्याएका हुँदा नेपाली काव्यको महत्ता बढ्न गएको छ।
नेपाली काव्यमा वीरगाथाको सम्पूर्ति यस काव्यधाराबाट भएको अनुभव
हुन्छ ।

यस कविताको अन्त्यमा आत्मव्यथा प्रस्तुत गर्दै कविले आफ्ना बिर्ताको दुर्गति वा अव्यवस्था भएको दुःखेसो व्यक्त गरेका छन् । यसबाट तत्कालीन समयमा ग्रामीण इलाकामा प्रशासकीय प्रतिनिधिका रूपमा कुनै व्यक्तिलाई तोकिदिने प्रणाली रहेछ भन्ने अनुमान हुन्छ । उक्त प्रतिनिधिलाई राज्यका तर्फबाट केही पारिश्रमिक वा खान्की तोकेर दिइने प्रचलन रहेको देखिन्छ । त्यसमा सरकारी कर्मचारीको चित्त नबुझेमा व्यवधान उत्पन्न हुन सक्ने कुरा पनि कुलानन्द झाका विरुद्धमा गरिएको उजुरीबाट स्पष्ट भएको छ । कवि कुलानन्दबाट पीडित रहेका छन्, त्यसैले जनरलकै समक्ष आफ्नो दुःख बिसाएका हुन् । कविको दुःख पनि मार्मिकै छ ।

आफूलाई परेको पीरमर्काका विरूद्धमा कविता लेखी महामात्यलाई बिन्ती बिसाउने प्रचलन कवि यदुनाथबाटै शुरू भएको हो । हुन त यस अघि सुवानन्ददासका कवितामा पनि आत्मव्यथालाई स्पर्श गरिएको नपाइने होइन, तर उनले (सुवानन्द) स्पष्टताका साथ राजासँग कुनै याचना गरेका छैनन्। केवल 'धनको दुबलो भया' जस्तो आलङ्कारिक भाषाको प्रयोग गरी आफ्नो स्थिति मात्र दर्शाएका छन् । कवि यदुनाथले चाहिँ स्पष्टताका साथ महामात्यसमक्ष आफ्नो दयनीय स्थिति राखिदिएका हुँदा यदुनाथ पोखरेल जनरल भीमसेन थापाका निकटस्थ थिए कि भन्न सकिन्छ । यसै कविताबाट पनि स्पष्ट भएको छ– भीमसेन थापाले आफ्ना राज्यका ब्राह्मणहरूलाई बिर्ता दिएका थिए, जोगीलाई गुठी राखिदिएका थिए, योग्यता भएकालाई जागीर दिएका थिए । निश्चय नै यदुनाथ पोखरेलले पनि महामात्यको समीपमा पुगी आफ्नो बिर्ता सुदृढ बनाउन खोजेका र आफ्नो योग्यताअनुसार जागीर खोजेका थिए । उनी जनरलका नजीक पुग्न चाहन्थे । कमसेकम सुब्बा कुलानन्दबाट आफूलाई पर्न गएको अन्याय वा पीरमर्काको यथार्थ विवरण जनरललाई बुझाई त्यसबाट मुक्ति पाउन चाहन्थे। यस कविताबाट तत्कालीन स्थितिको यथार्थ प्रस्तुति गरेका हुँदा कविको प्रयत्न पूर्णतः सार्थक छ ।

कवि यदुनाथ पोखरेलको स्तुतिपद्य –३ मा पूर्वी नेपालको एकीकरण अभियानको वर्णन गरिएको छ । कविताका प्रारम्भिक ३ श्लोकहरू प्राप्त नभएका हुँदा यो कविता खण्डित रूपमा फेला परेको मान्नुपर्दछ । चौथो श्लोकको

उत्तरार्धबाट शुरू भएको यस कवितामा धनकुटालाई पूर्वोत्तर क्षेत्रको गढका रूपमा प्रस्तुत गरिएको छ । धनकुटामा श्रीजङ पल्टनले सुरक्षा गरेको र त्यहाँ काजी, कप्तान आदि उच्च ओहोदाका पदाधिकारीहरू रहेका छन् । किरात प्रदेशतिर प्रवेश गर्ने सप्तरीदेखि माथि चौदण्डी गढी छ, त्यसभन्दा पश्चिममा सुगाजस्तो ठूलो मञ्ज्याङ छ । त्यसैँगरी दूधकोशी, उदयपुर गढी, पौवागढ, सिंधुलीगढी आदि क्षेत्रहरू सैनिक क्याम्पका रूपमा महत्त्वपूर्ण छन् । यी घाँटीहरूमा ठूला ठूला ढुङ्गाका पर्खालहरू लगाइएका छन् । ठाउँठाउँमा फलामका ढोकाहरू बनाइएका छन् । नेपाली सेनाले हरिहरपुर, मकवानपुर, राजपुर, चौसापानी गढी आदि किल्लामा सुदृढ स्थिति कायम गरेको छ । कन्द्राङ गढी, परेवा गढी, कुम्भेश्वर गढी, कैलास गढी, उपरांग गढी, देवघाट, मेची, महाभारत जस्ता उनन्तीस गढी र क्षेत्रहरू नेपाली सेनाका कब्जामा आइरहेका छन् । उच्चा पर्वत, लेक, झाडी, खाडी, खोला, झोरा ढुङ्गा समेत बगाउने ठाडा खोलाहरू जतातत्तै छन् । यिनीहरूलाई देख्तैमा मानिसको मन सिरिङ्ग हुन्छ । मदन गढी, विराट गढी, हरिचन गढी, भीमा गढी, रूपैंठा किल्ला, कडरवना गढी, सिमरौनगढ, बारा, पर्सा आदि गढी र क्षेत्रहरूमा नेपाली सेनाले आफ्नो स्थिति सबल बनाउँदै ल्याएको छ । ठाउँ ठाउँमा पक्की किल्लाहरू निर्मित छन् । यी किल्लाहरूबाट वैरीहरूलाई धपाउन सजिलो हुन्छ । किल्लाको सुदृढ स्थिति देखेर वैरीहरू भागाभाग गर्न थाले ।

पूर्वी नेपालका प्रमुख स्थानमा नेपाली सेनाले आफ्नो स्थिति मजबूत बनाउँदै लगेको हुँदा नेपालको एकीकरण अभियानले सार्थक रूप पाउँदै गएको देखिन्छ । नेपाली वीरहरू कुन कुन घाँटी र कुन कुन किल्लामा रहँदा वैरीलाई परास्त गर्न सकिन्छ भन्ने कुरामा चनाखा रहेका छन् । पहाडका खोंच, खोला नाला, लेक, वेसी तथा मधेशका प्रमुख नाकाहरूमा नेपाली सेनाले आफ्नो आधिपत्य जमाइसकेको छ ।

यस कवितामा नेपालको आन्तरिक सैनिक प्रबन्ध के कस्तो थियो भन्ने कुरा देखाइएको छ । त्यस वेलाका प्रमुख गढ गढी, नाका आदिको सामरिक महत्त्व दर्शाउँदै यस कविताले शत्रुपक्षलाई परास्त गर्न उद्यत नेपाली सेनाको उद्देश्य स्पष्ट पारेको छ ।

यस कवितामा श्लोक संख्या १३ दिइए तापनि ३ श्लोक अप्राप्त भएका हुँदा केवल १० श्लोक मात्र फेला परेका छन् । एउटा श्लोक मालिनी छन्दमा रचिएको छ भने अरू चाहिँ शार्दूलविक्रीडित छन्दमा । स्तुतिपद्य –१, स्तुतिपद्य –२ र स्तुतिपद्य –३ मा क्रमिक रूपले प्रौढताको आढ्यता निर्वाह भएको छ ।

स्तुति पद्य -१ वनफल जस्तो रसिलो छ भने स्तुति पद्य -२ बगैंचाको फल जस्तो स्वादिलो छ। स्तुतिपद्य -३ ती दुवैको संमिश्रित परिपाक उमार्न सक्षम रहेको छ।

कवि यदुनाथ पोखरेलका उपर्युक्त कविताहरू हेर्दा प्रथमतः राष्ट्र, राष्ट्रियता, देशप्रेम, युद्धप्रेम, राष्ट्ररक्षा, समरकुशलता र विजिगीषु नेपाली जातिका स्वाभिमानलाई प्रस्तुत गर्ने प्रयत्न भएको छ। त्यसै गरी नेपालका महामात्य भीमसेन थापाका नेतृत्वमा देखिएका विशेषताहरू प्रकट गर्न पनि कवि उद्यत रहेका छन्। भीमसेन थापाका प्रशासनिक सुधार निर्माण कार्य, सैनिक छाउनीको स्थापना, सैनिकका पोशाक क्रियाकलाप आदिका सम्बन्धमा भएका व्यवस्थाहरूलाई प्रस्तुत गर्न कवि समुत्सुक रहेका छन्।

यथार्थ स्थितिबाट निरपेक्ष रही भगवद्भक्तिका नाउँमा गरिने धार्मिक संकल्पलाई भन्दा देशको व्यक्तित्वलाई स्पष्ट पारिदिने घटनालाई कविले आफ्नो वर्ण्य विषय बनाएको हुँदा इतिहासका महत्त्वपूर्ण पक्षहरू उद्घाटित भएका देखिन्छन्। नेपाली काव्यमा वीरवन्दना, राष्ट्रवन्दना र राष्ट्रिय गौरवलाई उच्च प्रतिष्ठा प्रदान गर्ने कवि यदुनाथ पोखरेलको दूरदर्शी काव्य चेतना अत्यन्तै महिमामय बन्न पुगेको छ। उनका क्रान्तदर्शी काव्य संचेतनाबाटै उत्तरवर्ती भानुभक्त, मोतीराम जस्ता कविहरूले राष्ट्रबोध गरेका छन्। राष्ट्रलाई यति महत्त्व दिइँदादिइँदै पनि यदुनाथ पोखरेलको जस्तो महान् वीर काव्य नेपाली साहित्यका फाँटमा अझसम्म नझुल्कनु एउटा ठूलै क्षति हो। नेपाली साहित्यले राष्ट्रका निमित्त ज्यान दिने वीरहरूको चरित्र र योगदानको भरपर्दो गाथा अर्थ निर्माण गर्न सकेको नदेखिँदा यदुनाथ पोखरेल अद्यापि अद्वितीय काव्यस्रष्टा प्रमाणित भइरहेका छन्।

४.२१ रघुनाथ र उनको कविता

वि. सं. १८६८ मा काठमाडौंको नक्सालमा जन्मने रघुनाथ पोखरेल नेपाली साहित्यको रामभक्ति धाराका संस्थापक कवि हुन्। यिनका पिताको नाम चक्रधर पोखरेल थियो। श्री ५ राजेन्द्रविक्रम शाहका पालामा यिनलाई राजदरबारबाट प्रतिष्ठित पण्डित बनाइएको थियो। रघुनाथ पोखरेलको विवाह पृथ्वीधर पोखरेलकी छोरीसँग भएको थियो। पोखरेलै थर भए पनि गोत्र नमिल्ने हुँदा यिनीहरूको वैवाहिक सम्बन्ध स्थापित भएको हो। विवाह भएपछि रघुनाथले आफ्नो थर बदलेर भट्ट लेख्न थालेका थिए। पिताको निधन भएपछि रघुनाथ ससुरालीको विर्ता सप्तरीमा गएका थिए। रघुनाथका जेठान यदुनाथ

पोखरेल हुन् । यी दुवैका बीच नातासम्बन्ध त छँदै थियो त्यस बाहेक भावुक काव्य सम्बन्ध समेत थपिएको हुँदा आत्मीयता बढेको थियो । यी दुवै ठवाइँ ठेठान पद्यमै चिठी लेखालेख गर्दथे । रघुनाथका फुटकर कवितामा तत्कालीन राजनैतिक षड्यन्त्रका गन्धहरू पढ्न पाइन्छ भने उनका सुन्दर काण्ड रामायणले रामको चरित्रलाई उभ्याएको छ । रघुनाथ पोखरेल खर्चिलो स्वभाव भएको हुँदा पैतृक सम्पतिमा ह्रास आयो । यसै हुँदा यिनी ससुरालीतिर लागेका हुन् । ससुरालीमा बसे पनि यिनलाई अर्थाभावको मारचाहिँ छँदै थियो । ससुराली गएपछि यिनले गाँजा खान पनि सिके । वि. सं. १९१५ तिर रघुनाथले सप्तरी-लाई परित्याग गरी काशीको बाटो समाते । यसभन्दा अघि यिनको धर्मपत्नीको निधन भएको थियो । पत्नीको निधन भएपछि ससुरालीसँगको नाता पनि फिका भयो । काशीमा बाँकी रहेको जीवन आनन्दसंग बिताई कवि रघुनाथ पोखरेलले वि. सं. १९२८ मा यस नश्वर शरीरलाई परित्याग गरे ।

रघुनाथले सप्तरीमा छँदै रामायणको अनुवाद गर्न थालेका थिए । 'अयोध्या काण्ड' का केही श्लोकहरू अनुवाद गरेर छोडेका हुँदा तिनीहरू हाल अप्राप्त छन् । काशीमा गएर उनले रामायणको 'सुन्दरकाण्ड' अनुवाद गरे । यो 'सुन्दरकाण्ड' पनि अध्यात्म रामायणकै अनुवाद हो । रघुनाथ पोखरेलको निधन भएको १७ वर्षपछि यस पुस्तकले छापिने अवसर पायो ।

रघुनाथ पोखरेलको जीवनवृत्तलाई हेर्दा यिनी काठमाडौंमा जन्मी विवाह गर्न सप्तरी पुगेका देखिन्छन् । त्यसै गरी जीवनको अन्त्यावस्थामा काशी पुगेका हुँदा उनको जीवनस्थान केन्द्रित रहेको छैन । आफ्नो पैतृक सम्पत्ति जतन जगडा गर्न नसक्दा यिनले अर्काको आश्रयमा जीवन धान्नुपरेको कटुसत्य प्रकट भएको छ । यसबाट रघुनाथ पोखरेलको व्यावहारिक स्वभाव झल्किएको छ भने अर्कातिर उनको स्वाभिमानी 'अहं' समेत विचलित हुन पुगेको देखिन्छ । रघुनाथ पोखरेल भावुक स्वभावका थिए भन्ने कुरा उनका पूर्वोक्त चरित्रहरूले स्पष्ट पारेका छन् । धन-सम्पत्तिको लेखाजोखा गरी आय-व्ययसँग आफूलाई नजोख्ने हुँदा नै उनले आर्थिक सङ्कट अनुभव गर्नुपरेको हो ।

रघुनाथ पोखरेलले केही फुटकर कविताहरू र रामायण सुन्दरकाण्डको रचना गरेका थिए । यिनै रचनाहरूले उनी नेपाली साहित्यमा सुप्रतिष्ठित हुन पुगेका हुन् ।

रघुनाथ पोखरेलको रामायण सुन्दरकाण्ड पाँच सर्गमा लेखिएको खण्डकाव्य हो । यसमा हनुमान्‌ले समुद्र तर्न लागेको अवस्थादेखिको कथा वर्णन गरिएको छ । रामको सुनको औंठी लिई सीता खोज्न निस्केका हनुमान् दक्षिणतर्फ मुख फर्काई

कुद्न लागे । यत्तिकैमा सुरसा आई मुखमा पस्न आग्रह गर्दछिन् । रामको काम-मा हिँडेको हुँदा आफ्नो असमर्थता जनाउँदा जनाउँदै पनि सुरसाको जिद्दी देखेर मुखभित्र पसी निस्केका हनुमान् समुद्र माथिको आकाशमा उड्न थाल्दछन् । यत्तैमा मैनाक पर्वतले हनुमान्लाई केही समय विश्राम गरी फलफूल खाएर जाऊ भनी अनुरोध गरे । हनुमान् हातले छोई आफ्नो बाटो लागे । त्यसपछि सिंहिकासँग भेट भएको, सिंहिकाले छाया पक्रेर गतिहीन बनाइदिएको, सिंहिकालाई लात मारी लङ्कातिर प्रवेश गरेको, लङ्किनीसँग कुटाकुट भएको, लङ्किनीले ब्रह्माको वचन सम्झेको समेत कथा यस काव्यको प्रथम सर्गमा उल्लेख गरिएको छ । दोस्रो सर्गमा सीताको अवस्था वर्णन गरिएको छ । निराश भएकी सीतालाई चारैतिर-बाट राक्षसहरूले घेरेको, रावणले सपना देखेको, सीतालाई काट्ने आदेश दिएको, सीताले रावणलाई गाली गरेको कुरा समेत यस सर्गमा उल्लेख गरिएको छ। तेस्रो सर्गमा निराश भएकी सीताले झुण्डिने प्रयत्न गरेको, हनुमानले सीतालाई आफ्नो उपस्थितिको जानकारी गराएको, रामको सन्देश सुनाएको, लङ्काको बगैंचा नाश पारेको, लङ्काका वीरहरूसँग लडाइँ गरेको, इन्द्रजीतले हनुमान्लाई बाँधेर लगेको समेत कथा वर्णन गरिएको छ । चौथो सर्गमा बाँधेका हनुमान्लाई राक्षसहरूले मुड्की र लात्तीले हान्दै रावणका दरबारमा लगेको कुरा लेखिएको छ । रावणका दरबारमा पुगी हनुमान् र रावणका बीचमा भएको संवाद, त्यस-पछि रावण रिसाएको, विभीषणद्वारा शान्ति कायम गरिएको, हनुमान्का पुच्छर-मा आगो लगाइएको, लङ्का दमन गरेको आदि घटनालाई यस सर्गमा प्रस्तुत गरिएको छ। पाँचौं र अन्तिम सर्गमा लङ्का दमन गरी सीताजीसँग हनुमान् विदा माग्न गएको, सीताजीले हनुमान्लाई सन्देश दिएको, हनुमान् फर्केको देखेर पर्खेर बसेका बानरहरू खुशी भएका, हनुमान्ले आफ्नो यात्राको उपलब्धिबारे जानकारी गराएको, मधुवन लुटेको, सुग्रीव र अङ्गदलाई खबर पठाएको, रामले हनुमान्लाई तुरुन्तै भेट्न खबर पठाएको, हनुमान् रामसँग पुगी आफ्नो लङ्का यात्राको यथार्थ विवरण दिएको, हनुमान्का कार्यबाट राम प्रसन्न भएको कुरा-लाई यस सर्गमा कथात्मकता दिइएको छ ।

प्रस्तुत रामायण सुन्दरकाण्डले कवि भानुभक्त आचार्यको रामायणभन्दा केही छुट्टै विशेषताहरू अँगालेको देखिन्छ । आदिकवि भानुभक्त आचार्यको रामा-यण सुन्दरकाण्ड निकै सरस छ भने रघुनाथको रामायण सुन्दरकाण्ड त्यति रसिलो हुन सकेको छैन । यस सुन्दरकाण्डमा भाषिक क्लिष्टता, अस्पष्टता, सांकेतिकता र सूत्रात्मकता पर्याप्त देखिन्छ । भानुभक्त र रघुनाथले ग्रहण गरेको कथा-स्रोत एउटै भए तापनि दुवैका प्रस्तुतिमा ठूलो भिन्नता छ । तुलनात्मक रूपले हेर्दा

भानुभक्तले सर्वसाधारणका मनमा सकारात्मक प्रभाव पार्न सक्तछन् भने रघुनाथ-बाट त्यो अपेक्षा गर्न सकिदैन । भानुभक्तका सुन्दरकाण्डमा रामको नायकत्व यथावत् कायम गरिएको छ, तर रघुनाथका सुन्दरकाण्डमा राम काव्यका प्रमुख नायक नभई हनुमान् पो हुन् कि भन्न मन लाग्छ । भानुभक्तका हनुमान् सीताजी-लाई अति आदरार्थी शब्दहरूको प्रयोग गरी सम्मान जनाउँछन्, तर रघुनाथका हनुमान् सीताजीलाई 'तिमी' पनि भन्दछन् । भानुभक्तका हनुमान् बाँधिएर रावणका दरवारतिर लाग्दा क्रुद्ध पुरवासीहरू चिमोट्छन्, मुड्कीले हिर्काउँछन्, तर रघुनाथका हनुमान्लाई चाहिं क्रुद्ध पुरवासीहरू मुड्कीले हिर्काउनुका अति-रिक्त लात्तीले समेत हिर्काउँछन् । मर्यादाका दृष्टिले लात्तीले हिर्काउनु अशोभनीय देखिन्छ । यहाँ पूर्णतः तुलना गर्न खोजिएको नभई केही सामान्य दृष्टान्त मात्र दिन खोजिएको हो । भानुभक्तले मूलतः शार्दूलविक्रीडित छन्दमा सुन्दरकाण्डको प्रस्तुति गरेका छन् भने रघुनाथले विविध छन्दमा रामायण सुन्दरकाण्ड लेखेका छन् ।

रघुनाथको रामायण सुन्दरकाण्ड एउटा खण्डकाव्य बन्न पुगेको छ । यस काव्यको नाम रामायण राखिए तापनि प्रस्तुति हेर्दा यो 'हनुमायण' जस्तो लाग्दछ । यस काव्यमा हनुमान्का साहसी कार्यको उल्लेख गरिएको हुँदा केन्द्रीय पात्रका रूपमा हनुमान् नै छन् । काण्डहरूको संकलनबाट महाकाव्यको संरचना हुने परम्परालाई रघुनाथले संशोधन गरेका छन् । उनले रामायणका अरू काण्ड-हरूको अनुवाद गरेको फेला पर्न सकेको छैन, यदि रघुनाथले सबै काण्डको अनुवाद गर्नुपरेको भए प्रत्येक काण्डलाई सर्गहरूमा विभाजित गरी महाकाव्यको बृहद्‌रूप दिनेरहेछन् भन्ने कुरा अनुमान गर्न सकिन्छ । कथावस्तुको सघनता पात्र-हरूका घन्चमञ्च र घटनाको विस्तृतता हेर्दा काण्डहरूलाई सर्गसर्गमा विभाजित गर्नु अनुपयुक्त कुरा होइन । रघुनाथको यस दृष्टिकोणलाई अचाडु भन्न सकिदैन । कवितालाई जे जसरी सरसता प्रदान गर्न सकिन्थ्यो, त्यसतिर चाहिं उनको अभ्यास नपुगेकै मान्नुपर्दछ । नेपाली भाषाको भिमिरे वेलामा शब्द सामर्थ्यको केही अभाव थियो भने अर्कातिर रघुनाथले काव्यका निमित्त पर्याप्त अभ्यास समेत गर्न सकेका थिएनन् । उनका रामायणमा समुचित शिल्प सौन्दर्य आउन नसक्नाका कारणहरूलाई मनोवैज्ञानिक रूपले अध्ययन गर्दा केही अनुमानहरू निस्कन्छन् ।

रघुनाथको जीवनमा अर्थाभाव एउटा समस्याका रूपमा आयो, त्यसले उनलाई निराश तुल्यायो । त्यही निराशाले उनलाई काव्य निर्माणमा बाधा उपस्थ गरिदिएको हुनुपर्छ । अर्को कुरा रघुनाथ नेपालीलाई मातृभाषाका रूपमा

नबोल्ने मानिसहरूको बस्तीमा रहेर [illegible] लागे । पहिले उनी सप्तरी-मा बसे भने पछि उनी काशीमा पुगे । यी दुवै ठाउँमा सामान्य मानिसहरू नेपालीलाई मातृभाषाका रूपमा प्रयोग गर्दैनथे । यस हिसाबले रघुनाथका काव्यमा नेपाली भाषाका सरस पदावली उखान टुक्का, वाग्धारा आदिको उपस्थिति ज्यादै न्यून रूपमा पाइन्छ । कवितालाई सरसता प्रदान गर्ने कुरामा ठर्रा नेपालीका शब्द र उखान टुक्का समेत पर्दछन्, तर यी कुराप्रति रघुनाथ सचेष्ट छैनन् । रघुनाथलाई अध्यात्मरामायणको कथा नेपालीमा सुनाउनु थियो, सुनाए । उनलाई काव्यका सरस फाँटमा उत्रिएर नेपाली काव्य क्षितिजमा विशिष्टता पाउनु थिएन । यदि भानुभक्त आचार्यले नेपालीमा सरस रामायण नलेखिदिएका भए रघुनाथको रामायणको केही प्रचार प्रसार बढ्दथ्यो होला तर भानुभक्तको रामायण अमुद्रित अवस्थामा नै नेपाली जनमानसमा लोकप्रिय हुन थालेकोले रघुनाथका रामायणले 'सूर्यका अगाडि दीयो' हुनुपर्‍यो । नेपाली साहित्यको इतिहासबाट अनभिज्ञ व्यक्तिलाई रामायण भन्नेबित्तिकै भानुभक्तको स्मरण हुन्छ । भानुभक्तका सरस श्लोकहरूले रघुनाथका परिश्रमलाई पर्दाभित्र लुकाइदिएका छन् ।

रघुनाथ पोखरेल लिखित रामायण सुन्दरकाण्डको प्रथम सर्गमा २९ श्लोक छन् । यसमा मालिनी, शार्दूलविक्रीडित, शिखरिणी, स्रग्धरा आदि छन्दको प्रयोग भएको छ । दोस्रो सर्गमा ३० श्लोक, तेस्रोमा ५३, चौथोमा ४०, पाँचौमा ३५ श्लोक समेत जम्मा १८७ श्लोकहरू रघुनाथबाट रचिएको देखिन्छ । यी श्लोक-हरूमा विभिन्न शास्त्रीय छन्दहरूको प्रयोग भएको छ ।

रघुनाथले लेखेको फुटकर कुट श्लोकले तत्कालीन राजनीतिक स्थितिलाई स्पष्ट पारेको छ । जनरल गगनसिंह भण्डारी, माथवरसिंह थापा, फत्यजङ्गहरू समेत अनेक षड्यन्त्रकारी घटनाबाट मारिए । भाग्यका परिपाटले जङ्गबहादुर राणा सत्तामा पुगे । नेपालको राजनैतिक आकाश मानव हत्या र प्रतिस्पर्धाले धमिलिएको थियो । ठूला ठूला वीरहरू यसरी अनाहकमा मारिँदै थिए भने शक्तिको प्राप्तिको निमित्त जघन्य अपराध पनि हुँदै गएका थिए । जनताद्वारा नचिताइएका घटनाहरू अवाञ्छनीय रूपमा नेपालको राजनैतिक पर्दामा देखापरिरहेका थिए । सामान्य जनता यस्ता त्रासदीपूर्ण दुर्घटनाहरू व्यहोर्न तयार त थिएनन् तर उनीहरूसँग एकता र संगठनको अभाव थियो, जसले गर्दा यस्ता घटना सहन उनीहरू विवश थिए । यसरी रघुनाथ खण्डकाव्यमा भन्दा फुटकर कवितामा स्पष्ट भएका छन् । उनको कवि फुटकर काव्यमा सफल छ भन्दा अत्युक्ति नहोला ।

४.२२ कवि रामदास र उनको कविता

प्रागुभानुभक्तीय नेपाली काव्यसंसारमा रामभक्तिधारा संबद्ध कविका रूपमा रामदासको नाउँ पनि जोडिएको छ। यिनको विस्तृत परिचय उपलब्ध हुन सकेको छैन। यिनको काव्य समय लगभग वि. सं. १९०० तिर मानिएको छ। यिनलाई नेपाली पुराणका आविष्कर्ताका रूपमा चिनाइएको पाइन्छ। यिनले लेखेको एउटा मात्र पद्य कृति फेला परेको भए पनि पुराणका आविष्कर्ता कवि रामदासले अरू पनि कविताहरू रचेको हुनु धेरै सम्भव भएको हुँदा उनको खोजलाई कायमै राखी हाल प्राप्त एउटै कविताका आधारमा केही चर्चा गर्नु सान्दर्भिक हुन आएको छ।

'बुइँगल' मा 'सीताजी' शीर्षकमा प्रकाशित यस कवितामा सीताजीकै वर्णन गरिएको छ। मुख्यतया सीताजी कस्ती रहिछिन् भन्ने जिज्ञासालाई शान्त पार्न खोज्दा उनको शारीरिक वर्णन हुन गएको यस कवितामा एक प्रकारको व्यङ्ग्य देखिन्छ। कुनै वनेचरले सीताजी सुन्दरी छन् भन्ने सुनेको र उनको सौन्दर्य हेर्ने आफ्नो उत्कट इच्छा पूरा हुँदा उनमा (सीताजीमा) त्यस्तो आकर्षण फेला नपारेको ठान्दछन्। कति न राम्री होलिन् भनिएकी सीताजी नाक लामो भएकी, कम्मर पातलो भएकी, शरीरमा रौं कति पनि नभएकी, केशहरू लामा र श्यामला भएकी देखता आश्चर्य मान्दै त्यस्तो आइमाईलाई किन राम्री ठानिएको होला ? उनले सुनिन् भने उल्टै दुःख मान्लिन् ! आश्चर्य अरु के छ भने तिनको त पुच्छरै रहेनछ।

कविताको भावार्थ हेर्दा यो कुनै वनेचरले प्रकट गरेको प्रतिक्रिया जस्तो लाग्दछ। कविता छोटो र आकर्षक छ। यसमा हास्यरसको प्राधान्य छ। रामदासको खोजी ज्ञानमणि नेपालले गरेका हुन्।



पाँचौं अध्याय

प्राग्भानुभक्तीय नेपाली सन्त तथा लोक साहित्य

५.१ प्राक्कथन

प्राचीन कालदेखि नै नेपाल एउटा धार्मिकस्थलका रूपमा चिनिंदै आएको मुलुक हो। नेपाल नामको उत्पत्तिमा र नेपाल राज्यको संस्थापनामा समेत अनेक धार्मिक सन्त महात्माहरूको योगदान रहेको छ। 'काठमाडौं' अधित्यकाको निर्माणमा 'मञ्जुश्री' को महत्त्वपूर्ण भूमिका रहेको कुरा नेपाली लोक आख्यानले विश्वास लिएको छ। यस कुराको सत्यासत्य प्रमाणित भएको छैन। यदि यस कुरामा सत्यता निस्क्यो भने प्रमाणित हुन पुग्नेछ– काठमाडौं दूनको संस्थापना एक जना बौद्ध भिक्षुबाट भयो। यी बौद्ध भिक्षु एक जना सन्त नै हुन्। पौराणिक काल, प्राग्ऐतिहासिक काल र अनुश्रुति कालमा समेत नेपालमा अनेक प्रकारका सन्त, महात्मा र योगीहरू हुँदाहुन् तर तिनीहरूको प्रामाणि अस्तित्व अझै फेला पर्न सकेको छैन। यति कुरा चाहिं अवश्य मान्न लकिन्छ– नेपालमा 'गृहस्थाश्रम' र 'संन्यासाश्रम' को अस्तित्व कुनै न कुनै रूपमा थियो। गृहस्थीहरू गृहस्थाश्रममा रहन्थे, जहाँ अनेक प्रकारका सुख–सुविधा र अनेक प्रकारका दुःख-पीडाहरू समेत थिए। गृहस्थाश्रम जीवनको शाश्वत सोपान थियो। अर्कातिर 'संन्यासाश्रम' थियो, जहाँ मूल रूपमा 'वैराग्य' रहेको थियो। जीवनका अनेक भावावेगमध्ये विरक्ति पनि एक हो। हुन ता यसलाई साहित्यशास्त्रको स्थायी भाव गणनामा उल्लेख गरिएको छैन। लगभग शान्त रसको 'शम' भित्र यसलाई अन्तर्भुक्त गरिएको छ। यसो भए तापनि 'विरक्ति' एउटा प्रमुख भाव होइन भन्न सकिंदैन। मानिसलाई जीवनका तीता–मीठा अनुभूतिहरूले एउटा पराकाष्ठामा पुर्याए पछि विरक्तिका भावहरू उत्पन्न हुन थाल्दछन्। यिनै विरक्तिका भावले 'वैराग्य'

जान्छन् । वैराग्यबाट नै संन्यासीहरूको अभ्युदय हुन्छ । यिनै संन्यासीको आश्रम नै संन्यासाश्रम हो ।

गृहस्थी जीवन नै जीवनको उत्पादकस्थल हो । यसै जीवनबाट अत्यन्त न्यून संख्यामा संन्यासीहरू निस्कन्छन् संन्यासीको व्यापकतातिर दृष्टि दिदा के स्पष्ट हुन्छ भने प्रत्येक मानिसलाई जीवनमा कुनै न कुनै क्षण वैराग्यले प्रभावित पार्दछ । योग वा त्यागको पूर्व संस्कार भएका मानिस त्यसै क्षणबाट गृहस्थाश्रम परित्याग गरी 'संन्यासाश्रम' मा प्रवेश गर्दछन् । पूर्वसंस्कार नभएका मानिस चाहि पुनः गृहस्थाश्रममै विलीन हुन्छन् । जीवनका चार आश्रममध्ये 'संन्यासाश्रम' सबैभन्दा अन्तिम क्षण हो । प्राचीन आचार्यहरूले ब्रह्मचार्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र संन्यासाश्रमजस्ता चार आश्रममा जीवनलाई विभक्त गरेका थिए । अद्यापि यी आश्रमहरू लक्षणका अर्थमा लागू छँदैछन् । प्राचीन कालमाचाहिं यी आश्रम अनिवार्य रूपमा लागू हुन्थे । यसै हुंदा महाकवि कालिदासले उल्लेख गरे–

शैशवेऽभ्यस्तविद्यानां यौवने विषयैषिणाम्
वार्धक्ये मुनिवृत्तीनां योगेनान्ते तनुत्यजाम् ।।

(अर्थः रघुवंशी राजाहरू बाल्यावस्थामा विद्याध्ययन गर्दथे । युवावस्थामा विषय वासनाको उपभोग गर्दथे । वृद्धावस्था शुरू भएपछि मुनिको आचरण गरी जीवनको अन्त्यमा योगसाधना गरी आफ्नो शरीरलाई परित्याग गर्दथे)

यसबाट स्पष्ट भएको छ– गृहस्थाश्रम जीवनको प्रारम्भ हो भने संन्यासाश्रमचाहि जीवनको अन्तिम सोपान हो । यी दुवै आश्रममा अन्योन्याश्रित सम्बन्ध छ– प्रारम्भ र अन्त्यको ।

नेपालका सन्दर्भमा संन्यासीहरूको योगदान ज्यादै महत्त्वपूर्ण छ । नेपाली संन्यासीहरू वैराग्यलाई सर्वाधिक महत्त्व दिंदादिंदै पनि देश, काल, परिस्थिति र समाजका आवश्यकताप्रति सचेष्ट देखिन्छन् । युगीन आकांक्षा र आवश्यकताका परिपूर्तिमा नेपाली संन्यासीहरू कहिल्यै पनि उदासीन रहेनन् । त्यसैको फलस्वरूप नेपाली संन्यासीहरूबाट अत्यन्त महत्त्वपूर्ण कार्यहरू सम्पादित भएका हुन् ।

नेपाली संन्यासीहरूमा 'गोरखनाथ' आद्यसन्त हुन् । त्यसपछि लषन थापा (प्रथम) लाई एक हठयोगी सिद्ध मानिन्छ । राम शाह पनि एक महान् तपस्वी थिए भनी वंशावलीमा उल्लेख गरिएको छ ।[1]

१. जनकलाल शर्मा, जोसमनी सन्त परम्परा र साहित्य, काठमाडौं, रायल नेपाल एकेडेमी, वि. सं. २०२०, पृष्ठ ६ ।

नेपाली सन्त साहित्यको चर्चा गर्दा काशीदास जोशीलाई पनि बिर्सन हुँदैन। यिनको समय वि. सं. १६४९ तिर मानिएको छ। यिनलाई भेरी अञ्चलको दैलेख जिल्लाअन्तर्गत भूर्ति पीयूषग्रामनिवासी मानिन्छ। सो ठाउँमा यिनका शाखा सन्तान रेग्मी थर गरी अद्यापि बसिरहेका छन्। काशीदास जोशीले 'रत्नसार-समुच्चय' नामक हस्तलिखित ग्रन्थ लेखेका र सो ग्रन्थको पेटमा केही सन्त पदा-वली रहेका छन् भनी अनुसन्धाता पूर्णप्रकाश नेपालले जानकारी दिएका हुँदा नेपालकै सूचनालाई आधार मानिएको छ। रेग्मी वंशावलीमा यिनको नाम समेत फेला परेको हुँदा यिनको थर रेग्मी नै रहेछ भन्न सजिलो भएको छ। हस्तलिखित रत्नसारसमुच्चयमा संवत्सरगणनासम्बन्धी ज्यौतिष विद्याका महत्त्वपूर्ण कुरा-हरू छन्। सन्तपदावली अथवा सन्तवाणी हालसम्म अप्रकाशित अवस्थामा नै रहेको हुँदा तिनीहरूको यथासम्भव छिटै प्रकाशन होला भन्ने अपेक्षा गरिएको छ। यिनका रचनाहरू प्रकाशित भएपछि सन्त कविहरूमध्ये यिनी सबैभन्दा अगाडिका ठहरिने सम्भावना देखिन्छ।

नेपाली साहित्यमा सन्तहरूद्वारा रचित साहित्यलाई 'जोसमनी' साहित्यिक परम्परामा अध्ययन गरिएको छ। यो मत र सम्प्रदाय नेपालकै माटोमा उब्जेर विकसित भएको मानिन्छ। यस मतमा नेपाली समाज व्यवस्थाको सुधारको निमित्त उपयुक्त सरल र सात्त्विक भएकोले भौतिक जीवनको सामान्य व्यवहारको साथसाथै यस सम्प्रदायको जनप्रियता बढ्दै र विस्तृत हुँदै रह्यो।[२] जोसमनी मत र साहित्यमा पारस्परिक सम्बन्ध छ। जोसमनी मतले प्रतिपादन गरेका सिद्धान्त नै साहित्यमा प्रचारित भएका हुनाले एकात्मकता आएको हो। नेपाली साहित्यमा जोसमनी सन्त साहित्यको ठूलो योगदान छ। खास गरी नेपाली समाजको सुधारका निमित्त नेपाली सन्त साहित्यले अत्यन्त मूल्यवान् योगदान दिएको अनुभव गरिन्छ।

जोसमनी सन्त परम्परा नेपालकै भूमिमा उत्पन्न भएको हो। यसका आदि प्रवर्तक जोसमनी नामक सन्त भएको अनुमान गरिएको छ। उनैका नामबाट यस सन्त परम्पराको नाम जोसमनी रहन गएको हो भन्ने धारणा राखिएको छ। यस परम्पराका सन्तहरूका रचनामा जोसमनी शब्दको उल्लेख भेटिएको हुनाले पनि यस नाममा सार्थकता देखिएको छ। जनकलाल शर्माले जोसमनी सन्त साहित्यको विस्तृत अध्ययन गरेका छन्। उनले जोसमनी सन्तका कृतित्व र व्यक्तित्वको

२. ऐजन, पृष्ठ १।

अनुसन्धान गरेका छन् । जोसमनी शब्दको धेरै ठाउँमा प्रयोग भएको भेटिए तापनि त्यसको उपयुक्त अर्थ खुल्न नसकेको कुरा शर्माले उल्लेख गरेका छन् ।[३] उनका खोजमा प्रथम सन्त हरिश्चन्द्र हुन् । त्यसपछि हरिभक्त, हरिश्चन्द्र (द्वितीय) क्रमशः आउँछन् । उपर्युक्त तीन सन्तहरूका रचनाहरू फेला परेका छैनन् । चौथा सन्त धिर्जे दिलदासबाट मात्र कविताहरू रचिएको पाइन्छ ।

जोसमनी सन्त परम्पराका सम्बन्धमा मथुरादत्त पाण्डेले गहन र विशद अध्ययन गरेका छन् । उनले भारतीय सन्तसाहित्य र नेपाली सन्तसाहित्यमा प्रशस्त समानता मिलेको कुरा उल्लेख गरेका छन् । जोसमनी सम्प्रदाय हिन्दी साहित्यका कबीरदासका शब्दावली तथा विचारहरूका प्रभावमा हुर्किएको अनुमान गरेका छन पाण्डेले ।[४] कुनै कुनै ठाउँमा जोसमनीका पदहरू र कबीरका पदहरू समान छन् । यिनीहरू एक अर्काका प्रतिलिपिजस्ता लाग्दछन् । तुलनीय उद्धरणहरू–

"साधु हुनु बडो कठोर है, जैसे खौंज की धार
डगमग करे तो गिर पडे सच्चा उतरे पार"

हिन्दीका कबीर–

"साधु कहावत कठिन है जौं खाँडे की धार
डगमगाय तो गिर पडे निश्चल उतरे पार"

त्यस्तै अर्को ठाउँमा शशिधर–

"अरे अनारी मन के हारे हार मन के जीते जीत
परब्रह्म परमानन्द मिले मनै के परतीत"

यस्तैमा कबीर भन्दछन्–

"मन के हारे हार है मन के जीते जीत
कह कबीर पिउ पाइस मन ही के परतीत"

पाण्डेका विचारमा धिर्जे दिलदासका शेखपछि नै जोसमनी शब्द प्रचारमा आएको हो । यस शब्दको मूल रूप हो ज्योतिर्मनी । व्याकरणगत अशुद्धिका कारणबाट 'ज्योतिष्मनी' भनियो । यही शब्द कालान्तरमा 'जोसमनी' हुन पुगेको

३. जनकलाल शर्मा ऐजन्, पृष्ठ ७ ।
४. डा. मथुरादत्त पाण्डे, नेपाली और हिन्दी भक्तिकाव्यका तुलनात्मक अध्ययन, दिल्ली, भारतीय ग्रन्थ निकेतन, ई. सं. १९७० पृष्ठ ७२ ।

हो । 'दिल' शब्दलाई धिर्जे दिलदासले प्रकाशमा ल्याएका हुन् । यस शब्दको संस्कृत पर्याय 'मन' हुन्छ, जुन जोसमनी शब्दको एक अङ्ग बनाइयो । यस कार्यको थालनी धिर्जे दिलदासका शिष्य हरिभक्तले गरे । सन्त शशिधरका पालामा यस शब्दको प्रचार भयो । जोसमनी सम्प्रदायको वंशावली तथा अन्य वृत्तिहरूबाट के ज्ञात भएको छ भने शशिधर नै नेपालका आदि जोसमनी थिए । परम्परागत जोसमनी साधुहरूको तालिकाबाट सो कुरा प्रस्तुत गरिएको छ । पाण्डेले यस कुरालाई प्रामाणिक रूपमा उभ्याउन यस्तो उद्धरण दिएका छन् । जनकलालजीलाई जयदेव शर्मा न्यौपानेद्वारा लिखित पत्रमा स्पष्ट लेखिएको छ–

"पहिला गुरु शशिधर स्वामी रेशुंगा
पहिला चेलो मच्छेमण्डल धाम रेशुंगा
दुस्रा चेला प्रेमदिल ... श्यामदिल ... ज्ञानदिल ..." ।[५]

जोसमनी शब्दको उत्पति र प्रयोग सम्बन्धमा मथुरादत्त पाण्डेको निष्कर्ष यस्तो छ–

जोशीमठको मणि जोशीमणि (टोटकाचार्य या उनका गुरु) को मत शशिधरद्वारा सर्वप्रथम जोसमनी नामबाट प्रचारित भयो । यसबाट यो पनि कल्पना गर्न सकिन्छ– ज्योतिर्मठ या जोशीमठको जोस (ज्योतिस्) बाट साधक मणिलाई संयुक्त गरेर जोस्मणि या जोस्मनी सम्प्रदायलाई शशिधरले स्थापित गरेका हुन् ।[६]

जोसमनी सन्तसम्बन्धी उपासनापद्धतिमा निम्नलिखित विशेषताहरू देखिन्छन्–

१) यी सन्तहरू प्रायः निर्गुण निराकार ईश्वरको उपासना गर्दछन्,

२) कुनै कुनै सगुण र निर्गुण दुवैका उपासक भए पनि सगुणका मात्र चाहिं पाईंदैनन्,

३) यी सन्तहरू सत्यमा जोड दिन्छन् । यिनीहरू शिव र सुन्दरलाई सत्यको अनुयायी मान्दछन् ।

यस सम्बन्धमा कबीरको मत मननीय छ–

५. डा. मथुरादत्त पाण्डे, ऐजन, पृष्ठ ९५ ।
६. डा. मथुरादत्त पाण्डे, पूर्ववत्, पृष्ठ ९६ ।

"सन्तनाम है सब ते न्यारा
निर्गुन सर्गुन शब्द पसारा
सरगुन निरगुन तजहु सोहागिन देख सब हि निज धाम
सर्गुण की सेवा करो निर्गुणका अरु ज्ञान निर्गुण सर्गुण से परे
वहँ हमारो ध्याना।" ७

जोसमनी सन्त साहित्यसम्बन्धी धारणा बुझ्न हिन्दी साहित्यले प्रशस्त सहयोग पुऱ्याउने कुरा उपर्युक्त उद्धरणबाट स्पष्ट भएको छ। हिन्दी साहित्यमा सिद्ध, नाथ, सन्त, भक्त आदि नामबाट पृथक् मत अभिव्यञ्जित भए तापनि नेपालीमा ती सबैलाई जोसमनी सन्त साहित्यले नै प्रतिनिधित्व गर्दछ। जोसमनी ज्योति उपासक सम्प्रदाय हो भन्ने कुरामा विश्वस्त हुन सकिन्छ। यसलाई कसैले वैष्णव उपासना पद्धति र कसैले 'दरियापंथी' पनि मानेका छन्। 'दरियापंथी' मतमा निरञ्जनलाई विकृतार्थमा लिइएको पाइन्छ, जब कि जोसमनी सम्प्रदायले निरञ्जनलाई आस्थापूर्वक प्रयोग गरेको छ। त्यसैले यसलाई दरियापंथी मान्ने अभिमत पनि खण्डित भएको छ। जोसमनी सम्प्रदायका शशिधर, ज्ञानदिलदास, कमलदास, मङ्गलदास आदि कविहरूले निरञ्जन शब्दप्रति आस्था प्रकट गरेका छन्।

जोसमनी सम्प्रदाय कबीर दासका नजीकै रहेको देखिए तापनि दशनामी र बाह्रपन्थी (वारकरी सम्प्रदाय) सँग पनि भिन्न भएको प्रतीत हुन्छ। यस कुराको प्रमाण के छ भने जोसमनी सन्त कवि ज्ञानदिलदासले एक ठाउँमा भनेका छन्–

'कौन कबीर, कौन दसनामी, कौनै वारपन्थी।'

नेपालमा प्रचलित सम्प्रदायहरूको नामोल्लेख गर्दा जोसमनी र दरियापंथी दुवैलाई अलग अलग उल्लेख गरिएको हुँदा यी दुवै भिन्नाभिन्नै सम्प्रदाय हुन् भन्ने स्पष्ट भएको छ। जोसमनी सम्प्रदाय अघोरी सम्प्रदायचाहिँ हुँदै होइन। बरु जोसमनी सम्प्रदाय भारतवर्षमा प्रचलित धरणीश्वरी र श्रीवैष्णव सम्प्रदायसँग मिल्दछ। यो सम्प्रदायमा तुलसीको कण्ठी धारण गरिन्छ। आराध्यदेवको रूपमा जगन्नाथ (विष्णु) लाई लिइन्छ। मन्त्रमा ॐ नमोनारायण भनिन्छ। सन्तहरूको नाममा 'दास' शब्द जोडिएको हुन्छ। निर्गुणको सगुण हुनु, त्यस्तै निर्गुण निराकारको भावना प्रबल मान्नु, संसार मिथ्या हो भन्ने ठान्नु, योगमार्ग अपनाउनु, भक्तिका भावनाले ओतप्रोत हुनु, सन्तहरूमा वैराग्य बोध हुनु, नामभक्तिमा विश्वास गर्नु दुवै सम्प्रदायमा पाइने समानता हुन्।

७ ऐजन, पृष्ठ ८५।

जोसमनी सन्तका भेद यस्ता देखिन्छन्–

१) शब्दी जोसमनी : अजपा गायत्रीको उपासना गर्ने र गृहस्थाश्रममा बसिरहेको सन्त,

२) गुरुपंजा जोसमनी : गुरुबाट बाना, झोली, तुम्बा, चिम्टा, तार पाउनुपर्ने, पीताम्बर धारण गरेको वा गेरुवा लगाएको सन्त ।

जोसमनी साधुहरू गुरुभक्तिमा विश्वास गर्दछन् । उनीहरू साधुको सेवा गर्दछन् । उनीहरूका सम्प्रदायमा गुरु सर्वोच्च ज्ञानगंगा हो, त्यसैले गुरुको ठूलो महत्त्व हुन्छ । यी साधुहरू आडम्बरहीन हुन्छन् । गृहस्थाश्रममा बसून् अथवा गृह त्याग गरून् यिनीहरू समाज निरपेक्ष भएर बस्न सक्तैनन् । समाजलाई पथ-प्रदर्शन गरी अन्धविश्वास, जडता शोषण, रुढीग्रस्तता र अन्यायको विरोधमा उत्रने यी सन्तहरू अत्यन्त निर्भीक चरित्र लिएर देखापर्दछन् । थोत्रा आडम्बर र पुराना मान्यताप्रति जोसमनी साधुहरू ठूलो वैरभाव राख्तछन् । यिनीहरूलाई धन, शक्ति र सञ्चयको लोभ छैन, त्यसैले चित्त नबुझेको कुरामा यिनीहरू जोसुकैसँग पनि पाखुरा सुर्कन्छन् । यिनीहरूलाई शासक र शासित बराबरी छन् । गाउँको जिम्बावाल होस् कि मुखियान, सरकारी डिट्ठा होस् कि सुब्बा, नम्बरी पण्डित होस् कि पादरी होस्, यी कसैसँग पनि दब्दैनन् । आफूलाई चित्त नबुझेको कुरा हाकाहाकी भन्दछन् । यिनीहरूलाई ऐन, कानून र शक्तिको हाउ-भाउले तर्साउन सक्तैन । यिनीहरूलाई राष्ट्र वा समाजसँग केही लिनु छैन, मात्र दिनु छ । शोषण र अन्यायको विरुद्धमा चेतना दिँदै हिँड्ने यी समाजवादी सन्तहरू प्रत्येक कार्यका तार्किक सङ्गति खोज्दछन् । मानिसलाई उनीहरूका अज्ञानता र अशिक्षाका सम्बन्धमा सचेष्ट गराउँदै हिँड्ने यी सन्त शिक्षकहरू दूर-संवादका संवाहक हुन् । नेपाली सन्त साहित्यमा यी महान् समाजसचेतकहरू कोरा उपदेश र भावुक मनःस्थिति लिएर होइन, वस्तुगत यथार्थ र जीवनवादी दृष्टिकोण लिएर नेपाली साहित्यमा अवतरित भएका हुन् । यिनीहरूले आफ्ना सुरिला कण्ठबाट समाजका अन्धविश्वासी पर्खालहरू हल्लाइदिएका थिए । शोषकहरूका छद्मभेषलाई नङ्ग्याइदिएका थिए । रूढीग्रस्त समाजका मान्यताहरूलाई गर्ल्यामगुर्लुम् ढालिदिएका थिए । मेचीदेखि महाकालीको सीमारेखा नाघेर नेपाली घर घर र वस्ती वस्तीमा फेरी लगाएर हिँडेका थिए । सुतिरहेका मान्छेहरूलाई ब्यूँझाउनु ज्यादै कठिन कार्य हो, तर जोसमनी सन्त कविहरूले घोर निद्रामा सुतिरहेको नेपाली जातिलाई उठाइदिएका थिए, मानिसलाई ब्यूँझाइदिएका थिए ।

नेपाली सन्त कविहरू र हिन्दी सन्त कविहरूमा अलिकति विभेद यही देखिन्छ । हिन्दी सन्त कविहरू मानिसलाई आध्यात्मिक रूपमा उठाउन मात्र प्रयत्नशील छन् भने नेपाली जोसमनी सन्त कविहरू आध्यात्मिक र सामाजिक दुवै रूपमा ब्यूँझाउन समुत्सुक देखिन्छन् । हिन्दी र नेपालीका सन्त कविहरूको मूल आध्यात्मिक प्रेरणा एउटै हो । हिन्दीका सन्त कविहरू पनि समाजसँग भिजेकै थिए, मिलेकै थिए, तर सामाजिक चेतना विस्तार गर्न भारतीय भूमिमा अरू पनि स्कूल (सम्प्रदाय) हरू क्रियाशील थिए । तर नेपालमा चाहिँ यस्तो स्कूल (सम्प्रदाय) को नाम निशानै थिएन । चेतनाको विस्तार सन्त कविहरू बाहेक अरूबाट सम्भवै देखिदैनथ्यो । त्यसैले नेपाली सन्त कविहरूलाई केवल आध्यात्मिक मूल्यका दृष्टिले मात्र अध्ययन गर्दा वास्तविक न्याय हुँदैन । नेपाली सन्त कविहरू आध्यात्मिक सचेतताका दृष्टिले सशक्त छँदै थिए भने सामाजिक चेतना अभिप्रसारणका दृष्टिले त्यत्तिकै महत्त्वपूर्ण थिए । हिन्दी सन्त कवि र नेपाली सन्त कविका उत्तरदायित्वमा मूलतः केही भिन्नता थिए भने नेपाली सन्त कविहरू उभयलक्ष्यमा एकाकार हुन बाध्य थिए । यिनै अन्तरहरूबाट नेपाली र हिन्दीका सन्त कविहरूलाई छुट्ट्याउन सकिन्छ । यो अन्तरका बीचमा ठूलो खाल्टोचाहिँ छैन । समुद्रको पानी एउटै हो । सूर्यका ताता किरणहरूले जलकणलाई आकाशमा पुऱ्याई अभिविञ्चन गरिए झैं हिन्दी र नेपालीका सन्त कविहरूको मूल स्कूलचाहिँ एउटै हो । एउटै स्कूलबाट प्रशिक्षित व्यक्तिले आफ्नो कार्यक्षेत्रमा पुगेपछि आवश्यकताअनुसारका कामहरू सम्पन्न गर्नुपरेझैं नेपाली सन्तकविहरूले नेपालको सामाजिक, राजनीतिक अवस्थाअनुसार हिन्दीका सन्तकविहरूभन्दा केही थप उत्तरदायित्व वहन गरेका हुन् । नेपाली धर्ती र समाजका लागि उनीहरूका अतिरिक्त कार्य मृत्युञ्जयी बन्न पुगे । युग युगसम्म दासानुदास हुनुपर्ने नियतिका कुचक्रबाट मुक्ति मार्गहरू पत्ता लगाउन केही सामल प्राप्त भयो । यस महान् प्राप्तिलाई सितिमिति बिर्सन सकिंदैन । यसको मूल्यलाई कम गरेर आँक्न सकिंदैन । नेपाली साहित्यमा जोसमनी सन्त साहित्यको महत्त्व न्यून वृत्तमा अटाउन सकिंदैन । यसको उपादेयतालाई घटाउन मिल्दैन । निःस्वार्थ रूपले राष्ट्र र समाजको सेवामा समर्पित वाणीपुत्रहरूलाई कहिल्यै पनि अवमूल्यन गर्नु हुँदैन । यसरी नेपाली सन्तकविहरू नेपाली वाङ्मयका फाँटमा अमर विभूति साबित भएका छन् ।

नेपाली सन्तसाहित्यमा उपदेश र समाज सुधारको आग्रह प्रबल रूपमा रहेको देखिन्छ । सामान्य ग्रामीण नरनारीलाई धर्म, उपदेश र मार्गनिर्देशन गर्न नेपाली सन्तहरूले नेपाली भाषामा हिन्दी, व्रज र मैथिली भाषाको संमिश्रण गरी आफ्ना रचनालाई प्रभावकारी बनाएका छन् । यी सन्तहरूले आफ्नै रचनाको प्रचार गरेका हुँदा देश काल परिस्थितिअनुसार यिनीहरू काव्य रचना गर्न सक्षम

रहेछन् भन्ने स्पष्ट हुन्छ । यी सन्त कविहरू विशेष गरी हिन्दी भाषाबाट प्रभावित छन् । यिनीहरूको भाषिक मिश्रणलाई सधुक्कडी नाम दिइएको छ ।[८] सधुक्कडी भाषासम्बन्धी चिनारी गराउँदै जनकलाल शर्मा लेख्तछन्–

"पठनपाठनको क्षेत्रमा ब्राह्मणहरू संस्कृतलाई महत्त्व दिन्थे भने साधारण जनता आफ्ना दक्षिणको छिमेकी मुलुकबाट आयात गरिएको भाषामा लेखिएको धार्मिक साहित्यलाई नै बढी महत्त्व दिन्थे । त्यस समय चौरासी सिद्ध परम्पराका अपभ्रंश भाषाका साहित्य नै यस क्षेत्रमा बढी प्रचलित थिए । त्यस बाहेक तुलसीकृत रामायण, सूरसागर र अन्य केही वैष्णव साहित्यको पनि प्रचलन थियो, जुन साहित्य दक्षिणको छिमेकी मुलुकका जनताले बोल्ने गरेको लोकभाषामा हुन्थ्यो । यस्तो वातावरणमा जोसमनीले नेपाली जनतालाई आफ्नो धार्मिक प्रचारका निम्ति छिमेकी मुलुकका सन्त कविहरूले प्रयोग गरेकैंजस्तो भाषा प्रयोग गरी जुन साहित्य प्रस्तुत गरेका छन्, त्यसैलाई हामीले सधुक्कडी नेपाली भनेका हौं । यिनका शब्द वा विभक्ति बाहिरबाट आयात गरिएकोजस्तो देखिए तापनि यिनलाई शतप्रतिशत बाहिरिया भनेर त्याग्न (हामीले) सक्तैनौं" ।[९]

सधुक्कडी नेपाली भनेको साधुहरूद्वारा प्रयोग गरिने नेपाली मिश्रित भाषा हो । यसमा नेपाली बाहेक अन्य भाषाको मिश्रण हुन्छ । यसै मिश्रणलाई जनकलाल शर्माले सधुक्कडी नाम दिएका हुन् । यस नामलाई अन्य समालोचकहरूले पनि अनुमोदन गरेका हुँदा यो नामले लोकप्रियता पाएको देखिन्छ । साधुहरूले अन्य भाषा मिश्रण गरी प्रयोग गरेको भाषालाई सधुक्कडी नामकरण गरिएको भए पनि यसलाई सन्तभाषा अथवा सन्तवाणी भन्नुचाहिं बढी उपयुक्त देखिन्छ । खास गरी सन्तहरूले आफ्ना रचनामा प्रयोग गरेको भाषाचाहिं सन्त भाषा नै हो । यसलाई सधुक्कडीभन्दा सन्त भाषा अथवा सन्तवाणी नाम नै सुहाउने देखिँदा सोको प्रयोग गर्न प्रस्तावित गरिएको छ ।

पृथ्वीनारायण शाहले गोरखनाथको स्तुति यसै सन्त भाषामा गरेका छन् ।[१०] पृथ्वीनारायण शाह साधु, सन्त र महात्माहरूको आदर गर्दथे । त्यसैले

८. जनकलाल शर्मा, नेपाली साहित्यमा जोसमनी सन्तहरूको विशेष अवदान, प्रज्ञा ९।१, पूर्णाङ्क ३१, ने. रा. प्र. प्र.; २०३७, पृष्ठ ५६ ।

९. जनकलाल शर्मा, ऐजन, पृष्ठ ५७ ।

१०. डा. दयाराम श्रेष्ठ, नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन, पूर्ववत्, पृष्ठ २७ ।

भजनका रचनामा तिनै साधुहरूका भजन वा स्तुतिको प्रभाव[११] पर्नु स्वाभाविकै हो। अरु उनमा जोसमनी सन्त शशिधरको प्रभाव अत्यधिक थियो भन्ने पनि मानिएको छ।[१२]

५.२ जोसमनी सन्त प्रतिभाहरूको चिनारी

प्राग्भानुभक्तीय काव्यक्षेत्रमा देखिएका जोमसनी सन्त कविहरू नेपाली काव्य चेतनाका संवाहक मानिन्छन्। यिनीहरूले आफ्ना उपदेशका माध्यमबाट समाजलाई प्रशिक्षित गरेका हुँदा यिनीहरूको उद्देश्य उभयमुखी देखिन्छ। जोसमनी सन्त कविहरूबाट कतै भजन, कतै उपदेश, कतै मार्गदर्शन र कतै दार्शनिक विचारहरू प्रवाहित छन्, त्यसैले उनीहरू सामाजिक स्तरमा समेत परिचित र आदरणीय देखिन्छन्।

५.२.१ धिर्जे दिलदास र उनको कविता

सन्त धिर्जे दिलदास नेपाली सन्त साहित्यका अग्रणी प्रतिभा हुन्। उनको जन्म र मृत्युको सम्बन्धमा कुनै कुरा फेला परेको छैन। यी सन्त शशिधरका गुरुका गुरु थिए भन्ने सम्म थाहा भएको छ। यिनलाई पृथ्वीनारायण शाहपूर्वका सन्त मान्नुपर्दछ।

जोसमनी सम्प्रदायमा सन्त धिर्जे दिलदासको ज्यादै महत्त्वपूर्ण भूमिका छ। जोसमनी सम्प्रदायका साधुहरू आफ्नो नाउँमा 'दिल' शब्दको उपयोग गर्दछन्। मथुरादत्त पाण्डे जोसमनीहरूलाई 'दिल' शब्द जोड्न लगाउने नै धिर्जे दिलदास हुन् भन्ने मान्दछन्।[१३] पाण्डेका विचारमा धिर्जे दिलदासभन्दा पछाडि नै जोसमनी शब्द पनि प्रचारमा आएको हो।[१४] धिर्जे दिलदास जोसमनी सम्प्रदायका आदि प्रवर्तक नभए तापनि एउटा विशिष्ट सन्त चाहिं हुन् भनेर पाण्डेले ठोकुवा गरेका छन्।[१५]

---

११. जनकलाल शर्मा, प्रहरी ८।४, पृष्ठ २८।

१२. श्रेष्ठ तथा शर्मा, ऐजन।

१३. डा. मथुरादत्त पाण्डे, पूर्ववत्, पृष्ठ ९५।

१४. ऐजन, पृष्ठ ९५।

१५. ऐजन, पृष्ठ ९५।

धिर्जे दिलदासका रचनाहरू के कति थिए, तिनीहरूको सुरक्षा भयो भएन ? आगो, पानी र समयले के कति नष्ट पारे ? त्यो किटानसाथ भन्न सकिंदैन। उनको एउटा मात्र रचना उपलब्ध भएको हुंदा त्यसैबाट उनको मूल्यनिरूपण गर्नुपर्ने देखिन्छ। यस रचनाको शीर्षक 'निर्गुन भजन' राखिएको छ।[16]

यसमा हरिको भजन गर्ने आग्रह गरिएको छ। यो संसार पाँच तत्त्व (पृथ्वी, अप, तेज, वायु, आकाश) बाट बनेकोले पाप र पुण्य दुवै पाउन सकिन्छ। पाप धोएर पुण्य पाउन हरिको भजन गर्नुपर्दछ। व्यर्थमा मानव जीवन गुमाउनु राम्रो होइन। मैले यो हरिभजन गर्ने सद्दुपदेश गुरुबाट पाएको हुँ। गुरुको कृपा र दया नपाएको भए केही हुने थिएन। गुरुकं सद्दुपदेशबाट पापबाट मुक्त भई अमरपुर (स्वर्ग)को रसास्वादन गर्न पाइछ। निर्गुन भजनको भावार्थ यही हो। यो भजन सन्त भाषामा लेखिएको छ।

साधुहरूको गुरुशिष्यसम्बन्धलाई वंशावली क्रममा अध्ययन गरिन्छ। यिनीहरूका छोराछोरी वा बाबु आमाको आफ्नै वंशपरम्परा हुन्छ भने दीक्षा क्रममा गुरुशिष्यको आफ्नै वंशावली हुन्छ। त्यसैले साधुहरूलाई शिष्यपरम्परामा हेर्नु उपयुक्त हुन्छ। सन्त धिर्जे दिलदासपछि सन्त हरिभक्त (द्वितीय) को अस्तित्व स्वीकारिएको छ। सन्त हरिभक्तलाई सन्त शशिधरका गुरु मानिए तापनि उनका रचनाहरू फेला परेका छैनन्। सन्त हरिभक्त (द्वितीय) पृथ्वीनारायणका समकालीन थिए। यिनको पृथ्वीनारायणसँग भेटघाट र सङ्गत थियो थिएन, यसै भन्न सकिंदैन। पृथ्वीनारायण शाहले सल्यानी सन्त भगवन्तनाथलाई लेखेको पत्रबाट पृथ्वीनारायण सन्तहरूलाई आदर गर्दथे र सहयोगको अपेक्षा पनि राख्दथे भन्ने स्पष्ट हुन्छ।

सन्त धिर्जे दिलदासद्वारा लिखित प्रस्तुत 'निर्गुन भजन' मा चारवटा दोहा छन्। दोहाका अन्त्यमा उनले आफ्नो नाम पनि दोहाभित्रै उल्लेख गरेको देखिन्छ। यसमा अत्यधिक हिन्दी शब्द छन् भने तत्सम शब्द पनि प्रशस्त छन्। नेपाली विभक्ति केही छन् भने क्रियापद आगन्तुक नै छन्। रचना पढ्दा अर्थ बुझ्ह लाग्दैन। रचना छोटो मीठो रमाइलो छ।

५.२.२ शशिधर र उनको कविता

नेपाली साहित्यका इतिहासमा सन्तहरूद्वारा महत्त्वपूर्ण रचनाको आविर्भाव

---

१६. जनकलाल शर्मा, जोसमनी सन्त परम्परा र साहित्य, पूर्ववत्, पृष्ठ १४६।

भएको छ । सन्त प्रतिभाहरूमा शशिधर प्रारम्भिक कालका प्रतिभा हुन् । उनले जोसमनी सन्त साहित्यको जग बसाइदिएको हुँदा उनका उत्तरवर्ती सन्तहरू पनि भजन, राग, वाणी आदिको रचनामा प्रवृत्त देखिन्छन् । जोसमनी सन्तहरूका विशेष पहिचान र लक्षण निर्माणमा पनि सन्त शशिधरका रचनाले ठूलो काम गरेको छ । जोसमनी साधुहरूको मन्त्र, उनीहरूको कर्तव्या-कर्तव्यको आचरण निर्धारणमा समेत सन्त शशिधरका रचना मूल्यवान् उपलब्धि ठहरिएका छन् । जोसमनी साहित्यको विकासमा सन्त शशिधर मेरुदण्ड हुन् । उनले उठान गरेको सन्त साहित्यको जग मजबूत हुँदै नेपाली साहित्याकाशमा फस्टाउँदै गएको हुनाले सन्त ज्ञानदिलदास जस्ता प्रतिभाहरूले अवतरित हुने अवसर पाएका हुन् । शशिधरकै संलग्नताबाट नेपाली साहित्यमा छुट्टै मौलिकता वा पहिचान कायम गर्न सकेको हो । आज नेपाली साहित्यमा सन्त साहित्यको स्वतन्त्र सम्प्रदाय निर्माण भइसकेको छ ।

सन्त शशिधर जन्मदै साधु भएका होइनन् । उनी पनि एक जना गृहस्थीका सन्तान थिए । सन्त शशिधरको जन्म विक्रम संवत् १८०४ तिर पश्चिम नेपालको त्रिशूलगंगाका किनारमा भएको हो । उनले जन्म लिएको गाउँ प्रसूतपुरी हो । अहिले यस गाउँलाई कुन नाममा रूपान्तरित गरिएको छ र यो गाउँ कहाँ छ भन्ने कुरा अस्पष्ट छ । सन्त शशिधर उपाध्याय ब्राह्मण कुलमा जन्मेका थिए । सन्त शशिधरका पिताको नाम विष्णुप्रसाद उपाध्याय पौडेल थियो । विष्णुप्रसाद पौडेल एक जना ग्रामीण किसान थिए । सन्त शशिधरको जीवन चरित्र हेर्दा उनलाई देवीको आशीर्वाद प्राप्त भएको जस्तो लाग्दछ । सन्त शशिधर सानैदेखि तीक्ष्ण बुद्धि भएका बालक थिए । उनको बुद्धि जति तीक्ष्ण थियो, उनको साहस पनि त्यत्तिकै थियो । बुद्धि र साहसका धनी बालक शशिधरमा आध्यात्मिक चेतना पनि सानैदेखि प्रबल रूपमा रहेको थियो । शशिधर १२–१३ वर्षका हुँदा उनका गाउँका एक परिवार तीर्थ गर्न जगन्नाथ पुरी जान लागेछन् । गाउँको कुरो शशिधरले पनि थाहा पाइहाले । उनलाई पनि तिनै ब्राह्मणको पछि लागेर जगन्नाथ पुरी जाने इच्छा भयो । १२–१३ वर्षका बालकको यस्तो इच्छाले तीर्थ यात्री ब्राह्मण र शशिधरका परिवारलाई समेत विलखबन्दमा पारिदियो । शशिधरलाई सम्झाइ बुझाइ रोक्ने प्रयास भयो, तर दैवी उत्प्रेरणाबाट उठेको सङ्कल्प त्यसै किन सेलाउँथ्यो र ? शशिधरले पटक्कै मानेनन् र तिनै ब्राह्मणको संरक्षकत्वमा उनी पनि जगन्नाथको बाटो लागे ।

जगन्नाथको यात्रामा गइरहेको बेला दैवसंयोगले दाउरा खोज्न जाँदा शशिधरको दाहिने हात भाँचिएछ । संरक्षक यात्री ब्राह्मणले चिन्ता प्रकट गर्दा

तपाईंले मेरा विषयमा चिन्ता लिनुपर्दैन भनी शशिधरले भनेछन्। उतातिर सोही रात जगन्नाथका पण्डाले पनि सपना देखे– 'शशि नामक बालक दर्शन गर्न आउन लाग्दा दाहिने हात भाँचिएर बसिरहेको छ, त्यसलाई लिएर आओ।' पण्डालाई सपनामा यस्तो आदेश दिने स्वयं जगन्नाथ नै थिए। उज्यालो भएपछि पण्डाहरू शशिधरलाई खोज्न निस्किए। नभन्दै उनीहरूले बाटामा हात भाँचिएर बसिरहेका शशिधरलाई फेला पारे। उनीहरूले सपनाको कुरो यथार्थ रूपमा मिलेको देखेपछि शशिधरलाई सादर जगन्नाथ पुऱ्याए। यो एउटा किंवदन्ती हो। भनिन्छ– जगन्नाथ (उडीसा) पुगेपछि शशिधरले एघार वर्षसम्म सत्सङ्ग र अध्ययनमा समय बिताए। यस अवधिमा उनले चौरासी सिद्धको वज्रयानी प्रभावको अध्ययन, चैतन्यको नवीन वैष्णव सम्प्रदायको प्रभाव र दरिया पन्थ (१६९१-१८३७ वि. सं.) को प्रभाव समेत अध्ययन गरे। यिनीहरूका विभिन्न विशेषताहरूलाई शशिधरले मन पराए। कुनै खास एउटा सम्प्रदायबाट मात्र उनी प्रशिक्षित नभई सबै सम्प्रदायका समाजपरक र धर्मपरक कुराहरूलाई उनले ग्रहण गरे। शशिधरमा धार्मिक समन्वय पाउनु यसको लक्षण हो। यी अध्ययनबाट शशिधरले जातपातको भेदभावलाई अमान्य ठहराए। उनलाई कर्मकाण्डी प्रवृत्ति पनि मन परेन। शशिधर दरियाबाट आकर्षित भए। दरिया साहेब कबीरपछि हठयोगी, रहस्यवादी कवि र समाजसुधारक व्यक्तिका रूपमा प्रतिष्ठित थिए। शशिधरले दरियाको नाम पनि लिएका छन् अर्कातिर कुरान, पुरान, हिन्दू, मुसलमान समेतको चर्चा गरी शशिधरले भारतीय सन्तहरूका प्रभावलाई समन्वयात्मक दृष्टिले अङ्गीकार गरेका छन्।'

सन्त शशिधर वि सं. १८२६–२७ तिर पहिलो पल्ट काठमाडौं आए। काठमाडौंमा उनी विष्णुमती नदीको किनारमा धुनी जगाएर बसे। त्यहींबाट उनले राजा पृथ्वीनारायण शाहलाई एउटा पत्र पठाए। सो पत्र शाही मर्यादा विपरीत थियो। पत्र पठाउने व्यक्तिको खोजी हुँदा विष्णुमतीका किनारमा धुनी जगाएर बसेको जोगी भन्ने पत्ता लाग्यो। राजाज्ञाअनुसार दरबारमा बोलाउँदा जान नमानेको हुँदा राजा स्वयं सन्त (शशिधर) लाई भेट्न आए। सत्सङ्गबाट प्रभावित राजाले सन्तका निमित्त कुटी बनाइदिए। दुई महिनापछि सन्तले विष्णुपुरी (सिउपुरी ?) को लेकमा बस्ने इच्छा गरेका हुँदा त्यही प्रबन्ध मिलाइयो। त्यस ठाउँमा सन्त शशिधर पाँच वर्ष बसे। यस अवधिमा धेरै राज कर्मचारीहरू उनका चेला भए। ती चेलाहरू थिए–

१) मोक्ष मण्डल (मगर) २) शेषधर (गुरुङ्ग)
३) माया मण्डल (सुनुवार) ४) प्रेमदिल (ब्राह्मण)

शशिधरले यी चेलाहरूलाई जोसमनी सन्त मतको प्रचार प्रसारका लागि चारै दिशामा खटाए । वि. सं. १८३१ सालमा पृथ्वीनानायण शाहको निधन भएपछि सन्त शशिधरका मनमा आघातको अनुभव भयो । त्यसैले आफ्नो कुटी परित्याग गरी जोसमनी मतको प्रचार गर्दै पश्चिम नेपालतिर लाग्ने निर्णय गरे । सन्त शशिधर गुल्मी जिल्लाको रेशुङगा भन्ने ठाउँमा पुगे र त्यहीं आफ्नो आश्रम बनाए । रेशुङगामा बसेर सन्त शशिधरले आफ्ना अनेकौं अनुयायीहरूलाई जोसमनी मतमा दीक्षित गराए भने अर्कातिर रेशुङगामा मठ स्थापना गरी धार्मिक केन्द्र समेतको निर्माण गरे । सन्त शशिधरले आफ्नो उपदेश वा दोक्षा मन्त्र विभिन्न कृतिका माध्यमबाट प्रचार गरेका हुँदा उनका कार्यले दोहोरो फाइदा भयो । एकातिर मानिसका आचरण र विचारलाई उनले सुधार गरे भने अर्कातिर उनका रचनाले वाङमयको समृद्धि समेत गरेको देखिन्छ । शशिधरको यस प्रकारको योगदानले चारैतिर सुख्याति फैलिदै गयो । नजीकका ग्रामीण इलाका बाहेक सुदूर पहाडी भागबाट समेत मानिसहरू रेशुङगामा आउन थाले । शिक्षा र ज्ञानको आलोक प्राप्त गर्न काठमाडौंदेखिका अध्ययनार्थीहरू समेत रेशुङगा पुग्न थाले । रेशुङगा एक तीर्थस्थल र ज्ञानकेन्दमा परिणत हुँदै गयो । सन्त शशिधर पनि बेलामौकामा ठाउँ ठाउँको भ्रमण गरिरहन्थे । सन्त शशिधर काठमाडौं आएको बेला तत्कालीन गद्दीनसीन श्री ५ रणबहादुर शाह पनि उनको सत्सङ्गमा परे, यसैको फलस्वरूप रणबहादुर शाहले आफ्नो राजमुकुट समेत परित्याग गरी जोसमनी मतमा आफूलाई बगाउन लागे । रणबहादुर शाहले आफ्नो नाम समेत परिवर्तन गरे र स्वामी निर्वाणानन्द भए । यो शशिधरको प्रभावकारी वक्तृताको परिणाम थियो । यसै गरी उनका चेला हुनेमा रणवीर सिंह थापा, हंसानन्द, सोरशाली पन्त आदि समेत थिए । जङ्गबहादुरको छलकपटलाई सन्त शशिधरले तुरुन्तै सघाएका हुँदा रेशुङगा मठका लागि ठाउँठाउँमा विर्ता पाएको घटना पनि रमाइलो छ । सन्त शशिधर वि. सं. १९०६ मा १०२ वर्षको लामो जीवन बिताई परलोक गए ।

सन्त शशिधरलाई बौद्ध धर्मको वज्रयान सम्प्रदायले निकै प्रभावित तुल्याएको हुँदा उनले आफ्नी विवाहिता स्त्रीलाई महामुद्रा मानी साधनामा संलग्न भए । शशिधर गृहस्थी सन्त थिए भन्ने कुरा यसबाट स्पष्ट भएको छ । शशिधरका छोरा नाति लक्ष्मी नारायण, ठाकुरनाथ आदि थिए । शशिधर सूक्ष्म दृष्टि भएका सन्त भएको हुँदा दत्तात्रेयले झैं एघार व्यक्ति र प्राणीलाई गुरु मानेका थए । उनले गुरुका रूपमा स्वीकार गरेका नामहरू यसप्रकार देखिन्छन्– १) मातापिता २) यज्ञोपवीत (जनै) दिने ३) शास्त्र पढाउने, ४) हरि नाम

सुनाउने सत्यतारक ५) सत्यासत्य छुट्याउने बुद्धि ६) सत्यमार्ग देखाउने सत्संग ७) महावैराग्य ८) ब्रह्मज्ञान ९) फुसिलकिरा १०) आदि पुरुष ११) अन्तर्यामी शिव ।

उपर्युक्त गुरु नामबाट शशिधर सनातन ब्रह्मवादी दर्शनमा आस्था राख्दथे भन्ने देखिन्छ । यसँगरी उनले शिवलाई गुरुको रूपमा स्वीकार गरेका तर एघार वर्षसम्म जगन्नाथ पुरीमा वसी जगन्नाथको कृपाबाट अध्ययन सम्पादन गरेका भगवान्लाई चाहिँ उल्लेख नगरेका हुँदा हात भाँचिई जगन्नाथबाट भएको उपकारको घटना काल्पनिक किंवदन्ती पो हो कि भन्ने आशङ्का उत्पन्न भएको छ । गुरुहरूको नामोल्लेखबाट स्पष्ट भएको छ– शशिधर गुणाग्राही सन्त रहेछन् । उनले अङ्गीकार गरी निरन्तरको साधनाबाट मुक्ति सम्भव हुने कुरा प्रकारान्तरबाट बुझाउन खोजेका छन् । शशिधरको औपदेशिक व्यक्तित्व आफैंमा महिमामय छ भने उनको रचनाकार व्यक्तित्व पनि त्यत्तिकै गरिमामय छ । सन्त शशिधरले अनेकौं रचनाहरू गरेका छन् । उनको स्रष्टा व्यक्तित्वले नेपाली साहित्यलाई आलोकित तुल्याएको छ, सन्त साहित्यलाई प्रकाशमान बनाएको छ । शशिधरका कृतिहरू यस प्रकार छन्–

१) सच्चिदानन्दलहरी (पद्य) सधुक्कडी नेपाली भाषामा
२) पाखण्डखण्ड अखण्ड शब्द (पद्य) सधुक्कडी नेपाली भाषामा
३) गुरुपूजा (पद्य) सधुक्कडी नेपाली भाषामा
४) भजन संग्रह (पद्य) सधुक्कडी नेपाली भाषामा
५) वैराग्याम्बर (पद्य) नेपाली भाषामा
६) तत्त्वगीता (पद्य) संस्कृत भाषामा
७) अजपागीता (पद्य) „ „
८) अमर भाषा (गद्य पद्य न छुट्टिएको ग्रन्थ,) हाल फेला पर्न नसकेको।

शशिधरका कृतिको छोटो चिनारी गर्नतिर लागौं ।

१) सच्चिदानन्दलहरी– यो १८ अध्यायमा लेखिएको ग्रन्थ हो । यसमा कुनै खास कथावस्तु वा ज्ञानको व्याख्या गरिएको नभई विभिन्न व्यक्तिका आचरणलाई बुझाउन भिन्न भिन्न शीर्षक दिई गीति शैलीमा कवि कथनलाई अगाडि सारिएको छ । यस लहरीमा सन्त भाषाको प्रयोग छ । यसका अध्याय क्रममा आएका शीर्षकहरू यस प्रकार छन्–

१) गुरु शब्द २) भक्ति शब्द ३) विनती शब्द ४) धरती निरूपन शब्द ५) सरगुनी पिण्ड खेल शब्द ६) मति निरूपन शब्द ७) मन्त्र निरूपन शब्द ८) भेष धारण शब्द ९) मनोलय शब्द १०) समाध शब्द ११) आत्मा जागर

लक्षिण शब्द १२) हरिमिलन शब्द १३) न्याय शब्द १४) जालभेदन शब्द १५) नीतिभेदन शब्द १६) कर्मभेदन शब्द १७) शब्दभेदन शब्द १८) मुकुट शब्द ।

शशिधरले मङ्गलाचरणका रूपमा आदि गुरु सत्‌को उल्लेख गरेका हुँदा ब्रह्म-ज्ञान वा आत्मप्रकाशनका लागि गुरुको सर्वाधिक महत्त्व हुने कुरा स्वीकारिएको देखिन्छ । गुरु शब्द ब्रह्मको वाचक हो । यो सारा ब्रह्माण्ड नै गुरुको अनुकम्पाबाट संचालित छ । सत्, चित् र आनन्द ब्रह्मको समष्टि रूप हो । यी तीनै शब्दको प्रवाह गुरुबाटै हुन्छ । गुरु ब्रह्मा हुन्, गुरु विष्णु हुन्, गुरु महेश्वर हुन्, गुरु साक्षात् परब्रह्म हुन्[१७] भन्ने सिद्धान्तलाई जोसमनी मतले ग्राह्यता दिएको स्पष्ट हुन्छ । जोसमनी मतको यस विशेषतामा व्यापक दृष्टिकोण अन्तर्निहित रहेको छ । यस सम्प्रदायले शिख सम्प्रदायका गुरु परम्परालाई पनि स्मरण गराएको अनुभव हुन्छ । जोसमनी सम्प्रदायमा झैं शिख सम्प्रदायमा पनि गुरुको महिमा ज्यादै ठूलो हुन्छ । शिखहरू आफ्ना गुरुलाई परमेश्वरकै अवतारका रूपमा स्वीकार गर्दछन् । शशिधरले आफ्ना गुरुहरूको नाम विवरण समेत दिई गुरुको व्यापकता र महिमालाई स्पष्ट पारेका छन् ।

सच्चिदानन्दलहरी ज्ञान र भक्ति दुवै मार्गलाई महत्त्व दिने ग्रन्थ हो । 'ॐ' कार आत्मतत्त्वको वाचक हो भन्ने विचार सहित यो सच्चिदानन्दलहरीले ज्ञान-गङ्गा प्रवाहित गरेको छ ।

२) पाखण्डखण्ड अखण्ड शब्द– यसमा २३ युगल पङ्क्तिहरू र ७ दोहाहरू छन् । शशिधरले आफ्ना समयमा देखिएका भ्रामक आचरणहरूलाई पाखण्डको संज्ञा दिई त्यस्तो क्रियाकलापमा संलग्न मानिसहरूप्रति महत्त्वपूर्ण प्रश्नहरू राखि-दिएका छन् । त्यस्ता मानिसका पछाडि लागेर आफ्नो मत, सिद्धान्त धर्म र आचरण बिगार्ने मानिसलाई शशिधर सतर्क गराउन चाहन्छन् । समाजमा त्यस्ता पाखण्डीहरूको बहुलता बढेको हुँदा शशिधरलाई खपीनसक्नु भयो । त्यसैले उनले साहसपूर्वक यो कविता लेखे । शशिधर भन्दछन्– जो अर्कालाई छल गर्दछ, त्यो आफै छलमा पर्दछ । आफू अन्धो छ, कुनै पदको अर्थ लगाउन सक्तैन, त्यही अर्कालाई बाटो देखाउन अघि सर्दछ । आफूलाई कुनै ज्ञान होस् नहोस् अरूलाई

---

१७. तुलनीय संस्कृत उक्ति–

गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षत् पब्ररह्मस्तस्मै श्रीगुरवे नमः ॥

शिष्य बनाउँदै सिकाउँदै हिँड्दछ। यस्ता मानिसहरू बहुभेषधारी हुन्छन्। यिनीहरूलाई ज्ञानको गहिराइसँग कुनै मतलव हुँदैन। यी पाखण्डीहरू यसै गरी हिँड्दछन्। सत्गुरुविना जति नै चतुऱ्याइँ गरे तापनि ब्रह्म र ज्ञान पाउन सकिँदैन। यसैले सही कुरा बुझ्नेतिर प्रयत्न गर। ब्रह्म नजानी धर्म छोड्ने, ज्ञान नठम्याई कर्म छोड्ने यस्ता मानिसको संख्या बढिरहेको देखता जतातर्तै भ्रष्टाचरण बढिरहेको छ। मानिसहरू पाखण्डीका जालमा परी ठगिरहेका छन्।

यस काव्यमा नेपाली र हिन्दीको मिश्रण भएकोले कतिपय स्थलमा अर्थ खुलाउन असुविधा पनि पर्दछ। कतिपय ठाउँमा सरल रूपले अर्थ प्रतीति हुन्छ भने कतिपय ठाउँमा अन्वय गरी अर्थ बुझ्नुपर्दछ। यस लघु काव्यको उद्देश्य र लेखाइको अभिप्राय हेर्दा त्यस वेला समाजमा आफूलाई सिद्ध महात्मा कहलाएर ठग्ने मानिसहरू निकै बढेका रहेछन्। ती मानिस आफूलाई गुरु मनाउन गौरवको अनुभव गर्दथे। वास्तवमा तिनीहरूले ज्ञान, गुन, धर्म, शास्त्र, वेद, पुराण इत्यादिचाहिँ केही बुझेको नदेखता सन्त शशिधरलाई दुःख लाग्यो। सोझासाझा र निरीह मानिसलाई त्यस्ता पाखण्डी मानिसले ठगिरहेको देखता उनको चेतनाले विद्रोह गऱ्यो। ती पाखण्डीहरू आफैं अज्ञानरूपी अन्धकारमा हराइरहेका छन्, तर अरू मानिसलाई ज्ञान गुनको भ्रम फिंजाइरहेका हुँदा सचेत शशिधरलाई समाजप्रतिको आफ्नो दायित्वले यस रचनाको जन्म गराएको हो। यस रचनाबाट थाहा हुन्छ– शशिधर साँच्चै स्पष्टवक्ता, निर्भीक र जनउत्तरदायी सन्त कवि हुन्। उनमा एउटा सचेत विद्रोह उठिरहेको देखिन्छ।

३) गुरुपञ्जा– जोसमनी सन्त सम्प्रदायमा ३ किसिमका साधुहरू हुन्छन्। ती हुन्– १) शब्दी २) गुरुमुखी ३) गुरुपञ्जा। गुरुका आज्ञाबाट 'सोऽहम्' वा 'हंस' भन्ने मन्त्र पाएको व्यक्तिलाई शब्दी जोसमनी भनिन्छ। यस्तो मानिस गृहस्थाश्रममै रहन सक्तछ। जोसमनी मतको पक्का अनुयायी हुन दृढता व्यक्त गर्ने दोस्रो तहको साधुलाई 'गुरुमुखी' भनिन्छ। गुरुमुखीमा अवतरित हुन जोसमनी साधुहरूको भेला गराई भजन, ज्ञान परिचर्चा, भण्डारा समेत गराउनुपर्दछ। योगाभ्यासका आसन, मुद्रा, नाद, षट्चक्र आदिमा गुरुका आज्ञाअनुसार अभ्यास गरिरहनुपर्दछ। गुरुमुखी जोसमनीले शब्द जोसमनी बनाउन सक्तछ। 'गुरुपञ्जा' तेस्रो र अन्तिम तहको दीक्षा हो। यस तहमा आइपुग्नु प्रत्येक जोसमनी साधुको लक्ष्य हुन्छ। यस तहमा आइपुग्न गुरुको असीम अनुकम्पा हुनुपर्दछ। गुरुपञ्जामा गुरुले बाना, झोली, तुम्बा, चिम्टा, तार समेत पाँच वस्तु दिन्छन्। यी वस्तु पाए पछि जोसमनी साधुले आफ्नो आचरणलाई दृढतापूर्वक पालना गर्नुपर्दछ। यही

'गुरुपञ्जा' तहको जोसमनी सन्त आचरणलाई शशिधरले यस रचनामा प्रस्तुत गरेका छन् ।

यस सन्दर्भमा योग चर्चा, दर्शन चर्चा, ज्ञान चर्चा, गुरुपञ्जाको मन्त्र र दोहा समेत उल्लेख गरिएको छ । शशिधरले मुख्यतया जोसमनी साधुको आचरण पक्षलाई जोड दिदै गुरुपञ्जा लिनेले गर्नुपर्ने कर्तव्याकर्तव्यको वर्णन गरेका छन् । जोसमनी साधुको निधन भयो भने 'धर्ती महाँ आसन बाँधिकन मारि दिनु जुठो लाग्दैन, तेस्रो दिन साधु सन्त र ब्राह्मणहरूलाई भोजन गराई दिनु' जस्ता व्यावहारिक ज्ञान र उपदेश दिइएको हुँदा यो गुरुपञ्जा निकै उपयोगी छ । जोससनी मतमा दीक्षित भएका मानिसका लागि यो एउटा आचरणसंहिता सरह मानिएको छ । यसको शैली आदेशात्मक भए पनि मिठासरहित छैन । आफ्ना वक्तृतामा उनको दृष्टिकोण अत्यन्त स्पष्ट छ ।

४) भजन संग्रह– शशिधरको महत्त्वपूर्ण कृति हो– भजन संग्रह । यसमा राग वाणी, राग भजन, निर्गुण भजन, राग वानी, राग भजन, आदि शीर्षकमा ३३ वटा भजनहरू संग्रहीत छन् ।

पहिलो 'रागवाणी' भजनमा शिव–पार्वतीको भक्ति प्रकट गरिएको छ । भजनमा अभ्यस्त भएमा अन्त्यकालमा हरिलाई सम्झन सकिन्छ र सहज रूपमा परमधाम पुग्न सकिन्छ भन्ने कविको विश्वास देखिन्छ । दोस्रोमा यो भवसागर स्वयं गहीरो जमुना नदी हो, त्यसैले यसबाट पार पाउने कुरामा सोचविचार गर्नुपर्दछ भनिएको छ । तेस्रो भजनमा जपा र अजपा मन्त्रहरू शब्दका भेद हुन् भन्ने मानिएको छ । चौथोमा रामको स्तुति गाइएको छ भने पाँचौंमा आशारूपी नदीमा मनरूपी जल अनेक तरङ्गहरू लिएर बगिरहेको छ भनिएको छ । यसै गरी गुरु अमृतरस पियाइदेऊ, ब्रह्म ज्ञान नै तीर्थ हो, गङ्गा–जमुनाका नजीकबाट कच्चा कलिला फूल टिपेर ल्याउने मालिनीले पछुताउनुपरेको कुरालाई समेत विषयवस्तु बनाई भजनहरू लेखिएका छन् । मानिसका घांटीमै देव, देवी, तीर्थहरू छन्, यिनीहरूलाई रात्ररी चिन्नुपर्दछ भन्ने भाव समेत यी भजनहरूमा प्रकट भएका देखिन्छन् । धेरै भजनहरू 'रागवाणी' शीर्षकमा सङ्कलित रहेका छन् ।

शशिधरका अन्य कृतिहरूमध्ये वैराग्याम्बर नेपाली पद्यमा लेखिएको छ भने तत्त्वगीता र अजपागीताचाहिं संस्कृतमा लेखिएका छन् । अमरभाषा उनको एउटा विशाल ग्रन्थ हो भनी जनकलाल शर्माले उल्लेख गरेका छन् ।[१८] तर यो

---

१८. जनकलाल शर्मा, पूर्ववत्, पृष्ठ १७ ।

ग्रन्थ दार्जिलिङ्गका उदयदास विश्वकर्माका घरमा जनकलालले नै देखेका तर पढ्न नपाएका हुँदा यसको प्राप्तिको सम्भावना मात्र भएको विश्लेषण गर्न चाहिं नपाएको स्पष्ट हुन्छ। अझै पनि उदयदासका सन्तानहरूसँग सो पुस्तक हुन सक्ने सम्भावना रहेको छ। यो खोजकै विषय हो।

शशिधर विचारनिष्णात, समाज सुधारक, हठयोगी, रहस्यवादी, विद्वान् प्रखर आलोचक र सन्तकवि थिए भन्ने निर्णयमा पुग्न सकिन्छ भन्ने जनकलाल शर्माका मतमा सहमत हुन सकिन्छ। शशिधर प्रतिभाशाली कवि थिए। उनले आफ्नो सन्त चरित्र, कविको दायित्व र समाज सचेतकको भूमिका कुशलतापूर्वक निर्वाह गरेका छन्। उनका कृतिका माध्यमबाट समाजको तत्कालीन धार्मिक मनोवृत्ति र सामाजिक स्थितिको मूल्याङ्कन गर्न सुगम भएको छ।

हुन त शशिधरले भाषा र साहित्यको उत्थान गर्ने उद्देश्यले कृतिहरूको रचना गरेका होइनन्, आफ्नो मत संस्थापनाका लागि नै उनी लागिपरेका हुन्। यसो भए तापनि उनका सचेत दृष्टिले काव्यको प्रभावकारी मार्ग अपनाइदिएको हुँदा नेपाली सन्त साहित्यले फस्टाउने अवसर पायो। प्रायः सन्तहरू 'आत्ममुक्ति' लाई सर्वोपरि ठान्दछन्, तर तिनीहरूको ज्ञान, तपस्या, साधना र उपलब्धि तिनीहरूकै जीवनसँगै माटोमा मिल्दछ। समाजले त्यसबाट केही पाउँदैन। तिनीहरू "आत्मन्येवात्मनातुष्टः" हुँदै मर्दछन्। तिनीहरूले थुपारेको भौतिक सम्पत्तिमा तिनीहरूकै चेलाहरूको लुछाचुँडी हुन्छ। दुइ चार वर्षपछि ती सधैंका लागि मर्दछन्। अर्का थरी सन्तहरू आफूले पाएको ज्ञान, तपस्या, साधना र अनुभव समाजका लागि छोडेर जान्छन्। तिनीहरूमध्ये कसैले उपदेशका रूपमा, कसैले ग्रन्थका रूपमा, कसैले स्फुट रचनाका रूपमा अमर सन्देशहरू लिपिबद्ध गरिदिन्छन्। यस्ता सन्तलाई समाजसुधारको ठूलो आकांक्षा हुन्छ। यिनीहरू मरेर पनि कहिल्यै मर्दैनन्। सन्तहरूको यस परम्परामा शुकदेव, गौतम बुद्ध आदि आउँछन्। यसै परम्परालाई आलोकित पार्नेमा सन्त शशिधर पनि एक हुन्। उनले सामाजिक सचेतनता वर्षाई समाजलाई गतिशील तुल्याउने कर्तव्यको निर्वाह गरेका छन्। आत्ममुक्तिका मार्गमा प्रवृत्त रहँदारहँदै शशिधरले समाजदर्शी कर्तव्यलाई परिपालना गरेका हुँदा माथि वर्णित कृतिहरूको रचना गर्न सकेका हुन्।

शशिधरले शुद्ध नेपाली भाषामा नलेखी मिश्रित भाषाको प्रयोग गरेका छन्। त्यस बेलाका जोसमनी साधुहरू प्रायः आफ्ना उपदेश र भजनहरू संस्कृतमा भन्दा सरल भाषामा लेख्न चाहन्थे। उनीहरूले नेपालीमै लेख्न नसकेको कारण चाहिं प्रभावकारी नहोला भन्ने ठानेका हुन सक्छन्। त्यसैले संस्कृतभन्दा केही सरल र प्रभाव समेत उमार्न सकिने भाषाको खोजमा मिश्रित नेपालीलाई नै सन्त

कविहरूले रोजेको अनुमान हुन्छ । यसै मार्गमा सन्त शशिधर पनि हिंडेका छन् । उनको वैराग्याम्बर निकै राम्रो गद्य कृति हो, जसको भाषा शुद्ध नेपाली नै छ । शशिधरका सच्चिदानन्दलहरी भजन संग्रह आदिमा नेपालीको संमिश्रण भए पनि आदर्श नेपालीका रूपमा चाहिं मान्न सकिंदैन । तत्कालीन नेपाली भाषाका कर्रा पद, पदावली, उखान, टुक्का र भाषिक संरचनाबाट शशिधरका कविता विमुख भएका छन् । उनलाई कविता लेख्ने चेतनाभन्दा समाजसुधार गर्ने चेतनाले प्रभावित तुल्याएको थियो ।

शशिधर सन्त साहित्यका भरपर्दा प्रतिभा हुन् । उनले संस्कृत, हिन्दी, नेपाली आदि भाषाको अध्ययन गरेका छन् । यति हुंदाहुंदै पनि नेपाली समाजका रीति, थिति, परम्परा र मान्यताहरूलाई उनले उपेक्षा गरेका छैनन् । समाजका दुःख, सुख र अन्धविश्वासलाई उपेक्षा नगरी आफ्नो वास्तविक कर्तव्य निर्वाह गरेका हुंदा शशिधर नेपाली सन्त साहित्यका अमर प्रतिमा बन्न पुगेका छन् ।

५.२.३ धौकलदास र उनको कविता

सन्त धौकलदास पृथ्वीनारायण शाहका प्रसिद्ध भारदार हुन् । यिनको भारदारी नाम धौकलसिंह बस्नेत हो । वि. सं. १८०३ मा गोरखामा जन्मेका धौकलसिंह अत्यन्त पराक्रमी योद्धा र वीर थिए । सन्त शशिधर जगन्नाथपुरीबाट फर्केपछि काठमाडौं आए, काठमाडौं आएकै बखत धौकलसिंहले पनि शशिधरबाट दीक्षा ग्रहण गरे । दीक्षित भएपछि उनले आफ्नो नाममा सिंहका ठाउँमा दास राखे । धौकलसिंह पृथ्वीनारायण शाहका सम्पर्कमा धेरै दिनसम्म रहे । धौकलदास भएपछि यिनले जोसमनी सन्त साहित्यमा केही योगदान गरे । उनले फुटकर भजन वा गीतवाणी रचेका थिए । विस्तृत ग्रन्थ त उनले लेख्न भ्याएनन्, तर एकभन्दा बढी रचना उनका हुन सक्छन् । अहिले तिनीहरू फेला नपरेका हुंदा प्राप्त एउटै रचनाबाट उनको मूल्याङ्कन गर्नुपर्ने भएको छ । धौकलदासले राजकाजमै बढी समय व्यतीत गर्नुपरेको थियो । धौकलदासको निधन वि. सं. १८५९ मा ५६ वर्षको उमेरमा भएको थियो ।

धौकलदासको एक मात्र रचना फेला परेको छ । त्यस रचनाको शीर्षक 'राग वाणी' राखिएको छ ।[१९] यो ९ पङ्क्तिको रचना दोहा शैलीमा लेखिएको र यसमा ज्ञानमार्गमा ससंग्न हुने आह्वान गरिएको छ । हिन्दीको संमिश्रणले साधारण पाठकका निमित्त दुर्बोध्य हुन सक्ने यस रचनामा धौकलदासले आत्म

१९. जनकलाल शर्मा, पूर्ववत्, पृष्ठ २४४ ।

अनुभवलाई प्रकाश पार्न खोजेका छन् । उनको प्रस्तुतिमा आत्मविश्वास झल्किन्छ। 'प्रेम जगाएर चित्त जगाऊ, चित्त जागेपछि जीव जाग्दछ' आदि भावार्थ निस्कने यी दोहाको आध्यात्मिक मूल्य बढी पाइन्छ । नेपाली भाषाका दृष्टिले यी दोहा-हरू त्यति प्रभावकारी नलाग्न पनि सक्छन् । एउटा व्यस्त राष्ट्रसेवक भएर पनि धौकलदासले आफ्नो ज्ञानको पोको भविष्यका लागि सुरक्षित राखिदिएको कुरा चाहिँ महत्त्वपूर्ण मान्न सकिन्छ ।

५.२.४ मोक्षमण्डल र उनको कविता

मोक्षमण्डल पनि पृथ्वीनारायण शाहका भारदार थिए । यिनी मगर कुलमा जन्मेका, तर उनको जन्म कहाँ र कहिले भएको थियो भन्ने कुरा ज्ञात हुन सकेको छैन । मोक्षमण्डलको निधन मिति पनि खुल्दैन । सन्त शशिधरले मोक्षमण्डल-लाई पश्चिम नेपालमा जोसमनी सन्त मतको प्रचार गर्न पठाएका थिए । यिनी शशिधरबाट दीक्षित भएका हुन् । पश्चिम नेपालमा पुगेर मोक्षमण्डलले जोसमनी मतको निकै प्रचार गरे । लखन थापा (द्वितीय) मोक्षमण्डलकै शिष्य थिए। मोक्षमण्डल एक जना सन्त मात्र नभई कवि पनि थिए ।

मोक्षमण्डलद्वारा रचित ३ वटा फुटकर रचनाहरू फेला परेका छन्। ती रचनाहरू हुन्– १) निर्गुण २) रागवाणी ३) राग वाणी ।

यी तीनै रचनामा मोक्षमण्डल आफ्नो मतमा अत्यन्तै आत्मविश्वासी देखिन्छन् । यिनका रचनाको थप विशेषता के छ भने रचनाहरू नेपाली भाषाका अत्यन्त निकट छन् । तुलनात्मक रूपले शशिधर र धौकलदासका भन्दा यिनका कवितामा नेपाली आत्मा निकै खुलस्त हुन पुगेको छ । मोक्षमण्डलले कुनै कुनै शब्द बाहेक धेरैजसो नेपालीकै शब्दहरूको प्रयोग गरेका हुँदा नेपाली सन्त साहित्यमा उनको महत्त्व त्यसै पनि बढ्न गएको देखिन्छ ।

मोक्षमण्डल निकै स्पष्टवादी कवि प्रतीत हुन्छन् । उनले आफ्ना साथीहरू-लाई विश्वासपूर्वक आफ्ना कुराहरू राखेका छन् । उनी सरल र इमान्दार जोस-मनी कवि हुन् भन्दा अत्युक्ति हुने छैन । उनी भन्दछन्– 'चलो भाइ जोसमनी आफ्नो राहा समाई ।' उनको आह्वानमा एक प्रकारको आत्मीयता छ एक प्रकार-को सामीप्य छ । उनी विश्वासपूर्वक लागेका छन्, जोसमनी मतमा । उनका विचार र दृष्टिकोणहरू त्यतिकै स्पष्ट र यथार्थमा आधारित छन् । मोक्षमण्डल भन्दछन्– 'चारै युग बित्न लागे, सन्ध्या हुन लागिसक्यो, आफ्नो पुरानो घरको संझना गर, अन्त्य कालमा मन पछुताउला ।' त्यस्तै जात र कर्म यस संसारका फाँसी हुन्, हामी पोखरीका डिलमा बसेका बकुल्ला झैं बेहोश भएर सांसारिक मोहजालमा

फसिरहेका छौं । मोक्षमण्डल अर्का ठाउँमा भन्दछन्– 'लोभ र तृष्णालाई दमन गरेर मात्र ब्रह्म साक्षात्कार पाउँछौं ।' साधु भएर आफूलाई समाजको अग्रपङ्क्तिमा उभ्याउने मानिसलाई मोक्षमण्डल आडम्बरी ठान्दछन् । शारीरिक अभिमान छुटेको छैन, साधु बनिएर डुल्दछौं । निधारमा तिलक लगाउँछौ, गलामा कण्ठी, शिरमा कपाल बढाएका छौं । नाम चाहिं वैष्णव छ, तर भावनाचाहिं गएको छैन । कसैले मुण्डन पनि गरेका छन्, गेरूवा कपडा पनि लगाएका छन्, आफूलाई संन्यासी पनि भनाउँछन् तर योगमार्ग छोडी खराब मलन चलाउँछन् र आफ्नो हठ कीर्तिलाई बढाउँछन् ।

मोक्षमण्डलको शैलीमा सरलता र आत्मविश्वास झल्किन्छ । मिथ्या ज्ञान-लाई उनी महत्त्वहीन मान्दछन् । समयमै सचेत भएर काम गर्न उनी सतर्क गराउँदै अन्त्यकालमा पछुताएर केही हुँदैन भनी सल्लाह दिन पुग्दछन् । ब्रह्मज्ञान प्राप्त गर्नु नै योग साधनको अभीष्ट हो भन्ने कुरामा उनको विश्वास देखिन्छ त्यति मात्र होइन, साधुको भेष धारण गरी कान छेडेर कुण्डल लगाउँदैमा कुनै मानिस साधु हुन सक्तैन भन्ने उनको धारणा छ । वैचारिक पक्षमा मोक्षमण्डल अत्यन्त स्पष्ट छन् । शिल्प र कलापक्षमा पनि मोक्षमण्डल निकै सावधान देखिन्छन् । उपमा दिनमा पनि उनको लेखनी चतुर छ । कवितालाई लयात्मकता दिएर उनले राम्रा कविको लक्षण दर्शाएका छन् । मोक्षमण्डल नम्रतामा विश्वास गर्दछन् । अभिमानबाट मानिसका सम्पूर्ण गुणहरू गौण हुन्छन् भन्ने उनको विश्वास छ । नेपाली सन्त साहित्यमा मोक्षमण्डलको योगदान रसिलो, मलिलो र पोषिलो देखिन्छ ।

५.२.५ प्रेमदिल र उनको कविता

पृथ्वीनारायण शाहका दरबारमा खरदार पदमा जागीर खाने प्रेमदिलको जन्म र मृत्युका सम्बन्धमा कुनै खास जानकारी पाइएको छैन । उनलाई नेपाल परका उपाध्याय ब्राह्मण भनी अनुमान गरिएको छ । प्रेमदिलको घर कहाँ हो भनी छुट्याउन पनि सकिएको छैन । प्रेमदिलले सन्त शशिधरसँग दीक्षा लिएका थिए । शशिधरकै आज्ञाअनुसार जोसमनी मतको प्रचार गर्न प्रेमदिल पूर्वी नेपाल-तिर लागेका हुन् । शशिधरसँग दीक्षित हुनु अघि उनको नाम के थियो, सो कुरा समेत स्पष्ट भएको छैन । प्रेमदिलले आफ्नो कार्यकालमा पूर्वतिर गई जोसमनी मतको प्रभावमा ल्याएका प्रमुख शिष्यहरूमा श्यामदिलदास, निरबदिलदास, अच्युतदिलदास, धर्मदिलदास, सतदिलदास, वैदिकदिलदास, ज्योतिदिलदास हुन् । यिनीहरूमध्ये धेरैले सन्त साहित्यमा योगदान पनि दिएका थिए ।

प्रेमदिल एउटा प्रभावशाली सन्त थिए भन्ने कुरा उनलाई शशिधरले पूर्वी नेपालको प्रचार कार्यको अभिभारा सुम्पनुले स्पष्ट भएको छ भने अर्कातिर उनले पूर्वी नेपालको किरात क्षेत्रमा समेत आफ्ना शिष्यहरू बनाएर त्यस कुरालाई प्रमाणित गरिदिए ।

प्रेमदिल नेपाली सन्त साहित्यका एक प्रतिभा हुन् । उनका दुइवटा भजनहरू पाइएका छन् । तिनीहरूको नाम रागवाणी –१, रागवाणी –२ राखिएको छ । प्रेमदिल यी रागवाणीहरूमा एउटा भक्तकविका रूपमा देखिएका छन् । उनको विश्वास निर्गुण भावनामा आधारित छ । त्यस वेला जोसमनी सन्त कविहरूले जताततै सधुक्कडी नेपालीको प्रयोग गरेका हुँदा कवि प्रेमदिलले पनि त्यस भाषालाई प्रयोग गरेका हुन् । उनका मनमा शुद्ध नेपाली भावधारा उर्लिरहेको भए तापनि समकालीन सन्त कविहरूका भावसमतालाई प्राप्त गर्न जानी वा नजानी उनले हिन्दी मिसाएर नेपाली कवितालाई बिटुल्याउनुपरेको अनुभव हुन्छ ।

कवि प्रेमदिलको रागवाणी –१ मा हाम्रो मन किन हरिको नाम लिन मान्दैन भनी प्रश्न गर्दै हाम्रा अन्तरमा मोह डुलिरहेको सूचना दिन्छन् । जति डुल्यो त्यति नै यो मन थकित हुन्छ । यस अवस्थामा मनलाई निर्गुण नाममा भुल्याउनुपर्दछ । पारिवारिक नाता कुटुम्बका माया मोहमा मन खस्तछ । यसै गरी रागवाणी– २ मा कवि भन्दछन्– 'हरि कतै भेटचौ कि साधु भाइ, शिवलाई कतै देख्यौ कि ?' अन्त्यमा उनको निष्कर्ष छ– 'साधु गुरु गमबाट गम (विचार) पाउँछन् । यौगिक नाद (अभ्यास) बाट ब्रह्म–धुनि जागिरहन्छ । यसैबाट ब्रह्म साक्षात्कार हुन्छ ।'

प्रेमदिल मानवीय क्रियाकलापलाई सञ्चालन गर्ने तत्त्वका रूपमा मनलाई मान्दछन् । मनको नियन्त्रण र संयमबाट नै यथार्थतः ईश्वरप्राप्ति हुन्छ भन्ने उनको धारणा रहेको छ । मानिसलाई माया मोहका खाल्टाहरूले खुवयाइरहन्छन् । तिनीहरूबाट बचेर आत्मसंयमी भई ईश्वरोपासना गर्न सकेमा लक्ष्यमा पुग्न सकिन्छ । लक्ष्यमा पुग्ने बाटो निर्गुणोपासना हो भन्ने प्रेमदिलको विश्वास मुखरित भएको छ ।

कविका रूपमा प्रेमदिल आफ्ना विचारमा स्पष्ट भए तापनि नेपाली भाषाका अनुयायीका रूपमा चाहिं त्यति आत्मविश्वासी हुन सकेका छैनन् । आफूलाई समकालीन साधुहरूसँग मिसाउन उनले स्वतःस्फूर्त नेपाली भाषाको प्रवाहलाई हिन्दीका पदावलीहरूसँग गाँसिदिए तापनि उनको हिन्दी सम्बन्धी अयोग्यताले नेपाली पद र पदावलीहरू सुरक्षित हुन पाएको रमाइलो पाइन्छ

उपलब्धिमूलक छ । प्रेमदिलका भजनमा हरि, राम, शिव, कृष्ण शब्द समेत परेका हुँदा अवतारसमन्वयमा उनको विश्वास रहेको अनुमान हुन्छ । सन्त साहित्यकारमा प्रेमदिलमा केही नवीनता पाइन्छ ।

५.२.६ निर्वाणानन्द र उनको कविता

सन्त निर्वाणानन्दको भौतिक नाम श्री ५ रणबहादुर शाह हो । यिनका पिताको नाम श्री ५ प्रतापसिंह शाह हो । निर्वाणानन्दको जन्म वि. सं. १८३२ मा भएको थियो । स्वामी निर्वाणानन्द सन्त शशिधरबाट दीक्षित भएका हुन् । जोसमनी मतमा दीक्षित भएपछि नामका अन्त्यमा 'दास' जोड्ने परम्परा भए पनि स्वामी निर्वाणानन्द शाही शासक भएका हुँदा 'आनन्द' जोडी धार्मिक मर्यादा र राजकीय मर्यादा दुवैलाई सुरक्षित गरियो । स्वामी निर्वाणानन्दले जोसमनी मत अङ्गीकार गरेका हुँदा त्यस वेला जोसमनी मत राजकीय धर्मका रूपमा प्रतिष्ठित भयो भने निर्वाणानन्द स्वामी महाराजका उपनामले सुख्यात हुन पुगे । शशिधरका प्रभाव र उपदेशलाई आफ्नो शासनकालमा उपयोग गर्दै निर्वाणानन्दले जातपातको भेदभाव अन्त्य गर्न जगन्नाथको मन्दिर बनाई त्यसको प्रसाद खिचडी खान सबै भक्तहरूलाई प्रेरित गरे । यसबाट प्रजाजन सन्तुष्ट भए । निर्वाणानन्दले बनाएको जगन्नाथ मन्दिर भद्रगोल कारागारका छेउमा छँदैछ । निर्वाणानन्दले आफ्नो उपासनाका क्रममा आफ्ना जातभन्दा बाहिरको ब्राह्मणीलाई महामुद्रा बनाई तिनैबाट उत्पन्न भएका सन्तानलाई राज्याधिकार दिए, जुन कुरा त्यस वेलाका भाइभारदारहरूले मन पराएका थिएनन् । तिनीहरूको जतिसुकै विरोध भए पनि स्वामी निर्वाणानन्द आफ्नो निर्णयमा दृढ थिए । त्यसै गरी स्वामी निर्वाणानन्दले एउटा शासकका रूपमा बिर्ताहरूलाई राष्ट्रियकरण गरिदिए, जसलाई इतिहासका पृष्ठमा 'बिर्ताहरण' को नाम दिइएको छ । उनलाई मानव निर्मित मूर्तिमा भगवान् हुन्छन् भन्ने विश्वास थिएन, त्यसैले निर्वाणानन्द मूर्तिपूजाको विरोधी पनि थिए । उनको यस स्वभावलाई परम्परावादीहरूले पागल भएको ठाने, वास्तवमा यो स्वामी निर्वाणानन्दको परम्पराप्रति एउटा विद्रोहको उराल थियो । स्वामी निर्वाणानन्दले सन्त कविका रूपमा दुइ वटा रचना छोडेका छन् । यिनै दुइ रचनाका माध्यमबाट उनलाई साहित्यकारका रूपमा ठम्याउनुपर्दछ ।

निर्वाणानन्दका यी दुइ रचनाको एउटै शीर्षक छ– राग मालश्री । सजिलाका लागि यी दुवैलाई राग मालश्री –१ र राग मालश्री –२ भनेर छुट्याउनु उपयुक्त हुन्छ ।

राग मालश्री –१ मा गोरखनाथको भजन र देवीको भजन गाइएको छ। 'हे भगवती देवी, हे गोरखनाथ दर्शन देऊ' भन्दै देवी र गोरखनाथका विशेषता झल्किने विशेषणहरूबाट प्रार्थना गरिएको छ। यो भजनका अन्त्यमा रणबहादुर शाहको नाम दिइएको हुँदा रणबहादुर निर्वाणानन्द हुनुभन्दा अगाडि नै यसको रचना भएको हो कि भन्न सकिन्छ।

राग मालश्री –२ मा पनि भगवतीकै प्रार्थना गरिएको छ। यसमा एउटा मूर्तिमा चार हात भएकी देवीको उपासना गर्दै भगवतीका हजारौं नाम हुन्छन् भन्ने उल्लेख पाइन्छ। भवानी, धनुषधारिणी, चण्डिका आदि नामले विख्यात देवीलाई दैत्यविनाशिनी, रक्तधारा पिइरहने र महाकाली दुर्गास्वरूपा भनी प्रार्थना गरिएको छ। त्यसै गरी पृथ्वी संरक्षिका भगवतीलाई आराधना गर्दै धन्य ईश्वरी माई भनी हार्दिक श्रद्धार्चना अर्पण गरिएको पाइन्छ। कविता खण्डित रूपमा मात्र फेला परेको हुँदा पूर्ण आशय आउन सकेको छैन।

उपर्युक्त राग मालश्री –१ र २ हेर्दा के कुरा स्पष्ट हुन्छ भने निर्वाणानन्द भगवती र गोरखनाथका भक्त रहेछन्। उनका रचना शिल्पका दृष्टिले त्यति उत्कृष्ट नलागे पनि भक्तिका दृष्टिले चाहिं निकै सुस्वादु प्रतीत हुन्छन्। कविमा भक्तिको आढ्यता र भावको सन्तुलन छ भने काव्यगत पूर्णताचाहिं खोजीको विषय रहन गएको छ।

५.२.७ अभयानन्द र उनको कविता

जनरल भीमसेन थापाका भाइ रणवीर सिंह थापा नै स्वामी अभयानन्द हुन्। यिनका बाबुको नाम अमरसिंह थापा थियो। उनको जन्म गोरखामा भएको थियो। वि. सं. १८३८–३९ तिर उनको जन्म भएको भन्ने एउटा मत छ भने अर्को मतअनुसार वि. सं. १८४७ तिर उनी जन्मेका थिए। रणवीरसिंह थापालाई १३ वर्षको उमेरमा शिक्षोपार्जनका लागि सन्त शशिधरको आश्रम रेशुङ्गामा पठाइयो। त्यहाँ उनले १२ वर्षसम्म अध्ययन गरे। विद्याध्ययन पछि उनी काठमाडौं आए, जहाँ उनको विवाह भयो। उनलाई सरकारी ओहोदामा जेनरलजस्तो महत्त्वपूर्ण पदमा समेत नियुक्त गरियो। रेशुङ्गामा पढिरहेको अवस्थामा यिनलाई शशिधरले जोसमनी सम्प्रदायमा दीक्षित समेत गरिसकेका हुँदा यिनले आफ्नो भौतिक नाम रणवीरलाई परित्याग गरी अभयानन्द भन्ने जोसमनी नाम ग्रहण गरे। शशिधरले त यिनलाई अभयदिल नाम दिएका थिए, तर यिनले आफ्नो नाममा आनन्द जोड्ने इच्छा गरी 'अभयानन्द' बने। शशि

गुरुका प्रभावले गर्दा यी वैराग्य मार्गमा अनुरक्त बन्दै गए। अभयानन्दले ध्यानयोग, मन्त्रयोग, लक्ष्ययोग र वासनायोग नामक पुस्तक लेखेका थिए भनिए तापनि ती पुस्तकहरू अहिलेसम्म प्राप्त हुन सकेका छैनन्। उनका ६३ भजनहरू भने प्राप्त भएका छन्। तीमध्ये ३ वटा नेवारी भाषामा छन्। स्वामी अभयानन्द वि. सं. १९१९ मा काशीमा दिवंगत भए।

सन्त कविका रूपमा अभयानन्दलाई अध्ययन गर्दा उनले ज्ञानमार्गलाई नै विशेष महत्त्व दिएको पाइन्छ। उनका रचनाको संक्षिप्त समीक्षा गर्नु उपयुक्त देखिन्छ।

रागवाणी– १ मा ज्ञान भएमा भ्रम निवारण हुन्छ, भ्रमले सबै कुरा भुलिन्छ भन्ने भाव व्यक्त भएको छ। रागवाणी– २ मा वेदमातालाई पूजा गर्न आग्रह गरिएको र वेदलाई नै गणेश, ब्रह्मा, शिव आदि मानिएको छ। यसमा चारै वेदको उल्लेख गर्दै वेद नै सबै कुरा हो भनी वर्णन गरिएको छ। रागबाह्रमास- ३ मा बाह्र महीनाका ऋतुसम्बन्धी विशेषताहरू वर्णन गरिएको छ। रागनिर्गुन- ४ मा सत्‌गुरुको आशीर्वाद पाएर ज्ञानमार्ग खुल्दछन् भन्ने भाव प्रकट भएको छ। रागनिर्गुन– ५ मा आशाले नै मानिसलाई अनेक प्रकारका सङ्कटमा पुऱ्याउँछ। यो जगत् नै आशाको जालोमा जेलिएको छ। रागवाणी– ६ मा नन्द पदमा पुगेर आशाका जालबाट छुटकारा पाउँ भनी निवेदन गरिएको छ। परम ज्योतिमा मिल्ने आकांक्षा प्रकट भएको छ। रागवाणी– ७ मा गुरुको भजन विना यो जीवन निरर्थक हुन्छ। बाह्य शुद्धिले केही पनि नहुने कुरा उल्लेख गरिएको छ। रागनिर्गुन– ८ मा मनलाई परमात्माका चरण कमलमा लाग्न आह्वान गरिएको देखिन्छ। रागवाणी– ९ मा मेरो मन परमात्मामा प्रेमपूर्वक लाग्यो भनेर सन्तोष प्रकट गरिएको र धन दौलत र परिवार समेत यसका अगाडि केही होइनन् भनी कविले ईश्वरीय एकाकारप्रति आफ्नो समर्पण भाव दर्शाएका छन्। राग जयन्ती धीमात्रिताल– १० मा मायारूपी एक वृक्ष खडा छ भनी त्यसैको विवरण दिइएको छ। राग भजन– ११ मा मायाबाटै सम्पूर्ण संसार खडा भएको हो भन्ने भाव दर्शाइएको पाइन्छ। राग भजन– १२ मा हाम्रो दिल (हृदय) बराबर अरू केही छैन। योग युक्तिबाट जप गर्नुपर्दछ भनिएको छ। राग जयन्ती धीमात्रिताल– १३ मा अनेक साधनाबाट मेरा भ्रमहरूको निवारण भयो। भ्रम भन्ने कुरा ज्यादै खराब हुन्छ, एउटै भ्रमबाट करोडौं असत्यहरू देखिने हुँदा भ्रम निवारणमा जोड दिइएको छ। राग वेहाग– १४ मा मानव शरीर पञ्चतत्त्वको महल हो भन्ने मानिएको छ। राग भजन– १५ मा आफूभित्रको चेतनाले बाह्य संसारलाई देख्तछ, बाह्य संसारले आफूलाई देख्तछ भन्दै मानव

चेतना र बाह्य संसारको पारस्परिक सम्बन्ध भएको कुरा उल्लेख गरिएको छ। राग भजन– १६ मा सत्य बोल्ने आग्रह गर्दै सत्य वचन नै सुखको आधार हो भन्ने मानिएको छ । रागमालगौरा– १७ मा यो संसारमा पूर्णता देखिन्छ भनिएको छ। राग भजन– १८ मा गुरुको लीला अगम छ भन्ने मानिएको छ । राग वसन्त– १९ मा वसन्तोत्सव मनाउने आग्रह गरिएको छ । राग विभास– २० मा मनलाई अगाडिकै हुन्छ भनेर जान्न सकिँदैन भनी सम्बोधन गरिएको देखिन्छ । राग लावनी– २१ मा यो संसार दुइ दिनको पसारो हो, मानिस झूटो र असल कुरा-मा लागिरहन्छ भनिएको छ । राग भजन– २२ मा मानिसले चैतन्य चोला पाएर पनि किन अचेत भइरहेका छन् भन्ने प्रश्न गर्दै चौरासी लाख योनिमा घुमिरहनु-पर्ने स्थितिप्रति सतर्क गराइएको छ । राग भजन– २३ मा गुरुको भजन गर्ने आग्रह हुन्छ । रागनिर्गुन– २४ मा हामी पूर्वजन्ममा के थियौं, अहिले के भएका छौं भन्ने बुझ्दै माया मोहको संसारमा भुल्नु हुँदैन भनिएको देखिन्छ । राग-भजन– २५ मा निर्गुण भजन गाउँदै पाप र पुण्यका फलले नरक र स्वर्गको भोग गर्नुपर्दछ भनिएको छ । राग निर्गुण– २६ मा निराकार भगवान्को भरोसाबाट मैले पूर्ण आनन्द पाएको छु भन्ने विश्वास प्रकट गरिएको छ । राग भजन– २७ मा पनि परमेश्वरलाई तिमी विना म एकैछिन पनि रहन सक्तिनँ भन्ने भाव दर्शाइएको देखिन्छ । राग भजन– २८ मा मन सांसारिक लटपटमा नाचिरहेको छ भन्ने भाव अभिव्यक्त भएको छ । राग भजन– २९ मा कर्मको अन्त्य नपाइने कुरा लेखिएको छ । राग भजन– ३० मा आफैले अन्त्य नपाइने कुरा लेखिएको छ । राग भजन– ३१ मा अब यस संसारमा किन भुलिरहन्छौ भनी मनलाई सम्झाइएको छ । जता हेऱ्यो त्यतैबाट मेरा मनको भ्रम खुल्दछ, भ्रमले अनेक हाँगा हल्दछ भनी रागजाजयन्ती धीमाताल– ३२ मा भनिएको देखिन्छ । राग विभास– ३३ मा पनि मनलाई सम्बोधन गरिएको छ । अगिल्लो जन्ममा के थिएं भन्ने कुरा तिमीले बुझेनौ । राग लावनी– ३४ मा असत्य कुरामा यो दुनियाँ दौडिरहेको र धर्मराजले लेखाजोखा गर्दा आपद्मा पर्न सक्ने भाव प्रकट गरिएको छ । रागफागु मल्हार– ३५ मा होली खेलको वर्णन छ । राग– ३६ मा शास्त्र पढ, सबै तीर्थ घर घरमै हुन्छन्, तीर्थ गइरहनु पर्दैन भनिएको पाइन्छ । राग जोडा– ३७ मा विवेक विनाको साधु जीवन टाउकाको बोझ समान हुन्छ भनिएको छ । राग– ३८ मा तत्त्वज्ञान प्राप्तिका लागि जोड दिइएको छ । दोहा– ३९ मा जीव नै शिव शिव नै जीव हुन् भनिएको छ । राग निर्गुण– ४० मा मेरो मन यस संसारमा अचेत भएर भुलेको छ भन्ने भाव प्रकट गरिएको छ । राग निर्गुण– ४१ मा मोह ममता नभएमा सुख, दुःख पनि हुँदैनन् भन्दै पञ्चतत्त्वका संयोजनबाट जगको निर्माण भएको हो भनिएको छ । दोहा– ४२ मा काम, क्रोधलाई त्याग्ने

सल्लाह छ । राग निर्गुण– ४३ मा जगत् र आफू एकाकार हुन सक्ने बताइएको छ । दोहा– ४४ मा आशारूपी तृष्णालाई छाडिदेऊ र निर्भयता प्राप्त गर भन्ने सदुपदेश छ । राग वसन्त हिन्डोल– ४५ मा वसन्तोत्सवलाई ज्ञान मार्गका खेल-संग तुलना गरिएको छ । राग जत– ४६ मा अमरपद पाउन सक्ने होली खेल्न आग्रह गरिएको छ । राग मालश्री– ४७ मा ब्रह्मा, विष्णु र रुद्रको महिमा गाउँदै यस संसारका सम्पूर्ण सृष्टिहरू यिनै त्रिदेवबाट भएको विश्वास गरिएको छ । राग– ४८ मा यो संसारमा मानिसहरू आशा, लालचा, तृष्णा आदिमा भुलिरहे-का छन् । विषय वासनाले पनि मानिसलाई अलमल्याइरहेको देखिन्छ भनिएको छ । यस रचनामा सांसारिक अवस्था र त्यसका विकासक्रममा देखिने विशेषता-लाई समेत देखाइएको छ । राग सिन्दु सहाना– ४९ मा रूपक शैलीमा मनको अवस्था वर्णन गरिएको छ । मनलाई जित्नु लडाइँ जित्नुसरह हो भनिएको छ । राग आरती– ५० मा आरती गरेर गुरुलाई चिन भनिएको छ । यस आरतीमा लटपट, छटपट, नटपट, टटपट, घटघट, फटपटजस्ता नेपाली अनुकरणात्मक शब्दको सफल प्रयोग भएको छ । राग ठुमरी– ५१ मा मूल प्रकृति एउटै हो तर त्यसका शाखा, प्रशाखाहरू धेरै छन् भन्दै सांख्य दर्शनको प्रभावलाई दर्शाइएको छ । राग जाजयन्ती– ५२ मा सत्य सत्य नै हो, कूटो कुरो कूटै हो, तसर्थ कूटो कुरो-बाट आफूलाई जोगाऊ भन्ने भाव प्रकट गरिएको र सत्यताबाटै ब्रह्म प्राप्ति हुने विश्वास गरिएको छ । राग निर्गुण सिन्दुरा– ५३ मा आशाले हामीलाई डुबाइ-रहेको छ । चार दिनको भोजमा जन्मको सार गुमिरहेको छ । गुरुका उपदेशबाट विमुख भइरहेका छौं । यसरी हामीले आफ्नो जीवन त्यसै खेर फालिरहेका छौं भन्ने विचार यसमा पोखिएको छ । राग गौरी– ५४ मा साधुहरूलाई आफ्ना मनलाई पहिचान गर्ने सल्लाह दिइएको पाइन्छ । राग भैरवी– ५५ मा जसले कुकर्म गर्दछ, त्यसैले नै सुफल पनि पार्दछ । नभए यही संसारमा कुनै करोडौंका मालिक छन् भने कुनैचाहिं दुःखी दरिद्री किन हुन्थे भनिएको छ । निष्कर्ष वचन यस्तो छ– 'बिनु करनिकि सुने नही पाई ।'

राग परज– ५६ मा योगीजनका तपचर्याको उल्लेख गरिएको छ । योगी जनका जप, तप, सन्ध्या, योग, ध्यान, तीर्थ, व्रतले सर्वत्र पूर्णता प्रकाशित हुन्छ । यी कार्यहरू अविनाशी हुन्छन् । राग निर्गुण– ५७ मा यो नरचोला नाश-वान् छ । व्यावहारिक कार्यमा व्यस्त हुँदाहुँदै एक दिन प्राणपखेरू उड्दछन् । किसान खेतीको सपना देख्तछन्, माली बल्छीको कल्पनामा समय बिताउँछन्, मानिसहरू अनेक विषय वासनाका तरङ्गमा परिरहन्छन् । यसो गर्दागर्दै यिनी-

हरू एक दिन यमराजका फन्दामा पर्दछन् । मनुष्य देह अत्यन्त दुर्लभ छ । यस्ता चेतना नभएमा त्यो त्यसै व्यर्थमा जान्छ ।

राग लाउनी– ५८ मा गुरुको महिमासम्बन्धी भावको पुनरुक्ति छ । राग भजन– ५९ मा लालच र तृष्णाले मानिसलाई अलमल्याउँछन् भन्ने भावलाई नै दोहोऱ्याइएको छ । यिनीहरूकै फन्दामा परी जीवन गुम्यो भने फेरि चौरासीका भुँवरीमा पर्नुपर्दछ । राम नाम हृदयमा राख्नु उत्तम हुन्छ ।

राग भजन– ६० मा विष्णुका अवतारको वर्णन छ । यसमा मत्स्यावतार, कच्छपावतार, वराहावतार, नरसिंहावतार, वामनावतार, परशुराम अवतार, रामावतार, कृष्णावतार, बौद्धावतार समेतका अवतारको वर्णन गर्दै यी अवतारी भगवान् जल, थल, आकाश, वायु आदि, अन्त, सबैतिर व्याप्त छन् । हाम्रा प्रत्येक कार्यका साक्षी भएर यिनले पृथ्वीको भारलाई हलुका पार्दछन् भनिएको छ ।

अभयानन्दका ३ वटा भजनचाहिँ नेवारी भाषामा भेटिएका छन् । राग विहारी केदार शीर्षकको नेवारी भजनमा महामाया, ब्रह्मा, विष्णु, रुद्र आदि देव-देवीको नाम स्मरण गर्दै तिनै देवदेवीबाट मुक्ति मार्ग प्रशस्त हुने सङ्केत गरिएको छ । राग भजन शीर्षकको दोस्रो नेवारी भजनमा अवसर गएपछि पश्चात्ताप गर्नु-भन्दा समयमै हरिको भजन गर्नु कल्याणकारी हुन्छ भन्ने भाव दर्शाइएको छ । राग भजन शीर्षकको तेस्रो नेवारी भजनमा पनि चेतनावस्थामै हरिको नाम लिनु-पर्दछ र चौरासी लाख योनिको घुमाउरो बाटोबाट मुक्ति पाउनुपर्दछ भनिएको देखिन्छ ।

नेपाली सन्त साहित्यमा शशिधरपछि अभयानन्द नै प्राग्भानुभक्तीय काव्य कालका धेरै भजन लेख्ने साहित्यकार हुन पुगेका छन् । अभयानन्दका भजनको मूल स्वर के देखिन्छ भने सत्य मार्गलाई छोड्नु हुँदैन, हरिको नाम लिइरहनु-पर्दछ । समय त्यसै गयो भने अन्त्यमा पश्चात्ताप गरेर केही हुँदैन । मानव जीवन अमूल्य छ । मानव जीवन साधारणका लागि उपयुक्त हुन्छ । यस जीवनमा साधना गर्न नसकेमा चौरासी लाख योनिमा घुमिरहनुपर्दछ । जन्मनु र मर्नुका क्रमहरू दोहोरिइरहन्छन्, अनेक प्रकारका कष्टहरूमा परिरहनुपर्दछ । भ्रमले मानिसलाई असत्य मार्गमा प्रवृत्त गराउँछ । ज्ञान मार्गले आत्मज्योति फिँजाउँछ । वेद ज्ञानको मुहान हो । गुरु ज्ञानका माध्यम हुन् । आशाले सङ्कटको मार्ग निम्त्याउँछ । बाह्यशुद्धिभन्दा आत्मशुद्धिमा ध्यान पुऱ्याउनुपर्दछ । माया र मोह-को जालोमा परेपछि उम्कन गाह्रो हुन्छ । सदैव सत्यको पक्षमा लाग्नुपर्दछ र

साँचो बोल्ने बानी बसाउनुपर्दछ। पाप र पुण्यको फल बराबरी भोग्नुपर्दछ। नबुझिकन तीर्थ गएको केही महत्त्व हुँदैन। साधुको भेष ठगी खाने भाँडो होइन, ज्ञान विनाको साधुको जीवन निरर्थक छ। सुकर्मबाट सुफलताको आशा राख्न सकिन्छ।

यसरी अभयानन्दका रचनाहरूका सारांशलाई सूत्र रूपमा मन्थन गर्ने हो भने स्पष्ट हुन्छ– ज्ञान + कर्म + सत्य। सत्यको खोजमा ज्ञानको उपयोग गरी कर्म गर्नुपर्दछ।

अभयानन्दका रचनाको भाषा हिन्दीका प्रभावमा बगेको छ। अभयानन्दले कतिपय रचनामा भावको पुनरुक्ति गरेका छन्। गुरुको भक्तिलाई उनले धेरै महत्त्व दिएको देखिन्छ। पारम्परिक धार्मिक र नैतिक विचारलाई अभयानन्दले अगाडि बढाएका छन्। सामाजिक र आधुनिक वैचारिक चेतनाबाट विमुख रहेका अभयानन्दमा लेखकीय गतिशीलताचाहिँ पाउन सकिन्छ। उनका रचना प्रवाहमय छन्। सामान्य ग्रामीण जनसमुदायलाई सम्झाउन र बुझाउन उनका रचना उपयोगी भए पनि आजको युगमा तिनीहरू निकै पुराना भइसकेका छन्। सन्त नेपाली बाहेक उनले नेवारीमा समेत आफ्ना भजनहरूलाई विस्तार गरेका हुँदा अभयानन्द बहुभाषाका ज्ञाता, प्रतिभाशाली कवि समेत ठहरिएका छन्। राग-बाह्रमासा र राग मालश्री बाहेक सबै भजन छोटा छरिता छन्। अभयानन्द सन्त साहित्यका सहज कवि देखिन्छन्। उनलाई नेपाली सन्त काव्यका राम्रा प्रतिभाका रूपमा लिनुपर्दछ।

५.२.८ श्यामदिल दास र उनको कविता

सन्त श्यामदिल दासको जन्म पूर्वी नेपालको पाँचथर जिल्लामा भएको थियो। पाँचथर जिल्ला लिम्बुवान बहुल क्षेत्र हो। सन्त श्यामदिल दास प्रेमदिलका चेला थिए। यिनी ब्राह्मण परिवारमा जन्मेका भए पनि यिनका पिता माताको नाम के थियो र के थरका थिए भन्ने कुरा अज्ञात नै छ। जोसमनी साधुहरू श्यामदिललाई पाँचथरको नाँगिन गाउँका निवासी ब्राह्मण मान्दछन्। सन्त श्यामदिल दासको जन्म र मृत्युको तिथि पत्ता लाग्न सकेको छैन। यी सन्त ज्ञानदिल दासका गुरु थिए।

सन्त श्यामदिल दासले लेखेका दुइवटा रचनाहरू प्राप्त भएका छन्। यी दुइ रचनाको शीर्षक क्रमशः राग निर्गुण र राग वाणी राखिएको छ।

राग निर्गुणमा मानवीय प्रवृत्तिको व्याख्या गरिएको छ। विशेषतः विषय-वासनाका अनुरागलाई पराजित गर्न नसकेको मानसिक अवस्था दर्शाउँदै मानव

शरीर पृथ्वीतत्त्वले बनेको कुरा संझाइएको छ । हरिको करुणा भयो भने भाव पार लाग्न सकिन्छ भन्ने भावबाट भक्तिभावना प्रकट गरिएको छ । रागवाणीमा मानवीय हृदयलाई हरिको जप, ध्यान र तपस्या गर्न उत्प्रेरित गरिएको छ । तन र मनमा चैतन्य गुणको आह्वान गरिएको छ । सत्‌गुरुबाट ज्ञान मार्ग खुलाउन दिशा निर्देश दिइएको पाइन्छ । निरञ्जन आत्माको दर्शनेच्छा प्रकट गर्दै राम शब्दमा निहित हरिको गुण गाउन अभिप्रेरित गरिएको देखिन्छ ।

श्यामदिल दासका यी दुवै रचना सन्त भाषामा लेखिएका भए तापनि नेपाली भावको पर्याप्त सुगन्ध आएको छ । रागवाणीका अन्त्यमा द्विज शब्दलाई विशेषण लगाई आफ्नो परिचय दिइएको हुँदा कवि ब्राह्मण परिवारमा जन्मेका रहेछन्, भन्ने ज्ञात हुन्छ । कविले मनलाई मार्गनिर्देशन गरेका छन् । मन कुमार्गमा लाग्यो भने जीवको गति अधोमार्गमा लाग्दछ भन्ने विश्वास कविलाई छ । चेतनालाई सर्वोपरि प्राथमिकता दिंदै कवि अन्तर्यामी भगवान्‌का धाममा पुग्ने सल्लाह दिन्छन् । रामको भजन गर्ने र हरिको गुण गाउने उनको परामर्श छ । भगवान्‌को नाम संकीर्तनबाट नै मानवीय चैतन्य उद्‌बोधित हुने हुँदा चेतनाको जागृति अत्यावश्यक छ ।

यसरी सन्त श्यामदिल दास पुराना र नूतन सन्त गुरु परम्पराका एउटा सेतु बन्न पुगेका देखिन्छन् । शशिधरको चेला प्रेमदिल, प्रेमदिलका चेला श्यामदिल दासका अनेकौं आधुनिक शिष्य र सन्तान भएका हुँला श्यामदिल दास एउटा विशेष समयका पुल बन्न पुगेका छन् ।

५.२.९ अच्युतदिल दास र उनको कविता

सन्त प्रेमदिल दासका चेला अच्युतदिल दास ब्राह्मण परिवारमा जन्मेका भए तापनि यिनको जन्म र निधन तिथिमिति पत्ता लागेको छैन । अच्युतदिल दास माझ किरातमा जन्मेका थिए भनी जोसमनी साधुहरू विश्वास गर्दछन् । अच्युतदिल दासले निर्गुण–१, राग निर्गुण, प्रातः काल वाणी, राग निर्गुन समेत चार रचनाहरू लेखेर छोडेका छन् ।

पहिलो निर्गुण शीर्षकको रचनामा निर्गुण मतको प्रचार गर्न असुविधा भएको मत प्रकट गर्दै कवि भन्दछन्–ब्रह्मा पनि निद्राले चार कल्पसम्म सुतेका र बीचमा अनेकौं सपना देखेर सृष्टि गर्न थाले । ब्रह्माको सृष्टिमा सत्त्व, रज, तम जस्ता तीनवटा गुणहरू सिर्जित भए भने यी गुणले चौधै भुवनलाई ढाक्न थाले । यिनै ब्रह्माले चार वेदको रचना गरेका हुन् । ब्रह्माले अठार पुराण समेत बनाए ।

मुनि, पण्डित र विद्वान्हरू ज्ञानको मूल स्रोत वेदमै अलमलिए अर्कातिर तेत्तीसकोटी देवताको ध्यान गर्दागर्दै चार युग बितिसके। ब्रह्मा सृष्टि गर्दछन्, विष्णु पालना गर्दछन् र महेश संहार गर्दछन्। यसो भए तापनि विष्णुले माया फैलाए, उनी चराचर जगत्मा व्याप्त हुन थाले। एकै छिनमा चौरासी लाख योनिको फन्दामा पर्नुपर्दछ भने एकैछिनमा यो सृष्टिको संहार हुन्छ। यस्तो विषम परिस्थितिमा निर्गुण मत नै अपार देखिन्छ। निर्गुणका गुणलाई कसरी बुझाउनु ? निर्गुण भजन नै यस्ता विषम स्थितिका लागि सर्वोत्तम उपाय हो। निर्गुण भजनबाटै यो स्थितिको अन्त्य हुनेछ भन्ने कविको आशय रहेको छ। सन्त भाषा भए पनि बोध्य छ।

राग निर्गुणमा चौरासी लाख योनीको परिक्रममा घुम्नुपर्ने यस संसारबाट मुक्ति दिलाइदेऊ भनी गोविन्द (श्रीकृष्ण) सँग प्रार्थना गरिएको छ। चारैतिर माया मोहका जंजाल छन्, यिनीहरुबाट छुटकारा पाउन म आतुर छु। यसै गरी मेरा कैयौं जन्महरू बितेर गए। संसारको रङ्गीन तमासा देखेर अलमलिदै समय बिताइरहेको छु। मेरा छोरा छोरी, सम्पत्ति र परिवार समेत छैनन। यमराजका बल्छीमा पर्न लाग्दा मलाई उपकार गरिदिने कोही हुने छैनन्। मेरा लागि सत्यको नाम नै भवसागर पार लगाउने माझी हो। गोविन्द नामलाई एकै छिन पनि नबिर्सी भवसागरबाट उत्रन सकूँ। पुनः यस संसारमा आइरहनु नपरोस्। प्रातःकाल वाणीमा पनि हरिको भजनलाई जोड दिदै चौरासीको फन्दामा परिने सम्भावनालाई त्रासको विषय बनाइएको छ। मुकुन्द र मुरारिको नाम स्मरण गर्दै सम्पूर्ण जनमानसको हितको कामना गरिएको छ। मुकुन्द र मुरारिका बाह्य अलङ्कारको वर्णन गर्दै स्तुति गरिएको यस रचनाले श्रीमद्भगवद्गीताका श्रीकृष्णलाई स्मरण गराउँछ।

राग निर्गुणमा यस संसारका सम्पूर्ण जन्ममरणका क्रमहरू भगवान्बाटै निर्धारित हुन्छन् भनिएको छ। यहाँका प्रत्येक घटनाहरू कर्मद्वारा निर्धारित हुनेछन्। पुनर्जन्म नहुने गरी मरिएको मृत्यु नै उत्तम हो। मानिसले सोचे अनुसारकै फल पाउँछन्। मेरो भन्दाभन्दै जन्महरू बित्तछन्। जीवनदाता मूल मालिक (ईश्वर) लाई नचिनी माया मोहकै जालमा अल्झिरहेका मानिसहरू आशाका ठ्यान्ड्राहरूमा झुण्डिरहेका छन्। राम राम भन्यो भने सुख उब्जन्छ, कृष्ण भनेमा दुःख भाग्दछ। रामको नाम लिएमा कोटी यज्ञको फल पाइन्छ।

अच्युतदिल दासका भजनहरू निकै सरस छन्। उनले सगुण उपासना पद्धतिलाई भन्दा निर्गुण उपासना पद्धतिलाई महत्त्व दिएका छन्। हिन्दीको मिश्रण प्रशस्त भए पनि उनका रचना निकै सरल देखिन्छन्। ठाउँ ठाउँमा

नेपालीका सग्ला पङ्क्तिहरूको उपस्थिति देख्ता अच्युतदिल दासमा नेपाली भाषाको राम्रो दखल भएको अनुमान हुन्छ। यिनका रचना सन्त भाषामा भए पनि सरल छन्।

५.२.१० धर्मदिल दास र उनको कविता

सन्त धर्मदिल दास प्रेमदिल दासबाट दीक्षित भएका र माझ किरातमा जन्मेका ब्राह्मण परिवारका सदस्य थिए। यिनको पनि जन्म मृत्युको कुनै तिथि-मिति फेला परेको छैन। धर्मदिल दासले निकै भजनहरू लेखेका भए पनि आज ती धेरैजसो अप्राप्य छन्। प्राप्त दुइवटा भजनको नाउँ रागवाणी –१, रागवाणी –२ रहेको छ।

रागवाणी –१ मा विष्णुबाट भएको सृष्टिक्रम, गुरुचरणबाट उपकृत हुनुपर्ने कुरालाई सरल ढङ्गबाट प्रस्तुत गरिएको छ। सन्त भाषामा लेखिएको यस रचनामा ब्रह्मा, विष्णु र महेशको सर्वशक्तित्वलाई पुरःसर गरिएको देखिन्छ।

रागवाणी –२ मानवीय धन, दौलत, सङ्ग, साथी, माता, पिता, बन्धु, बान्धव सबै नै चार दिनका अस्थायी कुरा हुन्। यिनीहरूमा लटपटिँदा लटपटिँदै यमराज आइपुग्दछन्, त्यस वेला छाती पिटेर रुन लाग्दछन्। यसैले गुरुको सेवा गरी ज्ञानमार्ग खोल्नुपर्छ। गुरुको भक्ति, साधुको सेवा गरेर यो भवसागर पार हुनुपर्दछ। यसो नगरेमा पछुताउनुपर्दछ।

धर्मदिल दासका उपर्युक्त कवितामा हिन्दीको संमिश्रण प्रशस्त छ। कवि उपदेशात्मक पारामा बगेका छन्। अरू अरू जोसमनी सन्त कविहरू झैं धर्मदिल दासलाई पनि भवसागरबाट छिटै मुक्ति पाउने इच्छा प्रबल भएर आएको छ। वैचारिक उत्तराधिकार धर्मदिल दासमा पनि सरेर आएको पाइन्छ भने नवीन दृष्टिकोण चाहिं जन्मिन सकेको छैन। पूर्ववर्ती कविहरूभन्दा क्रमिक रूपले सरल हुँदै जाने प्रवृत्ति चाहिं धर्मदिल दासमा सर्दै आएको छ। दुवै रागवाणी आत्म निरीक्षण र परोपदेशमा केन्द्रित रहेका छन्।

५.२.११ सतदिल दास र उनको कविता

माझकिरातको ब्राह्मण कुलमा जन्म लिन पुगेका सन्त सतदिल दासको जन्म र निधनको कुनै तिथि किटान गर्न सकिएको छैन। यिनी प्रेमदिल दासका चेला थिए भन्नेसम्म थाहा पाइएको छ। यिनले जोसमनी मतको निकै प्रचार गरेका थिए। आफ्ना बिचारको प्रचारका लागि यिनले पनि पूर्व सन्तहरू झैं भजन,

प्रार्थना, स्तुति र उपदेशपरक रचनाहरू बनाएका छन् । सतदिल दासका जम्मा ११ वटा रचनाहरू फेला परेका देखिन्छन् ।

सतदिल दासका रचनाहरूमा श्रीराम आरती (१) मा पूर्ण ब्रह्मको उपासना गरिएको छ । रागवागी (२) मा माया मोह छोडी परब्रह्मको आराधना गर्न प्रेरणा दिइएको र ज्ञानप्राप्तिका लागि सतगुरुका उपदेशको अपेक्षा गर्ने सल्लाह प्रदान गरिएको छ । रागवागी (३) मा जागृत हुने आह्वान गर्दै भगवद् अर्चनको विधि बताइएको छ । भजन (४) मा परब्रह्मको आरती गर्न सल्लाह दिइएको छ । निर्गुण रागवाणी (५) मा गोविन्द (श्रीकृष्ण) को भजन आकर्षक शैलीमा गाइएको देखिन्छ । राग निर्गुग (६) मा हरिको नामबाट संसारसागर तर्न सकिन्छ भन्ने विश्वास राखिएको छ । निर्गुंग भजन (७) मा हाम्रो मनले भगवद्नाम बिसिरहेको छ। बाल्यावस्था, वृद्धावस्था चैतन्यावस्थामा अनेक प्रकारका चिन्ताहरूमा डुबिरहनाले आफैंलाई जन्म दिने प्रभु (ईश्वर) लाई बिसिरहेका छौं भनिएको छ । रागवाणी (८) मा आत्माको चिन्तना गरिएको छ । रागनिर्गुन (९) मा पौराणिक कथावस्तु सम्झाउँदै हरिको भजनमा जोड दिइएको छ । राग निर्गुन (१०) मा मानव नाशवान् छ, माया र आशाका डोरीले बाँधिएको हुँदा एक दिन जङ्गलमा बास हुनेछ, तसर्थ आत्मालाई समयमै चिन्नुपर्दछ भनिएको छ । निर्गुन भजन (११) मा गुरुको दर्शनोत्कण्ठा व्यक्त भएको छ । गुरु नै विवेक र ज्ञानका मार्ग प्रदर्शक भएका हुँदा उनलाई माता पिता सरह मान्नुपर्दछ भन्ने भाव प्रकट गरिएको छ ।

सतदिल दास सन्त साहित्य परम्पराका एक भरपर्दा प्रतिभा हुन् । यिनले आत्माको विवेचनामा ध्यान दिएका छन्, अरू कुरा चाहिं नयाँ केही देखिंदैन । परोपदेशका शैली र भक्तिभावनाका शैलीमा उनका विचारहरू प्रवाहित भएका छन् । निर्गुण रागलाई प्राथमिकता दिने सन्त परम्परामा सतदिल दास पनि उभिएका छन् । गुरुलाई सदोपरि महत्त्व दिने यस धारामा उनको सहमति यथावत् देखिन्छ ।

५.२.१२ अगमदिल दास र उनको कविता

सन्त साहित्यमा जीवनीका केही पक्षहरू बारे थाहा पाइएका सन्त हुन् अगमदिल दास । अगमदिल दासको पुरानो नाउँ मेवा कर्ण थियो । यिनको जन्म भोजपुर जिल्लाको छिनामखु गाउँको राई परिवारमा वि. सं. १८५० तिर भएको थियो । यिनले सन्त वैदिक दिल दाससँग सानैदेखि संस्कृत पढेका थिए । पढाइमा कमजोर भए पनि गुरुका सेवामा अगमदिल दास निकै सावधान मानिन्थे ।

अगमदिल दासले जोसमनी मतमा रुचि लिएको देखी सन्त ज्योतिदिल दासले उन-लाई विधिवत् दीक्षा दिए। जोसमनी दीक्षा पाएपछि अगमदिल दासले आधिकारिक र प्रभावशाली रूपमा यस मतको प्रचार गरे। अगमदिल दासका बाबुको नाम वितवीर राई थियो। अगमदिल दासले रचेका १६ वटा फुटकर रचनाहरू फेला परेका छन्। उनको मृत्यु वि. सं. १९२५ तिर भएको थियो। जोसमनी सन्त साधकका रूपमा अगमदिल दासले मङ्गल दास, कमल दास आदि प्रभावशाली व्यक्तिहरूलाई चेला बनाएका थिए।

रचनाकारका रूपमा अगमदिल दासका भजनहरू हेर्दा निर्गुण परम्परालाई नै कायम गरेका छन्। राग निर्गुण (१) मा राम, हरि आदिको भजन गरी माया मोहबाट मुक्ति खोजिएको छ। राग निर्गुण (२) मा ब्रह्मतत्त्व नै भ्रमनिवारक हो भन्ने मानिएको छ। राग निर्गुण (३) पनि ब्रह्मको रूपलाई नै मुक्तिमार्ग ठानिएको छ। राग निर्गुण (४) मा राम र हरिको भजन गाइएको देखिन्छ। राग निर्गुण (५) मा पनि हरिकै गुणगान गरिएको छ। राग निर्गुण (६) मा साधुको कठिन व्रत र चरित्रको उल्लेख भएको छ। राग निर्गुण (७) मा सतनामबाट नै मुक्तिमार्ग खुल्दछ भनिएको देखिन्छ। सन्जे आरती (८) मा प्रभुको व्यापकता अनुभव गरिएको छ। राग निर्गुण (९) सच्चिदानन्दको आरती हो। राग निर्गुण (१०) मा यो संसार भ्रमको जन्जाल हो भन्ने मानिएको छ। राग निर्गुण (११) मा ज्ञान र ध्यानबाटै भगवत् प्रेम गर्न सिकौं भनिएको देखिन्छ। राग निर्गुण (१२) मा साधु संन्यासीलाई निर्लोभी रहन आग्रह गरिएको छ। निर्गुण भजन (१३) मा हरिको रसबाट संसार आप्लावित भएको मानिएको छ। राग निर्गुण (१४) मा हरिको नामले सांसारिक भ्रमको निवारण हुने कुरा बता-एको देखिन्छ। राग निर्गुण (१५) मा श्रीकृष्ण, ब्रह्मा, विष्णु महेश्वर आदिको भजन गरिएको छ। निर्गुण (१६) मा हरिको महिमा गाइएको पाइन्छ।

संक्षिप्त रूपमा अगमदिल दासले पनी भजन र कीर्तनमै आफूलाई सीमित राखेका छन्। परम्परागत रूपमा मानिएका दर्शन र विचारहरूलाई नै उनले पनि अगाडि बढाएका देखिन्छन्। मानव जीवनको लक्ष्य ज्ञान प्राप्त गर्नु हो र यो संसार माया मोहकै जन्जाल हो भन्ने भावचेतनाबाट अगमदिल दासले प्रभाव ग्रहण गरेका हुँदा यिनी पनि भक्तिवादी सम्प्रदायबाटै सञ्चालित रहेका देखिन्छन्। यिनका रचना प्रवाहमय रूपले विकसित छन्।

५.२.१३ धरणीदास र उनको कविता

धरणीदासको जन्म पूर्वी नेपालको माझ किरातमा भएको थियो। यिनलाई

राई परिवारमै जन्मेका साधु मानिन्छ । यिनको जन्म मृत्युको आधिकारिक सूचना पाइएको छैन । धरणीदास ज्योतिदिल दासका चेला थिए भन्ने कुरा जोसमनी साधुहरूमा विश्वास छ । धरणीदासले माझ किरातमा जोसमनी मतको प्रशस्त प्रचार गरेका थिए । यिनी सन्त कविका रूपमा पनि सुख्यात छन् । यिनको एउटा रचना फेला परेको छ । यसको शीर्षक रागवाणी राखिएको छ । यस रचनामा गुरुको मन्त्र र उपदेश पाएर मानिसको उपकार हुन्छ रजोगुण, तमोगुण समेत परित्याग गरी सत्वगुणमा पुग्न सकिन्छ भन्दै रातदिन ईशवन्दना गर्न आग्रह गरिएको छ ।

सन्त धरणीदासको रागवाणीमा सन्त भाषाकै प्रयोग छ । यिनले पनि पारम्परिक स्वरलाई परित्याग गर्न सकेका छैनन् । सन्त साहित्यकै मूल प्रवाहमा धरणीदास पनि बगिरहेका हुँदा यिनका विषयमा ज्यादा मथिङ्गल नखियाए पनि हुने देखिन्छ ।

५.२.१४ कमल दास र उनको कविता

कमल दास पूर्वी नेपालका राई परिवारमा जन्मेका थिए । यिनको जन्मथलो माझ किरात हो । कमल दासका गुरु अगमदिल दास हुन् । कमल दासले जोसमनी मतको निकै प्रचार गरेका थिए । कमल दासको जन्म र निधनको तिथि प्राप्त हुन सकेको छैन । यिनका रचनामा श्यामदिलको नाम आएको हुँदा यिनी श्यामदिलकै चेला थिए कि भन्ने तर्क निराधार छैन । कमल दास नाम गरेका सन्त अरू पनि हुन सक्ने सम्भावना छ । कमल दास जोसमनी मतका प्रचारक भएका हुँदा प्रचार कार्यलाई प्रभावकारी बनाउन यिनले केही रचना समेत गरेका हुँदा हुन, तर ती रचना कालका मुखमा परेका हुँदा हाल यिनका नाउँमा एउटा छोटो रचना मात्र फेला परेको छ । यसको शीर्षक रागवाणी नै राखिएको छ ।

यस रचनाको विषयवस्तु पारम्परिक नै देखिन्छ । विषयवासनाबाट मैले आफूलाई पृथक् राख्न सकिनँ । शरीर विना छाया नभए जस्तै जीव विना ईश्वर हुँदैनन् । तसर्थ निरञ्जन निराकार अन्तरयामी भगवान्को भजन गाउँछु भन्ने भाव यस रचनामा व्यक्त भएको छ । सन्त भाषामा लेखिएको यस कवितामा निर्गुण भावनालाई नै अगाडि बढाइएको देखिन्छ ।

५.२.१५ मंगलदास र उनको कविता

अगमदिल दासका शिष्य मंगलदास जोसमनी सम्प्रदायका प्रचारक तथा कवि हुन् । यिनी पूर्वी नेपालको माझ किरात क्षेत्रका राई थिए । हुन त यिनको

जन्म र मृत्युको तिथि थाहा पाइएको छैन, तापनि यी आफ्ना समयमा प्रतिष्ठित साधु थिए भनी जोसमनी मतका अनुयायीहरू मान्दछन् । मंगल दासले के कति भजनहरू रचेका थिए, त्यसको पूर्ण निर्धारण भएको छैन । फेला परेको एउटा भजनबाट उनले पारम्परिक स्वरलाई नै एक थोपो पानी हालेका छन् । यिनको एक मात्र रचनाको शीर्षक भजन राखिएको छ । यस भजनमा पाँच तत्व, दस इन्द्रिय मन, बुद्धि, अहङ्कार आदिको चर्चा गर्दै अतल, वितल, सुतल आदि गरि. एका लोकको परिचर्चा गरिएको छ । यो संसार आशाका त्यान्द्रामा अडिएको मानिएको छ । सन्त भाषामा लेखिएको यस भजनले सन्त साहित्य परम्परालाई अगाडि बढाएको छ ।

५.२.१६ अखण्डदिल दास र उनको कविता

अखण्डदिल दास वि. सं. १८६८ तिर पूर्वी नेपालको माझकिरातमा राई कुलमा जन्मेका जोसमनी साधु थिए । बाल्यावस्थादेखि नै चतुर मानिएका अखण्ड-दिल दास किशोर अवस्थामा सन्त अगमदिल दासबाट दीक्षित भई लिम्बुवान क्षेत्रतिर प्रस्थान गरे । यिनले याङरूप भन्ने ठाउँमा आफ्नो मुख्य आश्रम निर्माण गरेका थिए । लिम्बुवान क्षेत्रमा जोसमनी मतलाई व्यापक पार्न अखण्डदिल दासले प्रशस्त मेहनत गरे । मेहनतअनुसारको आर्जन समेत गरेका हुँदा यिनलाई धनी साधु पनि भनिन्थ्यो । अखण्डदिल दासले जोसमनी मत ग्रहण गर्नेहरूसंग शब्दी चेलाबाट रू. ५।- गुरुमुखीबाट रू. २५।- र गुरुपञ्जाबाट रू. ५०।-को दरले रकम समेत असुल गरे । बौद्धिक र ज्ञानका साधनालाई भन्दा दस्तुरलाई महत्त्व दिएका हुँदा अखण्डदिल दास केही आलोच्य समेत बन्न पुगे । यिनको व्यापारी प्रवृत्तिबाट जोसमनी सम्प्रदायकै बदनामी हुने देखेर यिनका गुरु अगम-दिल दासले दिएका तानावाना खोस्न खोज्दा यिनले क्षमाप्रार्थना गरे । भविष्य-मा यस्तो गर्ने छैन भनेर प्रतिज्ञा गरे पनि यिनले आफ्नो बानी त्याग्न सकेनन् । अन्त्यकालसम्मै यिनले आफ्नो दस्तुर परिपाटीलाई कायमै राखे । अखण्डदिल दासले जोसमनी मतको व्यापक प्रचार गर्दागर्दै केही भजनहरू समेत रचेका हुँदा सन्त कविका रूपमा प्रतिष्ठित हुन पुगे । उनले रचना गरेका पाँचवटा भजनहरू फेला परेका छन् । अखण्डदिल दासले जीवनको अत्यधिक भाग जोसमनी सम्प्रदाय-कै उन्नयनमा खर्च गरी वि. सं. १९३५ तिर यस संसारबाट बिदा लिए ।

अखण्डदिल दासको पहिलो रचना श्रीराग आरती हो । यसमा हरि भक्ति-बाट परंपद प्राप्त गर्ने उपाय र आग्रह समेत गरिएको छ । परब्रह्म नै एक तत्व हुन्, मूल तत्त्व हुन् भन्ने मानिएको देखिन्छ । दोस्रो रचना राग निर्गुण हो । यसमा

दशावतार लिने भगवान्को स्मरण गर्दै कृष्ण, राम, कलङ्की (कल्की) को नाम लिइएको छ। तेस्रो रचना राग निर्गुण अन्तर्गत नै रहेको छ। यसमा हरिनाम-रूपी खेती गर्न सम्पूर्ण साधुहरूलाई आग्रह गरिएको छ। यस रचनाको अन्त्यमा शुद्ध नेपाली भाषामा एउटा सरस कविता लेखिएको छ। यस कवितामा प्रभुलाई नमस्कार गर्दै सिद्धिका निमित्त प्रार्थना गरिएको छ। सन्त साहित्यिक वाङमयमा यो कविता एकदमै नयाँ किसिमको छ। परम्परागत भाषिक शैलीलाई परित्याग गरी शुद्ध नेपालीमा लेखिएको यस कविताले अखण्डदिल दासको सरस काव्य-प्रवाहलाई प्रस्तुत गरेको छ। कविता यस्तो छ–

'आकाशको चन्द्र सूर्य वरिपरि तारा
सिद्ध गरि दिनु होला बाधा जतिसारा।
अनन्त प्रभुको कति छन् अवतार
प्रभु सवरूपको गर्छु म नमस्कार ॥'

राग निर्गुण अन्तर्गतकै चौथो खण्डांशमा रामको भजन गर्न आग्रह गरिएको छ। पाँचौ राग निर्गुण शीर्षकको कवितामा पनि पूर्ण ब्रह्मकै आराधना गर्दै हरि-नाम भजनमा जोड दिइएको छ।

अत्यधिक सन्त नेपाली भाषामा रचिएका कविताहरू लेखे तापनि अखण्डदिल दासले एउटा शुद्ध नेपाली कविता रचेर सरस शैलीको परिचय दिएका छन्। परम्परागत भाव र भाषालाई नै प्रयोग गर्ने अखण्डदिल दास निर्गुण सम्प्रदायकै भक्त कवि रहेका देखिन्छन्। आरती र निर्गुण भजन नै उनका रचनाका शीर्षक रहेका हुँदा नवीनता चाहिँ पाउन सकिँदैन। यसो भए तापनि अखण्डदिल दास सन्त साहित्यका प्रतिभाशाली कवि हुन्।

५.२.१७ कृष्णदास र उनको कविता

सन्त कृष्णदास को जन्म वि. सं. १८७२ तिर पूर्वी नेपालको माझकिरातको राई परिवारमा भएको थियो। यिनी अगमदिल दासबाट दीक्षित भएका थिए। जोसमनी मतको प्रचार कार्यमा कृष्णदासको योगदान अविस्मरणीय छ। यी सन्त कविका रूपमा पनि गनिएका छन्। यिनको निधन वि. सं. १९४२ तिर भएको थियो। यिनको एउटा भजन मात्र प्राप्त छ।

प्राग्भानुभक्तीय युगका अन्तिम सन्त कविका रूपमा रहेका कृष्णदास राईको रागवाणीमा मनको जागरण आवश्यक भएको कुरा बताइएको छ। ब्रह्म-ज्ञान नै आत्मज्योति हो, गुरु नभएमा राम र हरिको पहिचान गर्न सकिँदैन, द्विविधा र कुमति त्याग्नुपर्दछ भन्ने संकेत उनको आग्रह छ।

सन्त भाषामा नै रचिएको रागवाणीमा परम्परागत भजन र उपदेशको स्वरलाई उरालिएको छ । यसो भए तापनि 'धामी पण्डित गुणका भोगी' भनेर उनले नेपाली जन विश्वासमा देखिएको 'धामी' लाई आफ्नो रचनामा उल्लेख गरेका छन् । 'धामी' नेपाली समाजको विश्वासिलो साथी हो । मानिसका दुःख, पीर आदिलाई सान्त्वना दिने काममा धामीको महत्त्वपूर्ण भूमिका रहेको हुँदा कृष्णदासले धामीको पनि उल्लेख गरेका छन् । धामी शब्दले नेपाली समाजको गन्ध बोकेको हुँदा कृष्णदास बाँचेको नेपाली ग्रामीण समाजमा धामीप्रतिको विश्वासको अभिव्यक्तिलाई स्पष्ट पारेको छ । कृष्णदास पनि निर्गुण सम्प्रदायका उपासक सन्त कवि रहेका छन् । उनको कविता पनि सन्त भाषामा नै लेखिएको छ ।

नेपाली सन्त साहित्य धिर्जेदिल दासबाट प्रारम्भ भई शशिधरमा पुग्दा नपुग्दै निकै फस्टाएको देखिन्छ । धिर्जेदिल दासदेखि कृष्ण दाससम्म नै एउटै भावधारा प्रवाहित भएको छ । सन्त कविहरू सामाजिक घटनाबाट पूर्णतः तटस्थ नभए पनि अदृश्यचाहिं रहेका छन् । यिनीहरूलाई जोसमनी मतप्रति अनुराग छ । जोसमनी मतको प्रचार प्रसार गर्ने उद्देश्यबाट प्रेरित यी कविहरूमा उपदेशात्मकता प्रबल रूपमा रहेको देखिन्छ । ज्ञानको अन्तरज्योति प्राप्त गर्न सबै अनुयायीहरूलाई आग्रह गरिएको र गुरुलाई ज्ञानप्राप्तिको स्रोत मानिएको छ । सन्त कविहरू निर्गुण भजनमा विशेष जोड दिन्छन् भने संसार माया मोहको जालो हो भन्ने धारणा राख्तछन् । यिनीहरू मूर्तिपूजाको आग्रह राख्तैनन् तर हरिनामको र रामनामको भजनलाई भने महत्त्व दिन्छन् । संसारमा साधुको भेष धारण गरी जन सामान्यलाई भ्रममा राख्ने प्रवृत्तिलाई सन्तकविहरू मन पराउँदैनन् ।

सन्तकविहरू हिन्दी, व्रज, मैथिली आदि भाषाको प्रयोग गरी आफ्नो भाव विनिमय गर्दछन् । उनीहरू समाजका मानिसलाई ज्ञानका कुरा सिकाउने हतारमा छन्, गुरुको महिमा बुझाउने तरखरमा छन् र यो संसार माया मोहको जन्जाल भएको बताउने प्रयत्नमा छन् ।

भक्ति र आध्यात्मिक भावनालाई सर्वोपरि महत्त्व दिने सन्तकविहरूले सामाजिक आडम्बरलाई भने कुनै हालतमा पनि स्वीकारेका छैनन् । उनीहरू अहङ्कार र आडम्बरलाई चित्त सबैसँग आग्रह गर्दछन् । समाजका शोषण, अन्याय र अत्याचार प्रति प्रत्यक्ष रूपमा केही बोल्न नसके तापनि सन्तकविहरूले आत्म स्वाभिमानचाहिं प्रकट गरेका छन् । आध्यात्मिकताका आडमा केही न केही सामाजिक चेतना विस्तार गर्नमा सन्त कविहरूको योगदान अविस्मरणीय रहेको छ ।

५.३ प्रागभानुभक्तीय नेपाली लोककाव्य

प्रागभानुभक्तीय युगमा नेपाली लोक साहित्यको प्रशस्त विकास भएको थियो । लोक साहित्यमध्ये पनि नेपाली लोक काव्य अझ उच्च स्थितिमा रहेको अनुमान हुन्छ । यी लोक काव्यहरू वैदिक मन्त्र झैं कयौं शताब्दीसम्म मुखमुखै चली आएका संहिताका रूपमा लेखबद्ध नभएका हुनाले तिनको भाषामा पनि बराबर परिवर्तन हुँदै आएको मान्न सकिन्छ । नेपाली लोक काव्य अठारौं शताब्दीभन्दा अगाडिका अनुपलब्ध रहेको कुरा बाबुराम आचार्यले मानेका छन् ।[२०] उन्नाइसौं शताब्दीका मध्यभाग (वि. सं. १८४६) मा नेपाल सरकारद्वारा जुम्लाको रियासत नेपाल राज्यमा मिलाउँदा त्यहाँको हर्ताकर्ता शोभन शाही भोटतर्फ भागेकाले सो घटनालाई एक जना जुम्लीले यसरी वर्णन गरेका थिए–

"भातु खाय शुभान शाही ताउली हाल्या कुम्ला
जिती आए गोरखय जनिमार जुम्ला"

यो लोक काव्य हो । लोक काव्यले तत्कालीन युग र तत्कालीन घटनाको अभिलेखीकरण गर्दछ । यसो भए तापनि कतिपय लोक काव्यहरू समयका प्रवाहमा हराउँछन् र कतिपय लोकगीतमा रूपान्तरण हुन जान्छन् ।

लोक काव्यको परम्परा पौराणिक कालमा समेत देखिन्छ । अरु त्यसभन्दा अगाडि वैदिक वाङ्मय नै लोक काव्य मानिएको घटना स्मरणीय रहेको छ । वेदलाई 'श्रुति' भन्नु नै लोक काव्य सरह मान्नु हो । लोक काव्यको विशिष्ट महत्त्व हुने भएकोले नै 'महाभारतमा' 'वेदाच्च वैदिकाः शब्दाः सिद्धा लोकाच्च लौकिकाः' भनिएको हो । श्रीमद्भगवद्गीतामा पनि 'अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः' भनेर लोक काव्यकै प्रतिष्ठा गाइएको छ ।

नेपाली लोक काव्यको निर्माण नेपाली भाषाकै अभ्युदयका साथ भएको मानेर पनि ती लोक काव्य उपलब्ध नहुँदा नेपाली वाङमयले विमुख हुनुपरेको छ । पुरानो नेपाली लोक काव्यको भण्डार खोज्ने कार्य अनुसन्धाताहरूबाट भई नै रहेको छ । यस क्रममा केही संकेत गरेर बाबुराम आचार्यले बाटो देखाए भने सत्यमोहन जोशी, प्रदीप रिमाल, नरहरि नाथ, चूडामणि बन्धु, पूर्णप्रकाश नेपाल 'यात्री', देवप्रकाश पन्त आदिले तत्तत् स्थानमा पुगी प्राप्त सामग्रीलाई सुरक्षित ढङ्गले लिपिबद्ध गर्ने काम गरेका हुँदा नेपाली लोक काव्यको क्षितिज निकै विस्तुत

---

२०. बाबुराम आचार्य, पुराना कवि र कविता, पूर्ववत्, पृष्ठ १ ।

हुन पुगेको छ । प्राप्त लोक काव्यबाट कैयौं ऐतिहासिक तथ्यहरू उद्घाटित भएका छन् भने कैयौं भाषिक विशेषताहरू पनि प्रकट भएका देखिन्छन् ।

लोक काव्य मौखिक परम्परामा आश्रित रहने सामग्री हुँदा नेपाली लोक काव्यको प्राचीन ऐतिहासिकता अझै पनि अनुसन्धेय नै छ । प्राप्त सामग्रीका आधारमा नेपाली लोक काव्यको मोटामोटी प्रवृत्ति संस्कार, संस्कृति, वीरचरित्र, प्रणय, गाथा आदिमा आधारित रहेको पाइन्छ । नेपाली लोक काव्य ग्रामगीत, नृत्यगीत, आख्यानगीत, वीरगीत समेतमा विभाजित छन् । नेपाली लोक काव्य-मध्ये केहीका ऐतिहासिकता मात्र फेला परेका छन् भने केहीका ऐतिहासिकता र रचयिता समेत फेला परेको हुँदा विवेचना गर्न ठूलो सम्बल प्राप्त भएको छ ।

लोक काव्य उत्पतिका ३ प्रमुख सिद्धान्तहरू छन्–

१. लोकनिर्मितवाद : रहस्यमय ढङ्गबाट उत्पत्ति भएका,

२. व्यक्तिनिर्मितवाद : कुनै न कुनै व्यक्तिबाट उत्पत्ति भएका,

३. विकासवाद : लोकगाथाको रचना नभई विकास भएको

उपर्युक्त सिद्धान्तबाट लोक काव्य व्यापकता ओगटेको समाजद्वारा निर्मित काव्य हो भन्ने स्पष्ट भएको छ । नेपाली लोक काव्य पनि नेपाली समाजकै व्यापक विस्तृतता र अनुभवका आधारमा निर्मित भएको पाइन्छ ।

नेपाली लोक काव्यका प्रथम स्रष्टा यिनै हुन् भनेर किटान गर्न सकिँदैन । धेरै लोक काव्यहरूका रचयिता फेला परेका छैनन् । कुनै कुनै लोक काव्यका प्राचीन वा ऐतिहासिक विषयवस्तु फेला परेका छन् तर तिनीहरूका रचयिता यिनै हुन् भन्न अप्ठ्यारो पर्दछ । हुन त कतिपय अनुसन्धाताले जुन समयका राजा वा व्यक्तिका बारेका लोक काव्य भेटिएका छन् तिनै राजा वा व्यक्तिका समयलाई सो लोक काव्य निर्माणको समय मानेका छन् । यो कुरा विचारणीय छ ।

नेपाली लोक साहित्यमा गहनतम कार्य सम्पादन गर्ने देवकान्त पन्तको काल-निर्धारण सम्बन्धी मान्यता मननीय छ । उनी लेख्तछन्– ऐतिहासिक लोक साहित्यको रचनाकाल निधो गर्न त्यति कठिन छैन । घटना र साहित्य निर्माणको कालमा अर्धशताब्दीभन्दा बढी फरक पर्न सक्तैन, किनकि त्यो वेलासम्म ऐति-हासिक घटनाको प्रभाव समाप्त भइसकेको हुन्छ र त्यसलाई प्रत्यक्ष देख्ने व्यक्तिहरू पनि कालकवलित भइसकेका हुन्छन् ।[२१] पन्तको यस तर्कमा सहमति जनाउँदा

२१. देवकान्त पन्त, डोटेली लोकसाहित्य : एक अध्ययन, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि., कीर्तिपुर, वि. सं. २०३२, पृष्ठ ६ ।

भएकाउँदै पनि के भन्नु उपयुक्त छ भने सधैं लोक साहित्य घटना घटेको अर्धशताब्दीभित्रै रचिन्छन् भन्ने कुरामा पूर्ण रूपले निश्चित हुन सकिदैन। प्रभावशाली व्यक्ति र घटनालाई कविहरूले शताब्दीयौं पछि पनि लिपिबद्ध गर्न सक्तछन्। पुराना राजा र पुराना घटनालाई कविहरूले अहिलेसम्म पनि बिर्सेका छैनन्। तिनीहरूका कथा र गाथालाई कालान्तरमा पनि काव्यरूप दिइँदै गरेको पाइनाले लोककाव्यको रचना पनि घटना घटेको दीर्घकालावधिमा हुनसक्ने तथ्यलाई हृदयङ्गम गर्नु आवश्यक छ। लोककाव्यको समय निर्धारण गर्दा घटना घटेको अर्धशताब्दीलाई सीमारेखा मान्नुपर्ने तर्क अनुपयुक्त नभए तापनि भाषा, भाव र प्रस्तुतिहरूले समेत सो कुरालाई पुष्टि गर्नुपर्दछ। त्यसैले कालनिर्धारणमा घटना, भाषा, भाव र प्रस्तुति उत्तिकै विचारणीय हुन्छन्।

नेपाली लोकसाहित्यको मात्र नभई नेपाली वाङमयकै सबैभन्दा पुरानो काव्यका रूपमा रिपुमल्लको चाँचरीलाई देवकान्त पन्तले अगाडि सारेका छन्। रिपुमल्लको समय शाके १२३४ मानिएकोले वि. सं. १४६९ हुन आएको छ। पन्तको उपस्थापन मूल्यवान् हुँदाहुँदै पनि लोक साहित्यकै अन्वेषक पूर्णप्रकाश नेपालले जितारि मल्ल र जालन्धरी मल्लका समयका लोककाव्यहरू फेला पारेर अनुसन्धानको बाटो फराकिलो बनाइदिएका छन्। जितारि मल्ल र जालन्धरी मल्ल सिजापति अशोकचल्लका छोरा हुन् भन्ने कुरामा यकीन गरिएको देखिन्छ।[२२] जितारी मल्ल सम्बन्धी दैलेकको 'साताला' अभिलेखमा उल्लेख भएको मिति शाके ११७५ भनी अनुमान गरिएको छ।[२३] यसो हो भने जितारि मल्लको समय वि. सं. १३१० हुन पुग्यो। यसमा १०:१५ वर्ष अघिपछि भए पनि जितारि मल्ल रिपुमल्लभन्दा जेठा ठहरिन्छन्। अब नेपाली लोक काव्यका आदिकवि को हुन् भन्ने कुरामा अझ कौतूहल बढ्न थाल्दछ। समयको अघिपछि विचार गर्दा रिपु मल्लभन्दा जितारि मल्ल अघि परेका हुँदा जितारि मल्ललाई नै आदि लोक काव्य निर्माणका स्रोत मान्नुपर्ने देखियो। अर्कातिर वंशावलीकै आधारमा पनि अशोकचल्लका छोरा जितारि मल्ल र जालन्धरी मल्ल रिपु मल्लभन्दा अघिल्लो पुस्तामा पर्न आउँछन्। रिपु मल्ललाई 'आशोकी' अर्थात् अशोकको तेस्रो पुस्ता भनिएको हुँदा अशोक र रिपु मल्लका बीचमा नाति बाजेको

---

२२. पूर्णप्रकाश नेपाल, भेरी लोकसाहित्य, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि. सं. २०४१, पृष्ठ ५८।

२३. ऐजन, पृष्ठ ५६।

सम्बन्ध देखिनो आयो ।[२४] यी रिपु मल्ल र डोटेली लोक साहित्यका रिपु मल्ल एउटै हुनु सम्भव भएकोले जितारि मल्लको चैतलाई पहिलो लोककाव्य मान्नुपर्ने देखियो । प्राप्त चैतलाई गाथानायकके जीवनकालमा रचिएको मान्ने पूर्णप्रकाश नेपालको आग्रह देखिँदा वि. सं. १३१० को समय निर्धारित हुन आएको छ। यस सम्बन्धी चर्चा परिचर्चा, खोज र अनुसन्धानका कार्य पछिसम्म पनि हुँदै जालान् भन्ने अपेक्षा गरी हालसम्म प्राप्त लोक काव्यमा जितारि मल्लकै चैतलाई प्रथम लोककाव्य मानिएको छ । यसपछि रिपु मल्लको चाँचरी अपौरुषेय संस्कार गीत, घाम वलायर, चन्दन भाट, गोन्यासिरस मानवीर खत्री, रत्नाकर पण्डित आदिलाई क्रमिक रूपमा लिनुपर्ने देखिन्छ ।

लोककाव्यको समय निर्धारण गर्न अनुसन्धाताहरूले कठिन छैन भने तापनि किटान गर्नचाहिँ असजिलै हुन्छ । मुख्यतया यसमा समयको उल्लेख गरेको हुँदैन, अर्कातिर वर्णित व्यक्तिका जीवनावधि र जीवनावशेष पछि पनि उक्त व्यक्तिका पुरुषार्थ, गुण, योगदान र विशिष्ट जीवनदर्शनलाई काव्यको उपजीव्य स्रोत मानिने हुँदा अमुक काल नै यसको रचना समय हो भनी ठोकुवा गर्नु युक्तिसङ्गत देखिँदैन । यी सबै अनुमानमा आधारित कुरा हुन् ।

५.३.१ जितारि मल्लको चैत

भेरी लोकसाहित्यमा सङ्कलित 'जितारि मल्ल, जालन्धरी मल्लको चैत' शीर्षक लोककाव्य पुरानो नेपाली भाषामा लेखिएको छ । यो गाथा हो । यस चैतलाई धमारी, चर्चरी, भारत पनि भनिएको छ । यसको प्रारम्भमा केही व्यक्तिलाई सम्बोधन गरिएको छ । बीच बीचमा ए बड्ड ठाकुर जितारी मल्लो!! ए गोसाइदेव जालन्धरी !!! देवदेवौ जुग जुग बाल–अवतारै भनिएको हुँदा जितारि मल्ल र जालन्धरी मल्ललाई आशीर्वादात्मक शैलीमा दीर्घायुको कामना गरिएको देखिन्छ । पढ्दा निकै स्वादिलो लाग्ने यो चैतका रचयिता को हुन् खुल्न सकेको छैन । जितारि मल्ललाई अत्यन्त आदर गर्ने र उनलाई देवको आदरणीय सम्बोधनबाट विभूषित गर्ने मानिस अवश्य पनि राजाश्रित हुनुपर्दछ । राजाश्रय पाउने सामान्य कर्मचारी नभई पढेलेखेको, कविता बनाउन सक्ने देशकाल परिस्थिति समेत बुझेको मान्छे हुनुपर्दछ । समाजका विभिन्न गतिविधिलाई बुझ्ने र पचाउन सक्ने मेधावी व्यक्ति नै यस चैतको रचयिता हुन सक्ने हुँदा जितारि मल्लका दरबारकै राजपण्डित यसका कवि हुन सक्तछन् । राजपण्डितको

२४. पूर्णप्रकाश नेपाल, ऐजन, पृष्ठ २२६ ।

नाम खुल्न नआएसम्म उक्त चैतका कविका रूपमा 'राजपण्डित' लाई नै राख्नु उपयुक्त हुन्छ । यस चैतबाट जितारि मल्ल र उनका भाइ जालन्धरी मल्लका बीचमा सुमधुर सम्बन्ध भएको स्पष्ट हुन्छ । जितारि मल्ल र जालन्धरी मल्ल राज्य सञ्चालन गर्नमा असाध्यै मिलेका हुँदा चैतका रचयिताले दुवैको यशोगान गरेका हुन् । अरु यी दुवै दाजुभाइ जुम्ल्याहा पो थिए कि भन्न पनि सकिन्छ । तिनीहरूको युगल बाल अवतार देखेर कवि राजपण्डितले यो चैत रच्ने उत्प्रेरणा प्राप्त गरेको हुन् । यस चैतको अध्ययनबाट तत्कालीन सामाजिक गतिविधि सम्बन्धमा केही कुरा खुल्न आउँछन् ।

खप्तडी, खुलाल, देउवा, बोगटी, कालिकोटे, श्रीपाली, रखाल, पुलामा आदि थर भएका सिपाहीहरू हिड्न थाले । त्यसै गरी विष्ट, थापा, कुँवर, कार्की आदि थरको समेत उल्लेख पाइनाले सामाजिक थर थितिप्रति सजगता रहेको देखिन्छ । अर्कातिर वीर कार्यको वर्णन समेत पाईंदा यस लोक गाथाले वीर रसको प्राधान्यलाई दर्शाएको छ । अनिष्ट घटनाबाट जोगिन देवदेवीको स्मरण समेत गरिएको हुँदा सामाजिक मनःस्थिति प्रतिविम्वित भएको छ । एक प्रकारको सेलो जस्तो लयमा उनिएको यस चैतमा जितारि र जालन्धरी मल्लद्वयका सुकार्यको उल्लेख गरिएको छ ।

'राजा जितारि मल्ल र जालन्धरी मल्लको भारत' पनि भेरी लोकसाहित्य मै सङ्कलित दोस्रो महत्त्वपूर्ण रचना हो । यसमा समरको वर्णन छ । लडाईंमा दुन्दुभि, नगरा, शाहीवाजा, ढोलक तुरही, कर्नाल, सनै, भेरी आदि आदि बाजा-हरू घन्किन थाले । तिनै बाजाका आवाजमा सिपाहीहरूले प्रस्थान पनि गरे । भया, दुर्गा, महाकाली आदि महाशक्तिहरू दाहिना भइदेऊ । कर्णाली मालिका (भगवती), मष्टा, महादेव, रणचण्डेश्वरी, दानीगोँडा, चन्दननाथ (महादेव) समेत दाहिना भइदेऊ भनी प्रार्थना गरिएको छ । यो समरगीत हो । राजाका पराक्रम र पौरखलाई यहाँ ओजस्वी शब्दमा प्रस्तुत गरिएको देखिन्छ ।

५.३.२ रिपु मल्लको चाँचरी

डोटेली लोक साहित्यका अनुसन्धानकर्ता देवकान्त पन्तले आफ्नो कार्य-क्षेत्रमा संलग्न हुँदा फेला पारेका पुराना लोक काव्यहरूमध्ये रिपु मल्लको चाँचरी-लाई नेपाली वाङ्मयकै सबैभन्दा पुरानो रचना मानेका छन् । उनका खोज अनुसार रिपु मल्लको समय शाके १३३४ हुन आएको छ । पन्तको किटान यस्तो छ– आजभन्दा ५७० वर्ष अघि डोटेली भाषामा यो प्रथम लोक काव्यको निर्माण भयो जो आजसम्म प्राप्त नेपाली साहित्यका सबै रचनाभन्दा पुरानो हो र यो

आफैं नेपाली भाषाको जननी डोटेली भाषिकाको तथ्य रूपले प्रमाणित सर्वप्रथम रचना हो'।[२५] रिपु मल्लकी चाँचरीमा प्रयुक्त शब्दहरू, लयहरू र भावनाहरू पुराना छन्। यिनले डोटेली भाषाको यथार्थ रूप, रङ्ग, रससँग आत्मीयता स्थापित गर्न सकेको छ र सुन्नेवित्तिकै निःसन्देह अतिशय पुरानो रचना हो भन्ने लाग्दछ भनी पन्तले टिप्पणी गरेका छन्।

रिपु मल्लकी चाँचरी डोटेली क्षेत्रमा गाइने एक प्रकारको पर्वगीत हो। पौष महिनामा 'भो' अथवा 'भुवो' नामक चाड मनाइन्छ। यस चाडमा क्षत्रिय जातका लोग्ने मानिसहरू ८/१० जनाको समूह बनाई हातमा नाङ्गो खुकुरी लिई गाउँका घरघरमा गीत गाउँदै हिँड्दछन्। तिहारमा खेलिने द्यौसी जस्तो लाग्ने भुवो खेलमा घरपटिबाट केही नगद वा जिन्सी समेत दिइन्छ। यसै 'भो' वा 'भुवो' मा गाइँदै आएको यो गीत रिपु मल्लका समयको हो भन्ने प्रस्तोताको मत छ।

रिपु मल्लकी चाँचरीमा निरैपाललाई तल्ली चाक (तल्लो बैठक)मा ओलिन भनिएकोमा उनी अनकनाउँछन्। यसपछि निरैपालले हाँसु कठायत लगायत सबै जनतालाई बोलाएर अछाम तिमलसैनमा नाग मल्लका छोरा रिपु मल्ललाई ल्याउन अह्राएका छन्। रिपु मल्ललाई लिन जाँदा पुसमा तुषारो पर्ने, माघमा हिउँ पर्ने, फागुनमा व्यापार गर्न जानु पर्ने, चैतमा घाम चर्किने, वैशाखमा गहुँ, जौ चुट्नु पर्ने, जेठमा गर्मी हुने, आषाढमा खेतको बीउ राख्नुपर्ने, साउनमा कुइरो लागी दिउँसै बाटो नदेखिने, भदौमा बाटो चिप्लो हुने हुँदा असोज महिनाको आठ गते मङ्गलवारका दिन साइत गरी हिँड्नुपर्दछ भनी निर्णय गरिएको उल्लेख छ। हाँसु कठायतका नेतृत्वमा यो टोली अछामतिर लाग्दछ। बाटामा पर्ने देव, देवीको प्रार्थना र भाकल गर्दै यो समूह अगाडि बढ्छ। अछाम पुगी रिपु मल्लको माग गर्दा निजका संरक्षकले सुन माग्दछन्। माग अनुसारको सुन दिई रिपु मल्ल-लाई ल्याइयो। बाटामा भोज भतेर, हर्ष उत्सव समेत गरियो। आजं भर (डोटी) पुऱ्याई रिपु मल्ललाई गद्दीमा राखियो र सधैंभरि यो चाँचर गाउँला भन्ने भाकल समेत गरिएको हुनाले यो लोक काव्य गाउने प्रचलन चल्दै आएको हो।

रिपु मल्लकी चाँचरीले पुरानो डोटी साम्राज्यको इतिहासलाई समेटाएको छ। हाँसु कठायत त्यस वेलाको प्रमुख भारदार रहेछन् भन्ने स्पष्ट हुन्छ। कठायत

---

२५. देवकान्त पन्त, डोटेली लोकसाहित्य, पूर्ववत्, पृष्ठ ६।

निकै चलाख भएको हुँदा रिपु मल्लका संरक्षकलाई सक्कली सुन नदिई जलप लगाएको सुन दिएका थिए। उनले सक्कली सुनचाहिं बाटोमा लुकाई गएका थिए। रिपु मल्ललाई लिएर फर्किंदा सो सुन लिने मौका नपर्दा त्यहीं रहन गयो। २००२।२००३ सालमा सो सुन एउटा किसानले खनजोत गर्दा फेला पारेका हुन् भन्ने देवकान्त पन्तको भनाइ छ। सुन फेला परेको गाउँलाई सुना गाउँ भनिन्छ। स्थानीय मानिसहरू किसानले खनजोत गर्दा भेटेको सुन रिपु मल्लकै पालाको हो र यो सुन हाँसु कठायतले लुकाएको हो भन्ने कुरामा विश्वस्त छन्।

रिपु मल्ल अछामबाट अंज भेरको गद्दीमा आसीन रहन आउँदा पौष महीनामा आइपुगेका रहेछन् भन्ने कुरा आजभोलि पौष महीनामा खेलिने गरेको 'भुवो' खेलले स्मरण गराउँछ। रिपु मल्ललाई सत्ता सुम्पँदा उनका अङ्गरक्षकहरूले उत्पन्न हुन सक्ने बाधा व्यवधानलाई हटाउन हातमा नाङ्गो तरवार लिएर विरोधी शक्तिलाई तर्साएका हुँदा सोही कुराको अवशेष आज पनि 'भुवो' खेल कायम रहेको हो। यो भुवो खेल वर्तमान डोटी बाहेक बझाङ आदि जिल्लामा पनि खेलिन्छ। यसको अभिप्राय हो– प्राचीन डोटेली राज्यमा बझाङ समेत पर्दथ्यो। कालान्तरमा डोटेली राज्यका वीरोचित अनुकार्यहरूले अरू राज्यलाई प्रभावित पारेको पनि हुन सक्तछ। जे होस् रिपु मल्लको चाँचरी पुरानो डोटी साम्राज्यको वीर चरित्रमा आधारित लोक काव्य हो।

रिपु मल्लको चाँचरीको भाषा र लय बोधगम्य नै रहेका छन्। पुरानो कार्य र घटनालाई सम्झाई राख्न रिपु मल्लको चाँचरी अत्यन्त महत्त्वपूर्ण सामग्री हो। यसमा शताब्दीयौंको अन्तरले भाषिक घटबढ भएको वा हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन। भाषिक दृष्टिले यसमा विक्रमको पन्ध्रौं शताब्दीको उत्तरार्ध (वि. सं. १४६९) को अस्पष्टता बाँकी रहेको देखिँदैन। त्यस बेलाको नेपाली भाषामा अवश्य पनि प्रशस्त शब्दाभाव, भावसंप्रेषणाभाव र वाक्य सङ्गठनाभाव थिए होलान्। तर प्रस्तुत चाँचरीमा यी कुराको अभाव हुन नदिई एउटा कथात्मक स्वरूप प्रस्तुत गरिएको छ। यो चाँचरीले विस्तृतता पाएको छ, यो लामो रूपमा प्रस्तुत भएको छ। अर्थ बुझ्दै गएपछि यसबाट साधारण पाठकले पनि रसास्वादन गर्दछ। समयको परिवर्तनसँगै यस चाँचरीमा पनि परिवर्तन आयो। आज यो यस रूपमा लिपिबद्ध छ, कालान्तरमा यसमा पनि केही थपघट होला भन्न सकिँदैन।

डोटेली लोकसाहित्यमा सङ्कलित अपौरुषेय सगुन, वेदीपुर्ने फागु, गणेशजीको फाग, कलशको फाग, दीयो बाल्ने फाग, पितर निउला फाग, मंगलो चार, बालक जन्मदाको फाग, छैठीको धमारी, न्वारनको फाग, पासनीको फाग,

चूडाकरणको फाग, स्वस्तिवेदको फाग, मण्डपरचना र प्रहदानको फाग, ताड्बन्धको फाग, छाला पहिराउँदाको फाग, जनै पहिराउँदाको फाग, दीक्षा सुनाउँदाको फाग, भिक्षा दिँदाको फाग, गोपी चन्नको फाग, काशी पढ्न जाँदाको फाग, धुपुको फाग, आमाले दूधको मोल माग्ने वेलाको फाग, वरियाँत हिँड्दाको फाग, धूल्यर्घ्यको फाग, मण्डपप्रवेशको फाग, कन्यादानको फाग, गोत्रोच्चारणको फाग, अंगूठो दान दिने वेलाको फाग, आँचल ग्रन्थिको फाग, छोलिकाभरणको फाग, रूकविनाको फाग, वैस्यानरको फाग, लया दिनाको फाग, सिन्दूर हाल्दाको फाग, मेधाको फाग, गोदानको फाग, छोरीलाई विदाई गर्दाको फाग, बुहारी भित्र्याउने फाग, सेली ढाल्ने फाग जस्ता सांस्कृतिक विशिष्टतालाई झल्काउने लोककाव्यहरू नेपाली वाङमयका अमूल्य रत्न हुन्। यी लोकवाणीले हाम्रो सांस्कृतिक वैशिष्टचलाई उच्चता प्रदान गर्दै क्रियमाण कर्मका प्रक्रियाहरूलाई अमर स्वर प्रदान गरेका छन्। यी प्रत्येक लोकगीतहरू अत्यन्त सरस र मनोरञ्जक छन्। एकातिर यिनीहरूले लोककाव्यको भण्डारलाई समृद्ध तुल्याएका छन् भने अर्कातिर हाम्रो सांस्कृतिक वैभवलाई प्राञ्जलता प्रदान गरेका छन्। कुन चाड पर्वमा के गर्नुपर्दछ भन्ने कुरा यी काव्यले स्पष्टताका साथ राखिदिएका छन्। नेपाली जातिका सन्तान दरसन्तानले आफ्ना मौलिक चाडपर्वहरू नबिर्सिऊन् र आफ्ना संस्कारहरू नछोडून् भनेर नै यो लोककाव्यहरू रचिएका हुन्। प्रत्येक संस्कारका आआफ्नै महत्त्व र विशेषताहरू हुन्छन्, ती संस्कारको परिपालनाबाट नै जातीय मौलिकता सुरक्षित हुन सक्ने हुँदा यी लोक काव्यहरू सम्पूर्ण नेपाली जातिका साझा सम्पत्ति हुन्।

डोटेली लोकसाहित्यमा रिपु मल्लको चाँचरीजस्तै महत्त्व राख्ने भागेश्वरको ढुस्को, नाग मल्लको घमारी, नाग मल्लको भैना, राम शाहको चैंत, रघुनाथ शाहीको घमारी, हरि शाहीको चैंत, नरपति शाहीको चैंत, वर्ण शाहीको चैंत, भुवन मल्लको चैंत, दिलपति शाहीको चैंत, लालधौवाको चैंत, पिपिवोराको चैंत र ढुस्को, किसा विष्टको चैंत, रूपा साईको चैंत, दोपा रजवारको चैंतजस्ता अनमोल लोक काव्यहरू सङ्कलित छन्। यी चैंतले सम्बन्धित व्यक्तिका चरित्र, कार्य, विशेषताहरूलाई प्रस्तुत गरेका छन्। घुमारी राग विशेषको नाउँ हो। ढुस्को रोपाईं गीत हो भने भैनो पनि रोपाइ गीत नै हो। सम्बन्धित व्यक्तिका विशेषतामा आधारित यी रचनाले नेपाली लोक साहित्यका समृद्धिको परिचय प्रदान गर्दछन्।

डोटेली लोकसाहित्यमा सङ्कलित प्रार्थना खण्डका केही लोक काव्यहरूमा तिनीहरूका रचयिताले आफ्नो नाउँ समेत दिएका हुँदा तिनीहरूलाई प्रस्तुत गर्नु

सजिलो भएको छ । गणेशजीको स्तुतिमा आधारित गन्यापजीको चैत –१ मा नामोल्लेख नभए पनि गन्यापजीको धुमारी –२ मा चाहिं चन्दन भाटको नाम लेखिएको छ ।

चन्दन भाटका सम्बन्धमा डोटीको रूमाइल गाउँमा गई सोधपूछ गर्दा लगभग १५० वर्ष पूर्वका हुन् भन्ने थाहा भयो भनी देवकान्त पन्तले २०३२ मा डोटेली लोकसाहित्यमा लेखेका हुँदा चन्दन भाटको समय वि. सं. १८८२ हुन आयो । यो समय चन्दन भाटको जन्मको समय नभई रचना गरेको समय अनुमान गरिएको छ । उनको जन्म समय वि. सं. १८५० देखि १८६० सम्म हुनुपर्दछ । चन्दन भाटका सम्बन्धमा अरू कुरा खुल्न सकेको छैन ।

गणेशजीका भक्तिमा आधारित यस धुमारीले डोटी क्षेत्रमा राम्रो प्रभाव पारेको देखिन्छ । यसमा हिन्दीका सूरदासको प्रभाव पाइन्छ । यस रचनामा गणेशजीलाई सर्परूपमा उत्पत्ति भएको वर्णन गरिएको छ । गणेशजीलाई महाप्रभु भान्दै उनका पूजाको प्रबन्ध कसरी सम्पन्न भयो भन्ने कुरा देखाइएको छ । इन्द्रासनमा उनको जन्म भएको हो । उनको जन्मपछि मालीले भोकर बजाउँछ, भाटले छाता ओढाउँछ । पन्त पनेरुहरूले सल्लाह गरी मदीमा जात्रा निकाल्दछन् । जात्रामा सुनका झारी, दूधका धारा लगाउँदै उत्सव मनाइने कुराको उल्लेख छ । यस धुमारीमा कविता बनाउने भाट ब्राह्मण हुन् भन्दै चन्दन भाटको नामोल्लेख गरिएको देखिँदा ब्राह्मणको थर भाट पनि प्रचलित रहेछ भन्ने ज्ञान हुन आएको छ । त्यसैगरी चन्दन भाट ब्राह्मण रहेछन् भन्ने पनि पुष्टि भएको छ । यिनलाई कीर्तिको लोभ पनि रहेछ भन्ने स्पष्ट भएको छ ।

'गन्यापजीको भोलाउलो–३' चाम बलायरको रचना हो । नाग मल्लको मृत्यु भएपछि लाश बोकेर हिँडिरहेका मलामीहरूले नाग मल्ललाई जीवितै घोषणा गरी उपहार र सलामी लिंदै अघि बढेछन् । डोटीको वानेडुङ्ग्री सैन भन्ने ठाउँमा आइपुगेपछि सो ठाउँका केही छेत्रीहरूले मलामीको नियतमा शङ्का गरी नाग मल्लको लाशलाई बलपूर्वक उघारिदिएका हुँदा तिनीहरूको थर नै बलायर हुन गएको कथा डोटीमा प्रसिद्ध छ । यी बलायरहरूलाई पछि 'रजवार' को उपाधि पनि दिइयो यसै बलायर वंशमा चाम बलायरको जन्म भएको हो । चाम बलायर लगभग दुइ सय वर्ष पूर्व (२०३२–२००=१८३२) का मानिन्छन् गणेशजीकै अनुकम्पाबाट चाम बलायरको ७० वर्षकी वृद्धा पत्नी रजस्वला भई बलायर वंशको विस्तार गरेको हुन् भन्ने डोटी वानेडुङ्ग्रा निवासी बलायरहरूको विश्वास छ ।

यो भोलाउलो गणेशजीका भक्तिमा आधारित छ । यसको रचना लगभग सं. १८३२ तिर चाम बलायरले गरेका हुन् भन्ने अनुसन्धाताको मत छ । यो

भोलाउलो गन्यापजीका जात्रामा वाद्यवादनका साथ गाइने प्रचलन छ । कविताको अन्त्यमा चाम बलायरको नाम पनि छ । यसमा पनि कीर्तिको आशा राखिएको देखिन्छ ।

प्रस्तुत भोलाउलोमा विहानै गणेशजीको नाम लिन आह्वान गरिएको छ । खप-या दैत्यसँगको लडाइमा आधारित यस कविताले कथात्मक रूप लिएको छ । गणेशजीका सहयोद्धा भूमिराज मष्टो, चौहत्ती मल्ल (देवता विशेष), अजितको लाटो, कउस्या लाटो, गौंडीवाग, कटारी मल्ल, काफली, भर्गलिग (भागेश्वर), घत्यालो (घटेश्वर) थिए । यिनीहरूको सहयोगबाट युद्ध समाप्त भयो । विहान धामीका रूपमा गणेशजीको अवतार भयो । वाजाहरू वज्न थाले, पुजारीहरूले पूजा गरे । गणेश प्रसन्न भए, उनले माथा हल्लाए, बाहुलो चलाए । जनताले गणेशजीका परमहितैषी भूमिराजसँग प्रार्थना गरी घर जाने अनुमति मागे । गणेशजी प्रसन्न भएर कविता बनाउने निःसन्तान चाम बलायरलाई दुइटा छोराको वरदान दिए । यिनै बलायरहरू कवि चाम बलायरका सन्तान हुन् ।

प्रार्थना खण्डमा संकलित काफलीको चैंत, श्री शिकाशको चैंत, मालिका देवीको चैंत, मालिकाको भोलाउलो, उग्रतारा देवीको चैत, कृष्णजीको धुमारी कृष्णजीको चैंत, सीताजीको चैंत, हनिमन्तको चैत, भगवान् जगाउन्या फाग जस्ता लोककाव्यहरू निकै महत्त्वपूर्ण छन् । यिनीहरूले पौराणिक कथावस्तु र ग्रामीण जनसमाजका विश्वासहरूलाई आफ्ना वाणीमा सुरक्षित राखेका छन् । कतिपय लोककथा र स्थानीय देवदेवीका उत्पत्ति, तिनीहरूका शक्ति र तिनीहरूका चरित्रलाई उपस्थापित गर्ने यी लोककाव्यले डोटेली जनसमुदायमा आस्था र विश्वासलाई समेटेका छन् ।

लोककाव्य निर्माताहरूका क्रममा गो-या सिरस मानवीर खत्रीको नाउं बुइँगलका सम्पादक कमल दीक्षितले लिएका छन् । 'हाम्रो सांस्कृतिक इतिहास' का आधारमा गो-या सिरसको जन्म वि. सं. १८५३ र निधन १९५० मा भएको मानिएको छ । मानवीरको जन्म मृत्युको कुनै ठेगाना लाग्न नसकेको कुरा पनि उल्लेख गरिएको हुँदा गो-या सिरस र मानवीर खत्री दुवै अलग अलग व्यक्ति भएको देखियो । फेरि दुवै नाउँलाई एउटै बनाउनुपर्ने औचित्य चाहिं खुल्न आएको छैन । गो-या भनेको गोरे हो । साहित्यमा गो-या नामले नै सुपरिचित भइसकेका हुँदा सोही नाउँलाई अनुमोदन गरिएको कुरा बुइँगलको कवि परिचयमा दिइएको छ । यी अर्थात् गो-या सिरस जातका मगर थिए । यिनको घर बागलुङ जिल्ला राङखानी गाउँमा थियो । वि. सं. १८७१ सालको अंग्रेजसँगको युद्धमा गो-या सिरस कुमाउँ गढतिर र मानवीर बुटौल क्षेत्रमा परे । पछि मानवीर पनि

सेनापतिका आज्ञा अनुसार कुमाउँ गढतिरै पुगे। त्यहीँ गोन्या सिरस र मानवीर-को भेटघाट र मित्रता बढ्यो। दुवैले कुमाउँमा दुइ वर्ष सँगै बिताए, त्यसपछि मानवीर पनि वलेवा नेपानेबाट बागलुङके राङखानीमा बसाई सरे। राङखानीमै बस्न थालेपछि यी दुवैले गीतहरू रच्न थालेका हुन्। त्यसैले प्राप्त गीतहरू सहरचना हुन् भन्नुपर्दछ। नेपाली झ्याउरे गीतको पुख्यौली गोन्या सिरस, मानवीर खत्रीमा ठोकिकन आइपुगेको कुरा कालीभक्त पन्तले मानेका छन्।

बुईँगलमा पहिला झ्याउरे शीर्षकमा संकलित गीत हेर्दा निकै आधुनिक जस्तो छ। खासगरी गीतको भाषाले नेपाली साहित्यको प्राग्भानुभक्तीय युगलाई प्रतिनिधित्व गर्न सक्तैन। बागलुङका कवि वीरशाली पन्तको भाषासंग समेत समानता राख्न नसक्ने उक्त गीत माध्यमिककालका कविताहरूसँग सादृश्य राख्तछ। अझ लहरी साहित्यको कुनै पङ्क्ति भन्दा सुहाउने सो रचना प्राग्भानु-भक्तीय युगमा राख्न उपयुक्त देखिदैन। दुइ कविले मिलेर रचना गरेको भनिए तापनि रचनाचाहिँ एउटै व्यक्तिको जस्तो छ। लोककाव्य मान्न सकिने प्रस्तुत रचना लडाइँमा गएकै सिपाहीहरूले कथेको हुनु धेरै सम्भव छ। लडाइँका विरक्तिमा सामूहिक रूपमा यस्ता गीतहरू रचिन सक्ने सम्भावना हुँदा केही खास घटनालाई यिनले राम्ररी प्रस्तुत गर्न सक्तछन्। यो गीत पनि त्यस्तै हो। यसको ऐतिहासिकता भए पनि समयको निर्धारणचाहिँ विश्वसनीय देखिएन। यति हुँदाहुँदै पनि यस गीतलाई अनुल्लेख्य मान्न सकिदैन।

५.३.३ रत्नाकर पण्डित र उनको लोकगीत

सेती अञ्चल बाजुरा जिल्लाको जुगाडामा विक्रमको अठारौं शताब्दीका मध्यतिर जन्मेका कवि रत्नाकर पण्डितले नेपाली लोककाव्यको उन्नयनमा योगदान दिएका थिए। डोटीका राजा सुर्तान मल्ल तथा रिपुमर्दन मल्लका समयमा डोटी राजदरबारमा यिनको प्रशस्त सम्मान थियो। डोटीका राजा सुर्तान मल्लले रत्नाकर पण्डितलाई आशुकविको पदवी समेत दिएका थिए। रत्नाकर पण्डित-का सम्बन्धमा अन्य विस्तृत कुरा फेला पर्न सकिएको छैन। रत्नाकर पण्डितले के कति कविता लेखे भन्ने विषयमा ठोस प्रमाणहरू फेला परेका छैनन्। सुर्तान मल्लले एउटा गीत लेख्तैमा यिनलाई आशुकविको उपाधि दिनु नपर्ने हो? निश्चय नै यिनले अरू पनि कविता वा काव्य रचेको हुनुपर्छ तर कालको लामो यात्रामा ती छोपिए पुरिए वा आगो र पानीले खाए होलान्। रत्नाकर पण्डितका सम्बन्धमा प्रथमतः पूर्णप्रकाश नेपाल 'यात्री' ले खोजी गरेका हुन्। नेपालको 'सेतीका तारा' मा रत्नाकर पण्डितका विषयमा केही सूचना दिइएको छ।

रत्नाकर पण्डितको 'गीत' लोकलयमा आधारित छ। यसलाई बाजुरा बझाङतिर 'देउडा' पनि भनिन्छ। रत्नाकर पण्डितद्वारा रचिएको भनिएको यस गीतलाई समयको प्रवाहले केही परिवर्तन गऱ्यो कि भन्न सकिन्छ। मौलिक रूपमा उनको भाव र भाषा यस गीतमा सुरक्षित छ छैन, यसै हो भन्न अप्ठ्यारो पर्दछ। रत्नाकर पण्डितको अस्तित्व फेला पार्नु पनि कम महत्त्वपूर्ण कुरा होइन, यस अर्थमा अनुसन्धाताको परिश्रम मूल्यवान् उपलब्धि ठहर्दछ। बाजुरातिरको नेपाली भाषिकाको प्रयोग भएको यस गीतमा सुर्तान मल्लको समेत नाम देखिंदा ऐतिहासिक घटना र पात्रको स्मृति हुन्छ। त्यस बेला डडेलधुरा पनि डोटीकै राज्य सिमानामा आवद्ध रहेछ भन्ने कुरा गीतको भावार्थबाट ज्ञात भएको छ।

नेपाली लोकसाहित्यमा अनेकौं मणिमाणिक्यहरू छन्। लोकसाहित्यका समुद्रमा डुबुल्की मार्ने नेपाली अनुसन्धाताहरूले फेला पारेका अमूल्य रत्नहरूबाट नेपाली वाङमय सदैव तेजोमय हुनेछ भन्ने विश्वास लिन सकिन्छ। नेपाली वाङमयको क्षेत्रलाई आलोकित पार्ने कार्यमा नेपाली वाणी साधकहरू निरन्तर संलग्न हुंदै आएका हुंदा भाषाको उषाकालीन स्वर समेत प्राप्त हुने आशा राख्न सकिन्छ।



षष्ठ अध्याय

निष्कर्ष कथन

नेपाली साहित्यमा प्राग्भानुभक्तीय काव्य काल एउटा उत्कर्षमा रहेको देखिन्छ। यस कालमा नेपाली साहित्यको विविध रूप, विविध स्वर र विविध शैलीले मुखरित हुन पाएको हुँदा व्यापकतम क्षेत्र ओगटेको छ। नेपाली साहित्यले समयका कालखण्डहरू पनि चतुःशताधिक वर्षहरूमा विस्तृत हुन पुगेका छन्। नेपाली साहित्यले निर्मिरे उज्यालो हुँदै आफ्नो तोते बोलीहरूद्वारा नेपाली भाषा-लाई सिंगारिसकेको थियो। तर ती तोतेबोलीहरू निकै लामो समयका अन्तराल-मा अभिव्यक्त भएका हुँदा तिनीहरूको प्रभाव घनीभूत हुन सकेन। मुख्य रूपले तिनीहरू अनेकौं कागजपत्रहरूका ठेलीहरूमा खाँदिएका हुनाले नेपाली जनमानस-मा सामयिक वा न्यून वा शून्य नै हुन गयो। नेपाली भाषा नेपालको प्राचीन अस्तित्वसँगै अभिवेष्टित हुँदै आएको हो। नेपाल र नेपाली भाषा अनेकौं युग र अनेकौं युग–सन्धिहरूलाई छिचोल्दै आएका सहयात्री हुन्। नेपालको अस्तित्व पौराणिक ग्रन्थभन्दा अझ अगाडि वैदिक वाङ्मयमै कायम थियो भन्ने मतहरू समेत अगाडि आइरहेका हुँदा पूर्वस्थापित मान्यताहरूमा पुनर्विचार भइरहेको पाइन्छ। नेपाल शब्दको शाब्दिक अर्थ खोतल्दै जाँदा विद्वान्हरू ऋग्वेद र यजुर्वेदका मन्त्र-हरूको अनुशीलन समेत गर्न पुगेका छन्। ती वैदिक मन्त्र र अर्थले नेपालको अस्तित्व संसारको प्राचीन सभ्यता जत्तिकै पुरानो साबित गरिदिएको छ। हुन त नेपालको अलग सभ्यता वा अलग सामाजिक विशेषता धेरै लामो कालान्तरमा मात्र स्थापित भएको होला, तर जातीय अस्तित्व चाहिं पुरातन समयदेखि नै कायम रहेको अनुमान गर्न सकिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यको परिचर्चा गर्दा नेपाल र नेपाली जातिको आद्य प्रयोगबारे किञ्चित् अनुचिन्तन आवश्यक मानिएको हुँदा त्यसतर्फ पूर्व मतको उल्लेख गरिएको हो।

प्राग्भानुभक्तीय नेपाली काव्य क्षेत्रको सुरुचिपूर्वक अध्ययन, अनुसन्धान र

अनुशीलन गर्दा प्राप्त भएका तथ्यहरूलाई अध्याय क्रममा उपस्थापित गरी निष्कर्ष बिन्दुमा पुग्नु समीचीन हुने स्पष्ट छ । त्यसैले अध्यायक्रममा तिनीहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रथम अध्यायमा प्राग्भानुभक्तीय नेपाली काव्यको काल–निर्धारण गर्दै त्यससँग सम्बन्धित बुँदाहरू निर्धारण गरी अध्ययन गरिएको हो । प्रथमतः नेपाली साहित्यको परिचयका सन्दर्भमा 'नेपाल शब्दको उत्पत्ति र विकास' विषयमा चिन्तन गरिएको छ । यो गर्नुको मूल अभिप्राय नेपाली साहित्य र नेपालको प्राथमिक सम्बन्ध देखाउँदै दुवैको पारस्परिक सम्बन्ध संस्थापित गर्नु हो । यस क्रममा के कुरा स्पष्ट भएको छ भने नेपाली जाति र नेपाली साहित्यको अन्तर सम्बन्ध प्राचीन कालदेखि नै अभेद्य रहेको छ । 'नेपाल' शब्दको उत्पत्ति र त्यसको व्युत्पत्तिमा समय समयका विद्वान् अनुसन्धाताहरूले अलग अलग मतहरू प्रतिपादन गरेका छन् । तिनीहरूमध्ये पाश्चात्य विद्वान सिल्भाँ लेवीको मत सत्यको सन्निकट रहेको र उनले 'ने' मुनिको नामबाट 'नेपाली' नाम स्थापित भएको हो भन्ने पूर्व-मतको खण्डन गरेको पाइएको छ । लेवीले 'नीप' शब्दमा 'आल' प्रत्यय जोडिई 'नेपाल' शब्दको उत्पत्ति भएको कुरा मानेका छन् । यस अध्ययनलाई नेपाली अनुसन्धाता ज्ञानमणि नेपालले अर्थपूर्ण मानेका र 'नीप' शब्दको अर्थ देश र जाति-सँग गाँसिएको हुँदा 'नेपाल' शब्दको उत्पत्तिको आधार 'नीप' हुनुपर्ने प्रस्तावना-लाई नै यस अनुन्धानका क्रममा मान्यता दिइएको छ 'नीप' को प्रयोग ऋग्वेद, यजुर्वेद, महाभाष्य, रघुवंशमहाकाव्य आदि ग्रन्थहरूमा गरिएको हुँदा नेपाल शब्द-को आधार पद 'नीप' नै हो भन्ने उत्पत्तिलाई तर्कपूर्ण मानिएको हो । त्यसै गरी 'ने' मुनि छँदै थिएनन् भन्ने कुरामा चाहिँ यस अनुसन्धानमा विश्वास गरिएको छैन । किनभने नैमिषारण्य क्षेत्रमा शौनक आदि अठासी हजार ऋषिहरूले तपस्या गरेका थिए भनी कृष्णचरित्र र श्रीमद्भागवतमा समेत उल्लेख गरेको पाइनु तर तिनीहरूको नामावली नपाइनुले चाहिँ 'ने' नामक मुनिको अस्तित्व दोधारमा पुऱ्याएको छ । 'ने' नामक मुनि शौनकादि मुनिहरूभन्दा पछि अस्तित्वमा आएका पनि हुन सक्छन् । त्यस्तै उनको पूर्ण नाममा अपभ्रंश भई 'ने' मात्र रहन गएको पनि हुन सक्छ । निश्चय नै एकाक्षरी नाममा किञ्चित् द्विविधा उत्पन्न हुन्छ, तर पशुपति पुराणमा समेत उल्लेख भएको हुँदा 'ने' नामक मुनिको अस्तित्व निमि-ट्यान्न थियो भन्न असजिलो हुन्छ । 'ने' नामक मुनिले पालना गरे गरेनन् त्यो अलग विषय हो । खास गरी 'नेपाल' शब्दको व्युत्पत्ति नवीन तर्कका आधारमा 'नीप+आलय' नै उपयुक्त देखिन्छ ।

नेपाली साहित्यलाई चिन्न 'नेपाल' शब्दको उत्पतित्तिर ध्यान गए जस्तै

नेपाली भाषाको ऐतिहासिक सिंहावलोकनतिर पनि विचार पुऱ्याउनु आवश्यक छ। नेपाली भाषाको ऐतिहासिक सिंहावलोकन गर्दा सबैभन्दा पुरानो अभिलेख शाके ९०३ तदनुसार वि. सं. १०३८ को दुल्लु अभिलेख ठहरिन आएको छ। यस अभिलेखबाट राजा दानुपाल बुद्ध धर्मबाट प्रभावित रहेको अनुमान हुन्छ। यस अभिलेखमा नेपाली भाषाको सर्वप्राचीन स्वरूपको प्रयोग भएको छ। सो अभिलेखको खोजी पूर्णप्रकाश नेपालले गरेका हुन्। प्राचीन अभिलेखहरूमा अशोक चल्लको वि. सं. १३१२ को अभिलेख, उनैको वि. सं. १३१७–२७ को शिलाभिलेख, आक्षज मल्लको वि. सं. १३२७ को शिलालेख, आदित्य मल्लको वि. सं. १३७३ को ताम्रपत्र तथा १३७८ को ताघवाई गुम्वाको ताम्रपत्रहरू अत्यन्तै महत्त्वपूर्ण छन्। यी अभिलेखहरूले नेपाली भाषाका प्राचीन आकृतिहरू चिनाएका छन्। नेपाली भाषामा आफ्नो लेखकीय अस्तित्व चिनाउने प्रथम लेखक हुन् गोल्हण। यिनले सं. १३९३ मा पुण्य मल्लको ताम्रपत्र लेखेका र सो ताम्रपत्रमा आफ्नो नाम अङ्कित गराएका थिए। गोल्हणपछि शिवदेव पण्डित, नुगयो जोइसी, धर्मराज जोइसी, विष्णुदास आचार्य, अनेकु पण्डित, क्षमादत्त उपाध्याय आदि अभिलेखकालीन नेपाली लेखक अस्तित्वमा आएका छन्। यस पर्वबाट के थाहा भएको छ भने ज्ञात लेखकहरूमा गोल्हण नै प्रथम थिए। गोल्हणभन्दा अगाडिका अभिलेखकालीन लेखकहरू अज्ञात भएका हुनाले लेखकीय चेतना गोल्हणमै प्रस्फुरण भएको मान्न सकिन्छ। यस आधारबाट नेपाली भाषा-ले लेखकीय संज्ञा प्राप्त भएको ६५६ वर्ष भएको देखिन्छ।

नेपाली भाषामा लेखिएका ग्रन्थहरूमा खण्डखाद्य पहिलो हो। यसको अनुवाद वि. सं. १४०० देखि १४५० का आसपासमा भएको अनुमान गरिएको छ। पुस्तकका अनुवादक अज्ञात नै छन्, तर वि. सं. १६४८ मा विप्राज ज्योतिषी-घोराले यो पुस्तक लेखिसकेको वा सारिसकेको मानिएको छ। वि. सं. १८०० भन्दा पहिलेका प्रमाणित गर्न सकिने अन्य ग्रन्थहरूमा जातकर्मपद्धति, पञ्चपरि-, ग्रह उदयास्त, भास्वती, राजा गगनीराजको यात्रा, बाज परीक्षा, रोगोत्पत्ति चिकित्सा, प्रायश्चित्त प्रदीप, नृपश्लोकी, औषध रसायन समेत पर्दछन्। उक्त ग्रन्थहरू ज्योतिष, वेदाङ्ग, आचारशास्त्र र रोजनाम्चामा आधारित का छन्। वि. सं. १८०० भन्दा पछिका ठहरिएका तर प्राग्भानुभक्तीय काव्य-भन्दा अघिका ठहरिएका ग्रन्थहरूको संख्या पनि प्रशस्तै पाइन्छ। ती ग्रन्थ-हरू हुन्– अजीर्ण मंजरी, दिव्योपदेश, वंशावली, पृथ्वीनारायण शाहको जीवनी, शाहको जीवनी, हितोपदेश, औषधि ग्रन्थ भारदारहरूलाई पत्र, लक्ष्मी धर्म, हास्यकदम्ब, बाजहोत्र, तुलसीस्तव, बागमती पुल स्तम्भ अभिलेख।

नेपाली भाषामा ग्रन्थ रचना गर्ने चेतना लगभग वि. सं. १४०० देखि नै शुरू भएको हो । यस समयबाट हिसाब गर्दा नेपाली ग्रन्थ उन्नयनको इतिहास करीव ६५० वर्ष पुरानो देखिन आएको छ ।

संसारका भाषा परिवारमा नेपाली भाषा भारोपेली परिवारको शतम् वर्गमा पर्दछ । यस भाषाको मूलचाहिं संस्कृत हो । संस्कृतबाट प्राकृत हुँदै नेपाली भाषाको विकास भएको मानिन्छ । नेपाली भाषा नेपालको राष्ट्र भाषा तथा भारतीय संविधानद्वारा समेत मान्यता प्राप्त करोडौं मानिसहरूको दैनिक बोलचालको भाषा हो । नेपाली भाषाले नेपालको सिङ्गो भूभाग, भारत वर्षको सिक्किम, पश्चिम बङ्गाल, आसाम, कुमाउँ, गढवाल तथा भूटान र वर्मा जस्ता मुलुकहरूमा समेत विस्तृत हुने अवसर पाएको छ । भौगोलिक दृष्टिले व्यापक क्षेत्रमा फैलिएको नेपाली भाषाका अनेकौं स्थानीय भेदहरू पनि जन्मिएका छन् । यी स्थानीय भेदलाई नेपाली भाषाका भाषिका भनिन्छ । नेपालीका भाषिकाहरूको सूक्ष्मतम अध्ययन भइसकेको छैन । जे जति भएको छ- त्यो नेपालकै सेरोफेरोलाई मात्र दृष्टिगत गरी भएको छ । यसो भए तापनि नेपाली भाषाको लेख्य रूप पूर्वेली भाषिकाबाट प्रभावित रहेको देखिन्छ । नेपाली भाषालाई पहिलेका संस्कृतज्ञ विद्वान्हरू भाषा, लोकभाषा, गोरखाली भाषा, खसभाषा र पर्वते भाषा जस्ता नामहरूबाट चिनाउँथे । आज यो निर्विवाद रूपमा 'नेपाली भाषा' नामले नै सुपरिचित छ । नेपाली भाषाको नामकरण गर्ने व्यक्ति पाश्चात्य विद्वान् 'टर्नबुल' हुन् । उनले ई. सं. १८७७ मा यो संज्ञा प्रदान गरेका थिए । विद्वान् जयपृथ्वीबहादुर सिंह नेपाली नामकरण गर्ने प्रथम नेपाली मानिन्छन् ।

नेपाली साहित्यको आविर्भाव लोकसाहित्यका चैत, धमारी, भोलाउने, ढुस्को, भैनी, चाँचरी, फाग, भारत, भणाग, हुड्को, गाथा, गीत आदिबाट नै भएको हो । यिनीहरू अलिखित रूपमा अनादिकालदेखि नै नेपाली साहित्यमा प्रयोग हुँदै आएका छन् । नेपाली साहित्यको लिखित रूप खोज्ने र पुरानो कविता फेला पार्ने प्रयासमा नेपाली अनुसन्धाताहरूले ठूलो परिश्रम गरिरहेका छन् । यस कार्यमा सर्वप्रथम मोतीराम भट्ट लागे । त्यसपछि बाबुराम आचार्य, चित्तरञ्जन नेपाली, योगी नरहरीनाथ, जनकलाल शर्मा, कमलमणि दीक्षित, डा. ईश्वर बराल, डा. तारानाथ शर्मा, दिनेशराज पन्त, व्रतराज आचार्य, डा. जगदीशचन्द्र रेग्मी, ज्ञानमणि नेपाल, प्रा. बालकृष्ण पोखरेल, देवकान्त पन्त, पूर्णप्रकाश नेपाल प्रभृति अन्वेषकहरू अद्यापि क्रियाशील भइरहेका छन् । विद्वान् अध्येताहरूका प्रयत्नबाट नेपाली साहित्यको इतिहास वि. सं. १४५० सम्म पुगेको छ । नेपाली साहित्यको प्रथम कविता कवि विष्णु दास आचार्य विरचित

'बडेराजा मलयवम्म' हो भन्नुपर्ने स्थिति देखापरेको छ। त्यसँगरी नेपाली कविका श्रेणीमा पृथ्वीनारायण शाह, सुवानन्द दास, आदिको क्रम निर्धारित भएको छ।

नेपाली साहित्यको अध्ययन सुगमतालाई ध्यानमा राखी कालविभाजन गर्नु अत्यावश्यक देखिएको छ। कालविभाजनमा प्रत्येक अन्वेषकका आ-आफ्नै तर्क र निर्णयहरू हुँदा एकरूपता आउन सकेको छैन। यिनै पूर्व अध्ययनहरूलाई आधार मानी यस शोध प्रबन्धमा देहायका कालविभाजनलाई प्रस्तावित गरिएको छ–

१. प्राग्भानुभक्तीय युग :

क) प्रागपृथ्वीकाल : वि. सं. १४५० देखि वि. सं. १८०० सम्म
ख) पृथ्वीकाल : वि. सं. १८०० देखि वि. सं. १८७१ सम्म

२. भानुभक्त युग : वि. सं. १८७२ देखि वि. सं. १९२२ सम्म

३. मोतीराम युग – शृङ्गार युग :

क) मोतीराम काल : वि. सं. १९२३ देखि वि. सं. १९५३ सम्म
ख) शम्भुप्रसाद काल : वि. सं. १९५४ देखि वि. सं. १९९० सम्म

४. आधुनिक युग :

क) प्रथम चरण वि. सं. १९९१ – १९९७ सम्म
ख) द्वितीय चरण वि. सं. १९९८ – २००६ सम्म
ग) तृतीय चरण वि. सं. २००७ – २०१६ सम्म
घ) चतुर्थ चरण वि. सं. २०१७ – २०३५ सम्म
ङ) पञ्चम चरण वि. सं. २०३६ – २०४५ सम्म
च) षष्ठ चरण वि. सं. २०४७ – २०४९ सम्म

प्राग्भानुभक्तीय नेपाली काव्यमा देखिएका विशेषताहरूलाई निम्नलिखित बूँदाका रूपमा प्रस्तुत गर्न सकिन्छ–

१. नेपाली कविताका प्रथम लेख्य रूप वि. सं. १४५० मा देखिनु,
२. प्रथम नेपाली कविता वीरोचित भावनालाई प्रस्तुत गर्न समर्थ हुनु,
३. वंशावलीका रूपमा नेपाली कविताको प्रयोग पाइनु,
४. स्वदेशी वीरहरूको राष्ट्रभक्ति र वीरतालाई काव्यले ठूलो महत्व दिनु,
५. भारतीय मूलका कविहरूसमेत नेपाली कविताप्रति आकर्षित भएको भेटिनु,

६. नेपाली लोक छन्दलाई नेपाली कविताले आत्मसात गर्नु,
७. शास्त्रीय छन्दप्रति अभ्यास बढ्नु,
८. राष्ट्रिय चेतना र स्व-जातीय भावनाका बीजहरू जागृत हुनु,
९. सगुण, निर्गुण र उभय भक्तिवादी चेतना प्रस्फुटित पाइनु,
१०. प्रतीकात्मक शैलीमा कथ्यलाई कवितात्मकता दिइनु,
११. नैतिक जागरणका दिशामा किञ्चित् सचेतता देखिनु,
१२. कवितालाई औपदेशिक माध्यमतिर अग्रसर गराउनु,
१३. कविताका माध्यमबाट समाज सुधार र चेतना विस्तार गर्ने प्रयत्न देखिनु,
१४. पौराणिक आख्यानहरूलाई जीवन संचरनका लागि दृष्टान्तका रूपमा अङ्गीकार गरी मार्गबोध अनुभव गर्नु,
१५. लोकसाहित्यका माध्यमबाट सामाजिक जीवनका सांस्कृतिक आस्थाहरूलाई आचरण सूत्रहरूमा उन्नु,
१६. स्वाभिमानी नेपाली वीरहरूको देशभक्तिपूर्ण चरित्र र क्रियाकलापको अङ्कन गर्नु,

द्वितीय अध्यायमा कविता सिद्धान्तका संस्थापित पूर्व मतहरूको उल्लेख गर्दा नेपाली कविताको अध्ययनमा सुगमता आउने ठहऱ्याई सोही प्रक्रिया अवलम्बन गरिएको छ । यस क्रममा कविता, काव्य र साहित्यको अन्योन्याश्रित सम्बन्ध केलाइएको छ । कविताका सम्बन्धमा पूर्वीय मत र पाश्चात्य मतको संक्षिप्त चर्चा गरिएको छ । कविता लेख्ता कविमा भावको एकात्मकता भएमा नै सफल कविता जन्मिन सक्तछ । काव्यको अपार संसारमा कवि मात्र सृष्टिकर्ता हो, उसैबाट सुन्दर विश्वको सृष्टि हुन्छ भन्ने कुरामा विश्वास गरिएको छ । पूर्वीय काव्यचिन्तनमा कवितालाई पद्यबद्ध मानिएको छ । पद्यबद्धताबाट विशिष्ट आकर्षण थपिने हुँदा यसलाई कविताको गुण नै मानिन्छ । प्राचीन ग्रीसमा कवितालाई पोयट्री भनिएको र हालसम्म पनि त्यो प्रचलन यथावत् नै रहेको देखिन्छ । कविता मानव समुदायको हित वा कल्याणका निमित्त लेखिनुपर्दछ भन्ने मान्यता स्थापित भइसकेको छ । कविताका सैद्धान्तिक चर्चा परिचर्चा निकै सूक्ष्मताका साथ गरिएका छन् । पूर्वीय काव्य चिन्तनमा रस सम्प्रदाय, अलङ्कार सम्प्रदाय, रीति सम्प्रदाय, वक्रोक्ति सम्प्रदाय, ध्वनि सम्प्रदाय, औचित्य सम्प्रदाय-जस्ता वैचारिक प्रवाहहरूको विकास भएको देखिन्छ । पाश्चात्य काव्यचिन्तनमा पनि अनुकरण सिद्धान्त, कल्पना सिद्धान्त, अभिव्यञ्जनावादी सिद्धान्त, मूल्यवादी सिद्धान्त, संप्रेषण सिद्धान्त, विरेचन सिद्धान्त, स्वच्छन्दतावादी सिद्धान्त, अस्तित्व-वादी सिद्धान्तजस्ता अनेकौं सिद्धान्तहरू संस्थापित भै कलाका मूल्यको खोजी गर्न

काम भई नै रहेको देखिन्छ । पाश्चात्य चिन्तनले कवितालाई कलाका श्रेणीमा प्रतिष्ठित गरी अधिमूल्यन गरेको हुँदा यस भावनाले संसारलाई नै प्रभावित तुल्याएको छ । कवितामा भावतत्त्व, कल्पनातत्त्व, बुद्धितत्त्व र शैलीतत्त्व प्रमुख रूपले रहेका हुन्छन् । काव्यनिर्माणमा प्रतिभा, व्युत्पत्ति र अभ्यास हेतुका रूपमा रहेका हुन्छन् । तिनीहरूमध्ये प्रतिभा नै सर्वोपरि तत्त्व हो भन्ने कुरा विद्वान्हरूले अङ्गीकार गरेका छन् । कविता लेखनाको मुख्य अभिप्राय धर्म, अर्थ, काम र मोक्ष प्राप्ति गर्नु हो । कविताबाट कलामा विलक्षणता समेत प्राप्त हुन्छ भन्ने दृष्टिकोण राखिएको छ । पाश्चात्य चिन्तकहरूले पनि ईश्वर र मनुष्यका पारस्परिक सम्बन्धको निरूपण गर्नु नै काव्य प्रयोजन हो भन्ने अभिप्राय प्रकट गरेका छन् । यिनीहरूका विचारहरू अनेक कालखण्डमा अनेक रूप लिई उदाएका भए पनि जीवन सापेक्ष अभिव्यक्तिकै निमित्त काव्यको प्रणयन हुनुपर्छ भन्ने मान्यतामा विश्वास गरेको देखिन्छ । आनन्दानुभूति, सौन्दर्यानुभूति, जीवनानुभूति तथा युगीन विचारका फलकलाई काव्यले आफ्नो अभिव्यक्ति क्षेत्रमा समेटेकै हुन्छ । जीवन निरपेक्ष साहित्य फस्टाउन सक्तैन । त्यसै हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट साहित्यमा जीवनका ढुकढुकी, समता वा विषमताहरू प्रतिविम्वित भई नै रहन्छन् । प्रत्येक कालका र प्रत्येक ठाउँका कवि, लेखकहरू जीवनप्रति कुनै न कुनै रूपमा आकर्षित भएकै हुन्छन् । यसैले काव्यप्रयोजनका विषयमा चिन्तन गर्दा जीवन सापेक्ष दृष्टिकोण अपनाइएकै हुन्छ ।

नेपाली कविताको अनुसन्धान परम्पराको खोजी गर्दा प्रथम अन्वेषक मोतीराम भट्ट देखापरेका छन् । उनले भानुभक्त आचार्यका व्यक्तित्व र कृतित्वको खोजी गरे । त्यसका साथै अन्वेषण मार्गका केही आधारहरू समेत संस्थापित गरेका हुनाले उनलाई नेपाली अनुसन्धानका प्रस्थानविन्दु मानिएको छ । यस परम्परामा इतिहास शिरोमणि बाबुराम आचार्य, चित्तरञ्जन नेपाली, योगी नरहरिनाथ, जनकलाल शर्मा, कमल दीक्षित, ईश्वर बराल, ज्ञानमणि नेपाल, जगदीशचन्द्र रेग्मी, धनवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त, व्रतराज आचार्य, दयाराम श्रेष्ठ, पूर्णप्रकाश नेपाल, देवकान्त पन्त, बालकृष्ण पोखरेल प्रभृति अनुसन्धाताहरूको योगदान मूल्यवान् उपलब्धिका रूपमा लिइएको छ ।

नेपाली भाषाको प्रथम कविता सम्बन्धी पूर्वमतको सर्वेक्षण गर्दा स्थापित मतलाई केही परिवर्तन र संशोधन गर्नुपर्ने आवश्यकता यस शोधका क्रममा अनुभव गरिएको छ । यस अध्ययनअनुसार नेपाली साहित्यको प्रथम कविता बालकृष्ण पोखरेलद्वारा प्रस्तावित विष्णुदास आचार्यको 'बडेराजा मलयबम्म' लाई मानिएको छ । विष्णुदास आचार्य अहिलेसम्म फेला परेका प्रथम कवि हुन् ।

अध्ययन अनुसन्धानको क्रम अगाडि बढ्दै जाँदा भोलि अर्को कवि विष्णुदास आचार्यभन्दा अगाडिका पनि आउन सक्तछन् । यो निरन्तर खोजीकै विषय हो। मोतीरामका दृष्टिमा भानुभक्त आचार्य नै पहिला कवि थिए । बाबुराम आचार्यका खोजमा इन्दिरस प्रथम कवि ठहरिए । चित्तरञ्जन नेपालीका अनुसार शक्तिवल्लभ अर्ज्याल नेपालीका पहिला कवि हुन पुगे । अर्कातिर योगी नरहरिनाथ र जनकलाल शर्माले सुवानन्ददासलाई सबभन्दा जेठो कविमा दर्‍याइदिए । अनुसन्धानको यसै उत्साही मार्गमा प्रवृत्त हुँदा सुवानन्ददासभन्दा अगाडि पृथ्वीनारायण शाह र पृथ्वीनारायण शाहभन्दा पनि अगाडि विष्णुदास आचार्यलाई उभ्याइएको छ । नेपाली लोकसाहित्यमा सूक्ष्म अध्ययन प्रस्तुत गर्ने देवकान्त पन्तले नेपाली वाङ्मयको सर्वप्राचीन कविताका रूपमा रिपु मल्लको चाँचरीलाई पनि अगाडि सारिरहेका छन् । यति हुँदाहुँदै नेपाली कविताका आद्यप्रयोक्ता सुवानन्ददास नै हुन् भनिरहन सम्भव नदेखिएको हुँदा विष्णुदास आचार्य नै अहिलेसम्मका प्रथम नेपाली कवि हुन् भन्ने निष्कर्षमा सहमति जनाइएको छ । उक्त कविताको रचना वि. सं. १४५० तिर भएको मानिएको र त्यसमा रासकोटी राजा मलयवम्मको वीरोचित वर्णन गरिएको हुँदा नेपाली वीरधाराको प्रयोग निर्वाह सम्पन्न भएको तथ्य अङ्गीकार गरिएको छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यका प्रमुख प्रवृत्तिको विवेचनाका क्रममा तेस्रो अध्यायको उपयोग भएको छ । साहित्य र समाजको सम्बन्ध अन्योन्याश्रित रहेको कुरा स्वीकारिएको हुँदा प्रथमतः त्यसकै चर्चा गरिएको छ । समाजका उन्नति, प्रगति, अभ्युदय तथा अधःपतनका प्रतिबिम्वहरूले साहित्यका आकृतिलाई प्रभावित पार्ने तथ्य सार्वदेशिक मान्यतामा आधारित देखिन्छ । प्रत्येक साहित्य सम्बन्धित जातिको आन्तरिक जीवनको इतिहासबाट निर्मित भएको हुन्छ र त्यहाँ सम्बन्धित जातिका चित्रवृत्तिहरूको प्रतिच्छाया अङ्कित भएको हुन्छ। त्यसैले नेपाली साहित्य पनि नेपाली जातिकै जीवनबिम्बहरूमा आधारित अभिव्यक्ति हो भन्ने कुरा मान्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समालोचक रत्नध्वज जोशी र हिन्दीका प्रसिद्ध विद्वान् डा. दीनानाथ शरणका निष्कर्षहरू मननीय मानिएका छन् ।

नेपाली साहित्यको प्राग्भानुभक्तीय काव्य कालमा देखिएका प्रवृत्तिहरूमा मुख्यतः तीनधारा नै रहेको छ । यसमा नेपाली जातिका विशेषताहरू मुखरित भएका छन् । वीरहरूका पराक्रम, वीरहरूका स्तुति, वीरहरूका औदार्य, वीरहरूका दूरदर्शिता, वीरहरूका विशालता, रणचातुर्य, युद्धोन्माद, राष्ट्रभक्ति, प्रत्याक्रमण, त्याग, निर्भयता तथा निरन्तरताले नेपाली वीरहरूको चरित्र अत्यन्त

प्रकट भएको कुरालाई साहित्यका समय समयका अभिव्यक्तिहरूले किटान गरेका छन् । नेपाली साहित्य वीरोचित वर्णनमा केन्द्रित हुँदाहुँदै पनि युद्धवीरका शौर्य र पराक्रमबाट बढी प्रभावित रहेको छ । नेपालका सानासाना राज्यहरू आपसमा कलह गरिरहनुले जनमानसमा युद्धका आशङ्काहरू प्रबल रूपमै रहेका थिए । खास गरी पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानले जनमानसमा युद्धले गहिरो जरो गाडेको थियो । निश्चय नै युद्धमा संलग्न वीरहरूको उत्साहलाई साहित्यले मलजल प्रदान गर्दथ्यो । यसमा लोकगीतका गायकहरू र कवि शैलीका गायक कविहरूको मूल्यवान् योगदान रहेको मानिएको छ । प्राग्भानुभक्तीय नेपाली काव्यमा प्रमुख रूपले 'वीर भावना' कै केन्द्रीयता देखिन्छ । त्यसका अतिरिक्त 'भक्तिभावना', 'नीतिपरक' र 'कर्मवादी चेतना' समेत फेला पर्दछन् । 'वीर भावना' पछि व्यापक क्षेत्र ओगटेको 'भक्तिभावना' ले मुख्यतः 'सगुण भक्ति' र 'निर्गुण भक्ति' का आधार पद्यहरू निर्माण गरेको पाइन्छ । सगुण उपासनाको विस्तृतता निकै फैलिएको छ । यस अन्तर्गत शक्ति उपासना गोरखनाथ भजन, कृष्ण चरित्र, राम स्तुति, गणेश स्तुति, शिव स्तुति, विष्णु स्तुतिलाई लिन सकिन्छ । निर्गुण उपासनामा विशेषतः सन्त कविहरूको योगदान रहेको छ । 'नीतिपरक चेतना' र 'कर्मवादी चेतना' ले प्राग्भानुभक्तीय नेपाली काव्यमा ठोस प्रभाव पार्न नसके तापनि तिनीहरूको सामान्य उपस्थितिलाई अनुल्लेख्य मान्न पनि सकिंदैन ।

प्राग्भानुभक्तीय नेपाली काव्य वीरधाराका कवि विष्णुदास आचार्यको बडेराजा मलयवर्मको चरित्र र वीरतामा आधारित कविताबाट उठान भएको देखिन्छ । यसपछि पृथ्वीनारायण शाह, सुवानन्द दास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्ज्याल, गुमानी पन्त, यदुनाथ पोखरेल समेत वीरोचित भावनालाई काव्यवाणी प्रदान गर्ने साहित्यकार हुन पुगेका छन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यको भक्तिभावना प्रधान काव्यका प्रस्तोताहरूमा निर्गुण र सगुण उपासना पद्धतिका कविहरू देखा पर्दछन् । निर्गुण भक्ति परम्परामा धिर्जेदिल दास, शशिधर, धौकल सिंह, मोक्षमण्डल, प्रेमदिल, निर्वाणानन्द, अभयानन्द, अच्युतदिल दास, श्यामदिल, धर्मदिल दास, सतदिल दास, अगमदिल दास, धरणीदास, कमलदास, मङ्गलदास, अखण्डदिल दास समेतका कविहरू पर्दछन् । यी सन्त कविहरूले राम, हरि, कृष्ण, देवी, गणेश, सरस्वती वेद, गुरु समेतलाई काव्यको अर्चनाका आधार बनाएका छन् । सगुण उपासनालाई मूल कथ्य बनाउने कविहरूमध्ये कृष्णभक्तिका भावनालाई मूर्तरूप दिन समुत्सुक देखिन्छन्– कवि यदुनाथ

पोखरेल, वसन्त शर्मा, इन्दिरस, विद्यारण्यकेशरी अर्ज्याल, हीनव्याकर्णी विद्यापति । आंशिक रूपले रामस्तुतिलाई कथ्य बनाउने कविहरूमा उदयानन्द अर्ज्याल, गुमानी पन्त, लक्ष्मीनारायण देखापरेका छन् । राम चरित्रलाई विस्तृत रूपमा प्रकट गर्न नसके पनि ती कविहरूले रामको स्मरण अवश्यै गरेका रहेछन् भन्न सकिन्छ । यस सन्दर्भमा रघुनाथ पोखरेल महत्त्वपूर्ण ठहरिन्छन् । पोखरेलले रामभक्तिलाई आफ्नो सुन्दरकाण्डमा निकै विस्तृत रूपमा प्रस्तुत गरेको मान्नु पर्दछ । नेपाली जनविश्वासका आधार गोरखनाथलाई आराधना गर्ने एक मात्र कवि पृथ्वीनारायण शाह हुन् । सगुण भक्तिमार्गमा सुन्दरानन्द बाँडा पनि झुल्किएका छन् उनले प्रकारान्तरबाट विष्णुस्मरण गरेका हुँदा प्राग्भानुभक्तीय काव्यका भक्तिस्रोतमा विविधता थपिएको देखिन्छ । विष्णुकै वन्दनामा वीरशाली पन्त पनि उभिएका छन् ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा नैतिक चेतना विस्तार गर्ने कार्यमा रामचन्द्र पाध्या रेग्मी संलग्न देखिन्छन् । यिनले मङ्गलाचरणको रूपमा गणपति वन्दना गरी क्रमशः नारीहरूलाई नैतिक उपदेशको ओइरो लगाएका हुँदा यिनका कवित्वमा बहुप्रवृत्तिको उपस्थिति पाइन्छ । प्रथमतः यिनी गणपति स्तुतिबाट आध्यात्मिकता समीप देखिएका छन् भने अर्कातिर नैतिकताका आग्रही देखिन्छन् । त्यस्तै नेपाली कवितामा औपदेशिकताको थालनी पनि यिनैले गरेको मान्नुपर्ने देखिएको छ । हुन त उदयानन्द अर्ज्यालमा पनि केही औपदेशिकताको आभास छ, तर रामभद्रको जस्तो आदेशात्मक नभई सल्लाहकारको जस्तो छ ।

प्राग्भानुभक्तीय नेपाली काव्यमा आध्यात्मिकता व्यापक क्षेत्रमा फैलिएको पाइन्छ । केही देवी देवतालाई मात्र कविहरूले नरोजी निकै आराध्य देवहरूलाई वरण गरेका छन् । यिनीहरूको देववरण कुनै खास आध्यात्मिक संप्रदायबाट अनुप्राणित छैन । एउटै कविले एकभन्दा बढी देवताको स्मरण गरेका हुँदा कविहरूमा भक्तिसहिष्णुता विद्यमान छ । नेपाली आध्यात्मिक समाजले दैनिक पूजा अर्चना गरिने पञ्चायन देवताहरू गणेश, सूर्य, देवी, शिव, विष्णुहरू कुनै न कुनै रूपमा स्मरणीय बनेका छन् । प्राग्भानुभक्तीय कविहरूका काव्यमा आदर्श र साहसका प्रतीक मानिने राम, गो सेवी, बहुलीलावतारी र साहसका अनन्य स्रोत मानिने कृष्ण समेत नेपाली काव्यका उपजीव्य बन्न पुगेका छन् ।

नेपाली भक्ति काव्यले तात्कालिक जीवनका आकांक्षाहरूलाई काव्योद्गार प्रदान गरेको स्पष्ट छ । धर्मप्रति आस्था राख्ने नेपाली समाज र शान्तिप्रति आकर्षित हुन लागेको त्यस युगलाई भक्तिवादी साहित्यले अवश्यै त्राण दिएको थियो । ईश्वरमा निहित सर्वोच्च शक्तिको परिकल्पना, ईश्वरको विशिष्ट शक्ति

ईश्वरको अद्भुत चमत्कार, ईश्वरको अपराजेयता जस्ता कुराहरू मानवजीवनका लागि कल्पित आकर्षणका विषय थिए। युद्धबाट क्लान्त नेपाली जनसमुदायका बीच ईश्वरीय विशिष्टताहरू प्राप्त गर्ने आभ्यन्तरिक इच्छाहरू सुषुप्त रूपमा रहेका थिए। तिनलाई नेपाली समाजका अवचेतन इच्छाका रूपमा लिन सकिन्छ। युद्धबाट उत्पन्न ग्लानि, निराशा, कुण्ठा, व्यथा र व्यर्थताका भावधाराहरूलाई प्रकारान्तरबाट प्रशमित तुल्याउन नेपाली भक्तिवादी साहित्यले महत्त्वपूर्ण काम गरेको थियो। भक्तिवादी साहित्य मानवीय अन्तर्वेदनाहरूलाई मलमपट्टि लगाउन उपयुक्त मानिन्छ। अर्कातिर भक्तिवादी साहित्यमा मानवमनका महत्त्वाकांक्षाहरू कुनै विशेष चरित्रका माध्यमबाट प्रस्फुटित हुन पुग्दछन्। नेपाली भक्तिवादी साहित्य पनि यिनै मूलभूत कुराका आधारमा रचिएका छन्। प्रत्येक कविभित्र केही सुषुप्त अन्तर्वृत्तिहरू अवचेतनमनमा रहेका हुन्छन् र तिनलाई कविको व्यवहारिक जीवनमा पूरा गर्न नसक्ता दैवी चरित्रको परिकल्पनाद्वारा संपूर्ति गरिन्छ। नेपाली भक्तिवादी कविहरू भित्र पनि त्यस्तै महत्वाकाङ्क्षाको परिपूर्ति गर्ने (पृथ्वीनारायण शाह), दमित काम चेतनालाई अभिव्यक्त गर्ने (इन्दिरस, विद्यारण्यकेशरी), व्यक्तित्वका बहुआयामिक रूपहरूको प्रदर्शन गर्ने (यदुनाथ पोखे्रल, वसन्त शर्मा, हीनव्याकर्णी विद्यापति) चेतनाहरू काव्यका विविध नायकका चरित्रमा उनिएर प्रकट भएका छन्। आफूले परिकल्पना गरेको समाजका आदर्श सीमाहरूलाई प्रकारान्तरबाट अभिव्यक्त गर्नमा पनि नेपाली भक्तिकाव्य प्रयुक्त भएको देखिन्छ। रामभक्ति र नैतिक सदाचरणको प्रस्तुतिलाई यसै मनोवैज्ञानिक तथ्यसँग तुलना गर्न सकिन्छ। अर्कातिर आफूले गर्न नसकेको कुराहरू अरूमा प्रत्यारोपित गरी सन्तुष्टि लिने मनोवाञ्छाले समेत यस्ता काव्यप्रणयनमा हेतुत्वको निर्वाह गरेका हुन्छन्। नेपाली भक्तिकाव्यमा यस्ता सुषुप्त चेतनाहरू पनि काव्यनिर्माणका प्रेरक तत्व बन्न पुगेको अनुभव हुन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्य विवेचनाका सन्दर्भमा नेपाली लोक साहित्यको उल्लेखनीय स्थान रहेको देखिन्छ। लोकसाहित्य लौकिक भाषासँग सम्बन्धित छ। लोकसाहित्यको क्षेत्र पनि व्यापक रूपमा फैलिएको पाइन्छ। अंग्रेजीमा यसलाई 'फोक (Folk) लिटरेचर' भनिन्छ। यस अन्तर्गत वैलेड गीतहरू र ग्रामगीतहरू पर्दछन्। लोकसाहित्य अलिखित रूपमा विकसित हुँदै आएको मानिन्छ। लोकसाहित्यमा लोकगीत, लोककथा, उखानटुक्का, मन्त्र आदि समाविष्ट हुन्छन्। लोकसाहित्यको उत्पत्तिमा लोकनिर्मितिवाद, व्यक्तिनिर्मितिवाद र विकासवाद नामक सिद्धान्तहरू प्रतिपादित भएका छन्। लोकसाहित्यका रचयिता नारीहरू हुन सक्ने तथ्यलाई विचारणीय मान्नुपर्ने देखिन्छ।

नेपाली लोकसाहित्यको निर्माणमा पनि नेपाली नारीहरूको उपस्थिति विवेच्य बन्न पुगेको छ। नेपाली साहित्यको चर्चा गर्दा प्रथमतः अपौरुषेय 'सगुन' लाई आद्यकविताका रूपमा भन्दा लोकसाहित्यका रूपमा संप्रतिष्ठित गर्नु वाञ्छनीय मानिएको छ। यसका रचयिता अपौरुषेय छन्। लोकसाहित्यलाई देवकान्त पन्तको वर्गीकरण अनुसार संस्कार खण्ड, इतिहास खण्ड, प्रार्थना खण्ड र भारत खण्डमा विभाजित गरिएको छ। पूर्णप्रकाश नेपालका अनुसार लोकसाहित्यलाई संस्कार, ऋतु, पर्व, प्रकीर्ण, कर्म र प्रणयवेदना समेत ६ उच्छ्वासहरूमा विभाजित गर्नु उपयुक्त मानिएको छ। यी दुवै विभाजनमा लोकसाहित्यका विविध विशेषतालाई समेट्ने प्रयत्न भएको देखिए तापनि स्थूल रूपमा पन्तद्वारा गरिएको वर्गीकरण उपयुक्त छ। हुन त नेपालबाट पनि लोकसाहित्यको यस्तै वर्गीकरण गर्न खोजिएको छ, तर त्यति स्पष्ट हुन सकेको छैन। नेपाली लोकसाहित्य निकै पुरानो प्रतीत हुन्छ, तर यसको निश्चित काल चाहिं किटान गर्न सकिदैन। पन्तद्वारा प्रस्तावित रिपुमल्लको चाँचरी वि. सं. १४६९ तिरको मात्र प्रमाणको आधिकारिक आवश्यकता अनुभव हुन्छ, भने पूर्णप्रकाश नेपालद्वारा प्रस्तावित जितारि मल्ल, जालन्धरी मल्लको चैत समेतले पर्याप्त प्रमाणका आधारहरू खोजेका छन्। पन्त र नेपाल दुवैका प्रस्तावित लोकसाहित्यको नेपाली साहित्यका प्राचीनतम निर्णयात्मक संघारमा उभिएर जेठो माहिलो भनी छुट्याउनुभन्दा लोकसाहित्यका मर्मज्ञहरूले विवेचनाका कसीमा घोटेर कालक्रम निर्धारण गर्नु चाहि उपयुक्त देखिन्छ। पन्तानुसन्धित 'डोटेली लोकसाहित्य' ज्यादै रसिला, ज्यादै प्रभावकारी छन्। यी लोकगीतहरूले सामाजिक रीतिथिति र प्रचलनहरूलाई जीवन्त रूप दिएका छन्। अझ यिनीहरूमा आख्यानात्मक तत्वको समेत समावेश छ। नेपालानुसन्धित लोकसाहित्यमा पनि पूर्वोक्त कुरा छन्, तर सरसताको मात्रा केही न्यून छ।

नेपाली लोकसाहित्य, नेपाली जातिको सभ्यता, संस्कृति, मनोरञ्जनपूर्ण इतिवृत र विशिष्टताहरूको परिचायक हो। यसले जनमानसका दुःखसुख र सफलता वा असफलताका अनेकौं कथाव्ययाहरू प्रस्तुत गरेको हुँदा यसको समृद्ध भण्डार र नानाथरीका विशेषताहरूले ओतप्रोत भएको देखिन्छ। नेपाली लोकसाहित्य, नेपाली साहित्यको एउटा विशिष्ट फाँट हो। यसलाई आफ्नै सीमाभित्र राखेर हेरिनुपर्दछ। लोकसाहित्यको छुट्टै मूल्याङ्कन हुनुपर्छ।

अध्याय चारमा प्राग्भानुभक्तीय नेपाली काव्य क्षेत्रका प्रतिभाहरूको व्यक्तित्व तथा कृतित्वको खोज गरिएको छ। यस अध्ययनमा सबैभन्दा पुराना कवि विष्णुदास आचार्य मानिएका छन्। यिनको वि. सं. १४५० तिरको 'बर्ष

राजा मलयवर्म्म हालसम्मको प्राक्कल्पित प्रथम कविता हो । यस कवितामा कविले आफ्ना काव्यनायक मलयवर्म्मलाई वीर पुरुषका रूपमा प्रस्तुत गरेका हुँदा नेपाली कविताको थालनी वीररसबाट भएको हो भन्ने पूर्वमान्यतामा कुनै परिवर्तन आएको छैन । अर्कातिर नेपाली कविता नेपाली कवित् शैलीबाट प्रारम्भ भएको हो भन्ने भनाइ पनि अकाट्य हुन पुगेको छ । विष्णुदासको बडेराजा मलयवर्म्ममा पनि कवित् शैली नै देखिन्छ । यो कविता राजाको वंश वर्णन गर्ने क्रममा उत्पत्ति भएको हो । यस कवितामा रासकोटी राजाहरूको नामोल्लेख गर्दै जाँदा मलयवर्म्मको चाहिँ शौर्यवर्णन गरिएको छ । कवितामा अनुप्रास र लयको उपस्थिति पर्याप्त पाइन्छ । कवितामा वर्णित मलयवर्म्मको शौर्य वा वीर चरित्र चाहिँ अपत्यारिलो छ । कविले अतिशयोक्तिपूर्ण शैलीमा मलयवर्म्मलाई उभ्याएका छन् । यो कविता मलयवर्म्मलाई प्रसन्न तुल्याउन वा उनका छोरालाई प्रसन्न तुल्याउन लेखिएको अनुमान हुन्छ । कवि विष्णुदास आचार्य तत्कालीन (वि. सं. १४५० तिर) रासकोटका दरबारिया पण्डित थिए भन्नु उपयुक्त देखिन्छ । विष्णुदास मलयवर्म्म र उनका छोरा मेदिनी वर्माका पालासम्म राजगुरुका रूपमा जीवित रहनु धेरै सम्भव छ । मलयवर्म्मको निधन भएपछि मेदिनी वर्मा राजा भएपछि आफ्ना पिताको यशोगान गराउन उनले विष्णुदास आचार्यद्वारा कविता लेखाएका हुन् । यसो हो भने मेदिनी वर्मा पितृभक्त पुत्र र विष्णुदासचाहिँ स्वामीभक्त कविका रूपमा प्रतिष्ठित भएका छन् ।

काव्यका रूपमा यस कविताको मूल्यनिरूपण गर्दा सुन्दर काव्यको कोटीमा उत्रिएको छ । इतिहास निरपेक्ष मान्दा पनि यसले उच्च अभिलाषा संस्थापित गरेको पाइन्छ । कविता सरस र ओजस्वी छ भन्ने कुरामा शङ्का गर्न सकिँदैन । कविको नाम 'विष्णुपथ' लाई प्रस्तोता बालकृष्ण पोखरेलले तानतुन पारी विष्णुदास आचार्य पारेका छन् । पौरुषेय कवितालाई कुनै न कुनै व्यक्तिसँग नजोडी नहुने भएकोले प्रस्तोतालाई त्यसो गर्नुपरेको होला ! त्यसो गर्दा एकदमै निराधार कुरा जोडिएको चाहिँ होइन । सत्याभास अवश्य छ, पूर्ण सत्य सदैव अनुसन्धेय हुन्छ नै ।

प्राग्भानुभक्तीय नेपाली काव्यका स्रष्टाहरूमा पृथ्वीनारायण शाहलाई पनि राखिएको छ । यस अघिका अध्ययनमा पृथ्वीनारायण शाहलाई कविको रूपमा स्थापित गर्न सकिएको थिएन । नेपाली साहित्यका स्रष्टाहरूका पङ्क्तिबाट पृथ्वीनारायण शाहलाई अवकाश दिनु इतिहासकै अपूर्णता थियो । यसो गर्दा पृथ्वीनारायणप्रति अन्याय मात्र नभई तथ्यबाट समेत पन्छिनुपर्ने स्थिति थियो । वास्तवमा पृथ्वीनारायण शाह भावुक, धर्मानुरागी तथा राष्ट्रवादी कवि थिए ।

उनले लेखेको गोरखनाथ भजनबाट भावुकता र आध्यात्मिकता प्रस्तुत भएको छ। त्यसै गरी अरू दुइ कवितांशले उनको राष्ट्रवादी चेतना सशक्त रूपमा प्रमाणित भएको छ। उनको साहित्यिक व्यक्तिलाई 'दिव्योपदेश' ले समेत विस्तृत तुल्याएको हुँदा यस अध्ययनमा पृथ्वीनारायण शाहलाई स्रष्टाका रूपमा प्रतिष्ठापित गरिएको हो।

नेपाली कविताका प्रथम कवि भनिदै आएका सुवानन्ददास अब पृथ्वीनारायण शाहभन्दा पछिका कवि ठहरिएका छन्। यसबाट पूर्वमान्यतामा परिवर्तन भएको छ। सुवानन्ददासको परिचयमा पनि केही भिन्न मतहरू राखिएका छन्। पूर्वमान्यताअनुसार उनलाई ललितपुरनिवासी मानिएकोमा यिनलाई गोर्खा वा कास्कीतिरका मान्नु बढी उपयुक्त देखिन्छ भनी यस अध्ययनमा फरक-मत राखिएको छ। यसै कालका कवि जीवनाथले हिन्दी वा व्रज भाषा मिश्रित कविताको रचना गरी वीरोचित भावनाको यथायोग्य निर्वाह गरेका छन्। यिनका समयमा नेपाली भाषामा हिन्दी वा ब्रज भाषाको प्रभाव निकै थियो भन्ने स्पष्ट हुन्छ। दुइ वटा मात्र श्लोक लेखी नेपाली काव्य संसारमा सुख्यात भएका शक्तिवल्लभ अर्ज्याल विभिन्न दृष्टिकोणबाट महत्त्वपूर्ण ठहरिएका छन्।

प्राग्भानुभक्तीय काव्यसंसारमा सर्वप्रथम महाकाव्य लिई उपस्थित हुने उदयानन्द अर्ज्याल आफ्ना काका कवि शक्तिवल्लभ अर्ज्याललाई चिनाउने परिचायक समेत हुन पुगेका छन्। उदयानन्द अर्ज्यालले सोमेश्वरविजयवर्णन, कुलवर्णन कविता, बेतालपचीसी, पृथ्वीन्द्रोदय महाकाव्य, दुःस्वप्न दोषहरस्त्रोत्र आदि कृतिको रचना गरेका थिए। उदयानन्दका विशेषतालाई यी बुँदाहरूमा उन्न सकिन्छ–

१. उदयानन्द अर्ज्याल नेपाली साहित्यका प्रथम महाकवि हुन्,
२. यिनले शक्तिवल्लभ अर्ज्याललाई नेपाली साहित्यमा चिनाएका हुन्,
३. उदयानन्द प्रथम वंशपरिचायक नेपाली कवि हुन्,
४. उदयानन्द शृङ्गार मिश्रित अद्भुव कविता निर्माण गर्ने पनि प्रथम नेपाली कवि हुन् (उदा. वेतालपचीसी),
५. यिनलाई प्रथम नेपाली ग्रन्थनिर्माता कविका रूपमा पनि लिन सकिन्छ,

यस कालका अर्का महत्त्वपूर्ण प्रतिभा सुन्दरानन्द बाँडा हुन्। यिनका कवितामा वीरवर्णन र आत्मवेदना प्रकट गर्ने प्रवृत्ति पाइन्छ। आफूलाई दुःख वा कष्टको अनुभव हुँदा तत्कालीन राजा महाराजालाई प्रकाश पार्ने प्रवृत्ति सुन्दरानन्द बाँडाबाटै शुरू भएको हो। आफ्नो कष्टसाध्य जीवनप्रति आकृष्ट गर्ने

परम्परा युवानन्ददासले नै थालेका हुन्, तर सुन्दरानन्द बाँडाले यस परम्परालाई ज्यादै स्पष्टता प्रदान गरिदिए। कालान्तरमा यही प्रवृत्ति भानुभक्त आचार्यमा समेत उपस्थित भएको देखिन्छ। नेपाली वीरता र राष्ट्रिय जागरणका उद्‌गाताका रूपमा सुन्दरानन्द बाँडाको कवित्वलाई प्रतिष्ठा प्रदान गर्न सकिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्य संसारमा मानवेतर पशुप्राणीका कौतुकमय क्रीडालाई काव्यको विषय बनाई वीरोचित भावना प्रस्तुत गर्ने कविका रूपमा राधावल्लभ अर्ज्याल र अज्ञात दुइ कविहरू फेलापरेका छन्। यी तीनवटै साँढेका कवित्‌ले तत्कालीन युद्धग्रस्त मानसिकतालाई प्रतिविम्बित गरेका छन्। यी तीनवटै कविताको विषयवस्तु र प्रस्तुति हेर्दा एउटै कविले भिन्न भिन्न मनोदशामा यिनीहरूको रचना गरेको देखिन्छ। राजा रणबहादुरको विनोदी स्वभावलाई सम्झाउने यी कविताहरूले केही अश्लीलता समेत प्रकट गरेका छन्। यस अध्ययनमा यी तीनै सांढचाका कवित्‌लाई एउटै कविका रचना मानिएको छ। पूर्वमत अनुसार प्रथम कवित्‌का रचयिता राधावल्लभ अर्ज्याल मानिएको र अन्य दुइ कवित्‌का रचयिताचाहिं अज्ञात मानिएकोमा ती मतलाई आंशिक रूपमा अङ्गीकार गर्दै यी तीनै कवित्‌का रचयिता एउटै व्यक्ति हुन् र ती व्यक्ति राधावल्लभ नै हुन् भन्नु उपयुक्त देखिएको छ।

यस कालमा वीरोचित भावना बाहेक नीति उपदेशको भावना पनि जन्मिएको देखिन्छ। नीति वा उपदेश दिने प्रचलनलाई काव्यमा वरण गर्ने काम रामभद्र पाध्याय रेग्मीबाट भएको छ। त्यति बेलाका नेपाली महिलाहरू पूर्णतः अशिक्षितै थिए, तापनि तिनीहरूलाई केही शिक्षा वा उपदेश दिन रामभद्र पाध्याय रेग्मीले प्रयत्न गरेका छन्। त्यस्ता अशिक्षित महिलाहरूलाई शिक्षित मानिसहरूले कविताको आवृत्ति गरी अर्थ बुझाउनु पर्ने र सो अर्थ बुझी महिलाहरूले कविको आदेशलाई आचरणमा उतार्नु भन्ने कुरा त्यति प्रभावकारी लाग्न सक्तैन, तापनि कविभित्र रहेको पुरुषोचित दर्प भने प्रस्फुटित भएको मानिएको छ, उनको 'बन्धुविनपराष्टकम्' भित्र।

प्राग्भानुभक्तीय युगमा योग र भाषाका विषयमा चिन्तना गर्ने कवि दैवज्ञकेशरी अर्ज्यालको सबैभन्दा ठूलो योगदान नेपाली भाषाप्रतिको प्रतिबद्धता हो। यसै कालका गुमानी पन्त वीरोचित भावनालाई व्यङ्ग्यमिश्रित शैलीमा प्रयोग गर्न सफल देखिन्छन्। कवि लक्ष्मीनारायणबाट रामभक्तिको भावना प्रकट भएको छ।

यस कालमा इन्दिरस, वीरशाली पन्त, कृष्णभक्तिवादी कविका रूपमा उदाएका छन्। वीरशाली पन्तको 'कृष्णचरित्र' हालसम्म उपलब्ध भइसकेको छैन।

यसै कालमा कुमाउँमा जन्मिएका कवि मौलाराम तोमरबाट वीर भावनाको कविता लेखिएको पाइन्छ । अर्कातिर वसन्त शर्मा कृष्णभक्तिको भावनाहरू बोकेर नेपाली काव्य क्षितिजमा उदाएका पाइन्छन् । कवि वसन्त शर्मा 'समुद्रलहरी' जस्तो सवाइ छन्दमा लेखिएको सरस खण्डकाव्य समेत लिएर उपस्थित छन् । कवि विद्यारण्य केशरी भक्तिवादी कवि हुँदाहुँदै पनि सहृदयी देखिन्छन् । यिनले द्रौपदीको कारुणिक स्थितिप्रति हार्दिक समवेदना प्रकट गरेका छन् । नेपाली राष्ट्रिय भावनालाई सबल स्वर प्रदान गर्ने कविका रूपमा यदुनाथ पोखरेल प्रतिष्ठित हुन पुगेका छन् । उनका कविताले नेपाली जनमानसलाई जागृत तुल्याउन महत्त्वपूर्ण भूमिकाको निर्वाह गरेका छन् । अर्कातिर कवि यदुनाथ पोखरेल कृष्णभक्तिका भावनाहरूबाट पनि काव्य प्रणयनमा संलग्न देखिन्छन् । यसै कालमा रामभक्ति भावनालाई राम्ररी संस्थापित गर्न प्रयत्नशील कविका रूपमा रघुनाथ पोखरेल फुल्किएका छन् । पोखरेलले भक्तिभावनाप्रमुख काव्यका अतिरिक्त समसामयिक राजनैतिक स्थितिप्रति पनि कूटशैलीमा व्यङ्ग्य गरी कविता रचेका छन् । यिनकै काव्य धारामा समवेतस्वर निकाल्दै कवि रामदासले पनि सीताजीको वर्णन गरेका कविता फेला परेको छ । यसरी चतुर्थ अध्यायमा मूलतः वीर, भक्ति, नीति र राजनीतिका स्वरहरू मुखरित गर्ने नेपाली कविहरूका व्यक्तित्व र कवित्वको चिनारीमा सीमित हुन पुगेको छ ।

पाँचौं अध्यायमा नेपाली सन्तकविहरूको चर्चा गर्दै र ती सन्तहरूका रचनालाई सन्तसाहित्य नामकरण गरिएको छ । नेपालीका प्रथम सन्त गोरखनाथ हुन् । आफ्ना वाणीद्वारा अनुयायीहरूलाई पथप्रदर्शन गर्ने पहिला सन्त कविचाहिँ धिर्जेदिल दास नै हुन् । सन्तकविहरू ज्ञान र कर्ममा विशेष जोड दिन्छन् । नेपाली सन्त कविहरूमा शशिधरको स्थान सबैभन्दा अग्रगण्य रहेको छ– प्राग्भानुभक्तीय नेपाली सन्त साहित्यमा । त्यसै गरी सन्त कवि निर्वाणानन्दको रागमालश्री पनि नौलो प्रस्तुति हो– सन्त साहित्यमा । नेपाली सन्त साहित्यलाई जोसमनी साहित्य पनि नामकरण गरिएको देखिन्छ । नेपाली सन्त कविहरूले हिन्दी, ब्रज, मैथली र भोजपुरी भाषा मिसाई आफ्ना रचनाहरू प्रस्तुत गरेका हुँदा कविहरूको भाषालाई सधुक्कडी नेपाली नामकरण गरिएको भए पनि त्यसमा अलिकति परिवर्तन गरी सन्तवाणी वा सन्तभाषा भन्नुपर्ने निष्कर्षतिर पुगिएको छ । यसै अध्यायमा प्राग्भानुभक्तीय नेपाली लोकसाहित्यको पनि चर्चा गरिएको छ । नेपाली लोकसाहित्यको व्यापक क्षेत्रबाट नेपाली लोककाव्यलाई यसमा विवेच्य सामग्री मानिएको हो । नेपाली लोककाव्यमा पौरुषेय र अपौरुषेय शाखाहरू देखिन्छन् । केही लोककाव्यका प्रणेताहरू फेला परेका हुँदा तिनलाई पौरुषेय र प्रणेता फेला नपरेकाचाहिँ

अपौरुषेय वर्गमा राखिएको उपयुक्त देखिन्छ । नेपाली लोककाव्यमा सबैभन्दा पुरानो रचना जितारी मल्ल जालन्धरी मल्लको चैतलाई मानिएको छ त्यसै गरी रिपु मल्लको चाँचरीलाई पनि समकालीन महत्त्वपूर्ण सामग्रीका रूपमा विवेचना गरिएको छ । हुन त लोककाव्यका रचयिता र लोककाव्यको समय जस्ता कुराहरू किटानसाथ निर्धारण गर्न निकै अप्ठ्यारो पर्दछ, तर प्राप्त सामग्रीलाई यथोचित मूल्याङ्कन गर्दै जानु आवश्यक ठानी अनुसन्धाताहरूका खोजलाई पूर्ण महत्त्व प्रदान गरिएको छ ।

अध्याय षष्ठमा प्रथम अध्यायदेखि सारांश निष्कर्ष कथनका रूपमा दिइएको छ ।

अध्याय सप्तममा उपसंहार कथनका साथ प्राग्भानुभक्तीय नेपाली काव्यक्षेत्रमा प्राप्त भएका काव्य कृतिको प्रस्तुति छ । यस प्रस्तुतिमा काव्यका मूल स्वरलाई पृथक् पृथक् गरी राखिएको छ । यसो गर्नाले अध्येताहरूलाई सजिलो होला भन्ने विश्वास लिइएको छ ।



सप्तम अध्याय

उपसंहार कथन

प्राग्भानुभक्तीय नेपाली काव्यको थालनी विक्रमको पन्ध्रौं शताब्दीदेखि भएको देखिन्छ। यस अघि नै नेपालीमा लोकसाहित्यको रचना भए पनि लेख्य स्तरमा नआएको हुँदा प्रामाणिक रूपमा उपस्थापित गर्न सकिएको छैन। नेपाली भाषाले अभिलेखका रूपमा वि. सं. १०३८ सालमै लेख्य रूप पाएको भए पनि साहित्यले लेख्य रूप पाउन पन्ध्रौं शताब्दीको मध्यान्तरसम्म पर्खनै पर्‍यो। पन्ध्रौं शताब्दीको मध्यान्तर पछि पनि साहित्यिक लेखनमा निरन्तरता आउन सकेन। लुकामारी खेल्दै विक्रमको उन्नाईसौं शताब्दीको पूवार्धसम्म नेपाली साहित्य जैनतेन अगाडि बढ्दै रह्यो। यसै बीच संसारभरी फैलिन लागेको विस्तारवादी राज्यसत्ता र त्यसका सम्भावित प्रकोपबाट नेपाली भूभागलाई संरक्षित गर्ने चेतनाको प्रस्फुटन हुन थाल्यो। नेपालको आफ्नै भौगोलिक कठिनता र राजनैतिक विविधताले अन्योलको स्थिति सृष्टि भएको थियो। सानातिना राज्यहरू आपसमा कलह गरी शक्ति क्षीण गरिरहेका र विस्तारवादी दृष्टिले यस्तै अवसर खोजिरहेको सन्दर्भमा पराधीनताको संभावना बढिरहेको थियो। यो विषमस्थितिबाट जोगिएर वाह्य शक्तिलाई पराजित गर्न राज्य एकीकरणको आवश्यकता पर्न गएको थियो। राज्यएकीकरण नै शक्तिएकीकरणको मूल आधार थियो। शक्तिएकीकरणबाट मात्र वाह्य शक्ति पराङमुख हुन्छ भन्ने ठानी पृथ्वीनारायण शाहले एउटा प्रबल अभियानको सूत्रपात गरे। यो अभियान थियो – नेपालको एकीकरण।

नेपाल एकीकरणले तत्कालीन राष्ट्रवादी सचेत नागरिकहरूलाई युगीन आवश्यकताको अनुभव हुन गयो। फलस्वरूप यस अभियानले व्यापक जनसमुदायको ध्यान आकर्षित गर्न सफलता प्राप्त गर्‍यो। यसरी विक्रमको अठारौं शताब्दीको अन्त्य हुनासाथ नेपालको एकीकरण जल्दोबल्दो आवश्यकताका रूपमा

उठायो, उन्नाईसौं शताब्दीको नयाँ कोशेली भएर। यसका प्रतिपादक र नेता थिए पृथ्वीनारायण शाह।

यही नवचेतना र नवचेतनाका संवाहकलाई नेपाली काव्यले आत्मसात् गर्न पुग्यो। नेपाली काव्यमा क्रमिक रूपले राष्ट्रवादी वीरहरूको प्रशंसा हुन थाल्यो। तिनै वीर पुरुषहरूका प्रमुख कार्य, शौर्य उत्साह आदिलाई काव्यले विषयवस्तुका रूपमा ग्रहण गर्दा नेपाली काव्यले आफ्नो स्वतन्त्र प्रवाहको सृष्टि गरेको हो।

प्राक्कल्पनीय कवि विष्णुदास आचार्यको अवतरण भएको लगभग ३५० वर्ष भइसकेको थियो। यस बीचमा लोकसाहित्यका अलिखित परम्पराहरू पनि हुर्कंदै, ठयाङ्गिंदै आइरहेका भए पनि साहित्यको लेख्य परम्परा अधमरो अवस्थामा थियो। पृथ्वीनारायण शाहले प्रदान गरेको युगीन चेतना र स्वयं उनको व्यक्तित्वले चिरनिद्रित सुषुप्तिलाई अन्त्य गरी जागरणको शङ्खनाद गरेको थियो। यस शङ्खनादको अनुगुञ्जनले नेपाली जातिको प्राभातिक चेतनास्फुरणलाई नयाँ दिशा प्रदान गरेको थियो। चेतनाको बीजाणु दिनप्रतिदिन नेपाली माटोमा उम्रिंदै गयो, सर्दै गयो र विस्तीर्ण बन्दै गयो। त्यसलाई हुर्काउन, फुलाउन, फलाउन र मलजल गरी बढाउन नेपाली काव्यसंसारले सचेत मालीका काम गर्दै गयो। पृथ्वीनारायण शाह, सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल प्रभृति कविहरू नेपाली मूल राष्ट्रियताका उन्नायक थिए। नेपालमा राष्ट्र, राष्ट्रियता र युगीन चेतनाको विस्तार प्रचार र स्पष्ट शिक्षा दिनुपर्ने आवश्यकता थियो। पृथ्वीनारायण शाहले उठान गरे पनि त्यसको औचित्य सिद्ध गर्न तत्कालीन बौद्धिक, शिक्षित र प्राज्ञिक वर्गको भूमिका अपरिहार्य भएको हुँदा नै यस प्रयत्नमा चेतनशील कविहरू संवद्ध हुन पुगे। यो चेतना धाराको अनुष्ठान पृथ्वीनारायण शाहले गरेका भए पनि त्यसको पूर्ण त आजसम्म पनि भएको छैन। यस दृष्टिबाट हेर्दा पृथ्वीनारायण शाहलाई नेपाली राष्ट्रिय चेतनाका संस्थापक अभियन्ता भन्नुपर्ने देखिन्छ। अखण्ड नेपाली राष्ट्रियताको अनुष्ठानलाई तत्कालीन कविहरूले मलजल दिंदै हुर्काए। स्वयं पृथ्वीनारायण शाह पनि त्यस कार्यमा संलग्न हुन पुगेका हुँदा राष्ट्रिय चेतनाको स्वर मजबूत बन्दै गयो। प्राग्भानुभक्तीय सीमारेखामा आइपुग्दा नेपाली काव्यको जग निकै बलियो बनिसकेको थियो। भानुभक्त आचार्यपूर्व नेपाली साहित्यको अस्तित्व थियो थिएन भन्ने शङ्का अब पूर्णतः निर्मूल भइसकेको र प्राथमिककालीन नेपाली कविताको यात्रा अत्यन्त सचेततापूर्वक थालिएको रहेछ भन्ने कुरा सिद्ध समेत भइसकेको छ।

प्राग्भानुभक्तीय नेपाली काव्यको अध्ययन अनुसन्धानका क्रममा प्राप्त

भएको नेपाली कवितालाई कालक्रमिक रूपमा प्रस्तुत गरी यस अध्ययनबाट विश्राम लिने उद्देश्य भएको हुँदा अब सोही अनुसार कविताहरू प्रस्तुत गरिने छ। प्राप्त कविताका आधारमा कविहरूको चिनारी गराउने काम पनि पूर्व अध्याय-हरूमा सम्पन्न भइसकेको हुँदा यहाँ दोहो-याउनु उपयुक्त नहोला ।

संकलित कविताहरू तत्कालीन भाषामै प्रस्तुत गरिएका छन् । तिनीहरूमध्ये कुनै कुनै कविताको भाषा आजका पाठकहरूका निमित्त दुर्बोध्य हुन सक्तछन्। त्यस्ता दुर्बोध्य कविताहरूको अर्थ अन्वेषकहरू स्वयंले नै दिएका छन् । तिनै अन्वेषकहरूद्वारा प्रस्तुत अर्थका आधारमा यस ग्रन्थमा पनि माथिका अध्यायहरूमा स्वल्प चर्चा चलाइएको छ। ती चर्चामा अस्पष्टता भएमा मूल स्रोतबाट पनि जिज्ञासा शान्त पार्न सकिने छ ।

प्राग्भानुभक्तीय नेपाली काव्य क्षेत्रमा प्राप्त भएका सामग्रीहरूलाई विषयको मूल प्रवृत्तिका आधारमा वर्गीकरण गरी सङ्कलन गर्ने प्रयत्न गरिएको छ। यस कालमा सबभन्दा टड्कारो स्वर वीरभावनाको नै देखिन्छ । वीरभावना भएका नेपाली कविताहरूले वीरहरूको विशिष्ट चरित्र प्रस्तुत गरेका छन् । विशेष गरी युद्धवीरका विशेषता मुखरित भएका पाइन्छन् । यी कविताहरूमा सुवानन्ददासको पृथ्वीनारायण नामक कवितामा कविले आफ्ना नायकलाई कुण्डै दानवीरका रूपमा पनि चित्रित गरेका छन् । यस कविताका नायक पृथ्वीनारायण काशीमा पुगी सुवर्णदान र गजदान गर्दछन् । यो दानशीलता उनको विशेष गुण हो । राधावल्लभ अर्ज्यालद्वारा लेखिएको 'सांढचाको कवित्' ले मानवेतर प्राणीका शौर्यको वर्णन गरेका छन् । मानवेतर प्राणीको शौर्य प्रस्तुतिबाट मानव चेतनालाई उत्तेजित पारी युयुत्सु स्वभावलाई जागृत गराउने हुँदा यी कविताको स्वतन्त्र महत्त्व रहेको छ । वीरोचित भावनालाई उद्‌बोधित गराउन व्यङ्ग्यात्मक शैली अपनाउने गुमानी पन्त यस कालका सर्वथा नयाँ प्रतिभा हुन् । व्याजस्तुतिको प्रयोगले उनको विशिष्ट शिल्पचातुर्यलाई प्रमाणित गरेको छ । नेपाली राष्ट्रियताका स्पष्ट प्रवक्ताका रूपमा यदुनाथ पोखरेल देखिएका छन् । उच्च ओहोदामा आसीन पदाधिकारीदेखि सर्वसाधारण सिपाही समेतका शौर्य र वीरताको प्रशंसा-ले यिनको उदारता देखाएको छ ।

नेपाली वीर कविताहरू बाइसी चौबीसी राज्यका गुफा कन्दराबेखि कुमाउँ, गढवाल, काठमाडौं र खाटाङ्को भूभागसम्ममा निर्मित भएका देखिन्छन् । भिन्न भौगोलिक स्थिति र भिन्न राजनैतिक अवस्थामा रचिएका यी कविताहरूमा वीर वन्दनाले प्राधान्य पाएका छन् । यस कालका कविताहरूमा वंश वर्णन गर्दा पनि वीरोचित भावनालाई प्रस्तुत गरिएको नवीनता भेट्टाउन सकिन्छ । प्राग्भानु-

भक्तीय नेपाली भक्तिकाव्यमा सगुण भक्ति उपासनालाई प्राधान्य दिने कविहरूमा कृष्णभक्तिप्रति आकर्षित हुनेहरूको संख्या धेरै छ। यस सम्प्रदायमा इन्दिरस, विद्यारण्यकेशरी अर्ज्याल, वसन्त शर्मा, यदुनाथ पोखरेलको संलग्नता पाइन्छ। रामभक्तिप्रति आकर्षित कविहरूमा रघुनाथ पोखरेल, लक्ष्मीनारायण र रामदास प्रमुख छन्। वीरशाली पन्त मूल रूपमा विष्णुका भक्त हुन्। यिनले कृष्णचरित्र लेखेका थिए भन्ने कुरा चर्चामा आए पनि त्यो अझै फेला पर्न सकेको छैन।

प्राग्भानुभक्तीय नेपाली काव्यकालमा शृङ्गारिक चेतना भएका काव्यमा हीनव्याकर्णी विद्यापति लिखित सातनायिकालाई लिइएको छ। त्यसै गरी उदयानन्द अर्ज्यालको 'बेतालपचीसी' मा पनि शृङ्गारिक भावना प्रस्फुटित भएको पाइन्छ। हुन त इन्दिरसको गोपिकास्तुतिभित्र पनि शृङ्गारिक सचेतता नभएको होइन, तर भक्तिको आवरणभित्र त्यसलाई लुकाइएको छ।

प्राग्भानुभक्तीय काव्यहरूमा वसन्त शर्माको समुद्रलहरी भक्तिभावनामा आधारित काव्य भए पनि यसले नेपाली साहित्यमा सवाइ शैलीको प्रयोग गरी नेपाली लोकछन्दलाई प्रतिष्ठा प्रदान गरेको छ। त्यसै गरी लहरी साहित्यको थालनी पनि यसै काव्यबाट भएको हुँदा यसलाई नेपाली काव्यको महत्त्वपूर्ण प्राप्तिका रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ।

प्राग्भानुभक्तीय नेपाली काव्यक्षेत्रमा मानवीय आचरणलाई परिशुद्धि गर्ने उद्देश्यबाट अभिप्रेरित कविका रूपमा रामभद्र पाध्या रेग्मी देखिएका छन्। कविताबाट मानव आचरणको उपचार गर्ने दृष्टि प्राप्त कविका रूपमा रामभद्र रेग्मी प्रथम देखिन्छन्।

प्राग्भानुभक्तीय नेपाली काव्यमा दैवज्ञकेशरी अर्ज्याल नेपाली भाषाका चिन्तक कविका रूपमा मूल्यवान् उपलब्धि ठहरिएका छन्। यिनलाई नेपाली भाषाका प्रथम सचेतक उपासक मान्नुपर्दछ। यिनका कविताको सबैभन्दा ठूलो मूल्य हो– नेपाली भाषाप्रतिको अगाध निष्ठा।

प्राग्भानुभक्तीय नेपाली काव्यमा सन्तहरूको अवदान पनि ज्यादै मूल्यवान् ठहरिएको छ। सन्तहरू मूल रूपमा उपदेशक हुन्। आफ्ना सदुपदेशलाई निर्गुण भजन, कर्मवादी चेतना र ईश्वरीय उपासनामा समेत प्रयोग गरेका हुँदा सन्तकाव्य सामाजिक सुधारका दिशामा प्रयोजनपरक हुन पुगेका छन्। सन्त काव्यलाई पूर्णतः निर्गुणोपासना मान्नुभन्दा सगुण र निर्गुण संमिश्रण मान्नु उपयुक्त देखिन्छ। सन्तसाहित्यमा प्रयुक्त भाषालाई अहिलेसम्म सधुक्कडी नामकरण गरिएको पाइन्छ। यसको अभिप्राय साधुहरूले हिन्दी र नेपालीलाई खिचडी बनाई प्रयोग गरेको भाषिक मिश्रण भन्ने बुझिन्छ। यसै मिश्रणलाई सधुक्कडी भनिए पनि यसलाई

'सन्तभाषा' अथवा 'सन्तवाणी' भन्नु चाहिं उपयुक्त देखिन्छ । नेपाली सन्तहरूले भाषिक प्रयोगमा चाहिं पूर्णतः स्वतन्त्रताको उपयोग गरेका छन् । नियालेर हेर्ने हो भने सन्तभाषामा ९५ प्रतिशत हिन्दी, मैथली, ब्रज र भोजपुरी भाषाको प्रयोग भेटिन्छ । कतिपय कविताहरू बोधगम्यताबाट टाढा हुनामा भाषाको यही खिचडीपन नै जिम्मेवार रहेको देखिन्छ ।

प्राग्भानुभक्तीय सन्तसाहित्यमा सबैभन्दा प्रमुख प्रतिभाका रूपमा शशिधर-लाई लिन सकिन्छ । यिनले जोसमनी मतका अनुयायीहरूको धार्मिक आचरण र कार्यहरूको उल्लेख गरी सो मतको स्थापना गरेका छन् । त्यसबाहेक यिनले 'सच्चिदानन्द लहरी' जस्तो खण्डकाव्यको समेत रचना गरेका हुँदा नेपाली सन्त साहित्यमा यिनको विशेष अवदान रहेको देखिन्छ । नेपाली सन्तकविहरू प्रायः निर्गुण भजन र उपदेशकै मार्गमा विचरण गरिरहेका पाइन्छन् । यति हुँदाहुँदै पनि सन्तकवि निर्वाणानन्दले रागमालश्रीको रचना गरी नेपाली सन्तसाहित्यलाई फराकिलो पारेका छन् । 'मालश्री' एउटा सांगीतिक राग हो । यो राग साँझको वेला गाइन्छ । अझ दशैं वा यस्तै कुनै माङ्गलिक अवसरमा यसको गायन हुने हुँदा यसलाई विशेष प्रकारको लय पनि भनिन्छ । सन्तकविहरूले आफ्ना कवितामा गणेश, शङ्कर, देवी, राम, कृष्ण आदि देवताहरूको समेत आराधना गर्न उत्प्रेरित गरेका हुँदा यिनीहरूमा सगुण र निर्गुण दुवै पद्धतिको मिश्रण पाइन्छ । सङ्कलित कविताहरूमा ईश्वरका मूर्ति, मठ, मन्दिर आदिको निर्माण आदिलाई कुनै महत्त्व दिएका छैनन् । केवल ईश्वरका सद्कार्यप्रति आस्था जनाउँदै परब्रह्म परमेश्वर-स्वरूपको चिन्तना गर्न अभिप्रेरित गरेका छन् । सन्तकविहरू लौकिक जीवनका कर्मकाण्डादि कृत्यहरूप्रति उदासीन देखिन्छन् । यिनीहरू आफ्नै जोसमनी सम्प्रदायका समेत आलोचक बन्न पुगेका छन् । साधुको भेष धारण गरेर मात्र हुँदैन, आचरणबाट समेत साधुता प्रदर्शित हुनुपर्छ भन्ने सन्तकविहरूको धारणा देखिन्छ । प्रत्येक विषयमा ज्ञानको गहिराइ खोज्ने आग्रह सन्तकविहरूले लिएका छन् । रिस, राग, छल, कपट र मिथ्याचरण वर्जनीय मानिएको छ । सन्तसाहित्यमा शैल्पिक दृष्टिले सन्तकविहरू त्यति प्रभावशाली देखिँदैनन् । उनीहरूले रचेका कविताहरू काव्योत्थानका निमित्त पनि होइन । उनीहरूले त औपदेशिक प्रयोजनका निमित्त यी कविताहरू रचेका थिए । तर तिनीहरूको आलेख प्राप्त भएको हुँदा तिनीहरूलाई नेपाली सन्तसाहित्यका अमूल्य रत्न ठानिएको हो ।

प्राग्भानुभक्तीय नेपाली लोकसाहित्यमा पौरुषेय र अपौरुषेय रचनाहरू फेला परेका छन् । पौरुषेय लोकसाहित्यमा रत्नाकर पण्डित, चाम बलायर, बन्धन भाट, गोन्यासिरस, मानवीर खत्रीको नाउँ फेला परेको छ । यी लोकगायकहरू-

बाट केही लोकगीतहरूको रचना भएको मानिएको देखिन्छ। यिनीहरूमध्ये रत्नाकर पण्डित अठारौँ शताब्दीतिरका मानिएका छन्। रत्नाकर पण्डितको गीत रचनामा स्थान विशेषका महत्तालाई प्रस्तुत गरिएको देखिन्छ। चाम बलायर र चन्दन भाटका लोककाव्य समेत मान्न सकिन्छ। गोन्यासिरस मानवीर खत्रीको रचना पारस्परिक सम्वादमा आधारित छ। यो रचना गोन्यासिरस मानवीरको मौलिक भनिए तापनि लोकगीत जस्तो देखिन्छ। यो लोकलयमा रचिएको छ। यसको विषय प्रेम हो। साली र भेनाको प्रेमालाप प्रस्तुत गरिएको हुँदा शृङ्गार र विरहको झलक पाइन्छ यस गीतमा।

अपौरूषेय लोककाव्यहरू भन्नु नै ती लोककाव्यका रचयिताहरू फेला नपर्नु हो। नेपाली लोककाव्यमा अपौरूषेय रचना प्रशस्त फेला परेका छन्। यस कार्यमा संलग्न अन्वेषकहरूमा देवकान्त र पूर्णप्रकाश नेपाल मुख्य छन्। यी दुवै अन्वेषकहरू नेपाली लोकसाहित्यको खोजीमा देशका कुना काप्चासम्म पुगेका र यिनीहरूले खोजेका प्राचीन लोकसाहित्यका सामग्रीहरू विभिन्न पुस्तकका रूपमा प्रकाशित भएका छन्। तिनै ग्रन्थहरूका आधारमा नेपाली लोकसाहित्यको छोटो परिचर्चा यस ग्रन्थको पाँचौं अध्याय र अन्यत्र पनि आवश्यकताअनुसार गरिएको छ। नेपाली लोकसाहित्य अनेकौं प्रयोजनका निमित्त रचित भएको देखिन्छ। नेपाली लोकसाहित्यका प्रयोजनमूलक उद्देश्यहरूलाई लोकसाहित्यका अन्वेषकहरूले आ–आफना दृष्टिअनुसार प्रस्तुत गरेका छन्। तिनीहरूको परिचयबाट लोकसाहित्यको अध्ययनमा सुगमता हुने ठानी सगुन, फाग, चैत, धुमारी, झोलाउलो आदिको संक्षिप्त चिनारी दिइएको छ। प्रसङ्गवश प्रथम अध्यायको पादटिप्पणीमा पनि यिनीहरूको संकेत गरिएको छ।

१. सगुन : नेपाली समाज परापूर्वकालदेखि नै धर्मप्रति विश्वास र आस्था राख्तै आएको हो। वैदिककालदेखि नै अनेकौं देवदेवी तथा परमेश्वरको आराधना गरी जीवन सञ्चालन गर्ने आर्यजातिको उत्तराधिकार प्राप्त नेपाली जातिमा आफना इष्टदेवको स्मरण गर्ने प्रवृति रहेको हुँदा प्रत्येक शुभ कार्यमा यो परम्पराको निर्वाह गरिएको पाइन्छ। नेपाली लोकगीतमा 'सगुन' शुभसूचक देवताको स्मृतिमा निर्मित्त रचना मानिन्छ। यो एक प्रकारको मङ्गलाचरण पनि हो। मङ्गलाचरण जुनसुकै कार्यमा पनि गरिन्छ। विशेष गरी धार्मिक सांस्कृतिक कार्यसम्पादनमा चाहिँ अनिवार्य नै हुन्छ।

२. फाग : नेपाली लोकगीतमा प्रयुक्त 'फाग' शब्दले नारीहरूका माङ्गलिक गीतलाई बुझाउँछ। कुनै माङ्गलिक पर्व वा उत्सवमा नारीहरूले गाउने गीतलाई फाग भनिन्छ। वेदी पुर्ने, फाग, गणेशजीको फाग आदि यसका उदाहरण हुन्।

३. चैत : नेपाली लोकसाहित्यमा अनेकौं चैतहरू छन् । चैतको अर्थ चरित्र हो । कुनै देवीदेवता वा विशिष्ट पुरुषको चरित्रलाई लोकगीतमा चैत नामकरण गरिएको पाइन्छ ।

४. धुमारी : नेपाली लोकसाहित्यमा प्रयुक्त धुमारी शब्दले धमार रागको स्मरण गराउँछ । धमार रागको रूपान्तर नै धुमारी हो । जस्तै गन्यापजीको धुमारी ।

५. झोलाउलो : यसको अर्थ ब्राह्ममुहूर्त हो । नेपाली लोकसाहित्यमा पाइने 'झोलाउलो' नामक लोकगीतले उषाकालमा गरिने प्रार्थनालाई इङ्गित गरेको छ। उदाहरण- मालिकादेवीको झोलाउलो आदि ।

६. ढुस्को : नेपाली लोकगीतमा ढुस्को शब्दले रोपाईं गीत भन्ने बुझिन्छ। जागेश्वरको ढुस्को यसको उदाहरण हो ।

७ भैनी : यो पनि रोपाईं गीत नै हो । कृषिकार्यमा लागेका मानिसहरू आवश्यकताअनुसार वृष्टिको कामना गर्दै यो गीत गाउँछन् । रिपु मल्लकी भैनी यसको दृष्टान्त हो ।

८. चाँचरी : यो वाद्य उपकरणसँग सम्बन्धित छ । अमरकोषमा 'चर्चरी फल्लरी चैव' भनिएको हुँदा 'चर्चरी' नै पछि गएर 'चाँचरी' हुन गएको स्पष्ट छ। 'रिपु मल्लकी चाँचरी' मा रिपु मल्लको चरित्र वा ऐतिहासिक इतिवृत्त समेत देखिएको हुँदा 'चाँचरी' शब्दले ऐतिहासिक कथात्मकतालाई पुष्टि गरेको छ। यसलाई एउटा लय विशेष पनि मान्न सकिन्छ ।

९. भारत : 'भारत' लाई 'भणाग', र 'हुड्केली' पनि भनिने गरिन्छ। दमाईंहरूले 'हुड्को' नामक वाद्यसँग यसलाई गाएर सुनाउने कुरा उल्लेख गरिएको छ । यसभित्र मोहिनी लगाउने तारतम्य पनि हुन्छ भनी विश्वास गरिए तापनि वर्तमान कालमा लोकमनोरञ्जन गर्ने गीत मात्र मानिन लागेको छ। वीररसले परिपूर्ण भारत गौरवमय गाथाका रूपमा प्रसिद्ध छन् । रानी मौलाको भणाग या भारत यसको उदाहरण हो ।

१०. गाथा : नेपाली लोकगीतमा प्रयुक्त गाथा शब्दले पुराना राजा, महाराजा, कुनै विशिष्ट महापुरुषको कथा वा चरित्रमा आधारित लोकगीतलाई बुझाउँछ । यसमा कुनै जातिका विशेषता वा देवदेवीका चरित्र समेत समाविष्ट हुन सक्तछ । यसलाई 'जितारी मल्ल, जालन्धरी मल्लको गाथा' बाट पुष्टि मिलेको छ ।

११. देउडा : नेपाली लोकगीतको प्रसिद्ध शैली हो देउडा । यसमा आंगिक परिचालनको नियम हुन्छ । प्रश्न र उत्तर वा विवृत्ति समेत प्रस्तुत गरिने यस

शैलीमा आफ्नै विशेषता हुन्छ । समूह गीतका रूपमा पनि यसलाई चिन्न सकिन्छ । युवा युवतीको प्रणयसंवेगलाई उच्च प्राथमिकता दिइने देउडा गीत आशुगीतका उदाहरण पनि मानिन्छन् । झण्डै झण्डै पूर्वी नेपालको 'धाननाच' जस्तो देखिने देउडा गीतको मूल थलो सेती र महाकाली अञ्चलको पहाडी क्षेत्र मानिएको छ ।

१२. माँगल : नेपाली लोकगीतमा विशेष गरी संस्कारसँग सम्बन्धित शुभसूचक देवदेवीको आराधना, बन्दना स्मरणसँग गाँसिएका गीतहरूलाई 'माँगल' भनिन्छ । 'माँगल' को अर्थ हो कल्याणकारी । यस्ता माँगलहरू नेपाली लोकसाहित्यमा प्रशस्त छन् । पञ्चकोशी देवताको माँगल, सूर्य–चन्द्रको माँगल, गृह निर्माण गर्दाको माँगल, दीपपूजाको माँगल आदि यसका दृष्टान्त हुन् ।

१३. चुट्किलो : नेपाली लोकगीतमा प्रयोग हुने चुट्किलो शब्दले पनि प्राचीन गाथा कथालाई बुझाउँछ । 'पाँच पाण्डवको चुट्किलो, राधिकाको चुट्किलो' आदि यसका उदाहरण हुन् ।

१४. झोडा : नेपाली लोकगीतले सांस्कृतिक विशेषताहरूलाई झल्काउने अनेक रचनाहरू निर्माण गरेको छ । झोडा वर्षचक्रमा आधारित लोकगीत हो । नववर्षको प्रारम्भमा, दशैं पर्वको उपलक्ष्यमा गाइने यस्ता लोकगीतहरूलाई झोडा अथवा क्रीडा पनि भनिन्छ । जस्तै विणुपर्व (नव वर्षारम्भ) को झोडा, दशैं पर्वको झोडा आदि ।

१५. भैलो/भैली : नेपाली लोकगीतका सांस्कृतिक विशेषतालाई झल्काउने भैलो अथवा भैलो तिहारमा गाइने एक प्रकारको पर्वगीत हो । यो नेपाली समाजका प्रत्येक गाउँ र बस्तीमा लोकप्रिय छ ।

१६. भुवोगीत : यसलाई 'भुवागीत', 'भुवोगीत' र 'भोसी' समेत भनिन्छ । यो गीत पुरुषवर्गले गाउँछन् । यो गीत खेलको रूपमा प्रसिद्ध छ । यसमा भाग लिने मानिसहरू हातमा खड्ग, राँका, दियालो आदि लिन्छन् र निर्दिष्ट स्थानमा भेला भई खेल शुरु गर्दछन् । यसमा पुरानो वीर परम्परालाई स्मरण गराइएको हुन्छ । अझ कतै कतै त यसलाई पुरुषवर्गको 'रतेली' पनि भनिएको पाइन्छ । यो खेल वा गीत कार्तिक महिनादेखि हेमन्त ऋतुभरी नै खेलिन्छ । यसमा खेलाडीहरूले केही माग्ने वा केही प्राप्त गर्ने चाहना पनि गर्दछन् ।

१७. कवित् : प्राग्भानुभक्तीय नेपाली काव्यको एउटा महत्त्वपूर्ण शैली हो कवित् । यस शैलीको प्रयोग विष्णुदास आचार्यदेखि नै शुरु भएको हो । यसलाई सुवानन्ददासले पनि प्रयोग गरेका छन् । कवित् शैलीको प्रमुख विशेषता हो– नायकका चरित्रलाई ओजस्वी शैलीमा प्रस्तुत गर्नु । कुनै युग वा कालखण्डलाई

अत्यधिक प्रभाव पार्न सक्ने युगपुरुषका विशेषतालाई रोचक र आकर्षक शैलीमा प्रस्तुत गर्दै श्रोता समुदायलाई वीरोचित कार्यहरूप्रति आकृष्ट गर्न सक्ने कवित्तले नेपाली जनमानसमा अनुकूल प्रभाव पारेको देखिन्छ । कवित्को उदाहरण पूर्वोक्त कविताबाट प्राप्त गर्न सकिन्छ ।

१८. खाँडो : यो नेपाली लोकगीतको एउटा विशिष्ट शैली हो । यसले नेपाली जातिको वीरताको परिचय दिन्छ । अतीतमा नेपाली जाति र अंग्रेजका बीचमा घमासान युद्ध भएको थियो । त्यस युद्धले नेपाली जातिलाई ठूलो धक्का दिएको थियो र त्यसलाई नेपाली जातिले कहिल्यै नबिर्सियून् भन्ने अभिप्राय लिई यो खाँडो गीतको प्रचलन शुरू भएको हो । विवाह–मण्डपमा खुकुरी हातमा लिई कुइरेको टाउकामा ट्वाक्क भनी समाप्त गरिने यो वीरगाथालाई नै खाँडो भनिएको पाइन्छ । अंग्रेजको विस्तारवादी नीतिबाट सशंकित भई पृथ्वीनारायण शाहले नेपाल एकीकरणको कार्य आरम्भ गरेका हुन् भन्ने करामा विश्वास गरिन्छ । पृथ्वीनारायण शाहको 'फिरङ्गानते फिरङ्गी' भन्ने कवितामा 'गोरेको तोडे बिना छोडी नही आवीन् मर्दौ मरना हैं' भन्ने उल्लेख भएको देखिँदा अंग्रेजप्रति उनको विरोधी भावना निकै स्पष्ट छ । उनको 'दिव्योपदेश' बाट पनि यस कुराको पुष्टि भएको देखिन्छ ।

उपर्युक्त वैशिष्टयहरू वर्तमान कालमा पनि प्रचलित छन् तर प्राग्भानुभक्तीय नेपाली लोककाव्यमा पनि यस्ता लोककाव्यहरूको अस्तित्व फेला परेको हुँदा तिनको सामान्य परिचय दिन मात्र आवश्यक ठानिएको हो ।

प्राग्भानुभक्तीय नेपाली काव्यक्षेत्रमा फेला परेका काव्यकृतिहरूलाई विषयवस्तुको मूल प्रवृत्तिका आधारमा वर्गीकरण गरिएको छ । यस्तो वर्गीकरण-बाट अध्ययन अनुसन्धान गर्न सुगम हुने ठानिएको हो ।

यस कालमा फेला परेको सर्वभन्दा टड्कारो विषय हो वीरभावना । वीर-भावनाको बीजाधान वि. सं. १४५० देखि नै भएको पाइएको छ । यस भावनाले नेपाली काव्यधारालाई युगौंसम्म पच्छ्याइरहेको छ । प्रारम्भिक अवस्थामा नै यस-को स्वर आशालाग्दो भइसकेको थियो । कालका उत्तरोत्तर क्षणहरूमा यो स्वर अझ मुखरित हुँदै जाँदा नेपाली जातीय पहिचानका रूपमा समेत मान्यता पायो । नेपाली साहित्यमा यस धाराले कहिल्यै मलिन हुनु परेको छैन । यसको प्रवाह आजसम्म नै घनीभूत भइरहेको छ । प्राग्भानुभक्तीय नेपाली काव्यकालमा वीर भावना बोकेका काव्यकृतिहरू यस प्रकार छन्–

कवि	काव्य
१. विष्णुदास आचार्य	बडेराजा मलयवम्म
२. पृथ्वीनारायण शाह	१. फिरङ्गानते फिरङ्गी
	२. बाबा नरभूपाल शाहको दुहाई
३. सुवानन्द दास	पृथ्वीनारायण
४. जीवनाथ कवि	वडो वंश बसनात
५. शक्तिवल्लभ अर्ज्याल	तनहूँ भकुण्डो
६. उदयानन्द अर्ज्याल	१. पुरानो बातको अर्जी
	२. पृथ्वीन्द्रोदय महाकाव्य
७. सुन्दरानन्द बाँडा	जनरेल खसम प्रभु !
८. राधावल्लभ अर्ज्याल	सांढ्याका कवित् १, २, ३
९. गुमानी पन्त	फुटकर कविता
१०. मौलाराम तोमर	कांगडा युद्ध
११. यदुनाथ पोखरेल	स्तुतिपद्य

प्राग्भानुभक्तीय नेपाली काव्यक्षेत्रमा फेला परेको अर्को प्रमुख स्वर हो सगुण भक्ति । भक्ति भावनालाई कृष्णका स्तुति वा चरित्रसँग गाँसेर काव्यवाणी प्रदान गर्ने प्रवृतिले प्राधान्य पाएको भए पनि राम र विष्णुको उपासनापट्टि पनि कविहरू आकृष्ट भएका छन् । नेपाली भक्तिवादी काव्यमा यस स्वरले वर्तमान कालसम्म नै पच्छ्याइरहेको छ। प्राग्भानुभक्तीय नेपाली भक्तिकाव्यमा आधारित कृतिहरू यसप्रकार सङ्कलन गरिएको छ-

कवि	काव्य	मूल आराध्यदेव
१. इन्दिरस	गोपिका स्तुति	कृष्ण
२. वीरशाली पन्त	विमलबोधानुभव	विष्णु
३. वसन्त शर्मा	१. श्रीकृष्ण चरित्र	कृष्ण
	२. समुद्रलहरी	,,
४. विद्यारण्यकेशरी	१. युगल गीत	,,
	२. द्रौपदी स्तुति	,,
५. यदुनाथ पोखरेल	कृष्णचरित्र	,,
६. लक्ष्मीनारायण	हरिश्चन्द्र विलाप	राम
७. रघुनाथ पोखरेल	रामायण सुन्दरकाण्ड	,,
८. रामदास	सीताजी	सीता (शक्ति)
९. हीनव्याकरणी विद्यापति	गीतवाणी	कृष्ण

प्राग्भानुभक्तीय नेपाली काव्यकालमा शृङ्गारिक भावनालाई काव्यको विषय बनाउने प्रवृत्तिको पनि विकास भएको देखिन्छ । यस कालका शृङ्गार-प्रधान रचनाहरू त्यति नलेखिए तापनि शृङ्गारिक सचेतता उत्तरोत्तर बढ्दै गएको पाइन्छ । यस कालमा भेटिएको शृङ्गारप्रधान रचना हो– हीनव्याकर्णी विद्यापतिको सातनायिका ।

यसै कालमा शृङ्गारमिश्रित अद्भुत रचनाका रूपमा उदयानन्द अर्ज्यालकृत 'बेतालपचीसी' लाई लिन सकिन्छ । प्राग्भानुभक्तीय काव्यक्षेत्रकै वंश वर्णन सम्बन्धी काव्यप्रवृत्तिमा संलग्न उदयानन्द अर्ज्यालको 'वंश वृत्तान्त' काव्यलाई अगाडि सार्न सकिन्छ ।

यस कालमा नैतिक चेतना प्रसारणमा प्रवृत्त काव्यको रूपमा रामभद्र पाध्या रेग्मीको 'बधुविनयाष्टकम्' आउँछ । योग र भाषा चिन्तनलाई प्राधान्य दिने काव्यका रूपमा दैवज्ञकेशरी अर्ज्यालको 'गोरक्षगुरु' लाई प्रस्तुत गर्न सकिन्छ। आत्मव्यथालाई काव्यको रूपमा प्रस्तुत गर्ने चेतना कवि सुन्दरानन्द बांडाले प्राप्त गरेका छन् । उनको कविता 'आशानदी' शीर्षकका रूपमा प्रकाशित छ ।

प्राग्भानुभक्तीय सन्तसाहित्यमा प्राप्त सबै कविताहरू संकलन नगरी प्रत्येकका एक एक वटा रचनामात्र संकलन गरिएको छ । यिनीहरूको संकलन क्रम यस प्रकार रहेको छ–

सन्त/कवि	रचना
१. धिर्जेदिल दास	निर्गुन भजन
२. शशिधर	सच्चिदानन्द लहरी
३. पृथ्वीनारायण शाह	गोरखनाथ भजन
४. धौकल दास	रागवाणी
५. मोक्षमण्डल	निर्गुन भजन
६. प्रेमदिल	रागवाणी
७. निर्वाणानन्द	रागमालश्री
८. अभयानन्द	रागवाणी
९. श्यामदिल दास	राग निर्गुन
१०. अच्युतदिल दास	निर्गुन भजन
११. धर्मदिल दास	रागवाणी
१२. सतदिल दास	श्रीराग आरती
१३. अगमदिल दास	राग निर्गुन

१४. धरणी दास — रागवाणी
१५. कमल दास — रागवाणी
१६. मंगल दास — भजन
१७. अखण्डदिल दास — श्रीराग आरती

ग्रन्थविस्तारका भयले सन्तवाणी सबै दिन नसकिएको हो ।

प्राग्भानुभक्तीय लोककाव्यको विस्तृत क्षेत्रबाट पनि केही प्रतिनिधिमूलक रचनाहरू समाविष्ट गरिएका छन् । सङ्कलनमा परेका प्रमुख लोककाव्यहरू यस प्रकार छन्–

१. जितारी मल्लको चैत
२. रिपु मल्मको चाँचरी
३. भागेश्वरको ढुस्को
४. नाग मल्लको धमारी
५. नाग मल्लको भैनी
६. गन्यापजीको भोलाउलो
७. सगुन– १
८. रानी भौलाको भारत

पौरुषेय लोककाव्यबाट सङ्कलनमा परेका रचनाहरू–

१. गन्यापको भोलाउलो– चाम बलायर
२. गन्यापजीको धुमारी– चन्दन भाट
३. पहिला झयाउरे– गोन्यासिरस मानवीर खत्री
४. लोकगीत– रत्नाकर पण्डित

ग्रन्थविस्तारका भयले प्राप्त सबै लोककाव्य समावेश नगरिएको हो ।



परिशिष्ट

विष्णुदास आचार्य

बडेराजा मलयबम्म

जन राजा मलय बम्मले
आकाश खाँडो प्रकाश्या पाताल खाँडो प्रकाश्या ।
प्रथम राजा बडेराजा मलय बम्मले
खाडा चक्र दरिवार उजुलाया ।
मनसुर लाया देशमै हरिद्वार लाया ।
दोबन्या गाड़ु आया हाटबाट मनसुर लाया ।
अलखनन्दा भागीरथी खाँडो प्रकाश्या ।
तवं राजा मलयबम्मकी महाराजी भैछ ।
वांपछि राजा मलय बम्मले मनसुर लाया ।
दिल्लीका सिंहासन डेढ दिन
गादी बैठी हुकुम फिराया, जोधपुर जाइ टीका फिराई ।
तवं राजा मलय बम्मकी महाराजी भैछ ।
वां पछि राजा मलय बम्मकी नारायण हरि हरिसन भैछ ।
सातसय सुजोली मारी सातसय बुडौली मारी
सुजोली बुडौलीका लम्बै पहाडका
प्रढाल ढाल रुपौला पाया ।
तवं राजा मलय बम्मकी महाराजी भैछ ।
चीनदेश जाया चीन मान्या,
दक्खिन देश जाया बङ्गाल मान्या-
श्रीमोहर खाँडो प्रकाश्या ।
तवं राजा मलय बम्मकी महाराजी भैछ ।
वांपछि राजा मलयबम्मकी
नारिउल देश जिताया, काशी सिउकान मान्या ।

सेरो सुन सिउकानबाट आया ।
तबं राजा मलयबम्मको महाराजी भँछ ।
बांपछि बडेराजा मलयबम्मले
लिगलिगकोट पुगी सङ्कट पाया ।
नेपाल काठमाडौं लाया, पशुपति गुर्जा चढाया ।
फुलबारी बास बसाया, आसा-गुर्जा आया ।
तबं राजा मलयबम्मको महाराजी भँछ
बांपछि राजा मलयबम्मले
दाङ मार्‍यो, भिरङ्गी मार्‍यो, तुगल मार्‍यो, मुगल मार्‍यो ।
डोटीराज जाई हैकम फिरायो, गढुवाल जाई सिरतु सिधार्‍यो ।
गुगुचे जाई हैकम फिरायो, चारैं राजन्य बोलाया ।
कुमाउ राजा नारिउल लाया
डोटी राजा जिल्ला चोइला लाया
सेराली राजा चडो चडाया
छत्याली राजा छतरी लाया
सल्यानी राजा तुरग लाया
बफाङ्गी राजा बाना फिराया
पोख र आलम-सिक चढाया
वङाली राजा दाडु चढाया
वैजनाथी राजा चूला-ताउलो लाया
रौतेला-पौतेला लावा-लस्करका भोग-भोर्जन बनाया ।
बूढीगङ्गा जाई खांडो प्रकाश्या ।
तबं राजा मलय बम्मको महाराजी भंछ ।
बांपछि राजा मलयबम्मले
मनसुर लाया, खाडाचक्र हाट लगाया
लामा वान्दा सांध लगाया
खोचेरा बेरुटा लाया
कहडो कुवाका दार
दुल्लुका कारिन्दा केवार दार
दुल्लुका सवारदार हतसार खोचेरा दिया बाल्या ।
अढाई वर्षका पूजा भया ।
नाभिस्थान जाई दीप जलाया ।

मरहट्ठका मरिच भाया
घोडा पुजदा मरिच भया
बाउत खेल्नु तेल भया, लामथाडा अस्टमी मान्या ।
मलयतबँ राजा बम्मको महाराजी भँछ ।
खाडाचक्र दरिवार जाई राजतिलक भया ।

— विष्णुपद

[यो रासकोटी–नागवंशी शाहीको वंशावली सेती अञ्चल दिग्दर्शन पृ. ३१६–३२१ मा प्रकाशित भएको छ । संग्रहकर्ता पूर्णप्रकाश नेपाल, ग्रन्थ प्रकाशन वर्ष २०३५]

'वीरकालीन कविता' बाट साभार



पृथ्वीनारायण शाह ?

फिरंगानते फिरंगी

(वि. सं. १८३१ पूर्व)

फिरंगानते फिरंगी सुनो कास्मिली ... ...
माजिके बगलमें इताएके एता गुमान् तेरा है ।।
एक्ते... ... ...
गंगुल् उहर्वेगोल् तुन्द्रे रजफ् तौने नही टेरा है ।।
बुरिवा... ... ... का चढाजी
मद्दत्कीनि भोगे नहि नेपाल् चारो वोन् धरा है ।।
रानाको भैया नरभूपाल साहजीकौं छैया
उतरादेको बसैया पृथीनारायण नाम मेरा हैः ।। १ ।।

फिरंगानते फिरंगी दल दमडी आए चन्द्र सूरजको छुपाए
टेढी चली लस्कर भाउ लालें लाल् तों तरन है ।।
तोप चल्यो तुपुल् चल्यो मेइनी उलट् पऱ्यो
गोरेको तोडे विना छोडी नही आषीन् मर्दौ मरना है ।।
बाबा नरभूपाल साहजीकौं दुहाइ हम्
तो राना राजपूत पादे अंगुरी मार ही पर है ।।
यो म अंसको धरम् जोर जुनविको सरन्
मेरो तोंमरी साए कुन बइम्बाजीको चरन है ।। २ ।।

फिरंगानते फिरं लर्न लाग्यो उल्का जर्न लाग्यो
आंधी सर्न लाग्यो बिजुली चमकन लाग्यो ।।
ककोलि चारौं वर वेहेरा टोपी गीर्न लाग्यो
प्रेतात्मा फार्न लाग्यो र सफुल् फजित् फैत् उठो ।।

कवायत् बोल्न लाग्यो पऱ्यो कालको पहरालो
हुन दिया बल्न लागि माई मुहु सो कहन लागी ॥
एवे रजोर जुन बोई केते वीर रघ है राजा
रोज गर्नै सिपाहि नहो तो बावा राजन्मे राजा साह ॥
प्रीथीनारायण साह है ओन्न कुता विलि ठहरा ॥ ३ ॥

'वीरकालीन कविता' बाट साभार



पृथ्वीनारायण शाह ?

बाबा नरभूपाल साहकि दुहाई

(वि. सं. १८३१ पूर्व)

आज मेरा सपनामा येक चंद देख्यां २
हातिका चाल लसक् ३ घोडाका चाल बुरुक् ३ ।।
ऐसा त खूप् सुंदरी जल जमुनाका नीर
तीर में कानका लोती तरक् ३ ।।
ऐसा त खुप् चूनरि पामरि फरक् ३ ।।
फिर तो बाजा दम् ३ ।।
फिरंगान्ते फिरंगि दल उमडि आयो चांद सूर्य कों चपायो
टिडि चलि मानों लालै लाल तो वर्ण है ।।
तोप चलो तुपक चलो मेदिनी उलट परो
गोरे कों तोडे विना छोडो नं आबिर्नतों मर्नु है ।।
बाबा नरभूपाल साहकि दुहाई हुं
तोरा नारजपुत संग्राम तें पाछे अंगुरो भर्नेतरना ।।
सोम वंसको सरं जोर्ज्जुनविको धरम्
मेरो तो मोर सा जगदंब्बाजीको चरण है ।।
साद्धार्द्धारण मै पर्वत् पहारन मै
जंगल उजारण मै पानि फिरंतन यगु नर है ।।
जाके जहाज पर जगत्तारणि भवानि
सोलै श्रृंगार ... ... विचित्र तंड नरहिये ।।
सिद्ध सुनो साधक सुनो सकल परम सुनो
देवीजीको वरजाको ताको कौन डर है ।।

'वीरकालीन कविता' बाट साभार



सुवानन्ददास

पृथ्वीनारायण

(वि. सं. १८३०-३१ तिर)

... ...
... ... को कसार है:
सजई सपना भया ... ...
ा का दरिसन विसेस्वरका पास है:
पांच ... ... वेगि दरिवार है:
कंम्मर कटारि मोरि ढालतरवार है:
ईस्वरको डोर लागि अब जाम्ला कासि है:
ला ... निसाना भया दौडि भया असवारि है:
काटि कुटि कटहर वट ... ...
... ... कि चौकी तर उतरंला पार है:
मध्य पठान बोलिके कौन्या रूप कौन्या भाति
कौन्या आयो आदमी है:

कहिये जो गंगा पुनि ... ...
... ... प्रतापि राजै पृथिनारायनसाहि है:
गंगामा डुबुल्कि लिई मणिर्कणकामा अस्नान गरि
विसेस्वर जल ढालि कुसासन चौकि वसि
माथमा मण्डल छाई पिण्ड परधान है:
तरपर ... ... कंचनको दान है:
होम जग सतरुद्रि दिया गजदान है:
त्रिपटि ब्रह्मनलाई भोजन था ... ...
... ... षाड पकवान है:
बैठी राजै सिंघासन आफू षान्न प्वान है:

काजुपाडे माझी जैसि बाहुन् नानि मन्तरि बोलाव है :
घर थोकि भारदारि जेठा बुढा सरदारी
पाचई परमेश्वरि सांराम उठाव है :
हंसरूप धरि बिम्सिन्को सरूप गरि
भुमराको भेस गरि सुनई लुटाव है :
क्षेत्रीको करम गरि पापई छुटाव है :
कोटिलिंग कोटि टेकु नगर कि ढोका छेकु
पसुपति पुजा गरि तव लाम्ला पाति है :
पसुपति पुजा गरि तव लाम्ला पाति है :
पुरव कि बानि पानि नेपाल कि सुनाषानी
सर्वं नर पुन्या दानि छुटि दानमान है :
तनहोले घट लुज्यो पालपाले मुटु मिज्यो
कसक्यालि उदेषायो पर्वते विलषायो
छलियो पिउठानि है :
अब जाउला निलकंन्ठ सिबुक्षेत्र पसुपति
तलाउ मंचन् वाग्मति गोकर्ण गुज्यास्वरि
विस्नुमति व्रत है :
मध्यानकि मनोधरि सवेर अस्नान गरि
जव तिल कुस धरि कंचनकि झारि भरि
कवल पहुप सारि दुहु वाहुलि कर जोरि
तलेजु वुझाव है :
आजिपुत्र पारी जात्रा षंजिकमा महिक सुत
आत्र चन्द गंन्ध धुप द्रिपक नैवेद चधाव है :
चौडंडिका सांध लागि हेटुडाको जागत षाई
डिल्लीको मोहोर ल्याई नगर पाटन मिचिकन
रजाई चलाव है :
पुर्वको काम सांधि सुगुद सुवई राधी
ज्यामिर बधुक सांधि देसको तारका बाजि
मर्दका महाराजि सुर्ज्या कृणि जैस्व
राजं लिया रूप है :
लाहुरि नेपाल गई दुदकोसि सांध लाई
ल्याया गजमोति है :

झिल्लीमिल्ली तरवार विज्युलि कि जोति है।
गोकुल पुग्यो नुंवाकोट कृष्णअउतारि है :
घानमा लाग्यो बान पंन्द्र सहे गिडा परे
वाह्लवटि सति चले घेरे लामुडांडा है :
तुरहि तुरहि बाजे भेरि तोप कर्णालि है :
झिना फां करकाई फादाफुदा लरकाई
बाथमा अम्बर छाई भया असवार है :
देउघाट जाई राजं माच अंसवार है।
नेपालको सिन्कि लुटि मंरातको घिले मुटि
पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो
तनहुंको भातसित भोर्कोटको दालसित
कन्चन कटोरा भरि स्ववर्णका थलिया भरि
अष्टदल चौकि बसि गंगाजल झारि भरि
पुरुव मुहुंडा गरि माहाराजको जिउनार बनाव है :
षानु साहि दाजुभाई दरजनी मान है :
षानु साहि चित्त जोरं तनहुं तंग तोरि
आफु ती नेवान्या जाति वोल्छ ता ललितपुरि
आफु ता मजमकुटु तंरो ता वलियो मुट्ठ
नाम रह्या गजानि धरम तपरे तरा भरले ते
वगर छुट्यो तांति ककनि को लायो सांधि
नुगामा सन्ताप सह्या जिवको येकलो भया
धनको दुवलो भजा भोककं भोर्जन नाहिं
काम करुं दाहि नाहि बतयेको कर्म नाहिं
ठंण्डिसं वस्त्रा नाहि राजंभक्ति कृति जानि
लाउने सुवानन्ददास है :

सुदवा असुदवा ममदा

'वीरकालीन कविता' बाट साभार



शक्तिवल्लभ अर्ज्याल

तनहूँ - भकुण्डो

(वि. सं. १८३९ तिर)

मंत्रि सागर षनाल छ वाला
पाँचको छ सब गान्तिन चाला ।
कालु जंसि परिदारत राला
तेस ढंग तनहूँ कति पाला ।। १ ।।

धायको छ लमजुंग मकुण्डो
कास्कि बाँध सुनको छ षुकुण्डो ।
पीउठानि कन देउ सुकुण्डो
मारि लेउ तनहूँ त भकुण्डो ।। २ ।।

'वीरकालीन कविता' बाट साभार



उदयानन्द अर्ज्याल

पुरानु बातको अर्जी

(वि. सं. १८४३–५० तिर)

श्री अँश्वर्य सँगै भुवन् पृथ बनी वीर्धेयितीमा अनी
तिन्पुस्तासँग नाति साथि जितमा कस्मिलिल जित्वात् पनी ।
सद्धे ध्यान् हित योगिमा यछ वनी श्री पृथ्विनारायणी
अक्षर्मा न ति भैं ति पूर्ण पदमा हे नाथ स्वैं गाथ् धनी ।१।

चौबिस् बाइस लाष विस् सँगमहाँ बाउन्न कुत् भुत् बनी
जञ्जाल् जाल जलाल लस्करि घना पत्थर्कलामा पनि
जव्वर्यउँमरा वराह चहुँवंसाँध् सव् मिल्याका वनी
कायम् पाहड चक्रवर्ति नृपमा पृथ्वीन्द्र ईश्वर् भनी ।२।

माँहाराज् पृथिवीन्द्र साह नृपका अष्त्यार नायक् बनी
चौबिस् बाइस राज्य दिग्विजयमा औतार्भयाका भनी
श्री बाहादुर साहदेव थितिमा चार्वजंम्याजन् गनी
चाकर्बंस वुवाज्युको छ कविलास्पुर्हान्न जान्या अनी ।३।

भन्न्या अर्जि र मर्जि पाइ प्रभुमा दिल् मिल् भयाको असल्
त्याभैँ ज्वान् कचिलासपुर्दलनमा गर्दै रसद्को तसल्
चार्वफौज जम्या डंडाक् कनि नकल् सम्सेर्पना भै फसल्
बाजे वीर वरन् कुक्यो चहुँदिशा तप्सील् छ संक्षेप् असल् ।४।

मुष्त्याखसि सरुप् कजाँनि पगरी क्षीनाथ कम्पिन् पनी
अैमान् सिह पुरानु गोरष संगै हित्काजि दोश्रा बनी
सर्दारपरिथवीर् भंडारि संगमा भै देविदत् कुम्पनी
षर्घसथि वराह सङ्ग उमरा सङ बन्धु राना अनी ।५।

तेस्रो वख्त छ यो लडाजि तनहौं मिल्दा र फुट्दा महाँ
चौविस्का पछि लागि भुप् हरकुमार्दत्सेन नाच्दा जहाँ
मद्दत् फौज् अघि विस्नुमल्ल नृपमा जम्मा भयाका वहाँ
गाम्ठाम्का उहि वंश लस्कर महाँ विस्तार्सकिन्छन् कहाँ ।६।

वेल्कोट् साफ भयो र गाइ द्विजमा भर्पर्छ गोर्षा भनी
गछ् भै जैंसि जम्या र पक्रन महाँ श्री सिंह नायक् गनी
गंया घाइ डँडाक् अडचो जङ्गलमा भन्दै ति जैंसी पनी
घाया बिन्ति जयप्रकाश बहना भै धुम् धडाका वनी ।७।

काली गोरष थर्सहाय नृपका तत्पूर्ण हिंसत्वमा
कृस्णार्ज्जुन् मिलि भार पूर्ण विच कै फल्को कलक् कंसमा
दाता जान्दइ विस्नु मल्ल नृपका दातव्यका अंशमा
रिस् गर्दा रणजीत भूपति कुद्या भै जंग विध्वंसमा ।८।

स्वै गज् जैंसि उठचा उठाइ कहिं क्यै टुट्फुट् रजौटा अनी
अछ्यारै ढप थाह भै चहुँतरफ् स्वैपूर्व पश्चिम् गनी
मारा केहि गया गल्या जइसिका पन् फुट्कराजन् पनी
डांड्या केहि प्रयोगमा पसिमिल्या यै धुम् धडाका बनी ।९।

बिच् माँहा कविलासपुर् सर गरी दातव्य छोड्दै अडचो
क्यै वाइस् चउविस् मिल्या फगि हुँदा आड्मा फउज् क्यै बढचो
हो हो काहल हेरि फेरि लड लौ डंकादि गोर्षा चढचो
काली गोरष फौज वर्णन असल् गाथ्का अगाडी पडचो ।१०।

उस्तै ध्यान अनेक जोगिसंगमा छन् जोगिनी-सङ्गमा
देख्न्या चौविस गैह्र वैरि तनहौं हाहा पऱ्यो हङ्गमा,
च्यात्छन आड कुँढा षुँडा र षुकुरी सम्सेरका रङ्गमा
भाग्या गैह्र तन्हौं वहाल रणमा फत्यै भयो जङ्गमा ।११।

क्ये धेलोत् परि वैरिभागि त गयो आड् कोट कायन् भयो
गोर्षा पट्टि त एक् जवान् कन बडै घा लागि बाँचदै रहचो,
पायो खर्च इनाम खिल्लत असल् सम्सेर्पना हित्कहाँ
जित्सै त्यो कविलासपुर्कटकमा विस्तार यो भैगयो ।१२।

स्वं ठाम् काजी सरुप् अडेर दुइ वर्काजी र सर्दारिनी
सोमेश्वर्पुर हान्न सङ्ग भरि रसद् जम्दै गया फौज् पत्ती,
श्रावण्मा अधिको कटक् भदउ यो ढाङ्गढुङ्ग भन्या भाव् पनी
ठिक्कं भो रणिमा रणा व्रुजि बन्यो विस्तार गाह्लावती ।१३।

चितवन बन विल्का फेरि वाहाल् चलाया
चहुँदिश पनि वैरी बैरिका पित् गलाया,
वरिपरि बसि वैरी मन्मनं मन् जलाया
छुटफुट पसि आया गुन लिया काम लाया ।१४।

संजवटसंग माँहा रौतहट् साथ धायो
मिलि छलि मकुवानो वर्ष वरस् ढांटि खायो,
बुझिकन थरघर्गे प्राचिनं सांध आयो
सहज मिलि मधेस्का रैतको फौज धायो ।१५।

अकवरि अकवर्का छाप् असर्फी लियाका
रयतसंग लिकायत् चौधरी गाँसियाका
फउज षसि र माछा वस्त्र तेल् घ्यू लियाका
नृपति दरस अम्मृत् मूर्तिमा रस् पियाका ।१६।

आम्छन् सब् जिम्दिार्असर्फि कपरा पट्ना नजारान् गरी
लाग्या तङ्गि असर्फि माल चंहुवर्पट्ना भकारी भरी
जोर्छन् हात खडा भएर चहुवर्मिलछन् तसल् दिल् धरी
ईश्वर् सिंहप्रताप शाह नृपमा गाथ् कैं प्रजा मन् परी ।१७।

अर्जि बात छ पुरानु तं ताँहाँ
कीर्ति नीति तपसिल् गरि जाहाँ
त्यागिरुन् कवि अनेक् रितमाहाँ
दान् षरच् गरि पुगोस् न त काहाँ ।१८।

काँमधेनु नृप कीर्ति सकल्मा
भुपराज पृथु कर्जि अकल्मा
विष् र अम्मृत पियाइ नकल्मा
सृष्टि एवै छ थिति चल्छ अदल्मा ।१९।

फर्त्यैं भै दुई पुर्सरूप्कन त क्यैं क्यैं जो थियो सो फुक्यो
लाल् चन्दासित आरज्या तिरथमै काँध्मा जनै खुप् झुक्यो
मुखत्यार्लस्करमा महक् चहुतरफ् क्यैं खर्च ज्यादा चुक्यो
विस्तार्छन ति समर्थिया चहु दिशा क्यैं काल पर्दा ढुक्यो ।२०।

सर्दार्हिं कविलासपुर्गढमहाँ स्वैं कम्पनीसङ्गमहाँ
सोमेश्वर्अंइमानसिंह ति रह्या हित्कुम् पनि स्वैं जहाँ
गोर्षामा बलि बानिजाँ महुतरी मानूसाहि क्यैं रात्महाँ
डिठ्ठामा धरणी ति जोसि थरमा अर्ज्याल् रह्याका तहाँ ।२१।

तिन् लोत् पारि नयन् विभूतिको दस् लोत पार्दा पनी
चिन्हल् गर्द्धन छातिका लटकमा रुद्राक्ष कण्ठा बनी
विस् लोत् पारि त ढालका सँगमहाँ घण्टा चँवर्छन् गनी
यक्लोत् पारि त लट्पटाजि पगरी ज्वान्का चिन्हल्मा अनी ।२२।

ठाडो ब्राह्मणको तिलक् सँगमहाँ हित् क्षत्रिको राम् तिलक्
तिन्धर्ज्या षसको तिलक् उहि नकल् लालधेर्मगर्को तिलक्
यै ढप् सिन्धुर क्यैं गुरुंकन तिलक् नेगीक जल् यैं तिलक्
धर्का तेर्छि दुवै ती जैसिकि तिलक् वर्भूद्र यक् बुंद् तिलक् ।२३।

जात् काम् चन्धनमा पुसाक थितिका देखदै ठहर्न्या अनी
नक्कल् पारि छुपाइ भेस कहिं क्वैं आया गर्न्या ढाँट् पनी,
चाँडै सास्ति समेत पाइ थितिका जालमा मिल्यो त्यो बनी
यस्ता न्याय थिया बुढाहरू महाँ हुन्थ्या अटनित् भनी ।२४।

भन्या केहि कतै कतै अरु कुरा धर्ममहाँका अनी
न्या अन्याय त जो जहाँ जति सुन्या सन्ध्या जप्या कैं बनी
अर्कैका झगरा कुरा हित हुन्या सन्सारी माया पनी
क्या आश्चर्य रहेछ मोह भवमा हित्सङ्ग लौ लौ धनी ।२५।

सहर्गोरषा कान्तिपुर् तष्तमाहाँ
नृपत् न्यायमा विक्रमादित्य जाहाँ
वरा् चारवर्देशमा कीर्ति जाहा
सबै विन्ति विस्तार यो सक्नु काहा ।२६।

सुभम् ढाक्र्या उदयानन्द जोसि अर्ज्यालको हाजिरी ।

'वीरकालीन कविता' बाट साभार

उदयानन्द अर्ज्याल

पृथ्वीन्द्रोदय

(वि. सं. १८७० पूर्व ?)

कस्ले वाह्र वरस्महाँ समरको वात् जान्दछन् लोकमा
वाह्रै वर्षमहाँ गरेर झगरा सल् भो सिह्राचोक् तहाँ।
तस्ता भूप सुरा बुझ्या चहुँदिशा आया भुरा कावुमा
पृष्टी शुद्धि गर्‍या सहज् चहुंदिशा कीर्ती छ जाहाँ तहाँ
बानी ईश्वरको निशाफ् नृपमहाँ आया मधेस्का तहाँ
क्यै भोट् आइ मिल्यो सहजमा ठर्रा मिल्या सङ तहाँ
पत्थर् तोडनमा छिना तव लिया पाजिन् दिया जङ्गमा
वन्छन् सार अपार संगति भया मन्या लिया सङ्गमा
आकास् क्यैं नृप मन् लहर् चहुंदिशा मारा त तारा बन्या
विच्मा गादि उपर् ति भूप रहदा ठिक् सूर्य जस्ता गर्‍या
सप्ले सीर झुकाइ विन्ति नृपमा पैल्हे विवाहा भन्या
अश्ध्यार् यज्ञ गरौं र लौ हुकुम भो सल्पत्रका धुन् बन्या
पैल्हे यज्ञ हवन् र दिन् दिन सधैं काली र गोरष जती
रिझ्नान् लाई प्रसाद भूपकुलमा अंस्श्वर्य होला अती
वैरीको दिनदिन् षती समरमा गर्नन् ति गोरष् जती
तव् हाम्‌री छ मती गती गगनमा भन्या छ क्या सब् तती
रसले जाइ त देशमा गरि विभा मक्वानिका तष्तमा
देश्को देषि रपट् रमाइ फिरि वर् गोर्षा रह्या जङमहाँ
काशी प्राग गया भया भुवनमा सव् वात् बन्या रङमहाँ
सल् बाधी अधि पितृ ऋण् तिरनको वाराणसी सङमहाँ

प्रस्थान् यष्टि किरिच् दवाइ बिचमा सब्ले लियाका जहाँ
विश्वेश्वर्मनमा धरी हरि पुग्या काशीजि गङ्गामहाँ
गङ्गास्नान् शिवको दरस् गजसहित् चार्पिण्डदान् गोत्रमा
मैं फिर्दा रण भो हटाइ यतिको पाया दरस् वर् तहाँ

× × ×

नेपाल् पाटन भादगाउँ भनि ता सल् हुन्छ आपस्महाँ
नेपाल् मुद्दत गो र कान्तिपुर भो नेपाल बुझन्या तहाँ
घातका सङ्ग त रङ्ग छन् डरि सबं हाहा त गर्छन् जहाँ
आपना देशि टुटाइ देशि सुखिया छन् सब्नु विस्तार्कहाँ

× × ×

चारौतर्फ निसाफ न्याय थितिका वेद् शास्त्र जान्या असल्
भारत् चाणक भागवत् शिवकवच् पद् लिङ्ग शास्त्रै तसल्
कोष् ज्योतिष् रित कण्ठमा गरि सफल् पह्र्यां गऱ्याका कसल्
चौतारा बनि भूपका सुहृद जन झक्छन् जहाँ सो असल्

साम् दान् दण्ड र भेद भूपकि सुहृद् भण्डार राज्गढ् अनी
सेना षर्च विहक् र हक् गरि विचार् सवै काजि बन्छन् बनी ।
सर्दार्का बुझि काम षर्च तनुषा भर्छन् ति जन् सो गनी
पह्र्यांमा पनि शास्त्रपार तनुका काजी कहिन्छन् अनी

राज्राज्का गुण काज् विचार गरि वषत् सेनाकि मत्गत् वहाँ
गोडाका अगुवा चिवा जइसि जन् औसर् बुझ्याका तहाँ
माता पितृ नृपत् निमक् समरहित् ब्रह्मेन्द्र जान्यामहाँ
पह्र्यां शास्त्र अनेक शूर रितका सर्दार कहिन्छन् जहाँ

घेरका सांध सिवांन ठेक जिमिदार् वन् षानि पाषा गनी
दफ्तर् घाट जगात राजकरका हित् बाज्वी कौडी अनी
रांगा भैंसि र गाइ वाष्रि षसि वर् चाकर् गयर्का धनी
प्राणी जो जति छन् जमात गरन्या हुन्छन् उमारा पनी

जाहाँ शस्त्र अनेक विरुद्ध बुझिन्या लोहार तम्मा गरी
दाता गान सुरा र गाजिनघरो दमाजि स्यून्या गरी
जुत्ता वाहन सार्कि गैंह्र छलमा थल्थल् दवड्छन् छरी
देश्‌देश् पूर्ण चिवा थरी हरि घरी वुझन्या जहाँ श्रोहरी

गीता चाणक कण्ठमा छ जसका सव्वै सिपाहीमहाँ
घोक्या शास्त्र र कण्ठ भो जति भन्या त्यो मिल्छ दर्जा तहाँ
सारा गैंरहका पियारि जन वर् छोरा सहितका वहाँ
रुचछन् पुस्तक सारदा रुजि सबै छन् ज्वान गोर्षामहाँ

गोठाला पनि षेलको रित गरी पञ्चाङ्ग गऱ्या जहाँ
लाठ्या हानी तवल् सधाइ षुकुरी सव्ले भिऱ्याका तहाँ
गोरषनाथ युधिष्ठिरै थलमहाँ छन् न्यायका हित् वहाँ
तप्छन् हित् नृप द्रव्य शाह जिज्युका विस्तार् सकिन्छन् कहाँ

× × ×

प्रथम् पुत्र वालष् धरि अङ्गमाहाँ
तसल् रानीको काजि भै सङ्गमाहाँ
उठ्याका प्रजा षेलका रङ्गमाहाँ
ढुकाढोलछैंको वहान् जङ्गमाहाँ
ढुकाढोलका टोलवाला जम्याका
सधैं पस्‌पमा चारवाला ठम्याका
किलागल् पस्या भूपमा वयँ गम्याका
बुझ्या भूपले गोरिघाट् आंट् जम्याका

गया भूप गुह्येश्वरीका चरन्मा
गऱ्या पाठ जपतप् पऱ्या षुप् सरन्मा
जम्या दिन त छत्तिस् पुग्या वयँ तरन्मा
भयो स्वप्न जान्या थप्या जप् वरन्मा
फउज् भित्रिया आफना संग धारी
वषत् स्वप्न सायत् तहाँ ठिक्क पारी
वज्यो वीर रस् राज सायत् त सारी
अधिक् छन् ति बिस्तार् छुट्या वर् तयारी

हिड्यो स्याह कुत्ता अघिल्ला पयर्मा
जल्यो खड्ग गुह्येश्वरीको वयर्मा
गन्या सङ्ग प्रस्थान् धन्या मन् गयर्मा
भुल्या भूप भूमारका षुप् फयर्मा

फउज् आइ नक्सालमा राषि डेरा
महीषी इशारा बुझ्या राषि घेरा
नगर्कोटि नागा भन्या षेत सेरा
भन्या भूपले देशि छन् ज्यान मेरा

छ मैन्हा बित्याछन् र सल्मा सहर्ली
प्रवर् क्यैं मन्या षाई पेडा जहर्ली
संगै क्यैं मन्या डोरि पाला नहर्ली
सह्या भूपले औरमा क्यैं लहर्ली

महीषी र साहेब् इनार् वास गर्‍र्या
हिरा खाई स्वै काजिको प्राण हर्‍र्या
षजाना ढुकाढोलको नाल भर्‍र्या
षराप् भूपको मैं षजाना त पर्‍र्या

× × ×

टुट्या घर् लुट्या जन् सहर्मा
कुद्या मन् अदल्ले छुट्या जन् डहर्मा
नगर्कोटि नागा दवड्छन् सहर्मा
छुट्या कैं नकल् गाई भैंसी महर्मा

तलप् फौजको युद्धतक् ठिक् गरौंला
सिधा पानी दिन् दिन् समर्मा भरौंला
समर् ज्वांनको हो संगै षुप् लरौंला
मन्या इन्द्रका लोकमा गैं सरौंला

इनै वाहनाले नगर्कोटि रुक्छन्
प्रवर् मागि नागा सधैं साथ छुक्छन्
कहाल् वीजुरी घोप फुक्तै त थक्छन्
चतुर् भूप छन् धन्महां लक्कर्कै छन्

गजुर तोडि क्यै मूर्तिका ली गहाना
लडाञी सराजाम् छ थप्को बहाना
फउज्मा त लक्पक् सधैं हुन्छ वाना
समर्सार छन् जय्प्रकाश् मर्दवाना

सिरापा रहेय् युद्ध सम्सेर पाना
हमारा गया प्राण दो जयत्राना
इतै वात् सधैं गर्दछन् हेरि वाना
बुंडा पक्रि भन्छन् करो बेस ठाना

भिन्याको छ सम्सेर शिर्पाग फल्की
कमर्वन्दी जामा ढुवाल् ढाल हल्की
दुसाला सिरा मोतिमाला त चल्की
नगर्कोटि नागा सहित् ढल्कि-ढल्कि

हमेस् दिन्महाँ पन्ध्र विस् संय्ल हुन्छन्
नगर्कोटि नागा सधैं वस्त्र धुन्छन्
मधेस्का रुपैयाँ त क्यै गाँठि फुन्छन्
जमा तब् करेगे भनी बात सुन्छन्

जमा विस् हजार् छन् नगर्कोटि गन्ना
बुझो यार वच्के वयर फय्र भन्ना
हजार् चौध नागा उनै मुण्टि मागा
छुटो भक्ति शङ्कर्जिको भेस बाका

x x x

सिध्यामाफिक्का जगा लुटि कतल् गर्दै नगत् साँचनू
जो जो छन् ति जवर् फउज् मिलि तहाँ उन्कै त शिर्भाचनू
नागा गेह्लमहाँ छ भर्नु बजना रुवै जानि धन् फाँचनू
पाटन् सङ्ग भदगाउँ अव्वल लुटो वर् फत्यमा नाचनू

भाँडा धान् कपरा सबै तिमी लिया सुन् चादि सर्कार दिया
धान्या चिज् घिउ तेल दूद दहि जो पाउंछौ सो लिया
पत्थर् मोति जवार विद्रुम मिल्या सब्बै त सर्कार् दिया
नागा नागरकोटि सल् वुझिलिया वर्मा त धक्का दिया

भन्या सेर हुकुम् र स्याह छविका छाप्का लिषत् सिह भै
जाँदा उत्तरकाण्ड रामकृतिमा म्लेच्छादि निस्क्या त फें
निस्क्या म्लेच्छ पुंगा र भावविचमा सेको र पांगो कधं
छुट्न्या नाहि वचन् यिनै त फिजिया शव् रक्तले कलिक भै

× × ×

पंल्हे चिवा पचिस मै त लिञौं भलाऔं
गेडा निचोरि रसिमा रस वेस लाऔं
तिग्न्रा र छातिपर जङ्घमहा नपाऔं
लायौं सहर् विच पस्यौं र भन्यौं रमाऔं

यस्तै तौर लिञौं र पाण्डवि गति क्यै गल्लिमा गै पस्यौं
लम्जुङः कास्कि र गोरषा नृपतिका क्यै वात् चुक्यो क्यै फस्यौं
हाम्रा पालन कान्तिपुर् तषतमा होला कि भोट्गै नस्यौं
भन्दै चौविस भूपका सुजन हौं भन्छौं दशामा षस्यौं

भन्दै चोट सकस् छ षान त मिल्या तव् वात होला असल्
भन्या क्यै वर चोट चोट विचमा कोरैं नलागोस् तसल्
भन्छौं क्यै वर सासना सव हवन् कोर्रा छ काल्को नकल्
भन्या गंह्र अनेक वाहन गर्‍यौं लायौं त छन् कल् कसल्

हाहाकार भयो सहर् विचमहा गोर्षालि तिन् जांचिया
कस्क्याली दश लंजुग्या पचिस कल् इन्मा षरच् षूप् दिया
गोठ्मा बुद् घरमा वचन् वुझि लियां न्यामा हजार् वात् थिया
जान्या भार सहन्छ भूप गुण हो भन्दै सवैं जन् लिया

× × ×

फेन् साह्रै नून बन्द भो चहुँदिशा नुन्कै त मुर्दा पनी
षोल्या कालय पारी छोडि त दिया हुन् प्रेत भन्न्या गनी
जिम्दा प्रेत छुट्यौं र अब् छल गर्‍या मुर्दै त होला भनी
छोड्या बन्द भयो र नुन् चहुं दिशा त्रिट् मुष् धर्‍या तव् अनि

डेरा गज्वजको रकम् चलिगयो क्यै धुम् बहुत् भै गयो
मुर्दा फलिक पऱ्यो र चो वल भन्या थैला लि तैयार् बन्या
गावाहालमहाँ पस्या सव जना विस्ता छ घर तहाँ
छोड्यौं दौडि पस्यौ चिवा गरनमा नुनुकै त मुर्दा जहाँ

देव्दाश्चर्य भयो र छक् भइगनो शिर्वाहु पेट् पाउ कल्
मुर्दा ठिक्क बनाई साथ मुडुला रोदन् सहित्को नकल्
कात्रो हालित बुकि छर्कित डगर् मास् धान चौबाट छल्
छर्दै दौडि लिंदै नजर् चहुँ दिशा क्यै (पा) ठ् कयार्को सक्कल्

च्यासिङ मोहर मानु नुन् लिन पस्यौं क्यै फौजमा गै फस्यौं
क्यै चौविस् गउरु समेतकि सभा स (तसं) गमा भै वस्यौं
विस्तार्छन् अरू वात छोडि नुनका वण्डामहां फल् कस्यौं
तत्तत् माग बताइ नुन् भरिलिया स्वै वातमा दिल् धस्यौं

लम्वी नयन विभूति चयन जनमा दौरा त दोवर् असल्
गादो पक्कि फकाई ढाल खुकुरी तर्वार साह्रा तसल्
फेटा अंच असल् घना शर कसल् जान्या समर्मा तसल्
गोर्षाका उमरा फउज् विचमहां पृथ्वीन्द्रका सल् तसल्

षावा भात मिहिन् छ गोरस पनी घृत् भाजि दाल् सङ्ग वनी
पट्टा गंरह दाउपेचकि कुशल् तिनसौ र साठी गनी
औसध् साधन मन्त्रतन्त्र गतिले जान्या सवै भाव् पनी
गोर्षाका उमरा फउज् विचमहाँ पृथ्वीन्द्र आम्नन् पनी

('पृथ्वीन्द्रोदय' वाट उद्धृतांश)

'वीरकालीन कविता' बाट साभार



सुन्दरानन्द बाँडा

जनरैल खसम प्रभु !

बलीया हाकिम्ले बल मिचि लियाका सहि भया
कहाँ पाऊँ नीसाप् जनरलविना भूमिभरमा ।
प्रभु स्वामीजीका धरममय अर्द्धांगमुरती
दुनीयाँका स्रेस्ता दुनित्रसित राख्न्या धरमि हुन् ॥१॥

क्षत्री धर्मविषे प्रतापि जनरल् काजी विराज्मान् भया
जन्ले यो जिमि वैरि निर्जित गरी श्री स्वामीजीका बडा ।
राज्यैश्वर्य्य थमीदिया चहुदिगै मूलुक् खुसी भै दिया
कोटी लक्ष विती गया नृपहरू क्या कीर्ति उन्का थिया ॥२॥

चित्रैचित्र बडा महल् बनिगयो श्रीविश्वकर्मा पनि
चित्रै देखि त चित्तविभ्रम भयो धन्यै छ जन्रल् भन्यो ।
दिक्पाल्हेरु दशै पनि खुसि भया दीदा भया जश् अधिक्
श्री जन्रैल खसम् प्रभु विजयते नेपालभूममण्डले ॥३॥

नाना स्तोत्रसुपीतिमंगल महल् बाघै बगैंचा असल्
धारा पानि सरोवरै जल अमल् माछा कछूवा कमल् ।
कल्हारोत्पलकेतकीगलित धूल् त्रैलोक्यका चित्त भूल्
श्रीभीमेश्वरपुण्यभूमि टुडिखेल् धन्यै छ नेपालतल् ॥४॥

वाग्द्वारैखि वाग्मतीकन समाराधन् गरी सत्यले
श्रीकान्तीपुर राजधानिविषये व्यापत् गरी पानीले ।
श्री भीमेश्वर सो उता हुनुविषे लज्जा बहूतै गरीन्
श्रीगङ्गाजि सरस्वती नदि रुइ पर्खारभित्रै पसीन् ॥५॥

['त्रिरत्नसौन्दर्य-गाथा' बाट]

'बुइँगल' बाट साभार

राधावल्लभ अर्ज्याल

साँढ्याको कवित– १

(वि. सं. १८५०–५५ बीच)

श्री गणपतय नमः
चढत अंगः जोर अति कठोरः
रह्यो मदमत्त नवकुंज रटाँनः लरै जंवाँनः करै घंमसाँनः
रोम् स्याम्ः नवमेघतें अधिक गर्जमान्ः
पर्वत ठहरैः धूर उडैः छपत तारा चंद्र भान्ः
अंसै लरै प्रानिकै वेटाः विरकान् ।।१ः।।

अंसो जंग जंगमैंः उठतः तरंगतैंः
लडत अंग फौंक् फौंक्सैंः देषत अंनरूप हैंः
षेल षेलाडि करत सहोदरसैंः कुद– फांद करतः रंग रंगमैः
रमत नरनाम हैंः (लम्पट) काँमदेव अधिक तैंः
जात हेट चोक मकान पिता नानः जांनकै वर्षा नकरहु प्रमान ।।१।।

चढत अंग जोर जंगः सिघ्र जैसो सायेर तरंगः
लियो घोम धौंक् साः लडत अंनै अनेक रंगः
आयो धाइ धाइ पार्‍यो हाइः
झपेट् मृगराज जैसो चमक अंगः
उताल चाल विरछ्यालः जोरि कियो दंगः
अंसो तंगि तोडा मुसिषोर्‍या जैसो रह्यो विर भडंग ।।१।।

दलतः दल घोरः दलि षैंच्योः वैरिनकै जोरः
आये माहाँअतुर वीरवल जोरः करै लडाँइः घंनघोरः
घटटट मेदनि धंमकत धंम धंम पुरंदरः पुर जात
माहाँ सब्द माहाँघोर सोरः
अंसो रह्यो विरवलबंन्त रा... को जोर हैः ।।१।।

थोडो थोडो लडांकिः वहुत वहुत कियो हाइ
आगे वडे किमतः वाफ्दादाकैः थियो ता दिनकैः थियो वुहाइ
हुटैं नवढैं नलडैं नः कौन वषाँन करैः
थिर विरकौं वोहि दिनकैं त्राहि त्राहिः
अैसो मध्यस्थ भइरहैः विर सुत्याको भाइ हैं ।।१।।

छोटे छोटेः मोटे मोटेः ताके डिलडौल डालः
तेज चपेटाः माहांझपेटाः जोर श्रींग रहै अविजाल्ः
लडांइं भिडाइं करैः जोर जोर विर कौं मारैं तिन् फाल्ः
फालैं षाल्ः सिगालु लडैं वैरि डरैः भागैः हालैं चौंउंवोर फाल् हैं ।।१।।

वडांनकैः कूलमैं जनमा पायोः भारि डिल सुहायोः
पिठ पुष्टः चौडे कन्धः उचो जुरान सुहायोः
थोडो श्रींगने कम् षायोः माहाँवीर जोरकौं हटायोः
आफ् गाफिल् भइः हट्योः वग्वगायोः
आंत छोटोः सि षोटोः हिंम्मत भइः मन हारि चिप्प्र्या कहायो हैः ।।१।।

वडांनकैः कूलमैं जनम पायोः भारि डिल सुहायोः
पिठ पुष्टः चौडे कन्धः उचो जुरान सुबायोः
थोडो श्रींगने कम् षायोः माहाँवीर जोरकौं हटायोः
आफ् गाफिल् भइः हट्योः वग्वगायोः
आंत छोटोः सि षोटोः हिंम्मत्त भइः मन हारि चिप्प्र्या कहायो हैः ।।१।।

सर्व अंग रिष्टपुष्ट धोमधक्क कंध अट्मट्ट
छोटे छोटे तडिः डिल कठोरः रंह्योः
लडांइंमै जोरः धूरनमैः तनेक चोरः गफिल् थोत् भयोः
डराइ डराइ आयोः वाँका वाँका जोरि पायोः
तव तैं गूहु नाम रह्योः ।।१।।

चौंवोचौंः तक्कमैः रहे विरः गम्भिरः है
मर्द भारि लडै विर गल्लाः गये दिप हल्लाः
गर्ज हुहुंकारः हा हा सव्द हल्लाको लपारिः
घटाटोप घँमसाँनतैः गढा पथ (र) म्वफारिः
लडैं विर वंका दिये पिट धक्काः
गयो मकानः रह्योः विरअग्निः फिल्ला संम्ह्यांरि ।।१।।

आये: याया (२): भयो तयार: करत गजमान्: फिरत जात वयार्
स्वास् निस्वस पारि: रहै अँग जोर मत्त: लडै डिल भारि:
कधौं वैरिकौं: भगायो: कधौं आफ् भाग्यो: कुइरो उडायो:
जिमि अस्मानक विच अंधेर पारि:
आगे करै: वडे वडे लडाइ चमत्कारि:
पिछे भागै: गले हुप दियो किमत छाडि:
पादको वल भइ: वेर्था भयो:
बाइस् ब्रह्मांड्या कहायो: पाद पादै गह्र्यांयो:
थुक् थुक् डारि: कि ता पधिकारि: ।।१।।

अव पादको कपुर कहायो भयो नाम भारि करत घमसांन:
घमंड अंग अंगतै: चढत जंग:
माहाँ अतुर वलसौं: लड्यो: विर विर वृषभ सुर सुरनकौं कियो दंड
कियी कपेटा जैसो सायर तरंग:
करत विकराल घोर जोर: माह्लो भेमरंग:
विर सुरकौं: दल्लो: कियो अनेक अनेक रंग:
अनरूप रह्यो ठुट्या माल्या: रहत जगत पालकै संग: ।।१।।

लऱ्यो माहाँविर मता: माऱ्यो लात्: विर सुर वैरि भागै अेत्ता उता
विर विरको: मेष माऱ्यो: दलि उडायो: जैसो वयारकै पत्ता:
भागै जोरि वडे वडे लागै धुप धक्का: लोटै पक्का पक्का:
तेरे जोर जगत्र: जानै हटै दंति येक मत्ता:
भादगाउँल्या सहित: रहै विर पांच् पांडव जस्ता ।।१।।

सांना सांना षुर: उचो जुर: माझा डिल: वल अतुर: थोडे: थोडे: चढै
झिल्लि झंकार: पर कियो षंकार;
वृद्ध वाला: परको माहाँसुर: लडै विर झुरझुर:
पारै लुरतुत: अैसे विर सांनु सुर: विजुलि वाहादूर ।।१।।

हाहाकार: सब्द पायो: लडन आयो राति राति
विच विचपर: धक्या पाऱ्यो दियो श्रींगकै चोट: टांसि:
माहाँ घँन वादर जैसो: घँमसाँनसैं: वैरिकै तापसैं: लऱ्यो मन अतासी
अतासि
जोरि हटायो घरकायो: चारोवर भगायो उफ्रि कुद्यो मन-मन हांसि
यैसो लऱ्यो: चयांग्रासि थकित भइ लाग्यो षांसि: ।।१।।

लरत जैसो करि अेकदंन्त्या रहै माहाँ फंन्दा रफंन्ड्याः
रहै अंग जोरः अटमट्या वडे वडे षुरः विढंग विकट्ट्याः
लडांकि माहाँ जोरः चल्यो चाल पट्पट्याः
अरि सभ दौडि दौडि जांन्थ्याः भागि भागि आउंथ्या
अेसो लडांकि भूमि भूठि भुट्ट्याः ॥१॥

जोधा जोरा जोरावर् अगड धत्तासौ अेको नरहै मत्ताः
रिपु डरि लडैः अगाडि नसरैः मारै षुर लत्ताः
पडै धक्काः भहरै किल्ला कलकत्ताः
गोरा काला साँढ्याः सालाःकौं मिचाँउंन् पडिः गुप्चुप्सै रहत्ताः
अैसो जोधाः विर वषाँनः रहै अगड धत्ताः ॥१॥

कहत नवाफ् नामादारः मुजि दौलाःकै अैसे वाँन् नित्त नित्य मरवा वैगांढ़ः
छ्याउलाल्कैः लाल्लाल्ः लम्वे लम्वे मोटे मोटे लाड्सौंः षुप् मेष मारैःजैसो
[घोडिपर षंचै सांढः

षुप्षुप् सुराकै आयेः और जवाँनः चोद् चोद्कौं हुवा हरान्ः
मिलैः रसः इनाम्ः छयाउलालकौंः नवाफ्नेः दियेः मरातम्ः
चोदते चोदतेः फिर्कावैः गांड् ॥१॥

नवाफ् छयाउलालकै करहुं वषांन् जो जांनै सो प्रमानः
वाँक (१) वाँकाः लरै विर विर जंवाँन्ः ताकैः करहु कवित नाम
मोट्याको छोरोः राषै टान करै घंमसाँनः
डल्ल्या वडे गुमानसैं हल्ल्याः जोर झपेटा कियोः कियोः सिघ्र झपेट्
[जैसो साहि चल्ल्या

वागेस्वऱ्याः जुध्हया घंमसाँणमा अेकोहोऱ्याः
दिसा दिसा वयरकौं वहुतै पिऱ्याः
ताऱ्याः जोधाजोधा विरकौं हरान् पाऱ्याः
इ पाँचकै मदत्तमैः सवालाष् पर्वतकै वयेर माऱ्याः दक्षिणतक्
[गद धाऱ्या ॥४॥

अवर विरः लरैः हल्चोक्या ताऱ्याः
माहाँः हाँडहुंड पाऱ्या पिछेः चेति दल वल सह्याँऱ्याः
कैलो पुल्ल्याः वलवंन्त षेडि जुक्तीया
रसुल्या गिठ्या मोट्या ढोट्याः अतत्त लडाइंमैः कटकट् दन्त किट्याः
विष्नुमतिपारको फुस्याः
इ विरकैः जोर चारः चमक् चौंतालमैः पछिउं दिसा माहांसुरः
[रणविरः वैरिः घुस्यूः ॥४॥

जोधा जोधा जोरः चारौंतरफ् पुग्यो इनको सोरः
पांग्र्या छुद्र छुद्राँइंमै रह्यो जांग्र्याः
काना कैल्याकोः हवाल क्या होइल्याः
सरस्वतिप्रसादकै धापतैः वैरि परै दाप्ः समकौं कियो ताप्ः
अवर अवका विर (र) ह्यो वोद्याः
इ चारकै चोटः चतुरांइंमैः चार दिसाः सकल वयेर विर गोध्याः ॥४॥
मोज मिर्जा वगाल्यो नरमर्द अेक दुइ दुनिर्जां,
वडो षुनि षुनिर्जांः मलियाः क्या लडै दलै वडे वड़े वलिया
जव तसविर लिषित वृषभ रंगः है
नंजि प्रचंडः गिरि हेम अधिक उचे अंगः
रहत फैलाउ विंद्याचल समडिलः
पर्वत मंदिराचलसौं सिवायः थिर कठोर सिर सुन्दरः
उचे गिरि सिंधू तुल्य कर्ण–कोस
णेत्रगिरि ज्वालासनन् उज्वलतः हैः ॥ ॥
गिरि दो केदार तुल्य सुंदर सोभितः
रहै कठोर तिक्ष्ण श्रींगः ग्रिष्म वयारतैं अधि छुटत फुंकार तोडः
गिरिपर चमक चाल अधिक सोहत
थुल पुंछ रहत डोलः गिरि निल समडिलः
कंध अधिक उचो जु ... ठ री तासः सतारः
गिरिनारः कालिनूजर सम तडि षुर हैः ॥ ॥
अँह्लोर अस्मांन् वादरः रोम रंगः
महकत सुगंन्ध मान्हु दर्षत श्रीषंन्ड
मेरु समथिर अँह्लो॑र जोर कठोरः अंम्वु तोड अधिक जंङ्गः
नंदि द्वारः रहै रक्षपाल षेलै वृजलालः
पढै पांडे कवि राधावल्लभः
येहि कृत्य किये देवकि जसोदा नंदलाल हैः सुभम् ॥ श्री कवितः
(१)
जोधा जोधा वरवनमैः रणसुर मरदः
बाँका भादगांउल्या विथा जोर अंधधुंद अघोर
तोड सौं घोर घमसांनतैं विरः भूमि आयो ॥
श्री माहाँ सिद्ध ॥ विरः कुलधर्म थिरः
भषट्ट अटटट् कांन घमसांनः रण चौगान धायो ॥ ॥

विरथि जोधा विर कर्णः पारथ तुल्यकै घमसांन लियो:
खुर खुरकै ध्वोज धक्काः कंध कंधकै अड्डाः चलै घचाघच् मस्त
[घसांन भयो ॥ ॥

श्रींग श्रींगणकै तड्काः खुर खुरणकै कड्काः
अंघ धाप धक्का मेघ अधिक फुड्काः पुंछनकै पंट्टाः
अंघ.धुंद चौवरः घटाटोपः रोम्स्याम् संग्रांम कियो ॥ ॥

धरणि डग्डग चाल कम्पतः पर्वत हेमाल्:
माहाँघोर जात वयारः उडत धूर अँधेर लगत
अवकसः अदभुताकार भयो रवि ससि तारा छपित् कियो ॥ ॥

नरनाम देषत रमतः मन नन डरत
धन्यादि सब्दकि ललोलोल भयो:

लडत जोधा विरः घडिवारः उपर रहै माह्नी पर्वत थिरः धक्का लायो ॥
श्रींग कड्कायोः धरणि गिरायोः लाल् लाल् मेदनि पर जंसो मणिघनु
[सुहायो।

रुधिर जंसो निर बर्सायोः रणभूमि लाले लाल भयोः ॥
विरकान्कै मस्तकपरः गुरास कुसु (म) गुलाफ क्षत्र वनत जंसेः तंसंला
[श्रींग सुहायो:

धन्न्य धन्य विर वाहादुरः शोधा जोरावर भादगाँउंल्या कहायो:
रणसुर चढ्यो विरको घरकायो हटायो:
होरिकं रोरि बोर अंगलित् भयोः धारा तिर्थ नहायो:
सालेलालः टुटत अधर स्त्रिंगे सोभाः माह्नी लाल् कमल सुहायो



अज्ञात

साँढ्याको कवित– २

(वि. सं. १८५०–५५ बीच)

श्री वृषभ विरस्ये: कवित लीष्यते:
श्री वृषभ वांहेंनकै पूत्र पूर्व जंनमकै: तपसैं: चक्र तृशुल धाऱ्यो:
नरजंनकै पित्रि ताऱ्यो कहतकं वंधन् उवाऱ्यो
सारा मूलुक् चाहाऱ्यो: सेतो माल्या कणक सहरमा: आयो
मेव्वा मिठाइ षायो: यँसे वांका: सेतो माल्या नाम कहायो है: ।।१।।

श्री माइ कामधेनुकं दुद पिवंया: कनकपूरको रह्यौया
वरण: कालो तिष्या नाम धरंया
वडे वडे जोरिनकौं माहां घंमसानमा दूर दूर करंया:
आफुउपर येको नधरंया माहां मंडलि: सब उपरको रह्यौया: है
वृषभको: सैया चिनिको षवंया: यँसे का:लो तिष्या नाम धरंया: ।।२।।

जंसे रागनसे: मल्लार: जंसे असूर: उप:र वडे साल्:
जंसे तालनमै वडे भूपाल ताल:
तंसे वडे वडे वृषभ विर: पर: दिर्घ जीव:न विनु: विर अग्नि वेताल्
कुदै चार फाल्: माहां जो धा जुऱ्यका (र्) पूर्व पछिउ सभ विरको
मनायो हार:
यँसे जोधा: अग्नि वेताल: ।।३।।

माहां गुणवन्त लछिमिवन्त माहां भारि वल:वन्त लछिमिप्रसाद:
माहांविर लडांकि द्वारपाल: माहां सोभा: भार
हरि साल वंठे दरवा करं: रोटि चिनिकै आहार:
येक सि आकास्: येक सिं: पाताल्:
यँ गुणवन्त जोधा माहां मंडलि: लछिमिप्रसाद: ।।४।।

माहांविरः बांका अडिल्ः माहा पर्वत् जंसो डिल्ः
माहां जूझ्या घंमसानमंः राष्योः दिल्ः
पृथिपर पाउ दियोः जोर घमसांन कियोः
और और नकों जिति लियोः पाउ येक नडग्योः
माह्नी धरत जंसे लोहाकं किल्ः यंसेः बांका विरः बंठे अडिल्ः ॥५॥

जंसे मिकरंः गजकंः येक दन्त तंसेः येकरा विर आयोः
माहांविर्सौं घंमसांन करायोः येक प्रहर लगायोः
जोरिकों हार मनायोः पूर्व पछिउंः समकों दुहाइ (फिरायो):
यंसे जोधाः येकरा नाम कहायो हैंः ॥६॥

माहांजंगः गजमत्त अजंग भारि भंइः हातिपाइल्या आयोः
जोर सौं जूझ्यो थोरा विकट्माः येक पार (र्) मर्कायोः
यंसे जुझ्याका र हातिपाइल्या नाम कहायो हैंः ॥७॥

श्री वृषभ विर भंरव्ने पूर्व तप् कियोः
माइ काधेनुकंः कोषतं जनम लियोः
माहां मत्त अदंग जोधा लडांकि थियोः
भिम्सिः कालो तिष्याः हरिसंकरः सेतो माल्या
येकरा अडिल् जंसा विरसौंः माहां घोर घंमसांन् करायो
कोहि विरकों मर्कायोः कोहि विरकों थर्कायो
कोहि सि जोरनः नपायो समकों हार मनायो
दुहाइ फिरायोः यंसे बांका विर भंरव नाम कहायो हैंः ॥१॥

सम वृषभको पिता तुल्य जांनि बुढो दार्म्याको राषे संन्मानिः
ताको अटल् पांनिः सम वृषभकों जिति दुहाइ फिराइ गयो
[प्रलोग जांनि
पांम्भ्रां षुम्भ्रुं बांका आयो जुरो थर्कायो सि छर्कायो
सम वृषकों लोटायो पाऱ्यो घांन्द्रा घुन्द्रुंः यंस लऱ्यो पांम्भ्रा षुम्भ्रुं हैः ॥१॥
माहां वडो जूऱ्या कालो माल्या जोरसौं जुझ्यो हज्जार हज्जार हात पर
[जोरिनकों फाल्या
रातो तिष्या येक दुइलाइ जित्याः जुझाहा र ज्याम्र्या मन परि जुझ्न्याः
कंल्हे धाउंन कंल्हे जिति आंउन्याः बुढो दार्म्या समकों ढाव्न्या
लडांइ देष्ता सुत्याको जाग्न्याः लाडांइ गर्दा कंल्हे नथाक्न्याः
यंसे बुढो दार्म्या हैः ॥१॥

इं दान्या: निसिप् दान्या: ठुलो निधान्या:
जोर: जुरुयो कसैले जित्या: कसैले हान्या:
मंत्रि बिर: पचलि भैरव्को थाल्या:
जुद्धामा: को: किस्ता चाल्या जुद्धामाहां जोरिकौं फाल्या:
जबर जोरावर झुल्या बल पाराक्रम: रूप वर्ण सुंदर षुल्या
मृग्या मड्क्या लरांइंमा सट् सट्क्या
मोतिचूर चिनिजा नृति राषे दूनिजा
माहांमत्त जोधा सुर् सव्द गये वडे ढुन्:
पूरांनु कालो तिष्या माहामंडलि इ सभकौं मिच्यो दलि दलि है: ॥१॥

येक अरिगाल्या माहातेज अविज्ञाल्या
वडे वडे: लडांइंमै येक् दुइकौं फाल्या
नाउं वाध्या वर्ण राध्या:

वाध्याका डुकारमा कोही अडिया कोहि भाग्य (१)
जोधा सांनदान: येक दूइकौं मनायो हार:
षुर फर्ष्या वुडो रांडि छोरो षान्छ: थोरो
चांडो हिड्छ जैसे कछि घोरो जुरुयो योकोहोरो:
गुजरांति लामा सांना सि हुंन्या जाति
गर्छ भांति भांति: हिड्छ राति राति:
भिड्या मिट्जा: चिचिति भै हिंड्याऽ आगे गोरौं छेदाहा:
भेदाहा चिराहा फोराहा धूराहा: छाद उग्र वकाल्या
छाद भंइरह्यो: अव गोरौं: सभमाथि जोधा भयो हैं: ॥१॥

रिडिल्: लडं नडगं जैसे ल्वोहार्क किल्:
तिल्क्या लरं जैसे विजूलि: फल्क्या चिनिमा बहुत पल्क्या:
बहि-चांवल्या माहा सुंदर सांवल्या
अडंग्या जुद्धामहां विढंग्या आफु डंड्या:
विरभद्र सभकौं फिरायो वम्: मिचं वडे वडे दं:
रघुनाथकौ चढ्यो जोरको मात् कुद्यो जलिमात्:
रघुनाथको भांस्या वडे अल्स्या
नवाकोट्या छोट्या मोट्या षुप् रह्यो ठोट्या-
माहविर पंजा जमातकौं किती जम्वा:
पंचकल्ल्यान् सभकौं राष्यो सांच:

बिरू माहांविर भयोः ताको जोरि कोहि नरह्यो
अजोरि विर भयो हैं: ।।१।।

हरि माहा धाप् धापसें लरिः
फुर्क्या काहाल सब्दसें डुक्र्याः (अ) रि सब थर्क्र्या
नव्वाकोट्याको भाइ आइ सभकौं फिरायो दूहाइः
गेंगट्या जुद्धा महांको वलियो कट्वट्याः माहा विकट्याः
जुट्या दांता थांछ कुट्वट्या अर्दलिकौं भूट्याः
रातो माल्या फलमल काल्या वडे चमत्कार चाल्याः
येक मुषि माहां सुषिः लरांइंमाहां करें षुपिः
चौंन्या लरन लाग्यो जित हांरमाहां धधर्कन्याः
नाउ-चोर जुरुं सभकौं जित्यो चारौंतरप् पूग्यो स्वरः
यंसे यांका नाउँ चोर हैंः ।।१।।

मोति ले चलें हस्तिकें चाल्
माहा सुषसौं षाव कोहि नपावें चाल्ः
लुटिकोट्या वडो दिल्दार भोट्यो ढोट्या ढोट्याः
फापिग्या घंमसनकौं धांगर धिंग्याः
झांस्याको भाइ झांत्या चिनि थांदा वहुत मात्ये उफ्र्या नाच्याः
अडिल्को छोरा माहांमत्त विरको जोराः
घोप्ट्या काल्या माहां चाल्या लरांइंमाहां भयो वेताल्याः
डेढसिंग्या जवर लडांकि ठिंग्यांः
रातो भंस्या पूरो वेंस्याः कालो भैंस्या आधा वेंस्याः
(डा) कु वलियो जोरः जुद्धामाहां सभमाथि उपर
ड ... ... रुल थांदा ... ... जुद्धा वहुत गर्छ वल्ः .
टुंडिषेल्याः माहां छयल्ल्याः
षोरंडो कसैकौं नगंन्दो नमांन्दोः
हाक्याको भाइ आयो माहालडांकि कहायोः
इ सभकौं कौंन गंनति लायोः वडे वडे जोधा विरकौं दुहांइ
फिरायो हैं ।।१।।

माहांवलवन्त भेमसीन् ललित पाटनुसें कांतिपूरकौं आयो
विचमें थतडा परिकौं हज्जारौं हज्जारौं दलका ... च फेर
(ललित पाट्नकौं थामोः

आयो डम्[illegible] मारि मारि विरकौं दंग गऱ्याः
धौंह्या ठुट्या माहांजोर भंइ लरनाकौं उठ्याः
वांका विर वासवाऱ्या माहां घंमसानसौं जोरिकौं घंम्सान् पिसांन् पाऱ्या
जोरसें जुझ्यो ताऱ्या माहां वांका विरकौं दंग पाऱ्याः
चोभाऱ्या अरिगाल्याः माहां अविजाल्या वडे चाल्याः
चोभाऱ्या गंगांटचा दाना घांस अगोट्याः
लरांई देष्ता लरक लक्र्या कान फट्फट्याः
संकर माहाविर आयो जंसो माहां-पर्वत भयंकर सुहायो
जोरि को हुन पायो फुंफुंकारसौं सभ विर वृष (भ) कौं उडायो हें: ॥१॥

लोदिरह्यो लोधाः लरांइं नगरि षान मात्रै षोज्याः
षोधाले कसैलाइ पावले कसैलाइ सिंगले धुप्सौं गोध्याः
पुढ्क्या कैल्या धोक्च्या थैल्या घांस् षांदामा चमत्कार गर्छ
(जैसो तिहारको भैल्याः
गांडा कैल्या नाउ वर्न येकै भैल्याः
पचारि जुझन आउंछ बुझि विचारिः
चेवां ठोकै छाति षोस्रै धूलो उडायो वुंगवाङः
ठुलो ढलवा कैल्या जोर घंमसांन् भैल्या
घुंट्या रह्योः सांनु सांनु भूंट्याः
गोट्या लरन लाग्योः गोट्याका डरमाहांः नजुझि येकाद लोट्याः
येक लडांकि मानिक्या आयो कोहि येकसौं लराइं करायोः
रातो फुल्याः इ सभ वृषभका संन्तान चक्र त्रीसुल्या हैं: ॥१॥

इनकै वर्णः राताः कालाः सेता कैला ताऱ्याः
तिलक्या झुल्या साल्याः पांग्र्या विजोऱ्याः
गोऱ्याः कथुऱ्या नारंग्या चौऱ्या फुक्र्याः
याल्या काल्याः वैंस्याः दाम्र्याः राध्याः वाघाध्याः
पुंट्याः आस्र्याः पंचकल्ल्यान्या दहिचाक्ल्या
गुगाला अर्दलि वडे षवरदारसौं चिताहिदार भयो है ॥१॥

इ सभ वृषभको जोर घोर घांमसांन भयोः
हिमांन्चल पर्वत थर्किरह्यो पृथि धम्किरह्यो
धुरो उडिगयोः आकासमा रुंदमुंद भयो हैं: ॥१॥ सुभम्ः

[१]

मणि जडित बुलाकि: वेसरि झुल्क्यो नि तिम्रा:
छमनन कर चूरा: छम्छम् बाजे नि: पैंइरा:
वदन लाल तिम्रो देख्ता कल्पित् हुन्छन् भँवरा:
रस् बोजि फिरि आंयुं: साथै जाउँला नि तिम्रा ।।१।।

[२]

मखलकि पाउ जोडा: कछिरांकि नि घोडा:
रणसुर माहांविर: उमेर्छ वर्ष बाइस्का:
वेषत वदन् लाल् झांइं उदय सूर्य्य नि जस्ता:
कर कठोर: विसाल: साथि छन् हाम्रा नि येस्ता: ।।१।।

[३]

श्री शिव वाहँनके अंश माइ कामधेनुके वंश
वीर गजघट्टको सुजस छायो जोर वाँका लडाकि कहायो
देश देशान्तर्का जोरिकों हार मनाइ कान्तीपुरमै आयो
पेडा लड्डू दर्वारमै खायो जूझनार्को वहुत मन् लायो
ऐसे बाँका गजघट्ट नाम पायो हैं ।।१।। ।। ।। ।। ।। ।।

[४]

एक वांका कवऱ्या आयो वडो तमासा करायो
एक प्रहर लगायो आङ जर्कायो आंखा कर्कायो जांठा चर्कायो गुला चक्कायो
कवऱ्याको कंढामाखि चह्री ज्यान्साहीले कंवर् हल्लायो
ऐसे वीर कवऱ्याले ज्यान्साहीको ठूलो लामू पहेलो अयाहा रात्रो
[गोरो ऐसे लांडो माहां गुहूलाइ मचकायो
नराम्रो गरायो मूजी फर्कायो आपनु कीर्ति चलायो
लांडो मचर्कायो पाल्की भत्कायो पादको उग्र गंध फैलायो
हंवीर्वष्तुवार जंसे वडे वडे वीर और प्राणसाही ज्यान्साही जंसे
[वीरन्को मूजी थापिकै हार मनायो
दुहाइ फिरायो विवक तुल्यायो
ऐसे वांका अजीत् कवऱ्या नाम कहायो हैं ।।१।।



अज्ञात

साँढ्याको कवित– ३

(वि. सं: १८५०–५५ वीच)

श्री गणपतय नमः गोरौंग्याले मंडलाइ पायो ताको हुपयो रोग लि
सिरासिराः ॥ ॥
गजघट्ट मंन्डलिः लरण लाग्यो अलि अलिः
आपसःकौं छलि छलि
देस देसांन्तरपरः जोरि जोरिनूकौं जित्यो मिच्यो दलि दलिः
आफ्ने लस्करकौं रक्षा करि राषैं तव भऐ माहांमंन्डलि ॥१॥

यैसो लडांकि वाहादूरः गजघट्ट मंन्डलि भूरूङ नानीको जोरः
अंनरुप् विरला कोहि कोहि जांनिः रहै जोर जोधा गुमानोः
लरैं जांनि जांनि जितैः छांनि छांनि लडत वांकाः रहै गुमानोः
यैसे भूरूङ नानिको किमत् कवि क्या जानिः ॥१॥

होक्टांङ षुप् जोरः अंग आंङ लडन लाग्योः दंग वाङः
कियो वुंङग वांङः छोडयो दुपकारः थर्थर्यो भोट मोटाङः
वडे मौसरि मंन्डलि होकटांङ ॥१॥

नाम् सबसौं राष्यो सांनूः कियो घोर घमसांनः
मार्गै कोहि कोहि विर जंवांनः किसुको नराष्यो मानूः
नाम् रह्यो सुरविर मारि मर्द जवं (र) नूः ॥१॥

गोर्षाको कालो अडिल अड्योः वडे वडे वलवंत विरसौंः लड्योः
वलवान् सब विरः भ (र) ग्योः जोधा विरसौं घंमसांन कर्ते सौं आफु थक्योः
गोर्षाको कालो अडिल्को अब वल वढ्यो ॥१॥

कांछो अग्नि नाम कहायोः जोर्जुद्ध घमासांनकौंः अगाडि भइ धायोः
माहा घुम्धडक्को लडांइं भयोः गगणतक धूरो उडि गयोः
सब जोरि सावाधान् भयोः कांछो अग्नि लडांकि रह्योः ॥१॥

वलवन्त रात्याः वलियो रह्योः चिनि षाइ मत्त भयोः
चारौं तरप्ः ताको लडांइ फत्य भयोः
ताको जोरि अगत्त गयो भाग्दै भाग्दै हरांन् भयोः
यैसो जोर वलवन्त रात्याको रह्योः ॥१॥

इं नुसात...... अवकाः सर्दार इंद्रचोक्या कैल्याः
माहां चमत्कारको छल्कारि छैल्ल्या लडांइं करै अं नेक अं नेक डोल्याः
जैसो माल् माल् छैल्याः यैसो इंद्रचोक्या कैल्याः ॥१॥

लक्षिमिको छोरो सेतुवाः पेट्भरि षांन्छ मालपुवाः
घोर घमसांन कियोः उडायो धुम् धुवाः
ताकै जोर तंः लडांकि लडांकि सभः अगुवा भया ॥१॥

विस्नुःमतिकोः रातो ठुटचाः जोर जुद्धकौंः जर्मराइ उठ्याः
घर्धर्काइ पथर फुटचाः झल्झल्कै झिल्का उठचाः
कोहि येककै डरः सौं भागि भूटचाः चारौंतरप्सौं लाठिने कुटचाः ॥१॥

आचयालाल्या लडांइंमाहां फाल हाल्याः रह्यो चतुर् माहाचाल्या
अघि पछि सन्योः दाउ विदाउसैं छैल्ल छाल्याः
येकाद येकादको षुप् गाल्याः ॥१॥

टुंडिषेलकोः लडांकि तिष्याः ताके घमसांनमैंः येकाद विर ठिक्याः
विर विरः वृषभकौं हालि हालि भिडचा
तापर कोहि वांकाने जित्या ॥१॥

थ्याम्पाः पंल्हे लडाइंमाहां पायो चपेटा धं म्काः
वुढा वालाः सब लडचा हार्जित किया ताकौंः सबने पान्या संकाः
फिर्फिकौंः आयोः नाहक्क कियो जम्का ॥१॥

हाकुको छोरो रिठचाः जोर जव्वरः ठिष्ठचाः
लडांइंमाः भरि वित दांत्ः किटचा
माहां घं मसांनमैः धुरो उडचोः घुंडा टेकि जर्मराइ उठचा
...सबौं सबने भुष्ठचाः ॥१॥

कैलो तिष्या: ताको वर्ण कैलै रह्यो:

तासौं जुधा कोहि येकादको भयो: अघि पछि सरिरह्यो:
भरि वगालमा डाङडुंग्या भयो: न वांका: न काफमाफि रह्यो: ॥१॥

जिन्गान्ठ्या: जोर जिउ: जव्वर मंठ्या:
त्यो लडांकि कैल्हे कैल्हे मनुथ्या:
विस वलवन्तकैं: गणतिमैं: गणितान: गनुथ्या: ॥१॥

कालो तान्या देस देसांन्तर:पर विर विरान्कै लस्करकौं: वङ्ग:

वांङ पान्या

मिर्मिर्दैषनेमैं: तनेक् तनेक्: हटिकौं पाउ पान्या: ॥ ॥

चौतारा: माहांविर वांका: महामर्द दिल्दारा:
ताको हिक्मत् पारा कर्मको वारा न पारा:
लडांकि भारि चौतारा: ॥१॥

घोविषोल्या: येक सिंग्या जिउ जोर: जव्वर जंध्या:
लडांइंदेखि: फन्फन् रिंग्या:
धूसरो फुसरो जड्जडो जैसो जंगि कन्फट्टा येक ठिंग्या: ॥१॥

हौंरायो: घमसांन् देष्ता: हुंहुंनायो: घोर जोसौं: सभकौं थर्कायो:
वैइ वगाल्कौं भर्कायो: येकाद विरने: सांटो फर्कायो: ॥१॥

विरुको छोरो लगाहा:
लडाइंमाहां: जव्वर: जोधा: वाला बुढा सभकौं पान्यो हाहा:
यैसो लडाकि विरकौं सभने किया हाहा: ॥१॥

सेतो वाधा नाम पायो कुदि फांदि षांन धायो:
पिक्षे पिक्षे लडांइं आयो: ठिठा ठिठा जोरि पायो:
कोहि विरने वार: षवायो: ॥१॥

अंन्धा दार्न्या: दैवसरण: पाउ सार्न्या:
जव लड्यो घांमसांन्मा: तव मर्म नषार्न्या:
जोधा जोधाकौं: जिसिकै दौडा दौडाइ वाग्मति तार्न्या ॥१॥:

रातो तिष्याको भाइ दांना षांना गयो धांइ:
दौडि दौडि लडाइं आइ:
माहाधुम्धडक्को संग्राम कियो: विर विरकौं राख्यो हार् छ्वाइ: ॥१॥

हांडिक्षेत्र्या कालो ठुटचाः षांन देष्ता चट्पटाइ उठचा
लराइं गरांउंदाः बहुतें भूटचाः चारौंतरपूर्सौं: लाठिने कुटचाः
पिट्ता पिट्ता लाठि फुटचाः ।।१।।

पंजाको छोरो माहांसुरोः लडाइमें भयो योकोहोरोः
तड् तड् तड्क्योः फरक फरक् फर्क्योंः जैसो लन्यो गुंडाः
येकाबुरोः ।।१।।

फडाचूर लडांकिः रह्योः माहांसुर
ताको डंका पुगैं दुर दुरः
जोधा जोधा येकादकौंः जितिः मिच्योः पान्यो कारःमुरः
षडराक् षुडरुक्ः वजायो षुरः ।।१।।

संषमुंलको काफ्ल्या दौडि आयोः माझा लडांकि वर पायोः
येकाद यकादः लडांकिसौंः घमसांन् कियोः लोटायोः लोटचोः
जरकुक उठि धायोः ठैठेगां आंफ्नु षायो ।।१।।

धोविषोल्या पुवांल्याः वग्वगाल्याः माहांसुन्दर डौल्याः
जोर जोरः कैं विच विचःमें षुप् घमसान् करैः जैसो चक्मक् चाल्या ।।१।।

येतेक् माझा लडांकि ।। ।। घोर घोर ठान्याः क्याल्टुंङः
लडांइं कियोः डाङडुंङ भयो वांङवुङ टांङटुंङ
यैसो हैंः क्याल्टुङ ।।१।।

लगन् टोल्या ठुटचा दार्म्याः जुझनाको माफिक्ः हान्ड हुन्डः
बहुत पार्म्याः
लुकि लुकिः झुक्क्याइः चोरिमार्म्याः ।।१।।

रातो याल्या भिनून भिनून डौल्याः
चलैं हस्ति चाल्याः सनेप्ः सनेप्ः लरैं माहां छैललः छाल्याः ।।१।।

भुनटचा काल्या जुझनेकौं फाल्हाल्याः
निर्धा दुव्लापरः षेल षाल्याः
बाला बुढा बुढाकौं हरान् पान्या यैसो षेल पाल्याः ।।१।।
सांनु गौरौंग्या लडांकि भैइ आयो
माहां जुझाहारः जोधा गजघट्टः मंडलि जोरि पायोः
वडे रोमुस्यांमुःसौं घमसांन् कियोः
अंन्दधुंद रुन्दमुन्दसौं लडांइं कियो

पथर कठि[illegible] पांच पांच लियोः

मिचिमाचिः धूलो धूलो भयोः जोर जोरतैः गजघट्टको मंडलाइः लियोः
ढुंडा गुम्र्याः लडांइंकों माहा मुष्र्याः जित्योः येक दुइ लुर्तुन्याः
वगाल परको माहां धूर्त्याः ॥१॥

हातिपाइल्याको छोरो कथुन्याः माहां सुंन्दरः जव्वरः जुन्र्याः
फराफरकैं लडाइमें रह्यो वहुत कन्याः ॥१॥

मानुष्याको भाइ वांध्या लडांइं आंटचाः
भाइ वन्दव गाल वांध्याः दांना घास् सभकों वांटचा
षूप् घमसांनमैं: वांकि वल् नसांच्याः ॥१॥

नुनिः रहै तिन् गुनिः लडाः जोरः सुन्दरः थोरोः दिलमैं राषें षुनिः
चलै मन्मानिः लडाइंकै करैं जांनि जांनिः सोष्सौं वंठैः रहै गुमानिः ॥१॥

अथाहाः ठुलोः जुन्र्याः लाम्सिंग्याः
भारि सरिरः कर्णः सिग्रः षुप् सोभा रंग्याः
लरें झंवान् अंनेक डौल्याः जाको नाम प्रचंडचाः
रह्यो आफु डंडयाः ॥१॥

देउपाट्न्या डल्ललाः फुस्फुस् फुल्ल्याः
लडाइंदेषि धंधंगाइः गल्लि गल्लिपरः हल्ल्याः
पांच् पांच् साठिकै चोट्परः वल्ल वल्ल चल्याः ॥१॥

ज्यांगरः दांनाः घोर्नलांइ जांगरः लडांइं देष्ताः गर्छ लर्तरः
जीम्वु गोल् जैसो निम्वुः आगे सुरो पिछे काफर् भाग्न्याको सर्दारः
मानौंः लिम्वुः ॥१॥

इंद्रचोक्या वाध्याः विर विरः वृषभ विरकौं हाक्याः
माहांजुद्धःमाहां सभकौं डांक्याः ताके लडाइंतें सभ थाक्याः ॥१॥

तुंम्वाः ताको नाउं रह्योः घंमसांन में दौडि गयोः
थोडा लडांइंमाः थकित् भयोः चांनु मानु भइरह्योः ॥१॥

वैजनाथ् ताको जव्वर सोभा माथः ताकों चढचो लडांइंको मात्ः
माहाजुधासैंः थकितः भयोः तौंन हान्यो आंतः ॥१॥
नषुडोल्या छाद काल्याः युक् युक्याः वाक् वाक्ः वोक्काल्याः
जुफ्नाकौं विढङ्ग चाल्याः चार दिसा फाल्हाल्या ॥१॥

बनूछ्या जव घं मसांन परैः त मनूछ विसंनूच्याः
जियको बहुते संनूच्याः
छ्यालि छ्यालिः लडाइंः कियेः धकि धकि रुनूरूच्याः ॥१॥

लंनूच्याः विनि वुव बहुत षांनूच्याः
जव जव जोरः चढै तव तव लडाइंकौं राषै कांनूछचाः ॥१॥

जुठ्याकोः दाज्यु फुल्लन्याः ताकँ भाइ बनूइने गुल् गन्याः
जार्जाकी भर पन्याः जब हटि पिक्षे सन्या जोधाकै पिक्ष पन्याः ॥१॥

कांतु वाघ्याः सुत्याको जाग्यो येक् दुइकौं लडां (इं) मैं हाक्याः
लडांइं हारि जव भाग्याः आ–आफने डरसौं आफु थाक्याः ॥१॥

उट्मवाहाल्याः कैलो कैलो माल्याः लडांइंमा चिवा चाल्याः
तनेक् तनेक् सिङ थाल्याः जव चढैं सुरः जोरः तडक् तड्कि
फाल्हाल्याः ॥१॥

इंद्रचोक्या गुजुवाः षावैः षावाः
धडक् तडक्को संग्राम् कियोः तमासाः भयो वाह वाः ॥१॥

वेलांयेतिः करैं उक्ति जुक्ति लडै भांति भांतिः
कोहि नचलैः साथिः गये आधेः रातिः ॥१॥

लाटोः वडो जब्बर लाटोः
लाटाकौं कौं हटायौं । जो हटावैः सोः रहै नाटोः फेर् फिरावै सांटोः ॥१॥

सेंवुटान्या पंहेल्याः वर्ण पित धवल्या
सुरविरः भारि डौल्याः किस्ताकारिः रहिल्याः छंल्याः
पाटन्या ठिटो षानुछ मिठोः बाज्याको जुठोपिठोः
षुप्सौं मोटायो जैसो राम्रिठोः
तव भयो सुरो ठिटोः ॥१॥

इंद्रचोक्याः डांकुको डंका रह्योः
विर विरकैः घं मसांनमें संका भयोः
बडे गुमानि भंगयोः येकछिन् ठाक्ठुक् भयोः ॥१॥

जुठ्याको छोरोः टेकु दोभांन्याः विनि विनि घांस् षांन्याः
जांचिवुझि लडांइं जांल्याः रह्यो मनमान्याः ॥१॥

हुकुम् मान्याः [illegible]

भरां नांगोः कांहां वसि भया षांन्याः सुभम्

[१]

टम्क्याको जंवांन्ः षावैः लवांङ सुपारि पांनः
ताकौं राषै वडे सन्मान्ः ताको जोरः कौंन् जान्
लरै जोरः जोर जोरः किये घोर घोर घंमसांन्ः
टम्क्याका जवांनकौं चढचो वडे गुमान्

सांनु भूरुंग्या. सांनु जिउः तेज ठुलो तं जोरिदेषि फंन्फंन् रिंग्याः
जियको साह्रो वुद्धिकोः काफर् जैसोः पांङ्चोक्या गुरुंग्याः
ठुलो ढलवा कंल्याः पांगा को
ताको डिल् भारिः भजांनक्ः पिठ् चौडाः पर्वत्ः चंदागिरि जंसोः
अवं षर्वः जव्वरः सोभाः उचो माथ माह्रौं जंसो
फुलचोकको दुहुं । श्रींग सोभा सुंन्दर अटल्ः दुहुं लंगुरः जंसो
हिमालःयक्तो तप्पाः जंभाः चाकला कर्णः ताल् ताल् जंसोः
फंइलाउः निर्मम नेत्रः गढिरो वरषुन्ः कठोर प्रिष्ठ जंसोः
सर्वांग अथाहाः डिल् भारि थीयो वडो सनारि सो ... सब्ब जिका गतिको ।
ठुले ढलवा कंल्या पांगाकोः
त्यो अवतारिः पसुदेवः को हो को होः
कविले विर्त्ता पांउंन्या वाटो हो हो ।। ।।

अजोरः रह्यो सुरो सिउपूरि जंसो जुरोः

'वीरकालीन कविता' बाट साभार



गुमानी पन्त

फुटकर श्लोक

(वि. सं. १८६७–७३ बीच)

[एक]

आटाका अणचा लिया खसखसा रोटा बडा बाकला
फानो फट्ट गरूँस औ गहतको डुब्का विना लूणका ।।
कालो शाग जिनो विना भुटणको पिण्डालु का नौलका
ज्यौं त्यौं पेट भरी अकाल काटनी गङ्गावली रौणियां ।।

[दुइ]

दिन-दिन खजानाका भारिका बोकनाले
शिव–शिव चुलिमैंका बाल नै एककैका ।।
तदपि मुलुक तेरो छोडि नै कोइ भाजा
इति वदति गुमानी धन्य गोर्खालि राजा ।।

[तीन]

अयि दशरथ सुनो एक बिन्ती म गर्छू
तव चरणसरोजं आन सिर् साथि धर्छू ।
भवजलनिधिमेनं हेरि ढेरै म डर्छू
सपदि कुरु तथा त्वं जौन् विधी पार तर्छू ।।

[चार]

खान्छा भात जमालि बासमतिको घीउ बडो लोचई
धोई दाल बढाल शाग चटणी कालो जुदो टप्किया ।।
गाडीदै भलि खीर लस्कनि फिरि मुठ्ठी भरी दक्षिणा
बीता सोल सराव हाय छिन् मैं आकाशवाणी भई ।।

[पाँच]

राजा वडा दशरथ को दुहारी कन्या पनी भूप बडा जनक् की ।।
क्या भन्दछिन् रावन वस् पन्या कि हा राम हा देवर तात मातः ।।

[छः]

अपुना सबै पाउ वसाखु भाई तिन् सङ्ग दुर्योधनले अयाको ।।
गन्यो अचाक्ली फल दुःख पायो विनाशकाले विपरीतबुद्धिः ।।

[सात]

बाजे लौग त्रिलोकनाथ शिव कि पूजा करैं तो करैं
वबे-वबे भक्त गणेशका जगत मे बाजा हुनी त हुन ।
राम्रो ध्यान भवानि का चरणमा गर्छन् कसैले गरुन्
धन्यात्मातुलधामनीह रमते रामे गुमानी कविः ।।

[आठ]

खाणा लायक इन्द्रका हम छियाँ भूलोक्सँ आइ पडाँ
पृथ्वी में लग यो पहाड हमरी थाती रची दैवले ।
येसो चित्त विजारि काफल सबै राता भया क्रोधले
कोई और बुडा खुडा शरमले नीला धुमैला भया ।।

[नौ]

कर्णेनाथ घटोत्कचे युधि हते स्वां वीक्ष्य शक्तिं हतां
तुष्टः प्राह शचीपतिः शिवमहो पार्थश्चिरं जीवितः ।
एतद् भीमसुतस्य साधुनिधनं मन्ये स्वसूनोर्वधात्
छोरा आफनु मर्नु चाजि त बरु मीतैको छोर मरोस् ।।

[दश]

प्रतिकूलतामुपगते हि विधौ विफलत्वमेति बहुसाधनता
कविहेरू सङ्ग पनि रावनले क्याहि पार पाउन सकैन तहाँ ।।

[एघार]

वने वने काफल किल्मडो छ स्वाडा गुणी कोमल काकडो छ
गोठनम गोरू लैण बाखडो छ यातिन् में है उत्तम उप्रडो छ ।।

[बाह्र]

केला निबुअ खोड दाडिम रिखू नारिंग आदो दही
खासो भात जमालिको कलकलो मूना गडेरी गवा।
च्यूडा सद्य उद्योल दूद बकलो घ्यू गायको दाणोंदार
खानी सुन्दर मौडिया धवड वा गङ्गावलो रौणियां॥

'वीरकालीन कविता' बाट साभार



जीवनाथ कवि

बडो वंश बसनात

(सं. १८३१)

श्री गणेशपद वन्दिकै विधि (धि) नि विहारन सोयेः ॥
सुरपुर नरपुर नागपुर तिहुपुर जाहिर होये ॥१॥

बीते अठारह सौ वरिस सम्वत् मत येकतीसः ॥
फागुण सुक्ला सप्तमी वार ललित रजनीसः ॥२॥

विमल वंश बरनत सुकवि सुनो सब दये चित्तः ॥
जीवनाथ कविनें करि दोहा सहित कवित ॥३॥

बडो वंश वसनात है तिह्नमो विविध प्रकारः ॥
जो ई कुलमो अवतेर सोभा सूर उदारः ॥४॥

× × ×

चहुवर घट्टा उमडे अरिके ताँहाँ तिरचले घन बूद के नाजीः ॥
फौज हाहाकारि हुलिकरे तेरो अ:रनते ताहाँ धूम मचाईः ॥
साँग। कि चौक चालि ताहाँ तेग तमाम करे करतूति बनाईः ॥
जुफे ताँहाँ शिवरामबहादुर काम सबै नरनाह बनाईः ॥१०

× × ×

नाहरसिंह जमाहि रहै रणमण्डल नाहरसैं गरजैः ॥
करतूतिकरे रणमंडल मो महि मंडल चंड सुधादरजैः ॥
सदा नरनाह लिगाह करै सरदार उदार न सौ सवजैः ॥
देस विदेस मधेस तमाम जपै सब नाम सुनै अरजै ॥१२

× × ×

चाभि चाभि चरवि चस् प्रवल प्रचण्ड रण ।
चंडिका अध्या (घा) ये येजु, कहरसिह राषि है: ॥१६

× × ×

चलत गोल दल मलत हलत हल हल वैरिगनः ॥
कंपि कोपि वर भरत डरत थर थरत सकल जनः ॥
चढि तुरंग घ (ध) स मसत कसत कसम सतक क्षनवः ॥
तवफ निसफ निफर कडर कहरि हरक होत तवः ॥
श्रीधौकलसिह उदार भार दरवार सँभार करः ॥
जस जाहाज जगराज साज सिर ताज काजवरः ॥२२

("ऐतिहासिक कविता" बाट उद्‌धृतांश)

'वीरकालीन कविता' बाट साभार

□

यदुनाथ पोख्रेलकृत

स्तुति – पद्य (१)

सहर् कान्तिपुर्का कहर्[1] कम्पुमाला
लयन्को[2] तमासा उचा टोप काला ।
सुरुख्[3] रङ्ग कूर्था जरद्[4] पावजामा[5]
चमक् ज्योति बन्दूक् बिजूलि कि धामा[6] ॥१॥

सहर् कान्तिपुर्मा बडा कम्पु शूरा
कडा छन् तिलंगा[7] समर्का त पूरा ।
सयल्मा[8] टुडीखेल् फयल्[9] बोलि ताहाँ
हुजुर् जाइ कौनिस् बलं[10] हातमाहाँ ॥२॥

कहर् कम्पु जाम्यो सहर् कान्तिपुर्मा
रहर् राज्यको क्या खबर् गो त दूर्मा
सुनी चीन काबिल्[11] त सामिल् भयाको
वडा शिख्[12] त रंजित्कि[13] चेतं गयाको ॥३॥

बडी कम्पुमाहाँ जमीबेस टोली
इसारा हुँदैमा कदम् चाल पोली[14] ।
जहाँ कम्पु बाजा अनूठा बज्याका
तमोर् सूनि रानी तिलंगा भन्याका ॥४॥

---

१. केसरी शब्दको अपभ्रंश रूप कहर शब्द नेपालीका संज्ञावाचक नाम कहर्सिहमा व्यवहार हुन्थ्यो, २. छाउनी, ३. छाउनी, सुरखी, ४. कालो, ५. पाइजामा, ६ धावा, ७. सिपाही. ८. हिंडाइ, ९. कवायतमा सिपाहीको पङ्क्ति, १०. बलं = भाला, ११. काबुल, १ . सिख (जाति), १३. पञ्जाब-केशरी रणजितसिंह, १४. खाली ।

सबैमा त कम्पू तिलंगा त फर्रा[1]
पलक्मा सल्क दी छुट्याको त[2] पर्रा
सुनी वैरी भाग्या वडा शेष काम्या
धुवाँलि त रानी भनी गाइ राम्या[3] ॥५॥

बषान्‌को[4] त कम्पू सदा टोप टेढी
फारसिसि कूर्था गुदाम् टाँक[5] छेडी।
सबा चुस्त[6] चर्ना[7] घना बेस जुल्फी
सुरत्[8] देखि सब्‌को मनैं गो त कल्पी ॥६॥

भयानक् भयाका तहाँ न्यामसोठा[9]
कमान्‌मा वढीया जवान् छत्त[10] गोता
वरोवर् उमेर्‌का वचन्‌का त छूरा
वयस्‌मा त लायक् समर्‌का त शूरा ॥७॥

फुदावत् लहर्‌का वडी बाग[11] सेली[12]
सदा चांद शोभा सबैं जानु खेली
प्रजीटन्[13] इसारा भरी खालि[14] गोली
कदाइत्‌कि कम्पू विलायत्‌कि बोली ॥८॥

कहर् कम्पूमाहाँ जहर्‌का[15] तिलंगा
रहर्‌ले बन्याका सहर्‌मा छ चंगा
विकुल्‌को त तारीफ् अड्‌कल्‌का त बाजा
सुनी राजि सबको मनैं हुन्छ ताजा ॥९॥

अघी फंल[16] फोरी फिरी[17] बाँधि टोली
इसारा दिदैंमा कदम् पाव[18] खेली।
भरीयो त बन्दूक् सलक् छाड्‌नु गोली
रहर्‌की कवाइत् कहर्‌की त बोली ॥१०॥

---

१. कडा, २. सल्काएर, ३. कराए, ४. बखान, ५. गाइदुम परेको टाँक, पुराना कुर्ताका टाँकमा दुईतिर गाइदुम परेको हुन्थ्यो, ६. टिमिक्क, ७. ठुटे सुरुवाल, ८. अनुहार, ९. लट्‌ठी, १०. छरिता, ११. बाङ्गा, १२. पगरीमा लाउने तोडा, १३. ऐटन, १४. खालि, ५१. जहडी, १६. फाइल, १७. फेरी, १८. पाउ,

बडी कम्पुमाहाँ सुनी रागमाला

सबैका मनैका सँधै दुःख जाला
जताप् सूर्यताप् कैं कितापमा त लेख्या[1]
बडो भाग्यले श्री[2] पहाड्मा त देख्या[3] ॥११॥

बडी कम्पूमाहाँ अनेक् छन् त वाना[4]
फली[5] वाक[6] टेढा सिधा छन् त साना ।
बिकुल् बोलि बेन् शवद् बासुलीको[7]
सुनी कम्पु बाजा अरू गान फीको[8] ॥१२॥

फयल्का सयल्मा त कर्णेल् अगाडी
रूपीला त वल्लम्[9] षडा छन् पिछाडी[10] ।
असल् टाप[11] टाकार्[12] फलावोर्की[13] कूर्थी
विधाताकि नक्शा ति हुन् देव मूर्ती ॥१३॥

षरीदार[14] मेजर्[15] फलं हात रोपी[16]
कमर्मा सलांषर्[17] बही धापी कोषी[18] ।
यती गैरहाजीर् भनी बिन्ति लाव[19]
उनैले त सिष्चेन्[20] अदल्मा त जाव[21] ॥१४॥

बजी[22] भेरी[23] देरी[24] नगर्नू कसैले
निसान्साथ[25] जानू तिलंगा रसैले ।
टुडिखेल् त हाजीर् भई नाउँ देख
बिमारी जति छन् घरै जाइ लेख ॥१५॥

टुडिषेल्महाँ भो कवाइत्कि वेला
तिलंगा सबैले तहाँ हुनू भेला[26]
मनै लाइ षेल्नू[27] नगर्नु अभेला[28]
परोला संगी हो छडो बेत्की[29] फेला ॥१६॥

---

१. लेख्या, २. शोभा, ३. देखे, ४. वाना, ५. कल्की, ६. बाँकि, ७. बाँसुरी, ८. फिक्का, ९. वल, १०. पछाडि, ११. इस्त्री, १२. सम्म मिलेको, १३. कपडाको, १४. खरीदार, १५. बहीदार, १६. राखी, १७. पित्तलको कलमदानी मसिदानीसमेत जोल्टेको वस्तु, १८. काखी, १९. लाऊ, २०. सेवा, २१. जाऊ, २२. बज्यो, २३. नगरा, २४. अबेला, २५. झण्डा, २६. जम्मा, २७. खेल्नू, २८. अबेला, २९. लामो हलुका कोर्रा

बडा ज्ञानी जर्नेल् सबैमा त दाता
बडी तन्कि[1] कीर्ति दुनीयाँकि माता।
बनी बेस नेपाल् तमाशाकि ढोका
सुरत् हेर्नलाई सबैको छ धोका ॥१७॥

उपर् बाँधि तोडा त घोडा फुँदाई
फुदावाल कोडा सुधर् कर् फिराई।
लयन् बीच काप्दन्[2] बिरा पान् चपाई
गई छाउनीमा पुसी[3] छन् बनाई ॥१८॥

बडो मत्त हात्ती अगाडी चल्याको
कलावर्कि हौदा मदैले झुल्याको
तहाँ माथि जर्नेल्कि शोभा बन्याकि
सदा चन्द्रमाकी कला झैं बन्याकी ॥१९॥

बडो बाजी[4] ताजी महाराजि जो छन्
सवार्मा त वर्सी मनोरथ् कहन्छन्।
फिरंगी हटाई लुटीपोटि चाँडो
पुगी आज गंगा पखाल्नू छ खाँडो[5] ॥२०॥

कडा भीम् बलीका कडा वीर छोरा[6]
बडो मत्त[7] तन्को छ टक् भेट्नु गोरा[8]
सदा शूरमा छन् उमेर्का कलीला
नजान्नु कुनैले उनैको ती लीला ॥२१॥

प्रधो पन्थ पाँडे थिया ढेर[9] मन्त्री
भएनन् त यस्ता अकिल्का त तन्त्री।
अमर्सिंह थापा बडा वीर्की घर्मा
भयो भीम औतार् सुघर्[10] बाह्र थर्मा ॥२२॥

गोरा त शूरा दुइ एक हुन्छन्
गोर्खातिहाँ[11] कातर आज कुन् छन्।

---

१. तिमको, २. कप्तान, ३. खुशी, ४. घोडा, ५. खुंडा, ६. धर्मपुत्र कम्यान्डर कर्णेल शेरजङ्ग थापा, ७. दृष्टि, ८. अंग्रेज, ९. धेर, १०. निर्मल, ११. गोरखा,

गारन्[1] डराइ पनि चिट्ठी लेख्यो[2]
नेपालका वीर सिपाहि देख्यो[3] ॥२३॥

नेपाल्महां कम्पु तयार् भयाको
डिल्ली तखत्मा त षवर्[4] गयाको
लख्नौ नवाफको परहर् पऱ्याको
चारै दिसा बन्दूक बम्[5] भऱ्याको ॥२४॥

अंग्रेज लाठ्ले सुनि टोप पट्क्यो
दांत्ले त ओठ् च्यापि त भित्र सट्क्यो
जहाज षोली उतिषेर्[6] भगायो
विधि[7] बिलाइत् डरले पठायो ॥२५॥

तोप् छांदि अंग्रेज् त षडा[8] रह्याको
पट्ना बनारस् मुहडा पऱ्याको
पल्टन्कि लंन् बांधि विकट् बस्याको
गोर्षालिको[9] डर् मनमा पऱ्याको ॥२६॥

गोर्नल्[10] बसी कौशल वेस् जम्याको
च्याप्सा[11] भुज्याली[12] घुकुरी[13] भऱ्याको।
गोर्षालिका सब् हतियार् बन्याको
जित्नू कठिन् कम्पु वषान् सुन्याको ॥२७॥

छंनन् सिपाही पनि शूर उस्ता
नेपाल जान्याकन छैन रस्ता।
तोप् बम्मगोला त तयार् गऱ्याको
बारूद गोली सबमा भऱ्याको ॥२८॥

मघीको तपस्या पछी काशी माहां
फलित् विश्वनाथ्का कृपाले त ताहां।
बसी कान्तिपुर् श्री हजुर् काजमाहां
हुकुम् जारि गर्न्या अरू छन् त काहां ॥२९॥

---

१. सेनापति एडवर्ड गार्डनर, २. लेख्यो, ३. देख्यो, ४. खबर,
बम्, ६. उत्तिनखेर, ७. खबर, ८. खडा, ९. गोरखाली, १०. गभर्नर,
छुरी, १२. सानो खुकुरी, १३. खुकुरी,

बडी बाग जर्नेलजीको त खासा
असल् अप्सराका जहाँ नाच् तमासा ।
सितार् बेस ढोलक् अनेक् बाजु[1] बाजी[2]
वषत्को[3] अलापी सुनी मन्त्रि राजी ॥३०॥

असल् मीहि जामा सबुज्को[4] किनारी
दुपट्टा[5] उपर्मा किमत्को त भारी ।
सुवाल[6] कीनषाप्को[7] दुवैं तालि मारी
चमत्कार नाचन्या जहाँ छन् त नारी ॥३१॥

जडाउ रतन्का गुछा[8] मोति माला
टलक् बीजुलीको[9] झलक् नैन[10] काला ।
बडी बागमाहाँ नवीना सहेली
जहाँ रङ्गमहल्मा अनेक् नृत्य केली[11] ॥३२॥

बडी बागमाहाँ अनेक् फुल् फुल्याको
बिलाइत्कि मेवा पवन्ले झुल्याको
भ्रमर् जाइ फुल्को मिठो रस् लिन्याको
कहूँ क्या तमासा बहुतै पुल्याको[12] ॥३३॥

अमोल्को त बग्गी पवन्वेगि घोडा
पलक् कोस जान्या नमारी त कोडा ।
सवल् षूस[13] जर्णेल् बसी बग्गिमाहाँ
प्रसाद्सिंह कप्तान् पछीतीर ताहाँ ॥३४॥

बयान् बेस जाहाँ तडक् घोड्बहल्को[14]
सड्कमा मड्कले नगीच् गै महल्को
सलाम् बेस घर्छी[15] ति बर्छी[16] लिन्याको
बडा मन्त्रि दाता अरू छन् दिन्याको ॥३५॥

---

१. बाजा, २. वजेर, ३. समयको, ४. हरियो, ५. दुई पाटा भएको पछ्यौरा, ६. सुरुवाल, ७. किनखाप, ८. गुच्छा, ९. बिजुली, १०. आँखा, ११. खेल, १२. खुलेको, १३. खुश, १४. घोडा दौडनु, १५. घर्छंद, १६. माला,

बडी बागमाहाँ बडी छर्दवाली
कहीं बेस बूटा कहीं देषनु[1] षाली[2] ।
उचा बेस ढोका सिढिको चढाइ
किताप्को त नक्सा कहूँ का[3] बडाइ ॥३६॥

कहर्को त धर्हर् सहर्का निकट्मा
उचाको त तारिफ् बन्याको विकट्मा ।
जहाँ भिन्न बाटो घूम्याको उपर्मा
अक्ले नजान्नू अकल्का सफर्मा ॥३७॥

बडी बागमाहाँ बडी सीस्महल्को[4]
वषान् क्या[5] नगर्नू बन्याका पहल्को ।
बडा ख्याल् त ष्याल्का[6] सबूजी रँगाइ
कहीं बेस मूर्ती कहूँ क्या बडाइ ॥३८॥

अनेक् लालटेन् छन् फनुस्[7] मोमवाती
दिनै झैं उज्यालो जहाँ हुन्छ राती ।
चुनौट्की सपेती फुदाहार मोती
दुवै पक्षमाहाँ भयो चन्द्रजोती ॥३९॥

असल् भीतमाहाँ जड्याका त ऐना
मुषै[8] देषि[9] हाँस्छन् जहाँ मीननैना[10] ।
अनेक् छन् त तस्वीर् बहुत् मोलबँना
शुगा लाल् मुनीजा जहाँ श्यामनैना ॥४०॥

हिमाल्को चिसो जल् मगाई रच्याको
तहाँ सुन्कि धारा अमृत्ले सिच्याको ।
जहाँको विमल् जल् दुदै[11] झैं रुच्याको
अघोका त नक्सा यसैले किच्याको ॥४१॥

बडी बागमाहाँ तलाऊ षन्याको[12]
सबै काम पक्की अकिल्ले बन्याको ।
जहाँ लाल माछा तमासा भयाको
अनेक् जन्तु देख्नु जलैमा गयाको ॥४२॥

---

१. देख्नु, २. खाली, ३. के, ४. ऐना घरको, ५. के. ६. ख्याल, ७. फानस, ८. मुखै, ९. देखि, १०. माछाजस्ता आँखा, ११. दूधे, १२. खनेको,

बडी बागमहाँ महादेव देवल्
  बन्याको त कैलास् यही हो त केवल् ।
    असल् लिङ्ग शम्भू जहाँ छन् बस्याका
      सदा भीमभक्तेश्वरै वेस् कह्याका ॥४३॥

सबै देवताका जहाँ भो त वासा
  असल् चार ढोका बन्याको तमासा ।
    अनेक् गुन् र लीला बडा भीम् बलीया
      पुरुष् को छ उस्ता अरू येस् कलीमा ॥४४॥

बन्याको त दर्बार् असल् सिस् हवेली[1]
  सडक् छाउनी भो तहाँ कम्पुकेली ।
    असल् वाग्मती फुल् बगैंचा कहर्मा
      कती वीर नक्सा भनू क्या सहर्मा ॥४५



---

१. महल ।

स्तुति–पद्य (२)

कम्पूका नकसा अनेक् तरहको बात्साहि बाजा जहा ।
तेस्मा देस कलाटको अति अलाप् राग्को त नक्सा तहाँ ॥
द्रिङ्गुल्को[1] रचना विकुल्कि त घना ताम्रिङ[2] शबद् दूरको ।
सायिन्[3] डचालि किनाप् तवाँक[4] बिजुली सुन्दा चमक् शूरको ॥१॥

झ्याम्टा भेरि तमोर् त बाँसुरी पनि बेस् बेस् तरंगी गती ।
तासा ढाक् तुरही अघी समयको नाना त बाना कती ॥
जर्नेल् साहब भीमसेन जनको नक्सा बन्याको जती ।
को भन्ला मनलाइ नाम सबको[5] कस्को छ यस्तो मती ॥२॥

आमिल्को[6] बहुतै त बिद्दत[7] हुँदा अर्जी[8] हजुर्मा गयो ।
पान्साला[9] थिति माग्नलाइ सबका मन्सुब् बढचाको थियो ॥
जर्नेल् साहबको त मेहर[10] अती भाग्यै बडी चूनिको[11] ।
मोरंको थिति बाँधियो रयतको[12] दुःख गयो अन्तको ॥३॥

आमिल् जो उनको त विद्दत बडो साल् साल् इजाफं[13] बढचो ।
पंचन्[14] सज्जनको रहेन इन दिन् पंसा विचमा गयो ॥

---

१. द्रिङ्गुल (अंग्रेजी बाजाका भेद)
२. तामरिङ ,,
३. सायिन ,,
४. तवाँक ,,

५. सब, ६. अमला जिल्लाको हाकिम, ७. अन्याय, ८. बिन्ती, ९. पाँच वर्षका निम्ति भएको स्थिति, वि. सं. १८८० मा भीमसेन थापाले यो स्थिति बाँधेका थिए, १८८५ देखि दश वर्षका निम्ति यो स्थिति बढाएका थिए, १०. मेहरवानी, ११. सामान्य रैकर जमीन, १२. रैतीहरू, १३. अधिकता, १४. पहिचान ।

अर्जी येति हजूरमा जव पुग्यो कोशल् जम्याको अती ।
पान्साला ठहराइ ठेक सभको राम्रो मुलुक्को थिती ।।४।।

जर्णेल् साहव मन्त्रि तन्त्रि बढिया ठेक्को त पट्टा भयो ।
बन्दोबस्त सवाल् भयो हजुरको रैतान्कि दुःखं गयो ।।
राजी भं दुनिया घुम्यो चहुदिशा[1] यो जस् मुलुक्मा पुग्यो ।
औतारी जब भीम् वली कलिमहाँ चूनोकि ढोका खुल्यो ।।५।।

पान्साला थिति भो सबै मुलुकको राजी दुनीआ अती ।
बिर्ता जागिर गूठि पाइ षुशि[2] छन् वैरागी ब्राह्मण् जती ।।
जर्णेल् साहवको किताप चलियो गुण्को सुयश् भो अती ।
कीर्ति मात्र रहन्छ यो युग भरी आखीर् छ एकै गती ।।६।।

कुलदेज्[3] अंगरेज् फरासिसहरू[4] नेपाल्कि नक्सा सुनी ।
औतारी जन हुन बडा यस घरी श्री भीम् बहादुर् भनी ।।
भन्छन् यो दुनियामहाँ सब जना नाना तमासा बनी ।
जन्को बेस् महिमा कही नसकिन्या हैनन् मनुष्यै पनी ।।७।।

जर्णेल साहवको त कीर्ति बढिया देश् देशमाहा गयो ।
नक्सा दिल्ली तखत्की मानुस भयो नेपाल देश्मा भयो ।।
यस् रस्ले त मुलूक वश् पनि सबै कस्को अकल् भो यति ।
संसार्को पनि सार् विचार् घरि-घरी कस्तो छ यस्को मति ।।८।।

कान्तीपुर्कि सहर् कहर् तरहको धर्हर्[5] बन्याको अती ।
तोफा सोस महल् पहल् चहुँदिशा नाना बगैंचा कती ।।
धारा स्वर्णकि वाउली[6] पनि भली देवल् त केवल् गती ।
दर्बार् श्री अमरावती सुरपती नेपालका भूपती ।।९।।

तोफा कम्पुकी छाउनी अति बनी सोफा त कोठा कती ।
बिच् बिच्मा त तडक् भडक् तरहकी बगैंकि शोभा अती ।।
रानीपोषरि[7] जल् भरी विमलको सेतू बिचं वाग्मती ।
कीर्ति मात्र रहन्छ यी युगभरी झूटो अरू हो जती ।।१०।।

१. चारै दिशा, २. खुशी, ३. डच, ४. फ्रेंच, ५. धरहरा, ६. हात, ७. रानीपोखरी ।

श्री नैपाल नृपालका तखतमा[1] कम्पू कम्पाको सुनी ।
काबिल्[2] काँपिगया पऱ्यो थरहरी षोर्सान्[3] बिलाइत् पनी ।।
कन्धार्[4] षाक[5] भयो वलष्[6] गलिगयो लेषा[7] अरूको कती ।
लङ्कामा पनि यो षवर्[8] सुनि कहर् शङ्का मनैमा अती ।।११।।

अंगरेज्को मनसुब् पनी गइगयो गारन्[9] गल्यो मोप्तमा[10] ।
चिन् दिन् चिन्[11] पनि वश् भयो यस घरी सिष्ले[12] सुनी सोष्तमा[13]
आसाम् आफू स्यलाइगो[14] घर फुटी डिल्ली तषत् गैगयो ।
मन्त्री भीम वली भया भनि सुनी सब्लाइ त्रासै भयो ।।१२।।

मोगल मासिदियो नवाफ् गलिगयो आफैं फरासिस् हट्यो ।
बाजीराव त पाजी भो भरतगढ् घेरा दिंदैमा टुट्यो ।।
दिल्लो धानिलियो नसीब बलले उस्तो फिरंगी पनि ।
नेपाल् आई पिछा पऱ्यो त डरले कम्पू बषानैं सुनी ।।१३।।

घर्-कल्[15] लाइदियो मुलुक् पनि अती बल्ले लियाको कती ।
बम् गोलाकि तयारिले त अरुको राज्यै भयाको षती ।।
तिन् बात्साह् वडो डराउँछ उही उस्तो फिरंगी पनी ।
नेपाल् आइ पिछा पऱ्यो त डरले कम्पू बषानैं सुनि ।।१४।।

साहेब्लाई रिझावनै[16] त नसकी जन्मै मधेस्मा बिती ।
बिर्ता जो षहऱ्या[17] पसी उडिगई सुर्ता मनैमा अती ।।
साहूको त सकस् हुंदा घरि घरी मेरी हराई मती ।
ध्यान् राखो त शरन पिछा परिगजां क्या हुन्छ मेरो गती ।।१५।।

गादी आधि भनी त सप्तरिमहाँ मोहर् हजुरको थियो ।
नाफा दिनु कहाँ उसै त बलले मोहर् पनी खोसियो ।।
काम्काज्लाई मिलेन बालि अघिको रित् यो कुलानन्दको[18] ।
न्याका[19] मालिक एक् चरण् मुलुकमा अर्को त बुझन्याछ को ।।१६।।



१. राज्य, २. काबुल, ३. खुरासान, ४. कन्दहार, ५. खरानी; ६. बलख; ७. लेखा, ८. खवर, ९. सर एडवर्ड गार्डनर, १०. सित्तैं, ११. चीन, १२. सिख, १३. शौक, १४. सेलायो, १५. घरझगडा, १६. रिझाउन, १७. खहरे, १८. सुब्बा कुलानन्द झा, १९. न्याय ।

स्तुति–पद्य (३)

....
.... का कति ॥
घेर् दूभो षनि[1] धनकुटा बनिगयो उत्तर्कि चर्को[2] तहाँ ।
श्रीजङ्ग पल्टनको निवास सब दिन् कप्तान काजी जहाँ ॥४॥

चौदण्डी गढि सप्तरीउपरको घाँटी किरात् देशको ।
उस्का पश्चिमसा सुगाचरि बडी भञ्ज्याङ महा सन्धिको ॥
तज्बिज्खे गढि चाहिन्या स्थल तहाँ राजन्कि त्यो कामको ।
सन्धिसर्पन लागन्या विचमहाँ दुधकोसिका पूर्वको ॥५॥

पल्टन्को त निवास् उदैपुर गढी गढ् मत्स्यरेखा पनि ।
पोवा गढ् सिधुली महा तखतमा किल्ला त पक्का बनि ॥
पत्थर्को गढ त्यो उचाइ छ अती ढोका फलाम्का तहाँ ।
लार्षो[3] वैरि निपात् हुन्या छिनमहाँ यस्तो वषत्को[4] कहाँ ॥६॥

हरिहरपुर किल्ला चार खुट्मा[5] पुग्याको ।
उहि पश्चिम[6] त आम्वास् बीस घाँटो पऱ्याको ॥
सब दिन मकवानपुर् नाउँ जहिं[7] कह्याको ।
निकट तल त राजपुर् गढ्कि तज्विज् रह्याको ॥७॥

चीसापानी गढी बढी तषतमा[8] ऊँचा पऱ्याको अति ।
शीशागढ् भनि नाउँ चौषुटमहाँ[9] प्रख्यात् नजान्नू गति ॥
किल्ला जब्बरमा समुर्चल[10] अती लोहाकि ढोका तहाँ ।
पान्[11] हो अमृत पानी पश्चिम दिशा गढ् स्वर्गवास् लेक्महाँ ॥८॥

---

१. खनी, २. चियो, ३. लाखौं, ४. बखत, ५. खुट = तिर, ६. पश्चिममा त, ७. प्रसिद्ध, ८. तखतमा, ९. चौखुट = चारैतिर, १०. मजबूत, ११. पिउनु ।

कन्याङ्‌ बेस गढी पहाड बिचको अर्को परेवा गढी।
दक्षिण् पश्चिम सन्धिमा कहिं कहीं छोन्या पऱ्याको[1] कति ॥
गढ् शुम्भेश्वरमा पनी अति उँधो कैलास् विलास्‌को गढी।
सिच्या[2] गढ् पनि देवघाट् निकट्‌मा गढ् यत्ति काली वरी ॥९॥

मेची देखी महाँभारत उपर जती सन्धि लाग्न्या गढी छन्।
जम्मा जग्गा उनन्तिस् यस धरी कहिया कालितवका यती हुन् ॥
शुम्भेश्वर्‌मा गढी थ्यो विकट उही पनि काली पच्छिम् जती छन्।
तेस्‌को संख्या अरूले बुझिसुझि कहनन् देषन्या[3] विन्ति गर्नन् ॥१०॥

ऊँचो पर्वत लेक् चह्राउ[4] बहुतै झाडी त षाडी[5] तहीं।
कांढा सिस्नु त कांडको वरिपरी षोला[6] त जोला[7] वहीं[8] ॥
देखतैमा त अघोर् भयानक अती पथ्थल तलंन्या[9] जहाँ।
हटन्या मन् पनि वैरिको संभ घरी यस्तो त किल्ला कहाँ ॥११॥

कालीझागड मेचिमा तटमहाँ दोषा गढी बेस् तहाँ।
विख्यात्[10] एक मदन् गढी बिचमहाँ वैराट् गढी हो जहाँ ॥
राजा श्री हरिचन्द्रकी तरवना बिच्‌मा हरिचन् गढी।
जहिं गढ् नहरा भिमा गढ पनी किल्ला रुपैठा बढी ॥१२॥

देश्‌का बीच कडर्‌वना पनि गढी सिम्‌रौन विख्यात् अति।
प्रख्यात्[11] चार् षुटमा गजप् कि रचना तंकि[12] नजान्ने गति ॥
बारा बीच गढी बढी तषतमा पर्सा गढी माझमा।
किल्ला येति मधेसन्त[13] त अहिले पक्की त मैदानमा ॥१३॥

'पुराना कवि र कविता' बाट साभार।



१. छुटे पडेका, २. उपरदांग. ३. देखने, ४. चढाउ; ५. खाडी; ६. खोला, ७. जोला = झोरा, ८. उही, ९. ढुङ्गा बग्ने; १०. विख्यात = प्रसिद्ध; ११. प्रख्यात, १२. तिनको, १३. तराई।

मौलाराम तोमर

कांगडा युद्ध

(सं. १८६६–६७ तिर)

लड्यो कांगडा शत्रु सिहाऱ्यो

× × ×

रुद्रवीर तब चौतारा दीने सिघ्र पठाय ।
दलभंजन काजी सहित चले कांगडा धाय ।।

× × ×

गई खबर नेपाल वह, कांतीपुर दरबार ।
नैनसिंह काजी गिऱ्यो, करी खूब तरवार ।।

× × ×

रुद्रवीर चौतरिया आये ।
दरभंजन संगमा ही पठाये ।।

लियो कांगडा तिनहुँ घिराई ।
चहूँ तरफ फौज ती पिल्लाई ।।

फिरैं तिलंगा चहुंतरफ, आठों जाम अथाह ।
देखि पंखि संसारको, भयो महाभय त्रास ।।

("गीर्वाणयुद्धप्रकाश" बाट उद्धृतांश)

'वीरकालीन कविता' बाट साभार



इन्दिरस कृत

गोपिकास्तुति (गोपी रक्षा)

राती वन्‌मा बासुरी शब्द गर्दा । आया गोपी कृष्णले चित्त हर्दा ॥
गोपी सब्‌का कृष्णको खेल पर्दा । वृन्दावन्‌मा रासलीला त गर्दा ॥१॥

हामी सुन्दर् शीलवंती रह्या छौं । कृष्णैज्यूलाई मोह पार्न्या भया छौं ॥
एस्तो शेखी गोपिकाले धन्या छन् । लालाजीले गुप्तवासै गन्या छन् ॥२॥

तेस्तै बीच्‌मा षोजिषोजी गन्या छन् । वृन्दावन्‌मा एक ठाँऊ मिल्या छन् ॥
नदीतिर्‌मा जाइ दुःखित् भया छन् । ताहीं गोपी गाँउन लागी रह्या छन् ॥३॥

व्रज त वेस् बन्यो तिमरि जन्मले । लक्ष्मि छन् जांहा तिम्रि निमृतिले ॥
पिह निहार हे प्राण धर्दछन् । तिम्रि हुन् सबै षोजि गर्दछन् ॥१॥

शरदमा कमल बेस पत्रले । श्री हरी दिन्या तिम्रि नेत्रले ॥
सुरतनाथ हे हामी दासिको । वध हुदैन की कामदेवको ॥२॥

जलद विष् भयो व्याल दुष्ट भो । विजुली अग्नि भो आधि मोर भो ॥
मयकि संतति लोक भीति भो । रथनिहार्भयो येति दुःख भो ॥३॥

तिमी रह्यानछौ पुत्र गोपिका । हृदय साक्षि हौ सर्वदेहिका ॥
विधि कि विन्तिले लोकपाल् भयौ । यदुकुलै विषे जन्म भै गयौ ॥४॥

अभय भै गयो विश्वदेविको । चरण सम्झन्या हामी गोपिको ॥
चरण रुप् कमल् देउ माथमा । लक्ष्मिका पती साथ हातमा ॥५॥

व्रज कि दुःख हुन् वीर नारिका । मन सगालन्या हामि गोपिका ॥
गर भजन् तिमी हामी दासिका । कमल झैं प्रसन् हेर्न देउ् वदन् ॥६॥

प्रमृत देहिको पाप काटिन्या । गउ पछी चली शोभमान् हुन्या ॥
चरण कालिनाग् माथि राखिन्या । धर कुचै उपर् दर्द हर्दिन्या ॥७॥

मधुर शब्दले वेश वाणिले । बुध्द निहारका चित्त चोरले ॥
सकल गम् भयो हामि गोपिको । रस पिलाऊ हे कृष्ण ओठको ॥८॥

अमृत हो कथा जीवदान् दिन्या । कवि सह्लाउन्या पाप काटिन्या ॥
श्री सुहाउन्या सुन्न बेश् हुन्या । ग्रहण गर्दछन् भाग्य धेर् हुन्या ॥९॥

पिरतिले नजर् गर्नु हाँसनु । सम्झि राषनु वेश देषनु ॥
बुझि सबै जहाँ सम्झि हामरो । कलपि जान्छ मन् धूर्त साँवरो ॥१०॥

गउ चराउँदै जानुहुन्छ वन् । कमल झैं नरम् लाल पाउ छन् ।
गडि दिनन् तिषा पथ्थरै ति जन् । भनी त हामरो कलिप जान्छ मन् ॥११॥

दिन बित्यापछी नील केश् भरी । कमल झैं वदन् हुन्छ हे हरी ॥
घन समान् भरी धूलि धेर् धरी । हृदयमा दियो कामदेव् भरी ॥१२॥

अमृत हित् हुन्या ब्रह्म पूजिन्या । सम्झि वेश् हुन्या श्री सुहाउन्या ॥
चरण रूप् कमल् सुख (क्षम) रूप् हुन्या । धर कुचै उपर् दर्द दुर् हुन्या ॥१३॥

रति बढाउन्या शोक नाशिन्या । व्रज त वेणुले स्वाव पाजिन्या ॥
अरु सबै कुरा बिसिजाइन्या । अमृत ओठको त्यो मिठो हुन्या ॥१४॥

वनविषे गमन् गर्दछौ जसै । दिन भयो जुगै हामि दासिलाई ॥
कुटिल केशले शोभमान् वदन् । नजर गर्न देऊ नेत्रले चइन् ॥१५॥

पति र पुत्र कुल् भाइ बन्धु जन् । त्यजि जहाँ हजूर ताँहि धाउँदछन् ॥
गति निहार्दछन् गीत लोभि छन् । युवतिलाई को राति छोड्दछन् ॥१६॥

विजनसो हुँदा चित्त षुस् हुन्या । मुसुक हाँसन्या प्रेम देषिन्या ॥
हृदय सुन्दरै देषियो जसै । वहुत मोहितै हुन्छ मन् उसै ॥१७॥

व्रज निवासिको दुःख नासिन्या । तिम्रि मूर्तिले विघ्न दुर्हुन्या ॥
तीमि तेज्दछौ हामि समझन्या । हृदय रोगको दर्द हर्दिन्या ॥१८॥

तिम्रा चरण् कमल कोमल जुन् कुचैमा ।
डर् मानि हामिहरुले नि लिया कठिन्नमा ॥
तेस्ता चरण् कमलले वनभित्र जान्छौ ।
मन् पुग्छ हामिहरुका ताँहि प्राण झैं छौ ॥१९॥

कोमल् चरण् कमल जो धरि हामि राख्छौं ।
विस्तार् कठोर् कुचमहा भय मानि हाल्छौं ।
जान्छौ तिनै चरणले हजुरै वनैमा ।
पथ्थर् तिषा गडि दिनन् भनि षेद पाउछौं ॥२०॥

यमुना किनारमा बसी गाउँथ्या ती । तेसै बीचमाहाँ आया छन् हरीजी ।।
गोपिकाहरूले जसै पाया दर्शन् । येकै बेरा उठी गरी हाल्या पर्सन् ।।२१।।

गोसल्ला दोपट्टा चदर् चूँदरीको । गोपीका सबैले आफूले ओढ्याको ।
उतारि भूमिमा बडो गद्दि लाया । अलिक् हावा लाग्न्या कदम्को त छाया ।।२२।।

तसै गद्दिमाहा लालाजी बस्या छन् । चारैतीर गोपी घेरा दी बस्या छन् ।।
अधिबाट पान्का विडा मुष् मिलाई । हरीजीका मुख्मा आफ्नू मुख् मिलाई
।।२३।।

अधर्को रसै ता पियाई मुखैमा । भरी रात् बिताया अघीकै सुखैमा ।।
लालाजीको वंशी षोसीलीया तिन्ले । गोपीका चोलीमा हातै हाल्या उन्ले ।।२४।।

मनै भित्र प्रीति मुखैले त कोपी । तेसै बीच माहा बोली हाल्या गोपी ।।
हजुर्ले त यस्तो कसर् राखी लुक्नु । हामीले त वेर्थै हजुर् देषी झुक्नु ।।२५।।

दिनै मर् हजुर्लाई छाड्न्या त छैनौं । अरू जस्ता स्वास्नी हामी गोपि होइनौं ।।
हजुर्को टहल्मा बडो सुःख पाउला । पछी फेरि हामी गोलोकैमा जाउँला
।।२६।।

यही मन्मा राषी घरै छाडी आञ्यूँ । वनै बीच माहाँ वहुत् दुःख पाञ्यूँ ।।
हजुर्को हामीमा छँदै छैन मोहो । बरू हामीलाई मारी हाल्न्या पो हो ।।२७।।

जसै गोपिकाले यसै बात बोल्छन् । लालाजीले तिन्का कुचै हात धर्छन् ।।
हरिजीले पान्को थुकै दीया पोती । गोपीका सबैको मुखै चन्द्र ज्योती ।।२८।।

गोपीका सबैले फेरि दीया धोती । लालाजीले तिन्का चुडी दीया मोती ।
गोपीको हरीको षिलै हुन्थ्यो जाहाँ । जुनै लाग्न्या राम्रो वनैभित्र माहाँ ।।२९।।

तमास् हेर्न आउँछन् पशू पंछी ताहाँ । जो जो हेर्न आउँथ्या फेरि जान्थ्या
काहाँ ।।
गोपीका सबैले बडी सूख पाया । छाडी हाल्या तिन्ले घरैको त माया ।।३०।।

गोपीकाहरूको लिला देषि पाया । लालाका चरन्मा वहुत् बिन्ति लाया ।।
राधाकृष्ण लीला नसुन्न्या जो होला । तेसैभन्दा मूर्ख जगत्मा को होला ।।३१।।

राधाको हरीको लिला सो त सुन्छन् सबै दुःख छूटी हरीरूप हुन्छन् ।।
येतो कृष्णजीको चरित्रै बन्याको जगत् बीचमाहाँ अमृतै वह्याको ।।३२।।

'नेपाली वाङ्मयः केही खोजी केही व्याख्या' बाट



विद्यारण्यकेसरी कृत

युगलगीत

योगी श्रीशुकदेवजी सब त्यजी निर्गुण् रुचाउन्या पनी ।
लीलाले हरिका अधीन मन भै भन्छन् परीक्षित्‌कन ॥
गोप्यः कृष्णे वनं याते तमनुद्रुतचेतसः ।
कृष्णलीला प्रगायन्तो निन्युर्दुःखेन वासरान् ॥१॥
प्यारा नन्दकुमार जब् मन हरी वन्‌मा विहारी भया ।
गाई कृष्णकथा बुझाई मनलाइ दिन् काटन्या गोपिनी ॥१॥

गोपिनीहरु भन्छन्

वामबाहुकृतवामकपोलो
वल्गितभ्रुरधरार्पितवेणुम् ।
कोमलाङ्गुलिभिराश्रितमार्गं
गोप्य ईरयति यत्र मुकुन्दः ॥२॥

बाउँ काँधउपर् बिसाइ चिउँडो बाँके[1] गरी भ्रू[2] नयन्[3] ।
पंह्नी मोर[4] मुकुट् रतन् मणि जडित कुण्डल् श्रवण्पर्[5] धरी ॥
कोमल् अंगुली चाली चाली मुरली राखी अधर्पर्[6] भली ।
बाजी[7] कृष्ण जहाँ बिक्री संगिनी हो ज्यूनू कसोरी अब ॥२॥

व्योमयानवनिताः सह सिद्धै-
र्विस्मितास्तदुपधार्य सलज्जाः ।
काममार्गणसमर्पितचित्ताः
कश्मलं ययुरपस्मृतनीव्यः ॥३॥

---

१. बाँके = टेढो, २. भ्रू = आँखिभौं, ३. नयन् = आँखा, ४. मोर = मुजुर, ५. श्रवण्पर् = कानमा, ६. अधर्पर् = तल्लो ओठमा, ७. बाजो = बज्यो ।

किन्नरीहरि र सिद्ध देव मुनिका फिर्या विमान्मा बसी ।
आपना स्वामिसहित् भई रसभरी गर्न्या विहारै पनी ॥
देखी कृष्णचरित्र कामशरले[1] छाती विदीरण्[2] भई ।
नीवी[3] खुस्किगई सलज्ज[4] मनले धिक् जन्म भन्छन् सखि ॥३॥

हन्त चित्रमबलाः शृणुतेदं
हारहास उरसि स्थिरविद्युत् ।
नन्दसूनुरयमार्तजनानां
नर्मदो यर्हि कूजितवेणुः ॥४॥

हाँसी आश्चर्य मानी सुन सब सखि हो हारमा हाँसी छाई ।
चञ्चल् बानी भयाकि बिजुलि थिर भयो रूप मालाकि धारी ॥
प्यारा सुन्दर श्यामका हृदयमा प्रेम्ले गरी बस्तछिन् ।
जब् वंशी हरिको बजो[5] विरहिनी मूर्छा भया कामिनी[6] ॥४॥

वृन्दशो व्रजवृषा मृगगावो
वेणुवाद्यहृतचेतस आरात्
दन्तदष्टकवला धृतकर्णा
निद्रिता लिखितचित्रमिवासन् ॥५॥

व्रजबासी मृग गाइ साँढ[7] बछिया आदी पशू जन् पनी ।
सुन्दा बाँसुरिको मधुर् स्वर भए ठाडै जहाँका तहिं ॥
घाँस् हाली मुखमा चपाउन पनि बिर्सी नयन् थिर् गरी ।
ठाडा कान गरी रह्या संगिनि हो मूर्ती बनी चित्रमा ॥५॥

बर्हिणस्तबकधातुपलाशै-
र्बद्धमल्लपरिबर्हविडम्बः ।
कर्हिचित् सबल आलि स गोपै-
र्गाः समाह्वयति यत्र मुकुन्दः ॥६॥

दाज्यू श्रीबलरामले सहित भै गो गोप राखी पछि ।
पैंहो पैंह्लन मल्लको कमलदल् जस्ता नयन्ले सखी ॥

---

१. कामशर=कामबाण, २. विदीरण्=छियाछिया, ३. नीबी=फरियाको कम्मरमा पारेको गाँठो, ४. सलज्ज= लाजसहित, ५. बजो=बज्यो, ६. कामिनी=युवती, ७. साँढ=साँढे,

हेरी चाएतरफ् मधुर् मुरलिले मोहन् गरी डाक्तछन् ।
गाई बाछिहरूकनं[1] हरि घरी वंशी अधर्मा धरी ॥६॥

तर्हि भग्नगतयः सरितो वै
तत्पदाम्बुजरजोऽनिलनीतम्
स्पृहयतिर्वयमिवाबहुपुण्याः
प्रेमवेपितभुजाः स्तिमितापाः ॥७॥

बग्नं छोडिदिया नदीहरू पनी श्रीराधिकानाथका[2] ।
पाऊपद्मकि धूलिमा मन गडी सुन्दा मधुर् बाँसुरी ॥
बाहूरूख तरङ्ग चञ्चल गरी निश्चल् गरी जल् पनी ।
हामी झैं सखि हो अभागिनि भनी छिन्छिन् जुगं मान्दछन् ॥७॥

अनुचरैः समनुवर्णितवीर्य
आदिपूरुष इवाचलभूतिः ।
वनचरो गिरितटेषु चरन्ती-
र्वेणुनाऽऽह्वयति गाः स यदा हि ॥८॥

जस्तै वैकुण्ठवासी अगम पुरुषका यश् गुण् बखानीकन ।
गाउँछन् गन्धर्वकिन्नरतनमनवश भैं भक्तिरस्ले सखी हो ॥
तस्तै भक्ति गरी हरी गुण भरी गाउँन्या भजन् गोपका ।
वन्वासी बिचमा बसी मुरलिले गोकुल् नगिच् गर्दछन् ॥८॥

वनलतास्तरव आत्मनि विष्णुं
व्यञ्जयन्त्य इव पुष्पफलाढ्याः
प्रणतभारविटपा मधुधाराः
प्रेमहृष्टतनवः ससृजुः स्म ॥९॥

वन्वासी फलपुष्पले[3] कर[4] भरी नमत्[5] शरिर्को भई ।
जस्तं प्रेम सुरस् हरी चरणमा सेचन् गरी भज्दछन् ॥

---

१. बाछि=बाछा, २. राधा वा राधिका=भन्ने नाम भागवत्भरमा छैन । ब्रह्मवैवर्त पुराणमा यो नाम प्रशस्त व्यवहार भएको छ, ३. फलपुष्प=फलफूल, ४. कर=हात, ५. नमृत्=नम्र ।

शाखारूप[1] करै उपर् फलफुलै राखी नुही भारले ।
वन्का वृक्षलता[2] पनी कुसुम[3] रस् वंशी हरी भज्वछन् ॥९॥

दर्दनीयतिलको वनमाला-
दिव्यगन्धतुलसीमधुमत्तैः ।
अलिकुलैरलघु गीतमभीष्ट-
माद्रियन् यहि सन्धितवेणुः ॥१०॥

वनमाला तुलसी छ श्याम उरमा[4] सुन्दर तिलक्[5] भालमा[6] ।
देखी दिव्य सुगन्धले मन हरी छोडी कमल्को वन ॥
आई मत्त भई भ्रमर्हरू पनि गाउँछन् सुयश् कृष्णको ।
गुंजन् शब्द गरी हरी वरिपरी वंशी वजाउँदा सखी ॥१०॥

सरसि सारसहंसविहङ्गा-
श्चारुगीतहृतचेतस एत्य ।
हरिमुपासत ते यतचित्ता
हन्त मीलितदृशो धृतमौना: ॥११॥

सुन्दर् श्रीहरिगीतले मनहरण गर्दा सरोवर्[7] पनी ।
छाडी हंस चकोर[8] सारसहरू ऊडी नगिच् बस्तछन् ॥
बोल्नै छोडि सखी नयन्कन पनी चिम्ली मनै थीर् गरी ।
ध्यानैले हरिका चरण्कमलको सार्थक्[9] जनम् गर्दछन् ॥११॥

सहबलः स्रजवतंसविलासः
सानुषु क्षितिभृतो व्रजदेव्यः ।
हर्षयन् यहि वेणुरवेण
जातहर्ष उपरम्भति विश्वम् ॥१२॥

साथै श्री बलदेवले गिरिशिखर्[10] माथी विराज्मान भै ।
पैह्री भूषण[11] पुष्पका कटि[12] मुकुट् बाहू श्रवण्[13] कण्ठमा[14] ।

---

१. शाखा=हाँगा, २. लता=लहरा, ३. कुसुम=फूल, ४. श्याम उर=कृष्णको छाती, ५. तिलक=टीका, ६. भाल=निधार, ७. सरोवर्=पोखरी; ८. चकोर=च्याखुरा, ९. सार्थक्=सफल, १०. गिरिशिखर्=पहाडको चुचुरो, ११. भूषण=गहना, १२. कटि=कम्मर, १३. श्रवण्=कान, १४. कण्ठ=घाँटी

मोहन् मूर्ति भई प्रसन्न मनले वंशी बजाईं सखी ।
वंशीके ध्वनिले[1] चराचर[2] जगत् पूरण् हरी गर्दछन् ।।१२।।

महदतिक्रमणशङ्कितचेता-
मन्दमन्दमनुगर्जति मेघः ।
सुहृदमभ्यवर्षत् सुमनोभि-
श्छायया च विदधत् प्रतपत्रम् ।।१३।।

स्वामी[3] त्रैलोक्यनाथ् श्री-हरि उपर भई बस्नमा भीति[4] मानी ।
गर्जन्छन् मन्दमन्दै पछि रहि प्रभुका बाँसुरीलाई छोड्दा ।।
गर्छन् वृष्टि कुसुंको सब मिलि प्रतिदिन् श्याम यस्ता हरीमा ।
छायाले छत्र गर्छन् घनपटल[5] पनी भक्तिले कृष्णसेवा ।।१३।।

विविधगोपचरेषु विदग्धो
वेणुवाद्य उरुधा निजशिक्षाः ।
तव सुतः सति यदाधरबिम्बे
दत्तवेणुरणयत् स्वर जातिः ।।१४।।

व्रज्रानी[6] पुत्र तिम्रा बहुत तरहका गोपलीला[7] विहार्मा ।
बालख् भैं पनि तान गान सब थोक् गर्छन् उ आफैं अनि ।।
गाउँछन् सप्त स्वरंका[8] सकल विधि गरी बाँसुरीले बजाई ।
जित्छन् गन्धर्व किन्नर्कन पनि सहजै आचरज्[9] यै छ भारी ।।१४।।

सवनशस्त्रदुपधार्य सुरेशाः
शक्रशर्वपरमेष्ठिपुरोगाः ।
कवय आनतकन्धरचित्ताः
कश्मलंययुरनिश्चिततत्त्वाः ।।१५।।

ब्रह्मा शंकर इन्द्र चन्द्र प्रभृती[10] सर्वज्ञ ईश्वर् पनी ।
एकाग्र मनले मुहाइ शिरलाइ धेरै विचार्दा पनि ।।
जान्दैनन् हरिगीतका स्वर गती ताल् मूर्छनामा[11] प्रकार् ।।
मुन्छन् प्रेम गरी हरी वश परी सब् दिन् मधुर्बा सुरी ।।१५।।

---

१. ध्वनि=शब्द, २. चराचर=चल-अचल, ३. स्वामी=मालिक, ४. भीति=डर, ५. घनपटल=बादलका समूह, ६. व्रज्रानी=यशोदा, ७. गोपलीला=गोठाले खेल; ८. सप्त-स्वर=सा रे ग म प ध नि यी सात स्वर, ९. आचरज्=आश्चर्य, १०. प्रभृती=इत्यादि, ११. मूर्छना=बाजाको जोर।

निजपदाब्जदलैर्ध्वजवज्र-
नीरजाङ्कुशविचित्रललामैः ।
व्रजभुवः शमयन् खुरतोदं
वर्ष्मधुर्यगतिरीडितवेणुः ॥१६॥

ध्वज्[1] नीरज्[2] वज्र अंकुश् सहित निज चरण्पद्मले टेकि हर्छन् ।
व्रज्भूमिका व्यथालाइ अगणित खुरले खोत्निदा भार् परेझैं ॥
हिंड्छन् छं छं नुपूर[3] ध्वनि गरिकन तो मत्त गज्[4] झैं भएर ।
गाउंछन् प्रेम गरी बजाइ मुरली प्यारा कन्हैया[5] सखी ॥१६॥

व्रजति तेन वयं सविलास-
वीक्षणार्पितमनोभववेगाः ।
कुजगति गमिता न विदामः
कश्मलेन कवरं वसनं वा ॥१७॥

नाना भाव गरी रसै सब भरी टेढी नजर्ले सखी ।
हाम्रो छातिउपर् अनङ्गरसले[6] भेदन्[7] गरी हिंड्दछन् ॥
मोहैले स्तनदेखि सान्ति पनि ता गिर्दा रसन्[8] केशको ।
खुल्दा याद छुटी भजूँ द्रुम[9] झनी आली[10] जहांका तहीं ॥१७॥

मणिधरः क्वचिदागणयन् गा
मालया दयितगन्धतुलस्याः ।
प्रणयिनोऽनुचरस्य कदांसे
प्रक्षिपन् भुजमगायत यत्र ॥१८॥

भैया[11] श्रीबलदेवका मणिजडित् भूषण् लगाई वरी ।
माला ली करमा विचित्र मणिका गैया[12] गनी हिंड्दछन् ॥
सुन्दर् दिव्य सुगन्धकी तुलसिको मालासहित् बाहुली ।
राखी कांध-उपर् वयस्कजनका[13] गाउंछन् कन्हैया सखी ॥१८॥

---

१. ध्वज्=ध्वज, झण्डा, २. नीरज्=कमल, ३. नुपूर=पाउजेब; ४. गज्=हात्ती, ५. कन्हैया=कृष्ण, ६. अनङ्ग=काम, ७. भेदन्=छेडेर, ८. रसन्=धागो, ९. द्रुम,=रूख, १०. आली=सँगिनी, सखी, ११. भैया=दाज्यू, १२. गैया=गाई, १३. वयस्कजन=उमेर मिल्दा साथीहरू ।

क्वणितवेणुरववञ्चितचित्ताः
कृष्णमन्वसत कृष्णगृहिण्यः ।
गुणगणार्णमनुगत्य हरिण्यो
गोपिका इव विमुक्तगृहाशाः ॥११॥

वन्का कृष्णमृगीहरू पनि सखी सुन्दा मधुर् बाँसुरी ।
मोहित् चित्त भई त्यजी गृहपती[1] बालक् सुतादी[2] पनी ॥
पर्वत् कन्दरदेखि आइकन झट् गुण्का निधी[3] कृष्णका ।
पाऊपद्म समीपमा व्रजवधू जस्ता भई बस्तछन् ॥१९॥

कुन्ददामकृतकौतुकवेषो
गोपगोधनवृतो यमुनायाम् ।
नन्दसूनुरनघे तव वत्सो
नर्मदा प्रणयिनां विजहार ॥२०॥

खेली वृन्दावनैमा बहुत तरहले गोप गोवत्ससाथै[4] ।
माला कुन्द कदम्बका कुसुमका पैह्री मनोहर् भई ॥
कालिन्दी तटमा[5] विहार जलको गर्छन् कुमार् नन्दका ।
हेर्छन् गोपवधू[6] अनङ्गरसले विह्वल् भई प्रेमले ॥२०॥

मन्दवायुरुपवात्यनुकूलं
मानयन् मलयजस्पर्शन् ।
वन्दिनस्तमुपदेवगणा ये
वाद्यगीतबलिभिः परिबब्रुः ॥२१॥

मन्दै मन्द वही हरी पछि रही शीतल् सुगन्धै भरी ।
चन्दन् मृग्मद[7] कुकुमैकन[8] लिई पङ्खा पवन्[9] हार्दछन् ॥
गर्छन् गन्धर्व किन्नर् सकल सुरवधू नृत्य गाई बजाई ।
वर्षन्छन् पुष्पधारा जय-जय ध्वनिले श्रीहरीका चरण्मा ॥२१॥

वत्सलो व्रजगवां यदग घ्रो
वन्द्यमानचरणैः पथि वृद्धैः ।

---

१. गृहपती=घरका मालिक, लोग्ने, २; सुतादी=छोरा-छोरीहरू; ३. निधी=खानी, ४. गोवत्स=बाच्छा, ५. कालिन्दीतट=यमुनाको किनार; ६. गोपवधू=गोपिनी, ७. मृग्मद=कस्तूरी; ८. कुकुम=रोटी, ९. पवन=हावा ।

कृत्स्नगोधनमुपोह्य दिनान्ते
गीतवेणुरनुगेडितकीर्तिः ॥२२॥

गोर्धारी भय लाजले व्रजविषे बाँधीरह्याका सखी ।
ह्राम्रो याद भई दयाकन गरी वन्देखि चाँडै फिरी ॥
गाई वत्स सखा सबै सँग लिई वंशी बजाई मधुर ।
फिर्दा मार्गविषे प्रणाम गर्दै ब्रह्मादि देव् आउँछन् ॥२२॥

उत्सवश्रमरुचापि दृशीना-
मुन्नयन् खुररजश्छुरितस्रक् ।
दित्सयैति सुहृदाशिष एष
देवकीजठरभूरुडुराजः ॥२३॥

फिर्दा काननमा[1] परिश्रम हुँदा प्रस्वेदधारी[2] पनि ।
माला कुन्तल[3] गातमा[4] खुरकि रज्[5] पर्दा पनी सुन्दरै ॥
अर्पण् तन्मनको चरण्पर गरी रुज्छन् मलाई भनी ।
ह्राम्रो पूर्ण मनोरथै गरुँ भनी आउँछन् हरी वेगले ॥२३॥

मदविघूर्णितलोचन ईषत्
मानदः स्वसुहृदां वनमाली ।
बदरपाण्डुवदनो मृदुगण्डे
मण्डयन् कनककुण्डललक्ष्म्या ॥२४॥

वनमाली मदबालका कमलदल् जस्ता रसीला नयन् ।
पोरै पक्व बदर्फलै[6] रुजि प्रभू गोरा वदन्का[7] पनी ॥
चञ्चल् रत्न सुवर्ण कुण्डल छवी[8] कोमल् कपोल्मा[9] धरी ।
पाऊपद्म वियोगिनी युवतिका मन् राख्न आउँछन् हरि ॥२४॥

यदुपतिर्द्विरदराजविहारो
यामिनीपतिरिवैष दिनान्ते ।
मुदितवक्त्र उपयाति दुरन्तं
मोचयन् व्रजगवां दिनतापम् ॥२५॥

---

१. कानन = जंगल, २. प्रस्वेद = पसीना, ३. कुन्तल = कपाल, ४. गात = शरीर, ५. रज् = धूलो, ६. बदर् = बयर, ७. वदन् = मुख, ८. छवी = टलक, ९. कपोल = काञ्चट ।

सन्ध्याकाल जसै उदाइ दिनको सन्ताप् तरण् गर्दछन् ।
जस्तै चन्द्र गजेन्द्रको गमि गरी यादव्कुलैका मणी ॥
व्रज्का हानी सबै वियोगिजनको सन्ताप् शमन्[१] गर्नको ।
इच्छा मंकन देखिया नगिचमा पूर्णेन्दु[२] जस्ता हरि ॥२५॥

शुकदेवजी भन्दछन्ः-

एवं व्रजस्त्रियो राजन् कृष्णलीलाऽनुगायति ।
रेमिरेऽहःसु तच्चित्तस्तन्मनस्का महोदयाः ॥२६॥

जस्तै प्रेम गरी हरी चरणकी लीला भरी गीतमा ।
जोडी-जोडी मिली सबै व्रजवधू गाउँथ्या बहुत् प्रेम गरी ॥
श्यामसुन्दर् प्रभुका चरण्कमलमा तन् मन् समर्पण् हुँदा ।
नित्यानन्दसमुद्रमा[३] गमन भैं वस्थ्या सबै गोपिनी ॥२६॥

वृन्दावन्का बिहारी व्रजविरहबधूमन्निवासी हरिको ।
लीलावर्णन् व्रजैका युवति सब मिली भागवत्मा गऱ्याको ॥
ज्ञानी भक्त परीक्षितै नृपकनै प्रेम्ले सुनाया जउन् ।
योगी श्रीशुकदेवले, उहि जहाँ भाषा बनी छब्[४] लिई ॥२७॥

हरिचरणकमल्मा प्रेमले जो रुचाउला ।
घडिभर मनलाई नित्य यो पाठ गर्ला ॥
धन तनय[५] प्रियैले आयुरारोग्य यस्ले ।
सहित भइ हरीको मुक्तिलक्ष्मी रिझाउला ॥२८॥

द्रौपदीस्तुति

(१)

चीर[६] खैंचत[७] दुशासन घेरि ।
आइ नाथ शरणागत तेरी ॥
लाज राख कुरुका बिच मेरी ।
हुँगि मैं जनम जन्मकि चेरी[८] ॥

---

१. शमन्=निभाउनु, २ पूर्णेन्दु= पूर्णिमाको चन्द्रमा, ३. नित्यानन्द-समुद्रमा गमन भैं=सधैं आनन्दका समुद्रमा डुबी, ४. छब्=छाया, ५. तनय=छोरा, ६. चीर= लहँगा, ७. खैंचत=तान्यो, ८. चेरी= सुसारे, किटी ।

(२)

तीन दीनको म छू रजस्वला ।
माननीय सब छन् भला भला ।।
लोकको विचविषे कसो होला ।
प्राण मेरी पुगिगैं गला गला ।।

(३)

राजसूय बडो यज्ञले गरी ।
मान राजहरूको सबै हरी ।।
धर्मराजकी बडायि कीरति ।
आज मेरि पनि राख सूरती ।।

(४)

पाँच पाण्डवकी मै पटरानी ।
यज्ञसेन नृपकी त बहिनी ।।
दासि हुँ चरणकी म जन्मकी ।
बात राख अब नाथ शरण्की ।।

(५)

धर्म छैंन कुरुका सभामहाँ ।
भीष्म द्रोण प्रभृती त छन् जहाँ ।।
लाज गाल सब गै जहाँ कहाँ ।
येहि बात खुलि गै जहाँ जहाँ ।।

(६)

ख्यालमा बसि सुयोधन रानी ।
मेरी बात सखिछेउ बखानी ।।
हाँसिका नयनले तिर मारी ।
टूटि गैं हृदय कृष्ण ! हमारी ।।

(७)

धाइका गति पुगी त पूतना ।
दूध खवाउनु गरेर बहाना ।।
तीन मुठो कनिकाले सुदामा ।
अन्न धन्ले परिपूर्ण घरैंमा ।।

(८)

को दयालु तिमिबीनु जगत्मा ।
दोसरो समझनू छ विपत्मा ।।
भक्तलाइ समझाउ बखत्मा ।
कीरती पनि बढाउ मुलुक्मा ।।

(९)

चीर खेंचत दुशासन थाक्यो ।
लाजले अलिकति मुख ढाक्यो ।।
एति सूनी पहुच्या हरि ताहाँ ।
चीर खेंचत दुशासन जाहाँ ।।

(१०)

देखि हाल तिनको गयि वाहाँ ।
चीर भैंकन रह्या तनमाहाँ ।।
देखि लोग सबले यश गाया ।
धन्य ! धन्य !! हरिको बडि माया ।

'पुराना कवि र कविता' बाट साभार



वसन्तशर्माकृत

श्रीकृष्णचरित्र

(पूर्वार्ध)

कोही एक् मथुरापूरी नगरिमा[1] श्रीकृष्ण औतार् भया।
शङ्ख चक्र गदा पदम् भुजविषे[2] पाऊ कमल् कैं थिया॥
नीधार्मा मणिका मुकुट्कन जडी चक्रं सुवर्सन् लिया।
देख्या श्रीवसुदेवले चतुरभुज् सम्पूर्ण दर्सन् दिया[3]॥१॥

हस्ती सिंह फणी[4] बडा विरहरू[5] प्यादा थिया साथमा।
मायाले हरिका सवै वश भया मूर्च्छा पऱ्या रातमा॥
ढोका बन्द खुल्या अरी[6] सब भुल्या खेल्दै गया बाटमा[7]।
कालिन्दीजलले महार्चन[8] गरी गोकुल् पुग्या रातमा॥२॥

श्रीउत्तम् जसुदाजिका घरविषे[9] पुग्या वसूदेव् तहाँ।
ढोका खोली गया र तत्क्षणमहाँ पौंच्या[10] ति भाईकहाँ॥
निद्रा शोक थकाइले जसुमती बेहोश थीइन् जहाँ।
माया देवि लिई फिरेर वसुदेव् पुग्या मथूरामहाँ॥३॥

प्रातःकाल भयो निशा[11] चलिगयो दीशा उज्यालो भया।
मूर्छादेखि उठ्या सवै बिरहरू[12] ढोका अगाडी गया॥

---

१. नगरि=शहर, अनावश्यक शब्द भरिएको छ, २. भुजविषे=यो पाठ काशीका प्रतिमा छापिएको छ, तर यसबाट अर्थ खुल्दैन, ३. श्रीकृष्णले दिए; ४. सर्प, ५. वीरहरू प्यादाको विशेषण, ६. अरी=शत्रु, ७. बाटामा, ८. मार्चन अर्थात सेचन; ९. यशोदाका उक्त घरमा, १०. पुगे, ११. रात, १२. विर=वीर; शब्दहरूका अर्थमा शब्द बलैसँग प्रयोग भएको छ।

भाईका सुनि शब्द ती दनुजगण्[1] सम्पूर्ण सामेल् भया ।
पूगी दुर्जन कंसका नगिचमा पुत्रै भयाको कह्या ॥४॥

आयो कंस बडो भयंकर भयो नेत्रै कठोरै गरी ।
पूगी श्रीवसुदेवका नजिकमा बस्तो भयो एक् घरी ॥
मन्मा केही बिचारी[२] देवकिजिको काख्बाट चाँडो गरी ।
उठाइ करमा खोसेर लीयो सरी[३] ॥५॥

"बालक्लाई नमार" देवकिजिले बिन्ती गरीथीन् जसै ।
राता नेत्र गरेर कंस रिसले दीएन उत्तर् तसै ॥
मायाका वशमा जफत् गरिलियो मार्छू अवश्यै पनी ।
ढोका खोलि निकालदा गजबको हा हा पऱ्यो तैपनि ॥६॥

माया देवि थिइन् तिनै जगतकी माता पलक्भर् रहिन् ।
बाहू[४] तोडि उडी गइन् गगनमा विद्युत्सरीकी भइन् ॥
आकाशवाणि भयो उसै वखतमा सून्या सबैले पनी ।
"मार्न्या तैंकन आज गोकुलमहाँ जन्मीसकेको छ नी" ॥७॥

राजा कंस फिऱ्यो सुनेर यो कुरा सूर्ता मनैमा परी ।
यस्तो शब्द भयो गरूँ अब कसो भन्न्या विचारै गरी ॥
दर्बार्मा पुगि डाकि मंत्रि निजले सल्लाह पक्का गऱ्यो ।
गोकुल्मा नवजात[५] बालकहरू वीनेर[६] मार्नूपऱ्यो ॥८॥

दीयो हुकुम यो जसै मुलुकमा तैयार् भई सब् रह्या ।
जो थीया जन कंसका हजुरमा सोही घरी सब् गया ॥
खोज् गर्न्या दिन रात् गरी सब जना पक्का शिकारी भया ।
सारा बालक कंसका मुलुकमा साह्रै सकस्मा रह्या ॥९॥

भानू कीर्ण[७] प्रकट् भयो पृथिविमा ऊठिन् यशोदा अनि ।
दिव्यै दृष्टि गरी बहुत् खुशि भइन् हेरिन् मुखैमा पनि ॥
देखिन् श्रीहरिको ललाट् मणिको मूकुट् जड्याको तहाँ ।
हाँसो एट्ठ मुखारविन्द हरिको चुम्बन् गरिन् पो तहाँ ॥१०॥

---

१. दनुज—दैत्य, कंसका पाले मानिसै थिए, २. विचार गरेर, ३. झपि सरेर, ४. हात, ५. हाल जन्मेका, ६. छानेर, ७. सूर्यको किरण, ।

वृद्धि आज भयो भनी जसुमति अत्यन्त खुश् भै रहिन् ।
रूप् देखता मनमा विचार गरदै ब्रह्मा[1] मुनी थैं[2] गइन् ॥
कर् जोरी प्रभु ब्रह्मका[3] हजुरमा विस्तार गर्दो भइन् ।
अर्थात् भक्ति गरी स्वचित्त मनले इ बात तिन्ले कहिन् ॥११॥

ब्रह्मा गोकुलमा पुग्या र तिनले सम्पूर्ण सम्भार् रह्यो ।
नाना शास्त्र विचार् गरिकन भन्यो श्रीकृष्ण औतार भयो ॥
अन्तर्ध्यान[4] भया कहेर यि कुरा ब्रह्माजि ताहाँ जसै ।
नामैकर्म गऱ्या फुलेर मनले श्रीकृष्णजीको तसै ॥१२॥

बाज्या[5] ताल मृदङ्ग शंख मुरली भेरी[6] अनी बाँसुरी ।
कर्ताल् डम्फु र झ्यालि बेस मजिरा सीतार् विना खैंजरी ॥
एक्तारा र सितार ढोलक समेत् रागी तुरागी जति ।
उद्यापन[7] हरिको नुवारन हुँदा बाजा बज्या नौमती ॥१३॥

कंसैको मन त्यो घरी सुजन हो अत्यन्त चंचल् भयो ।
सुर्ता शोक गरी सदा दिन भरी दुःखित् भएर रह्यो ॥
फेरी केही विचार् गरेर पुतना[8] डाकेर विस्तार् गरी ।
खातोर्का सुनि पूतना सित वचन् खूसी भयो त्यो घरी ॥१४॥

मन्मा भारि दगा लिएर पुतना फेरी विचारै गरी ।
भन्टामा दुदका घसेर विष त्यो गोकूलतीरै झरी ॥
एक्लै कृष्णजिलाई पाइ दुद त्यो खवाऊन लागी जसै ।
दुद् खाँदा पुतना निभाउनुभयो श्रीकृष्णजीले तसै ॥१५॥

लोटी त्यो पुतना जसै जमिनमा अघोर शब्दै गरी ।
तेस्को प्राणवियोग भो उ त ढली पर्वत् ढल्या झैं गरी ॥
माई थिन् जसुदा गृहाश्रम[9] महाँ उठिन् तुरुन्तै गरी ।
काख्मा श्रीभगवान् उठाइ सुखको चुम्बन् लिइन् उस् घरी ॥१६॥

मारीई पुतना भनी जब सुन्यो कंसै मलिन् भै रह्यो ।
मन्मा ठीक्क विचारि निश्चय गऱ्यो श्रीकृष्ण औतार् भयो ॥

---

१. ब्राह्मण, २. सँग, ३. ब्राह्मणका, ४. अलप, ५. बजे; ६. नगरा, ७. सिद्धयाउनु, ८. पूतना, ९. घरबन्दाका अर्थमा यो शब्द प्रयोग भएको छ ।

आपना भाइहरू सबैं वरिपरी राखेर यो बात् गऱ्यो ।
कोही छौ कुलमा सपूत जन हो ? उद्धार गर्नू पऱ्यो ।।१७।।
तृणावर्त[1] अघी सरीकन तहाँ कर् जोरि बिन्ती गऱ्यो ।
हामी छौं अधिराज यो नगरिमा क्या काम सुर्ता पऱ्यो ।।
गोकुल्मा पुतना मरी क्षणिकमा त्यो औधि[2] गर्ने पनि ।
त्यो श्रीकृष्ण भनेर ठान्दछु म ता यो राज्य लीन्या छ नि ।।१८।।

येती शब्द भनी तृणाव्रत गयो घरदेखि प्रस्थान् गरी ।
गोकुल्मा पुगि तेसले चउतरफ्[3] हेऱ्यो अगाडी सरी ।।
वायूवेग गरी यताउति उडी त्यो दैत्य घुम्दै रह्यो ।
पश्चात्[4] वेग गरी प्रभूकन लियो आकाशगामी भयो ।।१९।।

वायूवेग गरी हरीकन लियो ऊडचो गगन्मा जसैं ।
हेऱ्यो कृष्णजिलाई बालक भनी आश्चर्य मान्यो तसैं ।।
मार्छू येस्कन लौ भनी प्रभुजिको यो बात मन्मा गऱ्यो ।
लात् मान्या प्रभुले जसैं शिर उपर् लोटी जमीन्मा मऱ्यो ।।२०।।

तृणावर्त मऱ्यो भनी मुलुकमा विस्मात मान्दै रह्या ।
आकाश्देखि फिरेर तत्क्षणमहाँ श्रीकृष्ण गोकुल् गया ।।
ठूलो शब्द गरी तृणाव्रत मऱ्यो हेऱ्या सबैं त्यैं गया ।
शत्रू नष्ट भयो भनेर पुरिका मानीस खूशी भया ।।२१।।

तेस्को शब्द हुँदा कुसङ्ग हुन गैं माई त जागा भइन् ।
देखिन् तेस्कन भूमिमा र बहुतैं आश्चर्य मानी रहिन् ।।
डोकाका भगवान् उठाइ करले तिन्लाई हेरी अनि ।
सातो नष्ट भयो भनीकन गइन् ब्रह्मा मुनि थ्यैं पनि ।।२२।।

ब्रह्मांले हरिको ललाट खुशिले आएर हेर्दा भया ।
नाना शास्त्रमहाँ विचार्कन गरी सातो गयाको कह्या ।।
श्री अष्टाक्षर[5] मन्त्रले ति मुनिले बोलाइ सातो तहाँ ।
आशीर्वाद गरी हिंडचा खुशि हुँदै स्वस्थान थीयो जहाँ ।।२३।।

कोही एक् समयैं विषैं जसुमति स्नान् गर्नलाई भनी ।
पूगिन् ती नदिका नगीच क्षणमा नूहाई फर्किन् अनि ।।

---

१. तृणावर्त, २. उपद्रव, ३, चारैतिर, ४. पछिबाट, ५. आठ अक्षर भएको मन्त्र ।

देखिन् श्रीहरिको त औंधि घरमा आश्चर्य मानिरहिन् ।
भाँडाको गति देखि ताहिं तिनले क्या विघ्न यस्तो कहिन् ।।२४।।

औंधी त्यो हरिको नजर् गरि तहाँ मन्‌मा रिसाई अनि ।
बाँध्नै बन्धनले[1] चिताइ मनले गोठ्‌तीर लागिन् पनि ।।
दाम्ला फोइ हलौं भनी हरिकनै बाँधेर श्रोखल्‌महाँ ।
गाग्री कम्मरमा धरी जसुमति हींडिन् पँधेरो[2] जहाँ ।।२५।।

आफैं कृष्ण थिया बिचार् गरिकनै ऊर्गल् त बोकी लिया ।
यम्लार्जुन्[3] दुइको छुटाइकन श्राप् हाँसेर खेल्दा भया ।।
जल् बोकी जसुदा फिरिन् घरतिरै श्रीकृष्ण रुन्थ्या तहाँ ।
देखी सो मन पग्लिगो र तिनिले बोकिन् उठाई जहाँ ।।२६।।

गोकुल्‌मा सब[4] कंसको डर हुंदा मान्थ्या छली हो भनी ।
बालक् साथ लिएर कोहि दिनमा श्रीकृष्ण हिंड्थ्या अनि ।।
चोर्नाका मनसूबले दिनदिनै गोल्‌मा तिनी हेर्दथ्या ।
मौका पाइ पसेर भित्र सहजै मीठो दही चाख्दथ्या ।।२७।।

'पुराना कवि र कविता' बाट उद्‌धृतांश



१. डोरीले, २. कूवा, ३. यमलश्रर्जुन जोडा श्रर्जुन, ४. सबै मानिस ।

वन्सत शर्मा

समुद्रलहरी

सुन सुन पाँच हो ! म केही भन्छू । समुद्रका लहरि झैं मनमा गुन्छु ॥
छोटा वडा सवले भन् भने भन्छू । कर्मविशेषको काज कहन्छु ॥

क्षत्रि र वंश्य ब्राह्मण जाहाँ । उत्पत्ति सवको यही लोकमाहा ॥
जन्मदिने भगवान् स्वरूप छ कस्तो । वलियो लीखत जस्ताको तस्तो ॥

लिखत् वुझदैन र मनमा गुन्छा । तालिवर हुनको सवको मन्छ ॥
सम्पत्तिको शोकले दिनहुँ रुन्छ । भाग्यले दिएदेखि सवैकन हुन्छ ॥

दिन्यादिलाउँन्या धनि छन् जाहाँ । कर्मगति लेखिदियो सवैमा ताहाँ ॥
लेख्याको माइन्छ र नरमा आइन्छ । मीतिभरिभोग्गरी स्वर्गलोक जान्छ ॥

कर्मविशेषको संगति चाहिन्छ । गतिमुक्ति सवैको ताहिं पाइन्छ ॥
चैतन्य ज्योति छरकी न विताउनू । साँचो र सत्यले धर्म चिताउनू ॥

लक्ष्मीको दृष्टिले जहाँसम्म पाउँछ । उसै वखतमा धर्म पनि आउँछ ॥
लक्ष्मी लडेपछि धन काहाँ पाइन्छ । धनविनु धर्म कसो गरी हुन्छ ॥

जाहाँ धरं छ र करं पनि ताहीं । कर्मकरतुत मीसिया नाही ॥
कर्म विनाको तर्जूक कूटो । जीवनभरी छुटतैन एहि मन्को भूटो ॥

चाए जुग सवको येसै गरी जान्छन् । आजंवरी पाए ॐ मनमा ठान्छन् ॥
नरमा नारायण्को खेलठूलो येहि हो । वखत चिन्यो भन्या ईश्वर तेहि हो ॥

'समुद्रलहरी' बाट उद्धृतांश



यदुनाथ पोखरेल कृत

कृष्णचरित्र

यसोदाजिका काखमाथी बस्याका
यताऊति हेर्दै हँसी[1] दूध पींदा[2] ।
दिशा सब् उज्यालो गराया प्रभूले
खुशी चित्त मेरो तुल्याया हरीले ।।१।।

चरण्पद्ममा पैंजनी[3] बाहुलीमा
क्वणत्[4] कङ्कणैं[5] किङ्किणी[6] छन् कटीमा[7]
द्विनामी[8] असल् पैंह्री खेल्दा ठ्टक् त्यो
सदा सम्झँदा छाति मेरो भरिन्छ्यो ।।२।।

कनक् कुण्डलैं झल्कँदा कानमाहाँ ।
कुटिल्[9] कुन्तलैं हिंड्दछन् गायमाहाँ ।
मुकुट् सिरमा खुब् खुल्याको छबीले[10]
अलौकिक शोभा त देखी मनैंले ।।३।।

घनश्याम पीताम्बरैं बैजयन्ती[11]
गला लट्कियाका चरण्का नजीक्मा ।
चमक् बीजुलीको झझी कयाजि[12] देख्दा
प्रभुको नखैं कान्तिले मन् हरिन्छ ।।४।।

---

१. हँसेर, २. पिउँदा, ३. पाउजेब, ४. कणकण गर्ने मीठो शब्द; ५. कङ्कन, ६. घुँघुरा, ७. कम्मरमा, ८. पछ्यौरा, ९ जुल्फी, १० छबी = शोभा, ११. घन (घुँडासम्म आउने) माला, १२. छाया ।

अधर् लालिमा दन्तपंक्ती बिचमा
उज्यालो हँसाई समेतै हेर्‍यामा ।
विभू[1] मातृकाखै[2] बसी खेलदाको
विचित्रै देखी मन् गली जान्छ मेरो ।।५।।

अनी काखैमा जृम्भ[3] गर्दा क्षणैमा
भुवन् चौध लोकै समेतै मुखैमा ।
देखीयो कहीले भने याद् भुलींदा
दयाले बहुत् मन् भरी जान्छ मेरो ।।६।।

स्तनैमा विषै लाई ब्रज्मा त्यो आई
देखी पूतना काखमाहाँ बसाई ।
निहूँ दूधको ली खोजी मार्न जस्ले
त्यसैलाई झट्टै दियो मुक्ति कस्ले ।।७।।

पछी फेरि तृणाव्रतै[4] नाम् गर्‍याको
ठुलो दैत्य मार्ने उसैलाइ उठ्याको
अघीका कली सानु नानी पियारो ।
भनिन् काखमा प्यारो गर्दै बसाइन् ।।८।।

यही गोरिधारी रहयाछू भन्या झैं
हुँदा भूमिमा राखी भागिन् विभुलाइ ।
पतिथ्यैं पुगिन् आज नानी पियारो
पनी भारि लाग्यो र भुँमा छोडयाँ नी ।।९।।

सुनी नन्द बाबा पनि धन्य भन्दै
भनी मन्त्र लाग्या फेरी मन्त्र नानी ।
कहाँ राखि आयौ नजानी कहाँ त्यो
नदेखी तिनीलाइ कहाँ प्राण बस्छ ।।१०।।

भनी आकुलै गोकुलैमा बस्याका
त्यसै बीचमा वायु धूलोसमेतै ।
पछाडी तृणावर्त आई उठाई
लिई श्यामलाई गयो त्यो गगन्मा ।।११।।

१. ईश्वर, २. आमाको काखमा, ३. हाइ, ४. तृणावर्त असुर ।

नदेखी घनश्यामलाई यशोदा
समेतै सबै नन्द गोकुल् अँध्यारो ।
भयाका देखी दास आफना सबैमा
दया बक्संदा ताहिं मुक्ती दिंदामा ।।१२।।

बरू गोकुलैका सटक्मा भवन्मा
वही चोरिमा ओखलैमाऽर्जुनैमा[1] ।
पयःपानमा[2] माफ नन्दै भवन्मा
शकट् भङ्गमा पूतना मारनामा ।।१३।।

अलैमा स्थलैमा स्वयच्छा[3] हरण्मा
बुगोवर्धनैलाइ करैमा लिदामा ।
मधुर् मूरली श्री करैमा लिदामा
फणामा बसी कालिनाग्का दमन्मा ।।१४।।

स्ववृन्दावनै माथि कुञ्जै[4] गृहैमा
यमूना जलैमा तहीं तीरमाहां ।
सखामा वनैमा उ वंशी बजेमा
तहीं तीरमाहां शिशौका कदम्मा ।।१५।।

बसी चीरमाहां द्विजस्त्री[5] सखीमा
फिरी रासलीला हुँदामा व्रजैमा
वही रासलीला गर्‍यो कामत्रीले[6]
अनन्तै सखामा वस्यामा हरिले ।।१६।।

विचित्रै अनेकै चरित्रै पवित्रै
इनै मंगलै गाइ गाई चढ्हाया
रसीला सुनी सुनि संसार तर्छन्
भनी मै फिरी फेरी लीन्याऽवतारैं ।।१७।।

सवारी हजूर्माथि पारी मलाई
दया काखमा पारितारी सह्यारी ।
उधारी यमूना देखी नन्दवाला
कहाँ छन् यशोदाजिका काख पारी ।।१८।।

१. खरीमा, २. दूध प्यूंदा; ३. बांछा, ४. लहराको घर ५. ब्राह्मणकी पत्नी; ६. कामी ।

तिमी आउ वारी अती धीर धारी
रहू कोहि दिन्नमै पनि कोहू[1] पारी
अनेक् दिव्यलीला गरी वास तारी
प्रकट् भै रहुँला फेरी कंस मारी ।।१९।।

भनी एति वाणी सुनाई दयाले
तिनै आफु मालिक् पनी बालकैले ।
अलौकिक गोपाल बालक् पनी जो
हुन्थाछन् त्रिलोकीमहाँ खुब् धनी जो ।।२०।।

प्रभू सानु नानी कञ्जो बस्नु काख्मा
मनै खूशी भैगो अनी फेर् नयन्मा
फेरि देख्न लाग्या सबै गोपहेरू
दुवै बाहु पाऊ उभो पारि खेल्दा ।।२१।।

'पुराना कवि र कविता'बाट साभार



1. कोशी ।

हीन व्याकरणी

गीतवाणी

........................गोपीनीमा पूजींदा।
भगतहृदयकमलमा ध्यानयोग्ले भजींदा।
कविजनको वाणी याहाँ वर्णन् गरींदा।
अगममनवचन्का कृष्णजीलाइ प्रणाम॥१॥

भक्ति राधिका राधाभक्ति कुन् ई त कृष्णको।
विना भक्ति काँहां कृष्ण ? कृष्ण हुन् भक्तिका प्रिय॥२॥

वृषभानुसुता श्रीकृष्णजिको रति विचित्रचरित्र लीलारस।
चित्त बुझाउन्या सभको रचनामाहा, धन्य हुन् श्री जयदेव सरस्वती॥३॥

विरहीजनको दुःखकारणं यो वसंत।
यमसरुपी चेष्ट मदन्मित्र भयाको।
युवतीजनको चित्त हर्दो कामका गण् सेना ली।
फेरि फेरि क्यन आँउछ कत्ति लाजे नमानी॥४॥

वसंतैमा वासंती फुल छैं कोमल पाव्को वनमाहां।
भ्रमणव्येथा कृष्ण एता उता कता पांउ भनिकन।
वहुत् कामज्वरादेषि मनमा चिन्ता गरि।
बिहोस् भयाको राधालाइ सखि रसवचन् भन्दछे बुझाइ॥५॥

अति ललित लवंगका लताको सुगन्धी।
सहित मलय कोमल् वायु क्या चेत् वडाँउछ।
भ्रमरषचितभुन्भुन् कुंजकुंज कुटीमा।
कोयिली मधुरवाणीमाहाँ क्या मन् दहन्छ॥६॥

विदेशीका स्त्री मदनव्यथाले ।
उन्मत्त भैं रोदन गर्दछन् वहुत् ।
भ्रमर्षचित् भुन्भुन फुल्फुलैमा ।
वहुत् वकूलिको फुलै वसंतमा ।।७।।

रस भृङ्गारसहित वसंतमा ।
दुःखहारी हरि ज्यहिँ त खेल्दछन् ।
युवती नाचकलाका विहारमा ।
विरहिका दुःख कारणमा सखि ।।८।।

कस्तुरिभन्दा अधीक् सुगन्धिमान् ।
नजा तमाल-पत्रकी मालाधारि बन् ।
बिरहिको हृदि फार्न काम-नख् झैं ।
फुल पलाँसमा अंकुशि छैन क्या ।।९।।

मदनभूपछत्रामाका सुन्छडी झैं ।
फुलै नागकेशर्माहा केशरा छन् ।
मान्हु कामको ठोक्रो हो कि भन्या झैं ।
भ्रमर्युक्त पाटेश्वरै फुल देषिन्छन् ।।१०।।

जगत्ले लजा छोडचाको देषी यो वसंतमा ।
करुणाले नजा वृक्ष्य हास्य-पुष्प देषाँउछन् ।
विरहिको हृदि खिल्न्या काम माला समान्का ।
दिशदिशामा षचित् भैं केतकी कोपिला छन् ।।११।।

मुनिजनको मन हर्दा फुल्-सुगन्धी सुवास्ले ।
माधवि मालति जाती मोहनी माधवैका ।
तरुणाका त विशेषी कारणै झैं सहाय छन् ।
वियोगिका मनमहाँ विरह-पीडा वढाँउदा ।।१२।।

जस्तै माधवी माधवैकी प्रिया छन् ।
तस्तै ई वसंती लता वृक्ष्यकी हुन् ।
प्रियाले छुदामा पुरुष्का षडा रौं ।
तुल्यायि कम्प हुन्छ्य विहोस् कामनाले ।।१३।।

लता माधवीले दिदा अंकमाथी।
फुराई कोपिला आम्रले क्या खुलाउँछ।
पवित्र यमुना जलैले तुल्याउँदै।
जाँदा वृन्दावन् वनैमा क्या सुहाउँछ ॥१४॥

कवि श्री जयदेव की गीतवाणी।
हरिका चरण्मा स्मरण्-सार् भयाको।
शृङ्गारी वसंत वनैका वर्षान्मा।
विकार् कामको बढ्न जान्छ मनैमा ॥१५॥

फेरि कामको श्वास हो का……।
विषम् वाणतुल्य सुगन्धी फुलैको।
भाई केतकीको पवन् दक्षिणायन्।
फिर्दा वन्वनैमा दहन् चेत् तुल्याउँछ ॥१६॥

कति यो मन् उराठ्लाई आम्रको डालि लचकाइ।
प्रगट मधुसुगन्धी लुब्ध भ्रमर्-जमात् यो।
प्रिय वियोगको ज्वरो कानदेखिन् जनाउँदो।
कोयिलिकुलको-कल्कल् क्या एतीमान् ननीको ॥१७॥

अरु कुरामा ध्यान् गर्न औसर् नपाउँदा।
वियोगिजनहरूले कस्तोरी दिन् बिताउँछन्।
रतिरसिक प्राणनाथका सुख्-शयन्मा।
रमित मुख हँसाइमा काट्नु काल् यो वसंत ॥१८॥

काँहाँ राधिका-कृष्णजीको चरित्र।
काँहाँ श्री जयदेवको गीतवाणी।
माँहाँ बुद्धिले ठिक् ठमाइ भाषा म।
जाँहाँ राधाकृष्ण सरण् जानि तर्छु ॥१९॥

हे राधे जगदंतशंकररवीकृष्णको ता शक्ति हौ।
बारंबार प्रणाम गर्दछु आधार तत्र शरण्को गरी।
गीत्गोविन्द यो काव्य राज्भाषा बोली टीका लेख्याँ त्यो सभं।
हीन्ध्यार्क्णिकि मेरि, यो कवितामा हास्ये नहोस् संतको ॥२०॥

जाँहाँ जस्तो हो तस्तो छोडी टीकामा अशुद्ध प्रसंगत् लेख्याको जती छ।
कवि संत पंडित् सज्ञानीहरूले क्षमा देउ विद्यापतिलाइ भन्छू।
गीत गोविंदको भाषा टीका ग्रंथ समाप्त भैं।
टीका सबमा योग्य हौ राधाकृष्ण प्रसादले ॥२१॥'

('नेपाली', २०१९)

'नेपाली भाषा र साहित्य' बाट साभार



१. यी कृतिहरू लेखिएका हुन् सं. १८८८ मा।

रघुनाथ पोखरेलकृत

रामायण—सुन्दरकाण्ड

पहिलो सर्ग

अगम बल लगाया सिन्धु गोखुर्[1] बनाया ।
असुरदल जलाया मेरुकाया[2] बनाया ॥
सुमति गुण चलाया धन्य ती फेरि आया ।
कपिपति[3] कहलाया रामको प्रेम पाया ॥१॥

सय योजन्[4] भनि त प्रमाण् कह्याका ।
मकरादी जलजन्तु धेर् भयाका ॥
जलधी पार हुनँ भनी कुह्याका ।
हनुमान् संशय तेजि[5] खुस् भयाका ॥२॥

ध्यान् राखी परमात्मरामपदको भन्दा भया दिल् घडी[6] ।
वानर् हो मजिलाई हेर अहिले जाँदा गगन्मा उडी ॥
सीताका पनि पाउन्यैं छु दरसन् ऐल्हे कृतार्थैं[7] भजा ।
फेरी फर्कि म रामका चरणमा पुग्न्या छु जानी लिजा ॥३॥

स्मरण्[8] गर्न्या मर्न्या समय विचमा राम भनि जन् ।
अपार् संसार् सागर् तरि परमपद्मा पुगदछन् ॥
म दूतँ हूँ तिन्को मसित सुनको औंठी उनको ।
छ उन्कैं ध्यान् राखी अलर्[9] जलधी पार् हुनु निको ॥४॥

---

१. गोरुका खुरले बनेको खाडल, २. सुमेरु पर्वत जस्तो शरीर. ३. कपि = वानर, अर्थात् वानरका मालिक, ४ चार कोस, ५. त्याग गरी, ६. घरी अर्थात् बेर, ७. कृतार्थ अर्थात् काम तामेल गर्ने, ८. स्मरण अर्थात् याद, ९. अलर अर्थात् थोरै ।

येति भनीकन पसारि भुजा[1] कुद्याका ।
तेर्छो गलो तल नजर् पद खुम्चियाका ।
दक्षिण् दिशातिर मुखै गरि गै गयाका ।
ती वायुवेग हनुमान धिरज्[2] धन्याका ।।५।।

त्यो देखी देववार्ता[3] कति न कति भया वायुवेग्ले गयाको ।
लङ्कामा पस्न सक्न्या छ कि छइन भनी बुझन मन्सुब् भयाको ।।
तेस् वेला नागमाता तिर फरकि सबै देवताले भन्याको ।
वानर्को विघ्न केही गरीकन बुझि आ बुद्धि बल् जो भयाको ।।६।।

हनूमान्को विघ्नै गरुँ भनि गयाकी उ सुरसा ।
बसी बाटो छेकी वचन कहनै लागि सहसा[4] ।।
क्षुधा[5] देखी मेरा अमरगणले भक्षण[6] दिया ।
प्रवेश् गर् यै मेरा वदन–बिचमा क्यै मति भया ।।७।।

त्यो सुन्दा हनुमानले पनि भन्या श्रीरामका काममा ।
जान्छू जानकिलाइ खोजन भनी फिर्न्याछु छिन् मात्रमा ।।
सीताको समचार् सुनाइ सहसा श्रीरामका कानमा ।
वाँ[7] देखी मुखमा प्रवेश गरुँला खुस् हौ नमस्कारमा ।।८।।

येती भन्याकि सुरसा हनुमानजीले ।
भन्दी भई वदनमा पसि जानु तैले ।।
नाहीं भन्या तँकन खाइ दिन्याछु मैले ।
ऐल्हे मलाइ पनि भोक बडो हुनाले ।।९।।

त्यो सुन्नि मात्र बजरंबलिले[8] भन्याको ।
मुख् बाउ पस्दछू र जान्छु म वेग् लियाको ।।
येती भनी शरिर योजनको तुल्याया ।
ती रामदूत हनुमान कहाँ डराया[9] ।।१०।।

त्यो देखी पाँच योजन् वदन उ सुरसाले बढाई बढाई ।
दश् योजन्का हनुमान् तव वदन बडो बीस योजन् गराई ।।

---

१. भुजा अर्थात् हात, २. धैर्य, ३. देवताहरूका कुरा, ४. झट्ट, ५. भोक, ६. भोजन, ७. उहाँ, ८. बजरंबली हनुमान्, ९. कहाँ डराया = किन डराउँथे ।

तीस् योजन्का हनूमान् तब वदन पचास् योजनैको तुल्याइ ।
औंठी झैं भै पस्याका बाहिर भइ[1] कपी मन्न लाग्या भुलाई ।।११।।

म ता तिम्रा तेस्ता मुखभितर गै बाहिर भजा ।
नमस्कार् यो मेरो तिमिकन छ जान्छू अब गजा ।।
भन्याको सुन्दामा सहज सुरसा त्यो चकित भै ।
शुभाशीर्वाद् गर्दै कपि सित उ विस्तार् कहेंवि भै ।।१२।।

पठायाको तिम्रो बल-बुझ भनो देवगणले ।
त्यसै कारण् मैले बल बुझी लियाको विघनले[2] ।।
उ सीताको दर्शन् तिमीकन त मिल्ला सहजले ।
पुगीला श्रीराम्का चरणतलमा त्यैं सुमतिले[3] ।।१३।।

येती भनेर सुरसा गइ देवलोक्मा ।
बज्रंबली ति हनुमान पनि सहज्मा ।।
जांदा भया गरुड झैं गरि ता गगन्मा ।
श्रीरामको मकन काम भनी मगन्मा ।।१४।।

तेस्वेला त समुद्रले पनि भन्या मैनाकका कानमा ।
मेरो सागर नाम भो सगरले वृद्धि दिन्या कालमा[4] ।।
तिन्का वंश विषे त रामकि जनम्[5] श्री रामका काममा ।
जान्छन् ती कपि जाउ पर्वत तिमी विश्रामका हेतुमा ।।१५।।

तो मैनाक गया सुवर्णमणिका तेस् माथि नर्[6] तन् धपी ।
पौंची ती हनुमानका नगीचमा भन्दा भया हे कपी ।।
सागर्ले म अह्लाउंदा उठि गया विश्राम क्यै पाउला ।
आऊ फल्फुल खाउला तब तिमी छिन्भर् बसी जाउला ।।१६।।

त्यो सुन्दा हनुमानले पनि भन्या श्रीरामका काममा ।
जांदामा मंजिले त खान नहुन्या क्या बात विश्राममा ।।
जल्दो जानु छ जानकीकन पनि खोज्ना निमित्त भनी ।
कर्ले[7] स्पर्श गरो गया ती हनुमान् पन्छी समान्का बनी ।।१७।।

---

१. भई आई, २. विघ्न अर्थात बाधा, ३. असल बुद्धि, ४. बढाएमा, ५. रामको जन्म, ६. नर–तन् अर्थात् मनुष्य शरीर, ७. कर अर्थात् हात ।

केही दूर गया भयंकर बडो दर्व सिंहिका भेटिई ।
तेस्ले वेग टुटाउँदा हुँदि अधोदिष्टी[1] दिंदा देखिई ॥
छायाको ग्रहणं गरीकन[2] पनी त्यो खान सक्न्या थिई ।
पानीमा पसि लात मारि ति गया लङ्काकि सम्मुख् भई ॥१८॥

ति जांदा जाँदामा दखिन तिरका कोहि तटमा ।
पुग्या देख्या फल्फुल् बहुत मृग पन्छी नगीचमा ॥
पछो देख्या लङ्का त्रिकुट परवत्का शिखरमा ।
अनेक् पर्खाल् खावा[3] चहुँदिसि हुनाले गुपतमा[4] ॥१९॥

हनूमान्का मन्मा दशवदनका यस् नगरिमा ।
म रातीमा जांला भनि उहीं रह्या बाँकि दिनमा ॥
तहाँ देखी राती शरीर धरि सानू पसि गया ।
उ लङ्काका ढोका भितर मनराजी[5] तब भया ॥२०॥

लङ्का ताहीं रहन्यो पुरि पनि सहजं राक्षसी भेष् बनाई ।
ढोकामा त्यो पस्याको बुझिकन रिसले लाल लोचन् गराई ॥
को होस् यस्तो तँ वानर् भनि मकन अनादर् गरिस् भित्र जाई[6] ।
रातीमा चोर जस्तो भइकन तँ पस्याको कउन् काजलाई ॥२१॥

येति बोली र हानी सहज चरणले ती हनूमानलाई ।
हान्या बज्रम्बलीले कठिन उ मुठिले लोटि शोणित्[7] बहाई ॥
फेरी त्यो ऊठी मात्रै[8] खुसि भई र भनी हे हनूमान जाऊ ।
तिम्रो कल्याण होला मकन जिति लियौ जानकी भेटि आऊ ॥२२॥

मलाई ब्रह्माले अघि कहिं दियाको सुन कथा ।
हुन्याछन् त्रेतामा दशरथ विषे राम सुपथा[9] ॥
उनैको माया हुन् जनकतनया भैं जनम[10] लिन् ।
भुभार् हर्ना खातिर् म हुं विनति गर्न्या भइ मलिन् ॥२३॥

तसै कारण् भाई सँग भइ ति जालान् र वनमा ।
तहीं सीतालाई दशवदन हर्न्या छ छिनमा ॥

---

१. भईंतिर नजर, २. ग्रहण गरीकन अर्थात् समातेर, ३. पानीका पर्खाल, ४. गुप्तमा अर्थात् अरूले नदेख्ने ठाउँमा, ५. मन आनन्द, ६. गएर, ७. शोणित अर्थात् रगत, ८. उठनेबित्तिकै, ९. असल मार्गमा लाग्ने, १०. जन्म लिइन् ।

पछी तिनका मंत्री अति कुशल सुग्रीव् ठहरिनन् ।
उ सीताको खोजी गरन भनि मर्कट्[1] फिजिदिनन् ।।२४।।

उनैमा एक् वानर् तिमीसंग उ पुग्न्या छ छलले ।
तिमीले हान्दामा तिमीसँग उ हान्या छ मुठिले ।।
उ वेथामा[2] मेरा वचन पनि संफी बुझियला ।
उसै वेलामा त्यो दशवदनको नास् गरियला ।।२५।।

भन्याको ब्रह्माले मकन पहिले हो सहि[3] भयो ।
जित्यौ लङ्कालाई सुन कपि सबैलाइ जितियो ।।
उ रावण्का अन्तःपुर बिच छ लीलाबन तहाँ ।
अशोकैका गाछी पनि त बहुतै सुन्दर जहाँ ।।२६।।

उहीं यौटा गाछी पनि छ सुन, सुन्दर् सिम सफा[4] ।
उसै तल्मा सीता वरिपरि बडा राक्षसि खफा[5] ।।
तिमि देखी आऊ रघुवरसितै जाइ कहिद्यौ ।
उ सीताको जस्तो विरह छ उ पर्कट्[6] छ लगिद्यौ ।।२७।।

म धन्यै हूँ ऐल्हे हरिकन त सम्फन्छु मनले ।
इ संसार्का बन्धन् पनि त छुटि जान्छन् स्मरणले ।।
वनैका भक्तै छौ संग रहनु दुर्लभ् मिलिगयो ।
सधैं मेरा मन्मा हरि रहि रहुन् भन्दछु म यो ।।२८।।

बल्लऊले[7] सिन्धु नाघ्दा सहज फुरि[8] गयो वाम लोचन् सिताको ।
रावण्को वाम बाहू दशरथसुतको दक्षिणाङ्गै फुऱ्याको ।।
रामायण्का कथाको प्रथम सरग[9] यो हो इतिश्री भयाको ।
पाठ् गर्नू कार्यसिद्धी सहज गरिदिन्या सुन्दरैकाण्डमाको ।।२९।।

---

१. वानर, २. व्यथामा अर्थात् दुःखमा, ३. साँचो, ४. सिसौ, ५. जागेका, ६. प्रकट, ७. बजरंगबलीको छोटकरी रूप, ८. फर्फरायो, ९. सर्ग अर्थात् परिच्छेद ।

दोस्रो सर्ग

गया ती लङ्कामा शरिर धरि सानू रजनिमा[1] ।
सबै ठाउँ खोजी न मिलि ति गया राजगृहमा[2] ॥
वहाँ देखो लङ्कावचन पनि संझ्या र मनमा ।
गया स्यं बाटाले गरिकन असौका उ वनमा ॥१॥

'पुराना कवि र कविता' बाट उद्धृतांश साभार



---

१. रजनी अर्थात् राति, २. राजाको दरबारमा ।

लक्ष्मीनारायण

हरिश्चन्द्रविलाप

(वि. सं. १८७३ पूर्व)

अयोध्या नगरीमा राम भयो अवतार बाजि बढाइ ।
तितिस्कोटि देवता रामरूप हेरन आइ ।
त्रिण त्रृलोक देखन आइ ।।
रामरूप देखि दसरथ सहस्र रिखि बोलाइ ।
आइपुग्ये ऋख्येश्वर वेदमंगलु गाइ ।
त्रिणत्रृलोक देखन आइ ।।
हरख भये राजा दसरथ राम्जिउके दिये राजपाट् ।।
माता कौसिलालाइ भडार ।।
त्रिणत्रृलोक देखन आइ ।।

× × ×

असुरपति रावन खदरि पायो सिता हरन आइ ।
राम लछोमण विछोड भया सिता हरन पाइ ।
विछोड भया लक्षोमण सिता षोजन जाहुँ कतातिर ।।

× × ×

फुल टिप्ता रोहिताश्व डालि चह्लि ।
स्वहि डालि चह्लि ठित नागले खाइ ।।
फुल डालिदेखि भूमि मुरुक्षाइ
मुर्क्षादेखि विद्यार्थि क्राकण लागि ।।

× × ×

माला तमारि अभागिनो षवरि नपाइ ।
जाहु सकुता भ्राइ देउहु माहातारि बोलाइ ।

एकु अभागिनी माता मेरि परघर दासि बोलाई
कठोर भयो इश्वर घरे (धरि वा हरे) रिदय कैसे वाधनि
जमान काल राजु करत पृथि भरि ।
चन्द्र सूर्य मुहुडा देखन नपाइ ।।
जब भयो वृद्धकाल इन्द्रासन खबरि पुगि ।
बिपक्ष्ये भया तितिस्कोटि देवता राजु टुटि ।।
एकु विपता पऱ्ये माहांतारिके राजु टुटि ।
द्वोसरि विपता पऱ्या बाबाको साथ छुटि ।।
तेसरि विपता चहुंदिसा सबद पुगि ।
चौथम विपता पुत्रस्वक परि
बाबा हरिचंद्र माता मदयन्ति हात पानी नमिलि ।
एति वचन कहत रोहितास्व प्राण छुटि ।।

× × ×

हरिचरन गुण गाउँ लक्ष्मीनारायेन रातदिन भरि ।
देखोन हरिचन्द्र भगवान् प्रगट भइ विलाप छुटि ।।

[हरिश्चन्द्रविलाप (खण्डकाव्य) को उद्धृतांश]

'वीरकालीन कविता' बाट साभार



वीरशाली पन्त

देख्ने र देखिने

मनः प्राणज्ञानेन्द्रिय सकल कर्मेन्द्रिय तनू
निजात्मा सत्ताले जड इ सब चैतन्य कॅनि छन् ॥
यही वोध् बूझीन्या अति विमल वोधानुभव यो
बनाहूँदामा श्री हरिचरण मात्रै शरण छन् ॥१॥
द्यखीयाका मेरा म पनि द्यखिन्याको द्यखिन्य हूँ
भनी येसो मेसो नबुझि भनि यो नाथ मजिले ॥
जहाँ लौ ताहाँ लौ धउ वहु पऱ्यो को झिकिद्यवस्
पर्‍यैंको यो दुःखँ पयरि पनि नजान्या वरिपरी ॥२॥
द्यखीयाको बुद्धी द्यखि यतातिरै जत्ति छ जगत्
तती मात्रै त्यस्ले म छु भनि त सक्तैन कहन ॥
जडाँफू (जड आफू) हुनाले विमस परमात्मा विभु विना
भनस् कस्तोरी यो होइन नभयैंको द्यखिय कॅं ॥३॥
भयाको मात्रै कॅं छ पनि भन्य कॅं लाग्दछ कुटै
सुइना कॅं जान्नू शिपी द्यखिदामा चाँदि भन्य कॅं ॥
नभा'को यो वस्तू पनि द्यखन्याले मात्र द्यखयको
ह्व आत्मा सत्तामा गति नलखिसक्नू कुमतिले ॥४॥
यसै देहैमा ज्ञान् यहि लिनु बुझि धीर मति लौ
हुनू गम्भीराधीन् चरणकमलैमा भ्रमर कॅं ॥
द्यखीन्याले देख्नाकन पनि सकिन्न द्यखन्यलाइ
आफू देख्न्या हूँ कि द्यखिन्य आफु हूँ भ्रांति जव गो ॥५॥

['विमलबोधार्णव' बाट]

'बुइँगल' बाट साभार

रामदास

सीताजी

सीता सुन्दरी छन् भनी सकलले
    भन्थ्या र (त) देखिउँ पनी ।
नाक उच्चो कटि (ति) पातलो शरिरमा
    रौं नास्ति (हिं) कत्ती पनी ॥
थोरै माथि (मात्र) कपालमा उन (हि)
    पनि लामा वहुत् स्यामला ।
सुन्निन् ता दुख माननिन सगिनि है (हो)
    कुन तुछच पुच्छर् नहि (पुच्छर त नाहीं वुची)[1]

['वनका फूल' बाट]
'बुइँगल' बाट साभार



1. काठमाडौंमा सुनिएको पाठभेद सं. ।

हीनव्याकरणी विद्यापति कृत

सात राग

श्यामा श्रीखंडन वन कोमल पुष्पशय्यामाहाँ ।
गयी वेदको सोर विभाग् वीणामा ।
भर्त्ता रिझाँउन तालको भाव् बताँउदी ।
गाँउदी त दक्षिण गूर्जरी राग नामा ।।१।।

नितंबिनीको मुखकमलमधूरसचुंबनले मत्त भयाको ।
कुंडलधारि मनोहर माली शुकसमान सरीर खुल्याको ।
साँझ विषे गयी ··· ··· ··· ··· ··· ··· ··· ··· ।
रागराजेश्वरचक्रचूडामडि गौडामालव नाम धऱ्याको ।।२।।

मयुरमुकुटधारी हस्तिमाहाँ सवारी ।
अतुगुणगणसेना माहाराजैं भयाको ।
मगनमदनमूर्ति वीणामाहाँ सुहाँउंदो ।
विरहीको मन हर्दो राग नाम वसंत ।।३।।

गोरो वर्ण नीलो पिछौरा वढ्याको ।
पचिव् रत्न शुन्का भूषण्ले जड्याको ।
प्रिये पाबूमा छन् त पनी यौ बस्याको ।
सभैमा उची राम्करी रागनामा ।।४।।

गोरो चंद्रमा फैं रवि झैं प्रचंड ।
शूरो वीर लडाजिमा छाति ढाल् तुल्याँउदो ।
फुराइ बाहुली फट्कंदो वीर् जमातमा ।
जितानन्दको राग् देशार्ष अनिन्द्य ।।५।।

सुकेशी पसम्लाइ रिझाँउदी सरुप्सा ।
घबंर् चालदा हातकंकण् बजाउदी ।

पारीजातका फुल्को गुछो कान्मा लाँउदो ।
रमिद् देहको राग् वराडो भनिन्छे ।। ६।।
सुरत्लोभिनी हात्मा माला लीयाको ।
स्वयंवर् परीक्ष्य रमित् कान् तरोज्दो ।
कोमल् पुष्पशय्या बसी दृष्टि फेर्दो ।
स्वरुप् सुन्दरी गुण्करी राग् भनिन्छे ।।७।।

'नेपाली भाषा र साहित्य' बाट साभार



होनठ्याकर्णी

सात नायिका

घोवन्मत्ता कामसर्ले विह्रोसँ भयाकी ती,
पक्रन प्रियका पाउ लाजँ त नमान्याकी ।।
एकान्त लताकुञ्जमा खसम्लाई पुन्याउँदी फेर्
नायिकाऽभिसारिका भनिन्छिन् बहुतै बेर् ।।१।।

सतावास घर्मा आउनन् प्राणनाथ्जी
भनी पुष्पशय्या वनाइ वाट्मा हेर्दी ।।
देख्दा ध्यानले संगमा लाज मान्दी
नायिका यी वासक्सय्या हुन् भनिन्छिन् ।।२।।

प्रितम्ले भन्याका सखीका वचन्मा विश्वासैले गँ संकितैमा वस्याकी ।।
प्रभू प्राणनाथ्मा समागम् नपाउँदा तिनै नायिका विप्रलब्धा कहिन्छिन् ।।३।।

वसका रतीरस् गुणले पतीलाई खैंचो पाशवर्ती गन्याको सधैं छन् ।।
विचित्र विलास् हास ख्याल्मा भुलाउदी स्वाधीनभर्तृका नायिका यी भनिन्छिन् ।।४

जस्को पति प्रिया छोडी परस्त्रीभोगलुब्ध छ ।।
चोरीचिह्न लि प्रातर्मा आउँन्याको स्त्री हो खंडिता ।।५।।

वर्का कामज्वरका दाहमा ढेरै काप्छिन् शरीर थर्थराई
स्वास फेर्दा ठुला शब्दले धकधकाई आङमा पनि रौं ठड्याइ ।।
कष्टीया बहुदिन्कि औषधविना क्षिण् देहको कामिनी
हाइ खादि यिनि नायिका भरतमा उत्कण्ठिता छन् वहुत् ।।६।।

विना खाजि हास्ने मुखैं हास्य छल्दी सुरत्लोभिकान्त मुखैं ताकि हेर्दी ।।
सजाइ दूर वाहिर् सखीवर्ग जांदा खुस्याल् मन् तुल्याउदी शयन्मा मृगाक्षी ।।७।।

['नेपाली' पूर्णाङ्क १० बाट]
'बुइँगल' बाट साभार

उदयानन्द अर्ज्याल

बेतालपचीसी

(वि. सं. १८७२)

श्री गणेशाय नमः ।। श्री रामचन्द्राय नमः ।। श्री गोविन्दगुरुगणेश
गौरिजा गौरिपति गोपतिम् नत्वा डिम्बकदम्बमानसमुदे श्री
वायुशूनु तथा ।। पूर्वोक्ता निहिपञ्चविंशतिकथा गद्यनिविक्षा-
धुना विद्वान्पर्वतभारवर्यंवरचयाम्मुहृयं सुपधानि च ।। १/१[1]

बेतालोक्तकथा पचिस तवका लोकमा भयाको प्रथा ।
श्री राजेश्वर विक्रमाजीत वडा उन्ले कह्याको मता ।।
विस्तार्देषि कुरा बहुत् तरहका श्लोक वध्य भाषा पनि ।
शार्ङ्कि कहियो रसिक जनका मन्षुसिहोला भनि ।। १/२

जोतिख् शास्त्र त शब्द भवमा श्री मन्त्रशास्त्रं पनि
नाना कौतुक शास्त्र आदि सर्वथोक् जान्या भयाछन्पनि ।।
भंछन् जुन्कन नाच्तछिन् त कविता वानी असलमाखणी
जिह्वामा जणका त मान्य नृपका आपना कुलंका मणी ।।। १/३

सैतिश्का सहकालमा त तनले वेतालपचिस्को कथा
श्लोक् वाधित कह्या दया रघुपते वेस् छन्द लाम्रा भया ।।
तालव्यादि त ह्रस्व दीर्घ अरुले लेष्ता कदाचीत्कति
फेर्गनंन्तयापि पंडितहरू बुझनन् कह्याको मति ।। १/४

x x x

१. पहिलो अङ्कले अध्याय तथा तीर्यक् चिह्नपछिको अर्को अङ्कले श्लोकको संख्या जनाउँदछन् ।

दैला कुमरका नयन जुझि गया प्रीति परस्परभयो
नारी ती रती झैं वदन्त शसि झैं कुमन् मर्द झैं थिया ॥
एक् फुल् टिपी कमलको राषी सिरमा कान्मा तथा दाँतमा
छातिमा पनि राषि पाउ वोचमा जाँदी भई घर्महा ॥ १/१८

× × ×

विष्का लड्डु पठाई दीयन् कुमरिले देष्तै त मंन्त्री बुझया
कुत्तालाई दीदा उ षाइ त मऱ्यो जुक्ति विचारी कह्या ॥
साहेव जाई त रातीमा कुमरीको जंघा नषंले गरि
कोरि सब गहनाली आई त गया जोगी दुवै भैं गया ॥ १/२६

× × ×

एकदीन्मा ससुराल गैं छल गरि आफ्नो प्रीया ली चल्यो
चोर्को डर्छ भनी सुनाई गहना आफ्ना त हातैं गऱ्यो ॥
कुप्मा नारी षसाई पापी हिंडीगो कुवा विषे उ रही
तस्कारन् अति पापी जात् पुरुषको सुगी कथा यो कही ॥ ४/३

× × ×

एक् चम्पा नगरी ताहा नरपति श्री चम्पकेशर्थिया
तन्की भूवन सुन्दरी त तनया उन्मा सवै गुन्थीया ॥
आयाचार्वर माग्नलाई नृप थैं गुन् सब्ले कह्या
विस्तार्चर्जिनाको सुनी सुनी त बहुतै राजा उ विस्मीतभया ॥ ७/१

× × ×

राजा भोक पियास आकुल हुदा फलफुल् त षानै दीया
कुमरसाथ भई त ल्याई दरवान् राजा षुसी भैंगया ॥
कुमर्माकरूणा भयो नृपतीको धन्सुख् बहुतै मील्यो
एक्दीन्मा अजर्गुत चरीत्र भइगो आई त वीन्ती गऱ्यो ॥ ८/२

× × ×

चूडापूर नगरी तहा नरपती चूडामनी एक् थिया
तन्का प्रोहित देउशर्म्म तनका छोरा सुपार्चं भया ॥
उ व्राह्मण सुतले स व्राह्मण सुता रांक्री वीवाहै गऱ्या
प्रिति हेर वढ्यो त गृष्म ऋतुमा कौशी वीषे उ सुत्या ॥ ११/१

× × ×

साथै मर्न तयार हुदा उसघरी आकास वाणी भयो
देवीका वरदानले पनी जी आचर्य्य ताहा भयो ॥
कन्या तस्करको वीवा गरिदिया क्या अर्थ रोयो अघी
हाँस्योश्यो त पछि कहु नरपती मन्ले विचारै गरी ॥ १३/४

× × ×

क्या कारण तीमि छौ मलीन वहुतै कंन्या उ सोद्धि भइन्
फुल् टिप्ता द्विज एक देवी मनमा कामातुरै भो कहीन् ॥
उस् ढोटा तिमिलाई ल्याइ त दीया क्या दीदी हौ एस्घरी
मंत्राले त भनीन्त दासि उनी यो जिन्दगानी भरी ॥ १४/५

मैजा चन्द्रप्रभा दिया उसघरी व्राह्मन वुझि घर्गया
मेरो गर्भ छ मेरी नारी कुमरी वाम्देउ भन्दा भया ॥
राजाले मकनं दीया त शशीले मैजा ई मेरी प्रीया
भंदा न्याय छिनेन श्रीनृप कहु मंजा उ कुन्को त्रीया ॥ १४/१३

× × ×

यो वार्त्ता सुनी संखचूड नृप थजी विन्ती त गर्दा भया
ब्यान्दि प्राण वचाउनु त णनिको आज्ञा नहोस् यो कह्या ॥
राजाले सुनी छल् गरिकन गया जाँहाँ गरुडै थीया
चन्द्रै सूर्य्य त ढाकीयां षकानी कटले साक्षात आफु थीया ॥ १५/५

त्यो सुनी गरुडै महा षुसि भया वर्दान् वहुतै दीया
नाग जाती घर्ण गया अरू पनी जो जो भयाका थीया ॥
वेतालले पनी प विक्रमाजित थजी सोध्या कठिन् वात् पनी
जीमुत्वाहण शंखचूड दूइमा धर्मि त को हो भनी ॥ १५/८

× × ×

सर्दार्ले नृप स्वामि हुन्मनी वुझि प्राणं दीया उस्घरी
नारीको उही धर्म जानी संग भै उमादिनी उ मरी ॥
आपना सेवकले दीयाको षुसीले नारि नली जो भन्या
राजा हुन् अति सत्यवादि सवमा अध्याय / सोह्रौ कह्या ॥ १६/१९

× × ×

छो वंकोल पूरी ताहा नरपती सोवर्णसुन्दर्थिया
तन्का राणी पचीस भैकण पनी संतानहीन् भैगया ॥

ताही एक बनीआ थीयो धनपती तन्की सुता सुन्दरी
गौरीदत्तकनै दीया उसघरी राम्रो विधानै गरी १८/१
रातीका श्रमले थकीत मै गै सोध्या सखीले पनी
कस्तो सो सङ्गी नै कहु रतीमा लज्जा नमानी तिमी ॥
चोली बन्द खुल्यो त सारि त फुक्यो हिराको हारै टुट्यो
एति जान्दछु हे सखी उति पछि मेरा विचेतै भयो ॥ १८/५

× × ×

को हौ तिमि त कस्कि छोरी अवमा कस्कि तिमि हौ प्रीया
सोद्धामा नृपले त लडिज भइ बोलीन्म हुं अप्सरा ॥
क्या कारन् तिमि सोद्धछौ एस घरी हिंसा त गर्छौ सदा
राजन् नीती पनी छोडि जन्तुवणका मार्न्या व्रेथा यो मता ॥ १९/२

वर्का वृक्ष मनी निवास त थयो राक्षस् भयानक् थियो
आइ षान तयार भैकन भन्य माया त राषी कह्यो ॥
रानीको तिमीलाई मोह छ भन्या सात् वर्षका वीप्रको
सिर्दिया हुदौं छोडुला तब कह्या राजा ता संकेतमयो ॥ १९/५

× × ×

यौवन्मस्त भई मदन्कन सही आफ्ना सगी साथ् भई
कौसिमा त बसी रसीककमलान्कलाई देष्ती भई ॥
ठोटाले पनी देषी तस्कन अती शीतित दुवैका वढि
मूर्छित् भैकन उ गयो तरुणीका चेतै उड्यो उस् घरी ॥ २०/२

आफ्नि स्त्री पनी जारका सँग मरी जालें अंकमालै गरी
प्रीतीले त भन्या दुवै भनी बुझी काम्ले शरीरै जरी ॥
मर्नु धीक् पतीले छोनार उहि हो जास्तु सबैले पनी
विर्सौध्याय पुग्यो मृतक् रूष चह्यो साँचो जवार्प सुनी ॥ २०/६

× × ×

विद्या संग्रह गर्नु कर्म द्विजको भक्ति ठूलो रामको
अति यो मनमा त राषि शीवको पूजा त गर्न्या वडो ॥
एति पितृ वचन् सुनी कन सवै चारै गया देस्महा
विद्या तंन्त्र पढि पृथक् सित तहा आया स्ववेसं जहाँ ॥ २१/४

× × ×

वृद्ध भै चरण थाकी रहंछन्
केश शपेत भई दात् पनी टुट्छन् ॥
माग्नु गुन्नु सब थोक् पनी छुट्छ
आस तंपनी सदा अती बढ्छ ॥ २२/४

× × ×

जुवा खेली युधीष्टरादि जनले हाऱ्या मुलुक् स्त्री पनी
सुन्को जानी हरीन राम नृपले लाग्या पछिटं पनी ॥
शीता रावनले हऱ्यो वनमहाँ जानी विपत्ती भई
वुद्धि जांछ हराइ कुदीन हुँदा कस्तै वडाको पनी ॥ २५/४

× × ×

श्री गोर्बाधिपको फिरंगी सँगको संग्राम ठूलो भयो
विक्रम सम्बतमा अठारसयमा प्पन् वहत्त थियो ॥
.... तमा वसी उ दिनमा एतिवणीयो तहाँ
आषाढे मृगुहस्तले दशहा संयुक्त हुंदामहा ॥
संकृत्ले शीवदाशले त कहदा व्याख्यान यथौक्तं थियो
देश्देशका त कुरा थपि पनि पछि विस्तार वहुतै भयो ॥
यो देखि शिवनन्द नामकविले सारै कह्या श्लोक भनी
वेताल् संकर रिध्दि सिद्धि सवथोक् दीउन्मलाई पनी ॥
एका फनि स्थिर होस् यो युग भरी दोश्रा गतीले भइ
देस् देसमा त चलोस् चार सुतका स्वामी कृपाले गरी ॥
पाँचौमा वरनाथले सवघरी तेश्रौकी वृद्धि गरुन्
श्री वेताल पचीस तत्त्व वढिया यो अर्थ जानी कहुन् ॥
वटुनीवहहितार्थं सुरीहसाथ चेतनकथितमाखिल
मुच्चइ रंजसा पण्डितेन ॥
द्विजकुलरजनीसेनोदयानन्द नाम्ना विलसतु
गीरीदेशे केशवाङ्घ्री प्रसादात् ॥ ॥
शुभमस्तुशुभं ॥

('बेतालपचीसी' बाट उद्धृतांश)
'वीरकालीन कविता' बाट साभार



उदयानन्द अर्ज्याल

वंश-वृत्तान्त

(रचना ?)

आदि मालवगढ् कनौज धरती धरानगर् ख्यातको ।
तेस्मा ब्राह्मण भट्ट अत्रिकुलका वासं सबं जातको ।।
वाद्शाहा त नवा (फ)को कलहमा कष्टं त वात्वातको ।
देशं छाडी हिंड्या चतुर्दिशी सबं छोडि विभव् साथको ।।१।।

कुश्वन्दा सव भट्टमा अति वडा अर्का उदं भट्ट हुन् ।
पाहाड्तर्फ गया उनी दुई जना उन्को सबं जान गुन् ।।
कान्छाका सदु भट्ट पुत्र त तहाँ विद्वान् पुरा भैगया ।
उन्का पुत्र ति रायभट्ट जनम्या ज्ञान्ले परम्पद् गया ।।२।।

तिन्का पुत्र त देवदत्त तिनका सुत् वत्सराज् नाउँका ।
छैटौं सुत् उपवत्सराज् सुगुणका पुरा सबं काजका ।।
फेरी शृष्टिपरम्परा बढी गई श्रीवत्सराज् भैगया ।
तिन्का ब्राह्मणी दुइ जेठीतिरमा श्रीकृष्ण पुत्रै यया ।।३।।

सिग्दी ग्राम त अंश भो र उनको सिग्याल पद्वी भयो ।
कान्छीका सुत एक ज्ञानी सवमा श्रीदेव संज्ञा थियो ।।
उन्लाई पनि पौडी अंश त दिदा पौड्याल् कहाया तहीं ।
आठौं वंश विती उनैकि त फिरी धर्की बुलहो माहीं ।।४।।

जुम्लाका नृपतिकी छोरीतिरका घर्का समाल् भैगया ।
भित्र्यानीतिरका त पुत्र ताहाँ खस् थर् वगाल्या भया ।।
सुत् श्रीनन्द त फेरि ब्राह्मणीविषे तिन्का त श्रीराम् भनी ।
श्रीराम्का हरिदत्त सुत त भया आफना कुलैका मणि ।।५।।

तिनका पुत्र त कृष्णराम तिनका छोरा दुई भंगया ।
जेठा भट्ट सबु कनिष्ट उनका बाबा भन्याका थिया ॥
बाबाकी दुई ब्राह्मणी त कुलका जेठीकी सन्तान् जति ।
अर्जोवासी हुँदा त उही थर भो अर्ज्याल् कहाका उति ॥६॥

चौथौं वंश त नारसिंह उनका श्रीविष्णुदास् ख्यातका ।
उनका पुत्र सुपुत् प्रभाकर भया पुरा सबै बातका ॥
तिनका पुत्र दुई सुमन्तु सरज कान्छाको जो सन्तति ।
मेधी आइ बस्या उसै समयमा मेधाली भन्छन् कति ॥७॥

नारान्दास सुमन्तुका त सुत हुन् उनका त धौलु थिया ।
विष्णुदास कनिष्ट उनकी कुलका सन्तान् विहारी भया ॥
धौलुका सुत चार भाइ त भया भन्थ्या वगाल्या भनी ।
कालुलाई ··· ··· अंश त दिया गोपाललाई पनि ॥८॥

तेस्मा श्री जयभद्र नाम उनको श्री विश्वनाथ् उन्महाँ ।
कान्छा हुन् सबको निवास उनदिन् गोर्खा नगर् हो जहाँ ॥
छोरा श्री जयभद्रका परशुराम् उनका त छोरा पनि ।
जोशी इन्द्रमणि त ज्योतिषविषे भन्थ्या त गर्व भनी ॥९॥

वीरेश्वर् त सुपात्र पूत उनका पुत्रै त तिनका तहाँ ।
श्री विश्वेश्वर नाम चौदिशोविषे पूरा त ज्योतिष् महा ॥
मर्जोलि त किरात राज्य ति गया हिन्दुपतिको जहा ।
युक्तिबुद्धि लगाई अक्कल भयो उस्ता अरू छन् कहा ॥१०॥

राजालाई रिझाई कौशिकीनिकट् विर्ता मधेश्मा मिल्यो ।
उस् दिन्देखी मधेश बीच सब बाम् बैरवा माहा भयो ॥
उनका पुत्र त एक मात्र उदयानन्दै भनी आज छन् ।
पण्डित् ज्योतिष्विषे कवि पनि बडा काम्ले अमिन् भन्दछन् ॥११॥

'वीरकालीन कविता' बाट साभार



रामभद्र पाध्या रेग्मी

बंधुविनपराष्टकं

(वि. सं. १८५१ तिर)

श्री गणपतय नम:
खं गर्दा हुंदि हामिले तमिहरू हे कामिनी हो जनी
तुह्मान्या गर तत्रि निम्ती वढिया अर्ती दियाको प हो ।।
आपनू सीप भलो भया सभ जना स्यावासि दिनुछन् पिता
माताकों पनि नाम टिक्छ सउता मिल्दीन कैल्हे पनी ।।१।।
कुलकि वेटि भइ रिस मारनू लगमहां मन लगाई उतारनू
रिधनु साधनु वेस सपारनू सिर पऱ्या पहि×टलि टारनू ।।२।।
खई गऱ्या भनि रिस मारनू नझोरनू कति गरू मनि चित्त नहारनू
अलिकती महां (चित्त) नफारनु भलि मती दिनु मोम (न)'घारन(नू) ।।३।।
मान्यका टहलमा अघि× ×नू गौरिको स्तुति मनमा विचारनू
लाजगाल भयले मन फांउनू ज्यादि घाम नपरिकन लाउनू ।।४।।
सारसार नगरी किन हिंड्नू दुःखले मनमहाँ जनि पीरनू
सांझमा पिर भया पनि उठनू अल्सिले छल गरी जनि सूतनू ।।५।।
निज घर लग गर्नू मान्याको भक्ति धर्नू
रससिता (त) मन पर्नू कामले ख्याल गर्नू
बुझिकन भर पर्नू गालदेखी प डर्नू
रससित मनहर्नू दुष्टका दूर सर्नू ।।६।।
वस्तु ढाकि चिह्न गरीकन सदा राष्नू वडा यादले
दीया हेरि नपोखि यादले दिनू छोटा वडा कामले ।।
मानिस् हेरि अघोपछी महि दहि आचार साग्दालले
पुर्नू सज्जनका विचार वलले आपना मती सारले ।।७।।

आठ श्लोकमहां वुरारिहरूको शिक्षा कह्याको छ यो
जो धर्ला कुलकन्यका मनमहाँ त्यो दुःख पावैन है
जस् जाला पृथिवीमहां सब जना हाहा भनी गांउनन्
तस्का पुरव कमाइले अरू पनि जस् भाग्य ता पांउनन् ।।८।।

इति श्रीरामभद्रकविना विरचितं वंधुविपराष्टकं संपूर्ण् ।। ।। ।।

'वीरकालीन कविता' बाट सभार



दैवज्ञकेसरी

गोरक्षगुरु

आफ्ना शीर्षमहा सहस्रदलमा तत्वोर्मिका–मध्यमा
तेजोमूर्ति विराजमान सम्झी गोरक्षका पादुका
श्री गोरक्ष गुरु कृपाश्रय धरी नाना हठ–ग्रन्थको
सिद्धान्तार्थ भरी दुवै शतकका टीका अपूर्वै कहूँ ।।१।।

यस् संसारमहाँ अनेक मतका जञ्जालमा सार हो
योगाभ्यास भनी महामुनिहरू सिद्धान्त बाँधी तऱ्या ।
श्री गोरक्ष गुरु प्रसन्न मनले प्रज्ञा भरुन् योगकी
कर्णेल् [श्री] रणवीर मल्लिटश्रा यो ध्याइ भाषा बन्यो ।।२।।

कही विस्तारैले बुझ्नि पनि सबैले नसकिन्या
कही संक्षेपैले कहनु पनि वस्तू नकहिन्या ।
इहा श्री गोरखले सकल मत सारार्थ चुनियो
मनाया सिद्धान्त प्रकट करुणाले जगमहाँ ।।३।।

श्री गोरक्ष गुरु कृपाश्रय मिली गोरक्ष वाक्यार्थमा
जो मैले रचना गऱ्याँ लखि रिझुन् योगीहरू चित्तले ।
भाषा हो भनि हेलना जनि गरुन् शब्दार्थ जान्याहरू
योगाभ्यास नभै रहस्य मिलनू कष्टै छ शब्दार्थले ।।४।।

शाके सत्र शये बयालिसमहा शुक्लाष्टमी चैत्रमा
स्थाने कान्तिपुरी–पुरे विरचना पूर्ण भयो [योग] को ।
गोरक्षशतकम् महाअतुलनम् भाषा अपूर्वै भनी
मन्त्री श्री रणवीरसिंह कृतिको आज्ञा हुँदामा बन्यो ।।५।।

[अमुद्रित 'गोरक्ष–योगशास्त्र' बाट]

'बुइँगल' बाट साभार

सुन्दरानन्द बाँडा

आशा-नदी

(वि. सं. १८३५–५० बीच)

साहेब अर्जि सरण् परोस् मनमहाँ दुःखी गरिप् दीन हुँ
ग्राहारूप दरिद्रसैं मकन ता उद्धार्गरीबक्सन्या ।।
जस्तै श्रीहरिले गजेन्द्रवरलाई ग्राहा छुटाइदिया
दुःखी सो गज ता चतुर्भुज भई वैकुण्ठवासी भयो ।।
आसा कोही नदी थिई सबमहाँ अत्यंत ठूली वडी
पानी हो तसमा मनोरथ सबै तेही नपुग्दा सुक्यो ।।
तस्माहाँ म पनी थिजा विधिवसात्माछो भई हे प्रभो
पानी शुष्क हुंदा जिवै चलिगयो वक्सीस अर्ती हवस् ।।

'वीरकालीन कविता' बाट साभार



रघुनाथ पोखरेल

फुटकर कविता

स्वस्तिश्री मसिशील शिल्पहरूले सब् गुण बसैंमा लिन्या।
धैर्यादीगुणले अकृत्यहरूको स्तंभन् गराई दिन्या॥

युक्तीले पनि ता गुणी जन सबै मोहन् गरी राखन्या।
उच्चाटन पनि दुष्टलाइ सहजै चातुर्यले लाउन्या॥

भक्तीले सहजै त षट्‌ करम ता जेठानजी गर्दछन्।
यस्ता श्रीयदुनाथ छेउ रघुनाथ्जीका प्रणामै पुगुन्॥

आनन्दमा छौं सब हामि जाहाँ।
संचार् नमिल्दा मन जान्छ ताहाँ॥

क्षेमै कुशल् सुन्नु म पाउँ काहाँ।
राखुन दया पर्छ नगर्नु हाँ हाँ॥

उप्रान्त धेरै त बखान सुन्छु।
तेस्ले सदा दास ऋणी म हुन्छु॥

माता पिता दाजु पनी त छैनन्।
काम्काज् तपाजी सित हाजिरै छन्॥

दान् भोग् नगर्दा धन जान्छ खेरै।
जान्न्या तपाजी कति लेखूं धेरै॥

आकास्‌को जुन शेर हो उ पनि ता घायल भया चोरले।
सिर्‌को वर् जून हो थियो उ पनि ता घायल् भया सोरले॥

सिद्धैका जून जङ थिया उ विरता घायल् भया भोरले।
भाग्यैले परिपाठ पर्दछ कि यो बुद्धिका जोरले॥

बरू वन्‌मा बस्नु रूखमनि, खनी खानु छ तरुल् ।
बरू भिक्षा मांगी फकिर भइ हिड्नु छ त जरुल् ॥

धनी जन्‌ले हेंला गरिकन दियाको छ ननिको ।
हरीहर्‌को सेवा गरिकन जियादेखि छ निको ॥

चन्द्रमा पनि कलंक देखियो ।
वेदमा त पशुघात लेखियो ॥

ग्राहले जलधिरत्न रोकियो ।
यो विना कुदिनले ति कैं गयो ॥

हरिस् खा हे हर खा अनि पछि त पाला पनि तं खा ।
लदा खा भेरन् खा अनि पछि तं चौकी पनि चपा ॥

'पुराना कवि र कविता' बाट साभार



जोसमनी सन्तपरम्परा र साहित्य
(सन्तहरूका मूल रचना)

धिर्जेदिलदास

(१)

निर्गुन भजन

हरि भजो भाई सकल त्येजिके हरि भजो भाई ॥ध्रु॥
पांच ही तत्त्वोको सृष्टि जमाई पाप पुन्य दुनु पाई ॥
पाप धोईके सुन्थे समाई उलटा पवन चलाई । हरि. ॥१॥

गगनके मूलमें ध्यान लगाई सुन्थे पूर्ण समाई ॥
अनहदनादकि कीरणी बाजे चित्त आनन्द लगाई । हरि. ॥२॥

आनन्द पदको भेद न पाई जन्म अकारथ जाई ॥
जन्म पाइके मन हरिपद राखो जोग जुक्ति समाई । हरि. ॥३॥

कहे धिर्जेदिलदास यहि पद मेरा गुरु कृपा दया पाई ॥
गुरू भजि भजि पाप छुटे अमरपुर रस पाई । हरि. ॥४॥

□



शशिधरदास

सच्चिदानन्द लहरी

(१)

गुरु शब्द

ॐ आदिगुरु सत् ।

ॐ अनादिगुरु सत् ।

ॐ आपे भगवान् सच्चिदानन्द सत् ।

जेते राम भगत हो गए सत् ।

उनके कृपाथैं रहवल सत् ।

गुरु शब्द सच्चिदानन्द लहरी आतमा मैं कहि जाऊँ ॥
बैराग विवेक गोविन्द फेरि फेरि गाऊँ ॥१॥

पहिले गुरु मेरे माता पिता ॥
दोसरा गुरु जीन करम दिये यज्ञोपवीता ॥२॥

तेसरे गुरु मेरे सास्त्र सतसङ्गत बताई ॥
चौथे गुरु मेरे सत्य तारक जीन हरीनाम सुनाई ॥३॥

पाँच हूँ गुरु मेरे बुद्धि सत असत जाँची ॥
छैटे गुरु सत सङ्गत सत्य मार्ग बताय भ्रमसैं बाँची ॥४॥

सात हुँ गुरु मेरे भाहाँ वैराग उबजी सभ मिथ्या देषाई ॥
आठ हुँ गुरु मेरे ब्रह्मज्ञान आदिरूप ब्रह्म चिन्हाई ॥५॥

नमहुं गुरु मेरे कुसिल् फिरा ॥
वृद्ध तप करि तन बदले अति धीरा ॥६॥

ओहि तन बदलि पुतली होईं उडी जाईं ।।
यहि चरित्र देषि मेरे परतीत आई ।।७।।
दशहुँ गुरू मेरे आदि पुरुष आदि विराट लिंग ।।
दसे दिसाके तेज येक होइ उठै अनेक तरंग ।।८।।
ओहि तेजसै वायु बहै बहिसे रंगी बिरंगी मेघमण्डल उपजी ।।
वोहिसे अनेक रंग बरसे सकल ज्योनी होवैं महावीर जोधा गरजो ।।९।।
यही लीला देषी विराटको प्रणाम करिके हामु धीरज होई ।।
यहि सुक्ष्म विराट वहि साहेबका समाध जोरै अैसे तेज होवै सोई ।।१०।।
एकादश गुरु मेरे शिव स्वामी ।।
षटहिया योग बतावैं सर्वत्र गामी ।।११।।
येकादस गुरुके चरणारविंदमे दास शशिधरको नित्य प्रणाम ।।
तुमरे कृपासे योग धारण किये नित्त युगत लिउँ सत्यनाम ।।१२।।
मेरे मत भवसागर ठहराये येही कलेवर ।।
पोषन राषन खातीर संका उपजै अनेक सरवर ।।१३।।
यहि संका मेटि जब असंखा हाई ।।
तब होवै सांख्य योगी सोई ।।१४।।
यहि निरगुन अनुराग ताल छन्द नाहीं भाई ।।
जे विधि राम चरण प्रेम बाढै ते विधि गाई ।।१५।।
विना गाये योग युगती नहि आई ।।
गगननाद फेरो यक चित्तलाई ।।१६।।
काव्य व्याकर्ण भाषा स्थानी अक्षर निकरी आई ।।
केते श्लोकपद कंठ राषै हरि गत नहि पाई ।।१७।।
मुनी देषि चाल चाल काया कर रत (न भीति ?) ।।
युगल भगत नहि लागे स्यानी सोभाव न जीती ।।१८।।
नाद अनुराग अयानी भाषा उचा सबद गाई ।।
मिले पुरुष परमानन्द आतमा अलष जगाई ।।१९।।

दोह

छलकपट छोड़ि गुरु करे गुरु है वहि आदिरूप ।
गुरु ब्रह्म औतार है गुण गुरु अगुण ब्रह्म अनूप ।।१।।
बाहरबरस पंथा चलन सहज है जनमभर फिरे हो (को) ई ।
ईतो दृढासन बैठि अगमपन्थ गमकरी जावै विरला कोई ।।२।।

इति गुरु शब्द ।।१।।

भक्ति शब्द

भक्ति शब्द कही जाउँ ॥
पहीले लिउँ गुरुके नाउँ ॥१॥
सत्यवचन अधीन गुरुके नाम गाई ॥
मन गदगद तन पुलकावली रामनाम समाई ॥२॥

तुमहि साहेब सतगुरु दिनदयाला ॥
तुमहि साहेब सतगुरु परमानन्द कृपाला ॥१॥
तुमहि साहेब सतगुरु मेरे मातापिता हामु तुमरे बालकु ॥
तुमहि पढाउ चिह्लाउ निरमल होइ दिनदिन झलकुँ ॥२॥
येकु विनती मेरे स्वामी कर जोरी ठाडरहु तुम्हरे आगु ॥
गहिरा गमीरा अपार सागर के विधि पार लागुँ ॥३॥
जे विधि माता पिता आफ्नु बाला सघाई ॥
तब बाला समरथ होवँ वही चाल चलाई ॥४॥
ते विधि चेताउ सघाउ समरथ कराइ देउ ॥
जब समरथ होइहुँ नित्त करिहुँउ सेउ ॥५॥
काँहाँ आदि मध्य काँहाँ छेउ ॥
जाँहाँ ताँहाँ तुमहुँ खेलं दोसरा न देउ ॥६॥
घटहिमें ढोडूँ घटहीमें धिरज धारुँ ॥
घटहीमा गाउँ ध्याउँ घटहीमा समाध जोरूँ ॥७॥
तुमही साहेब पार अपार तुमही निरंकार ॥
तुमही साहेब आदि अनादि तुमही निराधार ॥८॥
तुमही साहेब नाथ आफै नाथी ॥
तुमही साहेब खेल खेलावँ आफै साथी ॥९॥
तुमही साहेब पूर्ण ब्रह्म पूरण छाई ॥
तुमही साहेब मेरे घट बोले आपे समाई ॥१०॥
केतने गाया मेरे चित्त नहीं आए स्वामी ॥
तुमही आपे आफ अन्तरज्यामी ॥११॥
तुमही तरी हो गोसाँई तुमही तार ॥
तुं सदा सनातन निरंकार ॥१२॥

दोहा

कौडीसरी अक्षर है लाष करोड़ जांहां सें आए वेद ।।
अमोल अर्थ जो बुझी समावैं पावैं अण्डपिण्डको भेद ।।१।।
पारखि बिना हीरा को पैचानै कौड़ीसरी तौन बिकाई ।।
सज्जनबिना ज्ञान को बुझै मारग छोड़ी वहै मती हराई ।।२।।
कौड़ी कौड़ी सौदा जौरैं तब लषपती होवैं हीरा पाई ।।
ते विधिशब्द युगत जोरैं चुकैं नाही लोला पाई ।।३।।

इति भक्ति शब्द ।।२।।

(३)

विनती शब्द (वा अधीन शब्द)

अधीन शब्द कहो जाउ ।।
मै गरिब कांहाँलि बताउँ ।।१।।



शशिधर दास

राग निर्गुन

षट्चक्र

आत्मा परमात्माको गुरु ज्ञान बिचार ।।
षड्चक्र स्वास खेलाई ।। अभोग ।।
लाल वर्ण श्री गणेशजीको खोजि करो ।।
चतुरदल कमल में गणेशजीके बास ।।
एकहज्जार, छ सये षड्चक्र अजपको कह मै नित तहाँ आए ।।
।। षडचक्र ।।१।।
लाल वर्ण गणेशजीको ढुंडि ढुंडि पीताम्बर वर्ण
ब्रह्माजीको खोजि करो ।।
पीत वर्ण ब्रह्माजीको–अष्टदल कमलमें बास ।। ।।
चार हज्जार तीन सहे, षडचक्रको करू में तहनित आस ।। षडचक्र ।।२।।
पीताम्बर वर्ण ब्रह्माजीको ढुंडि ढुंडि नील वर्ण ।।
विष्णुजीको दश दल कमलमें बास ।।
चार हज्जार पांच सहे अजप षडचक्रको करू मै तहाँ आस ।।
।। षडचक्र ।।३।।
नील वर्ण विष्णुको ढुंडि ढुंढि साधा वर्ण शीवजीको
खोजी करो ।।
द्वादश दल कमलमें शीबजीको बास ।।
चार हज्जार पांचसहे जप षड्चक्को करू मैं आस ।। षडचक्र ।।४।।
साधा वर्ण शीवजीको ढुंडि ढुंडि मै धुम्र वर्ण जीवात्मा,
चैतन्य ब्रह्मजीको षोडसदल कमलमें चैतन्य ब्रह्माजीको बास ।।
एकाईस हज्जार छ सये षडचक्र, जप, अजपको
फिराउँ नित दिनमें स्वास ।। षडचक्र ।।५।।

धुम्र वर्ण चैतन्य ब्रह्मजीको ढुंडि ढुंडि, प्रगटे आत्मा
पारब्रह्म स्वामीजीको खोजी करुँ ॥
प्रगटे आत्मा आत्मा पार ब्रह्म स्वामीजीको सहश्र दल,
कमलमें बास
खिन्ये पुन्ये जीवात्माको करुँ मै निशी दिन
ऊँहा आस ॥ षडचक्र ॥६॥
दिन नहि वहा रात्री नहीं, देख अदेख कछु नहि
खान पीन कछु नाहीं आफं आप नित्य उपासी
जप नहीं वहां, तप नहिं कहे स्वामी शशीधर
आफं अविनाशी ॥७॥

आत्मा परमात्माको गुरु ज्ञान विचारो षडचक्र स्वास खेलाई ।

श्रीगुरु मूर्ति चन्द्रमा सेवक नयन चकोर ।
अष्ट पहर निरखत रहो गुरु मूर्तिकी ओर ॥



पृथ्वीनारायण शाह

गोरखनाथ भजन

वावा गोरषनाथ सेवक सुखदाये, भजहुं तो मन लाये
वावा चेलाचतुर मच्छिन्द्रनाथको अधवुध रूप वनाये।
सिवके अंस सिवासनकाये, सिद्धिसाहा वनि आये।१। वावा गो०
सिधिनाद जटा कुविर, तुम्वी वगल दवाये।
समुषन भाग वघम्वर वैठे तिनिहु लोक वरदाये।२। वावा गो०
मुद्रा कानमै अतिसोभिते, गेरुवा वस्त्र लगाये।
गलै माल रुद्राछे सेली, तनमै भसम चढाये।३। वावा गो०
अगम कथा गोरषनाथकि, महिमा पार न पाये।
नरभुपालसाहजिउको नन्दन, पृथ्वीनारायण गाये।४।
वावा गोरषनाथ सेवक सुखदाये, भजहुं तो मन लाये ॥

'नेपाली भाषा र साहित्यको विकासमा शाह वंशको देन' बाट साभार



धौकल दास

(१)

राग वाणी

दोहा

जिक्रये नहि फिक्कर राखिये फिकर राखि उहि उ-(दु १) षवाई ॥
प्रेम जगायेव चित्त जगाउ चित्त जगो जब जिव जगाउ ॥
जिव जगे जब पिव जगाउ जिब पिब मिलि तव चलि जाई ॥
सो स्वरूप जो सुरथी लगाई सत्य श्याम सुख ताहि सोपाहि ॥
ताहि समान नहि सुषदुरा वेदपुराण कह्यो सब भाई ॥
ज्ञानकि डन्डलियो करमे धरि भक्ति कमन्डलु प्रेम रगाइँ ॥
सत्येको पिन विराग जटासीर सान्त पिहुत सदा उर लगाई ॥
सिल वतो खफियो मृग आसन जोगव जुक्ति खराउ बनाई ॥
पाय बखार मनोमल धोकर धौकल दास बहादुर वंठिसुहाई ॥



मोक्ष मण्डल

(१)

निर्गुन

चलो भाई जोसमनी आफनोराहा समाई येही राहा सोझा हो भाई
चलो भाई जोसमनी आपनो राहा समाई ॥अ॥
चारै युग वितन लागे संध्या परि परि आई ॥
आदी घरको याद करोजो अन्त कालमे फेर मन पछुताई ॥चलो॥१॥

जात कर्म वर्ण मर्य्यादा यह बीच टट्टी लगाई ॥
मर्म गिऱ्यो पऱ्यो चौरासीमे ऐसो भ्रम जाल बधाई ॥चलो॥२॥

ज्ञानको ज्ञानि ध्यानको ध्यानी जोगमे जुगती बताई ॥
अदेख देखे अपीव पिवे श्रीमुख गाई सुनाई ॥चलो॥३॥

जात कर्म जाहाको फाँसि हमारो फाँसि हमारो घर अविनासि ॥
बकुल्ला होतो तालमे भुले हंसा होसे चली जाई ॥चलो॥४॥

करुणा कृपा सत गुरुजोको चारैयुग फिरि आई ॥
मोक्ष मण्डल येही राहा चलोजो ज्ञानमे धक्का न खाई ॥
चलो भाई जोसमनी आप्नो राहा समाई ॥५॥



प्रेमदिल

(१)

रागवाणी

मनराम हरी हरी क्युं नहि बोल्ता है ॥ध्रु॥
हरीनाम स्वहै सब घट भीतर सोह सब जग डुलाता है ॥
डुली डुली थकित भयो प्रभु निर्गुण नाम से भुल्ता है ॥मन॥१॥
माता पिता सुत परीवारा वासें पर नहि भुलता है ॥
बेठी चेढा मोह परतुहै मोहमें मोहमें गिरता है ॥मन॥२॥
धुंजान मोरेयो जगमोहे आसा हरिपद धरताहै ॥
बिनाराम सुनेरुके पुतलु उडेहै मोहसे मोह गीरता है ॥मन.॥३॥
जैसे अन्धामें नाम न जाने तेसेंवाल नहि बुझताहै ॥मन.॥४॥
कहे शसिधर सुनो भाइ साधु परघट काया नहि खोलताहैं ॥
घर घर प्रेमदिल शलोत वहाई व नीर्गुण नामशे भुल्ताहै ॥मन.॥५॥



निर्वाणानन्द (श्री ५ रणबहादुर शाह)

(१)

राग मालश्री

जये देवी भंरवो गोरषनाथ दरसन दे हो भवानीये ॥
प्रथम देवीके उत्पन्न भंइ जनम भं ये फैलासय ॥
जोती जगमग चंहुं वर देवीके चौसठी जोगीनो माईके ॥जये.॥१॥
सपना देषत गोरषनाथ भैषो देवी मनाईथे ॥
चौसासये भोग प्रसन्न देवी के वर दोये सब देसये ॥जये.॥२॥
देव वरन वर्दान पाईये सरूप नेपालमा रूप भये ॥
पाट सिहासन जती लीजे सेव देसय ॥जये.॥३॥
देव श्रीरनमाथ मकुड वदन सुर्जे उदाईये ॥
तपस्या जीती सरूप प्रगट तषत नेपालमा रूप भये ॥जये.॥४॥
सीरसो भीत मुकुट झलमल कुन्डल झलकतो कान ये
देव वरण श्रीरणबहादुर शाहा देव जस पाइये ॥जये.॥५॥

(२)

राग मालश्री

षड्गवपरू कालीका दीनु । चौसट्ठी जोगीनी माईये ॥
आफुत सोहै विस्नुलोकमे जगत्र कालीफिजारीये ॥हाहादेवी.॥१॥
एक मुर्ती चार भुजा सहस्र नाम भवानीये ॥
सकर करजा धनुक धारीनी दुतीपापन्जीनी नामये ॥हाहादेवी.॥२॥
त्रीतीये भुजा कवल सोहैं चौथी वान जो धारीय चन्दीकारूपले ॥
दैत्यमारीनो रक्त पीवन्ती कालीके ॥हाहादेव.॥३॥
दुर्गारूपले पृथीवीरोकीनी घस्रेइसोरोमाइये ॥
तुमारो दा .... (इत्यादि अपूर्ण) ॥४॥



अभयानन्द (अभय दिल) प्रथम

(१)

राग वाणी

ज्ञान भयो परवेस् भ्रमना छुटि गई ।धु॥
भर्म भर्मंमे भुला सबकोई भर्म छुटा वीर्ला कोही ॥
भर्म छुटा सब जग जुटा अगम्देसको राहालोई ॥ज्ञान.॥१॥
अनहद नाद गुफामे बाजे झीलीमीली ज्योतिप्रकास भई ॥
अग्नी चक्र दोदल कमल त्रीकुटी ध्यान प्रतीत भई ॥ज्ञान.॥२॥
उलटा कमल सहस्र दलफुल जाहां दोलने विश्राम पाई ॥
अभयानन्द कहे सुनसाधु आवागमन छुटाई ॥ज्ञान.॥३॥

दोहाः– आत्मा से देखीये परमात्मा (को ?) रूप्
सबसे व्यापक होये एक रस अद्‌भुत अनूप ॥१॥



(२)

राग वाणी

वेद माताकि पूजाकरो पन पापहरो हर ॐकारि: ॥
वेद गणेस वेद हि ब्रह्मा विष्नु वेद कहाई: ॥
शिवहि वेद जिवहि वेद वेद सब सब रस वहानि: ॥
वेद माताकि पू. ॥१॥

रिगवेदकि चन्दन चढाऊ: स्याम वेदकि पुरुष चढाई: ॥
यजुर्वेदकि अक्षेतु चढाऊ अथर्वेदकि धुप जराई ॥वेदमाताकि॥२॥

गायेत्रि वेद सावित्रिवेद पार्वति वेद कहाई: ॥
रिद्धि शिद्धि वैस्नविमे सरस्वति जोति जगाई: ॥वेदमाताकि॥३॥

चन्द्रहिवेद सूर्ज्यहि वेद चार धाम खानि: ॥
छप्पन कोटि सवहि वेद बिना औरनलपानी: ॥वेदमालाकि॥४॥

दिशा विदिशा सबहि वेद वेदहि श्रीष्टि रचाई: ॥
चौध लोक सो वेद प्रचारा वेद सो अग्नि जगाई: ॥वेदमालाकि॥५॥

रिगवेदकि प्रभु जगनाथ स्वामी जजुर्वेदकि रामनाथ कहाई: ॥
स्यामवेदकि द्वारिका बाधे: अथर्वेद मुक्तिनाथ कहाई: ॥वेदमाताकि॥६॥

धर्मवेद कर्महि वेद ब्रह्मा वेद वषानि: ॥
ईतने पुजा जो नरगावै कोटि जगे कहानि: ॥वेदमाताकि॥७॥

प्राणाहिनाथहि स्वामिगुरु हमारे निशिदिन सरण तुमारि ॥
कहे अभयविल सुनुप्रेमि साधु वेदकि भेद नजानि: ॥वेदमाताकि॥८॥



(३)

राग बाह्रमास

वाजत अनहद नाद धुनी सुना आनन्द मेरो ।।ध्रु।।
काहे असार नाद में परवस्ती चौद भूवन सर्वत्रप्रकाश ।।
सोहि नाद सुरमुनि धाये सनकादी ध्यान लगावेपरम पद पावे
।।वाजत.।।१।।
बीनु बादल श्रावण जाहा वरीषा लागे अमृत वरसत सहश्र अधारा ।।
अमृत पीवे संतसर पपेर नआवे येही संसार जीवनमुक्त होई
।।वाजत ।।२।।



श्यामदिल दास

(१)

राग निर्गुन

कबहु नगयो मेरो विषयेको आनी ॥ब॥
मट्टीके तत्व मे पवन के पानी ॥
उडी चले पुरुष मर्म नजानी ॥१॥
कमलके पत्तामे लागो नही पानी ॥
हरि करुणासे पार मिलानी ॥२॥
विना काया छाया नाही, जीव विनाका ईश्वर नाही ॥३॥
जल थल भवनमे कारण नाही ॥
अंवर पारमे पवन मिलानी ॥४॥
दास श्यामदिल करुण कर स्वामी ॥
अलख निरंजनी अंतरज्यामी ॥५॥



अच्युतदिल दास

(१)

निर्गुण

निर्गुणको गुण कैसे बताउ मैं रुप नरेखा ॥ध्रु॥
निर्गुण ब्रह्मा नीदसें नीद रहे कल्प चार ॥
निन्द्र के बीचमे सोप्न भयो हैं अनेक अनेक प्रकारा ॥निर्गुण.॥१॥
निर्गुण ब्रह्माके नीद नजानो स्वप्न भयो सनिसारा ॥
सत्व रज तमो तीन गुणसें चौदै भुवन विस्तारा ॥निर्गुण.॥२॥
निर्गुण ब्रह्माके स्वाससें नीकले प्रकट भये वेद चारा ॥
सोहो वेदसें षट सास्त्र निकले पुराण अठारा ॥निर्गुण.॥३॥
ज्ञान के मूल वेद सें भूले पण्डित मुनी विद्वाना ॥
तेतिस्कोटी देवता ध्यान धरतु वितिगये जुग चारा ॥निर्गुण.॥४॥
ब्रह्मा विष्णु महेश्वोर तीनै सृष्टी उपजनिहारा ॥
ब्रह्माजी पारजनी विष्णुजी पालना महेस करे संहारा ॥निर्गुण.॥५॥
चौधै लोकमे विष्णुमाया फैलाया चराचर छाजनी छावनिहारा ॥
छिनकी छिनमें खेल चौरासीमें छिन छिनमे भये संहारा ॥निर्गुण.॥६॥
निर्गुण ब्रह्मा नीदसें जागा भये चौध ब्रह्माण्ड संहारा ॥
दास अच्युत विनये भइ निर्गुणको गुण अपारा ॥
निर्गुणको गुण कैसे बताउ मै रुप न रेखा ॥निर्गुण.॥७॥



धर्मदिल दास

(१)

राग वाणी

आदि मुल नीज नाम नीसानी ॥ध्रु.॥
ईश्वर दृष्टिसें कोरणि उपजे सो कोरणिसें उपजे माया ॥
मायाकी अंसमे माहातत्त्व उपजे उपजे तीन गुणकाया ॥आदि.॥१॥
अकार उकार मकार उपजे ॐकार आदि अक्षेर सब लखाई ॥
पुरक कुम्भ रेचक हुआ उत्री दलतीन लोक कहाई ॥आदि.॥२॥
यो तीन लोकमें तीन देव बैठा ब्रह्मा विष्णु महेश ॥
पञ्चतत्त्व दश दर्वाजा पच्चीस् प्रकृति छपानी ॥आदि.॥३॥
अकास लोकसे श्रीविष्णु बीराजें सश्रफर्णाके आसन लगाई ॥
संख चक्र गदा धारी अंगुष्ट वनमाला कौस्तुक सुहाई ॥आदि.॥४॥
नाभि कमल मै अकारबने है अष्टसिहासन ताहा कहाई ॥
कमलासनमे ब्रह्मा बैठे चारौं वेदका नीगम गाई ॥आदि.॥५॥
सुन्ये रेचकमे शिवशंकर बैठे कोटी सुर्ज्ये जोती वर्साई ॥
चीनुमाया सबघट प्रकासा चीन्ने सब छाई ॥आदि.॥६॥
पवन पानी सबघट डोले आत्मा पूर्ण लखाई ॥
चीनु ज्ञान सब्द सुनीके अचीन्ये सुरथ सब छाई ॥आदि.॥७॥
धर्मदिल विप्र येहपद गाई गुरु चरणमे रखवारी ॥
आदि मुलें नीज नाम नीसानी ॥८॥



सतदिल दास

(१)

श्री राग आरती

आरती क्रम्न पार ब्रह्माकि सकल भयो ब्रह्मा पारिके हो
आरति क्रम नपार ब्रह्माके ॥
द्रिघकि दियो क्षमाकरो बाति प्रेमकि तेल वरे निज
जोति के हो ॥आरति. ॥१॥
मिमलपानी प्राए हि्दया व्हारि पवनके धारा अस्तान
सुधारि के हो ॥आरति. ॥२॥
निस्चए ठाहारि माहा शत्त्ये मीटाई सघके वंवरू
वीवेक डोलाई के हो ॥आरति. ॥३॥
निर्भया प्रक्षेता अक्षेयापाति अंद्र धुप
महंका दिन राति के हो ॥आरति. ॥४॥
अनहद्द घण्ट संघ उदासी भक्ति तोलक चढे
अभिनासि के हो ॥आरति. ॥५॥
दाससतदिल आरतिगावँ जो एहा बुझे
पुर्ण ब्रह्मा गति पावँ के हो ॥आरति. ॥६॥



अगमदिलदास

(१)

राग निर्गुण

राम हरि भजी उतारे नदिया पारके घर मोहन माया ॥टेक॥
मोहको जन्जीर तोडी तहां माया भुल सो भुले आज
मत भूलो अमर हाट न गुमाऊ, मोहन माया ॥१॥
मोहके बादलु भरेऊ यहां तहां खेल सो खेल
बनी सब आई
चलिए सखेर अम्भर धाममा जाऊँ, मोहन माया ॥२॥
सांचाको सांची सोही मन बांधी चलिय शान्त वहि देश
जहां आखेट चाहे नीज धाम्मा जाउँ, मोहन माया ॥३॥
सुरत को चाहारी ल्यो हात नामको सुत,
तुई नतान डगमग नहि सुरत साधी
परम् धाम्मा जानु यहि रीत पारी, मोहन माया ॥४॥
कहे दास अगमदिल सुनो भाई साधु
चाहे विचाहे नाथली ओघो उठी हेरुं देश
परम धाम जान परी पुढो मोहन माया



धरणी दास

(१)

राग बाणी

कोहि लीडत सन्त सुजानि खोलो रे काया बन फुली रह्यो ॥ध्रु.॥
एका एक मिली गुरु पुरा मूल मन्त्र जो पाई ॥
सब नर सन्तन जनको बानी बुझनु है तब मन चित्त बहुराई ॥काया॥१॥
दुबा दुबै दुमीदा घरे रजो गुण तमो गुण त्यागि सत गुण मे रङ्ग ॥
उलटि प्रेमागोल झुलतु है नीसु दिन बारम्बार ॥काया॥२॥
तीया त्रीवेणी सङ्गमे अगम अगोचर अवस्थान् ॥
तीसंना तामस त्यजीके कोही कोहि करला अस्नान् ॥काया॥३॥
चारै चार चतुर्गुण सोहै चोथा पद कहुं लागा ॥
उलटि रेखा चित्त बसतु है अनुरहे अनुरागी ॥काया॥४॥
पाँचै पांच पञ्च ईन्द्रीया बस्ये करी साँचा दिल उहिं ठहराई ॥
इङ्गला पिङ्गला सुक्ष्मीनी सोहतु गगन मण्डल मट छाई ॥काया॥५॥
छय है छये चक्री भेदी कहे हो सुन्ये भवन मे लागा ॥
मुग सीत काया कमल कहुं नीसुदिन बारम्बार ॥काया॥६॥
सातै सात सह धुनी उबजे सुनि सुनि ग्रानंन्द होई ॥
सहजतु दीन दयालु करोके तब उतरे भव जल पारी ॥काया॥७॥
अठै आठ अष्ट गुफामे नव दृष्टा लोक न होई ॥
आत्मा परमात्मा प्राण प्रचये वीन प्रचई न कोहि ॥काया॥८॥

नव है नव चक्री भेदि शुन्न भवनमे लागा ।।
मृग सीत काया कमल कोतव चन्दा दरश देखाई ।।काया।।९।।

दस है दस द्वारा निरखकरी दसौं जगामग जोती ।।
दामिनी दम्के अमृत बर्सेनी फल फलामल जोती ।।काया।।१०।।

दो आये वस धेनु आये पडि आये गुणि आये अनुपार ।।
धरणिदास येद पद वंन्द नीसु दिन बारम्बार ।।काया।।११।।



कमल दास

(१)

राग वाणी

कबहु न गथे मेरा विषयुंकी बानि ।।ध्रु.।।
विना काया छाया नाहि जीव विना ईश्वर नाहि ।।कब।।१।।
जलथल भुवनमे कारण नाहिँ ।।
हरी करूणा से पार लगानी ।।कब।।२।।
कमलुके पत्तामे लागे नहिँ पानी ।।
अम्बर पुरमे पवन मीलानि ।।कब।।३।।
कमल दास श्यामदिल करूणाकर स्वामि ।।
अलख नीरन्जन अन्तरयामि ।।कब।।४।।

'जोसमनी सन्त परम्परा र साहित्य' बाट



मंगल दास

(१)

भजन

यो जग रहतो कौनको आसा रे मन मुर्ख चेतो सवेरै ॥
पाच तत्व गुनतिन रहिये दस इन्द्रिय अन्यासा ॥
मन चीत्त बुद्धि अहंकार न रहिये जिमि जल बुद थतासा
यो जग रहतो कौनको आसा ॥यो जग॥१॥

अतल वितल सुतल न रहिये तलातल मै वलिको वासा. ॥
सेषनाग पतालमा रहिये छिनमे भानु प्रकासा ॥यो जग॥२॥

त्रीकुटि सोहं गगन सह अवल पक फरे जाहा वासाग ॥
इन्द्र लोक वैकुण्ठ न रहिये स्वर्ग लोक विनासा ॥यो जग॥३॥

अष्टावरण भेटे छिनमे सानै सुन्यको नासा ॥
महतत्व ओंकार न रहिये पूरुष प्रकृति विनासा ॥यो जग॥४॥

नीराकार निर्गुन निरञ्जन डात उपजतो जाहाके आसा ॥
उपजत वियत पुन उवजतो जीमी नट षेल तमासा ॥यो जग॥५॥

नित्य धाम परम धाम जाहा नित्य होत विलासा ॥
मंगल दास आसा ताहा लाथे जलमे घटमे स्वासा ॥
यो जग रहतो कौन को आसा रे मन मुर्ख चेती सवेरै ॥६॥

'जोसमनी सन्त परम्परा र साहित्य' बाट



अखड्दिल दास

(१)

श्री राग आरती

आरती लाउ साधु आरती लाउ एक तत्तु पार ब्रम्हाके
आरती लाउ ॥
छेर अछेर सरुपन पाउ दूध समाधि परम्पद पाउँ ॥आरति॥१॥

ॐ अकार अकार उकार मकार मिलाई ॥
त्रीकुटिके विचमें जोति सरूप लषउ आइ र ॥आरति॥२॥

दूध समाधि प्रदक्ष पाउ
भजन भक्त करि हरि संमिलो जाउ ॥आरति॥३॥

गगन दृश्ल गच्चु नीज गाउ
धनंजे यक कमल पार पाउ ॥आरती॥४॥

अनादि कृष्ण सिर चराउ
हंसस सरूप पारतरि जाउ ॥आरति॥५॥

कन्चन सरूप सत्ये समाउ
धिरे सुमको मुक्ति पाउ ॥आरति॥६॥

दास अषडदिल आरति लाउँ
हरि तन भक्ति सर नर धाम परं धाम पाउं ॥आरति॥७॥

'जोसमनी सन्त परम्परा र साहित्य' बाट साभार



जितारि मल्ल, जालन्धरी मल्लको

चैत*

मूलपाठ

ए, भायलुयौ[1] पँकेला[2] राजौ !
ए, खप्तडीयौ[3] खुलालयौ[4] !
कालीकोटे[5] श्रीपालीयौ[6] ! हाः हाः हाः
सरग[7] धडकी[8] धरती धमकी[9]
सुनन्ना[10] हामरा द्वारकी[11] बात
सुनन्ना हामरा द्वारकी बात ।
ए, भायलुयौ पँकेला राजौ !
ए, खप्तडीयौ खुलालयौ !
कालीकोटे श्रीपालीयौ ! हाः हाः हाः
ए, भायलु हामरा पँकेला राजौ !
ए, बड्ड[12] ठाकुर जितारी मल्लौ !!
ए, गोसाइँदेव[13] जालन्धरी[14] !!!
देव-देवीः जुग-जुग बाल अवतार !

---

* यस गाथालाई कतै कतै धमारी पनि भनेको पाइन्छ र चचँरी पनि । कतै कतै भारत पनि भनिन्छ । त्यसैले अर्का ठाउँ भारत पनि प्रस्तुत गरिएको छ ।

१. भाइहो, २. बहादुर, लडाकु ३. खप्तडी समुदाय, ४. खुलाल समुदाय, ५. कालीकोटे समुदाय, ६. श्रीपाली समुदाय; ७. आकाश, ८. गर्जियो, ९. हल्लियो, १०. सुनिलिउन्, ११. राजदरबारको आदेश, १२. बडा महाराजधिराज, १३. राजकुमार, १४. संभवतः आनन्द मल्ल (अनुसन्धेय) ।

जुग-जुग बाल अवतार । हाः हाः हाः
ए, इमडी-पामडी[1] जुरूनि आयो[2]
निम्तलीपत्तय[3] तार[4] ।
जुरूदा जान्ना[5] हो अरीराजौ !
सिरमौर[6] पखबार[7] ।
ए, बड्ड[8] ठाकुर जितारी मल्लौ !
ए, गोसाइँदेव[9] जालन्धरी[10] !!
देव-देवौ, जुग-जुग बाल अवतार !
जुग-जुग बाल अवतार । हाः हाः हाः
ए, भायलुयौ[11] खप्तडी खुलाल
हरि[12] जाउँ तारकी[13] वार ।
ए…भलु[14] राइयौ ! भलु अन्या[15]
हरि जाउँ तारकी वार ।
ए, भायलु हामरा पैकेला[16] राजौ !
ए, बड्ड ठाकुर जितारी मल्लौ !!
ए, गोसाइँदेव जालन्धरी !!!
देव-देवौ, जुग-जुग बाल अवतार
जुग-जुग बाल अवतार । हाः हाः हाः
वारीय[17] उँडी[18] पारीय[19] जूकी[20]
अन्तर थली-नौवीस द्वार[21]
कैकाथि[22] जूरूला खप्तडी दलु[23]
कैकाथि जूरूला खुलाल ?
इमडी[24] पामडो जुरूनि आयो[25]
निम्तलीपत्तय[26] तार[27] ।

---

१. रमझम, तमकझमक २. आइलाग्यो (भावार्थ); ३. समर-निमन्त्रणा पत्र; ४. मुखबोली, ५. जान्लान्, ६. शिरमौर राज्य; ७. तर्फबाट, ८. बडा महाराजाधिराज, ९. राजकुमार, १०. संभवत: आनन्दमल्ल (अ.), ११. भाइहो, १२. हिंडिजाउँ; १३. खबर आएतर्फ, १४. राम्रो जान्ने बुझ्नेहरूहो, १५. राम्रो गरे, १६. बहादुर, १७. वारीपट्टि, १८. उँडीथर्पु, १९. पारीपट्टि; २०. जूझीथर्पु, २१. थली, नौबीस दरबार २२. कोसँग, २३. सेना, २४. रमझम तमकझमक, २५. आइलाग्यो, २६. समर-निमन्त्रणा पत्र, २७. मुखबोली ।

कैंकार्थि जूफला कालीकोटे·
कैंकार्थि जूफला श्रीपाली बल[1] ?
ए, भायलु[2] हाम्रा पंकेला[3] राजौ !
ए, बड्ड[4] ठाकुर जितारी मल्लौ !!
ए, गोसाइंदेव[5] जालन्धरी !!!
देव-देवौ, जुग-जुग बाल अवतार !
जुग-जुग बाल अवतार । हाः हाः हाः
वारीय[6] उँडी पारीय[7] जूफी
अन्तर थली-नौबीस द्वार[8]
ए···आखर[9] पढचा भास्कर पंडित
पर्वय[10] पाख तीसरी[11] बार ।
चलु[12] र भलु[13] पहरी[14] डाक
पंचै र कलश पूजय द्वार[15] ।
ए, बड्ड ठाकुर जितारी मल्लौ !
ए, गोसाइंदेव जालन्धरी !!
देव-देवौ, जुग-जुग बाल अवतार
जुग-जुग बाल अवतार । हाः हाः हाः
निकै बोल्या[16] सगुन[17] धारी
भलु[18] र बातु परियाजन[19] ।
भलु र बातु पंच पन्यारी[20]
भलु र बातु दुबाउँडो[21] पन[22] ।
वारीय उँडी पारीय जूफी
अन्तर थली नौबीस द्वार ।

---

१. सेना (रणवाहिनी सेना); २. भाइ हो, ३. बहादुर, ४. बडामहाराजाधिराज, ५ राजकुमार, ६. वारीपट्टि उँडीयर्पु, ७. पारीपट्टि जूफीयर्पु; ८. थली–नौबीस दरबार, ९. शुभ साइत हेरे. १०. पर्व लागेको पक्ष, ११. तेस्रो तिथि तेस्रो वार (ग्रहण लागेको वारदेखि तेस्रो दिन– द्वितीया तिथि मङ्गलवार ?) १२. प्रस्थान गरे, १३. भलो भयो, जाती भयो, १४. भालेको डाकमा (पहरी कुखुरो) १५. द्वारमा, १६. मङ्गल वचन, १७. सगुन गाउनेहरू, १८. भलो शुभ संवाद परेवाले शान्ति सन्देश बोलेजस्तै, १९. कलशेलीहरू, २०. पुनेरिनीहरू, २१. दूबो पाती, २२. पनि ।

[illegible]
देउवा चल्या बोगटी चल्या
कालीकोटे श्रीपाली चल्या
रखाल चल्या पुलामी चल्या
धरती धमफक धमकाई चल्या
सरग[2] लहडी[3] खल्काई[4] चल्या ।
इमडी[5] पाभडी जूफनि[6] आयो
निम्तलीपत्तय[7] तार[8]
वारीय[9] उँडी पारीय[10] जूफी
अन्तर थली–नौबीस द्वार[11]
चन्दननाथ रखवारी अन्या[12]
बान्हे र मण्ट रखवारी अन्या
मालीका माई रखवारी अन्या
पँकेल्या[13] चल्या निम्तली[14] वार ।
इमडी पामदी जूफनि आयो
निम्तलीपत्तय तार
वारीय उँडी पारीय जूफी
अन्तर थली नौबीस द्वार ।
काला र[15] काँडा फल[16] पडिगँछ[17]
बेली र[18] बासो मैछ ।
काला र काँडाका बूढा र राउल
जनि[19] मतो देउन !
पँकेला[20] चल्या निम्तली[21] वार

---

१. सैनिक टुकडीका नाम, २. आकाश, ३. स्थिति, ४. डोलायमान पारेर, ५. रमझम, तमकझमक ६. आइलाग्यो, ७. समर निमन्त्रण पत्र, ८. मुखबोली, ९. वारीपट्टि उँडी थर्पु नामको सैनिक अखाडा, १०. पारीपट्टि जूझी थर्पु नामको सैनिक अखाडा, ११. थली नौवीसमाको दरबार, १२. गरे, १३. बहादुर, १४. निम्तो आएतर्फ, १५ कालाकाँडा नामको गाउँ, १६. साँझ, १७. परिगए, १८. बेलुकाको वास, १९. जोसकैको सहयोग, २०. बहादुर, २१. निम्तो आए-तर्फ ।

बल जुटाइ देउन !
ताईंथि[1] जुट्या बूढा र राउल
अरिहाल्या[2] ताँती[3]
कोइलडो[4] बास्यो भलु[5] र बातु
जनाइहाल्यो थाती[6] ।
ताउँडो[7] चल्या पैकेला[8] बल
हर्काइ चल्या पंखी ।
गरूथकी नगरी[9] बेली र[10] बासो
अरिहाल्या ठंकी[11] ।
गरूथकी नगरी भट्ट र पन्त
रिखवाली[12] गाउँका साउँद कार्की
जनि[13] भतो देउन !
पैकेला चल्या निस्तली वार
बल जुटाइ देउन !
ताईंथि जुट्या भट्ट र पन्त
भलु[14] र बातु बोल्या ।
निको अरन्नी[15] जाल्या भाई
नँघडकिना[16] भोल्या[17] ।
ताईंथि जुट्या साउँद कार्की
अरिहाल्या ताँती ।
परियो[18] बोल्या भलु[19] र बातु
जनाइहाल्या थाती[20] ।
ताउँडो[21] चल्या पैकेला[22] बल
हर्काई चल्या पंखी ।
फूलबारी कोल्टीथि जाई

---

१. त्यहींनेर, २. गरिहाले, ३. लाम लागे, ४. कोइली, ५. सुसमाचार, ६. प्रियवाणी, ७. त्यहाँहुँदोका, ८. सैन्यशक्ति, ९. गम्थनगर नामको गाउँ, १०. बेलुकाको वास, ११. सवारी मुकाम, १२. रिखेगाउँ, १३. जो सकेको सहयोग, १४. उत्साह भरिने बर्ताव, १५. गलिन्, १६. मन नखस्काउनु, भय नमान्नु; १७. भाइहो, १८. परेवा, १९. मंगलसूचक ध्वनि, २०. प्रियवाणी, २१. त्यहाँहुँदोका, २२. सैन्यशक्ति ।

अरिहाल्या[1] झंकी[2] ।
फूलबारीका बिष्ट र थापा
जनि[3] सतो देउन !
पँकेला[4] चल्या निम्तली[5] वार
बल जुटाइ देउन !
ताइथि[6] तलीगोठीका मष्ट
अरिहाल्या हाँक ।
बिष्ट र थापा कँवर कार्की*
बाइजान्ना[7] साख[8] ।
आलम[9] दिउँला गागलु[10] दिउँला
तलीगोठीमष्टौ भलु बातु बोल ।
निकँ अरिदिया[11] हामरा राजै-
भलु र बातु बोल्या-
निकँ अरन्नि[12] श्रीनन्दा[13] माई
नँ धडकिन्ना[14] भौल्या[15] ।
ताईंथि जुट्या बिष्ट र थापा
लिहाल्या सारुपात्मा[16] खाण ।
ताउँडो[17] चल्या पँकेला[18] बल
जुटाइहाल्या बाण[19] ।
लवाडु[20] चल्या पँकेला[21] भौल्या-
हर्काई हाल्या पंखो ।
अमाउपानी बेली[22] र बासो
अरिहाल्या झंकी[23] ।

---

१. गरिहाले, २. सवारी मुकाम, ३. जो सकेको सहयोग, ४. बहादुर, ५. निम्तो आएतर्फ, ६. त्यहींनेर, ७. गैहाल्छन्, ८. साथमा, ९. ध्वजा पत्ता, १०. कलश, ११. राम्रो गरिदिए, १२ गलिन्, १३. सिसिन्तवा मालीका, १४. मन नखस्काउनु, भय नमान्नु १५. भाइहो, १६. सिरुपाते, १७ त्यहाँ हुँदोका, १८. सैन्यशक्ति, १९. हात हतियार, २०. लावालश्कर, २१. बहादुर भाइ, २२. वेलुकाको वास, २३. सवारी मुकाम ।

* कतै कतै 'खँडका र कार्की' भन्ने पनि गाउँछन् ।

रोकाया बोहरा राउत साउँद
बलु[1] जुटाइ देउन !
हामरा राजै कुंवर[2] जाँदा
मतो मिलाइदेउन !
इमडी पामडी[3] जूझनि[4] आयो
निम्तलीपत्तय[5] तार[6] ।
वारीय[7] उंडी पारीय[8] जूझी
अन्तर–थली नौबीस द्वार ।
नगरा[9] बाज्या पयना[10] बाज्या
धमक्या धरतीका आंच[11] ।
पोरख्या[12] जाई आलम[13] दिया
मालीका माईथि[14] चांच[15] ।
ताउँडो चल्या पंकेला बल
धरती धमकी गैछ ।
पिउथर्पुका[16] भौंनेरा[17] जाई
बेली र बासो भैछ ।
आलम[18] दिया नाचनथली[19]
अरिहै हाल्या[20] बात ।
आलम दिया रजाली[21] देउता
अरिहै हाल्या बात ।
ताउंडो[22] चल्या पैकेला[23] बल[24]
कुलदेउ[25] माडुथि जाई ।
बसाइहाल्या बेली र बासो[26]

---

१. सेना, २. राजकुमार, ३. रमझम तमकझमक, ४. आइलाग्यो; ५. खबर निमन्त्रणा पत्र; ६. मुखबोली, ७. वारीपट्टि उँडीथर्पु, ८. पारीपट्टि जूझी थर्पु; ९. नगरा ढोल-शाही नगरा; १०. बानासहित उदीपुर्जीका समयमा बजाइने बाजा, ११. अंचल कुना कन्दराहरू, १२. ठाउँको नाम, १३. ध्वजा पता, १४. माइः माई, १५. चर्चरी गाथा सुनाए, १६ जुगाडाको पुरानो नाम, १७. ठाउँको नाम; १८. ध्वजा पता, १९. देवीको नाम, २०. बात व्यहोरा गरिहाले, २१. ग्रामदेवताको नाम, २२. त्यहाँहुँदोका, २३. बहादुर, २४. सेना, २५. ठाउँको नाम, २६. बेलुकाको बास ।

खप्तडी मैचन[1] आई ।
सुन हु सुन खप्तडी भाउअ[2]
सुन हु राईका बात-
निम्तली[3] आइग्यो सिरमौर[4]थाइँति
जुटाई ल्याओ साख[5] ।
कुलदेउमाडुका खप्तडी भौल्या[6]
जुटाइहाल्या बल[7] ।
सारुपात्या[8] खाण समाई
चल्या अजेय बल ।
खापडमण्टयौ जगंनाथ देउता
तमो[9] रख्या[10] अन्या ।
लांगडामण्टयौ जालपा माई
तमो रख्याअन्या ।
ताईंयि[11] पडचा[12] जैंयतु भट्ट
अरि है हाल्या बिन्ती[13]
आजका बास गोमती बाड
दुबौलीचौड हुन्ती[14] ।
पत्थर[15] गिरन्ना[16] हे महाराजौ !
जालपा माईका हाँक[17] ।
थलो र नौबीस पूजन्ती[18] माई
आलम[19] भागदी पाख[20] ।
इमडी[21] पामडी जूझनि[22] आयो
निम्तलीपत्तय[23] तार[24] ।
वारीय[25] उँडी पारीय[26] जूझी
अन्तर थलो-नौबीस द्वार ।

---

१. महीचन्द्र, २. बाबूहो !, ३. निम्तो आइगयो, ४. शिरमौरबाट, ५. साख भाइ-सेना, ६. भाइ, ७. सेना, ८. सिरुपाते, ९. तपाईं, १०. रक्षा, ११. त्यहींनेर, १२. देखा परे, १३. बिन्तीभाउ गरिहाले, १४. हुनुपर्छ, १५. असिना, १६. गिर्लान्-पर्लान्, १७. आज्ञा, १८. पूजिन्छन्, १९. ध्वजा पत्ता, २०. पक्षभर, २१. रमझम तमकझमक, २२. आइलाग्यो, २३. सामरिक पत्र, २४. मुखबोली, २५. वारीपट्टि उँडीथर्पु, २६. पारीपट्टि जूझी थर्पु ।

ताउँडो[1] चल्या दुबीली चौड
पडिगै गोमती गाड ।
कपडु छालदी[2] गोमाता बामनी
बोलदी आफनी बात ।
ढेसूका[3] ज्यूनार हे महाराजौ !
तमारी[4] भलाइ हुन्ती[5] ।
लवाडु[6] पडिगै गोमती गाड
दुबीलीचौड थुन्ती[7] ।
छन् काला गाड पानीका मूल
अराइहालयौ[8] कुला ।
आशीका भरन्नार्[9] दुबीलीचौड
दुबौंडो[10] थमाइ दिउँला ।
अरन्ति[11] काला[12] गाडका मूल
दुबौलीचौड धाउँदा ।
पडि है गया माइका चांच[13]
थली र नौबीस पाटा[14] ।
खतेडीगाड पत्थरी सिढी
दोहऱ्याइ धिपाउँदा पाटा ।
गागलु[15] हाल्या छतरी[16] हाल्या
आशा र गुरजा[17] बाटा[18] ।
इमडी[19] पामडी जूफनी[20] आयो
निम्तलीपत्तय[21] तार[22] ।
वारीय[23] उंडो पारीय[24] जूफी

---

१. त्यहाँ हुँदोका, २. कपडा धुंदैं गरेको, ३. जुम्लातिर प्रचलित मुरीभुक्के रोटी; ४. तपाइँको, ५ हुनेथियो, ६. लावालश्कर, ७. ढाकेर, ८. खनाइ-हाल्नोस्, ९. भर्लान्, देलान् १०. दूबोको माला, ११. गराइदिए (भावार्थ), १२. खोलाको नाम, १३. चर्चरी गाथा सुनाए, १४. बाटोमा प्रयोग गरिएका कुँदिएका ढुंगाहरू; १५. कलश; १६. सुमको, चाँदीको झल्लरदार छाता, १७. आशागूर्जा, १८. पूजाको थाली आदि पूजा सामग्री, १९. रमक्रम तमक-झमक, २०. आइलाग्यो, २१. सामरिक पत्र, २२. मुखबोली, २३. वारीपट्टि उँडीथर्पु; २४. पारीपट्टि जूफीथर्पु ।

अन्तर थली नौबीस द्वार ।
मदवकी[१] मास पँकेला[२] चल्या
धरती धमकि[३] गँछ ।
देउलीकोट अन्तर[४] पडी
लहडो[५] खडकि गँछ ।
उकु[६] र ढिक्यां[७] पाल र पनेरु
बलु[८] जुटाइदिया ।
वरिपा वरिपा है सिरम्रिर
तिरमिर अराइदिया[९] ।
हे महाराजौ तिरमिर अराइदिया ।
आशोक दिन्ना[१०] है[११] बालेश्वर
भलो होइ[१२] जितारीमल्लौ !
आशीका दिन्ना है बालेश्वर
भलो होइ जितारीमल्लौ !
पातालेश्वर है जावेश्वर !
बोलन्ना[१३] भलु र बातु[१४] ।
तारकेश्वर है ऋणमोक्ष !
बोलन्ना भलु र बातु ।
ए, बड्‌डठाकुर[१५] जितारीमल्लौ !
ए, गोसाईंदेव[१६] जालन्धरी !!
देव–देवौ जुग जुग बाल अवतार
जुग जुग बाल अवतार । हाः हाः हाः

'मेरी लोकसाहित्य' बाट साभार



---

१. मदो; २. बहादुर, ३. डोलायमान, ४. फरक पऱ्यो; ५. लहड बिग्रियो, ६. उकूयर्पु, ७. ढीकथर्पु, ८. सेना, ९. गराइदिए, १०. देलान्; ११. निश्चय; १२. राम्रो होस्, १३. बोल्दछन्, १४. राम्रा सुख-संवाद; १५. बडामहाराजाधिराज, १६. राजकुमार ।

रिपुमल्लकी चाँचरी

ए ! तमैरे जति हे निरँ पाल भौल्या तल्ली चाक ओल[1]
ए ! क्याबैहार[2] हे पलापंकी[3] तल्ली चाक ओलु[4]
ए ! तमैरे जति निरँ पालौ भौल्यानै कि निको बोल
ए ! तसैहार निरँपाल भौल्या तल्ली चाक ओल
ए ! तसैहार पलापैंकी भौल्या तल्ली चाक ओल
ए ! हाँसु कठायत पन्याग जोइसी भीतर हाल्यो बोलाइ
ए ! हामरा ठाकुर रिपु रे मल्ल तिमिल सैन थिया
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हाम जाउँ
ए ! राजु बलायर सिंगारी विष्ट भीतर हाल्यो बोलाइ
ए ! भीतर बोलाइ राज रे धरि मिलौमत कियो
ए ! हामरा ठाकुर रिपु रे मल्ल तिमिलसैन थिया
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हाम जाउँ
ए ! रतु खडका राइ देउ बाग भीतर हाल्यो बोलाइ
ए ! डिपु भंडारी रतुरे साउन भीतर हाल्यो बोलाइ
ए ! पन्त पनेरू जोशी उप्रेती भीतर हाल्यो बोलाइ
ए ! बारै रे थरिका बाल रे बुढा मण्डप बसी गया
ए ! हामरा ठाकुर रिपु रे मल्ल तिमिलसैन थिया
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हाम जाउँ
ए ! पूस जो मास हाम जाउँ गोसाइँ खोली रे पडी तूस
ए ! माघ जो मास हाम जाउँ गोसाइँ बरफ पडी जालो
ए ! फागुन मास जाउँ त गोसाइँ बनिज चली जान्ता
ए ! चैत जो मास जाउँ त गोसाइँ लागि जालो घाम
ए ! वैशाख मास जाउँ त गोसाइँ रन[5] रे सुक्यादाउँ[6]

---

१. आर्ल, २. कुन, ३. पापले गर्दा, ४. ओलूँ, ५. रहन थालेछ, ६. चुट्न-लाई सुकाएको जौ गहुँ ।

ए ! जेठ जो मास जाउँ त गोसाइँ चढी रे जाली धूप
ए ! अषाढ मास जाउँ त गोसाइँ खेतोली छड्या बिउ
ए ! साउन जी मास जाउँ त गोसाइँ कुइडी झुम्मी रात
ए ! भउद मास जाउँ त गोसाइँ चिफली होली बाटु
ए ! हामरे जाउँला गोसाइँ रे जति असोज मास
ए ! असौज मास मंगलवार भलो हुन्छ पूर्वको साइत
ए ! आठ असौज मंगलवार भलो होलो पूर्वको साइत
ए ! आठ असौज मंगलवार लठ्ठी रे हाल्यो सारी
ए ! ताहाँ है रे होइत हाँसु कठायत चलुरेभलु[1] कियो[2]
ए ! आठँरे बिसी डोरी रे जाइ बेली रे वासो लियो
ए ! आठँरे बिसीका बालारे बुडा हामरो[3] बोल[4] लिय[5]
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हामी जाउँ
ए ! ताँहिरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! राँइरे कर माणी जाइ बेलीरे वासो लियो
ए ! राँइरे कर इङ्गड्या दैत तोइरे मन ध्याउँ
ए ! ठाकुर धेकाइ पाउँ त आलम चढाइ दिइँलो
ए ! ताँहिरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! बनैरे डोरी सैनरे जाइ बेली रे वासो लियो
ए ! बारै रे बिसीका बाल रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल ल्याउन हामी जाउँ
ए ! ताँहिरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! पाँच रे गाउँ तिखाइरे जाइ बेली रे वासो लियो
ए ! तिखाली रे खँडका भौल्या हामरो बोललिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल देखाइ हाम दिय
ए ! ताँहिरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! फुलोटँकी नङरी जाइ बेली रे वासो वासो लियो
ए ! फुलोटँका बाला रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल देखाइ हाम दिय
ए ! ताँहिरे हैत हाँसु कठायत काणारेवन पउच्या
ए ! काणा रे वनका इंगड्या दैत तोइ मन ध्याउँ

---

१. चलाइ, चाल, २. गऱ्यो, ३. हाम्रो, ४. वचन, ५. लेऊ ।

ए ! ठाकुर देखाइ पाउत वैश्य गडुवा चढाइ दिउँलो
ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! अछामैकी खोली रे जाइ वेली रे वासो लियो
ए ! अछामैका थापा कमरउ हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल धेकाइ हाम दिय
ए ! ताँहैरे होइत हाँसु कठायत चलुरेभलु कियो
ए ! तिमिलसैन जाइरे जति वेली रैं वासो लियो
ए ! तिमिल सैनको वुध्यैक्षी बुढो हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल धेकाई हाम दिय
ए ! दीजा हामरो पेली पिचास[1] ठाकुर लँजा चलाइ
ए ! दिउँलो तमरो पेली पिचास ठाकुर लिउँलो चलाइ
ए ! दिग्या[2] तमरो पेली पिचास ठाकुर लँग्या[3] चलाइ
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! अछामैकी खोली रे आइ वेली रे वासो लियो
ए ! अछासैका थापा कमदी हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल खसी भात दिय
ए ! ताँहै रे होइत रिपु रे मल्ल चल रे भल कियो
ए ! काणा रे गाउँका डाणा रे वन वेली वासो लियो
ए ! काणा रे गाउँका लाड्डु रे चिउडा खायो
ए ! ताहाँ रे होइत रिपु रे मल्ल चल रे भल कियो
ए ! फुलौटैकी नङरी आइ वेली वासो लियो
ए ! फुलौटैका खाति रे खडका हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात रे खसी दिय
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! पांचरे गाउँ तिखारे आइ वेली रे वासो लियो
ए ! पांचरे गाउँका साउन खडका हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात रे खसी दिय
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! वन रे डोरी सैंन रे आइ वेली रे वासो लियो
ए ! वन रे डोरीका बाला रे बुढा हामरो बोल लिय

---

१. सुन, २ दिएर गएँ, ३. लिएर गएँ ।

ए ! हामरा ठाकुर रिपु रे मल्ल भात रे खसो दिय
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! राइरे कर भाणी जाइ वेली रे वासो लियो
ए ! राइरे कर इंगड्या दैत आलम चढाइ दियो
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलुरेभलु कियो
ए ! आठरे विसी डोटी रे आइ वेली रे वासो लियो
ए ! आठँ विसीका बाला रे बुढा हामरो बोल लिय
ए ! हामरा ठाकुर रिपु रे मल्ल भात खसो दिय
ए ! ताँहैरे होइत रिपु रे मल्ल चलरेभल कियो
ए ! अजइ मीर कोटरे आइ वँसेक भयो
ए ! अजइ मीर कोटरे आइ काटी रे हाल्यो खाइ
ए ! हामरा ठाकुर रिपु रे मल्ल टिको रे दिय लाई
ए ! अजइ मीर कोट रे जाइ लेखी हाल्यो वादी
ए ! हामरा ठाकुर रिपु रे मल्ल वसीरे गया गादी
ए ! भैलो मोट्याउंला चाँचरी गाउँला अजैमीर आई ।

'डोटेली लोक साहित्य' बाट साभार



अपौरुषेय

(१) सगुन

सगुन दिय सराइनोका बोल
जयो मंगल गाउन्ती,
शुभ लच्छिन बोलन्ती,
ऐसा शुभ मंगल गाउन्ती,
शुभ लच्छिन बोलन्ती ।
लाडुका नेवल दूध मलुं घिय मलुं
मउली मउली कर काज ।
देवता तेत्तीस कोटी उचाई चल्या
अघि चल्या गणपति पछि बृहस्पति ।
ई भला सगुन बोल्या,
हात छ रुद्रमूरती दँया कमलो,
चली आया गणपति देउ,
रतन कामलो पेह्री चली आया बृहस्पति,
ई भला सगुन बोल्या ।
टाटु रुद्रमाला पैरी चल्या बिरस्पति,
ई भला सगुन बोल्या ।
कनले सगुन दियो ?
कनले लगन दियो ?
कनले मंगलचारी दियो ?
सुगुन दिन्या सरस्वती,
लगन दिन्या बिरस्पति
ऐहातीले मंगलचारी दियो ।
कोसीका क्याल मुनि

बडन पिपल मुनि
गोसाइँज्यूले जगिनु रच्यो,
देव तित्तिस कोटी उछाइ चल्या ।
सरघर सरस्वता, सरघर पारभता,
रामघर सीता देवी राज,
सरघर सरस्वता, ईश्वरघर पारभता,
नलघर दमयन्तीको राज ।

('डोकेली लोकसाहित्य' बाट)

'बुइँगल' बाट साभार



भागेश्वरी ढुस्को

ए ! गंगा जमुना हो भागीरथी
ए ! राम लछेमन पारवती
ए ! तीरथ मैका[१] हो को छ बडो
ए ! तीरथमैका हो भागीरथी
ए ! वीरछ मैका[२] हो को छ बडो
ए ! वीरछ मैका हो बड पीपल
ए ! नर पशु मैका हो को छ बडो
ए ! नर पशु मैका हो गाई वामन
ए ! धरती मैका हो को छ बडो
ए ! धरती मैको हो कुरम बडो
ए ! देवता मैका हो को छ बडो
ए ! देवता मैका हो भागेश्वर
ए ! ठाकुर[३] मैका हो को छ बडो
ए ! ठाकुर मैका हो नाग मल्ल
ए ! मै ठूलो ठाकुर नाग मल्ल
ए ! तै नानो[४] देवता भागेश्वर
ए ! नाग मल्ल भागेश्वर वाद्य[५] पड्यो
ए ! वाद्य पड्यो तिन दुइको जसो
ए ! मै ठूलो देवता भागेश्वर
ए ! तै नानो ठाकुर नाग मल्ल
ए ! ततिको [६] देवता छै त भागेश्वर
ए ! द्यो[७] फन वर्साउनै[८] भागेश्वर

---

१. तीर्थमा, २. रूखमा, ३. राजा, ४. स्यानो, ५. वादविवाद, ६. त्यति
७. बलशाली, ८. पानी किन वर्षाउँदैनस्, ।

ए ! पैंल्लीको बादल गोसाइँ काँ उनायो[1]
ए ! माल मदेश हो उइँ उनायो
ए ! दोसरो बादल गुसाइँ काँ उनायो
ए ! लेक कउवानी हो उइँ उनायो
ए ! तेसरो बादल गुसाइँ काँ उनायो
ए ! लेक मचाइन हो उइँ उनायो
ए ! चउथो बादल गुसाइँ काँ उनायो
ए ! कस्याकी ढुकुरी माथि उइँ उनायो
ए ! पचाउँ बादल गुसाइँ काँ उनायो
ए ! नाग मल्ल कोट माथि उइँ उनायो
ए ! उइँ[2] उनायो गुसाइँ उइँ बरस्यो
ए ! कोट कामन लाग्यो भागेश्वर
ए ! रानी डगन लागी नाग मल्ल
ए ! छलको देवता छैं हो भागेश्वर
ए ! बलको ठाकुर छौं हो नागमल्ल
ए ! सुन जनै तोइव[3] दिउँलो भागेश्वर
ए ! चेली चाकर दिउँलो भागेश्वर
ए ! वेद रूद्री दिउँलो भागेश्वर
ए ! जोलो गावडो दिउँलो भागेश्वर

'डोटेली लोक साहित्य' बाट साभार



१. उठ्यो, २. उहीं, त्यहीं, ३. तँलाई नै ।

नाग मल्लकी भैनी

सरक थपिया चन्द्र सूर्य
पताल थपिया जल
कसुनु[1] रानीका भयलु चनिका रावल
कसुनु रानीका शाला चनिफा राउल
नागिनी मल्लैका भयालु चनिफा
नागरे मल्लैका साला चनिफा
कसूकी[2] सुणला अरति पुरति
कसुका खालाउ हो पाला
नागिनी मल्लैकी अरति पुरति
नागरे मल्लैका पाला
आव तमजति[3] चनिफा राउली
बडोइ लाग्यो द्वेष
जानु जानु जोलिया चेला
कोला खेत जानु
कोला खेत जाइ
चनिफा बोलाइ ल्यान
धाउनो धिउनो[4] जोली चेलो
कोली खेत पुग्यो
कोली खेत चनिफा राउल
घर छौकी नई
क्याउ[5] खरो आदेश हुन्छ
घरै छु गुसाई
तम तम नागि मल्लकी
अगाली छ माया
खानु खाइ आउँ राजी
मोक्यैं कोट आउँ

---

१. कुन, २. कसको, ३. तिमिलाई, ४. दगुरेर, ५. के ।

ओदयैं घडी छांटो[1] छैत
ओदयैं कोट आस
खानु खाई छांटो छैत
खाइ कोट आस
घोडा चढी आउं कि राजो
पायां हिंटी आउं
घोडा चढी छांटो छैत
घोडा चढी आस
पायां हिटो छांटो छैत
पायां हिटी आस
तां बागो[२] पंर राज यां वन्दवाद[३]
तां घोडा चढ राज यां लगाम कस
धाउनो धिउनो चनिफा
कोट जाई पुग्यो
अजैमेर कोटका धाननमो
बडी छ सवाइ
तम नन चनिफा राउल
अगाली छ माया
तमत चनिफा राउल
बडोइ लाग्यो दोष
म जति दोष लाउन्या
कउन पेक्या होइ
तम जति दोष लाउन्या
हांसु कठायत होइ
मेरा जति आंसु पडिजाउन
हांसु मामा तोई
घोडी छाड्यो दुबो चौड
आफु ग्यो सवाइ
तति प्रथम चनिफा को
मरु होइ गई

'डोटेली लोक साहित्य' बाट साभार

१. छिटो, २. मोटो, ३. तना।



राम शाह्को चैत

राजा दुदुसिल रामैको नाउँ
गडछ अजैमीर धेकन[1] जाउँ
यँ राजा राम शाहीको कोट कसो
जैसो उदिया सूरिज जसो
यँ राजा राम शाहीकी रानी कसी
जैसी पनिउँकी जून जसी
यँ राजा राम शाहीको हात्ती कसो
हात्ती धेकूँ राजा ऐरावती
यँ राजा राम शाहीको घोडो कसो
जैसो तारि तुरंगि जसा
लखि चन्न चलि गैछ कापगढ
जनचलै[2] लखि चन्न कापगढ
कापैको गढ राजा होइन तेरो
राजा राम शाही हो मारी देलो
पन्तपनेरू चल्या काप गढी
भट्ट कठाइत चल्या कापगढी
साउन भडारी चल्या कापगढी
लोग लस्कर आइयो बाबा कां गया
तेरा बाबा मेरी गोली काप रंगया
बाबाकी पालङी आइगै बाबा कां गया
तेरा बाबा मेरी गोसी काप रंगया
कापका हौसिया थिया कापै रंगया
रोजी घर दिउँला भन्थ्या आव को देलो

---

१. देखन, हेर्न २. नजा।

रोजी वर दिउँला सन्ध्या आव को वेलो
रोजी दाइजो दिउँला सन्ध्या आव को वेलो
तिरी मल्ल काकाज्यू हो इसो के भयो
लखिको पालङो माथि कमला कुर
जैं भाँति चैतैको न्याउली कुर
जैं भाँति जेठैको कुतुडो कुर
तैं भाँति लखिको रानी कुर
काप घनेरा पिपलडि मिति
यैं राजा राम शाहीको होइ गैछ जिति

'डोटेली लोकसाहित्य' बाट साभार



पितर निउता फाग

उनी निची गिरि चौक[1] दिया बल दिया बल
दियँको जोति सरग[2] पउची जाली
सरग पितर हुन्ना खुशी
आधि सर्ग बसी जान्ना पितर पंडित
आधि सर्ग तेतीस कोटि देवता
थालि भरी कचयौला[3] को कचयौला भरी अमृत
अमृत पितरँको भाग
फूल भया फूल भया तोइ बोल, सरग पितर निउताया.
कँ बाटु जाउँ मै सरगे लोक
कँ बाटु आउँ मै मन्दालोक
सुनकी साङलीबाट[4] सरग्या लोक
रूपा[5] पनय[6] मन्दालोक
फूल भया फूल भया तोइ बोलूँ सरग पितर निउताया
हाँसी हाँसी पितरँले बात पुछ्यो
मन्दालोक क्याउ बडाइ
जँ तमले नाना छन्ज्याँ दूध धोया घिय नह्या पूतधिया
तँ घरी बाज बडाइ
सर्ग पितन्नी माता बात पूछन्नी
कसु घरी इतनो जगिनो
जँ तमले नाना छन्ज्याँ दूध धोया घिय नह्या
पूत नाति, उसघरी बडो छ जगिनो

---

१. पहाडमा, २. स्वर्ग, ३. कचौरा, ४. सिक्री, ५. चाँदी, ६. भन्याङ ।

सर्ग छन् हामरा (अमुकका) पंडित
उन सञ्नि[1] निउतो जगाऊँ
सर्ग छन् हामरा सबै पितर
उन सञ्नि निउतो जगाऊँ

'डोटेली लोक साहित्य' बाट साभार



---

१. सँग, लाई ।

रानी मौलाको भारत

उध उध कारको बुध बुध कार
बुध बुध कारको धम धम कार[1]
प्रथाम द्यौ राजाकी सात रानी मौला
सात रानी मौलाकी को रे रानी जेठी
सात रानी मौलामैकी रानी मौआ जेठी
छ रानी प्रथाम द्यौकी पुताली[2] होइ गइन्
सातौं रानी मौलाज्यूत अपुती रै[3] गइन
देवताईका नाउँले मौलाज्यूले ढुंगा मुणा पुज्यो
तीरथका नाउँले खोली रोडी नायो
नांगा जति मौलाज्यूले कपडा वडायो[4]
भोक्या[5] जति मौलाज्यूले खिरोडी[6] खवायो
तिस्या[7] जति मौलाज्यूले दूध पिलायो
पुरीत[8] पंडित मौलाज्यूले दान पुण्य दियो
तौन[9] पायो मौलाज्यूले पूत खरू[10] वर
सँगैको सौतेली कोल [11] बालो खेलाउँछिन्
यै मेरी कोल अगिनी जलि जाउ
फिरे मौला अरि[12] खानु फिरे मरिजानु
फिरे लिय जोग खरू भेख[13]
तरि हैत मौलाज्यूले चलमल कियो
गावकी मजेली छाडी उवोटेरी[14] बासो लियो
तरि हैत मौलाज्यूले चलमल कियो

---

१. यी अभ्युदय र वैभवसूचक अतिशयोक्ति हुन्, २. पुत्रवती, ३. रही, ४. ओडायो, ५. भोकालाई, ६. खीर, ७. तिर्खाएकालाई, ८. पुरोहित, ९. तब न; अनि त, १०. को; ११. कोख, १२. गरि, १३. भेष, १४. ढिकीको कटेरो ।

ओटरीको[1] वास छाडी आँगनी बासो लियो
ताँरे हैत मौलाज्यूले चलमल कियो
चुल्ल तिराड[2] जाई बेली बासो लियो
ताँरे हैत मौलाज्यूले चलमल कियो
कालीका[3] घाट जाई बेली वासो लियो
ताँ रे बसी मौलाज्यूले गाईदान भऱ्यो[4]
ताँ रे बसी मौलाज्यूले जौतिल हुम्यो
तौन पायो मौलाज्यूले पूत खरू वर
तमरा मंडप गुसाईं बाँज खरि वोटि[5]
तमरी त सेवा आइछ चौध सय[6] डोटी
तमरा मंडप गुसाईं सुन खरि फांझ[7]
अवतरिजा[8] चौडा शिला दुनियाकी माज
तोरेजसो[9] महा वली फोइलै व जर्म्यो[10] छ
तोरे जसो छत्रपति फोइलै न जर्म्योछ
आधा गडा[11] धान बाली आधा गडा साउँ
अवतरिजा छत्रपति मायाबहुली[12] पाउँ
ठाडो उठिजा राजा चौडा शिला
तोरे जसो महाबली कोइलैन जर्म्यो
सर्ग लिसनी[13] तैले लाइछै
गाडको मसानी तैले साधि छै
लेकको चुडाइन[14] तैले साधी छै
सेर भरि लुहा चना तैले बुकाइछै[15]
तोरे जसो महाबली फोइलै नजर्म्यो
अवतऱ्योछ चौडा शिला सुनौला गात
हरद्वार नाइछै गुरुद्वार नाइछै

---

१. ढेकीकटेरो, २. डडेलधुरा रुपाल भेक ३. काली नदीको घाट; ४. गऱ्यो, ५. [illegible], ६. त्यो बेलाको डोटीको आबादी गाउँ र जनसंख्याको पर्यायवाची, ७. वाजा, ८. प्रकट भइहाल, ९. जस्तो, १०. जन्मेछ; ११. खेत; बारी १२. आशीर्वाद १३. भऱ्याङ, १४. लेकको विषधर विशाल सर्प, १५. चपायो ।

फुड खन्डी बनारस नाइछै
सिन्धु सागर नाइछै गया नाइछै गजाघर नाइछै
आधा गडा धान बालो आधा गडा साउँ
सेवा पूरी भँछ गुसाइँ माथाबाउलो पाउँ ।

'डोटेली लोक साहित्य' बाट साभार



चन्दन भाट

गन्यापजीको धुमारी

ए ! चितवत ऐसी, वात, महाप्रभु चितवत ऐसी वात
क्याउइका भेष उवज्या गणेश, क्याउइको लागलो भोग !
सरपंका भेष उवज्या गणेश, दूध चामल घियो भोग, महाप्रभु ।
कहाँ गणेशैले जनमन लियो, कहाँको मागलो शीख ?
इन्द्रा सनैमा (जनमन लियो) पस्यैंकी मागलो शीख, महाप्रभु ।
कोरे बजालो मान भोक्कर, कोरे खेलावैं छात ?
माली बजालो मान भोक्कर भाट खेलावैं छात, महाप्रभु ।
पन्थ पनेरू बसी मिलिमत अर्‍यो छ, मदौ चतुर्दशी जात
धामी प्रजा मिली खोप बनाइछ, भंडारीले छत्र चढाईं, महाप्रभु ।
सुनक रौका रूपा करौका, उपर माथो भरौका, महाप्रभु ।
काउइकी कारी क्याउइकी पारी, क्याउइकी उपर धारी ?
सुनैकी कारी, रूपाइकी पारी उपर दूधकै धारी महाप्रभु ।
क्याउइकी गात, क्याउइका छात, क्याउ ढोलाउं तेरा गात ?
सुवरन गात, वस्तर छात, दूध ढोलाउ तेरा गात, महाप्रभु ।
कौन ब्राह्मणले कविता बनाइछ को छ अक्कलको पूरो ?
भाट ब्राह्मणले कविता बनाइछ उइ छ अक्कलको पूरो, महाप्रभु ।
गणेश नारायण ऐसो बोलानी, मंठी हत्यारैंको पूरो,
घाइ खेलन लाग्या कँलोपालदेउ, पौन समकी लेलो छुरो, महाप्रभु ।
बाजन लाग्या छत्तीस बाजा, नौमतो बाजली ढोल,
भाट चन्दनले कविता बनाइछ, कीरति रही जुग जाईं महाप्रभु ।

['हिमाली सदेश' ६, ३ बाट]

'बुइँगल' बाट साभार

चाम बलायर

गन्याप (गणेशजी) को भोलाउलो

एक हात लेलो तलवार गोसाई
एक हात लेलो ढाल,
जुजन लाग्यो फउस्या लाटो
जैसी फउछाकी फाल ।
गौंडा जुजलो गउंडी बाग
तलवार जुजलो तेडी ।
साँचिलो भयँ मसानी दैत्य
खपऱ्यैंका दल पउच्यो नेडी;
बाजन लाग्या छत्तीस बार्यां
नौमती बाजली घाई ।
खपऱ्या दैत्यका मोही म जान्छु
दिय कटारी मल्ललाई ।
मारी खपऱ्यैंको फिरदल अरेछ
रगतै को नदी बगाई ।
बाजन लाग छत्तीस बाजा
नौमती बाजली भेरी,
जुजन लान्या पंच देवता
गणेश नारायण रया हेरी
जूजन लाग्या गणेश नारायण
चन्द्र सूर्जे रया हेरी ।
खपरा दैत्यका भान भोकर
गणेश नारायणकी छात
गणेश नारायणले हान्यो विषालु

खपरा दैत्यका गात ।
बाजन लाग्या छत्तीस बाजा
नौमती बाजलो कालो,
गणेश नारायणले खपऱ्या दैत्य
पैराया आलो विषालो ।
बाजन लाग्या छत्तीस बाजा
नौमती बाजली घाई ।
... ...
कविता बनाइछ बलाइर चामले
कीरती रह जुग जाई ।

('डोटेली लोकसाहित्य' बाट)

'बुईंगल' बाट साभार



रत्नाकर पण्डित

गीत

(सत्रौं शताब्दीको उत्तरार्ध वा अठारौं शताब्दीको पूर्वार्धतिर)

बुईमाना तिलखुडा दिनान् तीनमाता तोडाका
उईपनि आछिन भन्नान् पन्ताली ओडाका

× × ×

सुर्तानिका ओथिकी जाई नाथिन सोज्यालको
कापुडो रंछ ढकन्यालाई सांप्याली छोस्यालखो

× × ×

साटिका सिगाडा मनि एकलै गनहड्या
मनहड्या मड्यापछि खेलन्यां जनहड्या

× × ×

डोटी राम्डो डंडेलधुरा अछाम राम्डो सांप्या
माछे राम्डो मनमिल्याको पन्छी राम्डो डांफ्या

'वीरकालीन कविता' बाट साभार



मदनकीर्ति शाहको कर्खा*

महाराजका भीम भाइ
चौतरिया मदनकीर्ति शाह
पहिला नुवाकोट बेलकोट मारे
ककनी आई सांध लगाए
नुवाकोटदेखि चल्यो फौज
पुग्यो बेलासपुर थानसिङ कपिलास
पच्छे धातु दर्जा कने
सिन्धु धक्कालाई
बल द (डु ?) र्गा साई
पूर्व सिन्धु नाल्दुङमा नै
मदनकीर्ति शाह
फिल्टुङ डडुवा दहचोक चन्द्रागिरि सर गर्न
पुगे मदनकीर्ति शाह
थाना तिस्टुङ पालुङ फरपिङको मारा
जेठा चौतरिया
बुढन्नचोली, जाई ठाना देऊ न
सात गाउँ लुटी ल्याऊ
जेठा चौतरिया
बुंगमती खोकना सानागाउँ (चापागाउँ) मारी
सहरलाई धक्का देऊ न

---

* 'नेपाली लोकसाहित्य' अन्तर्गत श्रीमती कमला सांकृत्यायनले प्रस्तुत गरेको यस कर्खा-गीतमा केही पाठभेदहरू देखिन्छन् । द्रष्टव्य : महापण्डित राहुल सांकृत्यायन (सम्पा. हिन्दी साहित्यका बृहत् इतिहास, भाग १६ काशी: नागरी प्रचारिणी सभा, सं. २०१७) पृ. ६५७ ।

मदनकीर्ति शाह
जेठा चौतरिया
पाटनमा मारे तीन सहर
चौतरिया मदनकीर्ति शाह
सिउपुरी बारी भन्छन्
गढीको हान्नलाई
टोका धरमथलो लुटी ल्याई
भाग्न लागे तीन सहर
जयप्रकाश मल्लका सिपाही
धन्य रे धन्य मदनकीर्ति शाह
नेपाल हान्ने चाँजो गर्नु
कीर्तिपुर सिम (सिमु) छेत्र बार्नु
साँखु चाँगु दुवै मारी
डुङरुङ थाना जानु
डुङरुङ मारी ठिमी आउला
तीन सहर प्रवेश गर्नु
भादगाउँका रणजितलाई
डोली चढाइ ल्याउनु
शिवमण्डल फलान्चोक
ठाना पऱ्यो भमरकोट
महादेवपोखरी बलियो गर आउला रानोकोट
बारतिमाल हात लो छुट्याएको देश
चमुडा कस्तूरी बाजे तुरुँगा
लिस्टि लिस्टि पार्दै भनेछ
धन्य हे मदनकीर्ति शाह

'नेपाली साहित्यको परिक्रमा' बाट साभार



बलभद्रको कर्खा

चक्र बाहुँ वीर बाहुँ धीर-शूर-वीर
धन्य वीर बलभद्र कुँवर
मन्तरी भै पौरख देखायो
धन्य तिम्रो काम
राख्यौ ठूलो मान
फिरंगीको वैरो चल्यो
गोली चल्यो बरबर
हुकुम दियो फौजलाई
लड्न अघि सर
वैरि काम्यो थरथर
मन्तरी बलभद्र कुँवर ।

फिरंगीलाई निहुराया
जुहारत, खजाना, सुन-द्रव्य, चाँदी
हीरा, हार, मोती, पन्ना, मानिक
बाजा त तुरुग
जग्गापति सबै छत्तीस जात
एक भई-भई हूल बाँधी
फिरंगीको सातो खाया
धन्य हो धन्य
मन्तरी बलभद्र कुँवर ।

बलभद्र कुँवरका मन्त्री भारदार
थापा, पाण्डे, बस्नेत, मगर,
भीमसेन, नैनसिंह, रामसिंह राना
चामु गुरुङ, रणबम, भीमवर पाण्डे
गंगाधर, शशिधर देवीदल थापा

बहादुर सिपाहीहरू
तुरुंगीको बाजा
बलभद्र कुंवर ।

ढाल फटफटाए फेरि घूरो बारी आए
फिरंगी र गोर्खालीको पऱ्यो घमसान
बुद्धिबल कप्तान लड्यो जोधार्नी
हाकाहाकी प्राण दिने शेरमान सिंह
यस पालि पऱ्यो ठूलै घमासान नि
वैरि पनि धेरै नि
रणभूमि हेर्न गए बलभद्र आफै,
जामा खोली फेटा झिकी पुछ्न लागे रगत
धन्य वीर भन्दै उनले टाउको उठाए
हिक्का छोडी बुद्धिबल स्वर्गतिर लागे
आँसु;काढी बलभद्र पछ्यौरी ओढाया
धन्य बलभद्र कुंवर ।

हल्ला चल्यो बुद्धिब्रल बिते भनी
पत थालिन् डांको छोडी कान्छी कपतान्नी
बलभञ्जन, शेरजङ्ग सम्झाउन थाले
कप्तान आउलान् भन्ने ठूलो थियो आशा
मुर्छा परी कप्तान्नी खलङ्गाको माझ
गुलाफजल सिरीखण्ड
तुलसीको जल
माथा छर्किन थालिन्
कर्णेलनी मानसिंह
आँखा खोली पुलुक्क
स्वामी भनी बोलिन्
हातका चुरा फोरी
टीकाटाला पुछिन
अन्न–माल, धन–माल
हीरा हार मोती
छुट्यो खसम सिरको सिन्दूर

कप्तानको चिना देख्दा हुन्छन् बौंतरी
धन्य जोधा राना बुद्धिबल नि !

मरदको पत्नी भई
किन रुनु पर्दथ्यो
उठिन् फट्ट देवीसरि
फिजी फांक्रो बोल्न लागिन्
कान्छी कप्तान्नी
फिरङ्गीको सातो लेऊ
मेरो धीर वीर पारे
वैरी मास गोर्खालीको सिर
मरे पनि स्वर्ग पुगे मेरो बुद्धिबल
बाँकी छन् अझै यहाँ उनका दलबल
रणमा भाग्यो भने होला माथि खलबल
अघि सर अब वैरी मार्न मेरा दलबल
धन्य होउ बलभद्र कुँवर ।

यति भनी कप्तान्नी सती गइन् हाँसी
गोर्खालीको बहादुरी फिरङ्गीले जान्यो
गोलातोप बारुद छाडीकन भाग्यो ।
असोज महीनाका दिन चौध जाँदा
अधम पुरमा लडाइँ पर्‍यो घमसान्
पक्रिएका वैरीलाई तोपले उडायो
बडाबडा वीर योद्धा पीठ फर्कायो
गोरखाली वीरहरू जयकाली भन्थे
काली भन्दा फिरंगी त सातो गई कुद्थे
खेली खेलावट भीममान तहाँ थिया
त्यस्ता-त्यस्ता बहुत लड्न आया
गोर्खालीको फेला पर्‍यो अब कहाँ जाउला
खेलावटको देखाउंला तमासा
धन्य मन्तरी बलभद्र कुँवर ।

हल्ला दियो पल्टनले
फिक्यो खुकुरी

फिरंगीको माझ पसी उधुम मच्चाए
रगतको नदी बगाए नि
बलभद्र कुँवर नि !
चारै पल्टन भयो अनि रुप्प
लौ भाइ हो रहन फेरि काट
जमामर्दी छ पल्टनले देखाएको किस्मत
यस्तै गरी वैरी मार नहारे हिम्मत
कान्तिपुरमा लेखिनेछ तिम्रो हाम्रो नाम
स्वयम् मन्त्री बलभद्र तम्सिएर आए
फिरंगीको फौजको हेर सातो खाए
धन्य बलभद्र कुँवर ।

'नेपाली साहित्यको परिक्रमा' बाट साभार



गोऱ्या सिरस – मानवीर खत्री

पहिला झ्याउरे

खानीको पुट रानीको पुट
हाईगोरी, आढि बिलो खाऱ्या हो ।
लाम् जाऱ्या बेला न पिछ्याउ चेला
फेरि पाली रानी खेट (त) लाऱ्या हो ।

× ×

सूर्ती हाल्या जाबी बासा
किन्यो कि किन्यान – सैं'
बाला दिन्मा संगै खेल्थ्यो
चिन्यो कि चिन्यान – सैं'
तल रिङ्गो सिगारू त
माथि रिङ्गो बिगो – ना'
एकै गाउँको रस्ती बस्ती
नचिन्नु क्या थियो – ना'

× ×

पितलु काटी मचुङ्गा मेरो – सालीज्यू
बाटै र – बजुंला
गमनु बेला नरोया चेला – सालीज्यू,
साथै र लैजुंला

['हाम्रो सांस्कृतिक इतिहास' बाट]
'बुइँगल' बाट साभार



श्री कालिकायै नमः

श्री रागमालश्री

द्वितीय भाग

रागमालश्री (१६)

कनक कामिनी देवि सुन्दरी सिंह बढि के आइये ।।
हात त्रिशूल खड्गधारिणी असुर मारि पातिनी ।।
शीषा मुकूट देवि सोहत नुपूर चरण कालिका ।। कनक. ।।१।।
हातमा रङ्ग बाण जो लियेहै देवी अवतार धारिणी ।।
दैत्य मारी मुण्डमाला गलहि कंठ बँधाइये ।। कनक. ।।२।।
हो त बाघम्बर घंटा बाजे शिरहिं सिन्दूर छाजनी ।।
खप्पर भरिभरि लियेहै देवि भगवती माइए ।। कनक. ।।३।।

रागमालश्री (१७)

श्रीगुह्येश्वरी ज्योतिज्वालामुखी नृपतिके हितकारिणी ।।
सिंहवाहिनी खड्गधारिणी मोक्ष नेपाल विराजिये ।।
बहुत विधि पशुपति सिधारिणी खेलत छमछम सुन्दरिये श्रीगुह्येश्व. ।।१।।
नौरात्री नो दुर्गामाता महिषासुर बलीदानये ।
बलीरूप गिरवाणयुद्ध चिरंजीव प्रता ।। श्रीगु. ।।२।।

रागमालश्री (१८)

जैदेवि भैरवी कालिका माई दरशन देउ भवानिये ।
विकटरूप प्रत्यक्ष ईश्वरी खड्ग खप्पर धारिणी
त्रिशूल कर धर जगत जननी असुर मारे संहारिणी ।। जैदे. ।।१।।
अपदिरूपिणी रूप सुन्दरी चौषष्टि जोगिनि साथये ।
तीन त्रिलोकमे फिरेहो देवी खड्ग खप्परू हातये ।। जैदेवी. ।।२।।
तुमहिं भयेहो तुमहिं जगतकी माइये ।।
तुमहि हरता तुमहि भरता तुमहि जगतका पालिये ।। जैदे. ।।३।।

खड्ग खप्परू त्रिशूल कर धर दैत्य मारि संहारिणी ।।
जगत महिमा तुमरो महिमा चलिये देवि भवानिये ।। जैदेवि. ।।४।।
धूमावति तुमहि रूपहि इश्वरी नित्य करहुँ भुजाइये ।।
नृपति रूप राजकुमारको देवोहो अभृंग प्रतापये ।। जैदेवि. ।।५।।
माथ मुकुट शीर्शसिंदूर कुंडल झलकत कानये ।।
बूज बिराना रानी चरण सेबा देहो मैको दानये ।। जैदेवि. ।।६।।
माथ मुकुट शीश सिंदूर चुलठो फन्द बडाइये ।।
मुकुट केशिनी लाल वरणी बाजत डिमि डिमि तालये ।। जैं. ।।७।।
अर्धाङ्ग चन्द्र ताल शोभित कानन कुण्डल बिराजये ।।
पाउमा बिछुवा नाकमा वेसरी और मोतिका हारये ।। जैं. ।।८।।

रागमालश्री (१९)

हाँ हाँ देवी त्रिभुवन रानी मैया जगतका हितकारिणी ।
घोररूपिणी सिंह वाहिनी भानुजोति प्रकाशिनी ।।
कोटि जोति चन्द्र मुखिनी कमल नयनि सुशोभिनी ।। हाँ. ।।१।।
पास अंकुश धनुष डमरू सैन्य खड्ग बिराजिये ।।
ललाट तिलकधारिणी मुण्डमाला सुहाइये ।। हाँ. ।।२।।
रक्तवन्तिका कुण्डल आनन्दी प्रहर हार हारिनी ।।
सहश्र डाकिनी राक्षसिनी वेताल डमरू बजाइये ।। हाँ. ।।३।।
देवोके पद करत अस्तुति दास भगवति धारिणी ।।
श्रीराजेन्द्रबिक्रम शाह दीजिये मोहीं यह वरदानये ।। हा. ।।४।।

रागमालश्री (२०)

हाँहाँ देवी दुर्गा जननी जगत हितकारिणी ।।
मुक्तिक्षेत्रसे घण्टा घननन शङ्ख धुनी बाजिये ।।
त्रिशूल खप्पर डम्बरु बाजे दैत्य भं येहो तरासये ।। हाँ. ।।१।।
तिलक चन्दन ललाट शोभित दमकत कन्तबिराजिये ।।
दर्शन जोतिक और झलकत शुम्भ निशुंभ चढाइये ।। हाँहाँ दे. ।।२।।

रागमालश्री उद्धृतांश

स्रोतः श्री शरद्चन्द्र भट्टराई



ग्रन्थसूची

प्राग्भानुभक्तीय नेपाली काव्यको शोधकार्य गर्दा अध्ययन गरिएका ग्रन्थ र पत्रपत्रिकाहरूको सूची

१. अर्ज्याल, रामजीप्रसाद, नेपालको इतिहास र अर्ज्याल परिवार, काठमाडौं, वि. सं. २०४७ ।

२. आचार्य बाबुराम, हाम्रो राष्ट्रभाषा, 'प्रगति' १।५ वि. सं. २०१० ।

३. आचार्य, बाबुराम, पुराना कवि र कविता, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०४७ ।

४. आचार्य, व्रतराज, बाबा नरभूपाल शाहकि दुहाई, 'गरिमा', पूर्णाङ्क ३८, काठमाडौं, साझा प्रकाशन, २०४२ ।

५. उपाध्याय, केशवप्रसाद, प्राथमिककालीन कवि र काव्यप्रवृत्ति, काठमाडौं, साझा प्रकाशन, २०४२ ।

६. खनाल, रेवतीरमण, नेपाली साहित्यको कालविभाजन, गोरखापत्र, काठमाडौं, वि. सं. २०२३ (पौष ९ गते) ।

७. चामलिङग, गुमानसिंह, मौलो, दार्जीलिङग, श्याम ब्रदर्श प्रकाशन, वि. सं. २०३४ ।

८. चित्रकार, दुर्गा, आदिकवि भानुभक्त, काठमाडौं, त्रि. वि. वि. अप्रकाशित शोधपत्र, वि. सं. २०२५ ।

९. जोशी, डा. ताराप्रसाद, नेपाली कविता संग्रह (भाग १), काठमाडौं, जोशी प्रकाशन, वि. सं. २०३० ।

१०. जोशी रत्नध्वज, नेपाली साहित्य : तीन युग, 'गोरखापत्र', काठमाडौं, वि. सं. २०२३ ।

११. जोशी, सत्यमोहन, हाम्रो लोक संस्कृति, काठमाडौं, रत्नपुस्तक भण्डार, वि. सं. २०१४ ।

१२. जोशी, गिरीशवल्लभ, प्रारब्ध दर्पण, काठमाडौं, देविकानाथ जोशी, शरत्-चन्द्र भट्टराईद्वारा सम्पादित, २०४४ ।

१३. तिमसिना, डिल्लीराम र अन्य, हाम्रो साहित्य र साहित्यकार, विराटनगर, पुस्तक संसार, वि. सं. २०२४ ।

१४. दीक्षित, कमल, बुइँगल, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०३४ ।

१५. द्विवेदी, डा. राम अवध, साहित्यरूप, इलाहाबाद, भारती भण्डार, वि. सं. २०१८ ।

१६. ध्रुव, डा. आनन्दशंकर बापुभाइ, कविता, 'भारतीय काव्य सिद्धान्त' नामक ग्रन्थमा संकलित लेख ।

१७. नेपाल, पूर्णप्रकाश, सेतीका तारा, विराटनगर, हिमाली सौगात प्रकाशन, वि. सं. २०३४ ।

१८. नेपाल, पूर्णप्रकाश, सेती अञ्चल दिग्दर्शन, विराटनगर, हिमाली सौगात प्रकाशन, २०३५ ।

१९. नेपाल, पूर्णप्रकाश, भेरी लोकसाहित्य, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०४१ ।

२०. नेपाल, पूर्णप्रकाश, राजा गगनीराजको यात्रा, काठमाडौं, नेशनल रिसर्च एसोसिएट्स, वि. सं. २०३९ ।

२१. नेपाल, ज्ञानमणि, महाकवि पं. उदयानन्द अर्जेल र उनको काव्यसाधना: एक अध्ययन, 'प्रज्ञा' पूर्णाङ्क ४१, काठमाडौं, ने. रा. प्र. प्र. वि. सं. २०३९ ।

२२. नेपाल, ज्ञानमणि, नेपाल निरुक्त, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०४० ।

२३. नेपाल, ज्ञानमणि, श्री महाकवि उदयानन्द अर्जेलका ग्रन्थ, ग्रन्थसंग्रह र संस्कृति पद्य, 'उन्नयन' पूर्णाङ्क ८, काठमाडौं, घट्टेकुलो, वि. सं. २०४८ ।

२४. नेपाल, ज्ञानमणि, हरिश्चन्द्र विलाप (खण्ड काव्य) एक परिचय, काठमाडौं, ने. रा. प्र. प्र., 'प्रज्ञा' पूर्णाङ्क ४५, वि. सं. २०४० ।

२५. पन्त, दिनेशराज, श्री ५ पृथ्वीनारायणसम्बन्धी अप्रकाशित पद्य, 'पारिजात' ३।२, काठमाडौं, विशालनगर, वि. सं. २०३८ ।

२६. पन्त, देवकान्त, डोटेली लोकसाहित्य, काठमाडौं, नेपाल र एशियाली अध्ययन संस्थान, त्रि. वि; कीर्तिपुर, २०३२ ।

२७. पराजुली, बुद्धिसागर, शाहवंशका नरेशहरूको साहित्यिक देन, काठमाडौं 'प्राचीन नेपाल' पूर्णाङ्क २५, वि. सं. २०३० ।

२८. पराजुली, ठाकुर, वीरकालको साहित्यिक गतिविधि, काठमाडौं, गो. प. संस्थान, 'मधुपर्क' १।७, वि. सं. २०२५ ।

२९. पराजुली, ठाकुर, नेपाली साहित्यको परिक्रमा, काठमाडौं, नेपाली विद्या प्रकाशन, वि. सं. २०४५ ।

३०. पाण्डेय, डा मथुरादत्त, नेपाली और हिन्दी भक्तिकाव्यका तुलनात्मक अध्ययन, दिल्ली, भारतीय ग्रन्थ निकेतन, ई. सं. १९७० ।

३१. पोखरेल, बालकृष्ण, पाँचसय वर्ष, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०४३ ।

३२. पोखरेल, बालकृष्ण, राष्ट्रभाषा, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०४३ ।

३३. पोखरेल, बालकृष्ण, (संपा.) नेपाली बृहत् शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०४० ।

३४. पोखरेल, बालकृष्ण, नेपाली भाषा र साहित्य, काठमाडौं, रत्नपुस्तक भण्डार वि. सं. २०२१ ।

३५. पोखरेल, बालकृष्ण, हाम्रा शक्तिवल्लभ, ललितपुर, म. पु. पु. 'नेपाली' पूर्णाङ्क १६, वि. सं. २०२० ।

३६. पोखरेल, बालकृष्ण, विष्णुदास आचार्यरचित बडेराजा मलयवम्म 'गरिमा' ७।१२, काठमाडौं, साझा प्रकाशन, २०४६ ।

३७. पौडेल, भूपहरि, प्राथमिककालीन नेपाली कवितामा व्यङ्ग्यचेतना, काठमाडौं, त्रि. वि. अप्रकाशित शोधप्रबन्ध, वि. सं. २०४६ ।

३८. प्रधान, मच्छिन्द्र, भानुभक्तीय समालोचना, इन्द्रबहादुर राईद्वारा सम्पादित 'भानुभक्तका कृति अध्ययनहरू', दार्जीलिङ्ग, नेपाली साहित्य परिषद्, २०२६ ।

३९. प्रधान, हृदयचन्द्रसिंह, नेपाली काव्य र उसका प्रतिनिधि कवि, काठमाडौं, रत्नपुस्तक भण्डार, २०२१ ।

४०. प्रधान, कृष्णचन्द्र (सम्पा.), साझा समालोचना, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०३४ ।

४१. प्रसाई, गणेशबहादुर, सुवानन्ददासदेखि राजीवलोचनसम्म, काठमाडौं, साझा प्रकाशन, २०४४ ।

४२. प्रसाई, गणेशबहादुर, सांढचाका तीनवटा कवित्त, ललितपुर, साझा प्रकाशन, 'गरिमा' पूर्णाङ्क ६९, वि. सं. २०४५ ।

४३. वज्राचार्य, धनवज्र, शक्तिवल्लभ र कर्कप्याट्रिक, काठमाडौं, गो. प. संस्थान 'मधुपर्क' २।२, वि. सं. २०२६ ।

४४. पालीवाला, डा. नारायणदत्त, कुमाउनी के कवियोंका विवेचनात्मक अध्ययन; दिल्ली, मौलिक साहित्य प्रकाशन, ई. सं. १९६६ ।

४५. बराल, डा. ईश्वर, गुमानी पन्त, ललितपुर, म. पु. पु; 'नेपाली' पूर्णाङ्क २४, वि. सं. २०२२ ।

४६. बराल, डा. ईश्वर, नेपाली साहित्यको कालविभाजन, 'रूपरेखा' पूर्णाङ्क ५३, काठमाडौं, वि. सं. २०२२ ।

४७. बन्धु चूडामणि, साझा कविता, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०३४।

४८. वर्मा, डा. धीरेन्द्र र अन्य (सम्पा.), हिन्दी साहित्य कोश, वाराणसी, ज्ञान मण्डल लिमिटेड, वि. सं. २०२० ।

४९. भट्ट, मोतीराम, सं हरिभक्त न्यौपाने, मोतीरात भट्टका उपलब्ध ग्रन्थावली; धरान, वि सं. २०४५ ।

५०. भट्टराई, शान्तदेव, नेपाली साहित्यको उत्थान काल, काठमाडौं, त्रि. वि. अप्रकाशित शोधपत्र, वि. सं. २०२४ ।

५१. भट्टराई, शरत्चन्द्र, नेपाली साहित्यको इतिहास, काठमाडौं, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र, २०३७ ।

५२. भट्टराई, शरत्चन्द्र शर्मा, नेपाली वाङमय: केही खोजी केही व्याख्या, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४४ ।

५३. भट्टराई, हर्षनाथ, नेपाली साहित्य परिचय, नेपाल, पूर्ण बूक स्टल, वि. सं. २०३२ ।

५४. भट्टराई, पं. बदरीनाथ (सम्पा.) नेपाली पद्य संग्रह (भाग २), काठमाडौं, नेपाली भाषा प्रकाशिनी समिति, वि. सं. २०१८ ।

५५ राय, गुलाब, काव्य के रूप दिल्ली, आत्माराम एण्ड सन्स, ई. सं. १९६४।

५६. रेग्मी, जगदीशचन्द्र, नेपाली अध्ययन, ललितपुर, साझा प्रकाशन, वि. सं. २०३२ ।

५७ वाग्ले, चिरञ्जीवी, नेपाली कवितामा कृष्णभक्ति परम्परा, काठमाडौं, 'मधुपर्क' ११।६, वि. सं. २०३५ ।

५८. शर्मा, जनकलाल, नेपाली साहित्यमा जोसमनी सन्तहरूको विशेष अवदान; काठमाडौं, ने. रा. प्र. प्र., 'प्रज्ञा' पूर्णाङ्क ३१, २०३७ ।

५९. शर्मा, जनकलाल, जोसमनी सन्त परम्परा र साहित्य; काठमाडौं, रायल नेपाल एकेडेमी, वि. सं. २०२० ।

६०. शर्मा, डा. तारानाथ, नेपाली साहित्यको इतिहास, काठमाडौं, सङ्कल्प प्रकाशन, वि. सं. २०३९ ।

६१. शरण, डा. दीनानाथ, नेपाली साहित्यका इतिहास, विहार, हिन्दी ग्रन्थ अकादमी, पटना, ई. सं. १९७४ ।

६२. शुक्ल, डा. ओम, हिन्दी उपन्यासकी शिल्पविधिका विकास, कानपुर, अनुसन्धान प्रकाशन, ई. सं. १९६४ ।

६३. श्रेष्ठ, डा. दयाराम र अन्य, नेपाली साहित्यको संक्षिप्त इतिहास, ललितपुर, साझा प्रकाशन, वि. सं. २०३९ ।

६४. श्रेष्ठ, डा. दयाराम, वीरकालीन कविता, काठमाडौं, रत्नपुस्तक भण्डार, वि. सं. २०४७ ।

६५. श्रेष्ठ, डा. दयाराम, नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देन, काठमाडौं, श्री ५ को सरकार, संचार मंत्रालय, २०४४ ।

६६. श्रेष्ठ, डा दयाराम, नेपाली साहित्यका केही पृष्ठ, काठमाडौं, साझा प्रकाशन, वि. सं. २०४१ ।

६७. श्रेष्ठ, रमेश, सुवानन्ददासको कविताको अध्ययन, काठमाडौं, गो. प. संस्थान, 'मधुपर्क' ५।११, वि सं. २०२९ ।

६८. सर्मा, ताना, नेपाली साहित्यको कालविभाजन, 'गोरखापत्र', काठमाडौं, वि. सं. २०२६ (आषाढ १४ गते) ।

६९. सत्याल, यज्ञराज, नेपाली साहित्यको भूमिका, काठमाडौं, रत्नपुस्तक भण्डार, वि. सं. २०२९ ।

७०. सुवेदी, हंसपुरे, नेपाली भाषाका एक अज्ञात लेखक, ललितपुर, मदन पुरस्कार पुस्तकालय, 'नेपाली' पूर्णाङ्क ५१, २०२९ ।

७१. सुवेदी, राजाराम, पं. वीरशाली पन्तको जीवनीमा नयाँ प्रकाश, काठमाडौं, ने. रा. प्र. प्र., 'प्रज्ञा' पूर्णाङ्क ४५, वि. सं. २०४० ।

७२. सांकृत्यायन, डा. कमला, नेपाली साहित्य, कलकत्ता, भारतीय भाषा परिषद्, ई. सं. १९८६ ।

७३. चालिसे, विजय, डोटेली संस्कृति र साहित्य, ललितपुर, साझा प्रकाशन, वि. सं. २०३९ ।

७४. जैन, नरेन्द्र, नेपाली कविता, काठमाडौं, भारतीय राजदूतावास, ई. सं. १९८२ ।

७५. ज्ञवाली, सूर्यविक्रम, (सम्पा.) नेपाली संक्षिप्त शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०४० ।

७६. इन्साइक्लोपिडिया ब्रिटानिका, म्याक्रोपेडिया भोलुमः १२, पृ. ९५१, १९४३-१९७३ ई. सं. ।




नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान